मनु-स्मृति

(नेपाली भाषा टीका)

Lumbini Puja Samagri Bhandar
DP Manu Smriti

प्रकाशक :

दुर्गा साहित्य भण्डार, वाराणसी

मनुस्मृतिः

(नेपाली भाषा-टीका)

टीकाकार

पं. तुलसी आचार्य

श्री दुर्गा साहित्य भण्डार

पो.बा.नं. १०९६ नेपाली खपडा, वाराणसी, यू.पी.

विषयानुक्रमणिका

श्लोकाः	प्रकरणम्	पृष्ठाङ्काः	श्लोकाः	प्रकरणम्	पृष्ठाङ्काः
	प्रथमोऽध्यायः				
१	मनुं प्रति मुनीनां धर्मप्रश्नः	३३	४	तान् प्रति मनोरुत्तरम्	३३
५	जगदुत्पत्तिकथनम्	३३	८	जलसृष्टिक्रमः	३४
९	ब्रह्मोत्पत्तिः	३४	१०	नारायणशब्दार्थकथनम्	३४
११	ब्रह्मत्व स्वरूपकथनम्	३४	१३	स्वर्गभूम्यादिसृष्टिः	३५
१४	महदादिक्रमेण जगदुत्पत्तिः	३५	२२	देवगणादिसृष्टिः	३६
२३	वेदत्रयसृष्टिः	३६	२४	कालादिसृष्टिः	३६
२५	कामक्रोधादिसृष्टिः	३६	२६	धर्माधर्मविवेकः	३७
२७	सूक्ष्मस्थूलाद्युत्पत्तिः	३७	२८	कर्मसापेक्षादिसृष्टिः	३७
३१	ब्राह्मणादिवर्णसृष्टिः	३७	३२	स्त्री–पुरुषसृष्टिं	३७
३३	मनोरुत्पत्तिः	३८	३४	मरीच्याद्युत्पत्तिः	३८
३७	यक्षगन्धर्वाद्युत्पत्तिः	३८	३८	मेघादिसृष्टिः	३८
३९	पशुपक्ष्यादिसृष्टिः	३८	४०	कृमिकीटाद्युत्पत्तिः	३९
४३	जरायुजगणना	३९	४४	अण्डजादयः	३९
४५	स्वेदजादयः	३९	४६	उद्भिज्जादयः	३९
४७	वनस्पतिवृक्षभेदः	३९	४८	गुच्छगुल्मादयः	४०
५१	एवं सृष्ट्वा ब्रह्मणोऽन्तर्धानम्	४०	५४	महाप्रलयस्थितिः	४०
५५	जीवस्योत्क्रमणम्	४१	५६	जीवस्य देहान्तरग्रहणम्	४१
५७	जाग्रत्स्वप्नाभ्यां ब्रह्मासर्वसृजति	४१	५८	एतच्छास्त्रप्रचारमाह	४१
५९	भृगुरेतच्छात्रं युष्माकं कथयिष्यति	४१	६०	भृगुस्तान्मुनीनुवाच	४१
६१	मन्वन्तर–कथनम्	४१	६४	अहोरात्रमानादिकथनम्	४२
६६	पित्र्यहोरात्रकथनम्	४२	६७	दैवाहोरात्रकथनम्	४२
६९	चतुर्युगप्रमाणम्	४३	७१	दैवयुगप्रमाणम्	४३
७२	ब्राह्माहोरात्रप्रमाणम्	४३	७४	ब्रह्मणः सृष्ट्यर्थं मनोर्नियोजनम्	४४
७५	मनस आकाशप्रादुर्भावः	४४	७६	आकाशद्वायुप्रादुर्भावः	४४
७७	वायोस्तेजः प्रादुर्भावः	४४	७८	तेजसो जलं जलात्पृथ्वीम्	४४
७९	मन्वन्तरप्रमाणम्	४४	८१	सत्ये चतुष्पाद्धर्मः	४५

८२	अन्ययुगे धर्मस्य पादपादहानिः	४५	८३	युगे-युगे आयुः प्रमाणम्	४५
८५	युगे-युगे धर्मवैलक्षणम्	४५	८८	ब्राह्मणस्य कर्माह	४६
८९	क्षत्रियस्य कर्माह	४६	९०	वैश्यस्य कर्माह	४६
९१	शूद्रस्य कर्माह	४६	९२	ब्राह्मणस्य श्रेष्ठत्वम्	४६
९७	ब्राह्मणेषु ब्रह्मवेदिनः श्रेष्ठः	४७	१०३	एतच्छास्त्रं ब्राह्मणे- नाध्येतव्यम्	४८
१०४	एतच्छास्त्राध्यनफलदम्	४८	१०८	आचारो धर्म-प्रधानः	४९
१११	ग्रन्थार्थानुक्रमणिका	४९			
	द्वितीयोऽध्यायः				
१	धर्मसामान्यलक्षणम्	५१	२	काममात्मतानिषेधः	५१
३	व्रतादयः संकल्पजाः	५१	४	अकामस्य न कापि क्रिया	५१
६	धर्मप्रमाणान्याह	५१	७	धर्मस्य वेदमूलतामाह	५१
९	श्रुतिस्मृत्युदितधर्मोऽनुष्ठेयः	५२	१०	श्रुतिस्मृत्योः परिचयः	५२
११	नास्तिकन्निदा	५२	१२	चतुर्धा धर्मप्रमाणमाह	५२
१३	श्रुतिस्मृत्योर्विरोधे श्रुतेर्वलवत्ता	५२	१४	श्रुतिद्वैधे उभयं प्रमाणम्	५२
१५	श्रुतिद्वैधे दृष्टान्तमाह	५३	१६	दशकर्मोपेतस्यात्राधिकारः	५३
१७	धर्मानुष्ठानयोग्यदेशकथनम्	५३	१८	ब्रह्मावर्तदेशीयः सदाचारः	५३
१९	कुरुक्षेत्रादिब्रह्मर्षिदेशानाह	५३	२०	तद्देशीयब्राह्मणानां सदाचारं शिक्षेत्	५३
२१	मध्यदेशमाह	५३	२२	आर्यावर्तमाह	५४
२३	यज्ञियदेशमाह	५४	२५	वर्णधर्मकथनम्	५४
२६	द्विजानां वैदिक मन्त्रैर्गर्भा-धानादिकं कार्यम्	५४	२७	गर्भाधानादेः पापक्षय हेतुत्वमाह	५४
२८	स्वाध्यायादेर्मोक्षहेतुत्वम्	५४	२९	जातकर्म	५५
३०	नामकरणम्	५५	३३	स्त्रीणां नामकरणम्	५५
३४	निष्क्रमणान्नप्राश्याने	५५	३५	चूडाकरणम्	५६
३६	उपनयनम्	५६	३७	उपनयनस्यात्यन्ताविधिः	५६
३९	व्रात्यलक्षणम्	५६	४०	व्रात्येन सहाव्यवहार्यत्वम्	५६
४१	ब्राह्मणादीनामजिनधारणम्	५७	४२	मौञ्जयादि धारणम्	५७
४३	मौञ्ज्यलाभे कुशादिमेख-लाकार्या	५७	४४	वर्णानुक्रमेण उपवीतम्	५७
४५	वर्णनुक्रमेण दण्डाः	५७	४९	ब्राह्मणादीनां भिक्षाचरणम्	५८
५१	भैक्षस्य गुरवे निवेदनम्	५८	५२	प्राङ्मुखादिकाम्य-भोजनफलम्	५८

५३	भोजनादावन्ते चाचमनम्	५८	५४	श्रद्धयान्नं मुञ्जीत	५९
५५	अश्रद्धया भोजनं निषिद्धम्	५९	५६	भोजन नियमाः	५९
५७	अतिभोजन निषेधः	५९	५८	ब्रह्मादि तीर्थेनाचमनं न पितृतीर्थेन	५९
५९	ब्राह्मादि तीर्थानि	५९	६०	आचमन विधिः	५९
६३	सव्यापसव्यनिवितयः	६०	६४	मेखलादौ विनष्टे नूतनानि ग्राह्याणि	६०
६५	केशान्त-संस्कार-समयः	६०	६६	स्त्रीणां संस्काराद्यमन्त्रकम्	६०
६७	स्त्रीणां वैवाहिकविधि-वैदिकमन्त्रैरेव	६१	६९	उपनीतस्य कर्म	६१
७०	वेदाध्ययन विधिः	६१	७२	गुरुवन्दन विधिः	६१
७३	गुरोराज्ञयाऽध्ययन विरामो अध्ययनादावन्ते च	६१	७४	प्ररणवोच्चारणम्	६२
७५	प्राणायामैः पूते प्रणवाध्ययनं	६२	७६	प्रणवोत्पत्तिः	६२
७७	साविंत्री उत्पत्तिः	६२	७८	सावित्रीजपंफलम्	६२
८०	सावित्रीजपाकरणे प्रायश्चित्तम्	६३	८१	प्रणव-व्याहृति-सावित्री-प्रशंसा	६३
८४	प्रणव-प्रशंसा	६३	८५	मानस-जपस्याधिक्यम्	६३
८८	इन्द्रिय-संयमः	६४	८९	एकादशेन्द्रियाणि	६४
९३	इन्द्रियसंयमेनसिद्धिर्नतुभोगैः	६४	९४	विषयोपेक्षकः श्रेष्ठः	६५
९६	इन्द्रिय-संयमोपायः	६५	९७	कामासक्तस्य योगादयो न फलदाः	६५
९८	जितेन्द्रियस्य स्वरूपम्	६५	९९	एकेन्द्रियासंयममपिनोपेक्षेत्	६५
१००	इन्द्रियसंयमस्य पुरुषार्थ-हेतुत्वम्	६५	१०१	सायं-प्रातः सावित्री-जप-विधिः	६६
१०३	सन्ध्याहीनः शूद्रवत्	६६	१०४	वेदपाठाशक्तौ सावित्री जपः	६६
१०५	नित्यकर्मादौ नानध्यायः	६६	१०६	जप-यज्ञफलम्	६६
१०८	समावर्तनान्तो होमादिकर्तव्यम्	६७	१०९	केऽध्याप्याः	६७
११०	अपृष्टो वेदं न ब्रूयात्	६७	१११	निषेधातिक्रमेदोषः	६७
११२	असच्छिष्याय विद्या न वक्तव्या	६७	११५	सच्छिष्याय वक्तव्या	६८
११६	अध्ययनं विना वेदग्रहणम् निषेधः	६८	११७	अध्यापकानां मान्यत्वमाह	६८

११८	अविहिताचरणनिन्दा	६८	११९	प्रत्युत्थाय गुरोरभिवादनम्	६८
१२०	वृद्धाभिवादने कारणम्	६८	१२१	अभिवादनफलम्	६९
१२३	अभिवादनविधिः	६९	१२५	प्रत्यभिवादनविधिः	६९
१२६	विदुषां मूर्खोनाभिवाद्यः	६९	१२७	कुशल-प्रश्नादौ	७०
१२८	दीक्षितस्य नामग्रहणनिषेधः	७०	१२९	परस्त्र्यादेर्नाम ग्रहणनिषेधः	७०
१३०	कनिष्ठमातुलादि वन्दन-निषेधः	७०	१३१	मातृष्वसादयो गुरु पत्नीवत् पूज्यः	७०
१३३	भ्रातृ-भार्या अभिवादन-विधिः	७०	१३४	पौरसख्यादेर्नियमः	७१
१३५	दशवर्षोपि ब्राह्मण-क्षत्रिया-दिभिः पितेववन्द्यः	७१	१३६	वित्तादीनि मान्यस्थानानि	७१
१३८	रथारूढादेः पन्थादेयः	७१	१३९	स्नातकस्य पन्था राज्ञापि देयः	७१
१४०	आचार्यलक्षणम्	७२	१४१	उपाध्याय-लक्षणम्	७२
१४२	गुरुलक्षणम्	७२	१४३	ऋत्विग्-लक्षणम्	७२
१४४	अध्यापक-प्रशंसा	७२	१४५	मात्रादीनामुत्कर्षः	७२
१४६	आचार्यश्रेष्ठत्वम्	७२	१५०	बालोप्याचार्यः पितेव	७३
१५१	अत्र दृष्टान्तमाह	७३	१५५	वर्णक्रमेण ज्ञानादिना ज्येष्ठ्यम्	७४
१५७	मूर्खनिन्दा	७४	१५९	शिष्याय मधुरावाणी-प्रयोक्तव्या	७४
१६०	वाङ्मनःसंयमफलम्	७४	१६१	परद्रोहादिनिषेधः	७५
१६२	परेणावमाने कृतेऽपि क्षन्तव्यम्	७५	१६३	अवमन्तुर्विनाशः	७५
१६४	अनेन विधिना वेदोऽध्येतव्यः	७५	१६६	वेदाभ्यासस्य श्रेष्ठत्वम्	७५
१६७	वेदाभ्यासस्तुतिः	७५	१६८	वेदमनधीत्य अन्यविद्या-ध्ययननिषेधः	७६
१६९	द्विजत्वनिरूपणार्थमाह	७६	१७१	अनुपनीतस्यानधिकारः	७६
१७३	कृतोपनयनस्य वेदाध्ययनम्	७६	१७४	गोदानादिव्रते नव्यादण्डादयः	७६
१७५	गुरुसमीपे वसन्निन्द्रिय-संयमं कुर्यात्	७७	१७६	नित्यस्नानतर्पणहोमादिकर्म	७७
१७७	ब्राह्मचारिणो नियमाः	७७	१८०	कामाद्रेतः पातनिषेधः	७७
१८१	स्वप्नेरेतः पाते प्रायश्चित्तं	७७	१८२	आचार्यार्थां जलकुशाद्याहरणम्	७८
१८३	वेदज्ञोपेतगृहाद्-भिक्षाग्राह्या	७८	१८४	गुरुकुलादिभिक्षायाम्	७८

१८५	अभिशस्तभिक्षानिषेधः	७८	१८६	समिदाहरणम् होमश्च	७८
१८७	होमाद्यकरणे	७८	१८८	एकगृहभिक्षानिषेधः	७८
१८९	निमन्त्रितस्यैकान्नभोजनम्	७९	१९०	क्षत्रिवैश्ययोर्नैकान्नभोजनम्	७९
१९१	अध्ययनेगुरुहिते च यत्नं कुर्यात्	७९	१९२	गुर्वाज्ञाकारित्वम्	७९
१९४	गुरोसुप्तेशयनादि	७९	१९५	गुर्वाज्ञाकरणप्रकारः	७९
१९८	गुरुसमीपे चाञ्चल्यनिषेधः	८०	१९९	गुरोर्नामग्रहणादिकं न कार्यम्	८०
२००	गुरुनिन्दाश्रवणनिषेधः	८०	२०१	गुरुपरिवादकरणफलम्	८०
२०२	समीपं गत्वा गुरुं पूजयेत्	८०	२०३	गुर्वादि परोक्षे न किञ्चित् कथयेत्	८१
२०४	यानादौ गुरुणा सहोपवेशविधिः	८१	२०५	परमगुरौगुरुवद्वृत्तिः	८१
२०६	विद्यागुरुविषय	८१	२०७	गुरुपुत्रविषये	८१
२१०	गुरुस्त्रीविषये	८२	२१३	स्त्रीस्वभावकथनम्	८२
२१५	मात्रादिभिरेकान्तवासनिषेधः	८२	२१६	युवती-गुरु-स्त्री-वन्दने	८३
२१८	गुरुशुश्रूषाफलम्	८३	२१९	ब्रह्मचारिणस्त्रैविध्यम्	८३
२२०	सूर्योदयास्त-कालस्वापे प्रायश्चित्तम्	८३	२२२	सन्ध्योपासनमवश्यं कार्यम्	८३
२२३	स्त्र्यादेः श्रेयः स्वीकारः	८४	२२४	त्रिवर्गमाह	८४
२२५	पित्राचार्यादयो नावमन्तव्याः	८४	२२८	तेषां शुश्रूषा करणादौ	८४
२३४	तेषामनादरनिन्दा	८५	२३५	मात्रादि शुश्रूषायाप्राधान्यम्	८५
२३८	नीचादेरपि विद्यादिग्रहणम्	८६	२४१	आपदि क्षत्रियादेरप्यध्येतव्यं-तेषां पादप्रक्षालनादि न कार्यम्	८६
२४२	क्षत्रियादि गुरावात्यन्तीक वासनिषेधः	८६	२४३	यावज्जीवं गुरुशुश्रूषणम्	८६
२४५	गुरुदक्षिणादि विचारः	८७	२४७	आचार्यमृते तत्पुत्रादिसेवनम्	८७
२४९	यावज्जीवं गुरुकुलसेवा-फलम्	८७			
	तृतीयोऽध्यायः				
१	बह्मचर्य-विधिः	८८	२	गृहस्थाश्रमवासकालः	८८
३	गृहीतवेदस्य पित्रादिभिः पूजनम्	८८	४	कृतसमावर्तनोविवाहं कुर्यात्	८८

५	असपिण्डाद्या विवाह्या	८८	६	विवाहेनिन्दितकुलानि	८८
८	कन्यादोषः	८९	१०	कन्या-लक्षणम्	८९
११	पुत्रिका-विवाहनिन्दा	८९	१२	सवर्णा स्त्री-प्रशस्ता	८९
१३	चातुर्वर्णस्यभार्या परिग्रहणम्	९०	१४	ब्राह्मणक्षत्रयोः शूद्रास्त्री-निषेधः	९०
१५	हीनजातिविवाह-निषेधः	९०	१६	शूद्राविवाहविषये	९०
२१	अष्टौविवाहप्रकाराः	९१	२२	वर्णानांधर्मविवाहाः	९१
२५	पैशाचासुर-विवाह-निन्दा	९१	२७	ब्राह्मविवाह-लक्षणम्	९२
२८	दैवविवाह-लक्षणम्	९२	३०	प्राजापत्यविवाह-लक्षणम्	९२
३१	आसुर-विवाह-लक्षणम्	९२	३२	गान्धर्वविवाह-लक्षणम्	९२
३३	राक्षसविवाह-लक्षणम्	९३	३४	पैशाचविवाह-लक्षणम्	९३
३५	उदकदानाद् ब्राह्मणस्य विवाहः	९३	३७	ब्राह्मादि विवाह-फलम्	९३
३९	ब्राह्मादि विवाहे सुप्रजोत्पत्तिः	९३	४१	निन्दितविवाहे निन्दित-प्रजोत्पत्तिः	९४
४३	सवर्णाविवाहविधिः	९४	४४	असवर्ण-विवाहविधिः	९४
४५	दारोपगमनकालः	९४	४६	ऋतुकाल-विधिः	९५
४७	दारोपगमे निन्दितकालः	९५	४८	युग्मतिथौ पुत्रोत्पत्तिः	९५
४९	स्त्री-पुन्नपुंसकोत्पत्तौ हेतुमाह	९५	५०	वानप्रस्थास्यापि ऋतुगमनमाह	९५
५१	कन्याविक्रये दोषः	९५	५२	स्त्रीधनग्रहणे दोषः	९६
५३	वरादल्पमपि न ग्राह्यम्	९६	५५	वस्त्रालङ्कारादिना कन्या-भूषितव्या	९६
५६	कन्यादि पूजनफलम्	९६	५९	उत्सवेषु विशेषतः पूज्याः	९७
६०	दम्पत्योः संतोषफलम्	९७	६१	स्त्रियोऽलङ्करणादि दानादाने	९७
६३	कुलापकर्ष-कर्माणि	९७	६६	कुलोत्कर्ष कर्माणि	९८
६७	पञ्चमदायज्ञानुष्ठानम्	९८	६८	पञ्चसूना	९८
६९	पञ्चयज्ञानुष्ठाननित्यं कर्तव्यम्	९८	७०	पञ्चायज्ञा	९८
७१	पञ्चयज्ञैः सूनादोषपरिहारः	९८	७३	पञ्चयज्ञानां नामान्तराणि	९९
७५	अशक्तौ ब्रह्मयज्ञहोमौ कर्तव्यो	९९	७६	होमाद् वृष्ट्याद्युत्पत्तिः	९९
७७	गृहस्थाश्रमप्रशंसा	९९	८०	ऋष्यादि पूजा अवश्यं कर्त्तव्यम्	१००
८२	नित्यश्राद्धाम्	१००	८३	पित्रर्थब्राह्मण-भोजनम्	१००

८४	बलिविश्वेदेवकर्म	१००	९३	बलिविश्वेदेव-फलम्	१०२
९४	भिक्षादानम्	१०२	९५	भिक्षादानफलम्	१०२
९६	सत्कृत्यभिक्षादि दानम्	१०२	९७	अपात्रदानमफलम्	१०२
९८	सत्पात्रे-दान-फलम्	१०२	९९	अतिथि सत्कारे	१०२
१००	अतिथ्यनर्चननिन्दा	१०३	१०१	प्रियवचनजलासन दानादौ	१०३
१०२	अतिथिलक्षणमाह	१०३	१०४	परपाकरुचित्वनिषेधः	१०३
१०५	नातिथिः प्रत्याख्यातव्यः	१०३	१०६	अतिथिमभोजयित्वा स्वयं न भोक्तव्यम्	१०३
१०७	बहुषु अतिथिषु यथा-योग्यं परिचर्या	१०४	१०८	अतिथ्यर्थं पुनः पाके न बलिकर्म	१०४
१०९	भोजनार्थं कुलगोत्र-कथननिषेधः	१०४	११०	ब्राह्मणस्य क्षत्रियादयो नातिथयः	१०४
१११	पश्चात्क्षत्रियादीन् भोजयेत्	१०४	११३	सख्यादीनपि सत्कृत्य भोजयेत्	१०५
११४	प्रथमं गर्भिण्यादयोभोजनीयः	१०५	११५	गृहस्थस्य प्रथमं भोजन-निषेधः	१०५
११६	दम्पत्योः सर्वशेषेण भोजनम्	१०५	११८	आत्मार्थपाकनिषेधः	१०५
११९	गृहागतराजादि पूजा	१०५	१२०	राजस्नातकयोः पूजा-संकोचः	१०६
१२१	स्त्रियाऽमन्त्रकं बलिहरण-कार्यम्	१०६	१२२	अमावास्यायां पार्वणम्	१०६
१२३	मांसेन श्राद्धम् कर्तव्यम्	१०६	१२४	पार्वणादौ भोजनीय-ब्राह्मणसंख्या	१०६
१२६	ब्राह्मणविस्तारं न कुर्यात्	१०६	१२७	पार्वणस्यावश्यं कर्तव्यता	१०७
१२८	देवपित्रन्नानि श्रोत्रियायदेयानि	१०७	१२९	श्रोत्रियप्रशंसा	१०७
१३३	अमन्त्र-ब्राह्मणनिषेधः	१०७	१३५	ज्ञाननिष्ठादिषु काव्यादि-दानम्	१०८
१३६	श्रोत्रियस्य पुत्रस्य प्राशस्त्यम्	१०८	१३८	श्राद्धेमित्रादि भोजन-निषेधः	१०८
१४२	अविदुषे श्राद्धदान-फलम्	१०९	१४३	विदुषे दक्षिणादानं फलदम्	१०९
१४४	विद्वद् ब्राह्मणाभावे मित्रं भोजयेन्नशत्रुम्	१०९	१४५	वेदपारगादीन् यत्नेन भोजयेत्	१०९
१४८	मातामहादीनपि श्राद्धे भोजयेत्	११०	१४९	ब्राह्मणपरीक्षणे	११०
१५०	स्तेन पतितादयो निषिद्धाः	११०	१५१	श्राद्धे नषिद्धब्राह्मणाः	११०
१६८	अध्ययनशून्य-ब्राह्मणनिन्दा	११३	१६९	अपांक्तेय दाने निषिद्धफलम्	११३

१७१	परिवेत्रादि लक्षणम्	११३	१७२	परिवेदनसम्बन्धिनां फलम्	११३
१७३	दिधिषूपति-लक्षणम्	११४	१७४	कुण्डगोलकौ	११४
१७५	तयोर्दाननिषेधः	११४	१७६	स्तेनादिर्यथा न पश्यति तथा ब्राह्मण भोजनं कार्यम्	११४
१७७	अन्धाद्यसंनिहिते ब्राह्मण-भोजनम्	११४	१७८	शूद्रयाजक-निषेधः	११४
१७९	शूद्रयाजक-प्रतिग्रह-निषेधः	११५	१८०	सोमविक्रयादि भोजनदाने अनिष्टफलम्	११५
१८३	पंक्तिपावना ब्रह्मज्ञाः	११५	१८७	ब्राह्मण-निमन्त्रणम्	११६
१८८	निमन्त्रितस्य नियमाः	११६	१९०	निमन्त्रणस्त्रीकृत्या भोजने दोषः	११६
१९१	निमन्त्रितस्य स्त्रीगमने दोषः	११६	१९२	क्रोधादिकं भोक्त्राकर्त्ताचन कार्यम्	११७
१९३	पितृगणोत्पत्तिः	११७	२०१	पितृणां राजतं पात्रं प्रशस्तम्	११८
२०३	देवकार्यात्पितृकार्यं विशिष्टम्	११८	२०४	देवकार्यस्य पितृकार्याङ्गत्वम्	११८
२०५	दैवाद्यंतं पितृकार्यम्	११८	२०६	श्राद्धदेशा	११८
२०८	निमन्त्रितानामसनादिदानम्	११९	२०९	गन्धपुष्पादिना तेषामर्चनम्	११९
२१०	तैरनुज्ञातो होमं कुर्यात्	११९	२१२	अग्न्यभावे विप्रस्य पाणौ होमः	११९
२१४	अपसव्येन अग्नौ करणादि	१२०	२१५	पिण्डदानादिविधिः	१२०
२१६	कुशमूले कराघर्षणम्	१२०	२१७	ऋतुनमस्कारादि	१२०
२१८	प्रत्यवनेजनादि	१२०	२१९	पित्रादि ब्राह्मणान्भोजयेत्	१२०
२२०	जीवति पितरि पिता-महादिपार्वणम्	१२०	२२२	मृते पितरि जीवति पितामहे पार्वणम्	१२१
२२३	पित्रादि ब्राह्मणभोजनविधिः	१२१	२२४	परिवेषणविधिः	१२१
२२६	व्यञ्जनादिदाने	१२१	२२९	रोदनक्रोधादिकं न कार्यम्	१२२
२३१	विप्रेप्सितव्यञ्जनादि-दानम्	१२२	२३२	वेदादीन् ब्राह्मणेभ्यःश्रावयेत्	१२२
२३३	ब्राह्मणान्परितोंषयेत्	१२२	२३४	दौहित्रं श्राद्धे यत्नतो भोजयेत्	१२२
२३५	दौहित्रं तिलकुतपदायः प्रशस्तः	१२३	२३६	उष्णान्नभोजनं हविर्गुण कथनम्	१२३
२३८	भोजने उष्णीषादि निषेधः	१२३	२३९	भोजनकाले ब्राह्मणान्-चाण्डालादयो न पश्येयुः	१२३
२४१	दृष्ट्यादि निषेधः	१२४	२४२	तद्देशात् खञ्जादयोऽपनेयाः	१२४
२४३	भिक्षुकादि भोजने	१२४	२४४	अग्निदग्धान्नदाने	१२४

२४६	उच्छेषणं भूमिगतं दासस्यांशः	१२४	२४७	सपिण्डनपर्यन्तं विश्वेदेवादि-रहितं श्राद्धम्	१२४
२४८	सपिण्डीकरणादूर्ध्वं पार्वणविधिनाश्राद्धम्	१२५	२४९	श्राद्धे उच्छिष्टं शूद्राय न देयम्	१२५
२५०	श्राद्धभोजिनः स्त्रीगमन-निषेधः	१२५	२५१	कृतभोजनानद्विजानाचामयेत्	१२५
२५२	स्वधास्त्विति ते ब्रूयुः	१२५	२५३	शेषान्नं तदनुज्ञातोवि-नियुञ्जीत	१२५
२५४	एकोद्दिष्टादिविधिः	१२६	२५५	अपराह्णादयः	१२६
२५७	श्राद्धविहितान्नादयः	१२६	२५८	ब्राह्मणान्विसृज्य वर-प्रार्थनम्	१२६
२६०	पिण्डान् गवादिभ्यो दद्यात्	१२६	२६२	सुतार्थिन्यास्त्रिया पितामह पिण्डो भक्षणीयः	१२७
२६४	ततो ज्ञात्यादीन् भोजयेत्	१२७	२६५	अवशिष्टान्ने न ग्रहबलिःकार्यः	१२७
२६७	तिलादयः पितृणां मासं तृप्तिदाः	१२७	२६८	मासादिः विशेषेणः तृप्तिकाला	१२८
२७३	मधुदाने मघादिश्राद्धे	१२८	२७४	गजच्छायादौ	१२८
२७५	श्रद्धयादानम्	१२९	२७६	पितृपक्षेप्रशस्तास्तिथयः	१२९
२७७	युग्मतिथि-नक्षत्रादे प्राशस्त्यम्	१२९	२७८	कृष्णपक्षापराह्ण-प्राशस्त्यम्	१२९
२७९	अपसव्यकुशादयः	१२९	२८०	रात्रिश्राद्धनिषेधः	१२९
२८१	प्रतिमासं श्राद्धकरणाशक्तौ	१३०	२८२	साग्नेरग्नौ करणे	१३०
२८३	तर्पण-फलम्	१३०	२८४	पितृणां प्रशंसा	१३०
२८५	विघसोमृतंभोजने	१३०			
	चतुर्थोऽध्यायः				
१	ब्रह्मचर्यगार्हस्थ्य कालौ	१३१	२	शिलोञ्छादिना जीवेत्	१३१
३	उचितार्थसंग्रहं कुर्यात्	१३१	४	अनापदि जीवनकर्म	१३१
५	ऋताद्यर्थ-कथनम्	१३१	७	कियद्धनमर्जयेत्तत्राह	१३२
८	अश्वस्तनिक-प्रशंसा	१३२	९	जीवनोपायाः	१३२
१०	शिलोञ्छाभ्यां जीवने	१३२	११	असज्जीविकां न कुर्यात्	१३२
१२	संतोषस्य प्रशंसा	१३२	१३	स्नातकव्रतानि	१३३
१४	वेदोदितं कर्म-कर्तव्यम्	१३३	१५	गीतादिना धनार्जननिषेधः	१३३
१६	इन्द्रियार्थासक्तिनिषेधः	१३३	१७	वेदार्थविरोधिकर्मत्यागः	१३३
१८	वयःकुलानुरूपेण चरेत्	१३३	१९	नित्यं शास्त्राद्यवेक्षणम्	१३३
२१	पञ्चयज्ञान् यथाशक्तिनत्यजेत्	१३४	२२	केचिदिन्द्रियसंयमं कुर्वन्ति	१३४

२३	केचिद्वाचयजन्ति	१३४	२४	केचित् ज्ञानेनयजन्ति	१३४
२५	संध्याद्वयहोमदर्शपौर्णमासाः	१३४	२६	सोमयागादादयः	१३४
२८	नवान्नश्राद्धाकरणे	१३५	२९	शक्तितोऽतिथीं पूजयेत्	१३५
३०	पाषड्याद्यर्चाननिषेधः	१३५	३१	श्रोत्रियादीन् पूजयेत्	१३५
३२	ब्रह्मचार्यादिभ्योऽन्नदानम्	१३५	३३	क्षत्रियादेर्धनग्रहणे विचारः	१३६
३४	सतिविभवे क्षुधानसीदेत्	१३६	३५	शुचीः स्वाध्यायादियुक्तः स्यात्	१३६
३६	दण्डकमण्डल्वादिधारणम्	१३६	३७	सूर्यदर्शननिषेधः	१३६
३८	वत्सरज्जुलंघने जले प्रतिविम्ब-निरिक्षणे दोषः	१३६	३९	मार्गे गवादीन् दक्षिणतः कुर्यात्	१३७
४०	रजस्वलागमनादि निषेधः	१३७	४३	भार्ययासहभोजनादिनिषेधः	१३७
४४	कालविशेषेस्त्री दर्शननिषेधः	१३७	४५	नग्नस्नानादि निषेधः	१३७
४६	मार्गादौ विष्मुत्रादिनिषेधः	१३८	४८	मुत्रादौ सूर्यादिदर्शननिषेधः	१३८
४९	विष्मुत्रोत्सर्गविधिः	१३८	५०	दिवादावुदङ्मुखादि	१३८
५१	अन्धकारादौ स्वेच्छामुखः	१३८	५२	मुत्रादौ अग्न्यादिसम्मुख-निषेधः	१३८
५३	अग्नौ पादप्रतापनादिनिषेधः	१३९	५४	अग्नेर्लङ्घनादिनिषेधः	१३९
५५	संध्याभोजनभूमिलिखनादौ	१३९	५६	जले मुत्रादिप्रक्षेपनिषेधः	१३९
५७	शून्यगृहस्वापमुप्तोत्थापनादौ	१३९	५८	भाजनादौ दक्षिणहस्तः	१३९
५९	जलार्थिनीगां न वारयेत् इन्द्रधनुर्नदर्शयेत्	१३९	६०	अधार्मिकग्राममवासे	१४०
६१	एकाकीगमने शूद्रराज्य-वासादि निषेधः	१४०	६२	अतिभोजनादिनिषेधः	१४०
६३	अञ्जलिना जलपानादि निषेधः	१४०	६४	नृत्यादिनिषेधः	१४०
६५	कांस्ये पादक्षालनस्य भिन्नादिभण्डे भोजनस्य च निषेधः	१४०	६६	यज्ञोपवीतादिपरधृतं न धारयेत्	१४१
६७	अविनीतयानवृषादिनिषेधः	१४१	६८	धुर्यलक्षणम्	१४१
६९	प्रेतधूमनखादिच्छेदननिषेधः	१४१	७०	तृणच्छेदनादि निषेधः	१४१
७१	लोष्टमर्दनादेर्मन्दफलम्	१४०	७२	मालाधारणगोयानादौ	१४१
७३	अद्वारेण गृहगमनादौ	१४२	७४	अक्षक्रीडादिनिषेधः	१४२
७५	रात्रौ तिलभोजनेनग्नशयन-निषेधः	१४२	७६	आर्द्रपाद एवभुञ्जीत	१४२
७७	दुर्गगमन-मलदर्शन-नदीतरणे	१४२	७९	पतितादिभिर्न संवसेत्	१४२

८०	शूद्रायव्रतकथनादि निषेधः	१४३	८२	शिरःकण्डूयन स्नानादौ	१४३
८३	कोपेन शिरःप्रहारकेशग्रहणे	१४३	८३	तैलेन स्नातस्य पुनस्तैलस्पर्शने	१४३
८४	अक्षत्रियराजादिप्रतिग्रहे	१४३	८५	तैलिकादिप्रतिग्रहनिषेधः	१४३
८७	शास्त्रोल्लंघकराजप्रतिग्रहे	१४४	८८	तामिश्राद्येकविंशतिनरकाः	१४४
९१	ब्राह्मणमुहूर्तेबुध्येत्	१४४	९३	प्रातःकृत्यादि	१४४
९४	अस्यायुः कीर्त्यादिवर्धकत्वम्	१४५	९५	श्रावण्यामुपाकर्मकार्यम्	१४५
९६	पुष्ये उत्सर्यनाख्यंकर्म	१४५	९७	कृते उत्सर्जनेपक्षिण्यनध्यायः	१४५
९८	ततो वेदं शुक्लेऽङ्गानि कृष्णे पठेत्	१४५	९९	पाठविशांते स्वापनिषेधः	१४५
१००	नित्यं गायत्र्यादि पठेत्	१४५	१०१	अनध्यायः	१४६
१०२	वर्षाकालिकानध्यायः	१४६	१०३	अकालिकानध्यायः	१४६
१०५	सार्वकालिकानध्यायः	१४६	१०६	सन्ध्यागर्जनादौ	१४६
१०७	नागरादौ नित्यानध्यायः	१४७	११०	श्राद्धभोजनग्रहणादौ-त्रिरात्रमनध्यायः	१४७
१११	गंधलेपयुक्तोनाधियीत	१४७	११२	शयनादौ नाधीयीत	१४७
११४	अमावास्यादयोऽध्ययने निषिद्धाः	१४८	१२३	सामध्वनौ सति वेदान्तरं नाधीयीत	१४९
१२४	वेदत्रयदेवताकथनम्	१४९	१२५	गायत्रीजपान्तरं वेदपाठः	१४९
१२६	वगाद्यन्तरागमने	१४९	१२७	शुचिदेशे शुचिनाध्येयम्	१५०
१२८	ऋतावप्यमावास्यादौ न स्त्रीगमनम्	१५०	१२९	रोगस्नानाशक्तस्नाननिषेधः	१५०
१३०	गुर्वादीनां छायालङ्घननिषेधः	१५०	१३१	श्राद्धभोजिनः चतुःपथगमने	१५०
१३२	रक्तश्लेष्मादौ न तिष्ठेत्	१५०	१३३	शत्रुचोरपरस्त्री-सेवा-निषेधः	१५०
१३४	परदार-निन्दा	१५०	१३५	क्षत्रियसर्पविप्रानावमन्तव्यः	१५१
१३७	आत्मावमाननिषेधः	१५१	१३८	प्रिय-सत्य-कथनम्	१५१
१३९	वृथावादं न कुर्यात्	१५१	१४०	उषःकालादावज्ञातेन सह न गन्तव्यम्	१५१
१४१	हीनाङ्गाद्या प्रक्षेप-निषेधः	१५१	१४२	उच्छिष्टस्पर्शसूर्यादिदर्शने	१५२
१४३	स्वकीयेन्द्रियस्पर्शादौ	१५२	१४५	मङ्गलाचारयुक्तः स्यात्	१५२
१४७	वेदाध्ययनस्य प्रधान्यम्	१५२	१५०	अष्टकाश्राद्धाद्यवश्यं कार्यम्	१५३
१५१	अग्निगृह-दूरतो भूताद्युत्सर्गः	१५३	१५२	पूर्वाहणे स्नान-पूजादि	१५३
१५३	पर्वसु देवादिदर्शनम्	१५३	१५४	आगत्-वृद्धादि सत्कारे	१५३

१५५	श्रुतिस्मृत्युदिताचारः कार्यः	१५३	१५६	आचार-फलम्	१५४
१५७	दुराचार-निन्दा	१५४	१५८	आचार-प्रशंसा	१५४
१५९	परवश कर्म-त्यागदौ	१५४	१६१	चित्तपारतोषिकं कार्यम्	१५४
१६२	आर्चार्यादिहिंसानिषेधः	१५४	१६३	नास्तिक्यादि-निषेधः	१५५
१६४	परताडनादि-निषेधः	१५५	१६५	ब्राह्मण-ताडनेद्योगे	१५५
१६६	ब्राह्मणताडने	१५५	१६७	ब्राह्मणस्य शोणितोत्पादे	१५५
१७०	अधार्मिकादीनां न सुखम्	१५६	१७१	अधर्मे मनो न निदध्यात्	१५६
१७२	शनैरधर्मफलोत्पत्तिः	१५६	१७५	शिष्यादि शासने	१५६
१७६	अर्थकाम-त्यागे	१५६	१७७	पाणिपादचापल्यनिषेधः	१५७
१७८	कुलमार्ग-गमनम्	१५७	१७९	ऋत्विगादिभिर्वादं न कुर्यात्	१५७
१८०	एतैर्विवादोपेक्षायां फलमाह	१५७	१८६	प्रतिग्रहनिन्दा	१५८
१८७	विधिमज्ञात्वाप्रतिग्रहो न कार्यः	१५८	१८८	मूर्खस्वर्णादिप्रतिग्रहे	१५८
१९२	वैडालव्रतिकादौ दाननिषेधः	१५९	१९५	वैडालव्रतिक-लक्षणम्	१५९
१९६	बकव्रतिक-लक्षणम्	१५९	१९७	तयोर्निन्दा	१५९
१९८	प्रायश्चित्ते वञ्चना न कार्या	१६०	१९९	छलेन व्रताचरणे	१६०
२००	छलेन कमण्डल्वादि धारणे	१६०	२०१	परकृत-पुष्करिण्यादि स्नान- निषेधः	१६०
२०२	अदत्तयानादिभोगनिषेधः	१६०	२०३	नद्यादिषु स्नानं कर्तव्यम्	१६०
२०४	यमनियमौ	१६१	२०५	अश्रोत्रिययज्ञादिभोजननिषेधः	१६१
२०७	श्राद्धाद्यन्नं केशादिसंसृष्टं न भुञ्जीत	१६१	२०९	रजस्वलास्पृष्टाद्यन्न-निषेधगवाघ्रात गणिकाद्यन्नं च निषेधः	१६१
२१०	अभोज्यानिस्तेनाद्यान्नानि	१६२	२१८	राजद्यन्नभोजने मन्द फलम्	१६३
२२२	तेषामन्नभोजने प्रायश्चित्तम्	१६३	२२३	शूद्रपक्वान्ननिषेधः	१६४
२२४	कदर्यश्रोत्रिवार्धुषिकान्ने	१६४	२२५	श्रद्धादत्तवदान्यवार्धुषिकान्ने	१६४
२२६	श्रद्धयायागादिकं कुर्यात्	१६४	२२७	श्रद्धादान-फलम्	१६४
२२९	जलभूमिदानादिफलम्	१६५	२३३	वेददान-प्रशंसा	१६५
२३४	काम्यदाने	१६५	२३६	द्विजनिन्दादानकीर्तनादिनिषेधः	१६६
२३७	अनृतादिफलम्	१६६	२३८	शनैर्धर्ममनुतिष्ठेत्	१६६
२३९	धर्मप्रशंसा	१६६	२४४	उत्कृष्टैः सम्बन्धःकार्यो न हीनैः	१६७
२४७	फलमूलादि ग्रहणे	१६७	२४८	दुष्कृतकर्मणोऽपि भिक्षा-ग्रहणम्	१६७

२४९	भिक्षायां अग्रहणे	१६८	२५०	अयाचितभिक्षा	१६८
२५१	कुटुम्बार्थं भिक्षा	१६८	२५२	स्वार्थसाधुभिक्षा	१६८
२५३	भोज्यान्नशूद्राः	१६८	२५४	शूद्रैरात्मनिवेदनं कार्यम्	१६८
२५५	असत्यकथने निन्दा	१६९	२५७	योग्यपुत्राय कुटुम्बभारदानम्	१६९
२५८	ब्रह्मचिन्ता	१६९	२६०	उक्तस्य फलकथनम्	१६९
	पञ्चमोऽध्यायः				
१	मनुष्याणां कथं मृत्युः	१७०	३	मृत्युप्रापकानाह	१७०
५	लशुनाद्यभक्ष्याणि	१७०	७	वृथामांसादि निषेधः	१७१
८	अभक्ष्यक्षीराणि	१७१	१०	शुक्तेषु दध्यादयो भक्ष्याः	१७१
११	अथाभक्ष्यपक्षिणः	१७१	१३	सौनशुष्कमांसादयः	१७२
१४	ग्राम्यशूकर-मत्स्यादयः	१७२	१५	मत्स्यभक्षणनिन्दा	१७२
१६	भक्ष्यमत्स्याः	१७२	१७	सर्पबानरादि निषेधः	१७२
१८	भक्ष्यपञ्चनखाः	१७२	१९	लशुनादिभक्षणे प्रायश्चित्तम्	१७३
२०	यागार्थपशुहिंसाविधिः	१७३	२४	पर्युषितान्यपि भक्ष्याणि	१७३
२७	मांसभक्षणे	१७४	३१	प्रोक्षितमांस-भक्षण-नियमः	१७४
३३	वृथामांसभक्षणनिषेधः	१७५	३५	श्राद्धेमांसभोजन-निन्दा	१७५
३६	अप्रोक्षितमांसं न भक्षयेत्	१७५	३९	यज्ञार्थं-वध-प्रशंसा	१७६
४१	पशुहनन-काल-नियमः	१७६	४३	वेदाविहितहिंसानिषेधः	१७६
४५	आत्मसुखेच्छयाहनने	१७६	४६	वधबन्धनं न कर्तव्यम्	१७७
४८	मांस-वर्जनम्	१७७	५१	अथ घातकाः	१७७
५३	मांस-वर्जन-फलम्	१७८	५८	सपिण्डानां दशाहाद्याशौचम्	१७८
६०	अथसपिण्डता	१७९	६१	जननेमातरस्पृश्यत्वम्	१७९
६३	शुक्रपाते परपूर्वापत्यमरणे	१७९	६४	शवस्पर्शे समानोदक-मरणे	१७९
६५	गुरोर्मरणाशौचम्	१७९	६६	गर्भश्रावेरजस्वलाशुद्धौ	१८०
६७	वालाद्यशौचम्	१८०	६८	ऊनद्विवार्षिकस्य भूमिखननम्	१८०
६९	नास्याग्नि-संस्कारादि	१८०	७०	बालस्योदक-दाननिषेधः	१८०
७१	सहाध्यायि मरणे	१८०	७२	वाग्दत्तस्त्र्यहशौचम्	१८१
७३	हविष्यभक्षणादि	१८१	७५	विदेशस्याशौचम्	१८१
८०	आचार्य-तत्पुत्रादिमरणे	१८२	८१	श्रोत्रियमातुलादिमरणे	१८२
८२	राजाध्यापकादिमरणे	१८२	८३	सम्पूर्णाशौचम्	१८२
८४	अग्निहोत्रार्थस्नानाच्छुद्धिः	१८२	८५	स्पर्शनिमित्ताशौचम्	१८३
८६	अशुचि-दर्शने	१८३	८७	मनुष्यास्थिस्पर्शे	१८३

८८	ब्रह्मचार्या व्रतसमापनात् प्रेतोदकदानादि न कुर्यात्	१८३	८९	पतितादीनामुदकदानादि-निषेधः	१८३
९०	व्यभिचारिण्यादीनां नोदकदानम्	१८३	९१	ब्रह्मचारिणः पित्रादिनिर्हरणे	१८४
९२	शूद्रादीन्दक्षिणादितोनिहरेत्	१८४	९३	राजादीनामशौचाभावे	१८४
९४	राज्ञः सद्यः शौचम्	१८४	९५	वज्रादिहतानां सद्यः शौचम्	१८४
९६	राजोऽशौचाभावस्तुतिः	१८४	९८	क्षात्रधर्महतस्य सद्याशौचम्	१८५
९९	अशौचान्त-कृत्यम्	१८५	१००	असपिण्डाशौचमाह	१८५
१०१	असपिण्डनिर्हरणे	१८५	१०२	अशौच्यन्नभक्षणे	१८५
१०३	निर्हारकानुगमने	१८५	१०४	ब्राह्मणं शूद्रैर्ननिर्हारयेत्	१८६
१०५	ज्ञानादीनिशुद्धिसाधनानि	१८६	१०६	अर्थशौचप्रशंसा	१८६
१०७	क्षमादानजपतपांसि शोधकानि	१८६	१०९	समलनदीस्त्रीद्विजशुद्धिः	१८६
११०	द्रव्य-शुद्धिः	१८६	१११	सुवर्णादिमणिशुद्धिः	१८७
११५	घृतादि शय्यादिकाष्ठशुद्धिः	१८७	११६	यज्ञपात्रशुद्धिः	१८७
११८	धान्यवस्त्रशुद्धिः	१८८	११९	चर्मवंशपात्र-शाकफलमूलशुद्धिः	१८८
१२०	कम्बलपटवस्त्रादिशुद्धिः	१८८	१२२	तृणकाष्ठगृहमृद्भाण्डशुद्धिः	१८८
१२३	शोणिताद्युपहतमृद्भाण्डशुद्धिः	१८८	१२४	भूमिशुद्धिः	१८८
१२५	पक्षिजग्धगवाघ्रातादिशुद्धिः	१८९	१२६	गन्धलेपयुक्तद्रव्यशुद्धिः	१८९
१२७	पवित्राणि	१८९	१२८	जलशुद्धिः	१८९
१२९	नित्यशुद्धाः पदार्थाः	१८९	१३२	स्पर्शेनित्यशुद्धानि	१९०
१३४	मूत्राद्यूत्सर्गशुद्धिः	१९०	१३५	द्वादशमलाः	१९०
१३६	मृद्वारिग्रहणे नियमः	१९०	१३७	ब्रह्मचार्यादीनाद्विगुणाद्याचमनानन्तरमिन्द्रियादिस्पर्शः	१९०
१३९	आचमनविधिः	१९१	१४०	शूद्राणां मासिवपनं द्विजोच्छिष्टभोजनम्	१९१
१४२	पादेगण्डूषजलविन्दवः शुद्धाः	१९१	१४३	द्रव्यहस्तस्योच्छिष्टस्पर्शे	१९१
१४४	वमन-विरेक-मैथुन-शुद्धौ	१९१	१४५	निद्राक्षुद्भोजनादि शुद्धौ	१९२
१४६	अथ स्त्री-धर्माः	१९२	१४७	स्त्रीस्वातन्त्र्यं नार्हति	१९२

१४८	कस्य वशे तिष्ठे दत्यत्राह	१९२	१५०	प्रसन्ना गृहकर्म-कुर्यात्	१९२
१५१	स्वामि-शुश्रूषा	१९२	१५२	स्वाम्यहेतुमाह	१९३
१५३	स्वामि-प्रशंसा	१९३	१५५	स्त्रीणां पृथग्यज्ञ-निषेधः	१९३
१५६	स्वामिनोऽप्रियं नाचरेत्	१९३	१५७	मृतपतिका धर्माः	१९३
१६१	परपुरुषगमननिन्दा	१९४	१६५	पातिव्रत्य-फलम्	१९५
१६७	भार्यायां मृतायां श्रौताग्निनादाहः	१९५	१६८	पुनर्दारग्रहणे	१९५
१६९	गृहस्थस्य कालावधिः	१९५			
	षष्ठोऽध्यायः				
१	वानप्रस्थाश्रममाह	१९६	३	सभार्याग्नि होत्रोवने सवेत्	१९६
५	फलमूलेन पञ्चयज्ञकरणम्	१९६	६	चर्मचीरजटादि-धारणम्	१९६
७	अतिथि-चर्चा	१९६	८	वानप्रस्थनियमाः	१९७
१४	मधुमांसादिवर्जनम्	१९७	१५	आश्विने संचितनीवारादि-त्यागः	१९८
१६	फाल-कृष्टाद्यन्ननिषेधः	१९८	१७	अश्मकुट्टादयः	१९८
१८	नीवारादिसंचयने	१९८	१९	भोजनकालादयः	१९८
२२	भूमिपरिवर्तनादि	१९९	२३	ग्रीष्मादिऋतु-कृत्यम्	१९९
२४	स्वदेहं शोषयेत्	१९९	२५	अग्निहोत्रसमापनादयः	१९९
२६	वृक्षमूलभूशय्यादयः	१९९	२७	भिक्षाचरणे	२००
२९	वेदादिपाठः	२००	३१	महाप्रस्थानम्	२००
३३	परिव्राजक-कालः	२००	३४	ब्रह्मचर्यादि क्रमेण-परिव्रजेत्	२०१
३५	ऋणमशोध्य न परिव्रजेत्	२०१	३७	पुत्रमनुत्पाद्य परिव्रजेत्	२०१
३८	प्राजापत्येष्टिं कृत्वापरिव्रजेत्	२०१	३९	अभयदान-फलम्	२०१
४१	निस्पृह परिव्रजेत्	२०२	४२	एकाकीभिक्षार्थं चरेत्	२०२
४३	परिव्राजक-नियमाः	२०३	४४	मुक्तलक्षणम्	२०२
४५	जीवनादिकामना-राहित्यम्	२०२	४६	परिव्राजकाचारः	२०२
५०	भिक्षाग्रहणे	२०३	५२	दण्डकमण्डल्वादयः	२०३
५३	भिक्षापात्राणि	२०४	५५	एककाले भिक्षा-चरणम्	२०४
५६	भिक्षाकालः	२०४	५७	लाभालाभेहर्षविषादौ न कार्यौ	२०४
५८	पूजापूर्वक-भिक्षानिषेधः	२०४	५९	इन्द्रिय-निग्रहः	२०४
६१	संसारगति-कथनम्	२०५	६४	सुखदुःखयोर्धर्माधर्मौ हेतू	२०५

६६	नलिङ्गमात्रं धर्मकारणम्	२०५	६८	भूमि निरिक्ष्यपर्यटेत्	२०६
६९	क्षुद्रजन्तुहिंसाप्रायश्चितम्	२०६	७०	प्राणायाम-प्रशंसा	२०६
७३	ध्यानयोगे नात्मानं पश्येत्	२०७	७४	ब्रह्मसाक्षात्कारे मुक्तिः	२०७
७५	मोक्षसाधक-कर्माणि	२०७	७६	देहस्वरूपमाह	२०७
७८	देहत्यागे दृष्टान्तमाह	२०७	७९	प्रियाप्रियेषु पुण्य-पापत्यागः	२०८
८०	विषयानभिलाषः	२०८	८२	आत्मनो ध्यानम्	२०८
८५	परिव्रज्याफलम्	२०८	८६	वेदसंन्यासिकानां कर्म	२०९
८७	चत्वार-आश्रमाः	२०९	८८	सर्वाश्रमफलम्	२०९
८९	गृहस्थस्य श्रेष्ठत्वम्	२०९	९१	दशाविधोधर्मः सेवितव्यः	२०९
९२	दशविधधर्ममाह	२०९	९३	दशविधधर्माचरण-फलम्	२१०
९५	वेदमेवाभ्यसेत्	२१०	९६	वेद-संन्यास-फलम्	२१०
	सप्तमोऽध्यायः				
१	राजधर्मानाह	२११	२	कृत्संस्कारस्य प्रजारक्षणम्	२११
४	रक्षार्थमिन्द्राद्यंशाद्राजोत्पत्तिः	२११	६	राजप्रशंसा	२११
१२	राजद्वेष-निन्दा	२१२	१३	राजस्थापितधर्मं न चालयेत्	२१२
१४	दण्डोत्पत्तिः	२१२	१६	दण्डप्रणयनम्	२१३
१७	दण्डप्रशंसा	२१३	१९	अयथादण्डनिषेधः	२१३
२०	दण्ड्येषु दण्डाकरणे निन्दा	२१३	२१	पुनर्दण्ड प्रशंसा	२१४
२६	दण्डप्रणेता कीदृश इत्यत्राह	२१४	२८	अधर्मदण्डराजादीनां दोषः	२१५
३०	मूर्खादीनां न दण्ड-प्रणयनम्	२१५	३१	सत्य-सन्धादिनां दण्ड-प्रणयनम	२१५
३२	शत्रुमित्र-विप्रादिषुदण्ड-विधिः	२१५	३३	न्यायवर्त्तिनोराज्ञः प्रशंसा	२१५
३४	दुर्वृत्तराज्ञो निन्दा	२१६	३७	राजकृत्ये वृद्धसेवा	२१६
३९	विनय-ग्रहणम्	२१६	४०	अविनय-निन्दा	२१६
४१	अत्रदृष्टान्तमाह	२१७	४२	विनयाद्राज्यादि प्राप्तिदृष्टान्तः	२१७
४३	विद्याग्रहणम्	२१७	४४	इन्द्रियजयः	२१७
४५	कामक्रोधजव्यसन-त्यागः	२१७	४७	कामजदश-व्यसनान्याहः	२१७
४८	क्रोधजाष्टव्यसनान्याहः	२१८	४९	सर्वमूल-लोभ-त्यागः	२१८
५०	अतिदुःखद-व्यसनानि	२१८	५३	व्यसन-निन्दा	२१९
५४	अथ सचिवाः	२१९	५६	सन्धि-विग्रहादि-चिन्ता	२१९

५७	मन्त्रिभिर्विचार्य हितकार्यम्	२१९	५९	ब्राह्मण-मन्त्रिणः	२१९
६०	अन्यानप्यमात्यान् कुर्यात्	२२०	६२	आकारान्तः पुराध्यक्षाः	२२०
६३	दूतलक्षणम्	२२०	६५	सेनापत्यादि कार्यम्	२२०
६६	दूत-प्रशंसा	२२१	६७	प्रतिराजेप्सितं दूतेन जानीयात्	२२१
६९	जाङ्गलदेशाश्रयणे	२२१	७०	अथ दुर्गप्रकाराः	२२१
७५	अस्त्रान्नादिपूरितं दुर्गं कुर्यात्	२२२	७७	सुन्दरी आर्यामुद्वहेत्	२२२
७८	पुरोहितादयः	२२२	७९	यज्ञादि-करणम्	२२३
८०	करग्रहणे	२२३	८१	अथाध्यक्षाः	२२३
८२	ब्राह्मणानां वृत्तिदानम्	२२३	८३	ब्राह्मणानां वृत्तिदान-प्रशंसा	२२३
८५	पात्रदान-फलम्	२२३	८७	संग्रामे आहूतो न निवर्तेत्	२२४
८९	सन्मुखमरणे स्वर्गः	२२४	९०	कूटस्त्रादि निषेधः	२२४
९१	संग्रामेऽबध्यानाह	२२४	९३	भीतादि हनने दोषः	२२५
९४	संग्रामेपराङ्मुखहतस्य दोषः	२२५	९६	येन यज्जितं तद्धनं तस्यैव	२२५
९७	राज्ञः श्रेष्ठवस्तु-दानम्	२२५	९९	हस्त्यश्वादिवर्धनम्	२२६
१०१	अलब्धं लब्धुमिच्छेत्	२२६	१०२	नित्यमस्वपदात्यादिशिक्षा	२२६
१०३	नित्यमुद्यतदण्डःस्यात्	२२६	१०४	अमात्यादिशु माया न कार्या	२२६
१०५	प्रकृति-भेदादि गोपनीयम्	२२७	१०६	अर्थादि-चिन्ता	२२७
१०७	विजयविरोधिनी-वशीकरणम्	२२७	१०९	सामदण्ड-प्रशंसा	२२७
११०	राष्ट्ररक्षाः	२२७	१११	प्रजापीडने दोषः	२२७
११३	प्रजारक्षणे सुखम्	२२८	११४	ग्रामप्रत्याधिपत्यादयः	२२८
११६	ग्रामदोष-निवेदनम्	२२८	११८	ग्रामाधिकृतस्य वृत्तिमाह	२२८
१२०	ग्राम्यकार्याण्यन्येन कर्तव्यानि	२२९	१२१	अर्थ-चिन्तकः	२२९
१२२	तच्चरितं स्वयं-जानीयात्	२२९	१२३	उत्कोचादि-ग्राहक-शासनम्	२२९
१२५	प्रेष्यादि वृत्तिकल्पनम्	२३०	१२७	वणिक्कर-ग्रहणे	२३०
१२९	अल्पाल्पकर-ग्रहणे	२३०	१३०	धान्यादीनां-करग्रहणे	२३०
१३३	श्रोत्रियात्करं न गृह्णीयात्	२३१	१३५	श्रोत्रियवृत्ति-कल्पने	२३१
१३७	शाकादिव्यवहारिणः स्वल्पकरः	२३१	१३८	शिल्पादिकं कर्म-कारयेत्	२३२
१३९	स्वल्पादि प्रचुर-कर-ग्रहणनिषेधः	२३२	१४०	तीक्ष्णमृदुताचरणम्	२३२
१४१	अमात्येन सह कार्यचिन्तनम्	२३२	१४३	दस्यु-निग्रहणम्	२३२

१४४	प्रजापालस्य श्रेष्ठत्वम्	२३२	१४५	सभा-कालः	२३३
१४७	एकान्ते गोप्यमन्त्रणम्	२३३	१४९	मन्त्रण-काले स्त्र्याद्यपसारणम्	२३३
१५१	धर्मकामादि-चिन्तनम्	२३४	१५३	दूतसंप्रेषणादयः	२३४
१५६	अथ प्रकृति-प्रकाराः	२३५	१५८	अरिप्रकृतयः	२३५
१६०	अथषड्गुणाः	२३६	१६२	सन्ध्यादि-प्रकारः	२३६
१६९	सन्धि-विग्रहादिकालाः	२३७	१७५	बलिनृप संश्रयणे	२३८
१७७	आत्मानमधिकं कुर्यात्	२३९	१७८	आगामि गुण-दोष-चिन्ता	२३९
१८०	राजरक्षा	२३९	१८१	अरिराज्ययान-विधिः	२३९
१८६	शत्रु-सेविमित्रादौ सावधानम्	२४०	१८७	व्यूहकरणे	२४०
१९२	जलादौ युद्धप्रकारः	२४१	१९३	अग्रानीकयोग्यानाह	२४१
१९४	सैन्यपरिक्षणम्	२४१	१९५	परराष्ट्रपीडने	२४१
१९७	परपकृति-भेदादि	२४२	२००	उपायाभावेयुध्येत्	२४२
२०१	जित्वाब्राह्मणदिपूजन्-प्रजानामभयदानं च	२४२	२०२	तद्वंश्याय तद्राज्यदाने	२४२
२०६	करग्रहणादि	२४३	२०७	मित्रप्रशंसा	२४३
२१०	शत्रु-गुणाः	२४४	२११	उदासीन-गुणाः	२४४
२१२	आत्मार्थं भूम्यादित्यागः	२४४	२१४	आपदि-उपायचिन्तनम्	२४४
२१६	अथ राज्ञो भोजने	२४५	२१७	अन्नादि-परीक्षा	२४५
२२१	विहारादौ	२४५	२२२	आयुधादि-दर्शनम्	२४६
२२३	संध्यामुपास्य प्रणिधि-चेष्टितादि	२४६	२२४	ततो रात्रि-भोजनादयः	२४६
२२६	अस्वस्थः श्रेष्ठामात्यषु-निःक्षिपेत्	२४६			
	अष्टमोऽध्यायः				
१	व्यवहारान् दिदृक्षु सभां प्रविशेत्	२४७	३	कुलशास्त्रादिभिः कार्यं पश्येत्	२४७
४	अष्टादशविवादाः	२४७	८	धर्ममाश्रित्यानिर्णयं कुर्यात्	२४८
९	स्वयमशक्तौ विद्वांसं नियुज्ज्यात्	२४८	१०	सत्रिभिर्ब्राह्मणैः सहकार्यं पश्येत्	२४८
११	तत्सभाप्रशंसा	२४८	१२	अधर्मे सभासदां दोषः	२४८
१३	सदसि सत्यमेववक्तव्यम्	२४८	१४	अधर्मवादि-शासनम्	२४८
१५	धर्मातिक्रमणे दोषः	२४९	१८	दुर्व्यवहारे राजादीनामधर्मः	२४९

१९	अर्थिप्रत्यर्थिपापे	२४९	२०	कार्यदर्शने शूद्रनिषेधः	२४९
२१	राष्ट्रनास्तिक-दुर्भिक्षादिनिषेधः	२५०	२३	लोकपालान्प्रणम्यकार्य-दर्शनम्	२५०
२४	ब्राह्मणादि-क्रमेण कार्यं पश्येत्	२५०	२५	स्वरवर्णादिना अर्थ्यादि-परीक्षेत्	२५०
२७	बालधन-राज्ञारक्षणीयम्	२५०	२८	प्रोषितपतिकादिधन-रक्षणम्	२५१
२९	अपुत्राधनहारकशासनम्	२५१	३०	अस्वामिकधनरक्षणे कालः	२५१
३१	द्रव्यरूप-संख्यादिकथनम्	२५१	३२	अकथनेदण्डः	२५१
३३	प्रणष्टद्रव्यात् षडभागग्रहणम्	२५१	३४	चौरघातनम्	२५२
३५	निध्यादौ षड्भागग्रहणम्	२५२	३६	परिनिधौ अनृत-कथने	२५२
३७	ब्राह्मणनिधिविषये	२५२	३८	राज्ञानिधिं प्राप्यार्धं विप्रायदेयम्	२५२
४०	चौर-हृतधनं राज्ञादातव्यम्	२५२	४१	जातिदेशधर्माविरोधेन करणीयम्	२५३
४३	राज्ञाविवादोत्थापानादि न कार्यम्	२५३	४४	अनुमानेन तत्त्वं निश्चिनुयात्	२५३
४५	सत्यादिनाव्यहारं पश्येत्	२५३	४६	सदाचार-आचरणीयः	२५३
४७	ऋणादाने	२५३	५३	अथहीनाः	२५४
५८	अभियोक्तुर्दण्डादिः	२५५	५९	धनपरिमाण-मिथ्याकथने	२५५
६०	साक्षिविभावनम्	२५५	६१	अथसाक्षिणः	२५५
६४	साक्ष्येनिषिद्धाः	२५६	६८	स्त्रयादीनां स्त्रयादय-साक्षिणाः	२५७
६९	वादि साक्षिणाः	२५७	७०	बालादि-साक्ष्यादौ	२५७
७२	साहसादौ न साक्षि-परीक्षा	२५७	७३	साक्षिद्वैधे	२५७
७४	साक्षिणः सत्य-कथनम्	२५७	७५	मिथ्यासाक्ष्येदोषः	२५८
७६	श्रुतसाक्षिणाः	२५८	७७	एकोऽपि धर्मवित्साक्षी	२५८
७८	स्वभाववचनं साक्षिणो गृह्णीयुः	२५८	७९	साक्षिप्रश्ने	२५८
८१	साक्षिभिः सत्यं वक्तव्यम्	२५९	८४	रहःकृतं कर्म आत्मादि-जानाति	२५९
८७	ब्राह्मणादिसाक्षिप्रश्ने	२५९	८९	असत्यकथने दोषः	२६०
९२	सत्यप्रशंसा	२६०	९३	असत्य-कथन-फलम्	२६०
९६	पुनः सत्यकथनप्रशंसा	२६१	९७	विषयभेदेन सत्यफलम्	२६१
१०२	निन्दित-ब्राह्मणं शूद्रवत्पृच्छेत्	२६२	१०३	निमित्तविशेषणाकृतसाक्ष्ये दोषाभावः	२६२
१०५	अनृतकथने प्रायश्चित्तम्	२६२	१०७	त्रिपक्षं साक्ष्यकथने पराजयः	२६२

१०८	साक्षिभङ्गे	२६३	१०९	असाक्षिविवादे शपथः	२६३
१११	वृथाशपथेदोष	२६३	११२	वृथाशपथप्रतिप्रसवमाह	२६३
११३	विप्रादेः सत्योच्चारादि-शपथम्	२६३	११४	शूद्र शपथे	२६४
११५	शपथे शुचिमाह	२६४	११७	अथपुनर्वादः	२६४
११८	लोभादिनासाक्ष्ये दण्डविशेषः	२६४	१२४	दण्डस्य हस्तादि दशस्थानादि	२६५
१२६	अपराधमपेक्ष्यदण्डकरणम्	२६५	१२७	अधर्म-दण्ड-निन्दा	२६६
१२८	दण्डपरित्यागे	२६६	१२९	वाग्दण्डाधिदण्डादि	२६६
१३१	त्रसरेण्वादिपरिमाणान्याह	२६६	१३८	प्रथमध्यमोत्तमसाहसाः	२६७
१३९	ऋणदाने दण्ड-नियमः	२६७	१४०	अर्थवृद्धिः	२६७
१४३	आधिस्थले	२६८	१४४	बालादाधि भोगनिषेधे	२६८
१४५	आधिनिक्षेपादौ	२६८	१४६	धेन्वादो भोगेऽपि न स्वत्वहानिः	२६८
१४७	दशवर्ष-भोगेस्वत्वहानिः	२६९	१४९	आधि सीमादौ न भोगे स्वत्वहानिः	२६९
१५०	बलादाधिभोगेऽर्धवृद्धिः	२६९	१५१	द्वैगुण्यादधिकवृद्धिर्न भवति	२६९
१५२	वृद्धिः प्रकाराः	२६९	१५४	पुनर्लेख्यकरणे	२७०
१५६	देशकाल-वृद्धौ	२७०	१५८	दर्शनप्रतिभूस्थले	२७०
१५९	प्रातिभाव्यादिऋणं पुत्रैर्नदेयम्	२७१	१६०	दानप्रतिभूस्थले	२७१
१६२	निरादिष्ट-धनेप्रतिभुवि	२७१	१६३	कृतनिवृत्तौ	२७१
१६६	कुटुम्बार्थं कृतणं देयम्	२७२	१६८	बलकृतं निवर्त्यम्	२७२
१६९	प्रातिभाव्यादिनिषेधः	२७२	१७०	अग्राह्यमर्थं न गृह्णीयात्	२७२
१७१	ग्राह्यत्यागे दोषः	२७२	१७२	अवलरक्षणादौ	२७३
१७४	अधर्मकार्यकरणे दोषः	२७३	१७५	धर्मेणकार्य-करणे फलम्	२७३
१७६	धनिकेन धनसाधने	२७३	१७७	धनाभावेकर्मणा ऋणशोधनम्	२७३
१७९	अथ निक्षेपे	२७४	१८२	साक्ष्यभावेनिक्षेपनिर्णयः	२७४
१८५	निक्षेपदाने	२७५	१८६	स्वयंनिक्षेपार्पणे	२७५
१८८	समुद्रनिक्षेपे	२७५	१८९	चौरादिहृते निक्षेपे	२७५
१९०	निक्षेपापहारे शपथम्	२७५	१९१	निक्षेपापहारे दण्डः	२७६
१९३	छलेन परधन-हरणे	२७६	१९४	निक्षेपे मिथ्याकथने दण्डः	२७६
१९५	निक्षेपदानग्रहणयोः	२७६	१९७	अस्वामिविक्रये	२७६
२००	सागमभोगप्रमाणम्	२७७	२०१	प्रकाशमस्वामिनः क्रयेऽपि स्वामित्वम्	२७७

२०३	संस्सृष्टवस्तु–विक्रये	२७७	२०४	अन्यां कन्यां दर्शयित्वा–ऽन्याविवाहे	२७७
२०५	उन्मत्तादि–कन्याविवाहे	२७८	२०६	पुरोहितदक्षिणा–दाने	२७८
२०९	अध्वर्य्वादिदक्षिणा	२७८	२११	संभूयसमुत्थाने	२७८
२१२	दत्तानप्रक्रिया	२७९	२१५	भृतिस्थले	२७९
२१८	संविद्व्यतिक्रमे	२८०	२२२	क्रीतानुशयः	२८०
२२४	दाने	२८०	२२५	मिथ्या कन्या–दूषणकथने	२८१
२२६	दूषित–कन्या–निन्दा	२८१	२२७	सप्तपदी	२८१
२२९	स्वामिपाल–विवादः	२८१	२३१	क्षीरभृतिस्थले	२८२
२३२	पालदोषेण नष्टस्थले	२८२	२३३	चोरहते	२८२
२३४	शृङ्गादिदर्शनम्	२८२	२३५	वृकादिहतस्थले	२८२
२३८	सस्यघातकदण्डे	२८३	२४५	सीमाविवादस्थले	२८४
२४६	सीमावृक्षादयः	२८४	२४९	उपच्छन्नानि सीमालिङ्गानि	२८४
२५२	भोगेन सीमां नयेत्	२८५	२५३	सीमासाक्षिः	२८५
२५५	साक्ष्युक्तां सीमां बध्नीतात्	२८५	२५६	साक्ष्य–दानविधिः	२८५
२५७	अन्यथा कथने दण्डः	२८६	२५८	साक्ष्यमात्रे ग्रामसामन्तादयः	२८६
२६०	समन्तानां मृषाकथने दण्डः	२८६	२६४	गृहादि हरणे दण्डः	२८७
२६५	राजास्वयं सीमानिर्णयं कुर्यात्	२८७	२६६	वाक्यारुप्य–दण्डः	२८७
२६७	ब्राह्मणाद्याक्रोशे	२८७	२६९	समर्णाक्रोशे	२८७
२७०	शूद्रस्य द्विजाक्रोशे	२८७	२७२	धर्मोपदेशकर्तुः शूद्रस्य दण्डः	२८८
२७३	श्रुतदेश–जात्याक्षेपे	२८८	२७४	काणाद्याक्रोशे	२८८
२७५	मात्राद्याक्रोशे	२८८	२७६	परस्पर–पतनीयाक्रोशे	२८८
२७८	दण्डपारुष्यम्	२८९	२७९	शूद्रस्य ब्राह्मणादि ताडने	२८९
२८०	पादादि प्रहारे	२८९	२८१	महतासहोपवेशने	२८९
२८२	निष्ठीवनादौ	२८९	२८३	केशग्रहणादौ	२८९
२८४	त्वगस्थिभेदादौ	२९०	२८५	वनस्पतिच्छेदने	२९०
२८६	मनुष्याणां दुःखानुसारेण दण्डः	२९०	२८७	समुत्थानव्ययदाने	२९०
२८८	द्रव्यहिंसायाम्	२९०	२८९	चार्मिकभाण्डादौ	२९१
२९०	यानादेर्दशातिवर्तनानि	२९१	२९३	रथस्वास्यादि दण्डेन	२९१
२९९	भार्यादि ताडने	२९२	३००	अन्यथा ताडने दण्डः	२९२
३०१	स्तेननिग्रहणे	२९२	३०३	चोरादितोऽभयदानफलम्	२९२

३०४	राजाधर्माधर्म-षष्ठांशभागी	२९३	३०७	अरक्षया कर-ग्रहणेनिन्दा	२९३
३११	पापनिग्रह-साधुसंग्रहणे	२९४	३१२	बालवृद्धादिषु क्षमा	२९४
३१४	ब्राह्मणसुवर्णस्तेये	२९४	३१६	अशासने राज्ञो दोषः	२९४
३१७	परपापसंश्लेषणे	२९४	३१८	राजदण्डेन पापनाशे	२९५
३१९	कूपवटादि-हरण-प्रपाभेदने	२९५	३२०	धान्यादि-हरणे	२९५
३२१	सुवर्णादि-हरणे	२९५	३२३	स्त्रीपुरुषादि-हरणे	२९५
३२४	महापश्वादि-हरणादौ	२९६	३२६	सूत्रकार्पासादि-हरणे	२९६
३३०	हरित-धान्यादौ	२९६	३३१	निरन्वय-सान्वयधान्यादौ	२९६
३३२	स्तेयसाहस-लक्षणम्	२९७	३३३	त्रेताग्निस्तेये	२९७
३३४	चौरहस्तच्छेदादि	२९७	३३५	पित्रादिदण्डे	२९७
३३६	राज्ञो दण्डे	२९७	३३७	विट्शूद्रादेरष्टगुणादिदण्डः	२९७
३३९	अस्तेयानि	२९८	३४०	चोरयाजनादौ	२९८
३४१	पथिस्थितेक्षुद्वयग्रहणे	२९८	३४२	दासास्वादि हरणादौ	२९८
३४४	साहसमाह	२९८	३४६	साहसक्षमानिन्दा	२९९
३४८	द्विजातेःशस्त्रग्रहण-कालः	२९९	३५०	आततायिहनने	२९९
३५२	परदाराभिमर्शने दण्डः	२९९	३५४	परस्त्रियारहः संभाषणे	३००
३५८	स्त्री-संग्रहणे	३००	३६०	भिक्षुकादीनां परस्त्रीसंभाषणे	३०१
३६१	परस्त्रिया निषिद्ध-संभाषणे	३०१	३६२	नटादिस्त्रीषुसंभाषणे न दोषः	३०१
३६४	कन्यादूषणे	३०१	३६७	अंगुलिप्रक्षेपादौ	३०२
३७१	व्यभिचरितस्त्रीणां दण्डः	३०३	३७३	सम्वत्साराभिशस्तादौ	३०३
३७४	शूद्रस्योत्कृष्टा गमने	३०३	३७८	ब्राह्मणस्यगुप्ता-विप्रागमने	३०४
३८०	ब्राह्मणस्य न बधदण्डः	३०४	३८२	गुप्तावैश्य-क्षत्रिययोर्गमने	३०४
३८४	अगुप्ताक्षत्रियादिगमने	३०५	३८६	साहसिकादि शून्यराजप्रशंसा	३०५
३८८	कुलपुरोहितादित्यागे	३०५	३८९	मात्रादि त्यागे	३०५
३९०	विप्रयोर्वादे राज्ञोनधर्मकथनम्	३०५	३९३	प्रातिवेश्याद्यभोजनेदण्डः	३०६
३९४	अथ आकराः	३०६	३९६	रजकस्य वस्त्रप्रक्षालने	३०६
३९७	तन्तुवायस्यसूत्रहरणे	३०६	३९८	पण्यमूल्य-करणे	३०७
३९९	राज्ञाप्रतिषिद्धानां निर्हरणे	३०७	४००	अकाल-विक्रयादौ	३०७
४०१	विदेशविक्रये	३०७	४०२	अर्घस्थापने	३०७
४०३	तुलादि-परीक्षा	३०८	४०४	तरिशुल्कम्	३०८
४०७	गर्भिण्यादीनां न तरिशुल्कम्	३०८	४०८	नाविक-दोषेण वस्तुनाशे	३०८

४१०	वैश्यादेर्वाणिज्याकरणे	३०९	४११	क्षत्रियवैश्यौ न दासकर्मार्हौ	३०९
४१३	शूद्रदास-कर्म-कारयेत्	३०९	४१४	शूद्रोदास्यान्नमुच्यते	३०९
४१५	सप्तादशदास-प्रकाराः	३०९	४१६	भार्यादासादयोऽधनाः	३१०
४१८	वैश्यशूद्रौस्वकर्मकारयितव्यौ	३१०	४१९	दिनेदिने आयव्ययनिरीक्षणम्	३१०
४२०	सम्यग्व्यवहार-दर्शन-फलम्	३१०			
	नवमोऽध्यायः				
१	स्त्रीपुं-धर्माः	३११	२	स्त्रीरक्षा	३११
८	जाया-शब्दार्थ-कथनम्	३१२	११	स्त्रीरक्षणोपायाः	३१२
१४	स्त्रीस्वभावः	३१२	१८	स्त्रीणां मन्त्रैर्न क्रिया	३१३
१९	व्यभिचार-प्रायश्चित्तम्	३१३	२२	स्त्रीभर्तृगुणा भवति	३१४
२६	स्त्री-प्रशंसा	३१४	२९	अव्यभिचार-फलम्	३१५
३०	व्यभिचार-फलम्	३१५	३२	बीजत्रययोर्बलाबले	३१५
४१	परस्त्रीषु बीजवपन-निषेधः	३१६	४५	स्त्रीपुंसयोरेकत्वम्	३१७
४७	सकृदंशमागादयः	३१७	४८	क्षेत्रप्राधान्यम्	३१७
४९	स्त्रीधर्मः	३१८	५७	भ्रातःस्त्रीगमने पातित्यम्	३१९
६०	नियोग-प्रकरणम्	३१९	६२	नियोगे द्वितीयपुत्रोत्पादनम्	३१९
६३	कामतो गमनं निषेधः	३२०	६४	नियोग-निन्दा	३२०
६६	वर्णशङ्कर-कालः	३२०	६९	वाग्दत्ता विषये	३२०
७१	कन्यायाः पुनर्दाननिषेधः	३२१	७२	सप्तपदीपूर्व-स्त्री त्यागे	३२१
७३	दोषवती कन्यादाने	३२१	७४	स्त्रीवृत्तीं प्रकल्प्यप्रवसेत्	३२१
७५	प्रोषितभर्तृका नियमाः	३२१	७७	सम्वतसरं स्त्रियं प्रतीक्षेत्	३२२
७८	रोगार्त-स्वाम्यति क्रमे	३२२	७९	क्लीवादेर्न स्त्रीत्यागः	३२२
८०	अधिवेदने	३२२	८४	स्त्रियामद्यपाने	३२३
८६	सजात्यास्त्रियाधर्मकार्य-नान्यया	३२३	८८	गुणिने कन्यादानं न निर्गुणाय	३२३
९०	स्वयंवर कालः	३२४	९२	स्वयंवरे पितृदत्तालंकारत्यागः	३२४
९३	ऋतुमतीविवाहे न शुल्कदानम्	३२४	९४	कन्यावरयोर्वयोनियमः	३२४
९५	विवाहस्यावश्यकत्वम्	३२४	९७	दत्तशुल्काया वरमरणे	३२५
९८	शुल्कग्रहण-निषेधः	३२५	९९	वाचाकन्यां दत्त्वाऽन्यस्मै न दानम्	३२५
१०१	स्त्री-पुन्सयारव्यभिचारः	३२५	१०२	दायभागः	३२५
१०४	विभाग-कालः	३२६	१०५	सहावस्थाने ज्येष्ठस्य प्राधान्यम्	३२६

१०६	ज्येष्ठ-प्रशंसा	३२६	११०	अज्येष्ठवृत्तौ ज्येष्ठे	३२७
१११	विभागे हेतुमाह	३२७	११२	ज्येष्ठादेर्विंशोद्धारे	३२७
११४	एकमपि श्रेष्ठं ज्येष्ठस्य	३२७	११५	समानां ज्येष्ठस्य नोद्धारः	३२८
११७	समभाग-विषम-भागौ	३२८	११८	स्वस्वांशेभ्यो भगिन्यै देयम्	३२८
११९	विषममजाविकं ज्येष्ठस्यैव	३२८	१२०	क्षेत्रजेन विभागे	३२८
१२२	अनेकमातृकेषु ज्यैष्ठ्ये	३२९	१२५	जन्मतो ज्यैष्ठ्यम्	३२९
१२७	पुत्रिका-करणे	३२९	१३०	पुत्रिकायां धनग्राहित्वम्	३३०
१३१	मातुः स्त्रीधनं दुहितुः	३३०	१३२	पुत्रिका-पुत्रस्यधनग्राहित्वम्	३३०
१३४	पुत्रिकौरसयोर्विभागे	३३१	१३५	अपुत्रपुत्रिका-धने	३३१
१३६	पुत्रिकायाद्वैविध्यम्	३३१	१३७	पौत्रप्रपौत्रयोर्धनभागादि	३३१
१३८	पुत्रशब्दार्थः	३३१	१४०	पुत्रिकापुत्रकतृकश्राद्धे	३३१
१४१	दत्तकस्य धनग्राहकत्वे	३३२	१४३	कामजादेर्नधनग्राहकत्वम्	३३२
१४५	क्षेत्रजस्य धनग्राहकत्वे	३३२	१४९	अनेकमातृकविभागः	३३३
१५५	अनूढशूद्रापुत्रस्य भागनिषेधः	३३४	१५६	सजातीयानेकमातृकविभागे	३३४
१५७	शूद्रस्य सम एव भागः	३३४	१५८	दायादा-दायादबान्धवत्वम्	३३४
१६१	कुपुत्रनिन्दा	३३५	१६२	औरसक्षेत्रविभागे	३३५
१६३	क्षेत्रजानन्तरमौरसोत्पत्तौ	३३५	१६५	दत्तकादयो गोत्ररिक्थभागिनः	३३५
१६६	औरसादिद्वादशपुत्र-लक्षणम्	३३५	१६९	दासीपुत्रस्य समभागित्वम्	३३६
१८०	क्षेत्रजादयः पुत्रप्रतिनिधयः	३३७	१८१	सत्यौरसेदत्तकादयो न कर्तव्याः	३३८
१८२	पुत्रित्वातिदेशः	३३८	१८४	द्वादशपुत्राणां पूर्वपूर्वः श्रेष्ठः	३३८
१८५	क्षेत्रजादयोरिक्थहराः	३३८	१८६	क्षेत्रजादीनां पितामहधने	३३८
१८७	सपिण्डादयो धनहराः	३३९	१८८	ब्राह्मणोऽधिकारः	३३९
१८९	राजाधिकारः	३३९	१९०	मृतपतिकानियुक्तापुत्राधिकारः	३३९
१९१	औरसपौनर्भवविभागे	३३९	१९२	मातृधनविभागे	३३९
१९४	स्त्रीधनान्याह	३४०	१९५	सप्रजस्त्रीधनाधिकारिणः	३४०
१९६	अप्रजस्त्रीधनाधिकारिणः	३४०	१९९	साधारणात्स्त्रीधनं न कुर्यात्	३४०
२००	स्त्रीणामलंकरणमविभाज्यम्	३४१	२०१	अनंशाः	३४१
२०२	क्लीवादि-क्षेत्रजा	३४१	२०३	अंशभागिनः	३४१
२०४	अविभक्तार्जितधने	३४१	२०६	विद्यादिधने	३४२
२०७	शक्तस्यांशोपेक्षणे	३४२	२०८	अविभाज्यधने	३४२
२०९	नष्टोद्धारे	३४२	२१०	संसृष्टधनविभागे	३४२

२११	विदेशादौ गतस्य न भागलोपः	३४२	२१३	ज्येष्ठोगुणशून्यः समभागः	३४३
२१४	विकमंस्था धनं नार्हन्ति	३४३	२१५	ज्येष्ठस्यासाधारणकरणम्	३४३
२१६	जीवीतिपितृकविभागे	३४३	२१६	विभागानन्तरोत्पन्नस्थले	३४३
२१७	अनपत्यधने मातुरधिकारः	३४३	२१८	ऋण-धनयोः सम-विभागः	३४३
२१९	अविभाज्यमाह	३४४	२२०	द्यूतसमाह्वयः	३४४
२२१	द्यूतसमाह्वयनिषेधः	३४४	२२३	द्यूतसमाह्वयार्थः	३४४
२२४	द्यूतादि-कारिणां दण्डः	३४४	२२५	पाषण्डादीन्देशान्निर्वासयेत्	३४४
२२९	दण्डादानाशक्तौ	३४५	२३०	स्त्रीबालादिदण्डे	३४५
२३१	नियुक्तस्य कार्य-हनने	३४५	२३२	कूटशासन-बालवधादिकरणे	३४६
२३३	धर्मकृतं व्यवहारं न निवर्तयेत्	३४६	२३४	अधर्मकृतं निर्वत्यम्	३४६
२३५	प्रायश्चित्तप्रकरणे महा-पाषण्डे दण्डः	३४६	२४०	प्रायश्चित्त-करणे	३४७
२४१	महापातके ब्राह्मणस्य दण्डः	३४७	२४२	क्षत्रियादेर्दण्डः	३४७
२४३	महापातकिधन-ग्रहणे	३४७	२४८	ब्राह्मणपीडने दण्डः	३४८
२४९	वध्यमोक्षणे दोषः	३४८	२५२	राजा-कृष्टकोद्धरणे यत्नं कुर्यात्	३४८
२५३	आर्य-रक्षाफलम्	३४९	२५४	तस्कारद्यशासने दोषः	३४९
२५५	निर्भयराज-वर्धनम्	३४९	२५६	प्रकाशाप्रकाश-तस्कर-ज्ञानम्	३४९
२५७	प्रकाशाप्रकाश-तस्कराः	३४९	२६२	तेषां शासनम्	३५०
२६३	चौराणां निग्राहको दण्ड एव	३५०	२६४	तस्करान्वेषणम्	३५०
२७०	लोप्त्रादर्शने	३५१	२७१	चौराश्रयदायक-दण्डः	३५१
२७३	स्वधर्मच्युतदण्डने	३५२	२७४	चौराद्युपद्रवे अधावतो दण्डः	३५२
२७५	राज्ञःकोश-हारकादयो दण्ड्याः	३५२	२७६	सन्धिच्छेदे	३५२
२७७	ग्रन्थिभेदने	३५२	२७८	चौर-लोप्त्रधारणादौ	३५२
२७९	तडागागार-भेदने	३५३	२८२	राजमार्गे मलादित्यागे	३५३
२८४	मिथ्याचिकित्सने दण्डः	३५३	२८५	प्रतिमादि भेदने	३५४
२८६	मणीनामपवेधादौ	३५४	२८७	विषम-व्यवहारे	३५४
२८८	बन्धनस्थानम्	३५४	२८९	प्राकार-भेदोदौ	३५४
२९०	अभिचार-कर्मणि	३५४	२९१	अजीव-विक्रयादौ	३५५
२९२	स्वर्णकार-दण्डने	३५५	२९३	हलोपकरणहरणे	३५५
२९४	सप्तप्रकृतयः	३५५	२९८	स्वपर-शक्ति-वीक्षणम्	३५६

२९९	कर्मारम्भे	३५६	३०१	राज्ञोयुगत्वकथनम्	३५६
३०३	इन्द्रादीनां तेजोनृपोविभर्त्ति	३५६	३१२	एतैरुपायैःस्तेनोनिग्रहणम्	३५८
३१३	ब्राह्मणं न कोपयेत्	३५८	३१४	ब्राह्मणं-प्रशंसा	३५८
३१८	श्मशानाग्निर्नदुष्ट एवं ब्राह्मणाः	३५९	३२२	ब्राह्मक्षत्रयोः परस्पर साहित्यम्	३५९
३२३	पुत्रे राज्यं दत्वा रणे प्राणत्यागः	३५९	३२६	वैश्य-धर्माः	३६०
३३४	शूद्रधर्माः	३६१			
	दशमोऽध्यायः				
१	अध्यापनं ब्राह्मणस्यैव	३६२	३	वर्णानां ब्राह्मणः प्रभुः	३६२
४	द्विजवर्ण-कथनम्	३६२	५	सजातीयाः	३६२
६	पितृजाति-सदृशाः	३६२	८	वर्णशङ्कराः	३६३
२०	व्रात्याः	३६५	२१	व्रात्योत्पन्नादिसङ्कीर्णा	३६५
४१	उपनेयाः	३६८	४२	तेसुं कर्मणा उत्कर्षं गच्छन्ति	३६८
४३	क्रियालोपात् वृषलत्वं गच्छन्ति	३६८	४५	दश्यवः	३६८
४७	वर्णसंकराणां कर्माणि	३६९	५१	चाण्डाल-कर्माणि	३६९
५७	कर्मणा पुरुषज्ञानम्	३७०	५९	वर्णशङ्कर-निन्दा	३७०
६२	एषां विप्राद्यर्थेप्राण-त्यागः श्रेष्ठः	३७१	६३	साधारण धर्माः	३७१
६४	सप्तमेजन्मनि ब्राह्मण्यं शूद्रत्वं च	३७१	६६	वर्णशङ्करे श्रेष्ठ्यम्	३७२
७०	बीजक्षेत्रयोर्बलाबले	३७२	७५	षट्कर्माण्याह	३७३
७६	ब्राह्मणाजीविका	३७३	७७	क्षत्रिय-वैश्य-कर्माणि	३७३
८०	द्विजानां श्रेष्ठ-कर्माणि	३७४	८१	ब्राह्मणास्थापादि कर्तव्यम्	३७४
८६	विक्रये वर्ज्यानि	३७५	९२	क्षीरादि विक्रय-फलम्	३७५
९५	ज्यायसी वृत्ति निषेधः	३७६	९७	परधर्म-जीवननिन्दा	३७६
९८	वैश्यशूद्रायोरापद्धर्मः	३७६	१०२	आपदि विप्रस्य हीनया	३७७
१०९	प्रतिग्रह-निन्दा	३७८	११०	याजनाध्यापने द्विजानाम्	३७८
१११	प्रतिग्रहादि पापनाशे	३७८	११२	शिलोञ्छजीवने	३७८
११३	धन-याचने	३७९	११५	सप्तवित्तागमाः	३७९
११६	दश-ज़ीवन-हेतवः	३७९	११७	वृद्धि-जीवन-निषेधः	३७९
११८	राज्ञामापदि कर्तव्यम्	३७९	१२१	शूद्रस्य आपद्धर्मः	३८०
१२२	शूद्रस्य ब्राह्मणाराधनम्	३८०	१२४	शूद्रवृत्ति-कल्पनम्	३८०

१२६	शूद्रस्य न संस्कारादि	३८१	१२७	शूद्रस्यामन्त्रकं धर्मकार्यम्	३८१
१२८	शूद्रस्य धर्मसञ्चय-निषेधः	३८१			
	एकादशोऽध्यायः				
१	स्नातकस्य प्रकाराः	३८२	२	नवस्नातकेभ्योऽन्नदाने	३८२
४	वेदविद्भ्यो दानम्	३८२	५	भिक्षया द्वितीयविवाह निषेधः	३८२
६	कुटुम्बी ब्राह्मणस्य दानम्	३८२	७	सोमयागाधिकारिणम्	३८२
९	कुटुम्बाभरणे दोषः	३८३	११	यज्ञशेषार्थं वैश्यादेर्धनग्रहणम्	३८३
१६	षड्उपवासे आहार-ग्रहणे	३८४	१८	ब्रह्मस्वादि हरण-निषेधः	३८४
१९	असाधुधनं हृत्वा साधुभ्यो दाने	३८४	२०	यज्ञशीलादि धन-प्रशंसा	३८५
२१	यज्ञाद्यर्थविप्रस्य स्तेनादौ न दण्ड	३८५	२२	क्षुधावसन्नस्य वृत्तिकल्पने	३८५
२४	यज्ञार्थ-शूद्रभिक्षानिषेधः	३८५	२५	यज्ञार्थधनं भिक्षित्वा न रक्षणीयं	३८५
२६	देवब्रह्मस्व हरणे	३८५	२७	सोमयागाशक्त वैश्वानरयागः	३८६
२८	समर्थस्यानुकल्प-निषेधः	३८६	३१	द्विजस्य स्वशक्त्यावैरिजयः	३८६
३२	अथर्वाङ्गिरसीभिः	३८६	३३	श्रुतिभिररीन्हयात्	३८७
३४	क्षत्रियादेर्बाहुवीर्येणारिजयः	३८७	३५	ब्राह्मणस्यानिष्टं न ब्रूयात्	३८७
३६	अल्पविद्यास्त्र्यादेर्होतृत्व निषेधः	३८७	३८	अश्वदक्षिणादाने	३८७
३९	अल्पदक्षिणा-यज्ञ-निन्दा	३८८	४१	अग्निहोत्रिणस्तदकरणे	३८८
४२	शूद्राप्त धमेनाग्निहोत्रनिन्दा	३८८	४४	विहिता करणादौ प्रायश्चित्ती	३८८
४५	कामाकामकृत पापे	३८९	४७	प्रायश्चित्त-संसर्गनिषेधः	३८९
४८	पूर्वपापेन कुष्ट्यन्धादयः	३८९	५३	प्रातश्चित्तमवश्यं कर्तव्यम्	३९०
५४	पञ्चमहापातकानि	३९०	५५	ब्रह्महत्यादि समानि कर्माणि	३९०
५९	उपपातकानि	३९१	६७	जातिभ्रंशकरणानि	३९२
६८	संकरीकरणानि	३९२	६९	अपात्री करणानि	३९२
७०	मलिनी करणानि	३९२	७२	ब्रह्मवधू प्रायश्चित्तम्	३९३
८७	गर्गात्रेयी क्षत्र-वैश्यवधे	३९५	८८	स्त्रीसुहृद्धनिक्षेपहरणादौ	३९५
९०	सुरापान-प्रायश्चित्तम्	३९५	९४	सुराप्रकाराः	३९६
९९	सुवर्णस्तेयप्रायश्चित्तम्	३९७	१०८	गोवधाद्युपपातक-प्रायश्चित्तम्	३९८
११८	अवकीर्णिप्रायश्चित्तम्	४००	१२४	जातिभ्रंशकरप्रायश्चित्तम्	४०१
१२५	संकरीकरणादि प्रायश्चित्तम्	४०१	१२६	क्षत्रियादिवधप्रायश्चित्तम्	४०१
१३१	मार्जारादिवधप्रायश्चित्तम्	४०२	१३६	हयादिवधप्रायश्चित्तम्	४०२

१३८	व्याभिचरित-स्त्रीवधे	४०३	१३९	सर्पादिवधे दानाशक्तौ	४०३
१४०	क्षुद्रजन्तु-समूह-वधादौ	४०३	१४२	वृक्षादिच्छेदनादौ	४०३
१४३	अन्नजादिसत्त्ववधे	४०३	१४४	वृक्षोषध्यादिच्छेदने	४०३
१४६	अमुख्यसरापानप्रायश्चित्तम्	४०४	१४७	सुराभाण्डस्थ जलपाने	४०४
१४८	शूद्रोच्छिष्ट-जलपाने	४०४	१४९	सुरागन्ध-घ्राणे	४०४
१५०	विण्मूत्रसुरासंसृष्टभोजने	४०४	१५१	पुनःसंस्कारेदण्डादिनि	४०४
१५२	अभोज्यान्नस्त्रीशूद्रोच्छिष्टा भक्ष्यमांसभक्षणे	४०५	१५३	शुक्तादि भक्षणे	४०५
१५४	सूकरादिविण्मूत्र-भक्षणे	४०५	१५५	शुष्कसूनास्थाज्ञातमांसभक्षणे	४०५
१५७	मासिकान्नभक्षणे प्रायश्चित्तम्	४०५	१५८	ब्रह्मचारी मधुमांसादिभक्षणे प्रायश्चित्तम्	४०५
१५९	बिडालाद्युच्छिष्टादि भक्षणे प्रायश्चित्तम्	४०६	१६०	अभोज्यान्नमुत्तार्यम्	४०६
१६२	सजातीय-धान्यादिस्तेये	४०६	१६३	मनुष्यादिहरणप्रायश्चित्तम्	४०६
१६४	त्रपुसीसकादिहरणे	४०६	१६५	भक्ष्ययानशय्यादिहरणे	४०६
१६६	शुष्कान्नगुडादिहरणे	४०७	१६७	मणिमुक्तादि रजतादि हरणे	४०७
१६८	कार्पासांशुक्रादिहरणे	४०७	१७०	अगम्यागमनप्रायश्चित्तम्	४०७
१७३	वडवारजस्वलादि गमने	४०८	१७४	दिवामैथुनादौ	४०८
१७५	चाण्डाल्यादिगमने प्रायश्चित्तम्	४०८	१७६	व्यभिचारे स्त्रीप्रायश्चित्तम्	४०८
१७८	चाण्डाली-गमने	४०८	१७९	पतितसंसर्गप्रायश्चित्तम्	४०८
१८२	पतितस्य जीवित एव प्रेतक्रिया	४०९	१८५	पतितस्य शादननिवृत्तिः	४१०
१८६	कृतप्रायश्चित्तसंसर्गः	४१०	१८८	पतितस्त्रीणामन्नादिदेयम्	४१०
१८९	पतितसंसर्गनिषेधादि	४१०	१९०	बालघ्नादित्यागः	४१०
१९१	व्रात्यवेदत्यक्त-प्रायश्चित्तम्	४१०	१९२	गर्हितार्जितधनत्यागः	४११
१९४	असत्प्रतिग्रहप्रायश्चित्तम्	४११	१९५	कृतप्रायश्चित्तं साम्यं पृच्छेत्	४११
१९६	गोभ्यो घासदानं तस्य च संसर्गः	४११	१९७	व्रात्ययाजनपतित-क्रियाकृत्यादौ	४११
१९८	शरणागत-त्यागादौ	४११	१९९	श्वादिदंशनप्रायश्चित्तम्	४१२
२००	अपाङ्क्त्यप्रायश्चित्तम्	४१२	२०१	उष्ट्रादियानप्रायश्चित्तम्	४१२
२०२	जले जलं विना वा मूत्रादित्यागे	४१२	२०३	वेदोदित-कर्मादित्यांगे	४१२
२०४	ब्राह्मणस्य धिक्कारे	४१२	२०८	ब्राह्मणावगुरणे प्रायश्चित्तम्	४१३
२०९	अनुक्तप्रायश्चित्तस्थले	४१३	२२१	प्राजापत्यादि-व्रतनिर्णयः	४१५

२२२	व्रताङ्गानि	४१५	२२७	पापं न गोपनीयम्	४१६
२३०	पापानुतापे	४१६	२३२	पाप-वृत्तिनिन्दा	४१७
२३३	मनस्तुष्टिपर्यन्तं तपः कुर्यात्	४१७	२३४	तपप्रशंसा	४१७
२४५	वेदाभ्यासप्रशंसा	४१८	२४७	रहस्यप्रायश्चित्तम्	४१९
	द्वादशोऽध्यायः				
३	शुभाशुभकर्म-फलम्	४२२	४	तत्र मनसः प्रवर्त्तकत्वम्	४२२
५	त्रिविधिमानसकर्माणि	४२२	६	चतुर्विधवाचिककर्माणि	४२२
७	त्रिविध-शरीरकर्माणि	४२३	८	मनोवाक्कायकर्मभोगे	४२३
१०	त्रिदण्डिपरिचयः	४२३	१२	क्षेत्रज्ञपरिचयः	४२३
१३	जीवात्मपरिचयः	४२३	१५	जीवनामानन्त्यम्	४२४
१६	परलोके पाञ्चभौतिक-शरीरम्	४२४	१७	भोगानन्तरमात्मानिलीयते	४२४
२०	धर्माधर्मबाहुल्याद्भोगः	४२४	२४	त्रिविध-गुणकथनम्	४२५
२५	अधिकगुणप्रधानोदेहः	४२५	२६	सत्त्वादि-लक्षणम्	४२५
३१	सात्त्विकगुण-लक्षणम्	४२६	३२	राजसगुण-लक्षणम्	४२६
३३	तामसगुण-लक्षणम्	४२६	३५	संक्षेपतस्तामसादि-लक्षणम्	४२६
४०	गुणत्रयात्त्रिविधागतिः	४२७	४१	त्रिविधंगतिप्रकाराः	४२७
५२	पापेन कुत्सितागतिः	४२९	५३	पापविशेषेण योनिविशेषोत्पत्तिः	४२९
७२	पापप्राविण्तान्नरकादि	४३२	८३	मोक्षोपायभूतानि षट्कर्माणि	४३३
८४	आत्माज्ञानस्यप्राधान्यम्	४३३	८५	वेदोदित-कर्मणः	४३४
८६	श्रेष्ठत्वम्	४३४	८८	वैदिकं कर्मद्विविधम्	४३४
८९	प्रवृत्तनिवृत्तकर्मफलम्	४३४	९१	समदर्शनम्	४३४
९२	वेदाभ्यासादौ	४३५	९५	वेदबाह्यस्मृतिनिन्दा	४३५
९७	वेदप्रशंसा	४३५	१००	वेदज्ञस्य सेनापत्यादि	४३६
१०१	वेदप्रशंसा	४३६	१०३	वेदव्यवसायिनः श्रेष्ठत्वम्	४३६
१०४	तपोविद्याभ्यां मोक्षः	४३६	१०५	प्रत्यक्षानुमानशब्दाः प्रमाणानि	४३६
१०६	धर्मज्ञलक्षणम्	४३६	१०८	अकथितधर्मस्थले	४३७
१०९	अथशिष्टा	४३७	११०	अथपरिषत्	४३७
११४	मूर्खाणां न प्ररिषत्वम्	४३८	११८	आत्मज्ञानपृथक्कृत्याह	४३८
१२०	वाय्वाकाशादीनालयः	४३९	१२२	आत्मस्वरूपम्	४३९
१२५	आत्मदर्शनमवश्यमनुष्ठेयम्	३३९	१२६	एतत्संहितापाठफलम्	४४०

◊◊

मनुस्मृतिः

प्रथमोऽध्यायः

मनुमेकाग्रमासीनमभिगम्य महर्षयः ।
प्रतिपूज्य यथान्यायमिदं वचनमब्रुवन् ॥ १ ॥

एकाग्रचित्त भई सुखपूर्वक विराजमान हुनुभएका मनुजीका सन्मुख उपस्थित भएर नियमपूर्वक पूजा गरेपछि मुनिगणले भने–

भगवन्सर्ववर्णानां यथावदनुपूर्वशः ।
अन्तरप्रभावाणां च धर्मान्नो वक्तुमर्हसि ॥ २ ॥

हे भगवन् ! सबै वर्णहरू तथा संकीर्ण जातिहरूका निमित्त परापूर्वदेखि चलिआएको जुन जस्तो धर्म–व्यवस्था छ, त्यसलाई हजुरले नै हामीहरूलाई भन्न सक्नु हुन्छ।

त्वमेको ह्यस्य सर्वस्य विधानस्य स्वयम्भुवः ।
अचिन्त्यस्याप्रमेयस्य कार्यतत्त्वार्थवित्प्रभो ॥ ३ ॥

हे प्रभो ! यी स्वयं उत्पन्न हुने अचिन्त्य, अप्रमेय सम्पूर्ण ब्रह्मका कार्यका तत्त्वको अर्थलाई जान्ने हजुर नै हुनुहुन्छ।

स तैः पृष्टस्तथा सम्यगमितौजा महात्मभिः ।
प्रत्युवाचार्च्य तान्सर्वान्महर्षीञ्छ्रूयतामिति ॥ ४ ॥

महर्षिहरूद्वारा यस प्रकार उक्त कुरा सोधिएपछि परम् तेजस्वी मनुजीले महर्षिहरूको पूजा गरेर भन्नुभयो– मुनि हो ! सुन्नुहोस्।

आसीदिदं तमोभूतमप्रज्ञातमलक्षणम् ।
अप्रतर्क्यमविज्ञेयं प्रसुप्तमिव सर्वतः ॥ ५ ॥

पहिला यो संसार तम (अन्धकाररूप) प्रकृतिले घेरिएको थियो, यसबाट प्रत्यक्ष बुझ्न सकिंदैनथ्यो, अनुमान गर्न सकिने योग्य कुनै रूप थिएन, जसबाट तर्क गरेर लक्षण स्थिर गर्न सकियोस्, चारैतिर सुतिरहेझैं सबै कुरो अज्ञात स्थितिमा थियो।

ततः स्वयम्भूर्भगवानव्यक्तो व्यञ्जयन्निदम्।
महाभूतादि वृत्तौजाः प्रादुरासीत्तमोनुदः ॥ ६ ॥

यसपछि प्रलयावस्थालाई नाश गर्ने लक्षण र सृष्टि गर्न सक्ने सामर्थ्यबाट युक्त अव्यक्त स्वयंभू (ब्रह्मा) महाभूतादि पञ्चतत्त्वलाई प्रकाश गर्दै स्वयं उत्पन्न हुनुभयो।

योऽसावतीन्द्रियग्राह्यः सूक्ष्मोऽव्यक्तः सनातनः।
सर्वभूतमयोऽचिन्त्यः स एवं स्वयमुद्बभौ ॥ ७ ॥

बाह्य इन्द्रियहरूको ज्ञानदेखि पर, सूक्ष्म, अव्यक्त, सनातन, सबै प्राणीहंरूमा व्यापक र अचिन्त्यरूप भगवान् स्वयं उत्पन्न हुनुभयो।

सोऽभिध्याय शरीरात्स्वात्सिसृक्षुर्विविधाः प्रजाः।
अप एव ससर्जाऽऽदौ तासु बीजमवासृजत् ॥ ८ ॥

अनेक प्राणीहरू सृष्टि गर्ने इच्छाले ध्यान गरी आफ्नो शरीरबाट जल उत्पन्न गरेर त्यसमा बीज उत्पन्न गर्नुभयो।

तदण्डमभवद्धैमं सहस्त्रांशुसमप्रभम्।
तस्मिञ्जज्ञे स्वयं ब्रह्मा सर्वलोकपितामहः ॥ ९ ॥

त्यो बीज सूर्यको समान तेजस्वी सूनको अण्डा भयो। त्यसबाट सबै लोकहरू रचना गर्ने स्वयं ब्रह्माजी उत्पन्न भए।

आपो नारा इति प्रोक्ता आपो वै नरसूनवः।
ता यदस्यायनं पूर्वं तेन नारायणः स्मृतः ॥ १० ॥

नर (भगवान्) बाट जलको उत्पत्ति भएको हो, यसकारण जललाई 'नारा' भनिन्छ। त्यो 'नारा' जसको सर्वप्रथम रहने स्थान (अयन) भयो। यसकारण उनको नाम 'नारायण' भयो।

यत्तत्कारणमव्यक्तं नित्यं सदसदात्मकम्।
तद्विसृष्टः स पुरुषो लोके ब्रह्मेति कथ्यते ॥ ११ ॥

सम्पूर्ण सृष्टिका कारण, अव्यक्त, नित्य, सत्-असत् स्वरूप जुन पुरुष त्यसबाट उत्पन्न भयो, त्यसलाई संसारमा 'ब्रह्मा' भनिन्छ।

तस्मिन्नण्डे स भगवानुषित्वा परिवत्सरम्।
स्वयमेवाऽऽत्मनो ध्यानात्तदण्डमकरोद् द्विधा ॥ १२ ॥

आफ्ना दिनमानका वर्षौंभरि त्यो अण्डाभित्र ब्रह्मा रहनु भै स्वयं आफ्नै ध्यानले त्यो अण्डालाई दुई खण्ड पार्नुभयो।

ताभ्यां स शकलाभ्यां च दिवं भूमिं च निर्ममे।
मध्ये व्योम दिशश्चाष्टावपां स्थानञ्च शाश्वतम् ॥ १३ ॥

ब्रह्माजीले ती दुवै खण्डबाट क्रमैसित आकास, पृथ्वी र मध्यमा स्वर्ग, आठ दिशा र आठ समुद्रजलको स्थान निर्माण गर्नुभयो।

उद्बबर्हाऽऽत्मनश्चैव मनः सदसदात्मकम्।
मनसश्चाप्यहङ्कारमभिमन्तारमीश्वरम् ॥ १४ ॥

त्यसपछि सत्-असत् स्वरूप आत्माबाट मन र ईश्वरसित पनि अभिमान गर्ने अहंकार तत्त्वलाई उत्पन्न गर्नुभयो।

महान्तमेव चात्मानं सर्वाणि त्रिगुणानि च।
विषयाणां ग्रहीतॄणि शनैः पञ्चेन्द्रियाणि च ॥ १५ ॥

त्यसपछि आत्म स्वरूपलाई जान्न सक्ने बुद्धि, तीनै गुण (सत्त्व, रज, तम) र विषयग्राही पञ्चेन्द्रीयहरूलाई बनाउनुभयो।

तेषां त्ववयवान्सूक्ष्मान् षण्णामप्यमितौजसाम्।
सन्निवेश्याऽऽत्ममात्रासु सर्वभूतानि निर्ममे ॥ १६ ॥

त्यसपछि अत्यन्त तेजस्वी यी ६ वटा तत्त्वहरूको सूक्ष्म अवयवहरूलाई तिनकै सूक्ष्म विकारहरूमा न्यास गरेर सबै प्राणीहरूको रचना गर्नुभयो।

यन्मूर्त्यवयवाः सूक्ष्मास्तस्येमान्याश्रयन्ति षट्।
तस्माच्छरीरमित्याहुस्तस्य मूर्तिं मनीषिणः ॥ १७ ॥

यी ६ वटै सूक्ष्म अवयव यो ब्रह्ममूर्तिको आश्रयमा रहेका छन्। यसकारण मनीषीहरू यस ब्रह्ममूर्तिलाई शरीर भन्दछन्।

तदाविशन्ति भूतानि महान्ति सह कर्मभिः।
मनश्चावयवैः सूक्ष्मैः सर्वभूतकृदव्ययम् ॥ १८ ॥

ब्रह्ममा आकाशादि महाभूत आ-आफ्ना कर्मका साथ उत्पन्न हुन्छन्। त्यो अहंकार रूप ब्रह्ममा सबै प्राणीहरूका निमित्त र अनैश्वर मन आफ्ना सूक्ष्म रूपहरूका साथ उत्पन्न हुन्छन्।

तेषामिदं तु सप्तानां पुरुषाणां महौजसाम्।
सूक्ष्माभ्यो मूर्तिमात्राभ्यः सम्भवत्यव्यायदव्ययम् ॥ १९ ॥

यी परम तेजस्वी (महत्तत्त्व, अहंकार र पञ्चतन्मात्रा) सात तत्त्वहरूका शरीर बनिने भागहरूबाट यो नश्वर संसार अव्ययबाट उत्पन्न हुन्छ ।

आद्याद्यस्य गुणं त्वेषामवाप्नोति परः परः ।
यो यो यावतिथश्चैषां स स तावद् गुणः स्मृतः ॥ २० ॥

यी पञ्चमहांभूत (आकास, वायु, तेज, जल र पृथ्वी) का पाँचैवटा गुण क्रमशः उत्तरोत्तर एकाधिक हुन्छन् अर्थात् आकासमा एक शब्द गुण, वायुमा शब्द र स्पर्श, यसैगरी रूप, रस, गन्ध उत्तरोत्तर बढ्दै जान्छन् । यस प्रकार पञ्चभूतहरूको संख्याअनुसार नै तिनमा गुणको संख्या पनि उत्तिनै धेरै हुन्छ।

सर्वेषां तु स नामानि कर्माणि च पृथक्–पृथक् ।
वेदशब्देभ्य एवाऽऽदौ पृथक्संस्थाश्च निर्ममे ॥ २१ ॥

सृष्टिको प्रारम्भमा नै ईश्वरले ती सबैको नाम र कर्म वेदशब्दका अनुसार नै मिलाएर तिनका अलग–अलग संख्याहरू बनाउनुभयो ।

कर्मात्मनां च देवानां सोऽसृजत्प्राणिनां प्रभुः ।
साध्यानां च गणं सूक्ष्मं यज्ञं चैव सनातनम् ॥ २२ ॥

ती ब्रह्माले देवताहरू र सबै प्राणीहरूको यथा सूक्ष्म साध्य गणहरूको सृष्टि गर्नुभयो र (ज्योतिष्टोमादि) सनातन यज्ञहरू पनि सृजना गर्नुभयो ।

अग्निवायुरविभ्यस्तु त्रयं ब्रह्म सनातनम् ।
दुदोह यज्ञसिध्यर्थमृग्यजुः सामलक्षणम् ॥ २३ ॥

ब्रह्माले यज्ञादि गर्नको लागि अग्नि, वायु र सूर्यबाट सनातन ऋग्वेद, यजुर्वेद, सामवेदलाई दोहन गरी प्रकट गर्नुभयो ।

कालं कालविभक्तींश्च नक्षत्राणि ग्रहांस्तथा ।
सरितः सागराच्छैलान्समानि विषमाणि च ॥ २४ ॥

यसपछि समयको विभाजन (दिन, महिना, वर्ष आदि), नक्षत्र, ग्रह, नदी, समुद्र, पर्वत, समतल भूमि र विषम भूमिको रचना गर्नुभयो ।

तपो वाचं रतिं चैव कामं च क्रोधमेव च ।
सृष्टिं ससर्ज चैवेमां स्रष्टुमिच्छन्निमाः प्रजाः ॥ २५ ॥

देवादि आदिको सृष्टि गर्ने इच्छाले तप (पूजा आदि), वाणी, चित्त तृप्तिको इच्छा, चित्तको विकार (क्रोध) लाई उत्पन्न गरेर सृष्टिको रचना गर्नुभयो ।

कर्मणां च विवेकार्थं धर्माधर्मौ व्यवेचयत् ।
द्वन्द्वैरयोजयच्चेमाः सुखदुःखादिभिः प्रजाः ॥ २६ ॥

धर्म (यज्ञादि), अधर्म (ब्रह्महत्यादि) यिनका कर्तव्य-अकर्तव्यका विचारका लागि धर्म र अधर्मलाई र दुवैका फलक्रमबाट सुख-दुःखलाई पूजासित नै जोडिदिनुभयो ।

अण्व्यो मात्रा विनाशिन्यो दशार्धानां तु याः स्मृताः ।
ताभिः सार्धमिदं सर्वं सम्भवत्यनुपूर्वशः ॥ २७ ॥

पञ्च महाभूतका नष्ट हुने पञ्च तन्मात्राहरू (रूप, रस, गंध, घ्राण, स्पर्श) का साथ नै यो सारा संसार (सानोबाट ठूलो, ठूलोबाट झन् ठूलो) उत्पन्न हुन्छ ।

यं तु कर्मणि यस्मिन् स न्ययुङ्क्त प्रथमं प्रभुः ।
स तदेव स्वयं भेजे सृज्यमानः पुनः पुनः ॥ २८ ॥

पहिला ब्रह्माजीले जुन जीवलाई जुन कार्यमा नियुक्त गर्नुभएको थियो, त्यो बारम्बार उत्पन्न भएर पनि आफ्नो पहिलाकै कर्म गर्न लाग्यो ।

हिंस्राहिंस्रे मृदुक्रूरे धर्माधर्मावृतानृते ।
यद्यस्य सोऽदधात्सर्गे तत्तस्य स्वयमाविशत् ॥ २९ ॥

(अर्थात्) हिंसा र अहिंसा, मृदु र क्रूर, धर्म र अधर्म, सत्य र असत्य आदिमा जसलाई जुन कार्यमा नियुक्त गरिएको थियो त्यो त्यसैमा प्रवेश गर्न लाग्यो ।

यथर्तुं लिङ्गान्यृतवः स्वयमेवर्तुपर्यये ।
स्वानि स्वान्यभिपद्यन्ते तथा कर्माणि देहिनः ॥ ३० ॥

जसरी ऋतुको अवसानमा अर्को ऋतु आफ्नो विशेष चिह्नलाई धारण गर्दछ, त्यसै गरी जीवहरू पनि स्वयं आ-आफ्ना कर्महरूलाई जन्मदेखि नै प्राप्त गर्दछन् ।

लोकानां तु विवृद्ध्यर्थं मुखबाहूरुपादतः ।
ब्राह्मणं क्षत्रियं वैश्यं शूद्रं च निरवर्त्तयत् ॥ ३१ ॥

संसारको वृद्धिका लागि ब्रह्माजीले आफ्ना मुख, बाहु, तिघ्रा र चरणबाट क्रमशः ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रलाई उत्पन्न गर्नुभयो ।

द्विधा कृत्वाऽऽत्मनो देहमर्धेन पुरुषोऽभवत् ।
अर्धेन नारी तस्यां स विराजमसृजत्प्रभुः ॥ ३२ ॥

त्यसपछि ब्रह्माले आफ्नो शरीरलाई दुई भाग गरेर एक भाग पुरुष र अर्को भाग स्त्री बनाएर विराट पुरुष (मैथुन कर्मबाट) को सृष्टि गर्नुभयो।

तपस्तप्त्वाऽसृजद्यं तु स स्वयं पुरुषो विराट्।
तं मां वित्तास्य सर्वस्य स्रष्टारं द्विजसत्तमाः ॥ ३३ ॥

हे द्विजश्रेष्ठ ! ती विराट पुरुषले स्वयं तपस्या गरेर जसलाई (यो सम्पूर्ण संसार बनाउने) उत्पन्न गर्नुभयो, त्यो मै हूँ।

अहं प्रजाः सिसृक्षुस्तु तपस्तप्त्वा सुदुश्चरम्।
पतीन् प्रजानामसृजं महर्षीनादितो दश ॥ ३४ ॥

मैले सृष्टि गर्ने इच्छाले अत्यन्त कठिन तपस्या गरेर प्रजाहरूका पति दश-महर्षिलाई उत्पन्न गरें।

मरीचिमत्र्यङ्गिरसौ पुलस्त्यं पुलहं क्रतुम्।
प्रचेतसं वसिष्ठं च भृगुं नारदमेव च ॥ ३५ ॥

मरीचि, अत्रि, अङ्गिरा, पुलस्त्य, पुलह, क्रतु, प्रचेता, वशिष्ठ, भृगु र नारद- यी दश महर्षिहरूका नाम हुन्।

एते मनूंस्तु सप्तान्यानसृजन्भूरितेजसः।
देवान्देवनिकायांश्च महर्षींश्चामितौजसः ॥ ३६ ॥

माथिका यी अत्यन्त तेजस्वी ऋषिहरूले अन्य सात मनुहरूलाई, देवताहरूलाई र तिनलाई बस्ने ठाउँ पनि महातेजस्वी ऋषिहरूले बनाए।

यक्षरक्षः - पिशाचांश्च गन्धर्वाप्सरसोऽसुरान्।
नागान्सर्पान्सुपर्णांश्च पितॄणां च पृथग्गणान् ॥ ३७ ॥

यक्ष, राक्षस, पिशाच, गंधर्व, अप्सरा, असुर, नाग, सर्प, सुपर्ण र पितृहरूका भिन्न भिन्न गणहरूलाई बनाए।

विद्युतोऽशनिमेघांश्च रोषितेन्द्रधनूंषि च।
उल्कानिर्घातकेतूंश्च ज्योतींष्युच्चावचानि च ॥ ३८ ॥

बिजुली, वज्र, मेघ, आँधी, इन्द्रधनुष, उल्का निर्घात (बादलहरूको गड्याङगुडुङ), केतु (तारा) र साना-ठूला नक्षत्रहरूलाई उत्पन्न गरे।

किन्नरान्वानरान्मत्स्यान्विविधांश्च विहङ्गमान्।
पशून्मृगान्मनुष्यांश्च व्यालांश्चोभयतोदतः ॥ ३९ ॥

किन्नरहरू, बानरहरू र अनेक प्रकारका माछाहरू तथा पक्षीहरू, पशुहरू, मृगहरू, मनुष्यहरू र व्यालहरू (तल-माथि दाँत हुने), सिंह, भालु आदि पनि उत्पन्न गरे।

कृमिकीट – पतङ्गाश्च यूकामक्षिक – मत्कुणम्।
सर्वं च दंशमशकं स्थावरं च पृथग्विधम्॥ ४०॥

कृमि (कीरा), कीट (माकुरा), पतंग (पुतली), जूका, झिंगा, मच्छड र अनेक प्रकारका स्थावर जीवहरूलाई उत्पन्न गरे।

एवमेतैरिदं सर्वं मन्नियोगान्महात्मभिः।
यथाकर्म तपोयोगात्सृष्टं स्थावरजङ्गमम्॥ ४१॥

मेरो आज्ञाद्वारा ती महर्षिहरूले आफ्नो तपोबलद्वारा कर्मानुसार स्थावर र जङ्गम प्राणीहरूको सृष्टि गरे।

येषां तु यादृशं कर्म भूतानामिह कीर्तितम्।
तत्तथा वोऽभिधास्यामि क्रमयोगं च जन्मनि॥ ४२॥

सृष्टिमा जुन प्राणीको जस्तो कर्म भनिएको छ र जन्मको क्रमयोग तपाईंहरूलाई भन्ने छु।

पशवश्च मृगाश्चैव व्यालाश्चोभयतोदतः।
रक्षांसि च पिशाचाश्च मनुष्याश्च जरायुजाः॥ ४३॥

माथि र तल दाँत भएका पशु, मृग र हिंस्रक जीव, राक्षस, पिशाच र मनुष्य यी जरायुज (गर्भबाट उत्पन्न) हुन्।

अण्डजाः पक्षिणः सर्पा नक्रा मत्स्याश्च कच्छपाः।
यानि चैवं प्रकाराणि स्थलजान्यौदकानि च॥ ४४॥

पक्षी, सर्प, गोही, माछा, कछुवा आदि जति जति स्थल र जलका जीवहरू छन् ती सबै अंडज (अण्डाबाट उत्पन्न) हुन्।

स्वेदजं दंशमशकं यूकामक्षिकमत्कुणम्।
ऊष्मणश्चोपजायन्ते यच्चान्यत्किञ्चिदीदृशम्॥ ४५॥

डाँस, मच्छड, जुका, झींगा, उडुस र अन्य जो यस प्रकारका जीव, जसको उत्पत्ति गर्मीबाट हुन्छ, ती सबैलाई स्वेदज भनिन्छ।

उद्भिज्जाः स्थावराः सर्वे बीजकाण्डप्ररोहिणः।
ओषध्यः फलपाकान्ताः बहुपुष्पफलोपगाः॥ ४६॥

जुन जीव शाखा र जराबाट उत्पन्न हुने पृथ्वीमाथिका बीज छन्, ती सबै उद्भिद कहिन्छन्। जुन फल पाकेर सुक्दछन् र जुन धेरै फुल्ने र फल्ने वृक्ष छन्, ती औषधि कहिन्छन्।

अपुष्पा फलवन्तो ये ते वनस्पतयः स्मृताः।
पुष्पिणः फलिनश्चैव वृक्षास्तूभयतः स्मृताः॥ ४७॥

जो फूल नफुली फल्दछन् ती वनस्पति कहिन्छन् र जो फुलेर फल्दछन् ती वृक्ष कहलिन्छन्।

गुच्छगुल्मं तु विविधं तथैव तृणजातयः।
बीजकाण्डरुहाण्येव प्रताना वल्ल्य एव च॥ ४८॥

अनेक प्रकारका गुच्छा, गुल्म र तृण, फिजिएका लताहरू बीज र शाखाबाट उत्पन्न हुन्छन्।

तमसा बहुरूपेण वेष्टिताः कर्महेतुना।
अन्तःसंज्ञा भवन्त्येते सुखदुःख – समन्विताः॥ ४९॥

अनेक प्रकारका पूर्वजन्मका कर्महरूका कारण यी तमोगुणबाट घेरिएका हुन्छन्, यिनीहरूभित्र चेतना शक्ति हुन्छ र सुख–दुःखको ज्ञान पनि यिनमा हुन्छ।

एतदन्तास्तु गतयो ब्रह्माद्याः समुदाहृताः।
घोरेऽस्मिन्भूतसंसारे नित्यं सततयायिनि॥ ५०॥

यस घोर अचिन्त्य चराचर संसारमा ब्रह्मादेखि लिएर चरादि प्राणी र पदार्थहरूको उत्पत्तिका कुराहरू बताएँ।

एवं सर्वं स सृष्ट्वेदं मां चाचिन्त्यपराक्रमः।
आत्मन्यन्तर्दधे भूयः कालं कालेन पीडयन्॥ ५१॥

त्यो अचिन्त्य पराक्रमी (सर्वशक्तिमान) यो सारा जगत र मलाई पनि उत्पन्न गरी यस सृष्टि काललाई प्रलय कालद्वारा नष्ट गर्दै आफ्नै रूपमा अन्तर्ध्यान हुन जान्छ।

यदा स देवो जागर्ति तदेदं चेष्टते जगत्।
यदा स्वपिति शान्तात्मा तदासर्वं निमीलति॥ ५२॥

जब त्यो देव जाग्दछ तब यो संसार जाग्दछ, अनि जब त्यो शान्त चित्तको हुन्छ तब सबैको लय हुन्छ।

तस्मिन्स्वपिति सुस्थे तु कर्मात्मानः शरीरिणः।
स्वकर्मभ्यो निवर्तन्ते मनश्च ग्लानिमृच्छति॥ ५३॥

त्यो स्वस्थ भएर सुतेमा आफ्ना कर्मअनुसार शरीर धारण गरेका जीवहरू आफ्ना कर्मबाट निवृत्त हुन्छन् र तिनको मन पनि वृत्तिरहित हुन जान्छ।

युगपत्तु प्रलीयन्ते यदा तस्मिन्महात्मनि।
तदायं सर्वभूतात्मा सुखं स्वपिति निर्वृतः॥ ५४॥

जब ती परमात्मामा सबै जीवहरू एकैचोटि लय हुन जान्छन् तब यी सबै जीवको आत्मा निवृत्त भएर सुखसित सुत्दछन्।

तमोऽयं तु समाश्रित्य चिरं तिष्ठति सेन्द्रियः।
न च स्वं कुरुते कर्म तदोत्क्रमति मूर्तितः॥ ५५॥

यी जीव तम (ज्ञानको निवृत्ति) को आश्रय लिएर इन्द्रियहरूका साथ रहन्छन्, जब आफ्नो कर्म गर्दैनन् तब इन्द्रियलाई छोडी शरीर (पूर्व शरीर) निस्किएर जान्छ।

यदाऽणुमात्रिको भूत्वा बीजं स्थास्नु चरिष्णु च।
समाविशति संसृष्टस्तदा मूर्तिं विमुञ्चति॥ ५६॥

जब यो अणुमात्रिक भएर स्थावर जंगमको बीजमा प्रवेश गर्दछ तब स्थूल रूपले शरीरलाई धारण गर्दछ।

एवं स जाग्रत्स्वप्नाभ्यामिदं सर्वं चराचरम्।
सञ्जीवयति चाजस्रं प्रमापयति चाव्ययः॥ ५७॥

यस्ता प्रकारले त्यो अविनाशी यस सम्पूर्ण चराचर संसारलाई जाग्रत र स्वप्न दुवै अवस्थाबाट बार-बार उत्पन्न र नाश गर्दछ।

इदं शास्त्रं तु कृत्वाऽसौ मामेव स्वयमादितः।
विधिवद् ग्राहयामास मरीच्यादींस्त्वहं मुनीन्॥ ५८॥

यो शास्त्रलाई बनाएर ब्रह्माले पहिला मलाई विधिपूर्वक बताउनुभयो त्यसपछि मैले नै मरीचि आदि महर्षिहरूलाई बताएँ।

एतद् वोऽयं भृगुः शास्त्रं श्रावयिष्यत्यशेषतः।
एतद्धि मतोऽधिजगे सर्वमेषोऽखिलं मुनिः॥ ५९॥

अब यो सम्पूर्ण शास्त्रलाई यी भृगु ऋषिले तपाईहरूसित भन्ने छन्, किनकि यिनले सम्पूर्ण यो शास्त्र मसित सिकेका हुन्।

ततस्तथा स तेनोक्तो महर्षिर्मनुना भृगुः।
तानब्रवीदृषीन्सर्वान्प्रीतात्मा श्रूयतामिति॥ ६०॥

मनुजीले यस प्रकार भनेपछि महर्षि भृगुजी प्रसन्न चित्त भएर ऋषिहरूसित भन्न लागे- सुन्नुहोस्!

स्वायम्भूवस्यास्य मनोः षड् वंश्या मनवोऽपरे।
सृष्टवन्तः प्रजाः स्वाः स्वा महात्मानो महौजसः॥ ६१॥

यी स्वायंभुव मनुका वंशमा छः मनु भए। ती महातेजस्वी महात्माहरूले आ-आफ्ना प्रजाको सृष्टि गरे।

स्वारोचिषश्चोत्तमश्च तामसो रैवतस्तथा।
चाक्षुषश्च महातेजा विविस्वत्सुत एव च॥ ६२॥

स्वारोचिष, उत्तम, तामस, रैवत, चाक्षुष र महातेजस्वी सूर्यका पुत्र वैवस्त छैटौं मनु भए।

स्वायम्भुवाद्याः सप्तैते मनवो भूरितेजसः।
स्वे स्वेऽन्तरे सर्वमिदमुत्पाद्याऽऽपुश्चराचरम्॥ ६३॥

यिनै महातेजस्वी स्वायंभुवादि सात मनुहरूले आ-आफ्ना समयमा यी सबै चराचर जगतलाई उत्पन्न गरे।

निमेषा दश चाष्टौ च काष्ठा त्रिंशत्तु ताः कला।
त्रिंशत्कला मुहूर्तः स्यादहोरात्रं तु तावतः॥ ६४॥

अठार निमेष (आँखाको परेला झिम्म हुँदाको समयलाई निमेष भनिन्छ) को एक काष्ठा (विकला), तीस काष्ठाको एक कला, तीस कलाको एक मुहूर्त र तीस मुहूर्तको एक अहोरात्र हुन्छ।

अहोरात्रे विभजते सूर्यो मानुषदैविके।
रात्रिः स्वप्नाय भूतानां चेष्टयै कर्मणामहः॥ ६५॥

सूर्यले मनुष्य र देवताहरूको अहोरात्र (दिन-रात) को विभाग गर्दछन्। प्राणीहरूका सुत्नका लागि रात र काम गर्नका लागि दिन हुन्छन्।

पित्र्ये रात्र्यहनी मासः प्रविभागस्तु पक्षयोः।
कर्म चेष्टास्त्वहः कृष्णः शुक्लः स्वप्नाय शर्वरी॥ ६६॥

मनुष्यहरूको एक महिना बराबरको समय पितृहरूको एक अहोरात्र हुन्छ। महिनामा दुई पक्ष हुन्छन्। कृष्ण पक्ष पितृहरूको कर्म गर्ने दिन र शुक्ल पक्ष पितृहरू सुत्ने रात हो।

दैवे रात्र्यहनी वर्षं प्रविभागस्तयोः पुनः।
अहस्तत्रोदगयनं रात्रिः स्याद्दक्षिणायनम्॥ ६७॥

मनुष्यको एक वर्षको समय देवताहरूको अहोरात्र हुन्छ। उत्तरायण (मकर राशिदेखि मिथुन राशिसम्म सूर्य रहँदा) दिन र दक्षिणायन(कर्क राशिदेखि धनु राशिसम्म सूर्य रहँदा)मा देवताहरूको रात्री हुन्छ।

ब्राह्मस्य तु क्षपाहस्य यत्प्रमाणं समासतः।
एकैकशो युगानां तु क्रमशस्तन्निबोधत॥ ६८॥

ब्रह्माको रात-दिनको एक-एक युगको जुन प्रमाण हो, त्यो क्रमशः यस प्रकार हुन्छ।

[1]चत्वार्याहुः सहस्राणि वर्षाणां तत्कृतं युगम्।
तस्य तावच्छती संध्या संध्यांशश्च तथाविधः ॥ ६९ ॥

चार हजार वर्षको सत्ययुग हुन्छ, युगारम्भ र युगान्तमा क्रमैसित चार–चार सय वर्षको संध्या र संध्यांश हुन्छन्।

इतरेषु ससंध्येषु ससंध्यांशेषु च त्रिषु।
एकापायेन वर्तन्ते सहस्राणि शतानि च ॥ ७० ॥

अन्य तीन युगहरूको मान क्रमशः एकबाट अर्काको वर्ष संख्यामा एक–एक घटाउँदा हुन्छ र उति नै (युगका वर्षका संख्याको प्रमाण) सय वर्ष तिनका संध्या र संध्यांश वर्ष हुन्छ। जस्तो– तीन हजार वर्षको त्रेताका र तीन सय वर्षको संध्या–संध्यांश, दुई हजार वर्षको द्वापरका र सय वर्षको संध्या र संध्यांश अनि एक हजार वर्षको कलियुगका र एक वर्षको संध्या र संध्यांश हुन्छ।

यदेतत्परिसंख्यातमादावेव चतुर्युगम्।
एतद् द्वादशसाहस्रं देवानां युगमुच्यते ॥ ७१ ॥

माथि जुन चारै युगहरूको प्रमाण बताइयो त्यसमा संध्या र संध्यांश जोड्दा बाह्र हजार वर्ष भयो। यसैलाई महायुग भन्दछन् र यो नै देवताहरूको युग हो।

दैविकानां युगानां तु सहस्रं परिसंख्यया।
[2]ब्राह्ममेकमहर्ज्ञेयं तावतीं रात्रिमेव च ॥ ७२ ॥

देवताहरूका एक हजार युगको ब्रह्माको एक दिन र एक हजार युगको रात हुन्छ र यति नै देवताहरूको एक दिन वा दिव्य दिन हुन्छ।

संध्या र संध्यांशसहित	दिव्य वर्षहरूमा	सौर वर्षहरूमा
सत्ययुगको मान	४८००	१७२८०००
त्रेतायुगको मान	३६००	१२९६०००
द्वापरयुगको मान	२४००	८६४०००
कलियुगको मान	१२००	४३२०००
चारै युगको महायुग	१२०००	४३२००००

[1] एक संक्रान्तिदेखि अर्को संक्रान्तिसम्मको समयलाई सौरमास भनिन्छ। १२ सौरमासको १ सौरवर्ष हुन्छ।

[2] १००० महायुगको १२०००००० दिव्य वर्ष अर्थात् ४३२०००००० सौरवर्ष जुन चाहिँ ब्रह्माको एक अहोरात्र हुन्छ।

तद्वै युगसहस्रान्तं ब्राह्मं पुण्यमहर्विदुः।
रात्रिं च तावतीमेव तेऽहोरात्रविदो जनाः ॥ ७३ ॥

जसले एक हजार युग प्रमाण ब्रह्माको पवित्र दिनमान र त्यतिनै युग प्रमाण रात्रिमानलाई जान्दछ उसले नै वास्तवमा दिन र रातलाई जान्दछ।

तस्य सोऽहर्निशस्यान्ते प्रसुप्तः प्रतिबुध्यते।
प्रतिबुद्धश्च सृजति मनः सदसदात्मकम् ॥ ७४ ॥

ती सुतेका ब्रह्माजी आफ्नो अहोरात्रको अन्तमा ब्यूँझिएर सत्-असत् स्वरूप मनलाई सृष्टिको रचनामा लगाउँछन्।

मनः सृष्टिं विकुरुते चोद्यमानं सिसृक्षया।
आकाशं जायते तस्मात्तस्य शब्दं गुणं विदुः ॥ ७५ ॥

सृष्टि गर्ने इच्छाबाट मनले सृष्टि हुन्छ र त्यसबाट आकास उत्पन्न हुन्छ र त्यसलाई गुण शब्द भनिन्छ।

आकाशात्तु विकुर्वाणात्सर्वगन्धवहः शुचिः।
बलवाञ्जायते वायुः स वै स्पर्शगुणो मतः ॥ ७६ ॥

विकारयुक्त आकासबाट सबै प्रकारका गन्धलाई वहन गर्ने पवित्र वायुको उत्पत्ति हुन्छ, जसको गुण स्पर्श हो।

वायोरपि विकुर्वाणाद्विरोचिष्णु तमोनुदम्।
ज्योतिरुत्पद्यते भास्वत्तद्रूपगुणमुच्यते ॥ ७७ ॥

विकारवान् वायुबाट अन्धकारलाई नाश गर्ने प्रकाशले युक्त तेज उत्पन्न हुन्छ, जसको गुण रूप हो।

ज्योतिषश्च विकुर्वाणादापो रसगुणाः स्मृताः।
अद्भ्यो गन्धगुणा भूमिरित्येषा सृष्टिरादितः ॥ ७८ ॥

विकारवान् तेजबाट जल उत्पन्न हुन्छ, जसको गुण रस हो। जलबाट गंध गुण भएकी पृथ्वी उत्पन्न हुन्छिन्। यसैगरी आदिकालदेखि सृष्टिको क्रम हुँदै आएको छ।

यत्प्राग्द्वादशसाहस्रमुदितं दैविकं युगम्।
तदेकसप्ततिगुणं मन्वन्तरमिहोच्यते ॥ ७९ ॥

यसअघि जुन बाह्र हजार वर्षको देवताहरूको युग बताएँ, त्यसको एकहत्तर गुणा (८,५२,०००) वर्षको एक मन्वन्तर भनिएको छ। एक मन्वन्तरसम्म एउटै मनुको हातमा सृष्टि सञ्चालनको भार रहन्छ।

मन्वन्तराण्यसंख्यानि सर्गः संहार एव च।
क्रीडन्निवैतत्कुरुते परमेष्ठी पुनः पुनः ॥ ८० ॥

मन्वन्तर र उत्पत्ति–प्रलय असंख्य छन्। ती परमेष्ठी (परमात्मा) ले खेल खेले जस्तो सृष्टि र प्रलय गरिरहनु हुन्छ।

चतुष्पात्सकलो धर्मः सत्यं चैव कृते युगे।
नाधर्मेणागमः कश्चिन्मनुष्यान् प्रति वर्तते ॥ ८१ ॥

सत्ययुगमा धर्म चारै चरणहरूबाट अर्थात् सर्वाङ्गपूर्ण रहन्छ। सत्य रहन्छ, कोही मनुष्य कसैको साथ अधर्मको आचरण गर्दैन।

इतरेष्वागमाद्धर्मः पादशस्त्ववरोपितः।
चौरिकानृतमायाभिर्धर्मश्चापैति पादशः ॥ ८२ ॥

अन्य युगहरूमा अधर्मले धन–विद्यादिको अर्जनद्वारा धर्मको बल घट्तछ। चोरी, मिथ्या र कपटले क्रमशः धर्मको एउटा चरणको ह्रास हुन्छ। (अभिप्राय यो कि त्रेतायुगमा धर्मका तीन चरण, द्वापरयुगमा दुई चरण र कलियुगमा धर्मको एउटै चरण मात्र रहन्छ।)

अरोगाः सर्वसिद्धार्थाश्चतुर्वर्षशतायुषः।
कृते त्रेतादिषु ह्येषामायुर्ह्रसति पादशः ॥ ८३ ॥

सत्ययुगमा जनहरू धर्मपरायण भएर सबै मनोरथ सिद्ध गर्दै निरोग रहेर चार सय वर्षसम्म जीउँछन्। धर्मको नाश हुँदै गएका कारण त्रेता, द्वापर र कलियुगमा क्रमशः एक–एक सय वर्ष आयु घट्दछ।

वेदोक्तमायुर्मर्त्यानामाशिषश्चैव कर्मणाम्।
फलन्त्यनुयुगं लोके प्रभावाश्च शरीरिणाम् ॥ ८४ ॥

वेदोक्त मनुष्यको आयु, कर्महरूको फल र श्राप अनुग्रह आदिको प्रभाव संसारमा प्राणीहरूलाई युग धर्मानुकूल नै पाइन्छ।

अन्ये कृतयुगे धर्मास्त्रेतायां द्वापरेऽपरे।
अन्ये कलियुगे नृणां युगह्रासानुरूपतः ॥ ८५ ॥

सत्ययुगमा अन्य धर्म, त्रेतायुगमा अन्य धर्म, द्वापर युगमा अन्य धर्म र कलियुगमा अन्य धर्म हुन्छ अर्थात् युगहरूको ह्रास क्रमबाट तिनका युग धर्ममा पनि ह्रास हुँदै जान्छ।

तपः परं कृतयुगे त्रेतायां ज्ञानमुच्यते।
द्वापरे यज्ञमेवाहुर्दानमेकं कलौ युगे ॥ ८६ ॥

सत्ययुगमा तपस्या, त्रेतायुगमा ज्ञान, द्वापरयुगमा यज्ञ र कलियुगमा दान मुख्य धर्म मानिएको छ।

सर्वस्यास्य तु सर्गस्य गुप्त्यर्थं स महाद्युतिः।
मुखबाहूरुपज्जानां पृथक्कर्माण्यकल्पयत्॥ ८७॥

महातेजस्वी ब्रह्माजीले यस सम्पूर्ण विश्वको रक्षाका निम्ति मुख, बाहु, तिघ्रा र पाउबाट उत्पन्न हुने जीवहरूका भिन्न भिन्न कर्महरूको कल्पना गरे।

अध्यापनमध्ययनं यजनं याजनं तथा।
दानं प्रतिग्रहं चैव ब्राह्मणानामकल्पयत्॥ ८८॥

ब्राह्मणहरूका लागि पढ्नु-पढाउनु, यज्ञ गर्नु-गराउनु, दान दिनु-लिनु-यी छः कर्म निश्चित गरिएको छ।

प्रजानां रक्षणं दानमिज्याऽध्ययनमेव च।
विषयेष्वप्रसक्तिश्च क्षत्रियस्य समासतः॥ ८९॥

क्षत्रियहरूका लागि प्रजाहरूको रक्षा गर्नु, दान गर्नु, यज्ञ गर्नु, पढ्नु, विषयहरू (गीत-नृत्यादि) मा आसक्त नहुनु- यी पाँच कर्म निश्चित गरिएको छ।

पशूनां रक्षणं दानमिज्याध्ययनमेव च।
वणिक्पथं कुसीदं च वैश्यस्य कृषिमेव च॥ ९०॥

पशुहरूको रक्षा गर्नु, दान दिनु, यज्ञ गर्नु, पढ्नु, व्यापार गर्नु, व्याजमा धन दिनु र खेती गर्नु- यी सात कर्म वैश्यका निम्ति निश्चित गरिएको छ।

एकमेव तु शूद्रस्य प्रभुः कर्म समादिशत्।
एतेषामेव वर्णानां शुश्रूषामनसूयया॥ ९१॥

ब्रह्माले उपर्युक्त तीनै वर्णहरूको गुणानुवाद गर्दै तिनको सेवा गर्नु यो एउटै कर्म शूद्रहरूका निम्ति निश्चित गरिएको छ।

उर्ध्वं नाभेर्मेध्यतरः पुरुषः परिकीर्तितः।
तस्मान्मेध्यतमं त्वस्य मुखमुक्तं स्वयंभुवा॥ ९२॥

पुरुषलाई नाभिदेखि माथि अति पवित्र मानिएको छ, त्यसमा पनि सबैभन्दा पवित्र ब्रह्माजीले मुखलाई नै मान्नुभएको छ।

उत्तमाङ्गोद्भवाज्ज्यैष्ठ्याद् ब्राह्मणश्चैव धारणात्।
सर्वस्यैवास्य सर्गस्य धर्मतो ब्राह्मणः प्रभुः॥ ९३॥

उत्तम अङ्ग (मुख) बाट उत्पन्न हुने र वेदलाई धारण गरेका कारण यस सम्पूर्ण संसारका स्वामी धर्मले ब्राह्मण नै हुन्।

तं हि स्वयंभूः स्वादास्यात्तपस्तप्त्वादितोऽसृजत् ।
हव्यकव्याभिवाह्याय सर्वस्यास्य च गुप्तये ॥ ९४ ॥

ब्रह्माजीले तपस्या गरेर सबैभन्दा पहिला देवताहरूका निम्ति हव्य र पितृहरूका निम्ति कव्य पुऱ्याउनका निम्ति र सम्पूर्ण संसारको रक्षा गर्नको लागि आफ्नो मुखबाट ब्राह्मणलाई उत्पन्न गर्नुभयो ।

यस्यास्येन सदाश्नन्ति हव्यानि त्रिदिवौकसः ।
कव्यानि चैव पितरः किं भूतमधिकं ततः ॥ ९५ ॥

जुन ब्राह्मणको मुखबाट देवगण हव्य र पितृगण कव्य खान्छन् त्योभन्दा श्रेष्ठ प्राणी को हुनसक्छ?

भूतानां प्राणिनः श्रेष्ठाः प्राणिनां बुद्धिजीविनः ।
बुद्धिमस्तु नराः श्रेष्ठाः नरेषु ब्राह्मणाः स्मृताः ॥ ९६ ॥

भूतहरू (स्थावर, जंगमरूप पदार्थहरू) मा (कीटादि) श्रेष्ठ हुन्, प्राणीहरूमा बुद्धिबाट व्यवहार गर्ने पशु आदि श्रेष्ठ हुन्, बुद्धिमान जीवहरूमा मनुष्य श्रेष्ठ हुन् अनि मनुष्यहरूमा ब्राह्मण (यज्ञ-यज्ञादि कर्महरूबाट) श्रेष्ठ हुन्छन् ।

ब्राह्मणेषु च विद्वांसो विद्वत्सु कृतबुद्धयः ।
कृतबुद्धिषु कर्तारः कर्तृषु ब्रह्मवेदिनः ॥ ९७ ॥

ब्राह्मणहरूमा विद्वान्, विद्वान्हरूमा कृत बुद्धि (शास्त्रोक्त अनुष्ठानहरूबाट उत्पन्न कर्तव्य बुद्धि भएका) यिनबाट कर्म गर्ने भएका र तीभन्दा पनि ब्रह्मज्ञानी श्रेष्ठ हुन्छन् ।

उत्पत्तिरेव विप्रस्य मूर्तिर्धर्मस्य शास्वती ।
स हि धर्मार्थमुत्पन्नो ब्रह्मभूयाय कल्पते ॥ ९८ ॥

ब्राह्मणको उत्पत्ति धर्मको शास्वत मूर्ति हो । ती (ब्राह्मण) धर्मकै लागि उत्पन्न हुन्छन् । यसकारण ती मोक्ष प्राप्त गर्नमा समर्थ हुन्छन् ।

ब्राह्मणो जायमानो हि पृथिव्यामधिजायते ।
ईश्वरः सर्वभूतानां धर्मकोशस्य गुप्तये ॥ ९९ ॥

यस पृथ्वीमा ब्राह्मण नै सबैभन्दा श्रेष्ठ र उन्नत हुन्छन्, उनी सबै प्राणीहरूका धर्मकोशको रक्षामा समर्थ हुन्छन् ।

सर्वं स्वं ब्राह्मणस्येदं यत्किञ्चिज्जगतीगतम् ।
श्रैष्ठ्येनाभिजनेनेदं सर्वं वै ब्राह्मणोऽर्हति ॥ १०० ॥

यस संसारमा जे–जति कुरा छन् ती सबै (धर्म) ब्राह्मणहरूको हो किनकि सबैमा श्रेष्ठ भएर उत्पत्ति हुनाको कारण ती (ब्राह्मण) नै यसका अधिकारी हुन्।

स्वमेव ब्राह्मणो भुङ्क्ते स्वं वस्ते स्वं ददाति च।
आनृशंस्याद् ब्राह्मणस्य भुञ्जते हीतरे जनाः॥ १०१॥

ब्राह्मणले आफ्नै खान्छ, आफ्नै लगाउँछ र आफ्नै दान गर्छ अर्थात् अरूको अन्न, वस्त्रादि सबै ब्राह्मणका नै हुन्छन्। ब्राह्मणका कृपाले नै अन्य जनहरू पदार्थहरूको भोग गर्दछन्।

तस्य कर्मविवेकार्थं शेषाणामनुपूर्वशः।
स्वायंभुवो मनुर्धीमानिदं शास्त्रमकल्पयत्॥ १०२॥

तिनका (ब्राह्मण) र अन्य वर्णहरूका कर्महरू जान्नका लागि नै बुद्धिमान् स्वायम्भुव मनुले यो शास्त्र (मनुस्मृति) को रचना गर्नुभएको हो।

विदुषा ब्राह्मणेनेदमध्येतव्यं प्रयत्नतः।
शिष्येभ्यश्च प्रवक्तव्यं सम्यङ् नान्येन केनचित्॥ १०३॥

विद्वान् ब्राह्मणले यो शास्त्रलाई राम्ररी पढुन् र यत्नपूर्वक शिष्यहरूलाई पनि पढाउन्, अरू कसैलाई नपढाउन्।

इदं शास्त्रमधीयानो ब्राह्मणः शंसितव्रतः।
मनोवाग् देहजैर्नित्यं कर्मदोषैर्न लिप्यते॥ १०४॥

यो शास्त्र अध्ययन गर्ने र यसमा बताइए अनुसार अनुष्ठान गर्ने ब्राह्मण मन, वचन र शरीरबाट हुने नित्य कर्मका दोषहरूबाट रहित हुन्छन्।

पुनाति पंक्तिं वंश्यांश्च सप्त सप्त परावरान्।
पृथिवीमपि चैवेमां कृत्स्नामेकोऽपि सोऽर्हति॥ १०५॥

यस शास्त्रको अध्ययन गर्ने व्यक्तिहरू (अपवित्र व्यक्तिहरू) लाई पवित्र गराउँछ र सात पुस्ता अगि र सात पुस्ता पछिका आफ्ना वंशजहरूको उद्धार गर्छ र एक्लै नै यस सम्पूर्ण पृथ्वीको उद्धार गर्ने योग्य हुन्छ।

इदं स्वस्त्ययनं श्रेष्ठमिदं बुद्धिविवर्धनम्।
इदं यशस्यमायुष्यमिदं निःश्रेयसं परम्॥ १०६॥

यो श्रेष्ठ शास्त्र कल्याण दिने, बुद्धिलाई बढाउने, यशलाई दिने, आयुष्य वृद्धि गर्ने र मुक्ति दिने हुन्छ।

अस्मिन् धर्मोऽखिलेनोक्तो गुणदोषौ च कर्मणाम्।
चतुर्णामपि वर्णानामाचारश्चैव शाश्वतः॥ १०७॥

यस शास्त्रमा सम्पूर्ण धर्म–कर्महरूको गुण–दोष कहिएका छन् र चारै वर्णका आचारहरू पनि कहिएका छन्।

आचारः परमो धर्मः श्रुत्युक्तः स्मार्त एव च।
तस्मादस्मिन् सदा युक्तो नित्यं स्यादात्मवान् द्विजः॥ १०८॥

श्रुति (वेद) र स्मृति (पुराण) मा भनिएका आचार नै परम धर्म हुन्, यसकारण आफ्नो आत्मोन्नतिको इच्छा हुने ब्राह्मणले सधैं आचारले युक्त रहनुपर्छ।

आचाराद्विच्युतो विप्रो न वेदफलमश्नुते।
आचारेण तु संयुक्तः सम्पूर्णफलभाग्भवेत्॥ १०९॥

आफ्नो आचारबाट रहित भएका ब्राह्मणलाई वेदको फल प्राप्त हुँदैन र आचारबाट युक्त ब्राह्मणले वेदका सम्पूर्ण फल प्राप्त गर्दछन्।

एवमाचारतो दृष्ट्वा धर्मस्य मुनयो गतिम्।
सर्वस्य तपसो मूलमाचारं जगृहुः परम्॥ ११०॥

मुनिहरूले आचारबाट नै सबै धर्मको गति देखेर आचारलाई नै सबै तपस्याहरूको मूल मानेका छन्।

जगतश्च समुत्पत्तिं संस्कारविधिमेव च।
व्रतचर्योपचारं च स्नानस्य च परं विधिम्॥ १११॥

संसारको उत्पत्ति, संस्कारको विधि, ब्रह्मचर्य व्रत र स्नान (ब्रह्मचर्य व्रतपछि) को विधि एकदेखि दुई अध्यायसम्म वर्णन गरिएको छ।

दाराधिगमनं चैव विवाहानां च लक्षणम्।
महायज्ञविधानं च श्राद्धकल्पं च शाश्वतम्॥ ११२॥

त्यसपछि विवाह, विवाहको लक्षण, महायज्ञको विधान र श्राद्ध कल्प विधि बताइएको छ।

वृत्तीनां लक्षणं चैव स्नातकस्य व्रतानि च।
भक्ष्याभक्ष्यं च शौचं च द्रव्याणां शुद्धिमेव च॥ ११३॥

त्यसपछि जीविकाका लक्षण, स्नातक (गृहस्थीमा प्रवेश गर्नेहरू) व्रतका नियम, भक्ष्य, अभक्ष्य, शौच र द्रव्यहरूको शुद्धि बताइएको छ।

स्त्रीधर्मयोगं तापस्यं मोक्षं संन्यासमेव च।
राज्ञश्च धर्ममखिलं कार्याणां च विनिर्णयम्॥ ११४॥

त्यसपछि क्रमैसित स्त्रीहरूको धर्मयोग, तपस्या, मोक्ष, संन्यास, राजाहरूका सम्पूर्ण धर्म र राजकार्यहरूका विशेष निर्णयादि बताइएका छन्।

साक्षिप्रश्नविधानं च धर्मं स्त्रीपुंसयोरपि।
विभागधर्मं द्यूतं च कण्टकानां च शोधनम्॥ ११५॥

त्यसपछि साक्षीहरूसित सोध्ने विधि, स्त्री–पुरुषका धर्म, विभाग (उत्तराधिकार), धर्म, जुवा र मार्गका कंटक (काँडा)हरूका सोधनको वर्णन गरिएको छ।

वैश्यशूद्रोपचारं च संकीर्णानां च सम्भवम्।
आपद्धर्मं च वर्णानां प्रायश्चित्तविधिं तथा॥ ११६॥

त्यसपछि वैश्य, शूद्रहरूको कर्म, संकीर्ण (वर्ण–संकर) जातिहरूको उत्पत्ति, आपत्तिकालको धर्म र वर्ण (चारै वर्णहरू) का निम्ति प्रायश्चित्तको विधि छ।

संसारगमनं चैव त्रिविधं कर्मसंभवम्।
निःश्रेयसं कर्मणां च गुणदोषपरीक्षणम्॥ ११७॥

कर्महरूद्वारा उत्पन्न तीन श्रेणी (उत्तम, मध्यम, निकृष्ट) को शरीर प्राप्ति, मुक्ति साधन र कर्महरूका गुण–दोषको परीक्षा।

देशधर्माज्जातिधर्मान्कुलधर्मांश्च शाश्वतान्।
पाषण्डगणधर्मांश्च शास्त्रेऽस्मिन्नुक्तवान्मनुः॥ ११८॥

देशधर्म, जातिधर्म, कुलधर्म, पाखण्डीहरूका धर्म यस शास्त्रमा मनुजीले भन्नुभएको छ।

यथेदमुक्तवांच्छास्त्रं पुरा पृष्टो मनुर्मया।
तथेदं यूयमप्यद्य मत्सकाशान्निबोधत॥ ११९॥

पूर्व कालमा जसरी मैले सोध्दा मनुजीले यस शास्त्रलाई भन्नुभएको थियो, आज तपाईंहरू पनि त्यसैगरी मबाट सुन्नुहोस्।

॥ इति प्रथम अध्याय समाप्त ॥

द्वितीयोऽध्यायः

विद्वद्भिः सेवितः सद्भिर्नित्यमद्वेषरागिभिः ।
हृदयेनाभ्यनुज्ञातो यो धर्मस्तं निबोधत ॥ १ ॥

सधैंभरि राग र द्वेषबाट रहित श्रेष्ठ धार्मिक विद्वान्हरूद्वारा सेवा गरिएको हृदयद्वारा राम्ररी ज्ञात भएको जुन धर्म हो त्यसलाई सुन्नुहोस् ।

कामात्मता न प्रशस्ता न चैवेहास्त्यकामता ।
काम्यो हि वेदाधिगमः कर्मयोगश्च वैदिकः ॥ २ ॥

यस संसारमा (कुनै वस्तुको) कामना गर्नु श्रेष्ठ होइन, तैपनि कामना नहोस् यस्तो पनि हुन्न । वेदहरूको अध्ययन गर्नु र वेदविहीन कर्म गर्नु पनि कामना नै हो ।

सङ्कल्पमूलः कामो वै यज्ञाः सङ्कल्प सम्भवाः ।
व्रतानि यमधर्माश्च सर्वे सङ्कल्पजाः स्मृताः ॥ ३ ॥

कामनाको मूल संकल्प नै हुन्छ र यज्ञ संकल्पबाटै हुन्छ । व्रत, यज्ञादि सबै धर्मको आधार संकल्प नै भनिन्छ ।

अकामस्य क्रिया काचिद् दृश्यते नेह कर्हिचित् ।
यद्यद्धि कुरुते किञ्चित्तत्तत्कामस्य चेष्टितम् ॥ ४ ॥

यस संसारमा कामना (इच्छा) बिना कुनै कर्म भएको देखिन्न । जसले जे-जस्तो कर्म गर्छ त्यो कामना (इच्छा) ले नै गर्छ ।

तेषु सम्यग्वर्तमानो गच्छत्यमरलोकताम् ।
यथा सङ्कल्पितांश्चैव सर्वान्कामान्समश्नुते ॥ ५ ॥

ती शास्त्रोक्त कर्महरूमा राम्ररी लागेका मनुष्य देवलोकलाई प्राप्त गर्छन्, जसरी यस संसारमा तिनका संकल्प पूरा हुन्छन् ।

वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम् ।
आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च ॥ ६ ॥

सम्पूर्ण वेद र वेदहरू जान्ने भएका (मनु आदिलाई) लाई स्मृतिशील र आधार तथा धार्मिकहरूको मनको तुष्टि, यी सबै धर्मका मूल (प्रमाण) हुन् ।

यः कश्चित्कस्यचिद्धर्मो मनुना परिकीर्तितः ।
स सर्वोऽभिहितो वेदे सर्वज्ञानमयो हि सः ॥ ७ ॥

जे कुराहरू कसैका धर्मलाई मनुजीले जसरी भन्नुभएको छ, ती सबै वेदमा भनिएको छ, किनकि ती सर्वज्ञ हुन्।

सर्वं तु समवेक्ष्येदं निखिलं ज्ञानचक्षुषा।
श्रुतिप्रामाण्यतो विद्वान्स्वधर्मे निविशेत वै॥ ८॥

दिव्य दृष्टिले यी सबै कुराहरू राम्ररी हेरेर (विचार गरेर) वेदलाई प्रमाण मान्दै विद्वान् आफ्नो धर्ममा निरत रहुन्।

श्रुतिस्मृत्युदितं धर्ममनुतिष्ठन्हि मानवः।
इह कीर्तिमवाप्नोति प्रेत्य चानुत्तमं सुखम्॥ ९॥

किनभने श्रुति (वेद), स्मृति (धर्मशास्त्र) मा तोकिएका धर्म-कर्मादिलाई गर्ने मनुष्य यस लोकमा कीर्ति पाएर परलोकमा सुख पाउँछ।

श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः।
ते सर्वार्थेष्वमीमांस्ये ताभ्यां धर्मो हि निर्बभौ॥ १०॥

श्रुतिलाई वेद र स्मृतिलाई धर्मशास्त्र भनी जान्नुपर्छ। दुवै सबै विषयहरूमा तर्करहित छन् र यिनै दुवैबाट सबै धर्म प्रकट भएका हुन्।

योऽवमन्येत ते मूले हेतुशास्त्राश्रयाद् द्विजः।
स साधुभिर्बहिष्कार्यो नास्तिको वेदनिन्दकः॥ ११॥

जो द्विजातक शास्त्रद्वारा धर्मका मूल यी दुई (वेद, स्मृति) को अपमान गर्दछ उसलाई साधु-सज्जनले तिरस्कृत गर्नुपर्छ, किनकि त्यो वेद निन्दक हुनाले नास्तिक हो।

वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः।
एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम्॥ १२॥

वेद, स्मृति, सदाचार र आफ्ना आफ्ना आत्मालाई प्रिय- यी चार साक्षात् धर्मका लक्षण हुन्।

अर्थकामेष्वसक्तानां धर्मज्ञानं विधीयते।
धर्मं जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः॥ १३॥

अर्थ (धन) र काम (इच्छा) मा आसक्त पुरुषहरूका निम्ति नै धर्म ज्ञानको उपदेश हो। धर्मको ज्ञान प्राप्त गर्नेहरूका लागि वेद नै श्रेष्ठ प्रमाण हो।

श्रुतिद्वैधं तु यत्र स्यात्तत्र धर्मावुभौ स्मृतौ।
उभावपि हि तौ धर्मौ सम्यगुक्तौ मनीषिभिः॥ १४॥

जुन ठाउँमा श्रुतिहरूमा नै विरोध छ त्यस ठाउँमा मनुले दुवै भनाइलाई धर्म मानेका छन्। महर्षिहरूले पनि दुवैले भनेका धर्महरूलाई धर्म मानेका छन्।

उदितेऽनुदिते चैव समयाध्युषिते तथा।
सर्वथा वर्तते यज्ञ इतीयं वैदिकी श्रुतिः॥ १५॥

सूर्योदय हुँदा, सूर्योदय हुनुअघि र अरुणोदयका समयमा यज्ञ (हवन) गर्नुपर्छ। यी तीनै श्रुति वचन हुन् (यसकारण तीनै ग्राह्य छन्)।

निषेकादिश्मशानान्तो मन्त्रैर्यस्योदितो विधिः।
तस्य शास्त्रेऽधिकारोऽस्मिञ्ज्ञेयो नान्यस्य कस्यचित्॥ १६॥

जसलाई मन्त्रहरूद्वारा गर्भाधानदेखि शमशानसम्म सबै संस्कारका विधि भनिएको छ उनीहरूलाई यस शास्त्रको अध्ययनको अधिकार छ। अरू कसैलाई छैन।

सरस्वतीदृषद्वत्योर्देवनद्योर्यदन्तरम् ।
तं देवनिर्मितं देशं ब्रह्मावर्तं प्रचक्षते॥ १७॥

सरस्वती र दृषद्वती यी दुई देवनदीहरूको जुन अन्तर छ, त्यसलाई देवताहरूद्वारा बनाइएको ब्रह्मावर्त देश भनिन्छ।

तस्मिन्देशे य आचारः पारंपर्यक्रमागतः।
वर्णानां सान्तरालानां स सदाचार उच्यते॥ १८॥

त्यस देशमा चारै वर्णहरू र तिनका अन्तराल (संकीर्ण) जातिहरूको परम्परादेखिको जुन आचार हुन्छ त्यसैलाई सदाचार भनिन्छ।

कुरुक्षेत्रं च मत्स्याश्च पञ्चालाः सूरसेनकाः।
एष ब्रह्मर्षिदेशो वै ब्रह्मावर्तादनन्तरः॥ १९॥

कुरुक्षेत्र र मत्स्यदेश, पाञ्चाल (कान्य कुब्ज) र शूरसेन (मथुरा) यी ब्रह्मर्षि देश हुन् जुन चाहिँ ब्रह्मावर्त भन्दा केही न्यून छन्।

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः।
स्वं स्वं चरित्रं शिक्षेरन्पृथिव्यां सर्वमानवाः॥ २०॥

यी (उपरोक्त) देशमा उत्पन्न ब्राह्मणहरूबाट सम्पूर्ण पृथ्वीका मनुष्यहरूले आ-आफ्ना चरित्र (आचार) लाई सिक्नुपर्दछ।

हिमवद्विन्ध्ययोर्मध्यं यत्प्राग्विनशनादपि।
प्रत्यगेव प्रयागाच्च मध्यदेशः प्रकीर्तितः॥ २१॥

सरस्वती नदीदेखि पूर्व र प्रयागदेखि पश्चिम अनि बिन्ध्य पर्वतका मध्यका देशलाई मध्यदेश भनिन्छ।

आसमुद्रात्तु वै पूर्वादासमुद्रात्तु पश्चिमात्।
तयोरेवान्तरं गिर्योरार्यावर्तं विदुर्बुधाः ॥ २२ ॥

पूर्व समुद्रदेखि लिएर पश्चिम समुद्रपर्यन्त अनि दुवै पर्वतहरू (हिमालय र बिन्ध्याचल) का माझका देशलाई विद्वान्हरूले आर्यावर्त भनेका छन्।

कृष्णसारस्तु चरति मृगो यत्र स्वभावतः।
स ज्ञेयो यज्ञियो देशो म्लेच्छदेशस्त्वतः परः ॥ २३ ॥

जुन ठाउँमा स्वभावैले नै काला रंगका मृग रहन्छन्, त्यो यज्ञ गर्नका निम्ति योग्य देश हुन्छ, यसबाट भिन्न म्लेक्ष देश हुन्छ।

एतान्द्विजातयो देशान्संश्रयेरन्प्रयत्नतः।
शूद्रस्तु यस्मिन्कस्मिन्वा निवसेद् वृत्तिकर्शितः ॥ २४ ॥

यी द्विजहरूका देश हुन्। यसमा द्विजातिहरू प्रयत्नपूर्वक रहनुपर्दछ, जीविका नपाएर दुःखी शूद्र चाहे जुन देशमा रहुन्।

एषा धर्मस्य वो योनिः समासेन प्रकीर्तिता।
संभवश्चास्य सर्वस्य वर्णधर्मान्निबोधत ॥ २५ ॥

यहाँसम्म धर्मको उत्पत्ति र जगत्को उत्पत्तिको वर्णन संक्षेपमा भयो। अब वर्ण धर्मलाई सुन्नुहोस्।

वैदिकैः कर्मभिः पुण्यैर्निषेकादिर्द्विजन्मनाम्।
कार्यः शरीरसंस्कारः पावनः प्रेत्य चेह च ॥ २६ ॥

द्विजातिहरूले वैदिक कर्महरूद्वारा गर्भाधानादि शरीरको संस्कार गर्नुपर्छ, जुन यो लोक र परलोक दुवैमा पापलाई नाश गर्ने हुन्छन्।

गार्भैर्होमैर्जातकर्मचौलमौञ्जीनिबन्धनैः।
बैजिकं गार्भिकं चैनो द्विजानामपमृज्यते ॥ २७ ॥

गार्भिक (गर्भका शुद्धिका लागि जुन हवनादि हुन्छन्) जातकर्म, चौल (चूडा) कर्म र उपनयन संस्कारहरू गर्नाले द्विजातिहरूको बीज र गर्भका दोष हट्दछन्।

स्वाध्यायेन व्रतैर्होमैस्त्रैविद्येनेज्यया सुतैः।
महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनुः ॥ २८ ॥

वेदाध्ययन, अध्यापन, व्रत, हवन, देवर्षि–पितृ–तर्पण, पुत्रोत्पादन, ब्रह्मयोगादि र ज्योतिष्टोमादि यज्ञहरूद्वारा यो शरीर ब्रह्मप्राप्तिको योग्य बनाइन्छ।

प्राङ्नाभिवर्धनात्पुंसो जातकर्म विधीयते।
मन्त्रवत्प्राशनं चास्य हिरण्यमधुसर्पिषाम्॥ २९॥

नालच्छेदनभन्दा पहिला पुरुषको जातकर्म संस्कार गरिन्छ, त्यसपछि सून, मह र घिउ लिई वैदिक मन्त्रहरूद्वारा जातकलाई चटाउनुपर्छ।

नामधेयं दशम्यां तु द्वादश्यां वाऽस्य कारयेत्।
पुण्ये तिथौ मुहूर्त्ते वा नक्षत्रे वा गुणान्विते॥ ३०॥

दस वा बाह्र दिनमा शुभ तिथि, मुहूर्त र नक्षत्रमा त्यो जातकको नामकरण संस्कार गर्नुपर्छ।

माङ्गल्यं ब्राह्मणस्य स्यात्क्षत्रियस्य बलान्वितम्।
वैश्यस्य धनसंयुक्तं शूद्रस्य तु जुगुप्सितम्॥ ३१॥

ब्राह्मणको मङ्गलवाचक, क्षत्रियको बलवाचक, वैश्यको धनले युक्त र शूद्रको निन्दाले युक्त नाम राख्नुपर्छ।

शर्मवद्ब्राह्मणस्य स्याद्राज्ञो रक्षासमन्वितम्।
वैश्यस्य पुष्टिसंयुक्तं शूद्रस्य प्रेष्यसंयुताम्॥ ३२॥

ब्राह्मणको शर्मान्त, क्षत्रिहरूको रक्षाले युक्त, वैश्यको पुष्टिले युक्त र शूद्रको दासले युक्त नाम राख्नुपर्छ।

स्त्रीणां सुखोद्यमक्रूरं विस्पष्यर्थं मनोहरम्।
माङ्गल्यं दीर्घवर्णान्तमाशीर्वादाभिधानवत्॥ ३३॥

मुखले उच्चारण गर्न योग्य, सुन्दर अर्थको द्योतक (बुझाउने), स्पष्ट, चित्तलाई प्रसन्नता प्राप्त गराउने, मङ्गलसूचक, पछिल्लो अक्षर दीर्घात्मक, आशीर्वादात्मक शब्दले युक्त स्त्रीहरूको नाम राख्नुपर्छ।

चतुर्थे मासि कर्त्तव्यं शिशोर्निष्क्रमणं गृहात्।
षष्ठेऽन्नप्राशनं मासि यद्वेष्टं मङ्गलं कुले॥ ३४॥

जन्मदेखि चौथो महिनामा बालकलाई घर बाहिर निकाल्नुपर्छ (यसलाई निष्क्रमण भनिन्छ) र छैटौं महिनामा अन्नप्राशन गराउनुपर्छ वा कुलको रीतअनुसार जुन मङ्गल हुन्छ त्यो गर्नुपर्छ।

चूडाकर्म द्विजातीनां सर्वेषामेव धर्मतः ।

प्रथमेऽब्दे तृतीये वा कर्त्तव्यं श्रुतिचोदनात् ॥ ३५ ॥

सबै द्विजातिहरूका धर्मका निम्ति पहिलो वा तेस्रो वर्षमा चूडाकर्म (मुण्डन) गराउनुपर्छ, यस्तो वेदमा भनिएको छ।

गर्भाष्टमेऽब्दे कुर्वीत ब्राह्मणस्योपनायनम् ।

गर्भादेकादशे राज्ञो गर्भात्तु द्वादशे विशः ॥ ३६ ॥

गर्भदेखि आठौं वर्षमा ब्राह्मणको उपनयन संस्कार गर्नुपर्छ । गर्भदेखि एघारौं वर्षमा क्षत्रियको र गर्भदेखि बाह्रौं वर्षमा वैश्यको उपनयन संस्कार गर्नुपर्छ।

ब्रह्मवर्चसकामस्य कार्यं विप्रस्य पञ्चमे ।

राज्ञो बलार्थिनः षष्ठे वैश्यस्येहार्थिनोऽष्टमे ॥ ३७ ॥

ब्रह्मतेजको इच्छा गर्ने ब्राह्मणको गर्भदेखि पाँचौं वर्षमा, बलको इच्छा गर्ने क्षत्रियको छैटौं वर्षमा र धनको इच्छा गर्ने वैश्यको आठौं वर्षमा उपनयन संस्कार गर्नुपर्छ।

आषोडशाद्ब्राह्मणस्य सावित्री नातिवर्तते ।

आद्वाविंशात्क्षत्रबन्धोराचतुर्विंशतेर्विशः ॥ ३८ ॥

सोह्रौं वर्षसम्म ब्राह्मणको, बाइसौं वर्षसम्म क्षत्रियको र चौबीसौं वर्षसम्म वैश्यका निम्ति सावित्रीको अतिक्रमण हुँदैन अर्थात् उक्त समयसम्म उपनयन संस्कार हुन सक्छ।

अत ऊर्ध्वं त्रयोऽप्येते यथाकालमसंस्कृताः ।

सावित्रीपतिता व्रात्या भवन्त्यार्यविगर्हिताः ॥ ३९ ॥

उक्त उमेरपछि भनेका समयमा संस्कार हुन नसकेमा ती तीनै वर्ग सावित्रीबाट पतित भएर समाजबाट बहिष्कृत र व्रात्य (अपवित्र) हुन जान्छन्।

नैतैरपूतैर्विधिवदापद्यपि हि कर्हिचित् ।

ब्राह्मान्यौनांश्च सम्बन्धानाचरेद् ब्राह्मणः सह ॥ ४० ॥

यी अपवित्र (व्रात्यहरू) का साथ यिनको विधिवत् प्रायश्चित्तादि गरे पनि कुनै पनि ब्राह्मणले आपत्तिकालमा पनि उनीहरूसित कुनै प्रकारको सम्बन्ध नगर्नु।

कार्ष्णरौरवबास्तानि चर्माणि ब्रह्मचारिणः।
वसीरन्नानुपूर्व्येण शाणक्षौमाविकानि च॥ ४१॥

ब्रह्मचारीहरूले कृष्ण मृग, रुरु मृग, बाखाको छाला उत्तरीयको ठाउँमा धारण गर्नुपर्छ अनि वर्णक्रमले सन (टाट), सूती कपडा र वस्त्र धारण गर्नुपर्छ।

मौञ्जी त्रिवृत्समा श्लक्ष्णा कार्या विप्रस्य मेखला।
क्षत्रिस्य तु मौर्वी ज्या वैशस्य शणतान्तवी॥ ४२॥

तीन फेरा भएको नरम मूजको मेखला ब्राह्मण ब्रह्मचारीलाई, धनुको ताँदाको मेखला क्षत्रिय ब्रह्मचारीलाई र सनपाटले बनेको मेखला वैश्य ब्रह्मचारीलाई हुनुपर्छ।

मुञ्जालाभे तु कर्त्तव्याः कुशाश्मन्तकबल्वजैः।
त्रिवृता ग्रन्थिनैकेन त्रिभिः पञ्चभिरेव वा॥ ४३॥

यदि मूज नपाइएमा कुश अथवा ढुङ्गाबाट उत्पन्न बाबियोलाई तीन फेराको मेखला बनाएर त्यसमा तीन वा पाँच गाँठो पार्नुपर्छ।

कार्पासमुपवीतं स्याद्विप्रस्येर्ध्ववृतं त्रिवृत्।
शणसूत्रमयं राज्ञो वैश्यस्याविजसौत्रिकम्॥ ४४॥

ब्राह्मणलाई कपासको धागाको, क्षत्रियलाई सनपाटको धागाको र वैश्यलाई भेडाको धागाको यज्ञोपवीत हुनुपर्छ र यो तीन फेराको र दाहिनेतिरबाट बाटिएको हुनुपर्छ।

ब्राह्मणो वैल्वपालाशो क्षत्रियो वाटखादिरौ।
पैलवौदुम्बरौ वैश्यो दण्डानर्हन्ति धर्मतः॥ ४५॥

ब्राह्मणले बेल वा पलासको, क्षत्रियले वर वा खयरको र वैश्यले ओखर वा डुम्रीको दण्ड धर्मका निम्ति धारण गरून्।

केशान्तिको ब्राह्मणस्य दण्डः कार्यः प्रमाणतः।
ललाटसंमितो राज्ञः स्यात्तु नासन्तिको विशः॥ ४६॥

ब्राह्मणको दण्ड त्यसलाई उभ्याउँदा उसका पाउदेखि शिखाको अग्र भागसम्मको लामो, क्षत्रियको उसका निधारसम्म र वैश्यको उसका नाकसम्म लामो हुनुपर्छ।

ऋजवस्ते तु सर्वे स्युरव्रणाः सौम्यदर्शनाः।
अनुद्वेगकरा नृणां सत्वचोऽनग्निदूषिताः॥ ४७॥

यी सबै दण्ड सोझा, छींड नपरेका, हेर्दा सुन्दर र मनलाई प्रसन्न पार्ने, बोक्रा नताछिएका र डढेका हुनुहुँदैन।

प्रतिगृह्येप्सितं दण्डमुपस्थाय च भास्करम्।
प्रदक्षिणं परीत्याग्निं चरेद् भैक्षं यथाविधि॥ ४८॥

आ–आफ्ना अभीष्ट दण्डलाई धारण गरेर र सूर्यको उपस्थान गरेर अग्निको परिक्रमा गरेर नियमअनुसार भिक्षा मागुन्।

भवत्पूर्वं चरेद् भैक्षमुपनीतो द्विजोत्तमः।
भवन्मध्यं तु राजन्यो वैश्यस्तु भवदुत्तरम्॥ ४९॥

उपनयन गरिने ब्राह्मणले भिक्षा माग्ने बेलामा भिक्षा माग्नुभन्दा पहिला 'भवत्' शब्दको उच्चारण गरून् (जस्तो– भवति भिक्षां मे देहि), उपनीत क्षत्रियले मध्यमा (जस्तो– भिक्षां भवति मे देहि) र वैश्यले अन्तमा 'भवद्' शब्दको उच्चारण गरून् (जस्तो– भिक्षां देहि मे भवति)।

मातरं वा स्वसारं वा मातुर्वा भगिनीं निजाम्।
भिक्षेत भिक्षां प्रथमं या चैनं नावमानयेत्॥ ५०॥

आफ्नी माता, फुपू, दिदी, बहिनी अथवा कुनै अन्य स्त्री जसबाट आफ्नो अपमान नहोस्, उनीसित पहिला भिक्षा माग्नुपर्छ।

समाहृत्य तु तद्भैक्षं यावदन्नममायया।
निवेद्य गुरवेऽश्नीयादाचम्य प्राङ्मुखः शुचिः॥ ५१॥

आफूले पाएको त्यो भिक्षा ल्याएर निष्कपट भई गुरुलाई निवेदन गर्दै पूर्व मुख भएर पवित्र भई आचमन गरी भोजन गरून्।

आयुष्यं प्राङ्मुखो भुङ्क्ते यशस्यं दक्षिणामुखः।
श्रियं प्रत्यङ्मुखो भुङ्क्ते ऋतं भुङ्क्तेह्युदङ्मुखः॥ ५२॥

पूर्व मुख भएर भोजन गर्नाले आयुको प्राप्ति, दक्षिण मुख भएर भोजन गर्नाले यशको प्राप्ति, पश्चिम मुख भएर भोजन गर्नाले लक्ष्मीको प्राप्ति र उत्तर मुख भएर भोजन गर्नाले सत्यको फल प्राप्त हुन्छ।

उपस्पृश्य द्विजो नित्यमन्नमद्यात्समाहितः।
भुक्त्वा चोपस्पृशेत् सम्यगद्भिः खानि च संस्पृशेत्॥ ५३॥

द्विजाति (ब्राह्मण, क्षत्रिय, वैश्य) दिनहुँ आचमन गरेर भोजन गरून् र भोजनपछि (चुठिसकेपछि) पनि आचमन गरेर छिद्रहरू (आँखा, नाक र कान) लाई जलले स्पर्श गरून्।

पूजयेदशनं नित्यमद्याच्चैतदकुत्सयन्।
दृष्ट्वा हृष्येत्प्रसीदेच्च प्रतिनन्देच्च सर्वशः॥ ५४॥

भोजनलाई सधैं पूज्य दृष्टिले हेर्नुहोस् र निन्दा नगरी भोजन गर्नुहोस्, भोजन देखेर सन्तुष्ट र प्रसन्न हुनुहोस् र सधैं अन्नको अभिनन्दन गर्नुहोस्।

पूजितं ह्यशनं नित्यं बलमूर्जं च यच्छति।
अपूजितं तु तद् भुक्तमुभयं नाशयेदिदम्॥ ५५॥

सधैं आदरको दृष्टिले गरिएको भोजनले बल र तेज दिन्छ र अनादरको दृष्टिले गरिएको भोजन दुवै (बल र तेज) लाई नाश पार्दछ।

नोच्छिष्टं कस्यचिद् दद्यान्नाद्याच्चैव तथान्तरा।
न चैवात्यशनं कुर्यान्न योच्छिष्टः क्वचिद् व्रजेत्॥ ५६॥

कसैले पनि आफ्नो जूठो अरूलाई नदिउन् अनि कसैको जूठो आफूले पनि नखाउन्। धेरै भोजन पनि नगरून् र जूठो रहेर कतै नजाउन्।

अनारोग्यमनायुष्यमस्वर्ग्यं चातिभोजनम्।
अपुण्यं लोकविद्विष्टं तस्मात्तत्परिवर्जयेत्॥ ५७॥

अति भोजन रोग निम्त्याउने, आयुलाई घटाउने, स्वर्ग प्राप्तिमा बाधा पुऱ्याउने र पुण्यलाई नाश गराउने र लोकमा निन्दा गराउने हुन्छ, यसकारण धेरै भोजन गर्नु हुँदैन।

ब्राह्मेण विप्रस्तीर्थेन नित्यकालमुपस्पृशेत्।
कायत्रैदशिकाभ्यां वा न पित्र्येण कदाचन॥ ५८॥

ब्राह्मणले सधैंभरि ब्रह्मतीर्थ वा प्रजापति तीर्थ वा देवतीर्थबाट आचमन गर्नुपर्छ, तर पितृतीर्थबाट कहिलै आचमन गर्नु हुँदैन।

अङ्गुष्ठमूलस्य तले ब्राह्मं तीर्थं प्रचक्षते।
कायमङ्गुलिमूलेऽग्रे दैवं पित्र्यं तयोरधः॥ ५९॥

(दाहिने हत्केलाको) बूढी औंलाको फेदमुनि ब्राह्मतीर्थ, कान्छी औंलाको फेदमुनि प्रजापति तीर्थ, चार औंलाको अग्रभाग देवतीर्थ, बूढीऔंला र चोर औंलाको माझलाई पितृतीर्थ भनिन्छ।

त्रिराचामेदपः पूर्वं द्विः प्रमृज्यात्ततो मुखम्।
खानि चैव स्पृशेदद्भिरात्मानं शिर एव च॥ ६०॥

पहिला जलले तीनपल्ट आचमन गरेर, त्यसपछि आँखा, कान, नाक र शिरलाई स्पर्श गर्नु।

अनुष्णाभिरफेनाभिरद्भिस्तीर्थेन धर्मवित्।
शौचेप्सुः सर्वदाचामेदेकान्ते प्रागुदङ्मुखः ॥ ६१ ॥

पवित्रताको इच्छा गर्ने धार्मिक पुरुषले सधैंभरि एकान्त ठाउँमा पूर्व अथवा उत्तर मुख भएर शीतल र फीजरहित जलले बताइएका तीर्थहरूबाट आचमन गर्नुपर्छ।

हृद्गाभिः पूयते विप्रः कण्ठगाभिस्तु भूमिपः।
वैश्योऽद्भिः प्राशिताभिस्तु शूद्रः स्पृष्याभिरन्ततः ॥ ६२ ॥

आचमन गरिएको जल ब्राह्मणको हृदयसम्म र क्षत्रियको घाँटीसम्म पुग्नाले ती शुद्ध हुन्छन् अनि वैश्यको मुखमा जल पर्दैमा र शूद्रले जल ओठमा लगाउँदैमा शुद्ध हुन्छन्।

उद्धृते दक्षिणे पाणावुपवीत्युच्यते द्विजः।
सव्ये प्राचीन आवीती निवीती कण्ठसञ्जने ॥ ६३ ॥

दाहिने हातको मुनि र देब्रे काँधको माथि जनै (यज्ञोपवीत) रहँदा द्विज उपवीती (सव्य) भनिन्छ र यसको विपरीत छ भने प्राचीनावीती (अपसव्य) भनिन्छ र कण्ठ (गला) मा जनै छ भने नीवीती भनिन्छ।

मेखलामजिनं दण्डमुपवीतं कमण्डलुम्।
अप्सु प्रास्य विनष्टानि गृह्णीतान्यानि मन्त्रवत् ॥ ६४ ॥

मेखला, मृगको छाला, दण्ड, यज्ञोपवीत र कमण्डलु- यीमध्ये कुनै छिन्न-भिन्न (च्यातिए, फाटे, टुटे) भएमा तिनलाई जलमा विसर्जन गरेर मन्त्रोच्चारण गरी अर्को धारण गर्नुपर्छ।

केशान्तः षोडशे वर्षे ब्राह्मणस्य विधीयते।
राजन्यबन्धोर्द्वाविंशे वैशस्य द्व्याधिके ततः ॥ ६५ ॥

ब्राह्मणको सोह्र वर्ष पुगेपछि, क्षत्रियको बाइस वर्ष पुगेपछि र वैश्यको चौबीस वर्ष पुगेपछि केशान्त संस्कार गर्नुपर्छ।

अमन्त्रिका तू कार्येयं स्त्रीणामावृदशेषतः।
संस्कारार्थं शरीरस्य यथाकालं यथाक्रमम् ॥ ६६ ॥

यथासमय यथाक्रमले पूर्वोक्त सबै संस्कार स्त्रीहरूको शरीर शुद्धिका निमित्त बिना मन्त्रले गर्नुपर्छ।

वैवाहिको विधिः स्त्रीणां संस्कारो वैदिकः स्मृतः ।
पतिसेवा गुरौ वासो गृहार्थोऽग्निपरिक्रिया ॥ ६७ ॥

स्त्रीहरूको वैदिक संस्कार (विवाह विधि) नै हो । स्त्रीहरूका निम्ति पतिको सेवा नै गुरुकुलको वास हो र घरका काम-धन्धा नै नित्यको हवनादि हुन्छ ।

एष प्रोक्तो द्विजातीनामौपनायनिको विधिः ।
उत्पत्तिव्यञ्जकः पुण्यः कर्मयोगं निबोधत ॥ ६८ ॥

माथि बताइएका सबै कुराहरू द्विजातिहरूका उपनयनको विधि बताइयो, जसले उनका पूर्वका पुण्यलाई प्रकट गर्दछन् । अब तिनका कर्मयोगलाई सुन्नुहोस् ।

उपनीय गुरुः शिष्यं शिक्षयेच्छौचमादितः ।
आचारमग्निकार्यं च संध्योपासनमेव च ॥ ६९ ॥

गुरुले शिष्यको उपनयन संस्कार गरिसकेपछि पहिला शौच, आचार, अग्निहोत्र र सन्ध्योपासनाको शिक्षा दिउन् ।

अध्येष्यमाणस्त्वाचान्तो यथाशास्त्रमुदङ्मुखः ।
ब्रह्माञ्जलिकृतोऽध्याप्यो लघुवासा जितेन्द्रियः ॥ ७० ॥

गुरुबाट पढ्न इच्छा गर्ने शिष्यले शुद्ध वस्त्र धारण गरेर शास्त्रविधिले आचमन गरी उत्तर मुख र जितेन्द्रिय भएर ब्रह्माञ्जलि गरी गुरुको छेउमा बसून् र यस्ता शिष्यलाई गुरुले पढाउन् ।

ब्रह्मारम्भेऽवसाने च पादौ ग्राह्यौ गुरोः सदा ।
संहत्य हस्तावध्येयं स हि ब्रह्माञ्जलिः स्मृतः ॥ ७१ ॥

सधैं पढ्नुभन्दा पहिला र पढिसकेपछि गुरुको चरण स्पर्श गर्नुपर्छ अनि हात जोडेको जोडेरै पढ्नुपर्छ, यसैलाई ब्रह्माञ्जलि भन्दछन् ।

व्यत्यस्तपाणिना कार्यमुपसंग्रहणं गुरोः ।
सव्येन सव्यः स्प्रष्टव्यो दक्षिणेन च दक्षिणः ॥ ७२ ॥

आफ्नो दाहिने हातले गुरुको दाहिने पाउ र देब्रे हातले देब्रे पाउ समाएर ढोग्नुपर्छ ।

अध्येष्यमाणं तु गुरुर्नित्यकालमतन्द्रितः ।
अधीष्व भो इति ब्रूयाद्विरामोऽस्त्विति चारमेत् ॥ ७३ ॥

आलस्यलाई छोडेर गुरुले पढ्ने शिष्यलाई दिनहुँ पढाउने बेला 'हे शिष्य! पढ ।' यस्तो भनुन् र पढाइ सिध्याएपछि 'पाठ राख' यस्तो भनेर पढाउन बन्द गरून् ।

ब्राह्मणः प्रणवं कुर्यादादावन्ते च सर्वदा ।
स्रवत्यनोङ्कृतं पूर्वं पुरस्ताच्च विशीर्यति ॥ ७४ ॥

दिनहुँ अध्ययनको समय अगि प्रणव 'ऊँ' को उच्चारण गर्नुपर्छ र पाठ राख्दा पनि 'ऊँ' को उच्चारण गर्नुपर्छ । 'ऊँ'कारको उच्चारण नगर्नाले पहिला पढेको बिर्सिन्छ र पछि पढेको पाठ पनि बिर्सिन्छ ।

प्राक्कूलान् पर्युपासीनः पवित्रैश्चैव पावितः ।
प्राणायामैस्त्रिभिः पूतस्तत ओङ्कारमर्हति ॥ ७५ ॥

पूर्व दिशामा टुप्पो पारेर राखिएको कुशमाथि बसेर र अनामिका औंलामा पवित्र धारण गरेर तीनपल्ट प्राणायाम गरी पवित्र भई ऊँकारको उच्चारण गर्नुपर्छ ।

अकारं चाप्युकारं मकारं च प्रजापतिः ।
वेदत्रयान्निरदुहद् भुर्भूवःस्वरितीति च ॥ ७६ ॥

ब्रह्माले अकार, उकार र मकार तथा भूर्भुवः स्वः यी तीन व्याहृतिहरूलाई तीनै वेदहरूबाट निकालेका हुन् ।

त्रिभ्य एव तु वेदेभ्यः पादं पादमदूदुहत् ।
तदित्यृचोऽस्याः सावित्र्याः परमेष्ठी प्रजापतिः ॥ ७७ ॥

परमेष्ठी ब्रह्माजीले तीनवटै वेदहरूबाट क्रमशः सावित्रीका एक-एक पाउ गरी तीन पाउलाई झिकेका हुन् ।

एतदक्षरमेतां च जपन् व्याहृतिपूर्विकाम् ।
संध्ययोर्वेदविद्विप्रो वेदपुण्येन युज्यते ॥ ७८ ॥

ॐकारसहित तीन पाउ व्याहृतिपूर्वक सावित्रीको जाप दुवै सन्ध्यकालमा गर्ने वेदज्ञ ब्राह्मण सम्पूर्ण वेदपाठ गरिएका पुण्यले युक्त हुन्छन् ।

सहस्रकृत्वस्त्वभ्यस्य बहिरेतत्त्रिकं द्विजः ।
महतोऽप्येनसो मासात्त्वचेवाहिर्विमुच्यते ॥ ७९ ॥

द्विजले यी तीनै (प्रणव, व्याहृति र सावित्री) लाई बाहिर (एकान्त ठाउँमा) एकाग्र चित्तले एक महिनासम्म दिनहुँ एक हजार जाप गरेमा धेरै ठूलो पापबाट मुक्त हुन जान्छ, जसरी सर्प आफ्नो काँचुलीबाट मुक्त हुन्छ ।

एतचर्याविसंयुक्तः काले च क्रियया स्वया।
ब्रह्मक्षत्रियविट्योनिर्गर्हणां याति साधुषु॥ ८०॥

सन्ध्याकाल बाहेक अरू समयमा सावित्रीको जाप र हवनादि गर्ने द्विज ब्राह्मण, क्षत्रिय र वैश्य, साधुसमाज (सज्जनहरू) मा निन्दित हुन्छन्।

ओङ्कारपूर्विकास्तिस्रो महाव्याहृतयोऽव्ययाः।
त्रिपदा चैव सावित्री विज्ञेयं ब्रह्मणो मुखम्॥ ८१॥

ॐकार पूर्वक तीनै महाव्याहृति (भू, भुव, स्वः) र त्रिपदा सावित्री, अव्यय र वेदका मुख हुन्।

योऽधीतेऽहन्यहन्येतांस्त्रीणि वर्षाण्यतन्द्रितः।
स ब्रह्म परमभ्येति वायुभूतः खमूर्तिमान्॥ ८२॥

जसले आलस्यलाई त्यागेर तीन वर्षसम्म लगातार यिनको (ॐकार व्याहृति पूर्वक सावित्रीको) प्रतिदिन जाप गर्दछ, त्यो वायुझैं शीघ्रगामी भएर आकासको स्वरूप धारण गरी परब्रह्ममा गएर मिल्छ।

एकाक्षरं परं ब्रह्म प्राणायामाः परं तपः।
सावित्र्यास्तु परं नास्ति मौनात्सत्यं विशिष्यते॥ ८३॥

एकाक्षर (ॐ) परब्रह्म हो र प्राणायाम परम तप हो। सावित्रीभन्दा बढेर कुनै अर्को मन्त्र हुँदैन र मौनभन्दा सत्य बोल्नु श्रेष्ठ हुन्छ।

क्षरन्ति सर्वा वैदिक्यो जुहोतियजतिक्रियाः।
अक्षरं दुष्करं ज्ञेयं ब्रह्म चैव प्रजापतिः॥ ८४॥

वेदविहित सबै हवन, यज्ञादि कर्महरूको फल नष्ट हुन जान्छ तर प्रजापति ब्रह्मस्वरूप ॐकारको कहिलै नाश हुँदैन।

विधियज्ञाज्जपयज्ञो विशिष्ये दशभिर्गुणैः।
उपांशुः स्याच्छतगुणः साहस्रो मानसः स्मृतः॥ ८५॥

विधियज्ञ (औंशी र पूर्णिमामा गरिने) भन्दा जपयज्ञ (प्रणवादि जप) दश गुणा बढी फल दिने हुन्छ र उपांशु जप (ओठ र जिब्रो चल्ने तर केही नसुनिने) ले सय गुणा र उपांशु भन्दा मानस जप (मनले जप्ने) हजार गुणा बढी फल दिने हुन्छ।

ये पाकयज्ञाश्चत्वारो विधियज्ञसमन्विताः।
सर्वे ते जपयज्ञस्य कलां नार्हन्ति षोडशीम्॥ ८६॥

जुन चार पाकयज्ञ (पितृकर्म, हवन, बलि, वैश्वदेव) विधियज्ञका बराबर हुन्छन्, ती सबै जप यज्ञको सोह्रौं भागको बराबर पनि हुँदैनन्।

जाप्येनैव तु संसिध्येद् ब्राह्मणो नात्र संशयः।
कुर्यादन्यन्न वा कुर्यान्मैत्रो ब्राह्मण उच्यते॥ ८७॥

यसमा कुनै सन्देह छैन कि जाप मात्र गर्नाले ब्राह्मण सिद्ध हुन्छ। अरू यज्ञ, हवनादि गरून् वा नगरून् त्यतिले नै (जप मात्रले) ब्राह्मण मन्त्र कहलाउँछन्।

इन्द्रियाणां विचरतां विषयेष्वपहारिषु।
संयमे यत्नमातिष्ठेद्विद्वान्यन्तेव वाजिनाम्॥ ८८॥

विद्वान्का बुद्धिलाई हरण गर्ने, अन्य विषयहरूमा विचरण गर्दै इन्द्रियहरूको संयम गर्नमा प्रयत्नशील हुनुपर्छ, जस्तै सारथी घोडालाई रोक्नमा प्रयनशील हुन्छन्।

एकादशेन्द्रियाण्याहुर्यानि पूर्वे मनीषिणः।
तानि सम्यक्प्रवक्ष्यामि यथावदनुपूर्वशः॥ ८९॥

प्राचीन ऋषिहरूले जुन एघांर इन्द्रियहरू बताएका छन्, क्रमैसित अब सम्पूर्ण ती इन्द्रियहरूलाई र उनका कर्महरूलाई यथावत भन्दछु।

श्रोत्रं त्वक्चक्षुषो जिह्वा नासिका चैव पञ्चमी।
पायूपस्थं हस्तपादं वाक्चैव दशमी स्मृता॥ ९०॥

कान, त्वचा (छाला), नेत्र, जिह्वा, गुदा, लिंग, हात, खुट्टा र वाणी- यी दशौं इन्द्रिय (दशेन्द्रिय) भनिन्छ।

बुद्धीन्द्रियाणि पञ्चैषां श्रोत्रादीन्यनुपूर्वशः।
कर्मेन्द्रियाणि पञ्चैषां पाय्वादीनि प्रचक्षते॥ ९१॥

यिनमा कान, त्वचा, नेत्र, जिह्वा र नाक यी पाँच बुद्धीन्द्रिय र गुदा, लिंग, हस्त, पाउ र वाणी यी पाँच कर्मेन्द्रिय हुन्।

एकादशं मनो ज्ञेयं स्वगुणेनोभयात्मकम्।
यस्मिञ्जिते जितावेतौ भवतः पञ्चकौ गुणौ॥ ९२॥

उभयात्मक (ज्ञान र कर्म दुवै इन्द्रियहरूमा रहने) एघारौं मन हो, जसलाई जित्नाले यी दुवै इन्द्रियहरू वशमा हुन जान्छन्।

इन्द्रियाणां प्रसङ्गेन दोषमृच्छत्यसंशयम्।
संनियम्य तु तान्येव ततः सिद्धिं नियच्छति॥ ९३॥

इन्द्रियहरूका प्रसङ्गबाट नै मनुष्य दोषलाई (अधर्मलाई) प्राप्त हुन्छ, यसमा कुनै सन्देह छैन र तिनलाई जित्नाले नै सिद्धि प्राप्त गर्दछ।

न जातु कामः कामानामुपभोगेन शाम्यति।
हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्धते॥ ९४॥

इच्छाहरू अनुकूल भोगलाई भोग्नाले इच्छाको पूर्ति हुँदैन। तर जसरी आगोमा घिउ हाल्नाले अग्नि (आगो) झन् माथि उठ्छ त्यसरी नै इच्छामा पनि वृद्धि हुन जान्छ।

यश्चैतान्प्राप्नुयात्सर्वान् यश्चैतान्केवलनांस्त्यजेत्।
प्रापणात्सर्वकामानां परित्यागो विशिष्यते॥ ९५॥

जसले यी सबै कुरो प्राप्त गर्दछ, जसले यी सबै कुरो त्यागदछ (दुवैमा त्याग्ने नै श्रेष्ठ हुन्छ) किनकि यी सबै इच्छाहरूलाई प्राप्त गर्नुको अपेक्षा तिनलाई त्याग्नु नै श्रेष्ठ हुन्छ।

न तथैतानि शक्यन्ते संनियन्तुमसेवया।
विषयेषु प्रजुष्यनि यथा ज्ञानेन नित्यशः॥ ९६॥

जसरी विषयहरूमा आसक्त इन्द्रिय ज्ञानका वशद्वारा सधैं रोक्न सकिन्छ त्यसैगरी तिनको सेवन नगर्नाले ती नियन्त्रणमा आउन सक्छन्।

वेदास्त्यागश्च यज्ञाश्च नियमांश्च तपांसि च।
न विप्रदुष्टभावस्य सिद्धिं गच्छन्ति कर्हिचित्॥ ९७॥

भोगादि विषयहरूमा लागेका मनुष्यहरूलाई वेदाध्ययन, यज्ञ, नियम र तपस्या- यिनले कहिलै सिद्धि दिदैनन्।

श्रुत्वा स्पृष्ट्वा च दृष्ट्वा च भुक्त्वा घ्रात्वा च यो नरः।
न हृष्यति ग्लायति वा स विज्ञेयो जितेन्द्रियः॥ ९८॥

जुन मनुष्य सुनेर, स्पर्श (छोएर) गरेर, खाएर र सुँघेर प्रसन्न र उदास हुँदैन, उही जितेन्द्रिय कहलाउँछ।

इन्द्रियाणां तु सर्वेषां यद्येकं क्षरतीन्द्रियम्।
तेनास्य क्षरति प्रज्ञा दृतेः पादादिवोदकम्॥ ९९॥

सबै इन्द्रियमध्ये एउटा पनि इन्द्रिय ह्रास हुन गयो भने मनुष्यको बुद्धि ह्रास हुन जान्छ, जसरी छिद्रयुक्त भाँडाबाट पानीको ह्रास हुन्छ।

वशे कृत्वेन्द्रियग्रामं संयम्य च मनस्तथा।
सर्वान् संसाधयेदर्थानक्षिण्वन् योगतस्तनुम्॥ १००॥

इन्द्रिय समूहलाई वशमा गरेर, मनलाई रोकेर, योग मार्गद्वारा शरीरलाई सुखी राख्दै सबै पुरुषार्थहरूको साधन गरून्।

पूर्वां सन्ध्यां जपंस्तिष्ठेत् सावित्रीमार्कदर्शनात्।
पश्चिमां तु समासीनः सम्यगृक्षविभावनात्॥ १०१॥

प्रातः सन्ध्यामा पूर्व मुख उभिएर सूर्य दर्शनसम्म सावित्रीको जाप गरून्। सायं सन्ध्यामा पश्चिम मुख गरी बसेर जबसम्म तारा (नक्षत्र) देखिन्न तबसम्म गायत्रीको जाप गरून्।

पूर्वां सन्ध्यां जपन्तिष्ठन्नैशमेनो व्यपोहति।
पश्चिमां तु समासीनो मलं हन्ति दिवाकृतम्॥ १०२॥

प्रातः सन्ध्यामा उभिएर (गायत्री) जाप गर्ने मनुष्यले रातिको पापलाई नाश गर्दछ र सायं संन्ध्या बेला बसेर जाप गर्ने मनुष्यले दिनको पापलाई नाश गर्दछ।

न तिष्ठति तु यः पूर्वां नोपास्ते यश्च पश्चिमाम्।
स शूद्रवद् बहिष्कार्यः सर्वस्माद् द्विजकर्मणः॥ १०३॥

जसले प्रातःकाल र सायंकाल सन्ध्याहरू गर्दैन उसलाई सबै द्विजकर्महरूबाट शूद्रलाई जस्तो बहिस्कृत गर्नुपर्छ।

अपां समीपे नियतो नैत्यकं विधिमास्थितः।
सावित्रीमप्यधीयीत गत्वाऽरण्यं समाहितः॥ १०४॥

निर्जन ठाउँमा जलाशयको छेउ गएर नित्य क्रियाहरू गरिसकेर स्थिरचित्त भई गायत्रीको जाप गर्नुपर्छ।

वेदोपकरणे चैव स्वाध्याये चैव नैत्यके।
नानुरोधोऽस्त्यनध्याये होममन्त्रेषु चैव हि॥ १०५॥

वेदका उपकरण (व्याकरणादि), नित्यको स्वाध्याय (वेदपाठादि), हवन, मन्त्रहरूको जाप- यी सबै कार्य अनध्याय (प्रतिपदा, प्रदोष आदि) मा पनि गर्नुपर्दछ।

नैत्यके नास्त्यनध्यायो ब्रह्मसत्रं हि तत्स्मृतम्।
ब्रह्माहुतिहुतं पुण्यमनध्यायवषट्कृतम्॥ १०६॥

नित्य-कर्ममा अनध्याय हुँदैन, किनकि त्यसलाई ब्रह्मयज्ञ भनिन्छ। ब्रह्म-यज्ञमा वेदाध्याय नै आहुति हो र अनध्यायमा पनि हुने वेदघोष (वषट्कार) नै पुण्य हो।

यः स्वाध्यायमधीतेऽब्दं विधिना नियतः शुचिः।
तस्य नित्यं क्षरत्येषु पयो दधि घृतं मधु॥ १०७॥

जसले स्थिर चित्तले पवित्र भएर विधिपूर्वक एक वर्षसम्म वेदाध्ययन गर्दछ, उसलाई दिनहुँ दूध, घिउ र मह पूर्वोक्त अनध्यायबाट प्राप्त हुन्छ। (देवता र पितृहरूलाई तृप्त गर्दछ)

अग्नीन्धनं भैक्षचर्यामधःशय्यां गुरोर्हितम्।
आसमावर्तनात् कुर्यात् कृतोपनयनो द्विजः॥ १०८॥

उपवीत ब्राह्मणले समिधाहरूद्वारा हवन गर्नु, भिक्षा माग्नु, भूमिमा सुत्नु, गुरुको सेवा (वेदाध्ययन) पर्यन्त गर्नुपर्छ।

आचार्यपुत्रः शुश्रुषुर्ज्ञानदो धार्मिकः शुचिः।
आप्तः शक्तोऽर्थदः साधुः स्वोऽध्याप्या दशधर्मतः॥ १०९॥

गुरुका पुत्र, सेवा गर्ने, धार्मिक, पवित्र, बन्धु, शक्तिशाली, धनदाता (धन दिने), साधु (हितैषी), आत्मीय– यी दस वेद पढाउन योग्य हुन्छन्।

नापृष्टः कस्यचिद् ब्रूयान्न चान्यायेन पृच्छतः।
जानन्नपि हि मेधावी जडवल्लोकमाचरेत्॥ ११०॥

बुद्धिमान हो भन्ने जानेर पनि नसोधी कसैसित केही नबताउने र अन्याय भावले सोध्नेलाई पनि नबताउने। यी दुवैसित जड पदार्थको जस्तो व्यवहार गर्नुपर्छ।

अधर्मेण च यः प्राह यश्चाधर्मेण पृच्छति।
तयोरन्यतरः प्रैति विद्वेषं वाऽधिगच्छति॥ १११॥

जसले अधर्मपूर्वक बोल्छ अनि अधर्मपूर्वक सोध्छ– यी दुवैमा मर्यादामाथि अतिक्रमण गर्ने नाश हुन्छन् वा द्वेषलाई प्राप्त गर्दछन्।

धर्मार्थौ यत्र न स्यातां शुश्रूषा वाऽपि तद्विधा।
तत्र विद्या न वक्तव्या शुभं बीजमिवोषरे॥ ११२॥

जहाँ धर्म र धन हुँदैन, न राम्रो प्रकारको सेवा नै हुन्छ, त्यस्ता ठाउँमा विद्याको उपदेश गर्नु हुँदैन, किनभने यस्ता ठाउँमा उपदेश गरिएको विद्या राम्रो बिउलाई ऊषर भूमिमा रोपेजस्तै निष्फल हुन्छ।

विद्ययैव समं कामं मर्तव्यं ब्रह्मवादिना।
आपद्यपि हि घोरायां न त्वेनामिरिणे वपेत्॥ ११३॥

वेद पढाउने अध्यापकले आफ्नो विद्याको साथमा मर्नु राम्रो हुन्छ, तर घोर आपत्तिमा पनि विद्यालाई उषर भूमिमा रोप्नु (अर्थात् अपात्रलाई दिनु) हुँदैन।

विद्याब्राह्मणमेत्याह शेवधिस्तेऽस्मि रक्ष माम्।
असूयकाय मां मातास्तथा स्यां वीर्यवत्तमा॥ ११४॥

विद्याका अधिष्ठाता देवताले ब्राह्मण (अध्यापक) सित भने- 'म तिम्रो निधि हूँ, मेरो रक्षा गर, वेद निन्दकलाई नदिनु, यसबाट म बलवान् हुनेछु (अन्यथा अपात्रमा पुगें भने मेरो बल घट्ने छ)।

यमेव तु शुचिं विद्यान्नियतब्रह्मचारिणम्।
तस्मै मां ब्रूहि विप्राय निधिपायाप्रमादिने॥ ११५॥

जसलाई संयतेन्द्रिय र ब्रह्मचारी सम्झिन्छौ, उही प्रमादरहित विद्यारूपी निधिको रक्षक ब्राह्मण शिष्यलाई मलाई देऊ।

ब्रह्म यस्त्वननुज्ञातमधीयानादवाप्नुयात्।
स ब्रह्मस्तेयसंयुक्तो नरकं प्रतिपद्यते॥ ११६॥

गुरुबाट वेद पढ्दै गरेका शिष्यले गुरुको अज्ञाबिना नै वेदार्थलाई सुन्दछ त्यो वेदहरू चोरी गर्ने पापबाट युक्त भएर नर्कलाई प्राप्त गर्दछ।

लैकिकं वैदिकं वाऽपि तथाऽध्यात्मिकमेव च।
आददीत यतो ज्ञानं तं पूर्वमभिवादयेत्॥ ११७॥

जसबाट लौकिक, वैदिक र आध्यात्मिक ज्ञानलाई सिकिन्छ तिनलाई पहिला प्रणाम गर्नुपर्छ।

सावित्रीमात्रसारोऽपि वरं विप्रः सुयन्त्रितः।
नायन्त्रितस्त्रिवेदोऽपि सर्वाशी सर्वविक्रयी॥ ११८॥

आफ्ना इन्द्रियहरूलाई वशमा राखी मात्र गायत्री जान्ने ब्राह्मण श्रेष्ठ हुन्छ। तर जो अजितेन्द्रिय छ, सबै कुरा खाने र सबै कुरा बेच्ने हुन्छ, त्यो ब्राह्मण यदि तीनै वेदहरूको जानकार भए पनि श्रेष्ठ हुँदैन।

शय्यासनेऽध्याचरिते श्रेयसा न समाविशेत्।
शय्यासनस्थश्चैवैनं प्रत्युत्थायाभिवादयेत्॥ ११९॥

जुन शय्या र आसनमाथि गुरु बस्दछन् त्यसमा बस्नु हुँदैन अनि आफू शय्या र आसनमाथि बसेको छ भने गुरु आउँदा उठेर गुरुलाई प्रणाम गर्नुपर्छ।

उर्ध्वं प्राणा ह्युत्क्रामन्ति यूनः स्थविर आयति।
प्रत्युत्थानाभिवादाभ्यां पुनस्तान्प्रतिपद्यते॥ १२०॥

आफूभन्दा ठूला आउँदा सानाको प्राण उँभोतिर उच्छ्वासित हुन्छ, यसकारण उभिएर प्रणाम गर्नाले त्यो प्राण फेरि आफ्नो स्थानमा आउँदछ।

अभिवादनशीलस्य नित्यं वृद्धोपसेविनः।
चत्वारि तस्य वर्धन्ते आयुर्विद्या यशो बलम्॥ १२१॥

सधैं ठूलाबडाको सेवा गर्ने र प्रणाम गर्ने पुरुषको आयु, विद्या, यश र बल– यी चार पदार्थ बढ्दछन्।

अभिवादात्परं विप्रो ज्यायांसमभिवादयन्।
असौ नामाहमस्मीति स्वं नाम परिकीर्तयेत्॥ १२२॥

ब्राह्मणलाई, गुरुजनलाई अभिवादन (प्रणाम) गरिसकेपछि आफ्नो नाम पनि बताउनुपर्दछ (जस्तो– अभिवादये अमुक शर्मणा हमस्सिभोः)।

नामधेयस्य ये केचिदभिवादं न जानते।
तं प्राज्ञोऽहमिति ब्रूयात्स्त्रियः सर्वास्तथैव च॥ १२३॥

अभिवादन गर्नमा प्रयुक्त शब्दहरूका अर्थलाई यदि कसैले बुझ्न सकेनन् भने उनीहरूलाई 'म प्रणाम गर्दछु' यस्तो भनेर अभिवादन गर्नु। स्त्रीहरूले पनि यसैगरी अभिवादन गरून्।

भोःशब्दं कीर्तयेदन्ते स्वस्य नाम्नोऽभिवादने।
नाम्नां स्वरूपभावो हि भोर्भाव ऋषिभिः स्मृतः॥ १२४॥

अभिवादन गर्दा आफ्ना नामका आखिरमा (भोः) शब्द भन्नुपर्छ। (१२२ औं श्लोकमा भनिए जस्तै) प्रणाम गरिने व्यक्तिको नाउँको स्वरूपको द्योतक 'भोः' शब्द हो, यस्तो ऋषिहरूको भनाइ छ।

आयुष्मान्भव सौम्येति वाच्यो विप्रोऽभिवादने।
अकारश्चास्य नाम्नोऽन्ते वाच्यः पूर्वाक्षःप्लुतः॥ १२५॥

प्रणाम गरिएका ब्राह्मणले (प्रणाम गर्नेलाई) आयुष्मान् भव सौम्य (तिमी दीर्घजीवी भए) यस्तो भन्नु। यदि प्रणाम गर्ने व्यक्तिको नाउँको पछिल्लो अक्षरमा अकार छ भने त्यसलाई प्लुत (तीन गुणा लामो) उच्चारण गर्नुपर्छ।

यो न वेत्त्यभिवादस्य विप्रः प्रत्यभिवादनम्।
नाभिवाद्यः स विदुषा यथा शूद्रस्तथैव सः॥ १२६॥

जुन विप्रले गरिएका अभिवादनको प्रत्यभिवादन गर्न जान्दैन उसले पण्डितहरूको अभिवादन गर्नुहुँदैन, किनभने जस्ता शूद्र हुन्छन् ती पनि उस्तै हुन्।

ब्राह्मणं कुशलं पृच्छेत्क्षत्रबन्धुमनामयम्।
वैश्यं क्षेमं समागम्य शूद्रमारोग्यमेव च ॥ १२७ ॥

भेटघाटका बखत ब्राह्मणसित कुशल, क्षत्रियसित निरामय, वैश्यसित क्षेम र शूद्रसित अरोग्यता सोध्नु।

अवाच्यो दीक्षितो नाम्ना यवीयानपि यो भवेत्।
भोभवत्पूर्वकं त्वेनमभिभाषेत धर्मवित् ॥ १२८ ॥

दीक्षा प्राप्त व्यक्ति यदि आफूभन्दा कान्छो छ भने उसको नाम काड्नु (लिनु) हुँदैन, धर्मात्मा व्यक्ति भोः अथवा भवन् शब्द भनेर उसको साथ कुरा गरून्।

परपत्नी तु या स्त्री स्यादसम्बन्धा च योनितः।
तां ब्रूयाद्भवतीत्येवं सुभगे भगिनीति च ॥ १२९ ॥

जुन परनारी (अर्काकी पत्नी) हुन्छिन् र जुन स्त्रीका साथ आफ्नो कुनै नाता–सम्बन्ध हुँदैन, तिनलाई भवती (हजुर) सुभगे अथवा भगिनी (दिदी वा बहिनी) भनेर कुरा गर्नुपर्छ।

मातुलांश्च पितृव्यांश्च श्वशुरानृत्विजो गुरून्।
असावहमिति ब्रूयात्प्रत्युत्थाय यवीयसः ॥ १३० ॥

मामा, ठूलोबा–काका, ससुरा, पुरोहित र गुरुजन (वयोवृद्ध, ज्ञानवृद्ध) यदि आफूभन्दा उमेरमा कान्छा भए पनि उठेर (सम्मानको साथ) यति भन्नु कि 'म यो हूँ।' 'म' को ठाउँमा आफ्नो नाम भन्ने।

मातृष्वसा मातुलानी श्वश्रूरथ पितृष्वसा।
संपूज्या गुरुपत्नीवत्समस्ता गुरुभार्यया ॥ १३१ ॥

सानीमा, ठूलीआमा, माइजू, सासू र फुपू– यिनीहरू गुरुपत्नी जस्तै नै पूज्य हुन्, किनकि यी गुरुपत्नी सरह नै हुन्।

भ्रातुर्भार्योपसंग्राह्या सवर्णाऽहन्यहन्यपि।
विप्रोष्य तूपसंग्राह्या ज्ञातिसम्बन्धियोषितः ॥ १३२ ॥

समान वर्णमा विवाह भएकी दाज्यूकी पत्नी (भाउजू) लाई दिनहुँ प्रणाम गर्नुपर्छ। आफ्नो साइनो पर्ने अरू स्त्रीहरू परदेशबाट आएका बखतमा प्रणाम गर्नुपर्छ।

पितुर्भगिन्यां मातुश्च ज्यायस्यां च स्वसर्यपि।
मातृवद् वृत्तिमातिष्ठेन्माता ताभ्यो गरीयसी ॥ १३३ ॥

फुफू, माता र दिदीलाई माता (आमा) जस्तो व्यवहार गर्नुपर्छ, तर यी सबैमा आमालाई नै श्रेष्ठ मानुन्।

दशाब्दाख्यं पौरसख्यं पञ्चाब्दाख्यं कलाभृताम्।
त्र्यब्दपूर्वं श्रोत्रियाणां स्वल्पेनापि स्वयोनिषु॥ १३४॥

गाउँलेहरूसित दस वर्ष, कला जान्नेहरूसित पाँच वर्ष र वेदाध्यायीहरूसित तीन वर्षसम्मको जेठो-कान्छो भएता पनि मित्रताको भाव रहन्छ र आफ्ना सगा-सम्बन्धीहरूसित उमेरमा थोरै पनि जेठो-कान्छोको ख्याल राख्नुपर्छ।

ब्राह्मणं दशवर्षं तु शतवर्षं तु भूमिपम्।
पितापुत्रौ विजानीयाद् ब्राह्मणस्तु तयोः पिता॥ १३५॥

दस वर्षको ब्राह्मण र शय वर्षको क्षत्रिय- यी दुवैलाई पिता-पुत्र, सम्भिनुपर्छ, दुवैमा ब्राह्मण चाहिँ पिता समान हुन्।

वित्तं बन्धुर्यवः कर्म विद्या भवति पञ्चमी।
एतानि मान्यस्थानानि गरीयो यद्यदुत्तरम्॥ १३६॥

धन, बन्धु, अवस्था, कर्म र विद्या- यी पाँच मान्य स्थान हुन्। यिनमा एकभन्दा अर्को उत्तरोत्तर ठूला हुन् (अर्थात् धनभन्दा बन्धु, बन्धुभन्दा अवस्था, अवस्थाभन्दा कर्म र कर्मभन्दा विद्या मान्य हुन्छन्)।

पञ्चानां त्रिषु वर्णेषु भूयांसि गुणवन्ति च।
यत्र स्युः सोऽत्र मानार्हः शूद्रोऽपि दशमीं गतः॥ १३७॥

यी तीन वर्ण (ब्राह्मण, क्षत्रिय, वैश्य)मा जुनसुकै वर्णको पूर्वोक्त पाँच गुणहरूमध्ये जति नै धेरै गुण हुन्छ त्यो पुरुष मान्य हुन्छ र नब्बे वर्षमाथिको शूद्र पनि माननीय हुन्छ।

चक्रिणो दशमीस्थस्य रोगिणो भारिणः स्त्रियाः।
स्नातकस्य च राज्ञश्च पन्था देयो वरस्य च॥ १३८॥

रथमा चढेकाहरूलाई, अति वृद्धलाई, रोगीलाई, भारी बोकेकालाई, स्त्रीलाई, स्नातक (जसको समावर्तन संस्कार भइसकेको छ) लाई, राजालाई र वर (बेहुला) लाई बाटो छोडिदिनुपर्छ (अर्थात् यिनीहरू जुन बाटो भएर आउँदछन् वा जाँदछन् त्यहाँबाट आफू हट्नुपर्छ)।

तेषां तु समवेतानां मान्यौ स्नातकपार्थिवौ।
राजस्नातकयोश्चैव स्नातको नृपमानभाक्॥ १३९॥

उपर्युक्त सबै यदि एकैसाथ छन् भने स्नातक र राजा मान्य हुन्छन्। ती दुवैमा राजाभन्दा स्नातक विशेष मान्य हुन्छन्।

उपनीय तु यः शिष्यं वेदमध्यापयेद् द्विजः।
सकल्पं सरहस्यं च तमाचार्यं प्रचक्षते॥ १४०॥

जुन ब्राह्मण शिष्यको उपवीत गराएर उसलाई कल्प र रहस्य (यज्ञ विद्या र उपनिषद) सँगै वेद पढाउँछ, उसैलाई आचार्य भनिन्छ।

एकदेशं तु वेदस्य वेदाङ्गान्यपि वा पुनः।
योऽध्यापयति वृत्त्यर्थमुपध्यायः स उच्यते॥ १४१॥

जसले वेदको भाग र वेदाङ्ग (व्याकरणादि) आफ्नो जीविकाका निम्ति पढाउँछ, उसलाई उपाध्याय भनिन्छ।

निषेकादीनि कर्माणि यः करोति यथाविधि।
सम्भावयति चान्नेन स विप्रो गुरुरुच्यते॥ १४२॥

जसले गर्भाधानादि कर्महरूलाई यथा विधिले गर्दछ र अन्नले पोषण गराउँछ ती ब्राह्मणलाई गुरु भनिन्छ।

अग्न्याधेयं पाकयज्ञानग्निष्टोमादिकान् मखान्।
यः करोति वृत्तो यस्य स तस्यर्त्विगिहोच्यते॥ १४३॥

जो जसबाट वरण भएर अग्निहोत्र, पाकयज्ञ र अग्निष्टोमादि यज्ञहरूलाई गर्दछ त्यो उसको ऋत्विक कहलाउँछ।

य आवृणोत्यवितथं ब्रह्मणा श्रवणावुभौ।
स माता स पिता ज्ञेयस्तं न द्रुह्येत्कदाचन॥ १४४॥

जुन ब्राह्मणले आफ्ना दुवै कानहरूलाई निर्दोष, सत्यस्वरूप वेद (वेदध्वनि)ले भर्दछन् तिनलाई माता र पिता समान ठान्नुपर्छ, उनीसित कहिलै द्रोह गर्नु हुँदैन।

उपाध्यायान् दशाचार्यं आचार्याणां शतं पिता।
सहस्रं तु पितॄन् माता गौरवेणातिरिच्यते॥ १४५॥

उपाध्यायभन्दा दसगुणा श्रेष्ठ आचार्य, आचार्यभन्दा शयगुणा श्रेष्ठ पिता र पिताभन्दा शयगुणा श्रेष्ठ माता गौरवले युक्त हुन्छिन्।

उत्पादकब्रह्मदात्रोर्गरीयान् ब्रह्मदः पिता।
ब्रह्मजन्म हि विप्रस्य प्रेत्य चेह च शाश्वतम्॥ १४६॥

जन्म दिने पिता र वेद पढाउने आचार्य यी दुवैमा आचार्य पिताभन्दा श्रेष्ठ हुन्छन्, किनभने ब्राह्मणको ब्रह्मजन्म यस लोक र परलोक दुवैमा निरन्तर नित्यत्वलाई प्राप्त हुन्छ।

कामान्माता पिता चैनं यदुत्पादयतो मिथः।
संभूतिं तस्य तां विद्याद्यद्योनावभिजायते॥ १४७ ॥

परस्पर कामवश भएर माता-पिताले जुन शरीरलाई उत्पन्न गर्दछन् त्यो प्राणीको जन्म पशु आदि जस्तो साधारण हो।

आचार्यस्त्वस्य यां जातिं विधिवद्वेदपारगः।
उत्पादयति सावित्र्या सा सत्या साऽजरामरा॥ १४८ ॥

वेदमा पारंगत आचार्यले विधिपूर्वक जुन जातिको सावित्री सुनाएर पुनर्जन्म दिन्छन्, त्यही जाति उसको सत्य, अजर र अमर हुन्छ।

अल्पं वा बहु वा यस्य श्रुतस्योपकरोति यः।
तमपीह गुरुं विद्याच्छ्रुतोपक्रियया तया॥ १४९ ॥

जसले शास्त्रद्वारा थोरै वा धेरै उपकार गर्छ उसलाई पनि त्यो उपकारको प्रत्युपकारमा गुरु मान्नुपर्छ।

ब्राह्मस्य जन्मनः कर्ता स्वधर्मस्य च शासिता।
बालोऽपि विप्रो वृद्धस्य पिता भवति धर्मतः॥ १५० ॥

ब्रह्मत्वलाई जन्म दिने र धर्मका शिक्षाहरूले शासन गर्ने ब्राह्मणको छोरो पनि बालख छ भने धर्मअनुसार वृद्धको पिता हुन्छ।

अध्यापयामास पितॄञ्शिशुराङ्गिरसः कविः।
पुत्रका इतिहोवाच ज्ञानेन परिगृह्य तान्॥ १५१ ॥

अंगिरा ऋषिका विद्वान् पुत्रले आफ्ना ठूलाबा र उनका छोराहरूलाई पढाए र ज्ञानद्वारा तिनलाई ग्रहण गरेर 'पुत्रक' भनेर बोलाए।

ते तमर्थमपृच्छन्त देवानागतमन्यवः।
देवाश्चैतान्समेत्योचुर्न्याय्यं वः शिशुरुक्तवान्॥ १५२ ॥

ती ठूलाबा र उनका छोराहरूले 'पुत्रक' भनेको सुनेर क्रुद्ध भई देवताहरूसित त्यो 'पुत्रक' शब्दको अर्थ सोधे। देवताहरूले एकै स्वरमा भने कि बालकले तिमीहरूलाई पुत्रक भन्यो, त्यो न्यायसंगत छ।

अज्ञो भवति वै बालः पिता भवति मन्त्रदः।
अज्ञं हि बालमित्याहुः पितेत्येव तु मन्त्रदम्॥ १५३ ॥

अज्ञानी नै बालक हुन्छ र मन्त्र दिने (वेद पढाउने) पिता हुन्छ, किनभने मुनिहरूले अज्ञानीलाई बालक र उपदेश दिनेलाई पिता भनेका छन्।

न हायनैर्न पलितैर्न वित्तेन न बन्धुभिः।
ऋषयश्चक्रिरे धर्मं योऽनूवानः स नो महान्॥ १५४॥

धेरै उमेर पुग्नाले वा कपाल फुल्नाले वा धेरै धन र कुटुम्ब हुनाले नै कोही ठूलो हुँदैन। तर ऋषिहरूले यस विषयमा धर्म व्यवस्था यस्तो गरेका छन् कि जसले वेद–वेदांग पढेको छ, उही हामीहरूमा ठूलो हुन्छ।

विप्राणां ज्ञानतो ज्यैष्ठ्यं क्षत्रियाणां तु वीर्यतः।
वैश्यानां धान्यधनतः शूद्राणामेव जन्मतः॥ १५५॥

ज्ञानबाट ब्राह्मणहरूको, बलबाट क्षत्रियहरूको, धन–धान्यबाट वैश्यहरूको र जन्मबाट शूद्रहरूको ज्येष्ठता (ठूलोपन) हुन्छ।

न तेन वृद्धो भवति येनास्य पलितं शिरः।
यो वै युवाप्यधीयानस्तं देवाः स्थविरं विदुः॥ १५६॥

मात्र शिरको कपाल फुल्दैमा कोही वृद्ध हुँदैन, तर जसले वेद-वेदांग पढेको छैन, त्यो युवा भएर पनि वृद्ध हुन्छ, यस्तो देवताहरूले भनेका छन्।

यथा काष्ठमयो हस्ती यथा चर्ममयो मृगः।
यश्च विप्रोऽनधीयानस्त्रयस्ते नाम बिभ्रति॥ १५७॥

जस्तो काठको हात्ती र छालाको मृग हुन्छ, त्यस्तै नपढेको ब्राह्मण मात्र नामधारी हुन्छ।

यथा शण्ढोऽफलः स्त्रीषु यथा गौर्गवि चाफला।
यथा चाज्ञेऽफलं दानं तथा विप्रोऽनृचोऽफलः॥ १५८॥

जसरी स्त्रीहरूमा नपुंसक निष्फल हुन्छ, जसरी गाईहरूमा गोरू निष्फल हुन्छ, जसरी मूर्खलाई दिएको दान निष्फल हुन्छ त्यसैगरी वेदका ऋचाहरू नजान्ने ब्राह्मण निष्फल हुन्छ।

अहिंसयैव भूतानां कार्यं श्रेयोऽनुशासनम्।
वाक्चैव मधुरा श्लक्ष्णा प्रयोज्या धर्ममिच्छता॥ १५९॥

प्राणीहरूका कल्याणका लागि अहिंसाद्वारा नै अनुशासन गर्नु श्रेष्ठ हुन्छ, धार्मिक शासकले मीठा र नम्र वचनहरूको प्रयोग गर्नुपर्छ।

यस्य वाङ्मनसी शुद्धे सम्यग्गुप्ते च सर्वदा।
स वै सर्वमवाप्नोति वेदान्तोपगतं फलम्॥ १६०॥

जसको वाणी र मन शुद्ध र सधैँभरि राम्रो प्रकारले सुरक्षित छ, उसले वेदान्तमा बताइएका सबै फल प्राप्त गर्दछ।

नारुंतुदः स्यादार्तोऽपि न परद्रोहकर्मधीः।
ययास्योद्विजते वाचा नालोक्यां तामुदीरयेत्॥ १६१॥

स्वयं दुःखी भएर पनि कसैको मन दुखाउनु हुँदैन, परद्रोह (अरूसित शत्रुता) को भाव पनि राख्नु हुँदैन, र यस्तो वचन पनि बोल्नु हुँदैन जसले गर्दा अरूलाई कष्ट पुगोस्।

सन्मानाद् ब्राह्मणो नित्यमुद्विजेत विषादिव।
अमृतस्येव चाकाङ्क्षेदवमानस्य सर्वदा॥ १६२॥

सम्मानलाई विषजस्तो ठानेर ब्राह्मण सधैँ निरपेक्ष रहुन् र अपमानलाई अमृतजस्तो ठानेर सधैँ त्यसको इच्छा राखून्।

सुखं ह्यवमतः शेते सुखं च प्रतिबुध्यते।
सुखं चरति लोकेऽस्मिन्नवमन्ता विनश्यति॥ १६३॥

अपमानित पुरुष सुखले निदाउँछ, सुखले बिउँझिन्छ र सुखै गरेर संसारमा विचरण (घुमफिर) गर्छ, तर अपमान गर्ने पुरुष भने नष्ट भएर जान्छ।

अनेन क्रमयोगेन संस्कृतात्मा द्विजः शनैः।
गुरौ वसन्सञ्चिनुयाद् ब्रह्माधिगमिकं तपः॥ १६४॥

यसरी संस्कार पाएर ब्राह्मणले गुरुको साथमा रहेर वेद-ज्ञानबाट प्राप्त गर्ने तपलाई विस्तारै-विस्तारै सञ्चय गरून्।

तपोविशेषैर्विविधैर्व्रतैश्च विधिचोदितैः।
वेदः कृत्स्नोऽधिगन्तव्यः सरहस्यो द्विजन्मना॥ १६५॥

अनेक प्रकारका तप विशेष र अनेक प्रकारका 'विधिवत् व्रतहरूका अनुष्ठानादिबाट द्विजहरूले उपनिषदसहित सम्पूर्ण वेदको अध्ययन गर्नुपर्छ।

वेदमेव सदाभ्यस्येत्तपस्तप्स्यन्द्विजोत्तमः।
वेदाभ्यासो हि विप्रस्य तपः परमिहोच्यते॥ १६६॥

सधैँ तपस्या गर्दै द्विज (ब्राह्मण) ले वेदको अभ्यास गरून्, किनभने वेदाभ्यास नै द्विजको परम् तप हो।

आ हैव स नखाग्रेभ्यः परमं तप्यते तपः।
यः स्रग्व्यपि द्विजोऽधीते स्वाध्यायः शक्तितोऽन्वहम्॥ १६७॥

जुन द्विज माला लगाएर आफ्नो शक्तिअनुसार दिनहुँ वेद पढ्दछ, उसले नङका टुप्पासम्म (सम्पूर्ण शरीरसम्म) तप गर्छ।

योऽनधीत्य द्विजो वेदमन्यत्र कुरुते श्रमम्।

स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वयः॥ १६८॥

जुन द्विजले वेद नपढी अरू शास्त्रहरूमा परिश्रम गर्दछ, त्यसले जीवित हुँदै वंशसहित शूद्रतालाई प्राप्त गर्दछ।

मातुरग्रेऽधिजननं द्वितीयं मौञ्जिबन्धने।

तृतीयं यज्ञदीक्षायां द्विजस्य श्रुतिचोदनात्॥ १६९॥

द्विजको जन्म पहिलो माताबाट, दोस्रो यज्ञोपवीतको समय र तेस्रो यज्ञदीक्षाको समयमा वेदद्वारा हुन्छ।

तत्र यद् ब्रह्मजन्मास्य मौञ्जीबन्धनचिह्नितम्।

तत्रास्य माता सावित्री पिता त्वाचार्य उच्यते॥ १७०॥

पूर्वोक्त तीनै जन्महरूमा मौञ्जी (यज्ञोपवीत) द्वारा चिह्नित जन्ममा माता गायत्री र पिता आचार्य हुन्छन्।

वेदप्रदानादाचार्यं पितरं परिचक्षते।

न ह्यस्मिन्युज्यते कर्म किञ्चिदामौञ्जिबन्धनात्॥ १७१॥

वेदको शिक्षा दिनाले आचार्यलाई पिता भनिन्छ, किनभने यज्ञोपवीत हुनुभन्दा अघि कुनै पनि वैदिक कर्म गर्ने क्षमता द्विजलाई हुँदैन।

नाभिव्याहारयेद् ब्रह्म स्वधानिनयनादृते।

शूद्रेण हि समस्तावद्यावद्वेदे न जायते॥ १७२॥

श्राद्धमा पढिने वेद मन्त्रहरूलाई छोडेर (अनुपनीत द्विजले) वेद-मन्त्रको उच्चारण नगरून्, किनभने जबसम्म वेदारम्भ हुँदैन तबसम्म ऊ शूद्रको समान रहन्छ।

कृतोपनयनस्यास्य व्रतादेशनमिष्यते।

ब्रह्मणो ग्रहणं चैव क्रमेण विधिपूर्वकम्॥ १७३॥

यज्ञोपवीत भइसकेपछि वटु (ब्रह्मचारी बालक)ले व्रतको उपदेश लिनुपर्छ अनि मात्र विधिपूर्वक वेदको अध्ययन गर्नुपर्दछ।

यद्यस्य विहितं चर्म यत्सूत्रं या च मेखला।

यो दण्डो यच्च वसनं तत्तदस्य व्रतेष्वपि॥ १७४॥

जुन वटुका निम्ति जुन चर्म, सूत्र, मेखला, दण्ड र वस्त्र उपनयनमा विहित छन् ती उसका निम्ति व्रतहरूमा पनि विहित हुन्छन्।

सेवेतेमांस्तु नियमान्ब्रह्मचारी गुरौ वसन्।
सन्नियम्येन्द्रियग्रामं तपोवृद्ध्यर्थमात्मनः॥ १७५॥

गुरुका पासमा रहँदा ब्रह्मचारीले इन्द्रियहरूलाई वशमा राख्दै आफ्ना तपस्याको वृद्धिका लागि यी तल भनिएका नियमहरूको पालना गरून्।

नित्यं स्नात्वा शुचिः कुर्याद्देवर्षिपितृतर्पणम्।
देवताभ्यर्चनं चैव समिदाधानमेव च॥ १७६॥

नित्य स्नान गरी पवित्र भएर देवता, ऋषि र पितृहरूलाई तर्पण गरून् त्यसपछि देवताहरूलाई अर्चना र समिधाद्वारा अग्निको अग्न्याधान गरून्।

वर्जयेन्मधुमांसं च गन्धं माल्यं रसान्स्त्रियः।
शुक्तानि यानि सर्वाणि प्राणिनां चैव हिंसनम्॥ १७७॥

ब्रह्मचारीले मधु, मांस, गन्ध, माला, रस, स्त्री, सबै किसिमका मादक पेय र प्राणीहरूको हिंसाको त्याग गरून्।

अभ्यङ्गमञ्जनं चाक्ष्णोरुपानच्छत्रधारणम्।
कामं क्रोधं च लोभं च नर्तनं गीतवादनम्॥ १७८॥

शरीरमा उबटन (तेल, साबुन) र आँखामा गाजल नलगाउन्, जुत्ता नलगाउन् र छाता नओढुन्। काम, क्रोध, लोभ नगरून्, नाच, गीत र बाजाबाट टाढै रहुन्।

द्यूतं च जनवादं च परिवादं तथानृतम्।
स्त्रीणां च प्रेक्षणालम्भमुपघातं परस्य च॥ १७९॥

जूवा, कलह (झैंझगडा), निन्दा, झुटो, स्त्रीहरूलाई सकाम दृष्टिले हेर्नु र तिनलाई आलिङ्गन गर्नु र अरूको निन्दा गर्नु- यी सबैको ब्रह्मचारीले त्याग गर्नुपर्छ।

एकः शयीत सर्वत्र न रेतः स्कन्दयेत्क्वचित्।
कामाद्धि स्कन्दयन् रेतो हिनस्ति व्रतमात्मनः॥ १८०॥

सर्वत्र (सबैतिर) एक्लै सुतुन्, कहिलै वीर्यपात नगरून्, इच्छाद्वारा वीर्यपात गर्नाले आफ्नो व्रतको नाश गर्दछ।

स्वप्ने सिक्त्वा ब्रह्मचारी द्विजः शुक्रमकामतः।
स्नात्वामर्कमर्चयित्वा त्रिः पुनर्मामित्यृचं जपेत्॥ १८१॥

यदि ब्रह्मचारी द्विजको अनिच्छाले वीर्यपात भयो भने स्नान गरेर सूर्यको पूजा गरी 'पुनर्मां' यस ऋचा (मन्त्र) को तीनपल्ट जाप गरून्।

उदकुम्भं सुमनसो गोशकृन्मृत्तिकाकुशान्।
आहरेद्यावदर्थानि भैक्षं चाहरहश्चरेत्॥ १८२॥

जलको घडा, पुष्प (फूल), गोबर, माटो र कुश आवश्यकताअनुसार ल्याउन् र प्रतिदिन भिक्षा पनि ब्रह्मचारीले ल्याउन्।

वेदयज्ञैरहीनानां प्रशस्तानां स्वकर्मसु।
ब्रह्मचार्याहरेद्भैक्षं गृहेभ्यः प्रयतोऽन्वहम्॥ १८३॥

जो वेद र यज्ञहरूमा निर्लिप्त छन् र आफ्ना धर्म-कर्ममा श्रेष्ठ छन्- यस्ता गृहस्थको घरबाट प्रतिदिन ब्रह्मचारीले प्रयत्न गरेर भिक्षा मागेर ल्याउन्।

गुरोः कुले न भिक्षेत न ज्ञातिकुलबन्धुषु।
अलाभे त्वन्यगेहानां पूर्वं पूर्वं विवर्जयेत्॥ १८४॥

गुरुको कुलमा, आफ्ना जाति-भाइ र कुल-बन्धुहरूको घरमा भिक्षा नमागुन्, यदि अरू घरहरूको अभाव (अर्थात् अरूको घरबाट भिक्षा नपाइए) भए क्रमैसित पहिलाको त्याग गरेर भिक्षा मागुन्।

सर्वं वापि चरेद् ग्रामं पूर्वोक्तानामसम्भवे।
नियम्य प्रयतो वाचमभिशस्तांस्तु वर्जयेत्॥ १८५॥

यदि माथि बताइएका मानिसहरू नभएमा मौन भएर जहाँ जुन गाउँमा भए पनि भिक्षाका लागि जाउन् तर पापीहरूसित भिक्षा नलिउन्।

दुरादाहृत्य समिधः सन्निदध्याद्विहायसि।
सायंप्रातश्च जुहुयात्ताभिरग्निमतन्द्रितः॥ १८६॥

टाढाबाट समिधा ल्याएर तिनलाई माथि (छप्परमा) राखुन् र बिहान-बेलुकी आलस्यरहित भएर त्यसले अग्निमा हवन गरून्।

अकृत्वा भैक्षचरणमसमिध्य च पावकम्।
अनातुरः सप्तरात्रमवकीर्णिव्रतं चरेत्॥ १८७॥

आरोग्य अवस्थामा यदि सात रातसम्म ब्रह्मचारीले भिक्षा माग्दैन र अग्निमा समिधाको हवन गर्दैनन् भने उनले अवकीर्णित व्रत गर्नुपर्छ।

भैक्षेण वर्त्तयेन्नित्यं नैकान्नादी भवेद् व्रती।
भैक्षेण व्रतिनो वृत्तिरुपवाससमा स्मृता॥ १८८॥

नित्य भिक्षावृत्ति गर्नुपर्छ, एउटै घरको अन्न खाएर ब्रह्मचारीले रहनु हुँदैन। भिक्षावृत्तिले रहँदा उपवास गरेको बराबर हुन्छ।

व्रतवद्देवदैवत्ये पित्र्ये कर्मण्यथर्षिवत्।
काममभ्यर्थितोऽश्नीयाद् व्रतमस्य न लुप्यते॥ १८९ ॥

देवकर्ममा देवताका तृप्तिका निम्ति र पितृकर्ममा पितृहरूका तृप्तिका निम्ति निमन्त्रित बह्मचारी ऋषि झैं समस्त आफ्ना व्रतानुकूल यथेष्ठ भोजन गरून् यसबाट उनको व्रत भंग हुँदैन।

ब्राह्मणस्यैव कर्मैतदुपदिष्टं मनीषिभिः।
राजन्यवैश्ययोस्त्वेवं नैतत्कर्म विधीयते॥ १९० ॥

उपर्युक्त कर्म केवल ब्राह्मणका निम्ति हुन्, यस्तो विद्वान्हरूले भनेका छन्। क्षत्रिय र वैश्यका निम्ति यी कर्म होइनन्।

चोदितो गुरुणा नित्यमप्रचोदित एव वा।
कुर्यादध्ययने यत्नमाचार्यस्य हितेषु च॥ १९१ ॥

गुरुले भने पनि अथवा नभने पनि नित्य वेदको अध्ययनमा र आचार्य (गुरु) का सेवामा प्रयत्नशील हुनुपर्छ।

शरीरं चैव वाचं च बुद्धीन्द्रियमनांसि च।
नियम्य प्राञ्जलिस्तिष्ठेद्वीक्षमाणो गुरोर्मुखम्॥ १९२ ॥

शरीर, वाणी, बुद्धि, इन्द्रिय र मनलाई नियन्त्रणमा राखेर हात जोडेर गुरुका मुखतिर हेर्दै स्थिर रहुन्।

नित्यमुद्धृतपाणिः स्यात्साध्वाचारः सुसंयतः।
आस्यतामिति चोक्तः सन्नासीताभिमुखं गुरोः ॥ १९३ ॥

सुन्दर (राम्रो) भेष र आचरणले युक्त भएर सधैं दाहिने हात बाहिर पार्दै गुरुले भन्दा उनको सामु बसुन्।

हीनान्नवस्त्रवेषः स्यात्सर्वदा गुरुसन्निधौ।
उत्तिष्ठेत्प्रथमं चास्य परमं चैव संविशेत्॥ १९४ ॥

गुरुको छेउमा सधैंभरि गुरुभन्दा थोरै भोजन, वस्त्र र वेशमा रहुन् अनि गुरु सुतेर ब्युँझनु भन्दा पहिला उठुन् र उनी सुतेपछि सुतुन्।

प्रतिश्रवणसंभाषे शयानो न समाचरेत्।
नासीनो न च भुञ्जानो न तिष्ठन्न पराङ्मुखः ॥ १९५ ॥

सुतेका, बसेका, भोजन गर्दै गरेका, फर्किएर उभिएका बेला गुरुसँग बातचीत गर्नु हुँदैन।

आसीनस्य स्थितः कुर्यादभिगच्छंस्तु तिष्ठतः ।
प्रत्युद्गम्य त्वाव्रजतः पश्चाद्धावंस्तु धावतः ॥ १९६ ॥

यदि गुरु बसेका भए आफै उठेर, उभिएका भए सामु गएर, आउँदै गरेका भए उनको सन्मुख गएर, हिंड्दै गरेका भए उनको पछाडि गएर गुरुको आज्ञा सुन्नुपर्छ।

पराङ्मुखस्याभिमुखो दूरस्थस्यैत्य चान्तिकम् ।
प्रणम्य तु शयानस्य निदेशे चैव तिष्ठतः ॥ १९७ ॥

गुरु अर्कातिर फर्किएर उभिएका भए उनको सामु भएर, टाढा भए उनको नजिकमा गएर, सुतेका छन् भने प्रणाम गरेर, आफ्नो छेउमा बसेका छन् भने शिर निहुराएर उनको कुरा सुनुन्।

नीचं शय्यासनं चास्य सर्वदा गुरुसन्निधौ ।
गुरोस्तु चक्षुर्विषये न यथेष्टासनो भवेत् ॥ १९८ ॥

शिष्यले सधैंभरि गुरुको नजिकमा आफ्नो ओछ्यान र आसन उनको भन्दा अलि होचोमा राख्नुपर्छ। गुरुका सामुमा आफ्नो इच्छाले कुनै पनि आसनमा बस्नु हुँदैन।

नोदाहरेदस्य नाम परोक्षमपि केवलम् ।
न चैवास्यानुकुर्वीत गतिभाषितचेष्टितम् ॥ १९९ ॥

गुरुको परोक्ष (उपस्थिति) मा गुरुको नाम मात्र पनि नलिउन् र गुरु हिंडेका, बोलेका वा अरू कुनै पनि शारीरिक चेष्टाको नक्कल नगरून्।

गुरोर्यत्र परीवादो निन्दा वाऽपि प्रवर्तते ।
कर्णौ तत्र पिधातव्यौ गन्तव्यं वा ततोऽन्यतः ॥ २०० ॥

जहाँ गुरुको उपहास वा निन्दा हुने गर्छ त्यहाँ दुवै कान छोपुन् अथवा अन्यत्र कतै जाउन्।

परीवादात्खरो भवति श्वा वै भवति निन्दकः ।
परिभोक्ता कृमिर्भवति कीटो भवति मत्सरी ॥ २०१ ॥

गुरुको उपहास गर्नाले मरेपछि गधा, निन्दा गर्नाले कुकुर, उनको सम्पत्ति भोग गर्नाले कमिलो र ईर्ष्या गर्नाले कीरा होइन्छ।

दूरस्थो नार्चयेदेनं न क्रुद्धो नान्तिके स्त्रियाः ।
यानासनस्थश्चैवैनमवरुह्याभिवादयेत् ॥ २०२ ॥

परबाट गुरुको पूजा नगरून, क्रोधित भएर वा स्त्रीका छेउमा रहेर पूजा नगरून् । आफू कुनै सवारीमाथि हुँदा गुरु देखिए भने सवारीबाट ओर्लिएर गुरुलाई प्रणाम गरून् ।

प्रतिवातेऽनुवाते च नासीत गुरुणा सह।
असंश्रवे चैव गुरोर्न किञ्चिदपि कीर्तयेत् ॥ २०३ ॥

गुरुको साथमा रहँदा शिष्य यसरी बसुन्- आफ्ना शरीरलाई स्पर्श गर्दै गरेको हावा गुरुलाई स्पर्श नगरोस् अनि गुरुलाई स्पर्श गर्दै आएको हावाले आफ्नो शरीरलाई स्पर्श नगरोस् । कुनै कुरातिर गुरुले ध्यान दिएका छैनन् र सुन्न पनि मन गरेका छैनन् भने त्यति बेला उनीसित केही कुरा पनि नभनुन् ।

गोऽश्वोष्ट्रयानप्रासादस्रस्तरेषु कटेषु च।
आसीत गुरुणा सार्धं शिलाफलकनौषु च ॥ २०४ ॥

गोरु, घोडा र ऊँटले तान्ने सवारीमथि, कोठा, गुन्द्री, ढुङ्गाका चट्टान, चौकी र डुङ्गामा गुरुसित सँगै बस्न सक्नु हुन्छ ।

गुरोर्गुरौ सन्निहिते गुरुवद्वृत्तिमाचरेत् ।
न चानिसृष्ट्ये गुरुणा स्वान्गुरूनभिवादयेत् ॥ २०५ ॥

गुरुका साथमा गुरुका गुरु भए उनको साथ पनि गुरु जस्तै व्यवहार गरून् । गुरुको आज्ञाबिना आफ्ना गुरुजन, मान्यजन (माता-पिता) लाई प्रणाम नगरून् ।

विद्यागुरुष्वेतदेव नित्या वृत्तिः स्वयोनिषु।
प्रतिषेधत्सु चाधर्मान्हितं चोपदिशत्स्वपि ॥ २०६ ॥

विद्या दिने गुरुको साथ, आफूभन्दा ठूला आफन्तहरू जसले अधर्मबाट जोगाउँछन् अनि जसले हित हुने शिक्षा दिन्छ, तिनको साथ गुरुलाई जस्तो व्यवहार गर्नुपर्छ ।

श्रेयःसु गुरुवद्वृत्तिं नित्यमेव समाचरेत् ।
गुरुपुत्रेषु चार्येषु गुरोश्चैव स्वबन्धुषु ॥ २०७ ॥

आफूभन्दा श्रेष्ठजन, पूज्यजन, गुरु-पुत्र र गुरुका कुटुम्बीहरूको साथ नित्य गुरु जस्तै व्यवहार गरून् ।

बालः समानजन्मा वा शिष्यो वा यज्ञकर्मणि ।
अध्यापयन्गुरुसुतो गुरुवन्मानमर्हति ॥ २०८ ॥

गुरुपुत्र उमेरमा आफूभन्दा सानो वा समान हुन्, शिष्य हुन्, यदि अध्यापनका योग्य छन् भने यज्ञकर्ममा ती गुरुका समान नै सम्मानका योग्य हुन्छन् ।

उत्सादनं च गात्राणां स्नापनोच्छिष्ट भोजने।
न कुर्याद् गुरुपुत्रस्य पादयोश्चावनेजनम्॥ २०९॥

गुरुपुत्रको जीउ मिचिदिनु, नुहाइदिनु, उनको जूठो खानु र खुट्टा धोइ दिने पनि गर्नु हुँदैन।

गुरुवत्प्रतिपूज्याः स्युः सवर्णा गुरुयोषितः।
असवर्णास्तु संपूज्याः प्रत्युत्थानाभिवादनः॥ २१०॥

यदि गुरुकी पत्नी सवर्णा (सजातीया) हुन् भने गुरु समान नै यिनी पूजंनीया हुन्छिन्। यदि असवर्णा (विजातीया) हुन् भने मात्र प्रत्युत्थान (उठेर) र अभिवादन गरेर सम्मान गर्नुपर्छ।

अभ्यञ्जनं स्नापनं च गात्रोत्सादनमेव च।
गुरुपत्न्या न कार्याणि केशानां च प्रसाधनम्॥ २११॥

साबुन आदि लगाइदिनु, स्नान गराउनु, जीउ मिचिदिनु र कपाल बाँधीदिनु यी सबै कार्य गुरु–पत्नीको गर्नु हुँदैन।

गुरुपत्नी तु युवतिर्नाभिवाद्येह पादयोः।
पूर्णविंशतिर्षेण गुणदोषौ विजानता॥ २१२॥

गुण–दोषलाई बुझ्न सक्ने पूरै बीस वर्ष उमेर पुगेको शिष्यले युवा गुरुपत्नीको खुट्टा छोएर प्रणाम गर्नु हुँदैन।

स्वभाव एष नारीणां नराणामिह दूषणम्।
अतोऽर्थान्न प्रमाद्यन्ति प्रमदासु विपश्चितः॥ २१३॥

पुरुषहरूलाई दूषित गर्नु स्त्रीहरूको स्वभाव हुन्छ, यसो हुनाले विवेकी पुरुष, युवती स्त्रीहरूका विषयमा कहिलै प्रमाद (घमण्ड) गर्दैनन्।

अविद्वांसमलं लोके विद्वांसमपि वा पुनः।
प्रमदा ह्युत्पथं नेतुं कामक्रोधवशानुगम्॥ २१४॥

यस संसारमा जुन काम क्रोधका वशीभूत हुन्छन्, चाहे मूर्ख हुन् वा विद्वान् उनका युवती स्त्री कुमार्गमा लैजान समर्थ हुन्छन्।

मात्रा स्वस्रा दुहित्रावा न विविक्तासनो भवेत्।
बलवानिन्द्रियग्रामो विद्वांसमपि कर्षति॥ २१५॥

माता (आमा), बहिनी वा छोरीका साथ एउटै आसनमा नबसुन् किनभने बलवान् इन्द्रियहरूका समूह विद्वान्लाई पनि आफूतिर तान्दछन्।

कामं तु गुरुपत्नीनां युवतीनां युवा भुवि।

विधिवद्वन्दनं कुर्यादसावहमिति ब्रुवन्॥ २१६॥

युवा शिष्यले युवती गुरुपत्नीहरूलाई आफ्नो नामको उच्चारण गर्दै विधिपूर्वक प्रणाम गरून्।

विप्रोष्य पादग्रहणमन्वहं चाभिवादनम्।

गुरुदारेषु कुर्वीत सतां धर्ममनुस्मरन्॥ २१७॥

देशान्तरबाट आएर शिष्यले शिष्ट (सज्जन) पुरुषहरू जस्तो धर्मको स्मरण गर्दै देब्रे हातले देब्रे र दाहिने हातले दाहिने पाउलाई र पृथ्वीलाई छुँदै प्रतिदिन गुरुपत्नीको अभिवादन गरून्।

यथा खनन्खनित्रेण नरो वार्यधिगच्छति।

तथा गुरुगतां विद्यां शुश्रूषुरधिगच्छति॥ २१८॥

जसरी कोदालोले जमिन खन्दै जाँदा मनुष्यले जललाई प्राप्त गर्दछ, त्यसैगरी गुरुको सेवा गर्दै जाँदा शिष्यले पनि गुरुको साथमा रहेको विद्यालाई प्राप्त गर्दछ।

मुण्डो वा जटिलो वा स्यादथवा स्याच्छिखाजटः।

नैनं ग्रामेऽभिनिम्लोचेत्सूर्यो नाभ्युदयात्क्वचित्॥ २१९॥

मुण्डन (पूरै कपाल खौरेको) गराएको, जटाधारी वा शिखाको नै जटा राखेको जस्तोसुकै ब्रह्मचारी होस् ऊ गाउँमा रहेको बेला सूर्योदय वा सूर्यास्त हुनु हुँदैन।

तं चेदभ्युदयात्सूर्यः शयानं कामचारतः।

निम्लोचेद्वाऽप्यविज्ञानाज्जपन्नुपवसेद्दिनम् ॥ २२०॥

यदि सूर्योदय भइसकेपछि पनि इच्छावश ब्रह्मचारी सुतिरह्यो भने उनले दिनभरि उपवास गरी गायत्रीको जाप गरून्, यसैगरी आफूले थाहा नपाई सूर्यास्त भएमा भोलिपल्ट जाप र उपवास गरून्।

सूर्येण ह्यभिनिर्मुक्तः शयानोऽभ्युदितश्च यः।

प्रायश्चित्तमकुर्वाणो युक्तः स्यान्महतैनसा॥ २२१॥

यदि सुतिरहेकै समयमा सूर्योदय वा सूर्यास्त भयो भने ब्रह्मचारीले प्रायश्चित्त गर्नुपर्छ, प्रायश्चित्त नगरे ऊ महापापको भागी हुनेछ।

आचम्य प्रयतो नित्यमुभे संध्ये समाहितः।

शुचौ देशे जपञ्जप्यमुपासीत यथाविधि॥ २२२॥

पवित्र ठाउँमा चित्तलाई एकाग्र गरेर नित्य आचमन गरी दुवै (प्रातः, सन्ध्या) सन्ध्या गरेर जप गर्दै विधिपूर्वक सूर्यको उपासना गरून्।

यदि स्त्री यद्यवरजः श्रेयः किञ्चित्समाचरेत्।
तत्सर्वमाचरेद्युक्तो यत्र वाऽस्य रमेन्मनः ॥ २२३ ॥

स्त्री वा शूद्रले कुनै शुभकर्म गर्छन् भने ब्रह्मचर्यपूर्वक नै त्यस कर्मलाई गरून् अथवा शास्त्रले बताइएका जुन कर्म गर्न मन लाग्छ त्यो नै गरून्।

धर्मार्थावुच्यते श्रेयः कामार्थौ धर्म एव च।
अर्थ एवेह वा श्रेयस्त्रिवर्ग इति तु स्थितिः ॥ २२४ ॥

कसैले धर्म र अर्थलाई, कसैले काम र अर्थलाई र कसैले मात्र धर्मलाई अथवा मात्र अर्थलाई नै कल्याणकारक मान्दछन्, तर वास्तवमा अर्थ, धर्म र काम यी तीनै कल्याण दिने हुन्छन्।

आचार्यश्च पिता चैव माता भ्राता च पूर्वजः।
नार्तेनाप्यवमन्तव्या ब्राह्मणेन विशेषतः ॥ २२५ ॥

आचार्य, पिता, माता र ज्येष्ठ भ्राता यिनीहरूको अपमान दुःखी भएता पनि गर्नु हुँदैन, विशेषगरी ब्राह्मणले कहिलै गर्नु हुँदैन।

आचार्यो ब्राह्मणो मूर्तिः पिता मूर्तिः प्रजापतेः।
माता पृथिव्या मूर्तिस्तु भ्राता स्वो मूर्तिरात्मनः ॥ २२६ ॥

आचार्य ब्रह्माको मूर्ति, पिता प्रजापतिको मूर्ति, माता पृथ्वीको मूर्ति र भ्राता (भाइ) आफ्ना आत्माको मूर्ति हुन्।

यं मातापितरौ क्लेशं सहेते सम्भवे नृणाम्।
न तस्य निस्कृतिः शक्या कर्तुं वर्षशतैरपि ॥ २२७ ॥

प्राणीहरूका उत्पत्तिमा माता-पिताले जुन क्लेश सहन गर्नुपर्छ, त्यो क्लेशबाट तिनीहरू सय वर्षमा पनि उऋण हुन सक्दैनन्।

तयोर्नित्यं प्रियं कुर्यादाचार्यस्य च सर्वदा।
तेष्वेव त्रिषु तुष्टेषु तपः सर्वं समाप्यते ॥ २२८ ॥

दुवै (माता-पिता) र आचार्यलाई सधैं प्रसन्न राख्नुपर्छ, यी तीनैलाई प्रसन्न राख्नाले सबै तपस्याहरू पूर्ण हुन्छन्।

तेषां त्रयाणां शुश्रूषा परमं तप उच्यते।
न तैरभ्यननुज्ञातो धर्ममन्यं समाचरेत् ॥ २२९ ॥

यी तीनैको सेवालाई नै परम तप भनिन्छ, यिनका आज्ञाबिना कुनै अर्को धर्मलाई नगरून्।

त एव हि त्रयो लोकास्त एव त्रय आश्रमाः ।
त एव हि त्रयो वेदास्त एवोक्तास्त्रयोऽग्नयः ॥ २३० ॥

यिनै (माता, पिता र आचार्य) तीनै लोक, तीनै आश्रम, तीनै वेद र तीनै अग्नि भनिएका छन् ।

पिता वै गार्हपत्योऽग्निर्मातागिनर्दक्षिणः स्मृतः ।
गुरुराहवनीयस्तु साग्नित्रेता गरीयसी ॥ २३१ ॥

पिता गार्हपत्य अग्नि, माता दक्षिणाग्नि र गुरु आह्वानीय अग्नि हुन् । यी तीनै अग्नि श्रेष्ठ हुन् ।

त्रिष्वप्रमाद्यन्नेतेषु त्रींल्लोकान्विजयेद्गृही ।
दीप्यमानः स्ववपुषा देववद्दिवि मोदते ॥ २३२ ॥

गृहस्थ यी तीनैमा प्रमादहीन हुनाले तीनै लोकलाई जित्दछ, आफ्नो शरीरलाई तेजस्वी गरेर देवता झैं स्वर्गमा प्रसन्नतापूर्वक बास गर्दछ ।

इमं लोकं मातृभक्त्या पितृभक्त्या तु मध्यमम् ।
गुरुशुश्रूषया त्वेवं ब्रह्मलोकं समश्नुते ॥ २३३ ॥

मातामा भक्तिले यस लोकको, पितामा भक्तिले मध्य लोकको र गुरुका सेवाले ब्रह्मलोकको सुखलाई प्राप्त गर्दछ ।

सर्वे तस्यादृता धर्मा यस्यैते त्रय आदृताः ।
अनादृतास्तु यस्यैते सर्वास्तस्याफलाः क्रियाः ॥ २३४ ॥

जसका यी तीन (माता, पिता, गुरु) आदरित हुन्छन्, तिनका सबै धर्म आदरणीय हुन्छन् । जसका यी तीन अनादरित हुन्छन् उसका सबै क्रिया (काम) हरू आदरणीय हुन सक्दैनन् ।

यावत् त्रयस्ते जीवेयुस्तावन्नान्यं समाचरेत् ।
तेष्वेव नित्यं शुश्रूषां कुर्यात्प्रियहिते रतः ॥ २३५ ॥

जबसम्म यी तीन जीवित रहन्छन् तबसम्म उनका प्रसन्न हुने कार्यहरूमा तत्पर रहेर उनको सेवा गरून् र अरू कुनै प्रकारको अनुष्ठान नगरून् ।

तेषामनुपरोधेन पारत्र्यं यद्यदाचरेत् ।
तत्तन्निवेदयेत्तेभ्यो मनोवचनकर्मभिः ॥ २३६ ॥

उनीहरूको सेवामा तत्पर रहँदै उनका आज्ञाले जे-जस्तो पनि मन, वचन र कर्मले अनुष्ठानादि गरून् त्यो सबै उनीहरूमै समर्पित गरून् ।

त्रिष्वेतेष्वितिकृत्यं हि पुरुषस्य समाप्यते।
एष धर्मः परः साक्षादुपधर्मोऽन्य उच्यते॥ २३७॥

यी तीनैमा नै पुरुषको कर्तव्य समाप्त हुन जान्छ, यो नै साक्षात् धर्म हो, यीबाहेक अरू सबै उपधर्म भनिन्छ।

श्रद्दधानः शुभां विद्यामाददीतावरादपि।
अन्त्यादपि परं धर्मं स्त्रीरत्नं दुष्कुलादपि॥ २३८॥

उत्तम विद्यालाई नीचबाट पनि लिनुपर्छ, चाण्डालबाट पनि मोक्ष धर्मको शिक्षा लिनुपर्छ र नीच कुलबाट पनि स्त्री–रत्नलाई लिनुपर्छ।

विषादप्यमृतं ग्राह्यं बालादपि सुभाषितम्।
अमित्रादपि सद्वृत्तममेध्यादपि काञ्चनम्॥ २३९॥

विषबाट अमृत, बालकबाट राम्रा कुरा, शत्रुबाट सदाचार र अपवित्र ठाउँबाट सून लिनुपर्छ।

स्त्रियो रत्नान्यथो विद्या धर्मः शौचं सुभाषितम्।
विविधानि च शिल्पानि समादेयानि सर्वतः॥ २४०॥

स्त्री, रत्न, विद्या, धन, पवित्रता, राम्रा वचन (बोली), अनेक प्रकारका सीपहरू– यी सबै जहाँबाट प्राप्त भए पनि ल्याइहाल्नुपर्छ।

अब्राह्मणादध्ययनमापत्काले विधीयते।
अनुव्रज्या च शुश्रूषा यावदध्ययनं गुरोः॥ २४१॥

आपत्ति काल (समय) मा अब्राह्मणबाट पनि पढ्ने विधान छ, तर यस्ता गुरुको सेवा अध्ययन कालसम्म नै गर्नुपर्छ।

नाब्राह्मणे गुरौ शिष्यो वासमात्यन्तिकं वसेत्।
ब्राह्मणे चाननूचाने काङ्क्षन्गतिमनुत्तमाम्॥ २४२॥

ब्राह्मणदेखि भिन्न गुरुका साथ ब्राह्मण शिष्य आखिरीसम्म वास नगरून्। परम गतिको इच्छा गर्ने शिष्यले वेद–वेदान्तको शिक्षा नदिने ब्राह्मणको साथ पनि नरहुन्।

यदि त्वात्यन्तिकं वासं रोचयेत गुरौ कुले।
युक्तः परिचरेदेनमाशरीरविमोक्षणात्॥ २४३॥

यदि गुरुका साथ धेरै पछिसम्म बस्ने इच्छा हुन्छ भने गुरुको शरीर त्यागपर्यन्त उनको सेवा गरून्।

आ समाप्तेः शरीरस्य यस्तु शुश्रूषते गुरुम्।
स गच्छत्यञ्जसा विप्रो ब्रह्मणः सद्म शाश्वतम्॥ २४४॥

गुरुको शरीर त्यागपर्यन्त जसले गुरुको सेवा गर्दछ, त्यसलाई हठात् श्रेष्ठ ब्रह्मलोक प्राप्त हुन्छ।

न पूर्वं गुरवे किञ्चिदुपकुर्वीत धर्मवित्।
स्नास्यंस्तु गुरुणाऽऽज्ञप्तः शक्त्या गुर्वर्थमाहरेत्॥ २४५॥

धर्मज्ञाता (धर्म बुझ्ने) शिष्यले समावर्तन भन्दा अघि गुरुको केही पनि उपकार नगरून् । व्रत समाप्तिपछि गुरुबाट आज्ञा लिएर उनलाई यथाशक्ति दक्षिणा दिउन्।

क्षेत्रं हिरण्यं गामश्वं छत्रोपानहमासनम्।
धान्यं शाकं च वासांसि गुरवे प्रीतिमावहेत्॥ २४६॥

भूमि, सून, गाई, घोडा, छत्र (छाता), जुत्ता, आसन, धान्य, शाक र वस्त्र गुरुको प्रसन्नार्थ दिउन्।

आचार्ये तु खलु प्रेते गुरुपुत्रे गुणान्विते।
गुरुदारे सपिण्डे वा गुरुवद् वृत्तिमाचरेद्॥ २४७॥

गुरुको शरीर त्यागपछि गुणयुक्त गुरुपुत्र, गुरुपत्नी र गुरुका दाज्यू-भाइलाई गुरुको समान आचरण गरून्।

एतेष्वविद्यमानेषु स्नानासनविहारवान्।
प्रयुञ्जानोऽग्निशुश्रूषां साधयेद्देहमात्मनः॥ २४८॥

यदि यीमध्ये कोही नभए गुरुको अग्निस्थान छेउमै रहेर स्नान, आसन र बिहार गरेर अग्निको सेवा गर्दै आफ्नो शरीरलाई मोक्ष प्राप्तिका निम्ति सधाउन् वा तपाउन्।

एवं चरति यो विप्रो ब्रह्मचर्यमविप्लुतः।
स गच्छत्युत्तमस्थानं न चेहाजायते पुनः॥ २४९॥

जुन ब्राह्मणले यसप्रकार अखण्ड ब्रह्मचर्यको पालन गर्दछ, त्यसले ब्रह्मलोकलाई प्राप्त गर्दछ र फेरि यस लोकमा आउँदैन।

॥ इति द्वितीय अध्याय समाप्त॥

●●

तृतीयोऽध्यायः

षट्त्रिंशदाब्दिकं चर्यं गुरौ त्रैवेदिकं व्रतम्।
तदर्धिकं पादिकं वा ग्रहणान्तिकमेव वा॥ १॥

ब्रह्मचर्य व्रतको पालन गर्दै गुरुका आश्रममा छत्तीस, अठार वा नौ वर्षभित्रमा तीनवटै वेदहरू पढ्नु अथवा तोकिएको समयभन्दा अघि वा पछि जति दिनमा वेद पढेर सकिन्छ त्यति दिनसम्म पढ्नु।

वेदानधीत्य वेदौ वा वेदं वाऽपि यथाक्रमम्।
अविप्लुतब्रह्मचर्यो गृहस्थाश्रममावसेत्॥ २॥

अखण्ड ब्रह्मचर्य व्रतको पालन गर्दै क्रमैसित तीन वेद वा दुई वेद वा एउटा वेद पढेर ब्राह्मणले गृहस्थाश्रममा प्रवेश गरून्।

तं प्रतीतं स्वधर्मेण ब्रह्मदायहरं पितुःक।
स्रग्विणं तल्प आसीनमर्हयेत्प्रथमं गवा॥ ३॥

आफ्ना धर्ममा श्रद्धा राख्ने ती ब्रह्मचारी जसले पिता वा गुरुद्वारा वेद पढेको छ, उनलाई शय्यामाथि बसाएर पुष्प-माला लगाई मधुपर्क विधिबाट पहिला पूजन गर्नुपर्छ।

गुरुणाऽनुमतः स्नात्वा समावृत्तो यथाविधि।
उद्वहेत द्विजो भार्यां सवर्णां लक्षणान्विताम्॥ ४॥

(अनि) गुरुबाट आज्ञा पाएर विधिपूर्वक समावर्तन संस्कार र स्नानादि गरेर ती द्विजले लक्षणयुक्त सजातीय कन्यासित विवाह गरून्।

असपिण्डा च या मातुरसगोत्रा च या पितुः।
सा प्रशस्ता द्विजातीनां दारकर्मणि मैथुने॥ ५॥

जुन कन्या मातृकुलकी सात पुस्ताभित्रकी नहुन्, पितृकुलका गोत्रकी नहुन्, सोही कन्या द्विजातिहरूमा विवाह र सन्तानोत्पादन गर्न योग्य हुन्छिन्।

महान्त्यपि समृद्धानि गोजाविधनधान्यतः।
स्त्रीसम्बन्धे दशैतानि कुलानि परिवर्जयेत्॥ ६॥

गाई-गोरु, भेडा-बाखा र धनधान्यले समृद्ध धनी भए पनि (तल बताइएका) दसवटा दोष भएका कुलसित स्त्री-सम्बन्ध नगरून्।

हीनक्रियं निष्पुरुषं निश्छन्दो रोमशार्शसम्।
क्षय्यामयान्यपस्मारिश्वित्रिकुष्ठिकुलानि च॥ ७॥

जो क्रियाहीन हुन्छन्, जसका पुरुष सन्तति हुँदैनन्, जो वेद पठन-पाठनरहित हुन्छन्, जो स्त्री-पुरुषका शरीरमा धेरै र लामा केश हुन्छन्, जसमा अर्श (बवासीर), क्षय (राजयक्ष्मा), मन्दाग्नि, अपस्मार, श्वेत कुष्ठी (दुहुवी) र कुष्ठ रोग जस्ता रोग हुन्छन्।

नोद्वहेकत्कपिलां कन्यां नाधिकाङ्गीं न रोगिणीम्।

नालोमिकां नातिलोमां न वाचालां न पिङ्गलाम्॥ ८॥

जुन कन्याको कपाल कैलो हुन्छ, जसका धेरै अङ्ग (हात-खुट्टाका औंला छोटो वा लामो) हुन्छन्, जो रोगी, शरीरमा रौं नभएकी वा धेरै रौं भएकी, बढी बोल्ने, जसका पहेंला आँखा हुन्छन्, त्यस्तासित विवाह नगरून्।

नर्क्षवृक्षनदीनाम्नीं नान्त्यपर्वतनामिकाम्।

न पक्ष्यहिप्रेष्यनाम्नीं न च भीषणनामिकाम्॥ ९॥

नक्षत्र, वृक्ष, नदी, म्लेक्ष, पहाड, पक्षी, सर्प र दासीका सदृश जसको नाम हुन्छ तिनीसित र डराउने किसिमका नाम भएकी कन्यासित विवाह नगरून्।

अव्यङ्गाङ्गीं सौम्यनाम्नीं हंसवारणगामिनीम्।

तनुलोमकेशदशनां मृदङ्गीमुद्वहेत्स्त्रियम्॥ १०॥

जसका कुनै अङ्ग बिग्रिएका नहुन्, जसका असल नाम होउन्, हाँस वा हात्ती जस्ता मन्द गति (हिंडाइ) भएकी, साना रौं, पातला केश, साना दाँत र कोमल अङ्ग भएकी, यस्ती कन्यासित विवाह गरून्।

यस्यास्तु न भवेद् भ्राता न विज्ञायेत वा पिता।

नोपयच्छेत तां प्राज्ञः पुत्रिकाधर्मशङ्कया॥ ११॥

जसका दाजु वा भाइ छैनन् वा जसका पितालाई कसैले जान्दैनन् भने पुत्रिका[1] धर्मका आशंकाले बुद्धिमान पुरुष त्यस्ती कन्यासित विवाह नगरून्।

सवर्णाग्रे द्विजातीनां प्रशस्ता दारकर्मणि।

कामतस्तु प्रवृत्तानामिमाः स्युः क्रमशो वराः॥ १२॥

ब्राह्मण, क्षत्रिय र वैश्यहरूले पहिला सवर्णा (आफ्नै जातिकी कन्या) सित विवाह गर्नु श्रेष्ठ हुन्छ। कामवश विवाह गर्न मन लागे क्रमैसित यी (तल बताइएका) स्त्रीहरू पनि श्रेष्ठ हुन्छन्। (जस्तै)-

---

[1] पुत्र नहुने पिताले जसको पुत्रबाट आफ्नो पिण्ड-पानीको आशा गर्छन्, त्यसलाई पुत्रिका भनिन्छ।

शूद्रैव भार्या शूद्रस्य सा च स्वा च विशः स्मृते।
ते च स्वा चैव राज्ञश्च ताश्च स्वा चाग्रजन्मनः॥ १३॥

शूद्रकी स्त्री शूद्रा नै हुन्छिन्। वैश्यले वैश्या र शूद्रा कन्या, क्षत्रियले क्षत्रिया, वैश्या र शूद्र कन्या र ब्राह्मणले चारै वर्णकी कन्यासित विवाह गर्ने अधिकार हुन्छ।

न ब्राह्मणक्षत्रिययोरापद्यपि हि तिष्ठतोः।
कस्मिंश्चिदपि वृत्तान्ते शूद्रा भार्योपदिश्यते॥ १४॥

ब्राह्मण र क्षत्रियले आफ्नै जातिकी कन्या पाउन सकेनन् भने शूद्रकी कन्यालाई पत्नी रूपमा ग्रहण गरून् भन्ने आदेश कुनै पनि इतिहासमा पाइएको छैन।

हीनजातिस्त्रियं मोहादुद्वहन्तो द्विजातयः।
कुलान्येव नयन्त्याशु ससंतानानि शूद्रताम्॥ १५॥

जुन द्विजले मोहवश हीन जातिकी (शूद्र) कन्यासित विवाह गर्दछन्, तिनले सन्तानसहित आफ्ना वंशलाई छिट्टै शूद्र बनाउँछन्।

शूद्रावेदी पतत्यत्रेरुतथ्यतनयस्य च।
शौनकस्य सुतोत्पत्त्या तदपत्यतया भृगोः॥ १६॥

शूद्रासित विवाह गर्ने ब्राह्मण पतित हुन्छ– यो अत्रि र उतथ्य ऋषि–पुत्र गौतमको मत हो। शूद्राबाट पुत्र उत्पन्न भएमा क्षत्रिय क्षत्रियत्वबाट तल झर्छ– यो शौनक ऋषिको मत हो। यसैगरी शूद्राबाट सन्तान हुँदा वैश्य पनि पतित हुन्छ– यस्तो भृगु ऋषिको मत हो।

शूद्रां शयनमारोप्य ब्राह्मणो यात्यधोगतिम्।
जनयित्वा सुतं तस्यां ब्राह्मण्यादेव हीयते॥ १७॥

ब्राह्मणले शूद्राको साथ शयन गरेमा अधोगति (नरक) मा जान्छ र उसबाट पुत्र उत्पन्न गराएमा ब्राह्मणत्वबाट रहित हुन्छ।

दैवपित्र्यातिथेयानि तत्प्रधानानि यस्य तु।
नाश्नन्ति पितृदेवास्तन्न च स्वर्गं स गच्छति॥ १८॥

विवाहिता शूद्राको हातबाट बनाइएको हव्य–कव्य देवता, पितृहरूले ग्रहण गर्दैनन्। यस्ता आतिथ्यले शूद्राका पतिले स्वर्ग पनि पाउँदैन।

वृषलीफेनपीतस्य निःश्वासोपहतस्य च।
तस्यां चैव प्रसूतस्य निष्कृतिर्न विधीयते॥ १९॥

जसले वृषली (शूद्रा) को अधर-रसको पान गर्दछ, उसका निःश्वासले आफ्नो प्राणवायुलाई दूषित गराउँछ र जसले ऊबाट सन्तान उत्पन्न गर्दछ त्यसबाट पार पाउने कुनै विधान (उपाय) बनेको छैन।

चतुर्णामपि वर्णानां प्रेत्य चेह हिताहितान्।
अष्टाविमान्समासेन स्त्रीविवाहान्निबोधत॥ २०॥

यस लोक र परलोकमा चारै वर्णका लागि हिताहितको साधन गर्नेहरूलाई आठ प्रकारका विवाहहरू संक्षेपमा भन्दछु।

ब्राह्मो दैवस्तथैवार्षः प्राजापत्यस्तथाऽऽसुरः।
गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधमः॥ २१॥

(ती हुन्) ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच। यिनमा आठौं पैशाच विवाह सबैभन्दा निन्द्य हुन्छ।

यो यस्य धर्म्यो वर्णस्य गुणदोषौ च यस्य यौ।
तद्वः सर्वं प्रवक्ष्यामि प्रसवे च गुणागुणान्॥ २२॥

धर्मानुकूल जुन वर्णको विवाह हुन्छ, जसका जुन गुण-दोष हुन्छन् र जुन विवाहबाट उत्पन्न सन्तानहरूमा जुन गुण-दोष हुन्छन्, ती सबैलाई विशेष रूपले अब भन्ने छु।

षडानुपूर्व्या विप्रस्य क्षत्रस्य चतुरोऽवरान्।
विट्शूद्रयोस्तु तानेव विद्याद्धर्म्यानराक्षसान्॥ २३॥

(आठ प्रकारका विवाहमध्ये) ब्राह्मणका निम्ति आदिबाट छः प्रकारका विवाह, क्षत्रियका निम्ति आसुरादि कर्मबाट चार प्रकारका विवाह अनि वैश्य र शूद्रका निम्ति राक्षसरहित तीन प्रकारका विवाह धर्मानुकूल भनिएका छन्।

चतुरो ब्राह्मणस्याद्यान्प्रशस्तान्कवयो विदुः।
राक्षसं क्षत्रियस्यैकमासुरं वैश्यशूद्रयोः॥ २४॥

ब्राह्मणका निम्ति पहिलो चार विवाह (ब्रह्म, दैव, आर्ष र प्राजापत्य), क्षत्रियका लागि मात्र राक्षस र वैश्य विवाह अनि शूद्रका लागि आसुर विवाहलाई पण्डितहरू श्रेष्ठ मान्दछन्।

पञ्चानां तु त्रयो धर्म्या द्वावधर्म्यौ स्मृताविह।
पैशाचश्चासुरश्चैव न कर्तव्यौ कदाचन॥ २५॥

प्राजापत्यदेखि पैशाचसम्म पाँच किसिमका विवाहमध्ये तीन (प्राजापत्य, गान्धर्व र राक्षस) धर्मानुकूल र दुई (आसुर र पैशाच) अधर्मयुक्त भनिएका छन्। यसकारण ब्राह्मणले कुनै पनि अवस्थामा आसुर र पैशाच विवाह गर्नु हुँदैन।

पृथक्पृथग्वा मिश्रौ वा विवाहौ पूर्वचोदितौ।
गान्धर्वो राक्षसश्चैव धर्म्यौ क्षत्रस्य तौ स्मृतौ॥ २६॥

माथि भनिएका गान्धर्व र राक्षस विवाह भिन्नाभिन्नै अथवा कुनै एक आपसमा मिलेका हुँदा क्षत्रियका निम्ति धर्मानुकूल छन्।

आच्छाद्य चार्चयित्वा च श्रुतिशीलवते स्वयम्।
आहूय दानं कन्याया ब्राह्मो धर्मः प्रकीर्तितः॥ २७॥

राम्रा शील-स्वभाव भएका वरलाई आफै बोलाएर उसलाई अलंकृत र पूजित गरेर कन्या दिनु ब्राह्म विवाह हो।

यज्ञे तु वितते सम्यगृत्विजे कर्म कुर्वते।
अलंकृत्य सुतादानं दैवं धर्मं प्रचक्षते॥ २८॥

यज्ञमा सम्यक प्रकारले कर्म गर्दै गरेका ऋत्विजलाई अलंकृत गरेर कन्या दिनुलाई दैव विवाह भनिन्छ।

एकं गोमिथुनं द्वे वा वरादादाय धर्मतः।
कन्याप्रदानं विधिवदार्षो धर्मः स उच्यते॥ २९॥

वरसित एक वा दुई जोडी गाई र गोरु धर्मार्थ लिएर विधिपूर्वक कन्या दिनुलाई आर्ष विवाह भनिन्छ।

सहोभौ चरतां धर्ममिति वाचानुभाष्य च।
कन्याप्रदानमभ्यर्च्य प्राजापत्यो विधिः स्मृतः॥ ३०॥

'तिमीहरू दुवैजनाले गृहस्थ धर्मको रक्षा गर्नु' यस्तो भनेर पूजा गरी जुन कन्यादान गरिन्छ, त्यसलाई प्राजापत्य विवाह भनिन्छ।

ज्ञातिभ्यो द्रविणं दत्त्वा कन्यायै चैव शक्तितः।
कन्याप्रदानं स्वाच्छन्द्यादासुरो धर्म उच्यते॥ ३१॥

कन्याका पिता वा अरूलाई र कन्यालाई पनि यथाशक्ति धन दिएर स्वच्छन्दता पूर्वक कन्यालाई ग्रहण गर्नु आसुर विवाह हो।

इच्छयाऽन्योन्यसंयोगः कन्यायाश्च वरस्य च।
गान्धर्वः स तु विज्ञेयो मैथुन्यः कामसम्भवः॥ ३२॥

कन्या र वरको इच्छाले दुवैको संयोग हुनु गान्धर्व विवाह हुन्छ। यो विवाह काम-भोगका इच्छाले गरिन्छ र यो विषयीहरूका लागि हितकर छ।

हत्वा छित्त्वा च भित्त्वा च क्रोशन्तीं रुदतीं गृहात्।
प्रसह्य कन्याहरणं राक्षसो विधिरुच्यते॥ ३३॥

(बाधा पुऱ्याउनेलाई) मारेर, घाइते बनाएर, घरका भ्याल–ढोका आदि फुटाएर रुँदै गरेकी कन्यालाई घरबाट जबरदस्ती हरण गरी लैजानुलाई राक्षस विवाह भनिन्छ।

सुप्तां मत्तां प्रमत्तां वा रहो यत्रोपगच्छति।
स पापिष्ठो विवाहानां पैशाचश्चाष्टमोऽधमः॥ ३४॥

सुतेकी, मदले मातेकी वा जुन कन्या पागल हुन्छे त्यसका साथ एकान्तमा समागम गर्नु विवाहमा अत्यन्त निकृष्ट पापले भरिएको आठौं पैशाच विवाह हो।

अद्भिरेव द्विजाग्र्याणां कन्यादानं विशिष्यते।
इतरेषां तु वर्णानामितरेतरकाम्यया॥ ३५॥

ब्राह्मणलाई जलदान पूर्वक कन्यादान गर्नु श्रेष्ठ हुन्छ। क्षत्रिय आदि वर्णहरूलाई परस्परको इच्छा (दाता–ग्रहीताका वचन मात्रले) मात्रले कन्यादान हुन सक्छ।

यो यस्यैषां विवाहानां मनुना कीर्तितो गुणः।
सर्वं शृणुत तं विप्राः सर्वं कीर्तयतो मम॥ ३६॥

यी विवाहहरूमा जसको जुन गुण मनुले भन्नुभएको छ, हे विप्रगण! त्यो सबै म बताउँछु, सुन्नुहोस्।

दश पूर्वान्परान्वंश्यानात्मानं चैकविंशकम्।
ब्राह्मीपुत्रः सुकृतकृन्मोचयेदेनसः पितॄन्॥ ३७॥

ब्राह्म विवाहबाट उत्पन्न सुकर्मचारी पुत्र दस पुस्ता पछाडि र दस पुस्ता अगाडिका पितृहरू र आफू गरी एक्काइस पुस्तासम्म नरकबाट उद्धार गर्न सक्छ।

दैवोढाजः सुतश्चैव सप्त सप्त परापरान्।
आर्षोढाजः सुतस्त्रींस्त्रीन्षट्षट् कायोढजः सुतः॥ ३८॥

दैव विवाहबाट जुन पुत्र उत्पन्न हुन्छ त्यसले सात पुस्ता पछाडि र सात पुस्ता अगाडिका र आर्ष विवाहबाट उत्पन्न पुत्रले तीन पुस्ता पछाडि र तीन पुस्ता अगाडिका र प्राजापत्य विवाहबाट उत्पन्न पुत्रले छः पुस्ता पछाडि र छः पुस्ता अगाडिका पुरुषहरूलाई तार्दछ।

ब्राह्मादिषु विवाहेषु चातुर्ष्वेवानुपूर्वशः।
ब्रह्मवर्चस्विनः पुत्रा जायन्ते शिष्टसम्मताः॥ ३९॥

क्रमैसित ब्राह्मादि (ब्राह्म, दैव, आर्ष, प्राजापत्य) चार विवाहबाट ब्रह्मवर्चस, तेजस्वी र शिष्टजनहरूद्वारा मान्य पुत्र उत्पन्न हुन्छन्।

रूपसत्त्वगुणोपेता धनवन्तो यशस्विनः।
पर्याप्तभोगा धर्मिष्ठा जीवन्ति च शतं समाः॥ ४०॥

यी (पुत्रहरू) रूपवान, सात्त्विक, गुणी, धनवान्, यशस्वी, समृद्धशाली, धार्मिक र शतायु (चिरञ्जीवी) हुन्छन्।

इतरेषु त शिष्टेषु नृशंसानृतवादिनः।
जायन्ते दुर्विवाहेषु ब्रह्मधर्मद्विषः सुताः॥ ४१॥

शेष चार विवाह (आसुर, गान्धर्व, राक्षस र पैशाच) बाट उत्पन्न पुत्रहरू निर्दयी, भ्रुुट्टा, वेदनिन्दक र धर्मद्वेषी (धर्म नमान्ने) हुन्छन्।

अनिन्दितैः स्त्रीविवाहैरनिन्द्या भवति प्रजा।
निन्दितैर्निन्दिता नृणां तस्मान्निन्द्यान्विवर्जयेत्॥ ४२॥

बताइएका श्रेष्ठ स्त्रीहरूका साथ विवाह गर्नाले श्रेष्ठ सन्तान उत्पन्न हुन्छन् र निन्दित स्त्रीहरूका सांथ विवाह गर्नाले निन्दित सन्तानको जन्म हुन्छ, यसकारण निन्द्य विवाह गर्नु हुँदैन।

पाणिग्रहणसंस्कारः सवर्णासूपदिश्यते।
असवर्णास्वयं ज्ञेयो विधिरुद्वाहकर्मणि॥ ४३॥

सवर्ण कन्याको विवाहमा नै पाणिग्रहण संस्कार बताइएको छ। असवर्णा (भिन्न जातिका) कन्याको विवाहमा यो विधि छैन।

शरः क्षत्रियया ग्राह्यः प्रतोदो वैश्यकन्यया।
वसनस्य दशा ग्राह्या शूद्रयोत्कृष्टवेदने॥ ४४॥

क्षत्रिय कन्याले ब्राह्मणका साथमा विवाहको बेलामा ब्राह्मणका हातमा राखिएका बाणको एक भाग समाउन्। वैश्य कन्याले ब्राह्मण र क्षत्रियका हातमा भएको चाबुकलाई समाउन् अनि शूद्र कन्याले ब्राह्मण, क्षत्रिय र वैश्यले लगाएका लुगाको एउटा फेर समाउन्।

ऋतुकालाभिगामी स्यात्स्वदारनिरतः सदा।
पर्ववर्जं व्रजेच्चैनां तद्व्रतो रतिकाम्यया॥ ४५॥

ऋतुकालमा नै स्त्री समागम गर्नुपर्छ। सधैं आफ्नी स्त्रीसित इच्छाले सन्तुष्ट रहनुपर्छ। रतिका सुरुका दिनहरूलाई छोडेर अन्य दिनहरूमा स्त्री समागम गर्न सकिन्छ।

ऋतुः स्वाभाविकः स्त्रीणां रात्रयः षोडशस्मृताः।
चतुर्भिरितरैः सार्धमहोभिः सद्भिगर्हितैः ॥ ४६ ॥

रजोदर्शनबाट गर्हित (निन्दित) पहिलो चार दिनपछि सोह्रौं रात्रिपर्यन्त स्त्रीहरूको ऋतुकाल रहन्छ।

तासामाद्याश्चतस्रस्तु निन्दितैकादशी च या।
त्रयोदशी च शेषास्तु प्रशस्ता दश रात्रयः ॥ ४७ ॥

ती सोह्र रात्रिहरूमा पहिलो चार रात, एघारौं र तेह्रौं रात स्त्री–समागम (सहवास) का लागि निन्दित छन् अरू बाँकी रहेका दस रात निन्दित छैनन्, जो प्रशस्त छन्।

युग्मासु पुत्रा जायन्ते स्त्रियोऽयुग्मासु रात्रिषु।
तस्माद्युग्मासु पुत्रार्थी संविशेदातवे स्त्रियम् ॥ ४८ ॥

सम रात्रि (अर्थात् ६, ८, १०, १४ र १६औं रात) मा स्त्रीको साथ समागम गर्नाले पुत्र उत्पन्न हुन्छ। विषम रात्रि (अर्थात् ५, ७, ९, १५औं रात) मा स्त्री–समागम गर्नाले कन्याको जन्म हुन्छ। यसकारण पुत्रार्थी (पुत्रको इच्छा गर्ने)ले सम रात्रिमा ऋतुकालमा स्त्री–समागम गर्नुपर्छ।

पुमान्पुन्सोऽधिके शुक्रे स्त्री भवत्यधिके स्त्रियाः।
समेऽपुमान्पुंस्त्रियो या क्षीणेऽल्पे च विपर्ययः ॥ ४९ ॥

पुरुषको शुक्र (वीर्य) धेरै भएमा पुत्र र स्त्रीको रज धेरै भएमा कन्या हुन्छ। स्त्री–पुरुषको रज–वीर्य बराबर भयो भने नपुंसकको जन्म हुन्छ वा जुम्ल्याहा सन्तान हुन्छ। दूषित वा थोरै वीर्य भएमा गर्भधारण हुँदैन।

निन्द्यास्वष्ट्यसु चान्यासु स्त्रियो रात्रिषु वर्जयन्।
ब्रह्मचार्येव भवति यत्रतत्राश्रमे वसन् ॥ ५० ॥

जसले उपरोक्त छः दूषित रात्रिको साथ र निन्दित आठ रात्रिमा स्त्रीको त्याग गरेर मात्र पर्वरहित दुई रात्रिमा स्त्री–समागम गर्छ, त्यो चाहे जुन आश्रममा रहोस् ब्रह्मचारी नै रहिरहन्छ।

न कन्ययाः पिता विद्वान्गृह्णीयाच्छुल्कमण्वपि।
गृह्णच्छुल्कं हि लोभेन स्यान्नरोऽपत्यविक्रयी ॥ ५१ ॥

बुद्धिमान कन्याका पिताले अलिकति पनि धन (वर पक्षबाट) लिनु हुँदैन। लोभले धन ग्रहण गरेमा मनुष्य सन्तान बेच्ने वाला हुनेछ।

स्त्रीधनानि तु ये मोहादुपजीवन्ति बान्धवाः ।
नारी यानानि वस्त्रं वा ते पापा यान्त्यधोगतिम् ॥ ५२ ॥

जुन पति, पिता आदि बान्धववर्गले मोहवश स्त्रीधन (पुत्री अथवा स्त्री आदिका) भूषण, वस्त्र, सवारी आदि बेचेर आफ्नो निर्वाह गर्छन्, ती पातकी नरकगामी हुन्छन्।

आर्षे गोमिथुनं शुल्कं केचिदाहुर्मृषैव तत्।
अल्पोऽप्येवं महान्वाऽपि विक्रयस्तावदेव सः ॥ ५३ ॥

आर्ष विवाहमा (वरबाट) गाई-गोरुको एक जोडी शुल्क लिएर कन्या दिनु कसैले भने तापनि त्यो मिथ्या नै हो। थोरै वा धेरै जति लिए पनि त्यो बेच्नु सरह नै हुन्छ।

यासां नाददते शुल्कं ज्ञातयो न स विक्रयः ।
अर्हणं तत्कुमारीणामानृशंस्यं च केवलम् ॥ ५४ ॥

जुन कन्याहरूको लागि वरपक्षबाट दिइएको वस्त्र र गरगहना आदि पिता, भाइ आदिले लिदैनन् र कन्यालाई नै दिन्छन्, त्यो विक्रय होइन, त्यो कुमारीहरूको पूजन हो। यसमा कुनै हिंसादि दोष हुँदैन।

पितृभिर्भ्रातृभिश्चैताः पतिभिर्देवरैस्तथा।
पूज्या भूषयितव्याश्च बहुकल्याणमीप्सुभिः ॥ ५५ ॥

धेरै कल्याणको इच्छा गर्ने माता, पिता, भाइ, पति र देवरहरू जुन छन्, तिनले कन्याको पूजन (सत्कार) गरून् र वस्त्र, आभूषण आदिले भूषित गरून्।

यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः ।
यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राफलाः क्रियाः ॥ ५६ ॥

जुन कुलमा स्त्रीहरू पूजित (सम्मानित) हुन्छन्, त्यो कुलदेखि देवता प्रसन्न हुन्छन् । जहाँ स्त्रीहरूको अपमान हुन्छ, त्यहाँ सबै यज्ञादिक कर्महरू निष्फल हुन्छन् ।

शोचन्ति जामयो यत्र विनश्यत्याशु तत्कुलम्।
न शोचन्ति तु यत्रैता वर्धते तद्धि सर्वदा ॥ ५७ ॥

जुन कुलमा चेली-बेटीहरूले कष्ट भोग्छन्, त्यो कुल छिटै नष्ट हुन जान्छ, तर जहाँ यिनीहरूले कुनै प्रकारको कष्ट भोग्नुपर्दैन, त्यो कुल सधैं बढिरहन्छ।

जामयो यानि गेहानि शपन्त्यप्रतिपूजिताः ।
तानि कृत्याहतानीव विनश्यन्ति समन्ततः ॥ ५८ ॥

अपमानित हुनाको कारण छोरी–बुहारीहरूले जुन घरलाई श्राप दिन्छन् त्यो घर अभिषापबाट नष्ट भएर अनेक किसिमबाट नष्ट हुन्छन्।

तस्मादेताः सदा पूज्या भूषणाच्छादनाशनैः।
भूतिकामैर्नरैर्नित्यं सत्कारेषूत्सवेषु च॥ ५९॥

यसकारण स्त्रीहरूलाई सधैं वस्त्र, आभूषण र भोजनबाट सन्तुष्ट राख्नुपर्दछ। समृद्धिको इच्छा राख्ने पुरुषले दिनहुँ मंगल कार्य र उत्सवहरूमा स्त्रीलाई (वस्त्र भूषणादिले) सन्तुष्ट राख्नुपर्छ।

सन्तुष्टो भार्यया भर्ता भर्त्रा भार्या तथैव च।
यस्मिन्नेव कुले नित्य कल्याणं तत्र वै ध्रुवम्॥ ६०॥

जुन कुलमा पत्नीसित पति र पतिसित पत्नी प्रसन्न रहन्छन्, त्यस कुलमा सदा–सर्वदा कल्याण नै हुन्छ।

यदि हि स्त्री न रोचेत पुमांसं न प्रमोदयेत्।
अप्रमोदात्पुनः पुंसः प्रजनं न प्रवर्तते॥ ६१॥

यदि पत्नीको चित्त प्रसन्न नभए उनले पतिलाई आनन्दित गर्न सक्ने छैनन् र पति पत्नीसित प्रसन्न छैन भने सन्तानको जन्म हुन सक्दैन।

स्त्रियां तु रोचमानायां सर्वं तद्रोचते कुलम्।
तस्या त्वरोचमानायां सर्वमेव न रोचते॥ ६२॥

(वस्त्रालंकारादिले) स्त्री (पत्नी) रुचिकर हुनाले सारा कुल दीप्तियुक्त हुन्छ, तर यसको विपरीत भए सारा कुल मलीन हुन जान्छ।

कुविवाहैः क्रियालोपैर्वेदानध्ययनेन च।
कुलान्यकुलतां यान्ति ब्राह्मणातिक्रमेण च॥ ६३॥

निन्दित (आसुर आदि) विवाहमा, जात, कर्मादि क्रियाहरू लोप भएमा, वेदको अध्ययन नभएमा र ब्राह्मणको अपमान गरेमा उच्च कुलको कुलीनता पनि नष्ट भएर जान्छ।

शिल्पेन व्यवहारेण शूद्रापत्यैश्च केवलैः।
गोभिरश्वैश्च यानैश्च कृष्या राजोपसेवया॥ ६४॥
अयाज्ययाजनैश्चैव नास्तिक्येन च कर्मणाम्।
कुलान्याशु विनश्यन्ति यानि हीनानि मन्त्रतः॥ ६५॥

शिल्प कारीगरी, ब्याजको व्यवहार, मात्र शूद्रा पत्नीमा सन्तानोपत्ति, गाई, गोरु, घोडा, गाडीको व्यापार, खेती र राज्य सेवाबाट तथा यज्ञको अधिकार

नपाएकासित यज्ञ गराउनु र वेदले बताएका कर्महरूमा नास्तिक विचार राख्दा तथा वेदको अध्ययनबाट च्युत हुन जाँदा कुल छिटै नष्ट हुन जान्छ।

मन्त्रतस्तु समृद्धानि कुलान्यल्पधनान्यपि।

कुलसंख्या च गच्छन्ति कर्षन्ति च महद्यशः॥ ६६॥

थोरै धन भएको कुल पनि यदि वेदाध्ययनबाट समृद्ध छ भने तिनलाई राम्रो कुलमा गणना गरिन्छ र यशस्वी पनि हुन्छन्।

वैवाहिकेऽग्नौ कुर्वीत गृह्यं कर्म यथाविधि।

पञ्चयज्ञविधानं च पक्तिं चान्वाहिकीं गृही॥ ६७॥

गृहस्थले विवाहका समयमा स्थापित अग्निमा यथाविधि गृह-कर्म गरून् तथा नित्य पञ्चयज्ञ र पाक कर्म गरून्।

पञ्च सूना गृहस्थस्य चुल्ली पेषण्युपस्करः।

कण्डनी चोदकुम्भश्च वध्यते यास्तु वाहयन्॥ ६८॥

गृहस्थका निम्ति यी चूल्हो, ढिकी-जाँतो, कूचो, ओखली, मुस्ली, पानीको गाग्रो- यी पाँच हिंसाका ठाउँ हुन्, यिनबाट काम लिनाले गृहस्थ पापको भागी हुनेछ।

तासां क्रमेण सर्वासां निष्कृत्यर्थं महर्षिभिः।

पञ्च क्लृप्ता महायज्ञाः प्रत्यहं गृहमेधिनाम्॥ ६९॥

महर्षिहरूले ती पापबाट जोगिनका लागि गृहस्थहरूलाई प्रतिदिन क्रमैसित पञ्चमहायज्ञ गर्ने आदेश दिएका छन्।

अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञस्तु तर्पणम्।

होमो दैवो बलिर्भौतो नृयज्ञोऽतिथिपूजनम्॥ ७०॥

अध्ययन-अध्यापन, पितृ-तर्पण, हवन, जीवहरूलाई अन्नको बलि दिनु र अतिथि सत्कार क्रमैले ब्रह्मयज्ञ, पितृयज्ञ, देवयज्ञ, भूतयज्ञ र नृयज्ञ यिनै पञ्च महायज्ञ हुन्।

पञ्चैतान्यो महायज्ञान्न हापयति शक्तितः।

स गृहेऽपि वसन्नित्यं सूनादोषैर्न लिप्यते॥ ७१॥

जसले यी पाँच महायज्ञहरूलाई यथाशक्ति गर्दछ, नित्य घरमा रहेर पनि उ हिंसा-दोषहरूबाट लिप्त हुँदैन।

देवताऽतिथिभृत्यानां पितृणामात्मनश्च यः।

न निर्वपति पञ्चानामुच्छ्वसन्न स जीवति॥ ७२॥

जसले देवता, अतिथि र माता–पिता आदि पालन–पोषण गर्ने जन्तुहरू र आफ्नो- यी पाँचको संरक्षण गर्दैनन्, ती श्वास फेर्दै भएता पनि मृतक समान नै हुन्छन्।

अहुतं च हुतं चैव तथा प्रहुतमेव च।
ब्राह्म्यं हुतं प्राशितं च पञ्चयज्ञान्प्रचक्षते॥ ७३॥

अहुत, हुत, प्रहुत, बाह्म्यहुत र प्राशित- यिनलाई पञ्चयज्ञ भनिन्छ।

जपोऽहुतो हुतो होमः प्रहुतो भौतिको बलिः।
ब्राह्म्यं हुतं द्विजाग्र्यार्चा प्राशितं पितृतर्पणम्॥ ७४॥

ब्रह्मयज्ञसंज्ञक जपलाई अहुत, देवयज्ञसंज्ञक होमलाई हुत, भूतबलिलाई प्रहुत, अतिथि र ब्राह्मण सत्कारलाई बाह्म्यहुत र पितृयज्ञसंज्ञक नित्यश्राद्धलाई प्राशित भन्दछन्।

स्वाध्याये नित्युक्तः स्याद्दैवे चैवेह कर्मणि।
दैवकर्मणि युक्तो हि विभर्तीदं चराचरम्॥ ७५॥

दरिद्रताको कारण अतिथिको सत्कारमा असमर्थ भए उसले नित्य स्वाध्याय गरून् किनकि दैवकर्ममा लागेका पुरुष यस चराचरलाई पनि धारण गर्न सक्छ।

अग्नौ प्रास्ताहुतिः सम्यगादित्यमुपतिष्ठते।
आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजाः॥ ७६॥

अग्निमा विधि पुऱ्याएर दिइएको आहुति सूर्यलाई प्राप्त हुन्छ। सूर्यबाट वर्षा हुन्छ, वर्षाबाट अन्न उब्जिन्छ र त्यसबाट प्रजाको उत्पत्ति हुन्छ।

यथा वायुं समाश्रित्य वर्तन्ते सर्वजन्तवः।
तथा गृहस्थमाश्रित्य वर्तन्ते सर्व आश्रमाः॥ ७७॥

जुन प्रकारले वायुको आश्रयबाट सबै प्राणी बाँचेका हुन्छन्, त्यसै गरी सबै आश्रम गृहस्थाश्रमका आश्रयबाट बाँचेका हुन्छन्।

यस्मात्त्रयोऽप्याश्रमिणो ज्ञानेनान्नेन चान्वहम्।
गृहस्थेनैव धार्यन्ते तस्माज्ज्येष्ठाश्रमो गृही॥ ७८॥

तीनै आश्रमी (ब्रह्मचारी, वानप्रस्थ र संन्यासी) गृहस्थहरूद्वारा नित्य ज्ञानको चर्चा र अन्न दानबाट रक्षा गरिएका हुन्छन्, यसकारण सबै आश्रमहरूमा ठूलो गृहस्थाश्रम नै हुन्छ।

स सन्धार्यः प्रयत्नेन स्वर्गमक्षयमिच्छता।
सुखं चेहेच्छता नित्यं योऽधार्यो दुर्बलेन्द्रियः॥ ७९॥

अक्षय स्वर्ग पाउने इच्छा गर्नेले र यस लोकमा पनि सुखको चाहना गर्नेले यत्नपूर्वक यस्तो गृहस्थाश्रमको पालना गर्नुपर्छ। गृहस्थाश्रम धारण गर्नु दुर्बल इन्द्रियहरूबाट हुँदैन।

ऋषयः पितरो देवा भूतान्यतिथयस्तथा।
आशासते कुटुम्बिभ्यस्तेभ्यः कार्यं विजानता॥ ८०॥

ऋषि, पितृ, देवता, जीव-जन्तु र अतिथि यी कुटुम्बीहरूबाट केही पाउने आशा राख्छन्, धर्म-नीति जान्ने पुरुषले तिनीहरूलाई सन्तुष्ट गरून्।

स्वाध्यायेनार्चयेतर्षीन्होमैर्देवान्यथाविधि।
पितॄन्श्राद्धैश्च नृनन्नैर्भूतानि बलिकर्मणा॥ ८१॥

वेदाध्ययनबाट ऋषिहरूको, होमबाट देवताहरूको, श्राद्ध र तर्पणबाट पितृहरूको, अन्नबाट अतिथिहरूको र बलिकर्मबाट प्राणीहरूको सत्कार गर्नुपर्छ।

कुर्यादहरहः श्राद्धमन्नाद्येनोदकेन वा।
पयोमूलफलैर्वाऽपि पितृभ्यः प्रीतिमावहन्॥ ८२॥

अन्नादि वा जलद्वारा वा दूधद्वारा वा फलफूलहरूद्वारा पितृहरूलाई प्रसन्न राख्नका लागि नित्य श्राद्ध गरून्।

एकमप्याशयेद्विप्रं पित्रर्थे पाञ्चयज्ञिके।
न चैवात्रशयेत्कञ्चिद्वैश्वदेवं प्रति द्विजम्॥ ८३॥

पञ्चयज्ञभित्र पितृका निमित्त एउटा ब्राह्मणलाई अवश्य भोजन गराउन्, तर वैश्वदेवका निमित्त ब्राह्मणलाई भोजन गराउनु आवश्यक पर्दैन।

वैश्वदेवस्य सिद्धस्य गृह्येऽग्नौ विधिपूर्वकम्।
आभ्यः कुर्यद्देवताभ्यो ब्राह्मणो होममन्वहम्॥ ८४॥

वैश्वदेवका लागि पाकेका अन्नले ब्राह्मणले गार्हपत्य अग्निमा अगाडि बताइएका देवताहरूका लागि प्रतिदिन हवन गरून्।

अग्नेः सोमस्य चैवादौ तयोश्चैव समस्तयोः।
विश्वेभ्यश्चैव देवेभ्यो धन्वन्तरय एव च॥ ८५॥

पहिला अग्नि र सोमलाई त्यसपछि दुवै (अग्नि र सोम) लाई 'अग्नि सोमाभ्यां स्वाहा' यस्तो भनेर आहुति दिउन्, त्यसपछि विश्वदेव र धन्वन्तरिलाई आहुति दिउन्।

कुह्वै चैवानुमत्यै च प्रजापतय एव च।
सहद्यावापृथिव्योश्च तथा स्विष्टकृतेऽन्तपः॥ ८६॥

(त्यसपछि) कुहू (जून नदेखिने औंसी) लाई अनुमति (चन्द्रमाको कला) लाई र प्रजापतिलाई आहुति दिउन्, त्यसपछि द्योःपृथिवी (द्यावा पृथ्वीभ्यां) स्वर्ग र पृथ्वीलाई एकसाथ आहुति दिउन्। अन्त्यमा स्विष्टकृत् 'अग्नयेस्विष्टकृत्' भनेर अग्निलाई आहुति दिउन्।

एवं सम्यग्घविर्हुत्वा सर्वदिक्षु प्रदक्षिणम्।
इन्द्रान्तकाप्पतीन्दुभ्यः सानुगेभ्यो बलिं हरेत्॥ ८७॥

यसप्रकार होम गरेर सबै दिशाहरूमा प्रदक्षिणा गरेर क्रमैसित[२] इन्द्र, यम, वरुण र सोमलाई अनि साथै उनका अनुयायीहरूलाई पनि बलि दिनुपर्छ।

मरुद्भ्य इति तु द्वारि क्षिपेदप्स्वद्भ्य इत्यपि।
वनस्पतिभ्य इत्येवं मुसलोलूखले हरेत्॥ ८८॥

मरुत (वायव्य दिशाका स्वामी) लाई द्वारमा, अप (जल) लाई जलमा, वनस्पतिलाई मूसलमा र ओखलीमा बलि दिउन्।

उच्छीर्षके श्रियै कुर्याद्भद्रकाल्यै च पादतः।
ब्रह्मवास्तोष्पतिभ्यां तु वास्तुमध्ये बलिं हरेत्॥ ८९॥

वास्तु पुरुषको शीर्ष भाग (उत्तर-पूर्व दिशा) मा लक्ष्मीलाई, पदप्रदेश (दक्षिण-पश्चिम दिशा) मा भद्रकालीलाई, ब्रह्मा र वास्तुपतिलाई वास्तुको मध्य (माझ) मा बलि दिउन्।

विश्वेभ्यश्चैव देवेभ्यो बलिमाकाश उत्क्षिपेत्।
दिवाचरेभ्यो भूतेभ्यो नक्तञ्चारिभ्य एव च॥ ९०॥

वैश्वदेवलाई आकासमा, दिनचर प्राणीलाई दिनमा र रात्रिचर प्राणीलाई रातमा बलि दिउन्।

पृष्ठवास्तुनि कुर्वीत बलिं सर्वात्मभूतये।
पितृभ्यो बलिशेषं तु सर्वं दक्षिणतो हरेत्॥ ९१॥

वास्तुको पृष्ठभागमा सर्वात्मभूत (सबै आत्माका भोक्ता) लाई र बाँकी रहेका अन्नलाई वास्तुको दक्षिण भागमा पितृहरूलाई बलि दिउन्।

शुनां च पतितानां च श्वपचां पापरोगिणाम्।
वायसानां कृमीणां च शनकैर्निर्वपेद् भुवि॥ ९२॥

---

[२] पूर्व दिशामा 'इन्द्राय नमः इन्द्रपुरुषेभ्यो नमः', दक्षिण दिशामा 'यमाय नमः यमपुरुषेभ्यो नमः', पश्चिम दिशामा 'वरुणाय नमः' वरुणपुरुषेभ्यो नमः', उत्तर दिशामा 'सोमाय नमः सोमपुरुषेभ्यो नमः।'

कुकुरहरू, पतितहरू, श्वपचहरू, पाप रोगीहरू, कागहरू र कीरा-फट्याङ्ग्रा आदिका लागि भूईंमा विस्तारै बलि राखुन्।

एवं यः सर्वभूतानि ब्राह्मणो नित्यमर्चति।
स गच्छति परं स्थानं तेजोमूर्तिं पथर्जुना॥ ९३॥

यस प्रकार जुन ब्राह्मणले सबै प्राणीहरूको नित्य पूजन गर्दछ त्यो सोझो बाटो भएर तेजोमय परमस्थानमा जान्छ।

कृत्वैतद् बलिकर्मैवमतिथिं पूर्वमाशयेत्।
भिक्षां च भिक्षवे दद्याद्विधिवद् ब्रह्मचारिणे॥ ९४॥

यसप्रकार (गृहस्थ)ले बलि वैश्वदेव कर्म गरेर पहिला अतिथिलाई भोजन गराउन् र संन्यासी तथा ब्रह्मचारीलाई उचित रीतिले भिक्षा दिउन्।

यत्पुण्यफलमाप्नोति गां दत्त्वा विधिवद् गुरोः।
तत्पुण्यफलमाप्नोति भिक्षां दत्त्वा द्विजो गृही॥ ९५॥

गुरुलाई विधिपूर्वक गाई दान दिनाले जुन फल प्राप्त हुन्छ त्यो फल भिक्षा दान गर्ने गृहस्थ द्विजलाई प्राप्त हुन्छ।

भिक्षामप्युदपात्रं वा सत्कृत्य विधिपूर्वकम्।
वेदतत्त्वार्थविदुषे ब्राह्मणायोपपादयेत्॥ ९६॥

गृहस्थले धेरै अन्नको अभावमा अलिकति भए पनि पवित्र अन्न वा जल विधिपूर्वक सत्कार गरेर वेदका तत्त्व बुझ्ने ब्राह्मणलाई दिउन्।

नश्यन्ति हव्यकव्यानि नराणामविजानताम्।
भस्मीभूतेषु विप्रेषु मोहाद्दत्तानि दातृभिः॥ ९७॥

वेदाध्ययनरहित निस्तेज ब्राह्मणलाई दाताद्वारा अज्ञानवश जुन हव्यकव्य देव-पितृको तृप्त्यर्थ दिइन्छ, त्यो निष्फल हुन जान्छ।

विद्यातपःसमृद्धेषु हुतं विप्रमुखाग्निषु।
निस्तारयति दुर्गाच्च महतश्चैव किल्विषात्॥ ९८॥

विद्वान् र तपस्वी ब्राह्मणहरूका मुखाग्निमा दिइएको हव्य-कव्य (यस लोकमा) अनेक प्रकारका संकटहरू र (परलोकमा) महान् पापहरूबाट जोगाउँछ।

संप्राप्ताय त्वतिथये प्रदद्यादासनोदके।
अन्नं चैव यथाशक्ति सत्कृत्य विधिपूर्वकम्॥ ९९॥

स्वयं आइपुगेका अतिथिहरूलाई पहिला आसन र जल दिनुपर्छ। त्यसपछि सत्कारपूर्वक यथाशक्ति व्यञ्जनादिले युक्त अन्न खुवाउनुपर्छ।

शिलानप्युञ्छतो नित्यं पञ्चाग्नीनपि जुह्वतः।
सर्वं सुकृतमादत्ते ब्राह्मणोऽनर्चितो वशन्॥ १००॥

फसल काटेपछि खेतमा झरेका अन्न टिपेर निर्वाह गर्ने र नित्य पञ्चाग्नि सेवन गर्ने पुरुष भएता पनि उसका घरमा आएका अतिथिको सत्कार नभएमा त्यो अतिथिले उसको सबै पुण्य लिएर जान्छ।

तृणानि भूमिरुदकं वाक्चतुर्थी च सूनृता।
एतान्यपि सतां गेहे नोच्छिद्यन्ते कदाचन॥ १०१॥

अतिथिका लागि गुन्द्री, बस्ने ठाउँ, हात-खुट्टा धुनका लागि पानी, मधुरो र सत्य वाणी- यी चार कुराहरूको अभाव सज्जनहरूकहाँ कहिल्यै हुँदैन।

एकारात्रं तु निवसन्नतिथिर्ब्राह्मणः स्मृतः।
अनित्यं हि स्थितो यस्मात्तस्मादतिथिरुच्यते॥ १०२॥

अर्काको घरमा एक रात जो ब्राह्मण निवास गर्छन् ती अतिथि हुन्। उनी दिनहुँ बस्दैनन्, यसो हुँदा अतिथि भनिएको हो।

नैकग्रामीणमतिथिं विप्रं साङ्गतिकं तथा।
उपस्थितं गृहे विद्याद्भार्या यत्राग्नयोऽपि वा॥ १०३॥

उही गाउँमा बस्ने, विचित्र कथा र सीप, गीतले आफ्नो जीविका चलाउने कुनै मनुष्य (आफूले वैश्वदेव कर्म गरिरहेको समयमा पनि) यदि अतिथि भएर आए सपत्नीक अग्निहोत्री गृहस्थले तिनलाई अतिथि नठानुन्।

उपासते ये गृहस्थाः परपाकमबुद्धयः।
तेन ते प्रेत्य पशुतां व्रजन्त्यन्नादिदायिनाम्॥ १०४॥

जुन गृहस्थ अज्ञानवश अर्काको अन्न खाँदै डुल्दछन्, ती त्यो दोषले जन्मान्तरमा अन्नदाताहरूका पशु हुन्छन्।

अप्रणोद्योऽतिथिः सायं सूर्योढो गृहमेधिना।
काले प्राप्तस्त्वकाले वा नास्यानश्नन्गृहे वसेत्॥ १०५॥

सूर्यास्तका समय यदि कुनै अतिथि घरमा आए भने उनलाई टार-टुर गर्नु हुँदैन। अतिथि समयमा आउन् वा असमयमा आउन्, उनलाई अवश्य भोजन गराउन्।

न श्रीवै स्वयं तदयादतिथिं यन्न भोजयेत्।
धन्यं यशस्यमायुष्यं स्वर्ग्यं वाऽतिथिपूजनम्॥ १०६॥

जुन पदार्थ अतिथिका लागि पस्किइदैन, त्यो नखाउन् । स्वयं अतिथि पूजनद्वारा धन, यश र आयुको वृद्धि हुन्छ तथा जन्मान्तरमा स्वर्गको सुख प्राप्त हुन्छ।

आसनावसथौ शय्यामनुव्रज्यामुपासनाम्।
उत्तमेषुत्तमं कुर्याद्धीने हीनं समे समम्॥ १०७ ॥

आसन, विश्राम गर्ने ठाउँ, शय्या, अनुगमन र परिचर्या- यी अतिथिहरूको योग्यता देखेर, जो जस्तो हुन्छ उनको साथ त्यस्तै व्यवहार गरून् अर्थात् सानो-ठूलोको ख्याल नराखी उनको सम्मानको व्यवस्था गरून्।

वैश्वदेवे तु निर्वृते यद्यन्योऽतिथिराव्रजेत्।
तस्याप्यन्नं यथाशक्ति प्रदद्यान्न बलिं हरेत्॥ १०८ ॥

बलि वैश्वदेव कर्म गरिसकेपछि यदि अर्को अतिथि आइपुगेमा उनलाई पनि पुनः पक्वान्न तयार गरी यथाशक्ति भोजन गराउन्, तर त्यस अन्नले बलि नगरून्।

न भोजनार्थं स्वे विप्रः कुलगोत्रे निवेदयेत्।
भोजनार्थं हि ते शंसन्वान्ताशीत्युच्यते बुधैः ॥ १०९ ॥

भोजनका लागि विप्र.(ब्राह्मण)ले कसैसित आफ्ना कुल गोत्रभित्र निवेदन नगरून्, किनकि यस्तो गर्नेलाई विद्वान्हरूको वमन खाने भनिन्छ।

न ब्राह्मणस्य त्वतिथिर्गृहे राजन्य उच्यते।
वैश्यशूद्रौ सखा चैव ज्ञातयो गुरुरेव च॥ ११० ॥

यदि ब्राह्मणका घरमा क्षत्रिय, वैश्य, शूद्र, मित्र, आफ्ना आफन्त र गुरु आएमा अतिथि भनिदैन।

यदि त्वतिथिधर्मेण क्षत्रियो गृहमाव्रजेत्।
भुक्तवत्सु च विप्रेषु कामं तमपि भोजयेत्॥ १११ ॥

यदि कोही क्षत्रिय अतिथिको रूपमा घरमा आएमा पहिला आएका अतिथि ब्राह्मणहरूलाई भोजन गराएर ती गृहस्थले ती क्षत्रिय अतिथिलाई पनि भोजन गराउन्।

वैश्यशूद्रावपि प्राप्तौ कुटुम्बेऽतिथिधर्मिणौ।
भोजयेत्सह भृत्यैस्तावानृशंस्यं प्रयोजयन्॥ ११२ ॥

यदि वैश्य वा शूद्र अतिथिको रूपमा ब्राह्मणका घर आइपुगेका छन् भने तिनलाई दया र धर्मपूर्वक नोकर-चाकरका साथ भोजन गराउनुपर्छ।

इतरानपि सख्यादीन्सम्प्रीत्या गृहमागतान्।
प्रकृत्यान्नं यथाशक्ति भोजयेत्सहभार्यया॥ ११३॥

अरूहरू पनि कोही साथी, प्रेमीहरू आफूकहाँ प्रेमले आएका भए, पत्नीले भोजन गर्ने बेला उनीसँगै यथाशक्ति उत्तम भोजन गराउनुपर्छ।

सुवासिनीः कुमारीश्च रोगिणो गर्भिणीः स्त्रियः।
अतिथिभ्योऽग्र एवैतान्भोजयेदविचारयन्॥ ११४॥

नव-बधू, कन्या, रोगी र गर्भिणी स्त्रीहरू- यी सबैलाई केही विचार नगरी अतिथिहरूभन्दा पहिला भोजन गराउन्।

अदत्त्वा तु य एतेभ्यः पूर्वं भुङ्क्तेऽविचक्षणः।
स भुञ्जानो न जानाति श्वगृध्रैर्जग्धिमात्मनः॥ ११५॥

जो अज्ञानीले यी सबैलाई नखुवाइ पहिला आफै खान्छ, उसले यो जान्दैन कि मरेपछि उसको शरीरलाई कुकुर र गिद्धले लुछी-लुछी खानेछन्।

भुक्तवत्स्वथ विप्रेषु स्वेषु भृत्येषु चैव हि।
भुञ्जीयातां ततः पश्चादवशिष्टं तु दम्पती॥ ११६॥

पहिला ब्राह्मणहरू र आफ्ना भृत्य (नोकर-चाकर) लाई भोजन गराएर पछि जुन अन्न उब्रिएको हुन्छ, त्यो पति-पत्नीले भोजन गरून्।

देवानृषीन् मनुष्यांश्च पितॄन् गृह्याश्च देवताः।
पूजयित्वा ततः पश्चाद् गृहस्थः शेषभुग्भवेत्॥ ११७॥

देवता, ऋषि, मनुष्य, पितृ र घर (कुल) का देवताहरूलाई अन्नादिले पूजा गरिसकेपछि बाँकी रहेका अन्न गृहस्थले भोजन गरून्।

अघं स केवलं भुङ्क्ते यः पचत्यात्मकारणात्।
यज्ञशिष्यशनं ह्येतत्सतामन्नं विधीयते॥ ११८॥

जसले आफ्ना लागि मात्र भोजन बनाएर खान्छ उसले अन्न नखाएर मात्र पाप खान्छ। सज्जनहरूका लागि यज्ञावशिष्ट (यज्ञ गरेर उब्रिएको) अन्न नै भोजनका लागि प्रशस्त हुन्छ।

राजर्त्विक्स्नातकगुरून्प्रियश्वशुरमातुलान्।
अर्हयेन्मधुपर्केण परिसंवत्सरात् पुनः॥ ११९॥

राजा, यज्ञ पुरोहित, स्नातक, गुरु, ज्वाइँ, ससुरा र मामा- यिनीहरू एक वर्षपछि घर आएमा मधुपर्कले यिनको पूजा गर्नुपर्छ।

राजा च श्रोतियश्चैव यज्ञकर्मण्युपस्थितौ।
मधुपर्केण सपूज्यौ न त्वयज्ञ इति स्थितिः॥ १२०॥

राजा र श्रोत्रिय वैदिक यज्ञकर्ममा उपस्थित छन् भने तिनको मधुपर्कले पूजा गर्नुपर्छ, यज्ञका अतिरिक्त समयमा छन् भने पर्दैन।

सायं त्वन्नस्य सिद्धस्य पत्न्यमन्त्रं बलिं हरेत्।
वैश्वदेवं हि नामेतत्सायं प्रातर्विधीयते॥ १२१॥

सायंकालमा स्त्रीले बिना मन्त्रको सिद्धान्न बलि दिउन्। वैश्वदेव नाम गरेको कर्म गृहस्थले बिहान-बेलुकी गर्नुपर्छ।

पितृयज्ञं तु निर्वर्त्य विप्रश्चेन्दुक्षयेऽग्निमान्।
पिण्डान्वाहार्यकं श्राद्धं कुर्यान्मासानुमासिकम्॥ १२२॥

अग्निहोत्री ब्राह्मणले औंशी तिथिमा पितृयज्ञ गरेर प्रत्येक महिना पिण्डान्वाहार्य्यक श्राद्ध गरून्।

पितॄणां मासिकं श्राद्धमन्वाहार्यं विदुर्बुधाः।
तच्चामिषेण कर्तव्यं प्रशस्तेन प्रयत्नतः॥ १२३॥

पितृहरूको यस मासिक श्राद्धलाई विद्वान्हरू अन्वाहार्य भन्दछन्। यो श्राद्ध यत्नपूर्वक विहित मासुद्वारा गर्नुपर्छ।

तत्र ये भोजनीयाः स्युर्ये च वर्ज्या द्विजोत्तमाः।
यावन्तश्चैव यैश्चान्नैस्तान् प्रवक्ष्याम्यशेषतः॥ १२४॥

त्यो श्राद्धमा खुवाउन योग्य र नख्वाउन योग्य ब्राह्मणहरूलाई कुन अन्नले कति ब्राह्मणहरूलाई भोजन गराउनुपर्छ आदि सबै कुराहरू बताउँछु।

द्वौ दैवे पितृकार्ये त्रीनेकैकमुभयत्र वा।
भोजयेत् सुसमृद्धोऽपि न प्रसज्जेत विस्तरे॥ १२५॥

देवकार्यमा दुई, पितृश्राद्धमा तीन वा दुवैमा एक-एक ब्राह्मणलाई भोजन गराउन्। धेरै ब्राह्मणलाई भोजन गराउने सामर्थ्य भएता पनि यस संख्यालाई नबढाउन्।

सत्क्रियां देशकालौ च शौचं ब्राह्मणसम्पदः।
पञ्चैतान्विस्तरो हन्ति तस्मान्नेहेत विस्तरम्॥ १२६॥

संख्यालाई बढाउँदा संस्कार, देश, काल, पवित्रता र ब्राह्मणत्व श्राद्धका यी पाँच आवश्यक अङ्गहरूलाई साधनामा बाधा पर्दछ, यसकारण संख्या बढाउनु हुँदैन।

प्रथिता प्रेतकृत्यैषा पित्र्यं नाम विधुक्षये।
तस्मिन् युक्तस्यैति नित्यं प्रेतकृत्यैव लौकिकी॥१२७॥

औंसीमा जुन पितृश्राद्ध गरिन्छ त्यसलाई प्रेत कृत्य (पितृ–क्रिया) भनिन्छ। त्यो कर्ममा जो तत्पर रहन्छ उसलाई नित्य लौकिकी प्रेत–कृत्या प्राप्त हुन्छ अर्थात् उसलाई पुत्र पौत्रादि र धनको बृद्धि हुनेछ।

श्रोत्रियायैव देयानि हव्यकव्यानि दातृभिः।
अर्हत्तमाय विप्राय तस्मै दत्तं महाफलम्॥१२८॥

दाताले वेदाध्यायीलाई नै हव्य–कव्य दिनुपर्दछ, किनकि ती पूज्यतम ब्राह्मणलाई देवान्न वा श्राद्धान्न दिनाले धेरै फलको प्राप्ति हुनेछ।

एकैकमपि विद्वांसं दैवे पित्र्ये च भोजयेत्।
पुष्कलं फलमाप्नोति नामन्त्रज्ञान् बहूनपि॥१२९॥

देवकार्य र पितृकार्यमा एउटै विद्वान् ब्राह्मणलाई भोजन गराउनाले जुन विशेष फल प्राप्त हुन्छ, त्यो देव विद्याले विहीन धेरै ब्राह्मणहरूलाई ख्वाउनाले पनि प्राप्त हुँदैन।

दूरादेव परीक्षेत ब्राह्मणं वेदपारगम्।
तीर्थं तद्धव्यकव्यानां प्रदाने सोऽतिथिः स्मृतः॥१३०॥

वेद पारंगत ब्राह्मणलाई टाढैबाट (अर्थात् पहिला उसका वंश परम्परा र पवित्रता) जाँच गर्नुपर्छ, किनभने तिनलाई हव्य–कव्यका पात्र र दानका लागि अतिथि तुल्य पवित्र ठानिएको छ।

सहस्रं हि सहस्राणामनृचां यत्र भुञ्जते।
एकस्तान् मन्त्रवित् प्रीतः सर्वानर्हति धर्मतः॥१३१॥

जुन श्राद्धमा वेदका ऋचा (मन्त्र) नपढेका दस लाख ब्राह्मण भोजन गर्दछन्, तिनमा यदि वेद पढेका एउटै ब्राह्मण प्रसन्न भएर भोजन गर्दछन् भने ती एक्लैले सम्पूर्ण ब्राह्मण भोजन र दानको फल दिनेछन्।

ज्ञानोत्कृष्टाय देयानि कव्यानि च हवींषि च।
न हि हस्तावसृग्दिग्धौ रुधिरेणैव शुद्ध्यतः॥१३२॥

जो विद्यामा ठूलो हुन्छ, उसैलाई हव्य (देवान्न) र कव्य (पितृ–अन्न) दिनुपर्छ, किनकि रगतले भिजेका हात रगतले शुद्ध हुँदैनन्।

यावतो ग्रसते ग्रासन् हव्यकव्येष्वमन्त्रवित्।
तावतो ग्रसते प्रेत्य दीप्तशूलर्ष्ट्ययोगुडान्॥१३३॥

वेद विद्यारहित ब्राह्मण हव्य-कव्यमा जति गाँस खान्छन् श्राद्धकर्ताले आफ्नो मृत्युपछि आगोमा तताइएका शूलर्ष्टि नाम गरेको उति नै फलामको गोला खानुपर्छ।

ज्ञाननिष्ठा द्विजाः केचित्तपोनिष्ठास्तथाऽपरे।
तपःस्वाध्यायनिष्ठाश्च कर्मनिष्ठास्तथाऽपरे॥ १३४॥

कोही ब्राह्मण ज्ञानी, विद्वान्, कोही तपोनिष्ठ (तपस्वी), कोही स्वाध्यायनिष्ठ (वेद व्रतनिष्ठ) र कोही कर्मनिष्ठ (क्रियानिष्ठ) हुन्छन्।

ज्ञाननिष्ठेषु कव्यानि प्रतिष्ठाप्यानि यत्नतः।
हव्यानि तु यथान्यायं सर्वेष्वेव चतुर्ष्वपि॥ १३५॥

ज्ञाननिष्ठलाई यत्नका साथ कव्य (श्राद्धान्न) र बाँकी चार ब्राह्मणहरूलाई यथायोग्य हव्य (देवान्न) दिनुपर्छ।

अश्रोत्रियो पिता यस्य पुत्रः स्याद्वेदपारगः।
अश्रोत्रियो वा पुत्रः स्यात् पिता स्याद्वेदपारगः॥ १३६॥

जसका पिता वेद जान्दैनन् र पुत्र वेद पारङ्गत छन् भने अथवा पिता वेद पारङ्गत छन् र पुत्र वेद जान्दैनन् भने–

ज्यायांसमनयोर्विद्याद्यस्य स्याच्छ्रोत्रियः पिता।
मन्त्रसम्पूजनार्थं तु सत्कारमितरोऽर्हति॥ १३७॥

ती दुवैमा ठूलो त्यही हुन्छ जसको पिता वेदविज्ञ हुन्छ, तर अर्को वेद पढेका कारण सम्मानका लागि सत्कार पाउन योग्य हुन्छन्।

न श्राद्धे भोजयेन्मित्रं धनैः कार्योऽस्य संग्रहः।
नारिं न मित्रं यं विद्यात्तं श्राद्धे भोजयेद् द्विजम्॥ १३८॥

श्राद्धमा मित्रलाई नखुवाउन्, तर अरू सत्कारहरूबाट मित्रताको रक्षा गरून्। जो शत्रु र मित्र हुँदैनन् उही ब्राह्मणलाई श्राद्धमा भोजन गराउन्।

यस्य मित्रप्रधानानि श्राद्धानि च हवींषि च।
तस्य प्रेत्य फलं नास्ति श्राद्धेषु च हविःषु च॥ १३९॥

जसका श्राद्ध र हव्य (देवकार्य) मा मित्र नै मुख्य हुन्छन्। (अर्थात् मित्रलाई नै भोजन गराइन्छ) तिनलाई मृत्युपछि हव्य-कव्यको फल मिल्दैन।

यः सङ्गतानि कुरुते मोहाच्छ्राद्धेन मानवः।
स स्वर्गाच्च्यवते लोकाच्छ्राद्धमित्रो द्विजाधमः॥ १४०॥

जुन मनुष्य अज्ञानवश श्राद्धद्वारा कसैसित मित्रता जोड्छ, त्यो श्राद्धमित्र द्विजाधम स्वर्गलोकबाट वञ्चित हुन पुग्छ।

सम्भोजनी साऽभिहिता पैशाची दक्षिणा द्विजैः।

इहैवास्ते तु सा लोके गौरन्धेवैकवेश्मनि ॥ १४१ ॥

मित्रादिहरूका साथ भोजनादिले जुन दान-क्रिया हुन्छ त्यसलाई पैशाची दान-क्रिया भनिन्छ, किनभने त्यो दान-दक्षिणा यसै लोकमा रहन्छ, जसरी अन्धो गाई एउटै घरमा रहन्छ।

यथेरिणे बीजमुप्त्वा वप्ता लभते फलम्।

तथाऽनृचे हविर्दत्त्वा न दाता लभते फलम् ॥ १४२ ॥

जसरी नउम्रने ठाउँमा बीउ छरे, छर्ने व्यक्तिले केही फल प्राप्त गर्दैन। त्यसै गरी मूर्खलाई हवि (देवान्न) दिनाले दिनेलाई केही फल प्राप्त हुँदैन।

दातॄन् प्रतिग्रहीतॄंश्च कुरुते फलभागिनः।

विदुषे दक्षिणां दत्त्वा विधिवत् प्रेत्य चेह च ॥ १४३ ॥

वेद जान्ने ब्राह्मणलाई विधिपूर्वक दिइने दान-दक्षिणाले यस लोक र परलोकमा दाता र प्रतिग्रहीता दुवैलाई यथोक्त फल मिल्दछ।

कामं श्राद्धेऽर्चयेन्मित्रं नाभिरूपमपि त्वरिम्।

द्विषता हि हविर्भुक्तं भवति प्रेत्य निष्फलम् ॥ १४४ ॥

श्राद्धादिमा गुणवान् मित्रलाई (विद्वान् ब्राह्मणको अभावमा) भोजन गराउन्, तर विद्वान् शत्रुलाई होइन, किनकि शत्रुले खाएको श्राद्ध परलोकमा निष्फल हुन्छ।

यत्नेन भोजयेच्छ्राद्धे बह्वृचं वेदपारगम्।

शाखान्तगमथाध्वर्यु छन्दोगं तु समाप्तिकम् ॥ १४५ ॥

श्राद्धमा यत्नपूर्वक यस्ता ब्राह्मणलाई जसले धेरै ऋचा (मन्त्र) हरू जान्ने वेद पारंगत हुन्छ अथवा जसले वेदको कुनै शाखा पूरै पढेको हुन्छ वा जसले सम्पूर्ण वेदलाई पढेको हुन्छ तिनलाई भोजन गराउन्।

एषामन्यतमो यस्य भुञ्जीत श्राद्धमर्चितः।

पितॄणां तस्य तृप्तिः स्याच्छाश्वती साप्तपौरुषी ॥ १४६ ॥

यस्ता एउटै मात्र ब्राह्मणले यदि पूजित भएर श्राद्धमा भोजन गरिदिए भने श्राद्धकर्ताका पितृहरूलाई सात पुस्तासम्म निरन्तर तृप्ति प्राप्त हुन्छ।

येष वै प्रथमः कल्पः प्रदाने हव्यकव्ययोः।
अनुकल्पस्त्वयं ज्ञेयः सदा सद्भिरनुष्ठितः॥१४७॥

हव्य–कव्य दिने विषयमा यो मुख्य विचार भयो। अब सज्जनहरूले जुन गौण विचारलाई सधैं अनुष्ठान गरेका छन्, त्यो यस प्रकार छ :

मातामहं मातुलं च स्वीस्रीयं श्वसुरं गुरुम्।
दौहित्रं विट्पतिं बन्धुमृत्विग्याज्यौ च भोजयेत्॥१४८॥

मातामह (मावली हजुरबा), मामा, भानिज, श्वसुरा, गुरु, दौहित्र, ज्वाइँ, हजुरआमा, सानिमा, ठूलीआमा र फुपूका छोरा, पुरोहित र यज्ञकर्ता– यिनीहरूलाई श्राद्धमा भोजन गराउन्।

न ब्राह्मणं परीक्षेत दैवे कर्मणि धर्मवित्।
पित्र्ये कर्मणि तु प्राप्ते परीक्षेत प्रयत्नतः॥१४९॥

धर्म जान्ने पुरुषले देवकार्यमा ब्राह्मणको परीक्षा नगरून्, तर पितृकर्ममा (तिनका आचार, विचार, विद्या, कुल, शीलको) प्रयत्नपूर्वक परीक्षा गरून्।

ये स्तेनपतितक्लीबा ये च नास्तिकवृत्तयः।
तान् हव्यकव्योर्विप्राननर्हान् मनुरब्रवीत्॥१५०॥

जो चोर, पतित, नपुंसक, नास्तिक हुन्छन् ती ब्राह्मण हव्य–कव्यका योग्य हुँदैनन्, यस्तो मनुजीले भनेका हुन्।

जटिलं चानधीयानं दुर्बलं कितवं तथा।
याजयन्ति च ये पूगांस्तांश्च श्राद्धे र भोजयेत्॥१५१॥

वेदपाठविहीन जटाधारी, ब्रह्मचारी, दुर्बल, अजितेन्द्रिय, जुवाडे र ग्राम्य–पुरोहित– यिनलाई श्राद्ध नख्वाउन्।

चिकित्सकान् देवलकान्मांसविक्रयिणस्तथा।
विपणेन च जीवन्तो वर्ज्याः स्युर्हव्यकव्ययोः॥१५२॥

वैद्य, देवलक (पुजारी भएर देवांश खाने), मासु बिक्री गर्ने र वणिवृत्ति (व्यापार)बाट जीविका चलाउने ब्राह्मण देवकार्य र पितृश्राद्ध दुवैमा त्याज्य हुन्छन्।

प्रेष्यो ग्रामस्य राज्ञश्च कुनखी श्यावदन्तकः।
प्रतिरोद्धा गुरोश्चैव त्यक्ताग्निर्वार्धुषिस्तथा॥१५३॥

राजा वा गाउँको दास कार्य गर्ने, जसका नङ बिग्रिएका छन्, जसका दाँत काला छन्, गुरुका आज्ञा प्रतिकूल हिंड्ने, जसले अग्नि कर्म त्यागेका हुन्छन् ती ब्राह्मण हव्य–कव्यमा त्याज्य हुन्छन्।

यक्ष्मी च पशुपालश्च परिवेत्ता निराकृतिः।
ब्रह्मद्विद् परिवित्तिश्च फणाभ्यन्तर एव च॥१५४॥

यक्ष्मा (क्षय) रोगी, पशुहरूको पालन–पोषण गरेर जीविका गर्ने [३]परिवेत्ता, [४]परिवित्ति, देव–पितृ–कर्मादिरहित, ब्राह्मण–द्वेषी र कुनै लोकोपकारका लागि जम्मा हुन आएका धनद्वारा आफ्ना जीविका चलाउने– यी सबै देवकर्म र श्राद्धमा त्याज्य हुन्छन्।

कुशीलवोऽवकीर्णी च वृषलीपतिरेव च।
पौनर्भवश्च काणश्च यस्य चोपपतिर्गृहे॥१५५॥

नाचगान गरी जीविका गर्ने, ब्रह्मचर्य व्रतबाट रहित, कामुक, शूद्रा स्त्री वा दोस्रो पल्ट विवाह भएकी स्त्रीबाट उत्पन्न पुत्र, कानो र जुन घरमा स्त्रीको उपपति हुन्छ– यी सबै देवकर्म र पितृकर्ममा त्याज्य हुन्छन्।

भृतकाध्यापको यश्च भृतकाध्यापितस्तथा।
शूद्रशिष्यो गुरुश्चैव वाग्दुष्टः कुण्डगोलकौ॥१५६॥

वेतन लिएर पढाउने, वेतन दिएर पढ्ने, शूद्रसित पढ्ने वा शूद्रलाई पढाउने, कटुभाषी (रूखो बोल्ने), सधवा वा विधवा स्त्रीका पेटबाट परपुरुषद्वारा उत्पन्न ब्राह्मण देवकार्य र पितृकार्यमा त्याज्य हुन्छन्।

अकारणपरित्यक्ता मातापित्रोर्गुरोस्तथा।
ब्राह्मैर्यौनैश्च सम्बन्धैः संयोगं पतितैर्गतः॥१५७॥

माता, पिता र गुरुलाई अकारण परित्याग गर्ने पतितहरूका साथ विवाहादि सम्बन्ध वा पठन–पाठनको व्यवहार गर्ने पनि त्याज्य हुन्छन्।

अगारदाही गरदः कुण्डाशी सोमविक्रयी।
समुद्रयायी बन्दी च तैलिकः कूटकारकः॥१५८॥

घरमा आगो लगाउने, विष दिने, जारज (पति छँदाछँदै अरूबाट जन्मिएको) को अन्न खाने, मादक पदार्थ बेच्ने, समुद्र यात्रा गर्ने, भाँड, बन्दी, तेली र झुटो साक्षी बस्ने पनि त्याज्य हुन्छन्।

---

[३] जेठो दाजुको विवाह नभएको, तर भाइको विवाह भएको र उसले अग्निहोत्र गर्छ भने उसलाई परिवेत्ता भनिन्छ।

[४] परिवेत्ताको जेठो दाजुलाई परिवित्ति भनिन्छ।

पित्रा विवदमानश्च कितवो मद्यपस्तथा।
पापरोग्यभिशप्तश्च दाम्भिको रसविक्रयी॥ १५९॥

पितासँग व्यर्थमा विवाद गर्ने, जूवा खेल्ने, जँड्याहा, महारोगी, महापापी, घमण्डी र रसहरू बेच्ने यी देवान्न र श्राद्धान्नका लागि उपयुक्त हुँदैनन्।

धनुःशराणां कर्ता च यश्चाग्रेदिधिषूपतिः।
मित्रध्रुग्द्यूतवृत्तिश्च पुत्राचार्यस्तथैव च॥ १६०॥

धनु–काँड बनाउने, ती कन्यासित विवाह गर्ने पुरुष (जसकी दिदी कुमारी छ), मित्र–दोही, जुवा खेलेर आफ्नो जीवन–निर्वाह गर्ने र छोरासित वेद पढ्ने श्राद्धादि कर्ममा त्याज्य हुन्छन्।

भ्रामरी गण्डमाली च श्वित्र्यथो पिशुनस्तथा।
उन्मत्तोऽन्धश्च वर्ज्याः स्युर्वेदनिन्दक एव च॥ १६१॥

जसलाई छारे, गाँड र दुभी जस्ता रोग छन्, छुल्याहा, पागल, उन्मत्त, अन्धो र वेदको निन्दा गर्ने पनि देव–कार्य र पितृ–कार्यमा त्याज्य छन्।

हस्तिगोऽश्वोष्ट्रदमको नक्षत्रैर्यश्च जीवति।
पक्षिणां पोषको यश्च युद्धाचार्यस्तथैव च॥ १६२॥

हात्ती, गोरु, घोडा र ऊँटलाई सिकाउने (सधाउने), राशि नक्षत्रको गणना गरेर जीविका निर्वाह गर्ने, चरा–चुरुङ्गीहरू पाल्ने र युद्धको शिक्षा दिने श्राद्धादि कर्ममा त्याज्य छन्।

स्रोतसां भेदको यश्च तेषां चावरणे रतः।
गृहसंवेशको दूतो वृक्षारोपक एव च॥ १६३॥

नदीको बहावलाई अर्कोतिर लैजाने अथवा त्यसको प्रवाहलाई रोक्ने, वास्तुविद्याले जीविका चलाउने, प्यादाको काम गर्ने र रूख रोप्ने श्राद्धादि कर्ममा त्याज्य हुन्छन्।

श्वक्रीडी श्येनजीवी च कन्यादूषक एव च।
हिंस्रो वृषलवृत्तिश्च गणानां चैव याजकः॥ १६४॥

कुकुरसित क्रीडा गर्ने, बाज, पक्षीद्वारा शिकार गरेर जीविका चलाउने, कन्यालाई दूषित गर्ने, हिंस्रक, शूद्र वृत्ति भएको र विनायकादि गणहरूको यज्ञ गर्ने– यी सबै श्राद्धादि कर्ममा त्याज्य छन्।

आचारहीनः क्लीबश्च नित्यं याचनकस्तथा।
कृषिजीवी श्लीपदी च सद्भिर्निन्दित एव च॥ १६५॥

पूज्यजनहरूप्रति शिष्टाचारहित, स्वधर्म पालनमा कातर, सधैं मागेर हिंड्ने, खेती गरेर जीवन चलाउने र पहेंला पाउ भएका यी सबैलाई विद्वान्हरूले श्राद्धमा निन्दित बताएका छन्।

औरभ्रिको माहिषिकः परपूर्वापतिस्तथा।
प्रेतनिर्यातकश्चैव वर्जनीयाः प्रयत्नतः॥१६६॥

भेडा र भैंसीहरूद्वारा जीविका चलाउने, विधुवी स्त्रीसित विवाह गर्ने र द्रव्यका लागि प्रेतको दाहादि गर्नेलाई श्राद्धमा यत्नसाथ वर्जित गर्नुपर्दछ।

एतान् विगर्हिताचारानपाङ्क्तेयान् द्विजाधमान्।
द्विजातिप्रवरो विद्वानुभयत्र विवर्जयेत्॥१६७॥

यी निन्दित आचार भएका अपाङ्क्तेय (पंक्तिमा बसाउन अयोग्य) अधम ब्राह्मणहरूलाई देवकर्म र पितृकर्म दुवैमा विद्वान्ले त्यागिदिउन्।

ब्राह्मणस्त्वनधीयानस्तृणाग्निरिव शाम्यति।
तस्मै हव्यं न दातव्यं न हि भस्मनि हूयते॥१६८॥

विद्याध्ययनबाट हीन ब्राह्मण परालको त्यन्द्राको आगो जस्तै निस्तेज हुन्छ, तिनलाई हव्य दिनु हुँदैन, किनकि भस्म (खरानी) मा होम गरिदैन।

अपाङ्क्तदाने यो दातुर्भवत्यूर्ध्वं फलोदयः।
दैवे हविषि पित्र्ये वा तत्प्रवक्ष्याम्यशेषतः॥१६९॥

पांक्तेय ब्राह्मणलाई देवकर्म वा पितृ श्राद्धमा भोजन गराउँदा जुन फल पाइन्छ त्यो सबै म अब भन्ने छु।

अव्रतैर्यद् द्विजैर्भुक्तं परिवेत्त्रादिभिस्तथा।
अपाङ्क्तेयैर्यदन्यैश्च तद्वै रक्षांसि भुञ्जते॥१७०॥

ब्रह्मचर्यबाट हीन र परिवेत्ता आदि जति अपांक्तेय ब्राह्मण छन्, तिनीहरूले गरेका भोजन राक्षसको पेटमा जान्छ।

दाराग्निहोत्रसंयोगं कुरुते योऽग्रजे स्थिते।
परिवेत्ता स विज्ञेयः परिवित्तिस्तु पूर्वजः॥१७१॥

ठूलो दाज्यू छँदा-छँदै भाइले विवाह गर्छ र अग्निहोत्र क्रिया पनि गर्छ भने उसलाई परिवेत्ता र उसको दाज्यूलाई परिवित्ति भनिन्छ।

परिवित्तिः परिवेत्ता यया च परिविद्यते।
सर्वे ते नरकं यान्ति दातृयाजकपञ्चमाः॥१७२॥

परिवित्ति, परिवेत्ता र जुन कन्यासित यिनको विवाह हुन्छ ती कन्या, कन्यादान गर्ने र विवाहमा होम गर्ने– यी पाँचै नरकगामी हुन्छन्।

भ्रातुर्मृतस्य भार्यानां योऽनुरज्येत कामतः।
धर्मेणापि नियुक्तायां स ज्ञेयो दिधिषूपतिः॥ १७३॥

दाज्यूको मृत्यु भएमा उनकी पत्नीका साथ धर्मपूर्वक नियोग गरेमा यदि कामवश त्यो ती स्त्रीमा अनुरक्त भएमा उसलाई दिधिषूपति (दोस्रो पति) भनिन्छ।

परदारेषु जायेते द्वौ सुतौ कुण्डगोलकौ।
पत्यौ जीवति कुण्डः स्यान्मृते भर्तरि गोलकः॥ १७४॥

परस्त्रीहरूमा कुण्ड र गोलक नाम गरेका (दुई किसिमका सन्तान) पुत्र उत्पन्न हुन्छन्। जुन स्त्रीको पति जीवित भएर स्त्रीमा परपुरुषबाट जुन पुत्र जन्मिन्छ त्यसलाई कुण्ड र पतिको मृत्युपछि परपुरुषबाट जुन पुत्र जन्मिन्छ त्यसलाई गोलक भनिन्छ।

तौ तु जातौ परक्षेत्रे प्राणिनौ प्रेत्य चेह च।
दत्तानि हव्यकव्यानि नाशयेते प्रदायिनाम्॥ १७५॥

परस्त्रीहरूबाट उत्पन्न यी दुवै पुत्र (कुण्ड र गोलक) दाताद्वारा दिइएका हव्य–कव्यलाई नष्ट गर्दछन्। यस लोक वा परलोकमा कतै पनि दातालाई फल प्राप्त हुँदैन।

अपाङ्क्त्यो यावतः पाङ्क्त्यान् भुञ्जानाननुपश्यति।
तावतां न फलं तत्र दाता प्राप्नोति बालिशः॥ १७६॥

पांक्तेय ब्राह्मणहरूले श्राद्धमा भोजन गरेका बेला जति अपांक्तेय ब्राह्मणहरूका दृष्टि (आँखा) पर्दछन्, त्यति नै ब्राह्मणहरूलाई भोजन गराएको फल श्राद्धकर्तालाई मिल्दैन।

वीक्ष्यान्धो नवतेः काणः षष्टेः श्वित्री शतस्य तु।
पापरोगी सहस्रस्य दातुर्नाशयते फलम्॥ १७७॥

श्राद्धमा भोजन गर्ने यौटा अन्धोले नब्बे सद्ब्राह्मणहरूलाई, कानाले साठी ब्राह्मणहरूलाई, सेतो दुभी (कुष्ठ) भएकोले एक सय ब्राह्मणहरूलाई र पाप रोगीले एक हजार ब्राह्मणहरूलाई भोजन गराएको फल नाश गर्दछ।

यावतः संस्पृशेदङ्गैर्ब्राह्मणाञ्छूद्रयाजकः।
तावतां न भवेद्दातुः फलं दानस्य पौर्तिकम्॥ १७८॥

शूद्रहरूको यज्ञ गराउने विप्रले जति ब्राह्मणहरूलाई आफ्नो शरीरले स्पर्श गर्दछ, त्यति नै ब्राह्मणलाई भोजन गराउने पूरा फल श्राद्धकर्ताले पाउँदैन।

वेदविच्चापि विप्रोऽस्य लोभात् कृत्वा प्रतिग्रहम्।
विनाशं व्रजति क्षिप्रमामपात्रमिवाम्भसि ॥ १७९ ॥

वेदको ज्ञाता ब्राह्मणले यदि लोभले शूद्र पुरोहितका हातबाट दान लिइहालेमा त्यो दान पानीमा डुबाइएको काँचो माटाको घैला झैं छिटै नै नष्ट हुन जान्छ।

सोमविक्रयिणे विष्ठा भिषजे पूयशोणितम्।
नष्टं देवलके दत्तमप्रतिष्ठं तु वार्धुषौ ॥ १८० ॥

सोमरस (मदिरा) बेच्नेलाई दिइएको श्राद्धान्न विष्ठा र वैद्यलाई दिइएको श्राद्धान्न पीप रगत भएर प्राप्त हुन्छ। देवांश खानेलाई दिइएको श्राद्धान्न नष्ट हुन जान्छ र ब्याज खानेलाई दिनाले कुनै फल प्राप्त हुँदैन।

यत्तु वाणिजके दत्तं नेह नामुत्र तद्भवेत्।
भस्मनीव हुतं हव्यं तथा पौनर्भवे द्विजे ॥ १८१ ॥

वणिक् वृत्तिले जीविका निर्वाह गर्नेलाई श्राद्धान्न खुवाउनाले यस इहलोक र परलोक दुवैमा केही फल पाइँदैन। पुनर्विवाहिता स्त्रीका पुत्रलाई दिइएको हव्य पनि खरानीमा गरिएको आहुति तुल्य निष्फल हुन जान्छ।

इतरेषु त्वापाङ्क्त्येषु यथोद्दिष्टेष्वसाधुषु।
मेदोसृङ्मांसमज्जास्थि वदन्त्यन्नं मनीषिणः ॥ १८२ ॥

अन्य अपांक्तेय र नीच वृत्ति भएका ब्राह्मणलाई त्याज्य भनिएको छ, तिनलाई श्राद्धादिमा दिइएको अन्न दाताको जन्मान्तरमा मेद, मांस, रक्त, मज्जा र हड्डी हुन्छ, यस्तो विद्वान्हरू भन्ने गर्छन्।

अपांक्त्योपहता पंक्तिः पाव्यते यैर्द्विजोत्तमैः।
तान्निबोधत कात्स्न्र्येन द्विजाग्र्यान् पङ्क्तिपावनान् ॥ १८३ ॥

अपांक्तेय (पंक्तिमा बस्न अयोग्य) हरूबाट दूषित पंक्ति जुन श्रेष्ठ ब्राह्मणहरूबाट पवित्र हुन्छ, ती पंक्तिपावन ब्राह्मणहरूको पूरै परिचय सुन्नुहोस्।

अग्र्याः सर्वेषु वेदेषु सर्वप्रवचनेषु च।
श्रोत्रियान्वयजाश्चैव विज्ञेयाः पंक्तिपावनाः ॥ १८४ ॥

जो षडङ्गसहित चारै वेदहरूमा अग्रगण्य हुन्छन्, श्रोत्रिय वंशमा जसको जन्म हुन्छ, तिनलाई पंक्तिपावन हुन् भनी बुझ्नुपर्छ।

त्रिणाचिकेतः पञ्चाग्निस्त्रिसुपर्णः षडङ्गवित्।
ब्रह्मदेयात्मसन्तानो ज्येष्ठसामग एव च॥१८५॥

त्रिणाचिकेत (यजुर्वेद पढेर त्यसमा बताइएका व्रत) गरेको छ र अग्निहोत्री, त्रिसुपर्ण (ऋगवेद ज्ञाता वा त्यसमा बताइएको व्रतको व्रती), शिक्षा आदि छः अङ्गहरूको ज्ञाता तथा त्यसको शिक्षा दिने, ब्राह्म विवाहले विधिपूर्वक विवाह गरिएकी स्त्रीका गर्भबाट उत्पन्न र आरण्यक उपनिषदहरूमा गीयमान सामवेद गाउने यी छः पंक्तिपावन हुन्।

वेदार्थवित् प्रवक्ता च ब्रह्मचारी सहस्रदः।
शतायुश्चैव विज्ञेया ब्राह्मणाः पंक्तिपावनाः॥१८६॥

वेदको अर्थ जान्ने, वेदवक्ता, ब्रह्मचारी, हजारौं गाई दान गर्ने र सय वर्ष पुगेका वृद्ध ब्राह्मण– यी सबै पंक्तिपावन हुन्।

पुर्वेद्युरपरेद्युर्वा श्राद्धकर्मण्युपस्थिते।
निमन्त्रयेत त्र्यवरान्सम्यग्विप्रान् यथोदितान्॥१८७॥

श्राद्धकर्म उपस्थित भएमा श्राद्धको पहिला दिन वा उही दिन पूर्वोक्त लक्षणहरूले युक्त तीन ब्राह्मणहरूलाई विनयपूर्वक निमन्त्रण दिउन्।

निमन्त्रितो द्विजः पित्र्ये नियतात्मा भवेत्सदा।
न च छन्दांस्यधीयीत यस्य श्राद्धं च तद्भवेत्॥१८८॥

श्राद्धमा निमन्त्रित ब्राह्मण (निमन्त्रण पाएको बेलादेखि) संयतेन्द्रिय भएर रहुन्। नित्यका कर्म जपादिका अतिरिक्त अरू वेद–पाठ नगरून्। श्राद्धकर्त्ताले पनि यस नियमको पालन गरून्।

निमन्त्रितान् हि पितर उपतिष्ठन्ति तान्द्विजान्।
वायुवच्चानुगच्छन्ति तथासीनानुपासते॥१८९॥

ती निमन्त्रित ब्राह्मणहरूमा पितृहरू गुप्त रूपले वास गर्छन्। प्राणवायु जस्तै ती हिंडेका बेला पितृहरू पनि हिंड्छन् अनि बसेका बेला बस्छन्।

केतितस्तु यथान्यायं हव्यकव्ये द्विजोत्तमः।
कथञ्चिदप्यतिक्रामन् पापः सूकरतां व्रजेत्॥१९०॥

देवकार्य वा पितृकार्यमा निमन्त्रित ब्राह्मणले निमन्त्रण स्वीकार गरेपछि कुनै कारणले भोजन गरेनन् भने त्यस पापले जन्मान्तरमा ती सुँगुर हुनेछन्।

आमन्त्रितस्तु यः श्राद्धे वृषल्या सह मोदते।
दातुर्यद् दुष्कृतं किञ्चित्तत्सर्वं प्रतिपद्यते॥१९१॥

यदि श्राद्धमा निमन्त्रित ब्राह्मण शूद्रासित विहार गर्छ भने श्राद्धकर्ताद्वारा गरिएका सबै पापहरूलाई स्वयंले भोग्दछ।

अक्रोधनाः शौचपराः सततं ब्रह्मचारिणः।
न्यस्तशस्त्रा महाभागाः पितरः पूर्वदेवताः॥१९२॥

क्रोधरहित, वाह्याभ्यन्तर शुद्धिले युक्त, सर्वदा ब्रह्मचारी, न्यस्त शस्त्रादि गुणहरूले युक्त अनादि देवतारूप पितृ हुन्छन्।

यस्मादुत्पत्तिरेतेषां सर्वेषामप्यशेषतः।
ये च यैरुपचर्याः स्युर्नियमैस्तान्निबोधत॥१९३॥

जसद्वारा सबै पितृहरूको उत्पत्ति भएको छ, जो पितृ हुन्, जुन नियम-हरूले उनीहरूको सत्कार, उपचर्या हुनुपर्छ, त्यो सबै विषय अब सुन्नुहोस्।

मनोर्हैरण्यगर्भस्य ये मरीच्यादयः सुताः।
तेषामृषीणां सर्वेषां पुत्राः पितृगणाः स्मृताः॥१९४॥

हिरण्यगर्भका पुत्र मनुजीका मरीचि आदि जुन पुत्र छन् ती सबै ऋषिहरूका पुत्रलाई नै पितृ भनिएको हो।

विराट्सुताः सोमसदः साध्यानां पितरः स्मृताः।
अग्निष्वात्ताश्च देवानां मारीचा लोकविश्रुताः॥१९५॥

विराटका पुत्र सोमसद साध्यगणका पितृ हुन्। मरीचिका प्रसिद्ध पुत्र अग्निष्वात्ता देवताहरूका पितृ हुन्।

दैत्यदानवयक्षाणां गन्धर्वोरगरक्षसाम्।
सुपर्णाकिन्नराणां च स्मृता बर्हिषदोऽत्रिजाः॥१९६॥

अत्रिका पुत्र 'बर्हिषद' दैत्य, दानव, यक्ष, गन्धर्व, नाग, राक्षस, सुपर्ण र किन्नरहरूका पितृ हुन्।

सोमपा नाम विप्राणां क्षत्रियाणां हविर्भुजः।
वैश्यानामाज्यपा नाम शूद्राणां तु सुकालिनः॥१९७॥

ब्राह्मणहरूका पितृ सोमप, क्षत्रियहरूका पितृ हविष्मन्त, वैश्यहरूका पितृ आज्यप र शूद्रहरूका पितृ सुकालिन हुन्।

सोमपास्तु कवेः पुत्रा हविष्मन्तोऽङ्गिरःसुताः।
पुलस्त्यस्याज्यपाः पुत्रा वसिष्ठस्य सुकालिनः॥१९८॥

भृगुका पुत्र सोमप, अङ्गिराका पुत्र हविष्मन्त, पुलस्त्यका पुत्र आज्यप र वशिष्ठका पुत्र सुकालिन हुन्।

अग्निदग्धानग्निदग्धान् काव्यान् बर्हिषदस्तथा ।
अग्निष्वात्तांश्च सौम्यांश्च विप्राणामेव निर्दिशेत् ॥ १९९ ॥

अग्निदग्ध, अनग्निग्ध, काव्य, बर्हिषद, अग्निष्वात्ता र सौम्य- यी ब्राह्मणहरूका पितृ हुन् ।

य एते तु गणा मुख्याः पितॄणां परिकीर्तिताः ।
तेषामपीह विज्ञेयं पुत्रपौत्रमनन्तकम् ॥ २०० ॥

पितृहरूका जुन यति मुख्य गण छन् तिनका पनि असंख्य पुत्र-पौत्रादि छन् ।

ऋषिभ्यः पितरो जाताः पितृभ्यो देवमानवाः ।
देवेभ्यस्तु जगत्सर्वं चरं स्थाण्वनुपूर्वशः ॥ २०१ ॥

ऋषिहरूबाट पितृ, पितृहरूबाट देवता र मनुष्य उत्पन्न भएका हुन् । देवताहरूबाट यो सारा चराचर जगत क्रमैसित उत्पन्न भयो ।

राजतैर्भाजनैरेषामथो वा राजतान्वितैः ।
वार्यपि श्रद्धया दत्तमक्षयायोपकल्पते ॥ २०२ ॥

यी पितृहरूलाई चाँदीका भाँडामा वा चाँदी मिसिएका ताँबाका पात्रहरूमा श्रद्धाले दिइएको जल अक्षय सुखको लागि हुन्छ ।

देवकार्याद् द्विजातीनां पितृकार्यं विशिष्यते ।
दैवं हि पितृकार्यस्य पूर्वमाप्यायनं श्रुतम् ॥ २०३ ॥

द्विजातिहरूका लागि देवकर्मभन्दा पितृकर्म विशिष्ट हुन्छ, किनभने देवकर्मलाई नै पितृकर्मको सदैव परिपूरक भनिएको छ ।

तेषामारक्षभूतं तु पूर्वं दैवं नियोजयेत् ।
रक्षांसि हि विलुम्पन्ति श्राद्धमारक्षवर्जितम् ॥ २०४ ॥

ती पितृहरूका रक्षास्वरूप देवकर्म (वैश्वदेव) गर्नुपर्छ । रक्षारहित श्राद्धलाई राक्षसहरूले लोप गर्दछन् ।

दैवाद्यन्तं तदीहेत पित्राद्यन्तं न तद्भवेत् ।
पित्राद्यन्तं त्वीहमानः क्षिप्रं नश्यन्ति सान्वयः ॥ २०५ ॥

श्राद्धकर्मको आदि र अन्तमा पनि देवकर्म नै गर्नुपर्छ, पितृकर्म गर्नु हुँदैन । पितृकर्म श्राद्ध जसले गर्छ ऊ सवंश नष्ट हुन जान्छ ।

शुचिं देशं विविक्तं च गोमयेनोपलेपयेत् ।
दक्षिणाप्रवणं चैव प्रयत्नेनोपपादयेत् ॥ २०६ ॥

श्राद्ध गरिने ठाउँ पवित्र र एकान्तमा होस् । त्यस ठाउँलाई गोबरले लिपियोस् । पिण्ड दिने ठाउँ दक्षिण र ढालुवा होस्, यस्तो बनाउनुपर्छ ।

अवकाशेषु चोक्षेषु नदीतीरेषु चैव हि।
विविक्तेषु च तुष्यन्ति दत्तेन पितरः सदा ॥ २०७ ॥

वन वा उपवनको पवित्र भूमिमा वा नदी किनार वा एकान्त स्थानमा पिण्ड, अन्न, द्रव्य आदि दानले पितृहरू सधैं सन्तुष्ट हुन्छन् ।

आसनेषूपक्लृप्तेषु बर्हिष्मत्सु पृथक्पृथक् ।
उपस्पृष्टोदकान् सम्यग्विप्रांस्तानुपवेशयेत् ॥ २०८ ॥

सम्यक् प्रकारले स्नान र आचमन गरेका ती निमन्त्रित ब्राह्मणहरूलाई भिन्ना-भिन्नै कुशासनमाथि बसाउन् ।

उपवेश्य तु तान्विप्रानासनेष्वजुगुप्सितान् ।
गन्धमाल्यैः सुरभिभिरर्चयेद् देवपूर्वकम् ॥ २०९ ॥

ती ब्राह्मणहरूलाई आसनमाथि बसाएर चन्दन, माला र धूपादिले देवपूर्वक (पहिला वैश्वदेव निमित्तक, त्यसपछि पितृनिमित्तक ब्राह्मणको) पूजा गरून् ।

तेषामुदकमानीय सपवित्रांस्तिलानपि ।
अग्नौ कुर्यादनुज्ञातो ब्राह्मणो ब्राह्मणैः सह ॥ २१० ॥

ती ब्राह्मणहरूलाई तिल र कुशका पवित्रले अर्घ्य दिएर उनीहरूबाट आज्ञा लिएर श्राद्धकर्ता मन्त्र पढ्दै अग्निमा होम गरून् ।

अग्नेः सोमयमाभ्यां च कृत्वाप्यायनमादितः ।
हविर्दानेन विधिवत् पश्चात्सन्तर्पयेत्पितॄन् ॥ २११ ॥

पहिला अग्नि, सोम र यमका निम्ति विधिपूर्वक आवाहनादि गरेर हविष्य दिएर त्यसपछि पिण्ड दानादिले पितृहरूलाई तृप्त गरून् ।

अग्न्यभावे तु विप्रस्य पाणावेवोपपादयेत् ।
यो ह्यग्निः स द्विजो विप्रैर्मन्त्रदर्शिभिरुच्यते ॥ २१२ ॥

अग्निको अभावमा ब्राह्मणका हातमा नै पूर्वोक्त देवताहरूका निम्ति आहुति दिउन् । वेद मन्त्र बुझ्नेकाले ब्राह्मण र अग्नि एकै हुन् भनेका छन् ।

अक्रोधनान्सुप्रसादान्वदन्त्येतान्पुरातनान् ।
लोकस्याप्यायने युक्ताञ्छ्राद्धदेवान्द्विजोत्तमान् ॥ २१३ ॥

क्रोधरहित, प्रसन्न मुख र लोकोपकारमा जो निरत रहन्छन्, यस्ता श्रेष्ठ ब्राह्मणहरूलाई मुनिहरूले श्राद्धका लागि देवतुल्य भनेका छन् ।

अपसव्यमग्नौ कृत्वा सर्वमावृत्य विक्रमम्।
अपसव्येन हस्तेन निर्वपेदुदकं भुवि॥ २१४॥

अपसव्य (जनेउलाई दायाँ काँधमा राखेर) भएर (पितृकर्मका सुरुमा देवताहरूका निम्ति) अग्निमा हवन गरून्, त्यसपछि दाहिने हातले पिण्ड राख्ने ठाउँमा जल छर्किउन्।

त्रींस्तु तस्माद्धविःशेषात्पिण्डान्कृत्वा समाहितः।
औदकेनैव विधिना निर्वपेद्दक्षिणामुखः॥ २१५॥

त्यसपछि एकाग्रचित्त भएर हवन गरी बाँकी रहेका अन्नको तीन पिण्ड बनाउन्। ती पिण्डलाई विधिपूर्वक जलले अभिषिक्त गरेर दक्षिणतिर मुख गरी ती पिण्डहरूलाई तिनको ठाउँमा राखुन्।

न्युप्य पिण्डांस्ततस्तांस्तु प्रयतो विधिपूर्वकम्।
तेषु दर्भेषु तं हस्तं निमृज्याल्लेपभागिनाम्॥ २१६॥

ती पिण्डलाई विधिपूर्वक कुशमाथि राखेर त्यो कुशको फेदले पितृहरूका तृप्तिका लागि आफ्ना हातका लेप भागलाई पुछुन्।

आचम्योदक्परावृत्य त्रिराचम्य शनैरसून्।
षड्ऋतूंश्च नमस्कुर्यात्पितॄणेव च मन्त्रवित्॥ २१७॥

त्यसपछि आचमन गरेर उत्तरतिर मुख गरी तीनपल्ट प्राणायाम गरेर छः ऋतुहरू र पितृहरूलाई नमस्कार गरून्।

उदकं निनयेच्छेषं शनैः पिण्डान्तिके पुनः।
अवजिघ्रेच्च तान्पिण्डान्यथान्युप्तान्समाहितः॥ २१८॥

पिण्डदान दिनुभन्दा पहिला भूमिमा जल चढाए पश्चात् उब्रिएको जललाई फेरि प्रत्येक पिण्डको छेउ चढाउन् र ती पिण्डहरूलाई जुन क्रमले जल चढाइएको छ, उसै क्रमले एक एकलाई सुँघुन्।

पिण्डेभ्यस्त्वल्पिकां मात्रां समादायानुपूर्वशः।
तेनैव विप्रानासीनान्विधिवत्पूर्वमाशयेत्॥ २१९॥

पिण्डान्नबाट थोरै-थोरै भाग लिएर भोजन भन्दा पहिला ती आमन्त्रित (पितृ-पितामह, प्रपितामह रूप) ब्राह्मणहरूलाई यथा क्रमले खुवाउन्।

ध्रियमाणे तु पितरि पूर्वेषामेव निर्वपेत्।
विप्रवद्वाऽपि तं श्राद्धे स्वकं पितरमाशयेत्॥ २२०॥

यदि पिता जीवित छन् भने पितामहादि पितृहरूको श्राद्ध गरून् र उनैलाई पिण्ड दिउन् अनि आफ्ना जीवित पितालाई ब्राह्मणको ठाउँमा भोजन गराउन्।

पिता यस्य निवृत्तः स्याज्जीवेच्चापि पितामहः।

पितुः स नाम सङ्कीर्त्य कीर्तयेत्प्रपितामहम्॥ २२१॥

जसका पिता छैनन् र पितामह जीवित छन् उसले पितामहलाई छोडेर पिता र प्रपितामहको श्राद्ध गरून्।

पितामहो वा तच्छ्राद्धं भुञ्जीतेत्यब्रवीन्मनुः।

कामं वा समनुज्ञातः स्वयमेव समाचरेत्॥ २२२॥

श्राद्धमा पितालाई ख्वाउने जुन विधि भनिएको छ त्यसै विधिले पितामह जीवित छन् भने उनलाई पनि ख्वाउनु अथवा उनले आफ्नो लागि जो आज्ञा दिन्छन् त्यही गरून्।

तेषां दत्त्वा तु हस्तेषु सपवित्रं तिलोदकम्।

तत्पिण्डाग्रं प्रयच्छेत स्वधैषामस्त्विति ब्रुवन्॥ २२३॥

ती ब्राह्मणहरूका हातमा पवित्र कुशसहित तिलोदक दिएर पूर्वोक्त पिण्डहरूबाट 'यी स्वधा रूप हुन्' भनेर अलिकति उनलाई दिउन्।

पाणिभ्यां तूपसंगृह्य स्वयमन्नस्य वर्धितम्।

विप्रान्तिके पितॄन् ध्यायञ्शनकैरुपनिक्षिपेत्॥ २२४॥

भोजनका सामग्रीले भरिएका पात्रलाई दुवै हातले विस्तारै ल्याएर पितृको ध्यान गर्दै ब्राह्मणहरूका छेउमा राखुन्।

उभयोर्हस्तयोर्मुक्तं यदन्नमुपनीयते।

तद्विप्रलुम्पन्त्यसुराः सहसा दुष्टचेतसः॥ २२५॥

पस्किनका निम्ति जुन अन्न एक हातले ल्याइएको हुन्छ त्यसलाई दुष्ट बुद्धि भएका राक्षसहरूले सजिलै हरण गरेर लैजान्छन्।

गुणांश्च सूपशाकाद्यान् पयो दधि घृतं मधु।

विन्यसेत् प्रयतः पूर्वं भूमावेव समाहितः॥ २२६॥

पहिला अचार, चटनी आदि व्यञ्जन, सूप शाकादि तथा दूध, दही, घिउ र मह आदि सबै पदार्थ यत्नपूर्वक सावधानीसित भूमिमा नै राखून्।

भक्ष्यं भोज्यं च विविधं मूलानि च फलानि च।

हृद्यानि चैव मांसानि पानानि सुरभीणि च॥ २२७॥

विविध किसिमका भक्ष्य, भोज्य, फल, मूल, रुचाइएको मासु र सुगन्धित जलादि यी सबै कुरा पनि राखून्।

उपनीय तु तत्सर्वं शनकैः सुसमाहितः।
परिवेषयेत् प्रयतो गुणान् सर्वान् प्रचोदयन्॥ २२८॥

बडो सावधानीका साथ भोजनका सबै वस्तुहरू ल्याएर तिनको गुण वर्णन गर्दै पस्किउन्।

नास्रमापातयज्जातु न कुप्येन्नानृतं वदेत्।
न पादेन स्पृशेदन्नं न चैतदवधूनयेत्॥ २२९॥

ब्राह्मण भोजनका समय आँशु कदापि नखसाउन्, क्रोध नगरून्, झुटो नबोलुन्, खुट्टाले अन्नलाई नछोउन् र पस्किदै गर्दा त्यो खानेकुरा नहल्लाउन्।

अस्रं गमयति प्रेतान् कोपोऽरीननृतं शुनः।
पादस्पर्शस्तु रक्षांसि दुष्कृतीनवधूननम्॥ २३०॥

श्राद्धमा आँशु झार्नाले त्यो खानेकुरा भूतले, क्रोध गर्नाले शत्रुहरूले, झुटो बोल्नाले कुकुरहरूले, खुट्टाले छोइएमा राक्षसहरूले र हल्लाउनाले पापीहरूले पाउँछन्।

यद्यद्रोचेत विप्रेभ्यस्तत्तद्दद्यादमत्सरः।
ब्रह्मोद्याश्च कथाः कुर्यात्पितॄणामेतदीप्सितम्॥ २३१॥

ब्राह्मणहरूलाई जुन वस्तु राम्रो लाग्छ त्यो प्रसन्न भएर उनलाई दिउन्। सबैले परमात्मा विषयक कथा–वार्ता गरून्, किनकि पितृहरूलाई यिनै कथा प्रिय लाग्छन्।

स्वाध्यायं श्रावयेत्पित्र्ये धर्मशास्त्राणि चैव हि।
आख्यानानीतिहासांश्च पुराणानि खिलानि च॥ २३२॥

श्राद्धमा वेद, धर्मशास्त्र, आख्यान (महाभारत आदि), पुराण (ब्रह्मपुराण आदि) र खिल (श्री सूक्तादि) पितृहरूलाई सुनाउन्।

हर्षयेद् ब्राह्मणांस्तुष्टो भोजयेच्च शनैः शनैः।
अन्नाद्येनासकृच्चैतान् गुणैश्च परिचोदयेत्॥ २३३॥

प्रसन्न भएर ब्राह्मणहरूलाई हर्षित गराउन्। उनीहरूलाई बिस्तारो-बिस्तारो भोजन गराउन्। खाद्य पदार्थहरूका गुणहरू बखान गर्दै भोजनका निम्ति तिनलाई फेरि–फेरि आग्रह गरून्।

व्रतस्थमपि दौहित्रं श्राद्धे यत्नेन भोजयेत्।
कुतपं चासने दद्यात्तिलैश्च विकिरेन्महीम्॥ २३४॥

यदि दौहित्र (छोरीको छोरो) ब्रह्मचारी छ भने पनि उसलाई श्राद्धमा यत्नपूर्वक भोजन गराउन् । उसलाई बस्नको लागि आसन दिउन् र जहाँ श्राद्ध गरिन्छ त्यहाँ तिल छर्कुन्।

त्रीणी श्राद्धे पवित्राणि दौहित्रः कुतपस्तिलाः ।
त्रीणि चात्र प्रशंसन्ति शौचमक्रोधमत्वराम्॥ २३५ ॥

दौहित्र (छोरीको छोरो), कुतप[५] (मध्याह्नपछिको समय) र तिल यी तीन कुरा श्राद्धमा पवित्र भनिएका छन् र शौच (पवित्रता), शान्तचित्तता र स्थिरता यी तीनलाई प्रशंसा गरिएको छ।

अत्युष्णं सर्वमन्नं स्याद् भुञ्जीरंस्ते च वाग्यताः ।
न च द्विजातयो ब्रूयूर्दात्रा पृष्ट्य हविर्गुणान्॥ २३६ ॥

पकाइएका भोजनका सबै पदार्थ तात्तातै रहुन् अनि ब्राह्मणहरू मौन रहेर ती खानेकुरा खाउन् । भोज्य वस्तुहरूका गुण–दोष श्राद्धकर्ताले सोधे पनि ब्राह्मणहरूले केही नभनुन्।

यावदुष्णं भवत्यन्नं यावदश्नन्ति वाग्यताः ।
पितरस्तावदश्नन्ति यावन्नोक्ता हविर्गुणाः॥ २३७ ॥

(किनभने) जबसम्म अन्न तातै रहन्छ र ब्राह्मणहरू मौन रहेर भोजन गर्छन् र जबसम्म खाने वस्तुहरूको गुण भनिदैन तबसम्म पितृहरूले भोजन गर्छन्।

यद्वेष्टितशिरा भुङ्क्ते यद् भुङ्क्ते दक्षिणामुखः ।
सोपानत्कश्च यद् भुङ्क्ते तद्वै रक्षांसि भुञ्जते॥ २३८ ॥

शिरमा पगरी बाँधेर वा दक्षिणतिर मुख गरेर वा खराऊ लगाएर जुन भोजन गरिन्छ त्यो सबै राक्षसहरूले खान्छन्।

चाण्डालश्च वराहश्च कुक्कुटः श्वा तथैव च।
रजस्वला च षण्ढश्च नेक्षेरन्नश्नतो द्विजान्॥ २३९ ॥

चाण्डाल, सुँगुर, कुखुरा, कुकुर, रजस्वला स्त्री र नपुंसक- यिनले भोजनका बेला ब्राह्मणहरूलाई नहेरून्।

होमे प्रदाने भोज्ये च यदेभिरभिवीक्ष्यते।
दैवे कर्मणि पित्र्ये वा तद् गच्छत्ययथातथम्॥ २४०॥

---

[५] शीतातपका मतबाट- दिवसस्थाष्टमे भागे मन्दी भवति भास्करः ।
स कालः कुतपो ज्ञेयः पितृणामन्नभक्षयम्।

यिनीहरूले (माथि बताइएकाले) होम, दान, ब्राह्मण भोजन, देवकर्म र पितृकर्मलाई देखे भने त्यो निष्फल हुन जान्छ।

घ्राणेन सूकरो हन्ति पक्षवातेन कुक्कुटः।
श्वा तु दृष्टिनिपातेन स्पर्शेनावरवर्णजः ॥ २४१ ॥

सुँगुरले सुँघ्नाले, कुखुराको प्वाँखको हावा लाग्नाले, कुकुरले हेर्नाले र शूद्रले छुनाले श्राद्धान्न निष्फल हुन जान्छ।

खञ्जो वा यदि वा काणो दातुः प्रेष्योऽपि वा भवेत्।
हीनातिरिक्तगात्रो वा तमप्यपनयेत् पुनः ॥ २४२ ॥

लँगडो, कानो, श्राद्धकर्ताको सेवक, हीनाङ्ग, अधिकाङ्ग- यी सबैलाई श्राद्ध भइरहेको स्थानबाट हटाउन्।

ब्राह्मणं भिक्षुकं वाऽपि भोजनार्थमुपस्थितम्।
ब्राह्मणैरभ्यनुज्ञातः शक्तितः प्रतिपूजयेत् ॥ २४३ ॥

ब्राह्मण वा भिक्षुक कोही भोजनका लागि आएमा निमन्त्रित ब्राह्मणहरूबाट आदेश पाएपछि तिनीहरूलाई यथाशक्ति भोजन गराई सत्कार गरून्।

सार्ववर्णिकमन्नाद्यं सन्नीयाप्लाव्य वारिणा।
समुत्सृजेद् भुक्तवतामग्रतो विकरन् भुवि ॥ २४४ ॥

सबै प्रकारका भोजनका अन्नहरू ल्याएर तिनलाई जलले भिजाएर भोजन गरिसकेका ब्राह्मणहरूको अगाडि भूमिमा कुशमाथि छरिदिउन्।

असंस्कृतप्रमीतानां त्यागिनां कुलयोषिताम्।
उच्छिष्टं भागधेयं स्याद्दर्भेषु विकिरैश्च यः ॥ २४५ ॥

कुशमाथि छरिएको अन्न दाह-संस्कारले हीन र कुल-बन्धुहरूको त्याग गर्नेहरूको भाग हुन्छ।

उच्छेषणं भूमिगतमजिह्मस्याशठस्य च।
दासवर्गस्य तत्पित्र्ये भागधेयं प्रचक्षते ॥ २४६ ॥

श्राद्धमा भूईंमा पोखिएका जूठा अन्न, उब्रिएका अन्न, शील स्वभाव भएका दासहरू र तिनका पितृहरूको भाग हुन्छ, यस्तो ऋषिहरूले भनेका छन्।

आसपिण्डक्रियाकर्म द्विजातेः संस्थितस्य तु।
अदैवं भोजयेच्छ्राद्धं पिण्डमेकं तु निर्वपेत् ॥ २४७ ॥

मृत द्विजातिका सपिण्डीकरण श्राद्धपर्यन्त अर्थात् एकोदिष्ट श्राद्धमा देवस्थानमा ब्राह्मण नबसाएर मात्र पितृस्थानमा ब्राह्मणलाई भोजन गराएर नै गर्नुपर्छ र एउटै पिण्ड दिनुपर्छ।

सहपिण्डक्रियायां तु कृतायामस्य धर्मतः।
अनयैवावृता कार्यं पिण्डनिर्वपणं सुतैः॥ २४८॥

सपिण्डी श्राद्ध गरिसकेपछि औंशीमा जुन पार्वण श्राद्धको विधि भनिएको छ, त्यही विधिले क्षयाहादिमा पुत्रहरूले पितृका निमित्त पिण्ड दान गर्नुपर्छ।

श्राद्धं भुक्त्वा य उच्छिष्टं वृषलाय प्रयच्छति।
स मूढो नरकं याति कालसूत्रमवाक्शिराः॥ २४९॥

श्राद्धान्न खाएर जुन ब्राह्मणले शूद्रलाई उच्छिष्ट (आफ्नो जूठो) दिन्छ, त्यो उँधो मुण्टो र उँभो खुट्टा गरेर कालसूत्र नाम गरेको नर्कमा झर्न पुग्छ।

श्राद्धभुग्वृषलीतल्पं तदहर्योऽधिगच्छति।
तस्याः पुरीषे तन्मासं पितरस्तस्य शेरते॥ २५०॥

श्राद्धान्न खाएर यदि ब्राह्मण त्यस दिन शूद्राका साथ रमण गर्छ भने उसका पितृहरू एक महिनासम्म ती स्त्रीको विष्ठामा वास गर्दछन्।

पृष्ट्वा स्वदितमित्येवं तृप्तानाचामयेत्ततः।
आचान्तांश्चानुजानीयादभि भो रम्यतामिति॥ २५१॥

भोजनबाट तृप्त भएका ब्राह्मणहरूसित सोधुन् कि के भोजन राम्ररी भयो? अघाउनु भयो? उनीहरूले मुख चुठेपछि र आचमन गरिसकेपछि नम्र भएर उनीहरूसित भन्नु कि अब तपाईं आफ्ना इच्छाले घर गए पनि यतै बसे पनि हुन्छ।

स्वधाऽस्त्वित्येव तं ब्रूयुर्ब्राह्मणास्तदनन्तरम्।
स्वधाकारः परा ह्याशीः सर्वेषु पितृकर्मसु॥ २५२॥

यसपछि ब्राह्मणले श्राद्धकर्तासित ‘स्वधास्तु” यस्तो भनुन्, किनकि पितृ-कर्ममा स्वधाकार सबैभन्दा उत्तम आशीर्वाद हो।

ततो भुक्तवतां तेषामन्नशेषं निवेदयेत्।
यथा ब्रूयुस्तथा कुर्यादनुज्ञातस्ततो द्विजैः॥ २५३॥

त्यसपछि जुन भोज्य सामग्री उब्रिएको हुन्छ, त्यो भोजन गरिसकेका ब्राह्मणहरूसित निवेदन गरून् (यो बाँकी रहेको अन्न के गरौं?)। तिनले अन्नका सम्बन्धमा जे गर्न भन्दछन् त्यही गरून्।

पित्र्ये स्वदितमित्येव वाच्यं गोष्ठे तु सुश्रुतम्।
सम्पन्नमित्यभ्युदये दैवे रुचितमित्यपि॥ २५४॥

एकोद्दिष्ट श्राद्धमा 'स्वदितं', गोष्ठी श्राद्धमा 'सुश्रुतं', आभ्युदयिक श्राद्धमा 'सम्पन्नं' र देवता पीत्यर्थ गरिएको श्राद्धमा 'रुचितं' भनेर तृप्तिका प्रश्न सोधुन्।

अपराह्णस्तथा दर्भा वास्तुसम्पादनं तिलाः।
सृष्टिर्मृष्टिर्द्विजाश्चाग्र्याः श्राद्धकर्मसु सम्पदः॥ २५५॥

अपराह्नको समय, कुश, गाईको गोबरद्वारा चोखिएको ठाउँ, तिल, उदारतापूर्वक गरिएको अन्नदान, खानेकुराको परिकार, पंक्तिपावन (वेदाध्यायी) ब्राह्मण- यिनै श्राद्धकर्मका सम्पत्ति हुन्।

दर्भाः पवित्रं पूर्वाह्णो हविष्याणि च सर्वशः।
पावित्रं यच्च पूर्वोक्तं विज्ञेया हव्यसम्पदः॥ २५६॥

कुश, मन्त्र, पूर्वाह्न, सबै किसिमका हविष्य र पूर्व श्लोकहरूमा जो सबै वस्तुहरू भनिएका छन्- यी सबै हव्य-सम्पदा (देव-कर्म) का संपत्ति हुन्।

मुन्यन्नानि पयः सोमो मांसं यच्चानुपस्कृतम्।
अक्षारलवणं चैव प्रकृत्या हविरुच्यते॥ २५७॥

मुनिहरूका खाद्यान्न, दूध, सोमरस, नबिग्रिएका मासु र सिधेनून- यी सबै स्वभावैले हवि कहिएका छन्।

विसृज्य ब्राह्मणांस्तांस्तु नियतो वाग्यतः शुचिः।
दक्षिणां दिशमकाङ्क्षन् याचेतेमान्वरान्पितॄन्॥ २५८॥

निमन्त्रित ब्राह्मणहरूलाई विदा गरेपछि एकाग्रचित, मौन र पवित्र भई दक्षिण दिशातिर हेर्दै पितृहरूसित यी इच्छानुसारका वर मागुन्।

दातारो नोऽभिवर्धन्तां वेदाः सततिरेव च।
श्रद्धा च नो माव्यगमद् बहुदेयं च नोऽस्त्विति॥ २५९॥

हाम्रा कुलमा दाता-पुरुषहरूको वृद्धि होस्, यज्ञादिकहरूका अनुष्ठानद्वारा वेदको वृद्धि होस्, पुत्र-पौत्रादि सन्ततिको वृद्धि होस्, वेद र ब्राह्मणहरूप्रति हाम्रो श्रद्धा नघटोस् र हामीसित दान गर्ने अन्न र धन पनि धेरै होस्।

एवं निर्वपणं कृत्वा पिण्डांस्तांस्तदनन्तरम्।
गां विप्रमजमग्निं वा प्राशयेदप्सु वा क्षिपेत्॥ २६०॥

यस प्रकार पिण्डदान गरेर वरदान मागे पश्चात् ती पिण्ड लगेर गाई, ब्राह्मण वा बाखालाई ख्वाउन् अथवा आगो वा पानीमा सेलाइदिउन्।

पिण्डनिर्वपणं केचित्परस्तादेव कुर्वते।
वयोभिः खादयन्त्यन्ये प्रक्षिपन्त्यनलेऽप्सु वा॥ २६१॥

कोही आचार्यले ब्राह्मण भोजन पश्चात् पिण्ड दान गराउँछन्, कोही पिण्ड पक्षीहरूलाई खुवाउँछन् र कोहीले आगो वा पानीमा हालिदिन्छन्।

पतिव्रता धर्मपत्नी पितृपूजनतत्परा।
मध्यमं तु ततः पिण्डमद्यात्सम्यक्सुतार्थिनी॥ २६२॥

जो प्रतिव्रता धर्मपत्नी पितृहरूको पूजामा तत्परतापूर्वक लागेकी हुन्छिन् र पुत्रको कामना राखेकी हुन्छिन् भने उनले तीन पिण्डका माझको (अर्थात् पितामहको) पिण्डलाई खाउन्।

आयुष्मन्तं सुतं सूते यशोमेधासमन्वितम्।
धनवन्तं प्रजावन्तं सात्त्विकं धार्मिकं तथा॥ २६३॥

यस्तो भएमा ती स्त्रीको गर्भबाट दीर्घजीवी, यशस्वी, बुद्धिमान्, धनवान्, प्रजावान्, सत्त्वगुणी र धार्मिक पुत्र जन्मिन्छ।

प्रक्षाल्य हस्तावाचम्य ज्ञातिप्रायं प्रकल्पयेत्।
ज्ञातिभ्यः सत्कृतं दत्त्वा बान्धवानपि भोजयेत्॥ २६४॥

यसपछि हात धोएर आचमन गरी कुटुम्बीहरूलाई सादर भोजन गराई बान्धवहरूलाई पनि खुवाउन्।

उच्छेषणं तु तत्तिष्ठेद्यावद्विप्रा विसर्जिताः।
ततो गृहबलिं कुर्यादिति धर्मो व्यवस्थितः॥ २६५॥

जबसम्म ब्राह्मणहरूको विसर्जन हुँदैन तबसम्म उनको जुठो हटाउनु हुँदैन। श्राद्ध-कर्म सम्पन्न भएपछि बलिवैश्वदेव होम आदि नित्यकर्म गर्नुपर्छ।

हविर्यच्चिररात्राय यच्चानन्त्याय कल्प्यते।
पितृभ्यो विधिवद्दत्तं तत्प्रवक्ष्याम्यशेषतः॥ २६६॥

पितृहरूलाई विधिवत् दिइएको जुन हव्य छ, जसले उनीहरूलाई अनन्तकालसम्म तृप्ति प्रदान गर्ने हुन्छ, अब त्यो सबै भन्छु।

तिलैर्व्रीहियवैर्माषैरद्भिर्मूलफलेन वा।
दत्तेन मासं तृप्यन्ति विधिवत्पितरो नृणाम्॥ २६७॥

तिल, धान्य, यव, उर्द-मूल र फल यीमध्ये कुनै एक वस्तु विधिवत् दिनाले मनुष्यहरूका पितृ एक महिनासम्म तृप्त हुन्छन्।

द्वौ मासौ मत्स्यमांसेन त्रीन्मासान्हरिणेन तु।
औरभ्रेणाथ चतुरः शाकुनेनाथ पञ्च वै॥ २६८॥

माछाहरूका मासुले दुई महिना, हरिणका मासुले तीन महिना, भेडाका मासुले चार महिना र खाद्य-पक्षीका मासुले पाँच महिनासम्म पितृहरूको तृप्ति हुन्छ।

षण्मासांच्छागमांसेन पार्षतेन च सप्त वै।
अष्टावेणस्य मांसेन रौरवेण नवैव तु॥ २६९॥

खसीको मासुले छः महिना, चित्र-मृगको मासुले सात महिना, एण जातिको मृगको मासुले आठ महिना र रूरू नाम गरेको मृगको मासुले नौ महिनासम्म पितृहरूको तृप्ति हुन्छ।

दशमासांस्तु तृप्यन्ति वराहमहिषामिषैः।
शशकूर्मयोस्तु मांसेन मासानेकादशैव तु॥ २७०॥

जंगली बँदेल र जंगली भैंसी (अर्ना) का मासुले दस महिना, खरायो र कछुवाका मासुले एघार महिनासम्म पितृहरूको तृप्ति हुन्छ।

सम्वत्सरं तु गव्येन पयसा पायसेन च।
वार्ध्रीणस्य मांसेन तृप्तिर्द्वादशवार्षिकी॥ २७१॥

गाईको दूध वा खीरले एक वर्षसम्म, वाध्रीणस जातको बाखो (पानी पिउँदा जुन बाखाको कानले पानी छुन्छ र जो सेतो वर्णको हुन्छ) को मासुले बाह्र वर्षसम्म पितृहरूको तृप्ति हुन्छ।

कालशाकं महाशल्काः खड्गलोहामिषं मधु।
आनन्त्यायैव कल्प्यन्ते मुन्यन्नानि च सर्वशः॥ २७२॥

कालशाक महाशल्क (माछा), गैंडा र राता वर्णका बाखाको मासु, मह तथा नीवार आदि पवित्र अन्न- यी सबैबाट पितृहरूलाई अनन्त कालसम्म तृप्ति हुन्छ।

यत्किञ्चिन्मधुना मिश्रं प्रदद्यात्तु त्रयोदशीम्।
तदप्यक्षयमेव स्याद्वर्षासु च मघासु च॥ २७३॥

वर्षा ऋतुको मघा नक्षत्रयुक्त त्रयोदशी तिथिमा महमा मिसिएको जे केही पनि पितृहरूलाई दिइन्छ त्यो पनि अक्षय हुन्छ।

अपि नः स कुले जायाद्यो नो दद्यात् त्रयोदशीम्।
पायसं मधुसर्पिर्भ्यां प्राक्छाये कुञ्जरस्य च॥ २७४॥

पितृहरू यस्तो आशा गर्छन् कि हाम्रो कुलमा कुनै यस्तो (सन्तान) जन्मियोस् जसले हामीलाई त्रयोदशी तिथिमा वा यस्तो समयमा जब हात्तीको छाया पूर्व दिशामा हुन्छ, मह र घिउ मिसिएको पायस (गाईको दूधको खीर) दिउन्।

यद्यद्ददाति विधिवत्सम्यक् श्रद्धासमन्वितैः।
तत्तत्पितॄणां भवति परत्रानन्तमक्षयम्॥ २७५॥

श्रद्धासहित विधिपूर्वक सम्यक् प्रकारले जे केही पितृहरूलाई दिइन्छ, त्यो परलोकमा उनीहरूका निम्ति अक्षय तृप्ति दिने हुन्छन्।

कृष्णपक्षे दशम्यादौ वर्जयित्वा चतुर्दशीम्।
श्राद्धे प्रशस्तास्तिथयो यथैता न तथेतराः॥ २७६॥

कृष्णपक्ष दशमीदेखि औंशीपर्यन्तका तिथिहरूमा चतुर्दशीलाई छोडेर शेष तिथिहरू श्राद्धका निम्ति जति उत्तम हुन्छन् त्यति अरू तिथिहरू हुँदैनन्।

यक्षु कुर्वन्दिनर्क्षेषु सर्वान्कामान्समश्नुते।
अयुक्षु तु पितॄन्सर्वान्प्रजां प्राप्नोति पुष्कलाम्॥ २७७॥

युग्य (सम) तिथि र नक्षत्रमा श्राद्ध गर्नाले सम्पूर्ण कामनाहरू सिद्ध हुन्छन्। विषम तिथि र नक्षत्रमा श्राद्ध गर्नाले धन-विद्याले परिपूर्ण सन्तानहरू प्राप्त हुन्छन्।

तथा चैवापरः पक्षः पूर्वपक्षाद्विशिष्यते।
तथा श्राद्धस्य पूर्वाह्णादपराह्णो विशिष्यते॥ २७८॥

श्राद्धमा जसरी शुक्ल पक्षभन्दा कृष्ण पक्ष (पहिलो भन्दा राम्रो पक्ष विशेष) हुन्छ त्यस्तै मध्याह्नअघि भन्दा मध्यान्नपछि अपराह्न विशेष हुन्छ।

प्राचीनावीतिना सम्यगपसव्यमतन्द्रिणा।
पित्र्यमानिधनात्कार्यं विधिवद्दर्भपाणिना॥ २७९॥

अपसव्य भएर (दाहिने काँधमा जनेउ राखेर) आलस्यरहित भएर हातमा कुश लिई शास्त्रोक्त विधिद्वारा जबसम्म बाँचिन्छ पितृकर्म गरून्।

रात्रौ श्राद्धं न कुर्वीत राक्षसी कीर्तिता हि सा।
संध्ययोरुभयोश्चैव सूर्ये चैवाचिरोदिते॥ २८०॥

रात्रिमा श्राद्ध नगरून्, किनभने रात्रिलाई राक्षसी भनिएको छ। दुवै समय (प्रातः र सायंकाल) मा श्राद्ध नगरून् अनि सूर्योदय र सूर्यास्त (समकाल) मा पनि नगरून्।

अनेन विधिना श्राद्धं त्रिरब्दस्येह निर्वपेत्।
हेमन्तग्रीष्मवर्षासु पाञ्चयज्ञिकमन्वहम्॥ २८१॥

यस प्रकार विधिले वर्षमा तीनपल्ट अर्थात् हेमन्त, ग्रीष्म र वर्षा ऋतुमा श्राद्ध अवश्य गर्नुपर्छ र पञ्चयज्ञान्तर्गत श्राद्ध चाहिं नित्य गरून्।

न पैतृयज्ञियो होमो लौकिकेऽग्नौ विधीयते।
न दर्शेन विना श्राद्धमाहिताग्नेद्विजन्मनः॥ २८२॥

पितृ यज्ञको होम लौकिक अग्निमा गर्नु हुँदैन । आदृताग्नि द्विजले अमावस्या तिथि बाहेक अन्य तिथिमा श्राद्ध गर्नु हुँदैन।

यदेव तर्पयत्यद्भिः पितॄन्स्नात्वा द्विजोत्तमः।
तेनैव कृत्स्नमाप्नोति पितृयज्ञक्रियाफलम्॥ २८३॥

ब्राह्मणले स्नान गरेपछि जुन जलले पितृ तर्पण गर्छ, त्यसैले (तर्पण गरेकैले) उसले नित्य श्राद्ध गरेको फल पाउँछ।

वसून्वदन्ति तु पितॄन् रुद्रांश्चैव पितामहान्।
प्रपितामहांस्तथादित्यान् श्रुतिरेषा सनातनी॥ २८४॥

ऋषिहरूले पितालाई वसु, पितामहलाई रुद्र र प्रपितामहलाई आदित्य भनेका छन् (यसकारण पितृहरूको ध्यान देवताको रूपमा गर्नु) यो सनातन श्रुति हो।

विघसाशी भवेन्नित्यं नित्यं वाऽमृतभोजनः।
विघसो भुक्तशेषं तु यज्ञशेषं तथाऽमृतम्॥ २८५॥

नित्य विघसाशी हुनु वा नित्य अमृतभोजी हुनु। अतिथि ब्राह्मणहरूलाई खुवाएर जुन अन्न शेष (बाँकी) रहन्छ त्यसलाई विघस भनिन्छ र यज्ञ गरेर शेष रहेको अन्नलाई अमृत भनिन्छ।

एतद्वोऽभिहितं सर्वं विधानं पाञ्चयज्ञिकम्।
द्विजातिमुख्यवृत्तीनां विधानं श्रूयतामिति॥ २८६॥

यो पञ्च यज्ञसम्बन्धी सारा विधान तपाईंहरूसित भनें, अब ब्राह्मणहरूको वृत्तिको विधान सुन्नुहोस्।

॥ इति तृतीय अध्याय समाप्त॥

●●

चतुर्थोऽध्यायः

चतुर्थमायुषो भागमुषित्वाऽऽद्यं गुरौ द्विजः।
द्वितीयमायुषो भागं कृतदारो गृहे वसेत्॥ १॥

द्विज आफ्नो आयुको पहिलो चोथो भागलाई गुरुको आश्रममा रहेर बिताउन्। (सय वर्ष आयुको) जीवनको दोस्रो भागमा विवाह गरेर घरमै व्यतीत गरून्।

अद्रोहेणैव भूतानामल्पद्रोहेण वा पुनः।
या वृत्तिस्तां समास्थाय विप्रो जीवेदनापदि॥ २॥

ब्राह्मणले कसैलाई कष्ट नपुऱ्याइ वा अरूलाई थोरै कष्ट दिएर (अर्थात् याचना वृत्तिले) निरापद जीवन-निर्वाह गरून्।

यात्रामात्रप्रसिद्ध्यर्थं स्वैः कर्मभिरगर्हितैः।
अक्लेशेन शरीरस्य कुर्वीत धनसञ्चयम्॥ ३॥

विहित कर्महरूद्वारा, शरीरलाई कष्ट नदिइकन, मात्र प्राण-रक्षाका निम्ति धन-धान्यको संग्रह गरून्।

ऋतामृताभ्यां जीवेत्तु मृतेन प्रमृतेन वा।
सत्यानृताभ्यामपि वा न श्ववृत्त्या कदाचन॥ ४॥

ब्राह्मण ऋत (सत्य) वा अमृत (सुधा) ले, मृत (मरेजस्तो) भएर वा प्रमृत (बाँचेजस्तो) भएर सत्य वा असत्यले जीवन निर्वाह गरून्, तर कुकुरको वृत्तिको अवलम्बन कहिल्यै नगरून्।

ऋतमुञ्छशिलं ज्ञेयममृतः स्यादयाचितम्।
मृतं तु याचितं भैक्षं प्रमृतं कर्षणं स्मृतम्॥ ५॥

प्राप्त अन्नलाई शिलोञ्छ वृत्ति[1] ले ऋत, नमागी जे पाइन्छ त्यसलाई अमृत, याचना (माग्दा) जे पाइन्छ त्यसलाई मृत र कृषिकर्मबाट जे पाइन्छ त्यसलाई प्रमृत भनिन्छ।

सत्यानृतं तु वाणिज्यं तेन चैवापि जीव्यते।
सेवा श्ववृत्तिराख्याता तस्मात्तां परिवर्जयेत्॥ ६॥

वाणिज्यलाई सत्यानृत भनिन्छ। यसबाट पनि जीवन निर्वाह गरून्। सेवा कुकुरको वृत्तिलाई भनिन्छ, यसकारण यो वृत्ति गर्नु हुँदैन।

---

[1] खेतमा झरेका धानलाई टिपेर जम्मा गरी खानुलाई शिलोञ्छ वृत्ति भनिन्छ।

कुसूलधान्यको वा स्यात्कुम्भीधान्यक एव वा।
त्र्यहैहिको वाऽपि भवेदश्वस्तनिक एव वा॥ ७॥

कुसूलधान्यक (अर्थात् यति धन जम्मा गरून् जसबाट तीन वर्ष वा त्यो भन्दा बढी समयसम्म घर खर्च चल्न सकोस्) अथवा कुम्भीधान्यक (अर्थात् एक वर्षसम्म घर खर्च पुग्ने अन्न संचय गरून्) अथवा त्र्यहैहिक (अर्थात् तीन दिनसम्म पुग्ने) अन्न संचय गरून्, अश्वस्तनिक (अर्थात् त्यति नै अन्न जम्मा गरून् जुन भोलिको लागि नबचोस्) यस्तो गृहस्थ हुनुपर्छ।

चतुर्णामपि चैतेषां द्विजानां गृहमेधिनाम्।
ज्यायान्परः परो ज्ञेयो धर्मतो लोकजित्तमः॥ ८॥

यी चारै प्रकारका गृहस्थ ब्राह्मणहरू एक-अर्कादेखि श्रेष्ठ हुन्छन्। श्रेष्ठ गृहस्थ स्वर्गादि लोकहरूलाई जित्ने हुन्छन्।

षट्कर्मैको भवत्येषां त्रिभिरन्यः प्रवर्तते।
द्वाभ्यामेकश्चतुर्थस्तु ब्रह्मसत्रेण .जीवति॥ ९॥

यी चार प्रकारका गृहस्थहरूमा एक षट्कर्मी हुन्छन् (अर्थात् ऋतु, आयचित, याचित, कृषि, वाणिज्य र ब्याज) यी छःवटा कर्महरूले जीवन निर्वाह गर्दछन्। अर्को तीन कर्महरूद्वारा (अर्थात् याजन, अध्यापन र दान लिएर) जीवन चलाउँछन्। अर्को दुई कर्महरूद्वारा (अर्थात् याजन र अध्यापन) जीवन चलाउँछन् र चौथो ब्राह्मण विद्याध्ययनबाट नै जीउँदछन्।

वर्तयंश्च शिलोञ्छाभ्यामग्निहोत्रपरायणः।
इष्टीः पार्वायनान्तीयाः केवला निर्वपेत्सदा॥ १०॥

शिलोञ्छवृत्तिबाट जीवन-निर्वाह गर्दै अग्निहोत्र गरुन्। अमावस्या, पूर्णिमा र अयनहरूको अन्तमा हुने इष्टी नाम गरेको यज्ञ सधैं गरून्।

न लोकवृत्तं वर्तेत वृत्तिहेतोः कथञ्चन।
अजिह्मामशठां शुद्धां जीवेद् ब्राह्मणजीविकाम्॥ ११॥

आफ्ना जीविकाका लागि अरूहरू जस्तो छल-प्रपंच आदि नीच वृत्तिको अवलम्बन नगरून्। झुठो आत्म-प्रशंसा र दम्भ, कपट आदि त्यागेर ब्राह्मणको जुन शुद्ध जीविका हुन्छ त्यसैबाट आफ्नो जीविका गरून्।

संतोषं परमास्थाय सुखार्थी संयतो भवेत्।
संतोषमूलं हि सुखं दुःखमूलं विपर्ययः॥ १२॥

सुखको इच्छाले मनमा सन्तोष धारण गरेर मनलाई कतै पनि बरालिन नदिउन् किनकि सन्तोष सुखको र असन्तोष दुःखको मूल हुन्छ।

अतोऽन्यतमया वृत्त्या जीवंस्तु स्नातको द्विजः।
स्वर्गायुष्ययशस्यानि व्रतानीमानि धारयेत् ॥ १३ ॥

गृहस्थ ब्राह्मणहरूले पूर्वोक्त (माथि बताइएका) वृत्तिहरूमध्ये कुनै एक वृत्तिको आश्रय लिएर आफ्नो जीविका निर्वाह गर्दै स्वर्ग, आयु र यश दिने अगाडि बताइएका व्रतहरूको पालन गरून्।

वेदोदितं स्वकं कर्म नित्यं कुर्यादतन्द्रितः।
तद्धि कुर्वन् यथाशक्तिं प्राप्नोति परमां गतिम् ॥ १४ ॥

आलस्यको त्याग गरेर नित्य आफ्नो वैदिक कर्म गरून्, किनकि यो यथाशक्ति गर्नाले कर्म गर्नेले परम गति पाउँदछन्।

नेहेतार्थान्प्रसङ्गेन न विरुद्धेन कर्मणा।
न विद्यमानेष्वर्थेषु नार्त्यामपि यतस्ततः ॥ १५ ॥

गाउने बजाउने वृत्तिबाट वा शास्त्र विरुद्ध कर्मबाट धन प्राप्त नगरून्। आफूसित धन होस् वा नहोस्, विपत्तिमा पनि जोसुकैबाट अर्थात् पतितहरूबाट द्रव्य नलिउन्।

इन्द्रियार्थेषु सर्वेषु न प्रसज्येत कामतः।
अतिप्रसक्तिं चैतेषां मनसा संनिवर्तयेत् ॥ १६ ॥

इन्द्रियका सबै नियमहरू (रूप, रस, गन्ध आदि जुन पाँच छन्) का उपभोग वृद्धिद्वारा तिनमा आसक्त होउन्। विषयहरूलाई अनित्य जानेर यिनको अत्याशक्तिलाई मनद्वारा रोकुन्।

सर्वान्परित्यजेदर्थान्स्वाध्यायस्य विरोधिनः।
यथातथाऽध्यापयस्तु सा ह्यस्य कृतकृत्यता ॥ १७ ॥

वेद-विरुद्ध सबै प्रकारका अर्थहरूलाई त्यागेर जसरी हुन्छ अध्यापनबाट परिवारका साथ आफ्नो जीविका चलाउन्। गृहस्थ ब्राह्मणको सार्थकता यसैमा छ।

वयसः कर्मणोऽर्थस्य श्रुतस्याभिजनस्य च।
वेषवाग्बुद्धिसारूप्यामाचरन्विचरेदिह ॥ १८ ॥

अवस्था, कर्म, धन, विद्या र कुल, यिनका अनुरूप भेष, वचन र बुद्धि राख्दै संसारमा रहुन्।

बुद्धिवृद्धिकराण्याशु धन्यानि च हितानि च।
नित्यं शास्त्राण्यवेक्षेत निगमांश्चैव वैदिकान् ॥ १९ ॥

बुद्धिलाई बढाउने र धन तथा आरोग्यको शिक्षा दिने शास्त्रहरूको नित्य अध्ययन गरून् र वेदार्थका प्रतिपादक, निगम ग्रन्थहरूलाई पनि पढुन्।

यथा यथा हि पुरुषः शास्त्रं समधिगच्छति।
तथा तथा विजानाति विज्ञानं चास्य रोचते॥ २०॥

पुरुषले जसरी जसरी शास्त्रको विशेष रूपले अध्ययन गर्छन्, त्यसरी नै उनको ज्ञान पनि बढ्दै जान्छ र विज्ञान रोचक हुन्छ।

ऋषियज्ञं देवयज्ञं भूतयज्ञं च सर्वदा।
नृयज्ञं पितृयज्ञं च यथाशक्ति न हापयेत्॥ २१॥

ऋषियज्ञ (वेदाध्ययन), देवयज्ञ (होम), भूतयज्ञ (बलि), नृपज्ञ (अतिथिको सेवा) र पितृयज्ञ (तर्पण पिण्ड) यिनको यथाशक्ति त्याग नगरुन्।

एतानेके महायज्ञान्यज्ञशास्त्रविदो जनाः।
अनीहमानाः सततमिन्द्रियेष्वेव जुह्वति॥ २२॥

यज्ञशास्त्र जान्नेले उपरोक्त महायज्ञहरू नगरी सधैं ज्ञानेन्द्रियहरूमा विषयहरूको हवन गरेर यी यज्ञहरूको सम्पादन गर्दछन्।

वाच्येके जुह्वति प्राणं प्राणे वाचं च सर्वदा।
वाचि प्राणे च पश्यन्तो यज्ञनिर्वृत्तिमक्षयाम्॥ २३॥

वाणी र प्राणमा यज्ञका अक्षय फल देखेर (ज्ञानीले) सधैं वाणीमा प्राण र प्राणमा वाणीको हवन गर्दछन् अर्थात् प्राण र वाणी (वचन) दुवैलाई आफ्नो अधीन गराउँछन्।

ज्ञानेनैवापरा विप्रा यजन्त्येतैर्मखैः सदा।
ज्ञानमूलां क्रियामेषां पश्यन्तो ज्ञानचक्षुषा॥ २४॥

अरू ज्ञानी ब्राह्मणहरू ज्ञान चक्षुद्वारा यी यज्ञहरूका क्रियालाई ज्ञानमूलक जानेर ज्ञानद्वारा नै यी पञ्चमहायज्ञहरूका फलका भागी हुनेछन्।

अग्निहोत्रं च जुहुयादाद्यन्ते द्युनिशोः सदा।
दर्शेन चार्धमासान्ते पौर्णमासेन चैव हि॥ २५॥

कोही नित्य बिहान-बेलुकै अग्निहोत्र गर्छन् र अमावस्या र पूर्णिमामा तिथियुक्त कर्महरू गर्दछन्।

सस्यान्ते नवसस्येष्ट्या तथर्त्वन्ते द्विजोऽध्वरैः।
पशुना त्वयनस्यादौ समान्ते सौमिकैर्मखैः॥ २६॥

धान्यादि अन्न सकिएमा नयाँ अन्नले यज्ञ गरून्। ऋतुका अन्त्यमा चातुर्मासिक यज्ञ गरून्। अयन (दक्षिणायन र उत्तरायण) का आरम्भमा पशुद्वारा यज्ञ गरून् अनि वर्षको अन्त (चैत्र शुक्ल प्रतिपदादेखि) मा सौमिक यज्ञ अर्थात् सोमरस प्रधान अग्निष्टोम आदि यज्ञ गरून्।

नानिष्ट्वा नवसस्येष्ट्या पशुना चाग्निमान्द्विजः।
नवान्नमद्यान्मांसं वा दीर्घमायुर्जिजीविषुः ॥ २७ ॥

दीर्घायुको इच्छा राख्ने अग्निहोत्री ब्राह्मणले आग्रयणेष्टि (नयाँ अन्नले आहुति दिने र पशु यज्ञ) नगरी नयाँ अन्न र मासु नखाउन्।

नवेनानार्चिता ह्यस्य पशुहव्येन चाग्नयः।
प्राणानेवात्तुमिच्छन्ति नवान्नामिषगर्धिनः ॥ २८ ॥

नयाँ अन्न र मासुका अभिलाषी अग्निदेव नयाँ अन्न र पशुद्वारा पूजित नभएमा अर्थात् ती दुवै वस्तुको आहुति नपाउँदा अग्निहोत्रीकै प्राणलाई खान चाहन्छन्।

आसनाशनशय्याभिरद्भिर्मूलफलेन वा।
नास्य कश्चिद्वसेद् गेहे शक्तितोऽनर्चितोऽतिथिः ॥ २९ ॥

गृहस्थले आफ्ना घरमा शक्ति-अनुसार कुनै पनि अतिथिलाई आसन, भोजन, शय्या, कन्दमूल, फल र जलले अतिथि सत्कार नगरी नरहुन्।

पाखण्डिनो विकर्मस्थान्वैडालव्रतिकाञ्छठान्।
हैतुकान्बकवृत्तींश्च वाङ्मात्रेणापि नार्चयेत् ॥ ३० ॥

पाखण्डी, निषिद्ध कर्म गर्ने वैडालवृत्तिक (लोभी, कपटी र हिंसा गरी जीवन निर्वाह गर्ने), शठ (गुरु, देवता र शास्त्रमा जसको श्रद्धा हुँदैन), हैतुक (वेद विरोधी) र वकवृत्ति (तल दृष्टि पारेर आफ्नो स्वार्थ सिद्ध गर्ने र झुटो विनयशील भएर जीवन निर्वाह गर्ने) यस्ता मानिस यदि अतिथि भएर घरमा आए भने वचनले पनि तिनको सत्कार नगरून्।

वेदविद्याव्रतस्नाताञ्श्रोत्रियान्गृहमेधिनः।
पूजयेद्धव्यकव्येन विपरीतांश्च वर्जयेत् ॥ ३१ ॥

वेद-विद्या स्नातक, व्रत स्नातक वा विद्या-व्रत स्नातक, वैदिक गृहस्थ ब्राह्मण- यिनीहरू घरमा आए हव्य-कव्यले उनीहरूको पूजा गरून्, तर जो यिनका विपरीत हुन्छन् तिनलाई पूजा नगरून्।

शक्तितोऽपचमानेभ्यो दातव्यं गृहमेधिना।
संविभागश्च भूतेभ्यः कर्तव्योऽनुपरोधतः ॥ ३२ ॥

जुन संन्यासी वा ब्रह्मचारी स्वयं भोजन बनाउन सक्दैनन् तिनलाई गृहस्थले यथाशक्ति अन्न दिउन् वा भोजन गराउन्। कुटुम्बीजनहरू तथा अन्य प्राणी- हरूलाई कष्ट नपुऱ्याइ यथाशक्ति अन्न-जलको भाग दिनुपर्छ।

राजतो धनमन्विच्छेत्संसीदन्स्नातकः क्षुधा।
याज्यान्तेवासिनोर्वाऽपि न त्वन्यत इति स्थितिः ॥ ३३ ॥

अन्नको अभावले कष्ट आइलागेमा गृहस्थ ब्राह्मणले पहिला राजाबाट अनि यजमान र विद्यार्थीहरूबाट भए पनि द्रव्यको अभिलाषा प्रकट गरून् तर अरूसित केही नमागुन्, यो नै शास्त्रको मर्यादा हो।

न सीदेत्स्नातको विप्रः क्षुधाशक्तः कथञ्चन।
न जीर्णमलवद्वासा भवेच्च विभवे सति ॥ ३४ ॥

विद्वान् स्नातक ब्राह्मण दान लिनामा समर्थ भए तापनि उसले माथि भनिएका (राजा, यजमान र विद्यार्थी) बाट पाएको दानलाई त्यागेर भोकै नरहुन्, धन प्राप्त गरेर पनि मैला, फाटेका पुराना वस्त्रहरू धारण नगरून्।

कलृप्तकेशनखश्मश्रुर्दान्तः शुक्लाम्बरः शुचिः।
स्वाध्याये चैव युक्तः स्यान्नित्यमात्महितेषु च ॥ ३५ ॥

ब्राह्मणले केश, दाह्री खौरेर र नङ काटेर सफा रहनुपर्छ। स्वच्छ (सफा) वस्त्र धारण गरून्, विचार पवित्र होउन्, वेदको अध्ययन गरून् अनि आफ्नो कल्याणको सधैं ध्यान राखुन्।

वैणवीं धारयेद्यष्टिं सोदकं च कमण्डलुम्।
यज्ञोपवीतं वेदं च शुभे रौक्मे च कुण्डले ॥ ३६ ॥

बाँसको लौरो, जल भएको कमण्डलु, यज्ञोपवीत, वेद र कुश हातमा हुनुपर्छ र दुई राम्रा सूनका कुण्डल कानमा धारण गर्नुपर्छ।

नेक्षेत्तोद्यन्तमादित्यं नास्तं यन्तं कदाचन।
नोपसृष्टं च वारिस्थं न मध्यं नभसो गतम् ॥ ३७ ॥

उदाउँदै र अस्ताउँदै गर्दा, ग्रहण लागेको बेला, जलमा प्रतिबिम्बित र आकासको मध्य भाग (मध्यान्नको समय) मा सूर्यतिर नहेरून्।

न लङ्घयेद्वत्सतन्त्रीं न प्रधावेच्च वर्षति।
न चोदके निरीक्षेत स्वं रूपमिति धारणा ॥ ३८ ॥

बाछा-बाछी बाँध्ने डोरीलाई ननाघुन्, झरी परेको बेला नदगुरुन् र आफ्नो प्रतिबिम्ब (छाया) पानीमा नहेरून्- यो शास्त्रको निश्चय हो।

मृदं गां दैवतं विप्रं घृतं मधु चतुष्पथम्।
प्रदक्षिणानि कुर्वीत प्रज्ञातांश्च वनस्पतीन्॥ ३९॥

बाहिर हिंडेको बेला माटोको थुप्रो, गाई, देवमूर्ति, ब्राह्मण, घिउ, मह, चौबाटो, ठूल–ठूला प्रसिद्ध वृक्ष– यी सबैलाई बाटोमा आफ्ना दाहिने पारेर हिंड्नु।

नोपगच्छेत्प्रमत्तोऽपि स्त्रियमार्तवदर्शने।
समानशयने चैव न शयीत तया सह॥ ४०॥

कामाशक्त भए पनि रजोदर्शन (शुरुको चार दिन) मा स्त्रीसित प्रसङ्ग नगरून् र उनको साथ एउटै ओछ्यानमा नसुतुन्।

रजसाऽभिप्लुतां नारीं नरस्य ह्युपगच्छतः।
प्रज्ञा तेजो बलं चक्षुरायुश्चैव प्रहीयते॥ ४१॥

किनकि रजस्वला स्त्रीको साथ प्रसङ्ग गर्ने पुरुषको बुद्धि, बल, तेज, दृष्टि र आयु क्षीण हुन जान्छ।

तां विवर्जयतस्तस्य रजसा समभिप्लुताम्।
प्रज्ञा तेजो बलं चक्षुरायुश्चैव प्रवर्धते॥ ४२॥

जुन पुरुषले रजस्वला भएकी स्त्रीको स्पर्श गर्दैनन् उनको बुद्धि, तेज, बल, दृष्टि र आयुको वृद्धि हुन्छ।

नाश्नीयाद्भार्यया सार्धं नैनामीक्षेत चाश्नतीम्।
क्षुत्वतीं जृम्भमाणां वा न चासीनां यथासुखम्॥ ४३॥

स्त्रीसित सँगै नखाउन्, भोजन गर्दै गरेकी, हाच्छिउँ गर्दै गरेकी, हाइ गर्दै गरेकी वा एकान्तमा एक्लै आनन्दका साथ बसेकी स्त्रीलाई नहेरून्।

नाञ्जयन्तीं स्वके नेत्रे न चाभ्यक्तामनावृताम्।
न पश्येत्प्रसवन्तीं च तेजस्कामो द्विजोत्तमः॥ ४४॥

यदि स्त्री आफ्ना आँखामा गाजल लगाउँदै गरेकी वा तेल सुगन्ध लगाउँदै गरेकी वा खुला आङ गरेर बसेकी हुन्छिन् वा नानीलाई आफ्नो दूध चुसाउँदै हुन्छिन् त्यस्ता स्त्रीलाई तेज मन हुने ब्राह्मणले नहेरून्।

नान्नमद्यादेकवासा न नग्नः स्नानमाचरेत्।
न मूत्रं पथि कुर्वीत न भस्मनि न गोव्रजे॥ ४५॥

एउटै वस्त्र लगाएर भोजन नगरून्, नाङ्गो भएर स्नान नगरून्, बाटोमा खरानीका थुप्रामा वा गोशालामा मल–मूत्र नगरून्।

न फालकृष्टे न जले न चित्यां न च पर्वते।
न जीर्णदेवायतने न वल्मीके कदाचन॥ ४६॥

जोतिएका खेतमा, पानीमा, ईंटाका भट्टामा, पहाडमा, पुराना देव मन्दिरमा र धमिराले बनाएका माटाका ढिस्कामा कहिलै मलमूत्र नगरून्।

न ससत्त्वेषु गर्तेषु न गच्छन्नापि च स्थितः।
न नदीतीरमासाद्य न च पर्वतमस्तके॥ ४७॥

जुन गर्त (खाल्डो) प्राणीहरूले युक्त छन्, त्यसमा हिंड्दै गर्दा वा उभिएर नदीको किनारमा वा पहाडका टुप्पामा मलमूत्र नगरून्।

वाय्वग्निविप्रमादित्यमपः पश्यंस्तथैव गाः।
न कदाचन कुर्वीत विण्मूत्रस्य विसर्जनम्॥ ४८॥

वायु (हावा) जताबाट बग्दै गरेको हुन्छ त्यता मुख गरेर तथा अग्नि, ब्राह्मण, सूर्य, जल र गाईलाई हेरी कदापि मलमूत्र नगरून्।

तिरस्कृत्योच्चरेत्काष्ठलोष्ठपत्रतृणादिना ।
नियम्य प्रयतो वाचं संवीताङ्गोऽवगुण्ठितः॥ ४९॥

सुकेका दाउरा, पातहरू, घाँस, माटो आदिले भूमिलाई छोपेर, वस्त्रले शरीरलाई छोपेर, शिरमा कपडा बेरेर, मौन रहेर स्थिर चित्त भई मलमूत्र त्याग गरून्।

मूत्रोच्चारसमुत्सर्गं दिवा कुर्यादुदङ्मुखः।
दक्षिणाभिमुखो रात्रौ संध्ययोश्च तथा दिवा॥ ५०॥

दिनमा उत्तरतिर र रातिमा दक्षिणतिर मुख गरेर मलमूत्रको त्याग गरून्। प्रातःकालमा र सायंकालमा दिनमा जस्तै गरून्।

छायायामन्धकारे वा रात्रावहनि वा द्विजः।
यथासुखमुखः कुर्यात्प्राणबाधाभयेषु च॥ ५१॥

रातिमा होस् वा दिनमा, छायामा वा अँध्यारोमा अथवा जहाँ प्राणमाथि बाधा आइलाग्ने भय हुन्छ यस्ता बेलामा ब्राह्मणले जता मुख पारेर मलमूत्र त्याग गर्न चाहन्छन् त्यतै गरून्।

प्रत्यग्निं प्रतिसूर्यं च प्रतिसोमोदकद्विजान्।
प्रतिगां प्रतिवाचं च प्रज्ञा नश्यति मेहतः॥ ५२॥

अग्नि, सूर्य, चन्द्र, जलाशय, ब्राह्मण, गाई र वायु- यिनका सामु मुख गरेर लघु-शंका गर्नाले बुद्धि नष्ट हुन्छ।

नाग्निं मुखेनोपधमेन्नग्नां नेक्षेत च स्त्रियम्।
नामेध्यं प्रक्षिपेदग्नौ न च पादौ प्रतापयेत्॥ ५३॥

आगोलाई मुखले नफुकून्, नग्न स्त्रीलाई नहेरून्, आगोमा अपवित्र वस्तु नहालुन् र आफ्नो खुट्टा नसेकुन्।

अधस्तान्नोपदध्याच्च न चैनमभिलङ्घयेत्।
न चैनं पादतः कुर्यान्न प्राणाबाधमाचरेत्॥ ५४॥

खाटमुनि आगो नराखुन्, आगोलाई नाघेर नजाउन्, गोडामुनि आगो नराखुन् र जसबाट प्राणमाथि संकट आइपर्छ, त्यस्तो कुनै काम नगरून्।

नाश्नीयात्संधिवेलायां न गच्छेन्नापि संविशेत्।
न चैव प्रलिखेद्भूमिं नात्मनोऽपहरेत्स्रजम्॥ ५५॥

सायंकालमा भोजन, गाउँमा तथा वरपर जाने अनि शयन गर्नु हुँदैन। भूईंमा केरमेट नगरून्। धारण गरिएको मालालाई आफ्नो गलाबाट नफिकुन्।

नाप्सु मूत्रं पुरीषं वा ष्ठीवनं वा समुत्सृजेत्।
अमेध्यलिप्तमन्यद्वा लोहितं वा विषाणि वा॥ ५६॥

पानीमा मलमूत्र नगरून्, नथुकुन् वा अन्य दूषित पदार्थ, रगत, मासु वा विष आदि पानीमा नहालुन्।

नैकः सुप्याच्छून्यगेहे श्रेयांसं न प्रबोधयेत्।
नोदक्ययाऽभिभाषेत यज्ञं गच्छेन्न चावृतः॥ ५७॥

सून्य घरमा एक्लै नसुतुन्, आफूभन्दा ठूला (मान्यजन) सुतेका छन् भने नजगाउन्, रजस्वला स्त्रीसित कुराकानी नगरून्, निमन्त्रण नपाइ यज्ञमा नजाउन्।

अग्न्यागारे गवां गोष्ठे ब्राह्मणानां च सन्निधौ।
स्वाध्याये भोजने चैव दक्षिणं पाणिमुद्धरेत्॥ ५८॥

अग्निशालामा, गौशालामा, ब्राह्मणहरूका छेउमा, वेद पढेका बेलामा र भोजन गर्ने बेलामा दाहिने हात बाहिर पारून्।

न वारयेद् गां धयन्तीं न चाचक्षीत कस्यचित्।
न दिवीन्द्रायुधं दृष्ट्वा कस्यचिद् दर्शयेद् बुधः॥ ५९॥

पानी पिउँदै गरेकी गाईलाई नरोकुन् र अरूको दाना, घाँस खाँदै गरेकी छ भने उसलाई नभनुन्। आकासमा इन्द्रेणी देखिएमा अरूलाई त्यो इन्द्रेणी नदेखाउन्।

नाधार्मिके वसेद् ग्रामे न व्याधिबहुले भृशम्।
नैकः प्रपद्येताध्वानं न चिरं पर्वते वसेत्॥ ६०॥

जुन गाउँमा अधार्मिक जन बसेका हुन्छन् र जहाँ अनेक असाध्य रोगहरूबाट पीडित जनहरू बसेका हुन्छन् त्यहाँ पनि धेरै समयसम्म नबसुन्, धेरै बाटो नहिंडुन् र धेरै समयसम्म पहाडमा नरहुन्।

न शूद्रराज्ये निवसेन्नाधार्मिकजनावृत्ते।
न पाषण्डिगणाक्रान्ते नोपसृष्टेऽन्त्यजैर्नृभिः॥ ६१॥

जुन देशको राजा शूद्र हुन्छ त्यो देशमा निवास नगरून्, जुन गाउँ चोर-डाँका, छली-कपटी आदि दुरात्माहरूका बस्तीहरूले घेरिएको हुन्छ वा नास्तिकहरू र वेद निन्दकहरूबाट आक्रान्त हुन्छ वा जहाँ चाण्डाल आदि अधम जातिहरूबाट उपद्रव हुन्छ, त्यहाँ पनि नबसुन्।

न भुञ्जीतोद्धृतस्नेहं नातिसौहित्यमाचरेत्।
नातिप्रगे नाति सायं न सायं प्रातराशितः॥ ६२॥

जुन पदार्थको चिल्लोपन निकालिएको हुन्छ, त्यसलाई नखाउन्, एकपल्ट अघाउन्जेल भोजन गरिसकेपछि तुरुन्तै केही नखाउन्, सूर्योदय र सूर्यास्तका समयमा भोजन नगरून् र बिहान जसले अति भोजन गरेको हुन्छ उसले साँझपख केही नखाउन्।

न कुर्वीत वृथाचेष्टां न वार्यञ्जलिना पिबेत्।
नोत्सङ्गे भक्षयेद्भक्ष्यान्न जातु स्यात्कुतूहली॥ ६३॥

उद्देश्यबिनाको कुनै कम नगरून्, अञ्जुलीको जल (पानी) नपिउन्, तिघ्रामाथि खानेकुरा राखेर नखाउन्, मात्र जिज्ञासावश बिना मतलव कसैसित कुनै कुरा नसोधुन्।

न नृत्येदथवा गायेन्न वादित्राणि वादयेत्।
नास्फोटयेन्न च क्ष्वेडेन्न च रक्तो विरावयेत्॥ ६४॥

ब्राह्मणले नृत्य नगरून्, नगाउन्, बाजा नबजाउन्, ताल नठोकुन्, दाँत नकट्‌कटाउन् र उमङ्गमा आएर गधा आदि पशुहरूको बोली नबोलुन्।

न पादौ धावयेत्कांस्ये कदाचिदपि भाजने।
न भिन्नभाण्डे भुञ्जीत न भावप्रतिदूषिते॥ ६५॥

काँसका भाँडामा कहिल्यै खुट्टा नधोउन्, कुनै फुटेको भाँडामा भोजन नगरून्, जहाँ मनमा शंका हुन्छ त्यहाँ पनि भोजन नगरून्।

उपानहौ च वासश्च धृतमन्यैर्न धारयेत्।
उपवीतमलङ्कारं स्रजं करकमेव च॥ ६६॥

अरू कसैले व्यवहारमा ल्याएका जुत्ता, वस्त्र, जनै, आभूषण (गरगहना), माला र कमण्डलु आफूले धारण नगरून्।

नाविनीतैर्भजेद्धुर्यैर्न च क्षुद्व्याधिपीडितैः।
न भिन्नशृङ्गाक्षिखुरैर्न वालधिविरूपितैः॥ ६७॥

जसलाई सिकाइएको हुँदैन, जो भोक, तिर्खा र व्याधि (रोग) ले पीडित हुन्छन्, जसका सींग, आँखा र खुर टुटे-फुटेका र फाटिएका छन्, र जसका पुच्छर काटिएको अर्थात् लींडे छ त्यस्ता नारिएका गोरु-गाडामा यात्रा नगरून्।

विनीतैस्तु व्रजेन्नित्यमाशुगैर्लक्षणान्वितै।
वर्णरूपोपसम्पन्नैः प्रतोदेनातुदन् भृशम्॥ ६८॥

जसलाई सिकाइएको हुन्छ, जो छिटो हिंड्ने हुन्छ, जो शुभ लक्षणहरूले युक्त हुन्छ, जसको वर्ण-रूप राम्रो हुन्छ, यस्ता नारिएका गोरु-गाडामा चढेर गोरुहरूलाई चाबुकले बार-बार नहिर्काइ जब मन लाग्छ यात्रा गरून्।

बालातपः प्रेतधूमो वर्ज्यं भिन्नं तथाऽऽसनम्।
न छिन्द्यान्नखलोमानि दन्तैर्नोत्पाटयेन्नखान्॥ ६९॥

सूर्योदय बेलाको घाम, चिताबाट आएको धुँवा र च्यातिएका आसनलाई त्याग गर्नुपर्छ। बढेको नङ र रौंलाई नकाटुन् र नङलाई दाँतले नउखेलुन्।

न मृल्लोष्ठं च मृद्‌गीयान्न च्छिन्द्यात्करजैस्तृणम्।
न कर्म निष्फलं कुर्यान्नायत्यामसुखोदयम्॥ ७०॥

माटाका डल्लालाई नमोलुन्, नङले सिन्का नभाँचुन्, व्यर्थका कर्म नगरून् र परिणामतः दुःख दिने कर्म कहिल्यै नगरून्।

लोष्ठमर्दी तृणच्छेदी नखखादी च यो नरः।
स विनाशं व्रजत्याशु सूचकोऽशुचिरेव च॥ ७१॥

माटाका डल्लालाई मोल्ने, सिन्का भाँच्ने र दाँतले नङ काट्ने, कृपण र अनाचारी- यी सबै छिटै नै नष्ट हुन जान्छन्।

न विगर्ह्यकथां कुर्याद् बहिर्माल्यं न धारयेत्।
गवां च यानं पृष्ठेन सर्वथैव विगर्हितम्॥ ७२॥

अभिमानका साथ कसैसित कुरा नगरून्, केश समूहको बाहिर माला नलगाउन्, गाईको पिठ्यूँमा चढेर जानु सदा-सर्वदा निन्दित हुन्छ।

अद्वारेण च नातीयाद् ग्रामं वा वेश्म वाऽऽवृतम्।
रात्रौ च वृक्षमूलानि दूरतः परिवर्जयेत्॥ ७३॥

जुन गाउँ वा घर पर्खालले घेरिएको हुन्छ त्यसभित्रको मूल ढोकालाई छोडेर अर्को बाटोबाट नजाउन्। रातका समयमा रूखको फेदलाई टाढैबाट त्याग गरून् अर्थात् एकछिन पनि रूखमुनि नबसुन्।

नाक्षैः क्रीडेत्कदाचित्तु स्वयं नोपानहौ हरेत्।
शयनस्थो न भुञ्जीत न पाणिस्थं न चासने॥ ७४॥

कहिल्यै जूवा नखेलुन्, स्वयं हातले जुता बोकेर नहिंड्न्, ओछ्यानमा वा आसनमा वा हातमा कुनै कुरा राखेर नखाउन्।

सर्वं च तिलसम्बद्धं नाद्यादस्तमिते रवौ।
न च नग्नः शयीतेह न चोच्छिष्टः क्वचिद् व्रजेत्॥ ७५॥

सूर्यास्त पश्चात् तिल मिसिएका कुनै कुरा नखाउन्, नाङ्गो भएर कहिल्यै नसुतुन् र जुठो मुख लिएर कतै नजाउन्।

आर्द्रपादस्तु भुञ्जीत नार्द्रपादस्तु संविशेत्।
आर्द्रपादस्तु भुञ्जानो दीर्घमायुरवाप्नुयात्॥ ७६॥

भिजेका खुट्टा लिएर भोजन गर्न बसुन्, तर भिजेका खुट्टा लिएर सुत्न नजाउन्। भिजेका (चिसा) खुट्टा लिएर भोजन गर्नेले दीर्घायु पाउँछ।

अचक्षुर्विषयं दुर्गं न प्रपद्येत कर्हिचित्।
न विण्वमूत्रमुदीक्षेत न बाहुभ्यां नदीं तरेत्॥ ७७॥

जुन बाटो बाक्ला रूख र छाप्राहरूले ढाकिएको हुन्छ, जसले गर्दा उतातिरको केही पनि कुरा यताबाट देखिदैन, त्यस्ता दुर्गम ठाउँमा नजाउन्।

अधितिष्ठेन्न केशांस्तु न भस्मास्थिकपालिकाः।
न कार्पासास्थि न तुषान्दीर्घमायुर्जिजीविषुः॥ ७८॥

दीर्घ जीवनको इच्छा राख्ने पुरुष केश, खरानी, हड्डी, खोपडी, कपासका बियाँ र धानका भूसमाथि खुट्टा राखेर नउभिउन्।

न संवसेच्च पतितैर्न चाण्डालैर्न पुल्कसैः।
न मूर्खैर्नावलिप्तैश्च नान्त्यैर्नान्त्यावसायिभिः॥ ७९॥

पतित, चाण्डाल, पुल्कंस (पोडेबाट शूद्रामा उत्पन्न), मूर्ख, धन र मदले गर्वित, अन्त्यजहरू र तिनका साथ व्यवसाय गर्नेहरूका साथ पनि नबसुन्।

न शूद्राय मतिं दद्यान्नोच्छिष्टं न हविष्कृतम्।
न चास्योपदिशेद्धर्मं न चास्य व्रतमादिशेत्॥ ८०॥

शूद्रलाई युक्ति नबताउन्, उच्छिष्ट र हविको शेषांश नदिउन्। उसलाई धर्म र व्रतको प्रत्यक्ष उपदेश पनि नदिउन्।

यो ह्यस्य धर्ममाचष्टे यश्चैवादिशति व्रतम्।
सोऽसंवृतं नाम तमः सह तेनैव मज्जति॥ ८१॥

जसले अर्काको, धर्मको उपदेश र व्रतको आदेश गर्दछन्, ती त्यस शूद्रका साथमा असंवृत नाम गरेको अन्धकारमय नर्कमा गएर डुब्दछन्।

न संहताभ्यां पाणिभ्यां कण्डूयेदात्मनः शिरः।
न स्पृशेच्चैतदुच्छिष्टो न च स्नायाद्विना ततः॥ ८२॥

एकैपल्ट दुवै हातले आफ्नो टाउको नकनाउन्, जुठा मुखले टाउको नछोउन् र पहिला टाउको नछोई ननुहाउन्।

केशग्रहान् प्रहारांश्च शिरस्येतान्विवर्जयेत्।
शिरःस्नातुश्च तैलेन नाङ्गं किञ्चिदपि स्पृशेत्॥ ८३॥

टुप्पी वा चुल्ठो समाएर कसैको शिरमा नपिट्न् । नुहाइएको शिरमा लागेको तेलले कुनै अङ्गको स्पर्श नगरून् अर्थात् नुहाइसकेपछि तेल नलगाउन्।

न राज्ञः प्रतिगृह्णीयादराजन्यप्रसूतितः।
सूनाचक्रध्वजवतां वेशेनैव च जीवताम्॥ ८४॥

जुन राजाको जन्म क्षत्रिय राजाबाट भएको हुँदैन, उसले दिएको दान नलिउन्। पशु मारेर मासु बेच्ने कसाइ, तेली, कलाल र वेशोपजीवी (कुटना-कुटनीहरू) बाट पनि दान नलिउन्।

'दशसूनासमं चक्रं दशचक्रसमो ध्वजः।
दशध्वजसमो वेशो दशवेशसमो नृपः॥ ८५॥

दसजना वधिक बराबर यौटा तेली हुन्छ, दसजना तेली बराबर यौटा कलाल हुन्छ, दसजना कलाल बराबर यौटा वेशोपजीवी हुन्छ र दस वेशोपजीवी बराबर यौटा राजा हुन्छ।

दश सूनासहस्राणि यो वाहयति सौनिकः।
तेन तुल्यः स्मृतो राजा घोरस्तस्य प्रतिग्रहः॥ ८६॥

जुन वधिकले दस हजार प्राणीहरूको हिंसा गर्छ, त्यसको बराबर राजा हुन्छ, यसकारण उसको दान भयानक हुन्छ।

यो राज्ञः प्रतिगृह्णाति लुब्धस्योच्छास्त्रवर्तिनः ।
स पर्यायेण यातीमान्नरकानैकविंशतिम् ॥ ८७ ॥

जसले लोभी, शास्त्रको आज्ञा नमान्ने राजासित दान लिन्छ, उ क्रमैसित यी एक्काइस (तल बताइएका) नरकमा झर्छ।

तामिस्रमन्धतामिस्रं महारौरवरौरवौ ।
नरकं कालसूत्रं च महानरकमेव च ॥ ८८ ॥

१. तामिस्र, २. अन्ध तामिस्र, ३. महारौरव, ४ कालसूत्र, ५ महानरक।

संजीवनं महावीचिं तपनं सम्प्रतापनम् ।
संहातं च सकाकोलं कुड्मलं प्रतिमूर्तिकम् ॥ ८९ ॥

६. संजीवन, ७. महावीचि, ८. तपन, ९. सम्प्रतापन, १०. संहात, ११. सकाकोल, १२. कुड्मल, १३. प्रतिमूर्तिक।

लोहशंकुमृजीषं च पन्थानं शाल्मलीं नदीम् ।
असिपत्रवनं चैव लोहदारकमेव च ॥ ९० ॥

१४. लोहशंकु, १५. ऋजीष, १६. पन्या, १७. शल्मली, १८. वैतरणी, १९. असिपत्र, २०. वन र २१. लोहदारक (यिनै ती एक्काइस नरक हुन्)।

एतद्विदन्तो विद्वांसो ब्राह्मणः ब्रह्मवादिनः ।
न राज्ञः प्रतिगृह्णन्ति प्रेत्य श्रेयोऽभिकांक्षिणः ॥ ९१ ॥

(माथि बताइएका २७औं श्लोकको आदेशलाई) कर्मनिष्ठ (धर्मशास्त्रादि जान्ने) विद्वान् जन्मान्तरमा विशेष कल्याणको इच्छा राख्ने ब्राह्मणले राजाबाट दान लिदैनन्।

ब्राह्मे मुहूर्ते बुध्येत धर्मार्थौ चानुचिन्तयेत् ।
कायक्लेशांश्च तन्मूलान्वेदतत्त्वार्थमेव च ॥ ९२ ॥

सूर्योदयभन्दा पहिला (ब्रह्ममुहूर्तमा) उठेर धर्म र अर्थको चिन्ता गरून् र उसका निम्ति जो शरीरले कष्ट उठाउनुपर्छ त्यसको पनि विचार गरून् र वेदको तत्त्वार्थको पनि चिन्तन गरून्।

उत्थायावश्यकं कृत्वा कृतशौचः समाहितः ।
पूर्वां सन्ध्यां जपंस्तिष्ठेत्स्वकाले चापरां चिरम् ॥ ९३ ॥

(त्यसपछि) उठेर आवश्यक काम गरी, शौचादि गरेर एकाग्र चित्त भई प्रातःकालीन सन्ध्या (सूर्योदयपर्यन्त) गायत्री मन्त्र जपुन्। सायंकालिक सन्ध्या पनि ठीक समयमा गरेर धेरै बेरसम्म गायत्री जपुन्।

ऋषयो दीर्घसंध्यत्वाद्दीर्घमायुरवाप्नुयुः।
प्रज्ञां यशश्च कीर्तिं च ब्रह्मवर्चसमेव च॥ ९४॥

ऋषिगण धेरै समयसम्म सन्ध्योपासनादि गर्नाले नै दीर्घजीवी हुन्थे र बुद्धि, यश, कीर्ति तथा ब्रह्मतेज प्राप्त गर्थे।

श्रावण्यां प्रोष्ठपद्यां वाऽप्युपाकृत्य यथाविधि।
युक्तश्छन्दांस्यधीयीत मासान्विप्रोऽर्धपञ्चामान्॥ ९५॥

ब्राह्मणलाई आवश्यक हुन्छ कि साउन वा भदौको पूर्णिमामा वेदविधिले उपाकर्म गरेर साढे चार महिनासम्म तत्पर भएर वेद पढुन्।

पुष्ये तु छन्दसां कुर्याद् बहिरुत्सर्जनं द्विजः।
माघशुक्लस्य वा प्राप्ते पूर्वाह्णे प्रथमेऽहनि॥ ९६॥

त्यसपछि पुष्य नक्षत्रमा गाउँ बाहिर वेदको उत्सर्जन कर्म गरून् अथवा माघशुक्लको पहिलो तिथिको पूर्वाह्णमा सो कार्य गरून्।

यथाशास्त्रं तु कृत्वैवमुत्सर्गं छन्दसां बहिः।
विरमेत् पक्षिणो रात्रिं तदेवैकमहर्निशम्॥ ९७॥

शास्त्रले बताएअनुसार गाउँ बाहिर वेदको उत्सर्जन कर्म गरेर दुई दिन र त्यस बीचका रातमा अनध्याय (पाठ बिसाउने काम) गरून्।

अत ऊर्ध्वं तु छन्दांसि शुक्लेषु नियतः पठेत्।
वेदाङ्गानि च सर्वाणि कृष्णपक्षेषु सम्पठेत्॥ ९८॥

यस कर्मको पछाडि शुक्लपक्षमा एकाग्रचित्त भएर वेद पढुन् र कृष्णपक्षमा वेदका अङ्ग शिक्षा, व्याकरण आदि पढुन्।

नाविस्पष्टमधीयीत न शूद्रजनसन्निधौ।
न निशान्ते परिश्रान्तो ब्रह्माधीत्य पुनः स्वपेत्॥ ९९॥

स्वर वर्ण आदिको स्पष्ट उच्चारण नगरीकन वा शूद्रहरूको छेउमा पनि वेद नपढुन्। रातका पछिल्ला प्रहरमा वेद पढेर थाकेका ब्राह्मणले सुत्नु पनि हुँदैन।

यथोदितेन विधिना नित्यं छन्दस्कृतं पठेत्।
ब्रह्म छन्दस्कृतं चैव द्विजो युक्तो ह्यनापदि॥ १००॥

यथोक्त विधिले नित्य गायत्री आदि छन्दहरूले युक्त मन्त्रहरूको पाठ गरून्। निरापद अवस्थामा ब्राह्मणले छन्द र मन्त्र दुवै भागहरूको अध्ययन गरून्।

इमान्नित्यमनध्यायाधीयानो विवर्जयेत्।
अध्यापनं च कुर्वाणः शिष्याणां विधिपूर्वकम्॥ १०१॥

विधिपूर्वक नित्य वेद पढ्ने ब्राह्मण (अध्यापक) ले तल दिइएका अनध्यायहरूको त्याग गरून् । अनध्यायका दिनलाई छोडेर शिष्यहरूलाई विधिपूर्वक अध्ययन गराउन्।

कर्णश्रवेऽनिले रात्रौ दिवा पांसुसमूहने।
एतौ वर्षास्वनध्यायावध्यायज्ञाः प्रचक्षते॥ १०२॥

वर्षाऋतुका रातमा यदि हावा बगेको शब्द सुनिएमा र दिनमा धुलो उडाउँदै हावा बग्यो भने ती दुवै रात र दिन त्यस ऋतुमा अनध्याय हुन्छन्, यस्तो अध्यापन ज्ञान्ने मुनिहरू भन्दछन्।

विद्युत्स्तनितवर्षेषु महोल्कानां च संप्लवे।
आकालिकमनध्यायमेतेषु मनुरब्रवीत्॥ १०३॥

यदि बिजुली चम्किदै र मेघ गर्जिदै वर्षा हुन्छ र साथै महान् उल्कापात हुन्छ भने यस्ता समयलाई मनुजीले अकालिक अनध्याय भनेका छन्, यस्ता समयमा पनि वेदाध्ययन नगरून्।

एतांस्त्वभ्युदितान्विद्याद्यदा प्रादुष्कृताग्निषु।
तदा विद्यादनध्यायमनृतौ चाभ्रदर्शने॥ १०४॥

(वर्षा ऋतुमा) सन्ध्या समयमा होमका लागि अग्नि प्रज्वलित गर्दा यदि बिजुली र मेघ गर्जन्छ भने अनध्याय जान्नू। अरू ऋतुमा अग्नि प्रज्वलित गर्दा अभ्र मेघ (पानी पर्ने मेघ) देख्नाले नै अनध्याय हुन जान्छ।

निर्घाते भूमिचलने ज्योतिषां चोपसर्जने।
एतानाकालिकान्विद्यादनध्यायानृतावपि॥ १०५॥

दिशा–दिशामा गर्जना हुनु, भूकम्प र ग्रह–ताराहरूमा परस्पर युद्ध हुनाले अरू ऋतु र वर्षा ऋतुमा पनि यो आकालिक अनध्याय जान्नू।

प्रादुष्कृतेष्वाग्निषु तु विद्युत्स्तनितनिःसने।
सज्योतिः स्यादनध्यायः शेषे रात्रौ यथा दिवा॥ १०६॥

प्रातःकाल सन्ध्या गर्ने समयमा होमका लागि अग्नि प्रज्वलित गर्दा यदि बिजुली चम्किनुसँगै मेघ गर्जिएमा यो सज्योति अनध्याय हो अर्थात् सूर्य किरण प्रकट होउन्जेलसम्म अनध्याय हुन्छ र यदि सायंकालमा हो भने नक्षत्रहरू उदय हुन्जेलसम्म अनध्याय हुन्छ।

नित्यानध्याय एव स्याद् ग्रामेषु नगरेषु च।
धर्मनैपुण्यकामानां पूतिगन्धे च सर्वदा॥ १०७॥

धर्ममा विशेष अभिलाषा राख्नेहरूको लागि गाउँमा, नगरमा अनि जहाँ दुर्गन्ध आउँछ त्यहाँ सर्वदा अनध्याय हुन्छ।

अन्तर्गतशवे ग्रामे वृषलस्य च सन्निधौ।
अनध्यायो रुद्यमाने समवाये जनस्य च॥ १०८॥

गाउँमा शव रहेको, अधार्मिक मनुष्य छेउमा रहेको र जहाँ मानिसहरूको भीड हुन्छ त्यहाँ अनध्याय हुन्छ।

उदके मध्यरात्रे च विण्मूत्रस्य विसर्जने।
उच्छिष्टः श्राद्धभुक्चैव मनसाऽपि न चिन्तयेत्॥ १०९॥

जलमा उभिएर, मध्य रातमा, मल-मूत्र विसर्जन गर्ने बेला, जुठो मुख, श्राद्ध भोजन गरिसकेपछि मनले पनि वेदको चिन्तन नगरून्।

प्रतिगृह्य द्विजो विद्वानेकोदिष्टस्य केतनम्।
त्र्यहं न कीर्तयेद्ब्रह्म राज्ञो राहोश्च सूतके॥ ११०॥

विद्वान् ब्राह्मणले एकोद्दिष्ट (श्राद्ध)को निमन्त्रण स्वीकार गरेपछि तीन दिनसम्म वेदपाठ नगरून्। राजाका सम्बन्धी आशौचमा सूर्य र चन्द्र ग्रहणमा पनि तीन दिनसम्म अनध्याय गरून्।

यावदेकानुद्दिष्टस्य गन्धो लेपश्च तिष्ठति।
विप्रस्य विदुषो देहे तावद् ब्रह्म न कीर्तयेत्॥ १११॥

विद्वान् ब्राह्मणका शरीरमा जबसम्म एकोद्दिष्ट श्राद्धको गन्ध र लेप रहन्छ तबसम्म वेदाध्ययन नगरून्।

शयानः प्रौढपादश्च कृत्वा चैवावसाक्थिकाम्।
नाधीयीतामिषं जग्ध्वा सूतकान्नाद्यमेव च॥ ११२॥

ओछ्यानमा पल्टिएर, उपरखुट्टी लाएर, घुँडाको बल बसेर, आमिष खाएर र सूतकको, आशौचको अन्न खाएर वेद नपढुन्।

नीहारे बाणशब्दे च सन्ध्ययोरेव चोभयोः।
अमावास्याचतुर्दश्योः पौर्णमास्यष्टकासु च॥ ११३॥

हिउँको वर्षा भइरहेको, बाणको शब्द सुनिदै गरेको छ भने यस्ता समयमा प्रातः, सन्ध्या समय र औंसी, चतुर्दशी, पूर्णिमा र अष्टमी- यी तिथिहरूमा वेद नपढुन्।

अमावास्या गुरुं हन्ति शिष्यं हन्ति चतुर्दशी।
ब्रह्माष्टकापौर्णमास्यौ तस्मात्ताः परिवर्जयेत्॥ ११४॥

औंशीमा वेद पढाए गुरुलाई हानि गर्दछ र चतुर्दशीमा वेद पढे शिष्यलाई हानि गर्दछ। पूर्णिमा र अष्टमीमा पढिएका वेदमन्त्रहरू बिर्सिन्छन्, यसकारण वेदहरूको अध्ययनमा यी तिथिहरूको त्याग गर्नुपर्छ।

पांसुवर्षे दिशां दाहे गोमायुविरुते तथा।
श्वखरोष्ट्रे च रुवति पङ्क्तौ च न पठेद् द्विजः॥ ११५॥

धुलो बर्सिरहेका, दिशाहरू डढिरहेका, स्याल, कुकुर गधा र ऊँट तीखो स्वरले शब्द गरी कराइरहेका भए यस्ता समय वा यिनका छेउ बसेर ब्राह्मणले वेदाध्ययन नगरून्।

नाधीयीत श्मशानान्ते ग्रामान्ते गोव्रजेऽपि वा।
वसित्वा मैथुनं वासः श्राद्धिकं प्रतिगृह्य च॥ ११६॥

श्मशानघाटका छेउमा, गाउँको छेउमा, गौशालामा, रतिकालमा लगाइएका वस्त्र धारण गरी र श्राद्धीय वस्तुहरू प्रतिग्रह गरी वेद नपढुन्।

प्राणि वा यदि वाऽप्राणि यत्किञ्चिच्छ्राद्धिकं भवेत्।
तदालभ्याप्यनध्यायः पाण्यास्यो हि द्विजः स्मृतः॥ ११७॥

श्राद्धीय वस्तु सजीव (गाई, घोडा आदि) हुन् अथवा निर्जीव (वस्त्र, भूषण आदि) हुन् तिनको दान लिनाले अनध्याय हुन्छ, किनकि ब्राह्मणका हातलाई मुनिहरूले मुख भनेका छन्।

चौरैरुपद्रुते ग्रामे सम्भ्रमे चाग्निकारिते।
आकालिकमनध्यायं विद्यात्सर्वाद्भुतेषु च॥ ११८॥

गाउँमा चोरहरूको उपद्रव, गृहदाहादिको भय र धेरै प्रकारका अद्‌भुत उत्पात देखिएमा अकालिक अनध्याय जान्नु।

उपाकर्मणि चोत्सर्गे त्रिरात्रं क्षेपणं स्मृतम्।
अष्टकासु त्वहोरात्रमृत्वन्तासु च रात्रिषु॥ ११९॥

उपाकर्म र उत्सर्गमा तीन, माघशुक्ल पूर्णिमापछि कृष्णपक्षको अष्टमीमा एक अहोरात्र र ऋतुका अन्त्यका रात्रिहरूमा पनि एक अहोरात्र (दिन-रात) अनध्याय हुन्छ।

नाधीयीताश्वमारूढो न वृक्षं न च हस्तिनम्।
न नावं न खरं नोष्ट्रं नेरिणस्थो न यानगः॥ १२०॥

घोडा, हात्ती, गधा, उँट, डुङ्गा र रूखमा चढेर वेद नपढ्न्। ऊसर (रूखो) भूमिमा वा रथमाथि बसेका मानिसले पनि वेदमन्त्रहरूको पाठ नगरून्।

न विवादे न कलहे न सेनायां न सङ्गरे।
न भुक्तमात्रे नाजीर्णे न वमित्वा न शुक्तके॥ १२१॥

कसैसित विवाद भइरहेको वा झगडा हुँदैछ भने यस्ता समयमा र सेनाका बीचमा, युद्धमा, भोजन गर्नेबित्तिकै अजीर्ण भएमा, वमन गरेमा र अमिलो डकार आएमा वेदको पाठ नगरून्।

अतिथिं चाननुज्ञाप्य मारुते वाति वा भृशम्।
रुधिरे च स्रुते गात्राच्छस्त्रेण च परिक्षते॥ १२२॥

अतिथिलाई नभनिकन, वेगसँग हावा बगेको बेला, शरीरबाट रगत बगेको बेला वा हतियारले शरीरको कुनै अङ्ग काटिएमा अध्ययन गर्नुहुँदैन।

सामध्वनावृग्यजुषी नाधीयीत कदाचन।
वेदस्याधीत्य वाप्यन्तमारण्यकमधीत्य च॥ १२३॥

सामवेदको ध्वनि सुनिदैछ भने ऋगवेद र युजर्वेदको कहिल्यै अध्ययन नगरून्। कुनै वेदको वा आरण्यक संज्ञक वेदको एक अंश समाप्त गरी त्यो दिन वा रातमा पुनः वेदको कुनै अंश नपढ्न्।

ऋग्वेदो देवदैवत्यो यजुर्वेदस्तु मानुषः।
सामवेदः स्मृतः पित्र्यस्तस्मात्तस्याशुचिर्ध्वनिः॥ १२४॥

ऋगवेदका देवता देव हुन्, यजुर्वेदका देवता मनुष्य हुन् र सामवेदका देवता पितृ हुन्, यसकारण तिनको ध्वनि अपवित्र हुन्छ।

एतद्विदन्तो विद्वांसस्त्रयीनिष्कर्षमन्वहम्।
क्रमतः पूर्वमभ्यस्य पश्चाद्वेदमधीयते॥ १२५॥

पूर्वोक्त तीनोटै वेदका देवताहरूलाई बुझ्ने विद्वान्ले पहिला प्रणव व्याहृतिपूर्वक सावित्रीको क्रमैसित अभ्यास गरेपश्चात वेदको अध्ययन गरून्।

पशुमण्डूकमार्जारश्वसर्पनकुलाखुभिः।
अन्तरागमने विद्यादनध्यायमहर्निशम्॥ १२६॥

पशु (गाई, भैंसी आदि), भ्यागुतो, बिरालो, कुकुर, सर्प, न्याउरी र मूसो यिनीमध्ये कोही पनि गुरु वा शिष्यको माझबाट गएमा एक अहोरात्र (दिन-रात) को अनध्याय हुन्छ।

द्वावेव वर्जयेन्नित्यमनध्यायौ प्रयत्नतः।
स्वाध्यायभूमिं चाशुद्धामात्मानं चाशुचिं द्विजः॥ १२७॥

स्वाध्यायको अशुद्ध भूमि र आफ्नो अशुद्ध शरीर- यी दुई अनध्यायहरूको नित्य यत्नपूर्वक त्याग गरून्।

अमावास्यामष्टमीं च पौर्णमासीं चतुर्दशीम्।
ब्रह्मचारी भवेन्नित्यमप्युतौ स्नातको द्विजः॥ १२८॥

स्नातक ब्राह्मण औंसी, अष्टमी, पूर्णिमा र चतुर्दशी तिथिमा ब्रह्मचारी रहुन्। ऋतुमती स्त्रीसँग पनि समागम नगरून्।

न स्नानमाचरेद् भुक्त्वा नातुरो न महानिशि।
न वासोभिः सहाजस्रं नाविज्ञाते जलाशये॥ १२९॥

भोजन गरेपछि स्नान नगरून्, रोगीले स्नान नगरून्, रात्रिको दोस्रो र तेस्रो प्रहरमा स्नान नगरून्, धेरै लुगा लगाएर स्नान नगरून्, नजानेको जलाशयमा पनि स्नान नगरून्।

देवतानां गुरो राज्ञः स्नातकाचार्ययोस्तथा।
नाक्रामेत्कामतश्छायां बभ्रुणो दीक्षितस्य च॥ १३०॥

देवता, गुरु र राजा, स्नातक, आचार्य, अग्नि र दीक्षित- यिनका छाया नलाघुन्।

मध्यन्दिनेऽर्धरात्रे च श्राद्धं भुक्त्वा च सामिषम्।
सन्ध्ययोरुभयोश्चैव न सेवेत चतुष्पथम्॥ १३१॥

दिनको मध्याह्न वा आधी रातमा आमिषयुक्त श्राद्ध खाएपछि र दुवै साँझमा चौबाटोमा धेरै बेरसम्म नबसुन्।

उद्वर्तनमपस्नानं विण्मूत्रे रक्तमेव च।
श्लेष्मनिष्ठ्यूतवान्तानि नाधितिष्ठेत्तु कामतः॥ १३२॥

बुकुवाको मैल, स्नान गरेको पानी, मल, मूत्र, रगत, कफ, थूक र वमन आदि दूषित वस्तुहरू छेउ जानेर पनि नबसुन्।

वैरिणं नोपसेवेत सहायं चैव वैरिणः।
अधार्मिकं तस्करं च परस्यैव च योषितम्॥ १३३॥

शत्रु वा शत्रुको सहायक, अधर्मी, चोर र परस्त्रीको सेवा नगरून्।

न हीदृशमनायुष्यं लोके किञ्चन विद्यते।
यादृशं पुरुषस्येह परदारोपसेवनम्॥ १३४॥

संसारमा पुरुषहरूको आयु घटाउने यस्तो कुनै पाप छैन जस्तो कि परस्त्री गमन हुन्छ।

क्षत्रियं चैव सर्पं च ब्राह्मणं च बहुश्रुतम्।
नावमन्येत वै भूष्णुः कृशानपि कदाचन॥ १३५॥

क्षत्रिय, सर्प र वेदका ज्ञाता ब्राह्मण यिनीहरू निर्बल भए पनि हित चाहने पुरुषले यिनको कहिल्यै अपमान नगरून्।

एतत्त्रयं हि पुरुषं निर्दहेदवमानितम्।
तस्मादेतत्त्रयं नित्यं नावमन्येत बुद्धिमान्॥ १३६॥

यी (क्षत्रिय, सर्प र वेदको ज्ञाता ब्राह्मण) अपमानित भएमा अपमान गर्नेलाई भस्म गरिदिन्छन्, यसकारण बुद्धिमानले यिनको कहिल्यै अपमान नगरून्।

नात्मानमन्वयेत पूर्वाभिरसमृद्धिभिः।
आमृत्योः श्रियमन्विच्छेन्नैनां मन्येत दुर्लभाम्॥ १३७॥

उद्योग गरेपछि पनि यदि समृद्धि प्राप्त नभए आफूलाई अपमानित नगरून्। आखिरी समयसम्म लक्ष्मी प्राप्तिका लागि प्रयत्न गरून्, त्यसलाई दुर्लभ नसम्झिउन्।

सत्यं ब्रूयात्प्रियं ब्रूयान्न ब्रूयात्सत्यमप्रियम्।
प्रियं च नानृतं ब्रूयादेष धर्मः सनातनः॥ १३८॥

सत्य बोलुन्, प्रिय बोलुन्, यस्तो सत्य नबोलुन् जो अप्रिय हुन्छ, यस्तो प्रिय पनि नबोलुन् जो असत्य हुन्छ– यो नै सनातन धर्म हो।

भद्रं भद्रमिति ब्रूयाद्भद्रमित्येव वा वदेत्।
शुष्कवैरं विवादं च न कुर्यात्केनचित्सह॥ १३९॥

अशुभ कुराहरू असल शब्दमा नै भनुन् अथवा भद्र वचन (शुभ वार्ता) नै बोलुन्। व्यर्थको झगडा वा शत्रुता कसैसित नगरून्।

नातिकल्यं नातिसायं नातिमध्यन्दिने स्थिते।
नाज्ञातेन समं गच्छेन्नैको न वृषलैः सह॥ १४०॥

एकाबिहानै, साँझ र मध्य दिउँसोतिर अपरिचित व्यक्तिसित, अधार्मिकसित वा एक्लै कतै नजाउन्।

हीनाङ्गानतिरिक्ताङ्गान्विद्याहीनान्वयोधिकान्।
रूपद्रव्यविहीनांश्च जातिहीनांश्च नाक्षिपेत्॥ १४१॥

हीन अङ्ग भएका, धेरै अङ्ग भएका, मूर्ख, कुरूप, वृद्ध, दरिद्र र हीन जातिका मनुष्यहरूलाई उनका दोषहरू बताउँदै तिरस्कार नगरून्।

न स्पृशेत्पाणिनोच्छिष्टो विप्रो गोब्राह्मणानलान्।
न चापि पश्येदशुचिः सुस्थो ज्योतिर्गणान्दिवि ॥ १४२ ॥

जुठो मुखले गाई, ब्राह्मण र आगोलाई हातले स्पर्श नगरून्। स्वस्थ रहँदा अपवित्र अवस्थामा आकासमा ग्रह-नक्षत्रहरूतिर नहेरून्।

स्पृष्ट्वैतानशुचिर्नित्यमद्भिः प्राणानुपस्पृशेत्।
गात्राणि चैव सर्वाणि नाभिं पाणितलेन तु ॥ १४३ ॥

अशुचि अवस्थामा ब्राह्मणादिको स्पर्श हुन गएमा आचमन गरून् र हातमा जल लिएर नाक र आँखा आदि इन्द्रियहरूको अनि शिर, काँध, घुँडा, खुट्टा, नाभि आदि अङ्गहरू पनि जलले स्पर्श गरून्।

अनातुरः स्वानि खानि न स्पृशेदनिमित्ततः।
रोमाणि च रहस्यानि सर्वाण्येव विवर्जयेत् ॥ १४४ ॥

स्वस्थ अवस्थामा इन्द्रियहरूका छिद्र अनि गुप्त स्थानका रौँहरूलाई बिना कारण छुन वर्जित गरून्।

मङ्गलाचारयुक्तः स्यात्प्रयतात्मा जितेन्द्रियः।
जपेच्च जुहुयाच्चैव नित्यमग्निमतन्द्रियः ॥ १४५ ॥

शुभ आचारहरूले युक्त, पवित्र हृदय, जितेन्द्रिय पुरुष आलस्यको त्याग गरेर नित्य गायत्री मन्त्र जपुन् र अग्निमा हवन पनि गरून्।

मङ्गलाचारयुक्तानां नित्यं च प्रयतात्मनाम्।
जपतां जुह्वतां चैव विनिपातो न विद्यते ॥ १४६ ॥

जुन पवित्र आत्मा भएका व्यक्ति शुभ आचारहरूले युक्त भएर नित्य जप र हवन गर्दछन्, तिनलाई कुनै प्रकारको (दैवी वा मानुषी) उपद्रव हुँदैन।

वेदमेवाभ्यसेन्नित्यं यथाकालमतन्द्रितः।
तं ह्यस्यायुः परं धर्ममुपधर्मोऽन्य उच्यते ॥ १४७ ॥

नित्य यथासमय आलस्यरहित भएर वेदमन्त्रहरूको जप गरून्। यो ब्राह्मणको मुख्य धर्म हो, बाँकीलाई उपधर्म भनिन्छ।

वेदाभ्यासेन सततं शौचेन तपसैव च।
अद्रोहेण च भूतानां जातिं स्मरति पौर्विकीम् ॥ १४८ ॥

निरन्तर वेदको अभ्यास, पवित्रता, तप र प्राणीहरूको अहिंसाद्वारा पूर्वजन्मको जातिको स्मरण हुन्छ।

पौर्विकीं संस्मरञ्जातिं ब्रह्मैवाभ्यसते पुनः।
ब्रह्माभ्यासेन चाजस्रमनन्तं सुखमश्नुते॥ १४९॥

पूर्वजन्मको जाति स्मरण भएर पनि उसले नित्य वेदको नै अभ्यास गर्दछ। निरन्तर ब्रह्माभ्यासद्वारा ऊ अनन्त सुख (मोक्ष) लाई प्राप्त हुन्छ।

सावित्राञ्छान्तिहोमांश्च कुर्यात्पर्वसु नित्यशः।
पितॄंश्चैवाष्टकास्वर्चेन्नित्यमन्वष्टकासु च॥ १५०॥

सावित्री जप, नित्य होम र अनिष्ट निवृत्तिका लागि प्रत्येक पर्वहरूमा शान्ति होम गर्नुपर्छ। त्यसै गरी अष्टका (पौष, माघ, फागुन र चैत्रको कृष्ण पक्षको अष्टमी) र अन्वष्टका (नवमी) मा पितृहरूको श्राद्धकर्म गरून्।

दूरादावसथान्मूत्रं दूरात्पादावसेचनम्।
उच्छिष्टान्नं निषेकं च दूरादेव समाचरेत्॥ १५१॥

अग्निशालाबाट टाढा गएर मलमूत्रको त्याग गरून्, खुट्टा (पाउ) धोउन्, जुठो–सुठो फालुन्, गर्भाधान कर्म पनि त्यहाँबाट टाढै गएर गरून्।

मैत्रं प्रसाधनं स्नानं दन्तधावनमञ्जनम्।
पूर्वाह्ण एव कुर्वीत देवतानां च पूजनम्॥ १५२॥

शौच, तैलाभ्यङ्ग, दन्तधावन, स्नान, अञ्जन र देवताहरूको पूजा पूर्वाह्णमा नै गर्नुपर्छ।

दैवतान्यभिगच्छेत्तु धार्मिकांश्च द्विजोत्तमान्।
ईश्वरं चैव रक्षार्थं गुरूनेव च पर्वसु॥ १५३॥

आफ्ना रक्षाका लागि देवताहरू, धार्मिकहरू, ब्राह्मणहरू र गुरुहरू तथा राजाको दर्शनार्थ (अमावास्यादि) पर्वहरूमा उनीहरूका सामु जाउन्।

अभिवादयेद् वृद्धांश्च दद्याच्चैवासनं स्वकम्।
कृताञ्जलिरुपासीत गच्छतः पृष्ठतोऽन्वियात्॥ १५४॥

वृद्धहरू (श्रेष्ठ पुरुषहरू) घरमा आएमा उठेर उनीहरूलाई प्रणाम गरून्, आसन बस्न दिउन् अनि हात जोडेर अगाडि उभिरहुन्। जब तिनी जान लाग्छन् तब केही परसम्म उनको पछि पछि जाउन्।

श्रुतिस्मृत्युदितं सम्यङ् निबद्धं स्वेषु कर्मसु।
धर्ममूलं निषेवेत सदाचारमतन्द्रितः॥ १५५॥

श्रुति र स्मृतिमा भनिएका सदाचारहरू जो आफ्ना कर्ममा सम्यक् रूपले मिलेका छन् र जो धर्मका मूल छन्, आलस्यरहित भएर तिनको पालन गर्नुपर्छ।

आचाराल्लभते ह्यायुराचारादीप्सिताः प्रजाः ।
आचाराद्धनमक्षय्यमाचारो हन्त्यलक्षणम् ॥ १५६ ॥

आचारले आयुको प्राप्ति हुन्छ, आचारले इच्छा गरेको सन्तान प्राप्त हुन्छ, आचारले अक्षय धन–लाभ हुन्छ, आचारले अशुभ लक्षणहरूको नाश हुन्छ।

दुराचारो हि पुरुषो लोके भवति निन्दितः ।
दुःखभागी च सततं व्याधितोऽल्पायुरेव च ॥ १५७ ॥

दुराचारी पुरुष संसारमा निन्दित, सधैं दुःखी, रोगी र अल्प आयुका हुन्छन्।

सर्वलक्षणहीनोऽपि यः सदाचारवान्नरः ।
श्रद्दधानोऽनसूयश्च शतं वर्षाणि जीवति ॥ १५८ ॥

सबै लक्षणहरूबाट हीन भएर पनि जो पुरुष सदाचारी र श्रद्धालु हुन्छ र अरूका दोषलाई भन्दैन त्यो सय वर्ष बाँच्दछ।

यद्यत्परवशं कर्म तत्तद्यत्नेन वर्जयेत्।
यद्यदात्मवशं तु स्यात्तत्तत्सेवेत यत्नतः ॥ १५९ ॥

जुन जुन कर्म अरूका वशमा हुन्छन्, ती ती कर्महरूलाई यत्नपूर्वक त्याग गरून् र जुन–जुन कर्म आफ्ना अधीनमा छन्, ती–ती कर्महरू यत्नपूर्वक सेवन गरून्।

सर्वं परवशं दुःखं सर्वमात्मवशं सुखम्।
एतद्विद्यात् समासेन लक्षणं सुखदुःखयोः ॥ १६० ॥

पराधीन सबै कर्म दुःख दिने र स्वाधीन सबै कर्म सुख दिने हुन्छन्। संक्षेपमा यिनैले सुख–दुःखको लक्षण दिन्छन्।

यत्कर्म कुर्वतोऽस्य स्यात्परितोषोऽन्तरात्मनः ।
तत्प्रयत्नेन कुर्वीत विपरीतं तु वर्जयेत् ॥ १६१ ॥

जुन कार्य गर्नाले आफ्नो अन्तरात्मालाई सन्तोष हुन्छ त्यो अवश्य गरून्, र जुन कार्य गर्नाले चित्त दुख्छ त्यो नगरून्।

आचार्यं च प्रवक्तारं पितरं मातरं गुरुम्।
न हिंस्याद् ब्राह्मणान्गांश्च सर्वांश्चैव तपस्विनः ॥ १६२ ॥

उपनयन र वेदाध्ययन गराउने आचार्य, वेदार्थको व्याख्याता, पिता, माता, गुरु, ब्राह्मण, गाई र तपस्वी– यिनलाई हिंसा हुने काम (दुःख दिने) नगरून्, यिनका विरुद्ध आचरण नगरून्।

नास्तिक्यं वेदनिन्दां च देवतानां च कुत्सनम्।
द्वेषं दम्भं च मानं च क्रोधं तैक्ष्ण्यं च वर्जयेत्॥ १६३॥

नास्तिकता (ईश्वरमाथि अविश्वास), वेद र देवताहरूको निन्दा, ईर्ष्याभाव, दम्भ, अभिमान, क्रोध र क्रूरता यिनको त्याग गर्नुपर्छ।

परस्य दण्डं नोद्यच्छेत्क्रुद्धो नैव निपातयेत्।
अन्यत्र पुत्राच्छिष्याद्वा शिष्ट्यर्थं ताडयेत्तु यौ॥ १६४॥

अरूको लागि क्रुद्ध भएर लौरो नउठाउन् र नकुटुन्। पुत्र र शिष्यका अतिरिक्त अन्य व्यक्तिलाई दण्ड प्रहार नगरून्, तर पुत्र र शिष्यलाई अनुशासनका निम्ति अवश्य ताडन गरून्।

ब्राह्मणायावगुर्यैव द्विजातिर्वधकाम्यया।
शतं वर्षाणि तामिस्रे नरके परिवर्तते॥ १६५॥

जसले ब्राह्मण, द्विजाति (निरपराधी) लाई क्रुद्ध भएर पिट्ने इच्छाले लौरो उठाउँछ त्यसले सय वर्षसम्म तामिस्र नाम गरेको नर्कमा भौंतारिनुपर्छ।

ताडयित्वा तृणेनापि संरम्भान्मतिपूर्वकम्।
एकविंशतिमाजातीः पापयोनिषु जायते॥ १६६॥

जसले क्रोधमा आएर जानीजानी एउटा सिन्काले भए पनि ब्राह्मणलाई हिर्काउँछ, उसले त्यस पापको फलबाट एक्काइस पल्ट पाप योनिहरूमा (कुकुर आदि नीच योनिमा) जन्म लिनुपर्छ।

अयुध्यमानस्योत्पाद्य ब्राह्मणस्यासृगङ्गतः।
दुःखं सुमहदाप्नोति प्रेत्यप्रज्ञतया नरः॥ १६७॥

जसले झैं-झगडा नगर्ने ब्राह्मणको शरीरबाट रगत बगाउँछ, उसले आफ्नो मूर्खताले गर्दा मरेपछि परलोकमा धेरै कष्ट पाउँछ।

शोणितं यावतः पांसून्संगृह्णाति महीतलात्।
तावतोऽब्दानमुत्रान्यैः शोणितोत्पादकोऽद्यते॥ १६८॥

ब्राह्मणका शरीरबाट झरेका रगत माटाका जति अणुहरूलाई भिजाउँछ, त्यति नै वर्ष त्यो रगत बगाउनेलाई परलोकमा हिंस्रक जीवले टोक्छन् र खान्छन्।

न कदाचित् द्विजे तस्माद्विद्वानवगुरेदपि।
न ताडयेत्तृणेनापि न गात्रात्स्रावयेदसृक्॥ १६९॥

यसकारण विद्वान् पुरुषले ब्राह्मणमाथि बिर्सेर पनि कहिल्यै लौरो उठाउन्, छेस्काले पनि नहिर्काउन् र तिनका शरीरबाट रगत नबगाउन्।

अधार्मिको नरो यो हि यस्य चाप्यनृतं धनम्।
हिंसारतश्च यो नित्यं नेहासौ सुखमेधते॥ १७०॥

अधार्मिक, झुटो बोलेर निर्वाह गर्ने, अरूको हिंसामा लागिरहने पुरुषले यस लोकमा पनि सुख पाउँदैनन्।

न सीदन्नपि धर्मेण मनोऽधर्मे निवेशयेत्।
अधार्मिकाणां पापानामाशु पश्यन्विपर्ययम्॥ १७१॥

अधर्माचारी पापीहरूको छिटै नाश हुँदै गरेको देखेर (दुर्दशामा देखेर) धर्मचारी भएर पनि मनुष्य दुःखी भएता पनि अधर्ममा मन नलगाउन्।

नाधर्मश्चरितो लोके सद्यः फलति गौरिव।
शनैरावर्तमानस्तु कर्तुर्मूलानि कृन्तति॥ १७२॥

गरिएका पाप पृथ्वीमा छरिएका बीउ जस्तो तत्काल फल दिँदैनन्, तर विस्तारै विस्तारै फलित हुने समय आएपछि पापकर्ताको जरै उखेलिदिन्छन्।

यदि नात्मनि पुत्रेषु न चेत्पुत्रेषु नप्तृषु।
न त्वेत तु कृतोऽधर्मः कर्तुर्भवति निष्फलः॥ १७३॥

यदि पापको फल स्वयंलाई मिलेन भने छोराहरूलाई, छोराहरूलाई नमिले नातिहरूलाई मिल्छ नै। पिताले गरेको पाप कहिल्यै निष्फल हुँदैन।

अधर्मेणैधते तावत्ततो भद्राणि पश्यति।
ततः सपत्नाञ्जयति समूलस्तु विनश्यति॥ १७४॥

अधर्मले गरिएका (कमाइ आदि) केही समय बढेर जान्छ, जसद्वारा सबै प्रकारका वैभव देखिने छ, शत्रुहरूमाथि विजय प्राप्त हुनेछ, त्यसपछि उसको जरैसित नाश हुन्छ।

सत्यधर्मार्यवृत्तेषु शौचे चैवारमेत् सदा।
शिष्यांश्च शिष्याद्धर्मेण वाग्बाहूदरसंयतः॥ १७५॥

सत्य, धर्म, सदाचार र पवित्रतामा सधैं लागिरहेर वाणी[२] बाहु[३] र पेट[४] लाई संयम राख्दै धर्मपूर्वक शिष्यहरूलाई शिक्षा दिउन्।

परित्यजेदर्थकामौ यौ स्यातां धर्मवर्जितौ।
धर्मं चाप्यसुखोदर्कं लोकविक्रुष्टमेव च॥ १७६॥

---

[२] वाणीको संयम- थोरै र सत्य बोल्नु।

[३] बाहुको संयम- कसैलाई बाहुबलले पीडित नगर्नु।

[४] उदर (पेट) को संयम- खानेकुरा जस्तो भए पाए पनि त्यसमा सन्तोष गर्नु।

जुन अर्थ, काम धर्मका विरुद्ध हुन्छन् तिनलाई त्यागिदिउन् र यस्तो धर्म पनि नगरून् जसले गर्दा पछि दुःख होस्। लोकलाई रुवाउने कार्य पनि नगरून्।

न पाणिपादचपलो न नेत्रचपलोऽनृजुः।
न स्याद्वाक्चपलश्चैव न परद्रोहकर्मधीः॥ १७७॥

बिनाकामको कुनै वस्तु हातमा नलिउन् र बिना प्रयोजन नघुमुन्। नेत्र (आँखा)चपल नहुन् अर्थात् नराम्रो दृष्टिले कसैलाई नहेरून्, व्यर्थमा धेरै नबोलुन्, कपटी नहोउन्, अर्काको हानि-नोक्सानी गर्ने चेष्टा नगरून्।

येनास्य पितरो याता येन याताः पितामहाः।
तेन यायात्सतां मार्गं तेन गच्छन्न रिष्यते॥ १७८॥

जुन बाटो भएर बाबु-बाजे हिंडेका हुन्छन् त्यही असल बाटो भएर तपाईं पनि हिंड्नुहोस्, त्यही बाटो भएर हिंड्नाले पापको भागी हुनुपर्दैन।

ऋत्विक्पुरोहिताचार्यैर्मातुलातिथिसंश्रितैः।
बालवृद्धातुरैर्वैद्यैर्ज्ञातिसम्बन्धिबान्धवैः॥ १७९॥
मातापितृभ्यां जामीभिर्भ्रात्रा पुत्रेण भार्यया।
दुहित्रा दासवर्गेण विवादं न समाचरेत्॥ १८०॥

यज्ञ गर्ने, पुरोहित, आचार्य, मामा, अतिथि, आश्रितजन, बालक, वृद्ध, रोगी, वैद्य, इष्टमित्र, सम्बन्धी, बन्धुबान्धव र मातृकुलका आफन्तका साथ र माता, पिता, बहिनी, छोरी-ज्वाइँ, दाजु-भाइ, छोरा-छोरी, पत्नी र नोकरहरूका साथ विवाद नगरून्।

एतैर्विवादान् संत्यज्य सर्वपापैः प्रमुच्यते।
एभिर्जितैश्च जयति सर्वांल्लोकानिमान्गृही॥ १८१॥

जसले यिनीहरूका साथ विवाद गर्दैनन्, ती सबै पापबाट छुट्दछन्। यिनीहरूसित विवाद नगर्ने व्यक्ति तल बताइएका लोकहरूलाई प्राप्त गर्ने हुन्छन्।

आचार्यो ब्रह्मलोकेशः प्राजापत्ये पिता प्रभुः।
अतिथिस्त्विन्द्रलोकेशो देवलोकस्य चर्त्विजः॥ १८२॥

आचार्य ब्रह्मलोकको, पिता प्राजापत्यलोकको, अतिथि इन्द्रलोकको र यज्ञपुरोहित देवलोकका स्वामी हुन्छन्।

जामयोऽप्सरसां लोके वैश्वदेवस्य बान्धवाः।
सम्बन्धिनो ह्यपां लोके पृथिव्यां मातृमातुलौ॥ १८३॥

बहिनी र बुहारीको अप्सरालोकमा, बान्धवहरूको वैश्वदेव लोकमा, सम्बन्धी (कुटुम्ब) हरूको वरुणलोकमा र माता, मामाको भूलोकमा प्रभुत्व हुन्छ।

आकाशेशास्तु विज्ञेया बालवृद्धकृशातुराः ।
भ्राता ज्येष्ठः समः पित्रा भार्या पुत्रःस्वका तनुः ॥ १८४ ॥

बालक, वृद्ध, दुब्ला र रोगी आकासका स्वामी हुन्छन् । जेठो दाजु पिता बराबर हुन्छन् । स्त्री र पुत्र आफ्नै शरीर हुन् ।

छाया स्वो दासवर्गश्च दुहिता कृपणं परम् ।
तस्मादेतैरधिक्षिप्तः सहेतासंज्वरः सदा ॥ १८५ ॥

दासवर्गहरू आफ्नै छायासमान हुन्छन्, छोरी धेरै नै दयाकी पात्र हुन्छिन्, यसकारण यिनले तिरस्कार गरे पनि चुप लागेर सुनुन्, विवाद नगरून् ।

प्रतिग्रहसमर्थोऽपि प्रसङ्गं तत्र वर्जयेत् ।
प्रतिग्रहेण ह्यस्याशु ब्राह्मं तेजः प्रशाम्यति ॥ १८६ ॥

दान लिने योग्यता भएता पनि बार–बार दान लिने इच्छा छोडिदिउन्, किनकि प्रतिग्रहले ब्रह्मतेज लुप्त हुन जान्छ ।

न द्रव्याणामविज्ञाय विधिं धर्म्यं प्रतिग्रहे ।
प्राज्ञः प्रतिग्रहं कुर्यादवसीदन्नपि क्षुधा ॥ १८७ ॥

द्रव्यहरू दान लिनमा धार्मिक विधानलाई नजानेर भोकले पीडित भएता पनि बुद्धिमान् ब्राह्मणले दान नलिउन् ।

हिरण्यं भूमिमश्वं गामन्नं वासस्तिलान्घृतम् ।
प्रतिगृह्णन्नविद्वांस्तु भस्मीभवति दारुवत् ॥ १८८ ॥

सून, भूमि, घोडा, गाई, अन्न, वस्त्र, तिल र घ्यू- यी वस्तुहरू दान लिने मूर्ख ब्राह्मण दाउरा झैं खरानी हुन जान्छन् ।

हिरण्यमायुरन्नं च भूर्गौश्चाप्योषतस्तनुम् ।
अश्वश्चाक्षुस्त्वचं वासो घृतं तेजस्तिलाः प्रजाः ॥ १८९ ॥

सून र अन्नको दानले आयुलाई, भूमि र गाईको दानले शरीरलाई, घोडाको दानले आँखालाई, वस्त्रको दानले त्वचालाई, घिउको दानले तेजलाई र तिलको दानले सन्तानलाई जलाउँछ ।

अतपास्त्वनधीयानः प्रतिग्रहरुचिर्द्विजः ।
अम्भस्यश्मप्लवेनेव सह तेनैव मज्जति ॥ १९० ॥

तपस्या र वेदविद्याले रहित भएका दान लिने ब्राह्मण यजमानको साथ नर्कमा डुब्दछन्, जस्तो ढुङ्गाले बनेका डुङ्गाबाट पारि तर्न खोज्ने डुङ्गासँगै पानीमा डुब्छन् ।

तस्मादविद्वान्बिभियाद्यस्मात्तस्मात्प्रतिग्रहात् ।
स्वल्पकेताप्यविद्वान्हि पङ्के गौरिव सीदति ॥ १९१ ॥

यसकारण थोरै भए पनि द्रव्यको प्रतिग्रह लिनबाट डराउन् किनभने यस्ता थोरै प्रतिग्रहबाट पनि हिलोमा भासिएको गाईझैं मूर्ख ब्राह्मण नर्कमा भासिने र दुःख–कष्ट भोग्छन् ।

न वार्यपि प्रयच्छेत्तु बैडालव्रतिके द्विजे ।
न बकव्रतिके विप्रे नावेदविदि धर्मवित् ॥ १९२ ॥

धर्मलाई बुझेका व्यक्तिले वैडाल वृत्तिक (बिरालो जस्तो), बक वृत्तिक (बकुल्लो जस्तो) र वेद नबुझेका ब्राह्मणलाई पानीसम्म नदिउन् ।

त्रिष्वप्येतेषु दत्तं हि विधिनाऽप्यर्जितं धनम् ।
दातुर्भवत्यनर्थाय परत्रादातुरेव च ॥ १९३ ॥

उपर्युक्त तीनैखाले ब्राह्मणलाई न्यायोपार्जित धन दान दिइए पनि ती परलोकमा पनि दाता र प्रतिग्रहिता दुवैका लागि अनर्थको कारण हुनेछ ।

यथा प्लवेनौपलेन निमज्जत्युदके तरन् ।
तथा निमज्जतोऽधस्तादज्ञौ दातृप्रतीच्छकौ ॥ १९४ ॥

जसरी ढुंगाको डुङ्गामा चढेका व्यक्ति पारि किनारमा पुग्नका लागि ढुंगाको डुङ्गासँगै पानीमा जसरी डुब्छन् त्यसै गरी दुवै मूर्ख दाता र ग्रहिता नर्कमा डुब्दछन् ।

धर्मध्वजी सदा लुब्धश्छाद्मिको लोकदम्भकः ।
बैडालव्रतिको ज्ञेयो हिंस्रः सर्वाभिसन्धकः ॥ १९५ ॥

धर्मध्वजी (अर्कालाई देखाउनका लागि धर्म गर्ने)यथार्थमा अर्काको धनको लोभी हुन्छ, कपटी, वेशधारी र ठग हुन्छ । जसले सधैं अर्काको निन्दा गर्दछ र हिंसामा लागिरहन्छ त्यस्तालाई वैडालिक भनिन्छ ।

अधोदृष्टिर्नैष्कृतिकः स्वार्थसाधनतत्परः ।
शठो मिथ्याविनीतश्च वकव्रतचरो द्विजः ॥ १९६ ॥

जसले नम्रता देखाउनका लागि आफ्नो दृष्टिलाई सधैं तल राख्दछ, तर आचरण क्रूरताको गर्दछ, स्वार्थ साधनमा सधैं लागि रहन्छ र बाङ्गो चाल चल्ने, कपटले युक्त नम्रता देखाउँछ, त्यस्ता ब्राह्मणलाई बकवादी भन्दछन् ।

ये बकव्रतिनो विप्रा ये च मार्जारलिङ्गिनः ।
ते पतन्त्यन्धतामिस्रे तेन पापेन कर्मणा ॥ १९७ ॥

जो ब्राह्मण बकवृत्तिक र वैडाल वृत्तिक हुन्छन्, ती त्यस्ता पाप कर्मका फलले अन्धतामिस्र नाम गरेको नर्कमा भर्छन्।

न धर्मस्यापदेशेन पापं कृत्वा व्रतं चरेत्।
व्रतेन पापं प्रच्छाद्य कुर्वन् स्त्रीशूद्रदम्भनम्॥ १९८॥

पाप कर्म गरेर (त्यसका प्रायश्चित्तका निम्ति) कुनै व्रतको अनुष्ठान गर्नु र त्यस अनुष्ठानद्वारा स्त्री, शूद्रादि र अज्ञजनहरूलाई भ्रममा पारेर त्यस पापलाई कहिल्यै लुकाउनु हुँदैन।

प्रेत्येह चेदृशा विप्रा गर्ह्यन्ते ब्रह्मवादिभिः।
छद्मनाऽऽचरितं यच्च व्रतं रक्षांसि गच्छति॥ १९९॥

यस्ता ब्राह्मण यस लोक र परलोक दुवै ठाउँमा वेद वक्ताहरूद्वारा निन्दित हुन्छन्। जुन व्रत छलद्वारा गरिन्छ, त्यसको फल राक्षसहरूको हुन्छ।

अलिङ्गो लिङ्गिवेषेण यो वृत्तिमुपजीवति।
स लिङ्गिनां हरत्येनस्तिर्यग्योनौ च जायते॥ २००॥

जो ब्रह्मचारी नभएर पनि ब्रह्मचारीको चिन्ह धारण गरेर उनका वृत्तिले जीवन निर्वाह गर्दछन्, अरू ब्रह्मचारीले गरेका पापलाई ती ब्रह्मचारीले आफ्ना लागि बटुल्छ र मृत्युपछि कुकुर आदि तिर्यग् योनिमा जन्म लिन्छन्।

परकीयनिपानेषु न स्नायाच्च कदाचन।
निपानकर्तुः स्नात्वा तु दुष्कृतांशेन लिप्यते॥ २०१॥

अर्काले बनाइदिएको जलाशयमा कहिल्यै स्नान नगरून्। स्नान[५] गर्नाले स्नानकर्ता स्वयं जलाशय बनाइदिनेको पापको चार भागको एक भागको भागी हुनेछ।

यानशय्यासनान्यस्य कूपोद्यानगृहाणि च।
अदत्तान्युपभुञ्जान एनसः स्यात्तुरीयभाक्॥ २०२॥

कसैको रथ, शय्या, आसन, कुँवा, बगैंचा र घरलाई दाताले नदिई उपभोग गर्ने मानिस दाताको पापको चतुर्थांशको भागी हुनेछ।

नदीषु देवखातेषु तडागेषु सरःसु च।
स्नानं समाचरेन्नित्यं गर्तप्रस्रवणेषु च॥ २०३॥

---

[५] यदि अर्काले बनाइदिएको जलाशयमा स्नान गर्ने अवसर आइहाल्यो भने माटाका पाँच लाम्टा निकालेर स्नान गरून्। याज्ञवल्क्यजीले भनेका छन्–

पञ्चपिण्डाननुद्धृत्य न स्नायात् परवारिषुः।
उद्धृत्य चतुरः पिण्डान् पारक्ये स्नानमाचरेत्॥

नदी, देवकुण्ड, पोखरी, सरोवर, कुँवा र छाँगामा नित्य स्नान गर्नुपर्छ।

यमान्सेवेत सततं न नित्यं नियमान्बुधः।
यमान्पतत्यकुर्वाणो नियमान्केवलान्भजन्॥ २०४॥

[६]नियमहरूको नित्य पालन नगरे पनि [७]यमहरूको सेवन सधैं गर्नुपर्छ। मात्र नियमहरूका सेवन गरेर यमको नगरे ती तल झर्दछन्।

नाश्रोत्रियतते यज्ञे ग्रामयाजिकृते तथा।
स्त्रिया क्लीबेन च हुते भुञ्जीत ब्राह्मणः क्वचित्॥ २०५॥

जुन यज्ञमा वैदिक ब्राह्मणहरूको अभाव हुन्छ र ग्राम्य पुरोहितद्वारा त्यो यज्ञ गरिएको हुन्छ, जुन यज्ञमा स्त्री वा नपुंसकद्वारा हवन गरिएको हुन्छ, त्यस यज्ञमा गएर ब्राह्मणले कहिल्यै भोजन नगरून्।

अश्लीलमेतत्साधूनां यत्र जुह्वत्यमी हविः।
प्रतीपमेतद्देवानां तस्मात्तत्परिवर्जयेत्॥ २०६॥

यस प्रकर पूर्वोक्त याजक स्त्रीहरू आदिले जुन यज्ञमा हवन गर्छन्, त्यो साधु सज्जनहरूका निम्ति अमङ्गलकारी र देवताहरूका निम्ति प्रतिकूल हुन्छ, यसकारण यस्तो होम गर्नु हुँदैन।

मत्तक्रुद्धातुराणां च न भुञ्जीत कदाचन।
केशकीटवपन्नं च यदा स्पृष्टं च कामतः॥ २०७॥

क्षुब्ध, क्रोधी र रोगीहरूको अन्न कहिल्यै नखाउन्। जुन अन्नमा केश र कीरा परेको हुन्छ, जुन अन्न जानी-जानी खुट्टाले छोइएको हुन्छ, त्यो नखाउन्।

भ्रूणघ्नावेक्षितं चैव संस्पृष्टं चाप्युदक्यया।
पतत्रिणाऽवलीढं च शुना संस्पृष्टमेव च॥ २०८॥

जुन अन्न भ्रूण हत्यादि गर्नेहरूबाट देखिएको, रजस्वलाबाट छोइएको, काग आदि पक्षीहरूबाट जूठो पारिएको वा कुकुरबाट छोइएको हुन्छ, त्यस्तो अन्न नखाउन्।

गवां चान्नमुपाघ्रातं घुष्यन्नं च विशेषतः।
गणान्नं गणिकाऽन्नं च विदुषां च जुगुप्सितम्॥ २०९॥

---

[६] स्नानं मौनोपवासेज्या स्वाध्यायोपस्थ निग्रहाः।
नियमो गुरुशुश्रूषा शौचाक्रोधा प्रमादता॥

[७] ब्रह्मचर्य दयाक्षान्तिर्ध्यानं सत्यमकल्पता।
अहिंसाऽस्तेय माधुर्ये दमश्चेति यमाः स्मृताः॥ इति याज्ञवल्क्यः॥

जुन अन्नलाई गाईले सुँघेको, 'कसलाई खान मन छ' यसरी सोधिएर जुन अन्न दिइएको हुन्छ, ब्राह्मणका गणहरूको अन्न, वेश्याको अन्न र विद्वान्हरूद्वारा निन्दित अन्नहरू नखाउन्।

स्तेनगायनयोश्चान्नं तक्ष्णो वार्धुषि कस्य च।
दीक्षितस्य कदर्यस्य बद्धस्य निगडस्य च॥ २१०॥

चोर, गाइने, काठ–मिस्त्रीको काम गर्ने र ब्याजबाट निर्वाह गर्नेको अन्न नखाउन्, यज्ञको दीक्षा लिएका यजमानका हवन पूर्व दिएको अन्न, कृपणको अन्न र कैदीको अन्न नखाउन्।

अभिशस्तस्य षण्ढस्य पुँश्चल्या दाम्भिकस्य च।
शुक्तं पर्युषितं चैव शूद्रस्योच्छिष्टमेव च॥ २११॥

जनापवादबाट दूषित, नपुंसक, व्यभिचारिणी र कपटी धर्माचारी (अर्थात् वैडाल वृत्तिक आदि) को अन्न नखाउन्, सिरका, बासी अन्न र शूद्रको उच्छिष्ट (जूठो) अन्न नखाउन्।

चिकित्सकस्य मृगयोः क्रूरस्योच्छिष्टभोजिनः।
उग्रान्नं सूतिकाऽन्नं च पर्याचान्तमनिर्दशम्॥ २१२॥

वैद्यको, व्याधाको, क्रूर मानिसको, जूठो खानेहरूको, उग्र कर्म गर्नेहरूको, सूतक परेका ठाउँको अन्न नखाउन्। एक पंक्तिमा बसेर खानेहरूमध्ये कुनै एकले खाइसकेर आचमन गरिहालेमा बाँकी रहेकाहरूले त्यो अशौचान्न नखाउन्।

अनर्चितं वृथामांसमवीरायाश्च योषितः।
द्विषदन्नं नगर्यन्नं पतितान्नमवक्षुतम्॥ २१३॥

जुन अन्न सम्मानपूर्वक दिइएको हुँदैन, जुन पदार्थ देव–पितृमा अर्पित गरिएको हुँदैन (वृथा मांस), पति, पुत्र नभएकी स्त्रीको अन्न, शत्रुको अन्न, नगरमा पाइने अन्न, पतितको अन्न र जुन अन्नमा कसैले हाच्छ्यूँ गरेको हुन्छ, त्यस्तो अन्न नखाउन्।

पिशुनानृतिनोश्चान्नं क्रतुविक्रयिणस्तथा।
शैलूषतुन्नवायान्नं कृतघ्नस्यान्नमेव च॥ २१४॥

चुगुली गर्ने, झुटो बोल्ने, यज्ञविक्रयी 'यज्ञको फल तपाईंलाई भयो' यस्तो भनेर धन जम्मा गर्ने, नट, सूचीकार र कृतघ्न– यिनको अन्न खानु हुँदैन।

कर्मारस्य निषादस्य रङ्गावतारकस्य च।
सुवर्णकर्तुर्वेणस्य शस्त्रविक्रयिणस्तथा॥ २१५॥

कामी, डुंगा चलाउने, नाटक देखाउने, सून कमाउने, बाँसको काम गर्ने र हतियार बेच्नेहरूको अन्न पनि खानु हुँदैन।

श्ववतां शौण्डिकानां च चैलनिर्णेजकस्य च।
रञ्जकस्य नृशंसस्य यस्य चोपपतिर्गृहे॥ २१६॥

कुकुर पोस्ने (त्यसैबाट जीविका गर्ने), मदिरा बेच्ने, धोबी, मनोरञ्जन गराउने (झिल्के), निर्दयी र जसको घरमा उपपति अर्थात् परस्त्रीगामी पुरुष हुन्छ- यी सबैको अन्न खानु हुँदैन।

मृष्यन्ति ये चोपपतिं स्त्रीजितनां च सर्वशः।
अनिर्दशं च प्रेतान्नमतुष्टिकरमेव च॥ २१७॥

घरमा पत्नीको उपपतिलाई जानेर पनि जसले सहन गर्छन्, जो स्त्रीका वशीभूत हुन्छन् तिनको र मृताशौचको अन्न अनि जुन अन्न तृप्तिकारक हुँदैन, त्यो अन्न पनि नखाउन्।

राजान्नं तेज आदत्ते शूद्रान्नं ब्रह्मवर्चसम्।
आयुः सुवर्णकारान्नं यशश्चर्मावकर्तिनः॥ २१८॥

राजाका अन्नले तेजलाई, शूद्रका अन्नले ब्रह्मतेजलाई, सुनारका अन्नले आयुलाई र चमारका अन्नले यशलाई नष्ट गर्दछ।

कारुकान्नं प्रजां हन्ति बलं निर्णेजकस्य च।
गणान्नं गणिकान्नं च लोकेभ्यः परिकृन्तति॥ २१९॥

खाना बनाउने भान्सेको अन्नले सन्तानलाई र धोबीको अन्नले बललाई नष्ट गर्दछ। गण र वेश्याका अन्नले स्वर्गादि लोकदेखि विरत गर्दछ।

पूयं चिकित्सकस्यान्नं पुंश्चल्यास्त्वन्नमिन्द्रियम्।
विष्ठा वार्धुषिकस्यान्नं शस्त्रविक्रयिणी मलम्॥ २२०॥

चिकित्सकको अन्न पीप, पुंश्चली (पोइल गएकी स्त्री) को अन्न वीर्य, व्याज खानेको अन्न विष्ठा र शास्त्र बेच्नेको अन्न मलको समान हुन्छ।

य एतेऽन्ये त्वभोज्यान्नाः क्रमशः परिकीर्तिताः।
तेषां त्वगस्थिरोमाणि वदन्त्यन्नं मनीषिणः॥ २२१॥

ज-जसको अन्न खान अहिलेसम्म निषिद्ध बताइयो र अरू पनि ज-जसका अन्न अभोज्य हुन्छन् तिनका अन्न छाला, हड्डी र रोग बराबर हुन्छन्- यस्तो विद्वान्हरू भन्दछन्।

भुक्त्वाऽतोऽन्यतमस्यान्नमसत्या क्षपणं त्र्यहम्।
मत्या भुक्त्वाऽऽचरेत्कृच्छ्रं रेतोविण्मूत्रमेव च॥ २२२॥

माथि बताइएका अन्नहरूमा कसैको अन्न अज्ञानताले खाइएछ भने तीन दिनसम्म उपवास गरून्, तर जानीबुझी खाइएको भए कृच्छव्रत गरून्। वीर्य, विष्टा र मूत्र खाइएमा पनि यही प्रायश्चित गरून्।

नाद्याच्छूद्रस्य पक्वान्नं विद्वानश्राद्धिनो द्विजः।
आददीताममेवास्मादवृत्तावेकरात्रिकम् ॥ २२३ ॥

विद्वान् ब्राह्मणले श्राद्धादि पञ्चयज्ञको अनधिकारी शूद्रको पकवान्न पनि खानु हुँदैन। तर खानेकुरा केही पनि नभेटिएमा एक रातिको लागि निर्वाह योग्य काँचो अन्न उसित लिउन्।

श्रोत्रियस्य कदर्यस्य वदान्यस्य च वार्धुषेः।
मीमांसित्वोभयं देवाः सममन्नमकल्पयन् ॥ २२४ ॥

एउटाले वेद पढेको छ, तर कंजूस छ। अर्को दाता छ, तर बुद्धिजीवी छ। देवताहरूले यी दुवैका गुण–दोषहरू विचार गरेर दुवैका अन्नलाई तुल्य बताएका छन्।

तान्प्रजापतिराहैत्य मा कृध्वं विषमं समम्।
श्रद्धापूतं वदान्यस्य हतमश्रद्धयेतरत् ॥ २२५ ॥

(तब) ब्रह्माले ती देवताहरूसित भने– यी विषम अन्नहरूलाई सम नगर, किनभने दाताले श्रद्धापूर्वक दिएको अन्न पवित्र हुन्छ र कृपण (कंजूस) ले अश्रद्धाले दिएको अन्न दूषित हुन्छ।

श्रद्धयेष्टं च पूर्तं च नित्यं कुर्यादतन्द्रितः।
श्रद्धाकृते ह्यक्षये ते भवतः स्वागतैर्धनैः ॥ २२६ ॥

यसकारण इष्ट (आफ्ना लागि गरिने) र पूर्त[८] (लोकका लागि गरिने) कर्महरू सधैं आलस्यरहित भएर श्रद्धापूर्वक गर्नुपर्दछ। न्यायोपार्जित धनबाट श्रद्धाद्वारा गरिएका यी दुवै शुभकर्म मोक्षका कारण हुन्छन्।

दानधर्मं निषेवेत नित्यमैष्टिकपौर्तिकम्।
परितुष्टेन भावेन पात्रमासाद्य शक्तितः ॥ २२७ ॥

यज्ञ र पूर्तसम्बन्धी दान–धर्म सत्पात्र पाइएका बेला सधैं प्रसन्न मनले यथाशक्ति गर्नुपर्छ।

यत्किञ्चिदपि दातव्यं याचितेनानसूयया।
उत्पत्स्यते हि तत्पात्रं यत्तारयति सर्वतः ॥ २२८ ॥

---

[८] वापी–कूप–तडागादि देवतायतनानि च।
अन्नप्रदानमारामः पूर्तमित्यभिधीयते ॥ इति जातुकर्णः ॥

कसैले याचना गर्दा जे-जति हुन्छ उसलाई श्रद्धापूर्वक दिनुपर्छ, किनभने दानशील पुरुषकहाँ कुनै दिन यस्तो पात्र (अतिथि) पनि आइपुग्लान् जसले सबै पापहरूबाट उसको उद्धार गर्लान्।

वारिदस्तृप्तिमाप्नोति सुखमक्षय्यमन्नदः।
तिलप्रदः प्रजामिष्टां दीपश्चक्षुरुत्तमम्॥ २२९॥

तिर्खाएकालाई पानी दिने तृप्त हुन्छन्, भोकाएकालाई अन्न दिने सुख प्राप्त गर्दछन्, तिलदान गर्नेले इच्छानुसारको सन्तान र दीप दान गर्नेले उत्तम चक्षु (आँखा) प्राप्त गर्दछन्।

भूमिदो भूमिमाप्नोति दीर्घमायुर्हिरण्यदः।
गृहदोऽग्र्याणि वेश्मानि रुप्यदो रूपमुत्तमम्॥ २३०॥

भूमि दिनेले भूमि, सून दिनेले लामो आयु, गृह (घर) दिनेले उत्तम भवन र चाँदी दिनेले सुन्दर रूप पाउँछन्।

वासोदश्चन्द्रसालोक्यमश्विसालोक्यमश्वदः।
अनडुहः श्रियं पुष्टां गोदो व्रध्नस्य विष्टपम्॥ २३१॥

वस्त्र दान गर्नेले चन्द्रलोक, घोडा दान गर्नेले अश्विलोक, गोरु दान गर्नेले लक्ष्मी र गाई दान गर्नेले सूर्यलोक प्राप्त गर्दछ।

यानशय्याप्रदो भार्यामैश्वर्यमभयप्रदः।
धान्यदः शाश्वतं सौख्यं ब्रह्मदो ब्रह्मसार्ष्टिताम्॥ २३२॥

रथ र पलङ्का दाताले पत्नीलाई, अभयदाताले ऐश्वर्यलाई, अन्नदाताले चिरस्थायी सुख र वेदको शिक्षा दिने ब्रह्मतुल्य गतिमा प्राप्त हुन्छन्।

सर्वेषामेव दानानां ब्रह्मदानं विशिष्यते।
वार्यन्नगोमहीवासस्तिलकाञ्चनसर्पिषाम्॥ २३३॥

जल, अन्न, गाई, पृथ्वी, वस्त्र, तिल, सून र घिउ आदि सबै दानमध्ये वेदको दान सबैभन्दा ठूलो हुन्छ।

येन येन तु भावेन यद्यद्दानं प्रयच्छति।
तत्तत्तेनैव भावेन प्राप्नोति प्रतिपूजितः॥ २३४॥

जुन जुन भाव लिएर जुन जुन फलको इच्छा गरेर जे जे दान गरिन्छ (दान गर्ने व्यक्ति) जन्मान्तरमा सम्मानित भएर उसले ती-ती वस्तुहरू उसै उसै भावले पाउँछ।

योऽर्चितं प्रतिगृह्णाति तदात्यर्चित्तमेव च।
तावुभौ गच्छतः स्वर्गं नरकं तु विपर्यते॥ २३५॥

जुन दाताले आदरका साथ प्रतिग्राहीलाई दान दिन्छ र प्रतिग्राहीले पनि आदरका साथ त्यो दानलाई ग्रहण गर्दछ, ती दुवै स्वर्ग जान्छन् । तर यसको विपरीत अनादरका साथ दान दिने र दान लिने दुवै नरकमा जान्छन् ।

न विस्मयेत् तपसा वदेदिष्ट्वा च नानृतम् ।
नार्तोऽप्यपंवदेद्विप्रान्न दत्त्वा परिकीर्तयेत् ॥ २३६ ॥

(कसैले) तपस्या गरेर विस्मय नगरून्, यज्ञ गरेर झुटो नबोलुन्, विप्रहरू बाट पीडित भए तापनि उनीहरूको निन्दा नगरून् र दान गरेर पनि जन–जनमा आफ्नो ख्याति नगरून् ।

यज्ञोऽनृतेन क्षरति तपः क्षरति विस्मयात् ।
आयुर्विप्रापवादेन दानं च परिकीर्तनात् ॥ २३७ ॥

झुटो बोल्नाले यज्ञको फल, विस्मय गर्नाले तपस्याको फल, ब्राह्मणको निन्दा गर्नाले आयु र आफूले गरेको दानको कुरा (फल) अरूलाई सुनाउँदा क्षीण हुन्छ ।

धर्मं शनैः सञ्चिनुयाद्वल्मीकमिव पुत्तिकाः ।
परलोकसहायार्थं सर्वभूतान्यपीडयन् ॥ २३८ ॥

सबै प्राणीहरूलाई पीडा नदिइकन परलोक सुधारका लागि आफ्ना शक्ति अनुसार विस्तारै–विस्तारै धर्मको संचय गरून्, जसरी धमिराले अलि अलि गर्दै पर्खाल उठाउँछ ।

नामूत्र हि सहायार्थं पिता माता च तिष्ठतः ।
न पुत्रदारा न ज्ञातिर्धर्मस्तिष्ठति केवलः ॥ २३९ ॥

माता, पिता, स्त्री, पुत्र वा हित परिजन कसैले पनि परलोकमा सहायता गर्दैनन् त्यहाँ धर्म मात्र सहायक हुन्छ । (यसकारण यत्नपूर्वक धर्मको नै संचय गर्नुपर्छ)

एकः प्रजायते जन्तुरेक एव प्रलीयते ।
एकोऽनुभुङ्क्ते सुकृतमेक एव च दुष्कृतम् ॥ २४० ॥

यो जीव यहाँ (लोकमा) एक्लै आउँछ र यहाँबाट एक्लै जान्छ, पाप–पुण्यको फल पनि एक्लै भोग गर्छ ।

मृतं शरीरमुत्सृज्य काष्ठलोष्ठसमं क्षितौ ।
विमुखा बान्धवा यान्ति धर्मस्तमनुगच्छति ॥ २४१ ॥

मृत शरीर (लाश) लाई काठ वा माटाका डल्ला जस्तो धर्तीमा छोडेर बान्धवहरू मुख फर्काइ जान्छन्, तर उसले गरेको धर्म नै उसको पछि पछि जान्छ ।

तस्माद्धर्मं सहायार्थं नित्यं संचिनुयाच्छनैः।
धर्मेण हि सहायेन तमस्तरति दुस्तरम्॥ २४२॥

यसकारण आफ्नो सहायताको लागि सधैंभरि धर्मको अलि-अलि सङ्ग्रह गर्नुपर्छ। धर्मको सहायताले नै मनुष्य घोर अन्धकारबाट तर्छन्।

धर्मप्रधानं पुरुषं तपसा हतकिल्विषम्।
परलोकं नयत्याशु भास्वन्तं खशरीरिणम्॥ २४३॥

तपस्याद्वारा जसको पाप नष्ट भइसकेको हुन्छ, यस्ता धर्मप्रधान ब्रह्मस्वरूप तेजस्वी पुरुषलाई धर्मले नै ब्रह्मलोक छिटै प्राप्त गराउँछ।

उत्तमैरुत्तमैर्नित्यं सम्बन्धानाचरेत्सह।
निनीषुः कुलमुत्कर्षमधमानधमांस्त्यजेत्॥ २४४॥

आफ्नो वंशको उन्नतिको इच्छा राख्ने व्यक्तिले राम्रा कुल, शील, विद्या र आचार हुनेहरूका साथ विवाहादि सम्बन्ध गरून्, तर नीचहरूका साथ कहिल्यै सम्बन्ध नगरून्।

उत्तमानुत्तमान् गच्छन्हीनान्हीनांश्च वर्जयन्।
ब्राह्मणः श्रेष्ठतामेति प्रत्यवायेन शूद्रताम्॥ २४५॥

हीन सम्बन्धको त्याग गरेर उत्तम मनुष्यको साथ सम्बन्ध गर्ने ब्राह्मण श्रेष्ठतालाई प्राप्त गर्दछ। तर यसको विपरीत आचरण अर्थात् नीचहरूको साथ सम्बन्ध गर्नाले शूद्रतामा प्राप्त हुनेछ।

दृढकारी मृदुर्दान्तः क्रूराचारैरसंवसन्।
अहिंस्रोदमदानाभ्यां जयेत्स्वर्गं तथाव्रतः॥ २४६॥

दृढ संकल्प, कोमल, दान्त अदुःख सहन गर्न सक्ने), क्रूर कर्म गर्नेहरूको संगतबाट परै रहने र कसैलाई दुःख नदिने यस्ता व्रती पुरुष आफ्ना इन्द्रिय निग्रह र दानले स्वर्गलाई जित्दछन्।

एधोदकं मूलफलमन्नमभ्युद्यतं च यत्।
सर्वतः प्रतिगृह्णीयान्मध्वथाभयदक्षिणाम्॥ २४७॥

दाउरा, पानी, फल, मूल, काँचो अन्न र मह तथा अभयदक्षिणा नमागिकन कसैले दिन्छ भने ग्रहण गर्नुपर्छ।

आहृताभ्युद्यतां भिक्षां पुरस्तादप्रचोदिताम्।
मेने प्रजापतिर्ग्राह्यामपि दुष्कृतकर्मणः॥ २४८॥

घरमा ल्याइएको, अगाडि राखिएको, अर्कासित नमागिएको र न कसैले पहिला उसलाई दिने कुरा नै गरेको, यस्तो भिक्षा पापीतर्फबाट पनि दिइएको छ भने त्यो लिउन्। यस्तो भिक्षालाई प्रजापतिले ग्राह्य (दोषरहित) मानेका छन्।

नाश्नन्ति पितरस्तस्य दश व र्षाणि पञ्च च।

न च हव्यं वहत्यग्निर्यस्तामभ्यवमन्यते॥ २४९॥

जसले त्यो भिक्षालाई अनादर गर्छ उनका पितृहरूले उनले दिएको कव्य पन्ध्र वर्षसम्म खाँदैनन् र अग्निले पनि उनको हव्य देवताहरू समक्ष पुऱ्याउँदैनन्।

शय्यां गृहान्कुशान्गन्धानपः पुष्पं मणीन्दधि।

धानामत्स्यान्पयो मांसं शाकं चैव न निर्नुदेत्॥ २५०॥

शय्या, गृह, कुश, गन्ध (कपूर आदि), जल, फूल, मणि, दही, धाना (भुटेको गहुँ, जौ), साग, माछा र मासु- यी कसैले नमागी दिए त्यसलाई पनि अस्वीकार नगरून्।

गुरून्भृत्यांश्चोज्जिहीर्षन्नर्चिष्यन्देवतातिथीन्।

सर्वतः प्रतिगृह्णीयान्न तु तृप्येत्स्वयं ततः॥ २५१॥

गुरुहरू (माता-पिता आदि) बाट र भृत्य (नोकर-चाकर) हरूलाई ख्वाउन तथा देवता र अतिथिहरूको पूजाका निम्ति सबैबाट (अर्थात् शूद्रादिबाट पनि) धनको दान लिउन्, तर त्यो धनको उपभोग स्वयंले नगरून्।

गुरुषु त्वभ्यतीतेषु विना वा तैर्गृहे वसन्।

आत्मनो वृत्तिमन्विच्छन्गृह्णीयात्साधुतः सदा॥ २५२॥

माता-पिता आदि गुरुजनहरू नहुँदा वा जीवतै भए पनि उनीहरूबाट भिन्न भएर बस्ने व्यक्तिले आफ्नो निर्वाहका निम्ति सधैं सज्जन व्यक्तिहरूबाटै दान लिउन्।

आर्धिकः कुलमित्रं च गोपालो दासनापितौ।

एते शूद्रेषु भोज्यान्ना यश्चात्मानं निवेदयेत्॥ २५३॥

खेत जोत्ने हली, धेरै कुलको मित्र, गाईबस्तु पाल्ने, दास (नोकर) हजाम र आत्मसमर्पण गर्ने- यी शूद्रहरूमा भोज्यान्न हुन् अर्थात् यिनीहरूको अन्न खानयोग्य छन्।

यादृशोऽस्य भवेदात्मा यादृशं च चिकीर्षितम्।

यथा चोपचरेदेनं तथात्मानं निवेदयेत्॥ २५४॥

उपरोक्त शूद्रहरू जस्तो आत्मा छ, जे गर्ने इच्छा छ, जुन प्रकारले सेवा गर्नु छ त्यसै प्रकारले शुद्ध भावसित आत्मनिवेदन गरून्।

योऽन्यथा सन्तमात्मानमन्यथा सत्सु भाषते।
स पापकृत्तमो लोके स्तेन आत्मापहारकः ॥ २५५ ॥

जसले आफ्नो परिचय साधुजनहरूलाई राम्ररी दिँदैनन्, एक थोकलाई अर्को थोक भन्छन् ती लोकमा (संसारमा) ठूलै पापी हुन्छन्, चोर हुन्छन् किनकि तिनले आत्माको अपहरण गरेका हुन्छन्।

वाच्यर्था नियताः सर्वे वाङ्मूला वाग्विनिःसृताः।
तांस्तु यः स्तेनयेद्वाचं स सर्वस्तेयकृन्नरः ॥ २५६ ॥

सबै वाच्यार्थ (शब्दार्थ) नियत हुन्, शब्द नै वाणीका मूल हुन्, शब्दहरूबाट नै तिनका अर्थको ज्ञान हुन्छ, यसकारण यस्ता शब्दहरू जुन मनुष्यले चोरी गर्छन् ती सबै कुरो चोर्ने चोर हुन्छन्।

महर्षिपितृदेवानां गत्वाऽऽनृण्यं यथाविधि।
पुत्रे सर्वं समासज्य वसेन्माध्यस्थमाश्रितः ॥ २५७ ॥

महर्षि, पितृ र देवता यिनका ऋणबाट यथाविधि उऋण भएर, गृहस्थीका सारा भाग पुत्रमाथि छोडेर आफू भव्य भावलाई अवलम्बन गरी (घरमै) रहुन्।

एकाकी चिन्तयेन्नित्यं विविक्ते हितमात्मनः।
एकाकी चिन्तमानो हि परं श्रेयोऽधिगच्छति ॥ २५८ ॥

एकान्त स्थानमा एक्लै बसेर आफ्ना हितको चिन्तन गरून्। यस प्रकार एकान्तमा आत्मचिन्तन गर्ने मनुष्य परम कल्याण (मोक्ष) लाई प्राप्त हुन्छ।

एषोदिता गृहस्थस्य वृत्तिर्विप्रस्य शाश्वती।
स्नातकव्रतकल्पश्च सत्त्ववृद्धिकरः शुभः ॥ २५९ ॥

गृहस्थ ब्राह्मणका यी नित्य गरिने वृत्ति भनियो। त्यसैगरी स्नातकका सत्वगुणहरू वृद्धि गर्ने शुभ व्रतकल्प हुन्छ, त्यसको पनि वर्णन भयो।

अनेन विप्रो वृत्तेन वर्तयन्वेदशास्त्रवित्।
व्यपेतकल्मषो नित्यं ब्रह्मलोके महीयते ॥ २६० ॥

वेदशास्त्रका ज्ञाता ब्राह्मणले यस आचारको पालन गरे भने सबै पापहरूबाट मुक्त भएर ब्रह्मलोकमा महान् उत्कर्ष प्राप्त गर्दछन्।

॥ इति चतुर्थ अध्याय समाप्त ॥

●●

पञ्चमोऽध्यायः

श्रुत्वैतानृषयो धर्मान्स्नातकस्य यथोदितान्।
इदमूचुर्महात्मानमनलप्रभवं भृगुम्॥ १॥

ऋषिहरूले स्नातकका यथोक्त धर्म सुनेपछि अग्निबाट उत्पन्न हुनुभएका महात्मा भृगुसित यसो भने–

एवं यथोक्तं विप्राणां स्वधर्ममनुतिष्ठताम्।
कथं मृत्युः प्रभवति वेदशास्त्रविदां प्रभो॥ २॥

हे प्रभो ! यस प्रकार यथोक्त रीतिबाट आफ्ना धर्ममा लागिरहने वेद-शास्त्र जान्ने ब्राह्मणको मृत्यु कसरी हुन्छ ?

स तानुवाच धर्मात्मा महर्षीन्मानवो भृगुः।
श्रूयतां येन दोषेण मृत्युर्विप्राञ्जिघांसति॥ ३॥

मनुजीका पुत्र धर्मात्मा भृगुजीले ती महर्षिहरूसित भन्नुभयो- जुन दोषबाट मृत्युले ब्राह्मणहरूलाई मार्ने इच्छा गर्दछन्, त्यो सुन्नुहोस्।

अनभ्यासेन वेदानामाचारस्य च वर्जनात्।
आलस्यादन्नदोषाच्च मृत्युर्विप्राञ्जिघांसति॥ ४॥

वेदहरूका अभ्यास नगर्नाले, आफ्नो आचार छोड्नाले, आलस्य गर्नाले र दूषित अन्न खानाले मृत्युले ब्राह्मणहरूलाई मार्ने इच्छा गर्दछ।

लशुनं गुञ्जनं चैव पलाण्डुं कवकानि च।
अभक्ष्याणि द्विजातीनाममेध्यप्रभवाणि च॥ ५॥

लशुन, गाज़र, प्याज, च्याउ र अशुद्ध (विष्टा इत्यादिबाट उब्जिने) पदार्थ द्विज जातिहरूका निम्ति अखाद्य हुन्।

लोहितान्वृक्षनिर्यासान्वृश्चनप्रभवांस्तथा।
शेलुं गव्यं च पेयूषं प्रयत्नेन विवर्जयेत्॥ ६॥

रूखबाट निस्किएको रातो चोप वा रूख काट्दा जुन चोप निस्किन्छ, लप्सी, गाईको पेयूष[1] यी सबै यत्नपूर्वक त्यागि दिनुपर्छ।

---

[1] आसप्तरात्रप्रभवं क्षीरं पेयूष मुच्यते॥ इति हारावती॥

वृथा कृसरसंयावं पायसापूपमेव च।
अनुपाकृतमांसानि देवान्नानि हवींषि च॥ ७॥

आफ्ना लागि पकाइएको कृसर[२] (कसार, तिल, चामल मिसाएको), संयाव[३] (गहुँको पीठो घिउमा भुटेर दूध र सक्खरमा पकाएको), पायस (खीर), मालपूवा, यज्ञको लागि मासु, देवताहरूका निम्ति राखिएको अन्न र हवि- यी सबै नखाउन्।

अनिर्दशाया गोः क्षीरमौष्ट्रमैकशफं तथा।
आविकं संधिनीक्षीरं विवत्सायाश्च गोः पयः॥ ८॥

ब्याएको दिनदेखि दस दिनसम्मको गाईको दूध, ऊँटनीको, घोडीको, भेडीको र त्यो गाईको दूध जो ऋतुमती भएर पनि वृष (गोरु) को इच्छा गर्छे र जुन गाईको बाछो हुँदैन त्यस्ता गाईको पनि दूध नपिउन्।

आरण्यानां च सर्वेषां मृगाणां माहिषं विना।
स्त्रीक्षीरं चैव वर्ज्यानि सर्वशुक्तानि चैव हि॥ ९॥

भैंसीबाहेक अन्य जंगली पशुहरूको (नीलगाई, हरिण आदि) र स्त्रीको दूध र विकृत भएका रस (मोही आदि) हरूलाई त्यागिदिनुपर्छ।

दधि भक्ष्यं च शुक्तेषु सर्वं च दधिसंभवम्।
यानि चैवाभिषूयन्ते पुष्पमूलफलैः शुभैः॥ १०॥

ठेकीका दही, दहीबाट बनेको पदार्थ (लस्सी, छुर्पी आदि) र पानी छ्याप्तै गरिएको फल-फूल, मूल आदि यदि विकृत छन् भने ती पनि खान योग्य हुँदैनन्।

क्रव्यादाञ्छकुनान्सर्वांस्तथा ग्रामनिवासिनः।
अनिर्दिष्टांश्चैकशफांष्टिट्टिभं च विवर्जयेत्॥ ११॥

काँचो मासु खाने (गिद्ध आदि) र गाउँघरमा रहने (परेवा, मैना आदि) पक्षीका मासु नखाउन्। जसको नामको निर्देश गरिएको हुँदैन यस्ता एक खुर भएका घोडा, गधा आदि पनि अभक्ष हुन्छन्। टिटहरी पक्षीको मासु पनि वर्जित हुन्छ।

कलविङ्कं प्लवं हंसं चक्राह्वं ग्रामकुक्कुटम्।
सारसं रज्जुवालं च दात्यूहं शुकसारिके॥ १२॥

---

[२] तिलतण्डुलसम्यक्कः कृसरं सोऽभिधीयते।

[३] संयावो घृतगुड दुग्धेषु सिद्धं गोधूमचूर्णकम्।

भँगेरा, ढुकुर, कोइली, हाँस, चखेवा, कुखुरा, सारस, रज्जुवाल वा पानी छेउमा बस्ने काला काग, सुगा र मैना– यी पक्षीहरूको मासु नखाउन्।

प्रातुदाञ्जालपादांश्च कोयष्टिनखविष्किरान्।
निमज्जतश्च मत्स्यादान् सौनं बल्लूरमेव च॥ १३॥

लाहाँचे, धनेश आदि जसका पञ्जा झिल्लीले जोडिएका हुन्छन् वा पानी कुखुरो, नङ्राले फोरेर खाने बाज आदि र पानीमा डुबेर माछा खाने बकुल्लो, वध स्थानको मासु र सुकेको मासु खान वर्जित छ।

बकं चैवं बलाकां च काकोलं खञ्जरीटकम्।
मत्स्यादान्विड्वराहांश्च मत्स्यानेव च सर्वशः॥ १४॥

बकुल्लो, बगुल्लो, डुमकाग, बाहुनी चरो, माछा मार्ने चरो, जलजन्तु (गोही आदि), ग्राम्य शूकर र सबै प्रकारका माछा नखाउन्।

यो यस्य मांसमश्नाति स तन्मांसाद उच्यते।
मत्स्यादः सर्वमांसादस्तस्मामत्स्यान्विवर्जयेत्॥ १५॥

जसले जेको मासु खान्छ, त्यो उसैको मासु खाने कहिन्छ, तर जसले माछा खान्छ त्यो सबैको मासुहरू खाने कहिन्छ, यसैले माछा नखाउन्।

पाठीनरोहितावाद्यौ नियुक्तौ हव्यकव्ययोः।
राजीवान्सिंहतुण्डांश्च सशल्कांश्चैव सर्वशः॥ १६॥

पाठीन (धेरै दाँत हुने माछा) र रोहित (रोहू माछा) हव्य–कव्यका निम्ति प्रशस्त कहिएका छन्। राजीव, सिंहतुण्ड र सशल्क माछा खान हुन योग्य हुन्छन्।

न भक्षयेदेकचरानज्ञातांश्च मृगद्विजान्।
भक्ष्येष्वपि समुद्दिष्यन्सर्वान्पञ्चनखांस्तथा॥ १७॥

एक्लै हिंडडुल गर्ने सर्पादि जीवहरूलाई, भक्षण गर्न भनिएका तर नचिन्हिएका तिनलाई र पाँच नङ्ग्रा भएका प्राणीहरूलाई नखाउन्।

श्वाविधं शल्यकं गोधां खड्गकूर्मशशांस्तथा।
भक्ष्यान्पञ्चनखेष्वाहुरनुष्ट्रांश्चैकतोदतः॥ १८॥

पञ्चनखीहरूमा दुम्सी, गोहोरो, गोही, गैंडा, कछुवा र खरायो, एउटा खुर र दाँत भएका पशुहरूमा ऊँटलाई छोडेर बाखा आदि खान योग्य हुन्छन्, यस्तो भनिएको छ।

छत्राकं विड्वराहं च लशुनं ग्रामकुक्कुटम्।
पलाण्डुं गृञ्जनं चैव मत्या जग्ध्वा पतेद् द्विजः॥ १९॥

च्याउ, ग्राम्य शूकर, ग्राम कुक्कुट, लशुन, प्याज र गाजर जानीजानी खानाले द्विज पतित हुन्छन्।

अमत्यैतानि षट् जग्ध्वा कृच्छ्रं सान्तपनं चरेत्।
यतिचान्द्रायणं वापि शेषेषूपवसेदहः॥ २०॥

उपरोक्त छः वस्तुहरूमध्ये कुनै वस्तु नजानी खाइएमा कृच्छ सान्तपन वा यति चान्द्रायण (दसवटै इन्द्रियहरू वशमा गर्ने व्रत) गरून्। बाँकी जो अखाद्य भनिएका छन्, तिनमा कुनै वस्तु खाइएमा एक दिनको उपवास गरून्।

संवत्सरस्यैकमपि चरेत्कृच्छ्रं द्विजोत्तमः।
अज्ञातभुक्तशुद्ध्यर्थं ज्ञातस्य तु विशेषतः॥ २१॥

ब्राह्मणले अज्ञात लक्षणको दोष शान्त्यर्थ (निवृत्ति)का लागि वर्षमा कम्तीमा एउटा कृच्छ्रव्रत गर्नुपर्छ। तर जसले जानेर खाएको हन्छ उसले विशेष रूपबाट व्रत गर्नुपर्छ।

यज्ञार्थं ब्राह्मणैर्वध्याः प्रशस्ता मृगपक्षिणः।
भृत्यानां चैव वृत्त्यर्थमगस्त्यो ह्याचरत्पुरा॥ २२॥

ब्राह्मणले यज्ञका निम्ति अथवा भृत्य (नोकर-चाकर) का रक्षार्थ प्रशस्त पक्षीहरूको व्रत गर्न सक्छन्, कारण अगस्त्य मुनिले पहिला यस्तै गरेका थिए।

बभूवुर्हि पुरोडासा भक्ष्याणां मृगपक्षिणाम्।
पुराणेष्वपि यज्ञेषु ब्रह्मक्षत्रसवेषु च॥ २३॥

पहिला ऋषिहरू र ब्राह्मण-क्षत्रियहरूले जुन यज्ञ गरेका थिए तिनमा पनि भक्ष्य (खान हुने) पशु-पक्षीहरूको मासुको पुरोडास (हविष्य-हव्य) बनेको थियो।

यत्किञ्चत्स्नेहसंयुक्तं भक्ष्यं भोज्यमगर्हितम्।
तत्पर्युषितमप्याद्यं हविःशेषं च यद्भवेत्॥ २४॥

भक्ष्य (पकवान्न) र भोज्य पायसादि पदार्थ जो श्रेष्ठ हुन्छन्, बासी भए तापनि घृत, दधि आदिले युक्त गरेर खानयोग्य हुन्छन्। त्यसै गरी हविको शेष पनि बासी भएमा घृतादि नमिसाइ खानयोग्य हुन्छन्।

चिरस्थितमपि त्वाद्यमस्नेहाक्तं द्विजातिभिः।
यवगोधूमजं सर्वं पयसश्चैव विक्रिया॥ २५॥

जौ, गहुँ र खुवाबाट बनेका वस्तुहरूमा घिउ–तेलको सम्बन्ध नभए धेरै दिन राख्दा पनि खान योग्य हुन्छन् (बिग्रिएको छैन भने)।

एतदुक्तं द्विजातीनां भक्ष्याभक्ष्यमशेषतः।

मांसस्यातः प्रवक्ष्यामि विधिं भक्षणवर्जने॥ २६॥

यहाँसम्म द्विजातिहरूका भक्ष्याक्ष्यको (खान हुने–नहुने) सम्पूर्ण विचार भनियो। अब मासु खाने र छोड्ने विधि भन्छु।

प्रोक्षितं भक्षयेन्मांसं ब्राह्मणानां च काम्यया।

यथाविधि नियुक्तस्तु प्राणानामेव चात्यये॥ २७॥

मन्त्रहरूद्वारा पवित्र गरिएको मासु खानुपर्छ। ब्राह्मणलाई मासु खाने जब इच्छा हुन्छ तब उनले नियमसित एकपल्ट मासु खान सक्छन्। रुग्णावस्थामा अन्य आहारबाट प्राण संकटमा पर्ने डर भएमा खान सक्छन्।

प्राणस्यान्नमिदं सर्वं प्रजापतिरकल्पयत्।

स्थावरं जङ्गमं चैव सर्वं प्राणस्य भोजनम्॥ २८॥

ब्रह्माजीले यी सबै प्राणीका निम्ति अन्नको कल्पना गरेका हुन्। स्थावर (अन्न, फल आदि) र जंगम (पशु, पक्षी आदि) सबै प्राणीका नै भोजन हुन्।

चराणामन्नमचरा दंष्ट्रिणामप्यदंष्ट्रिणः।

अहस्ताश्च सहस्तानां शूराणां चैव भीरवः॥ २९॥

चरहरूको भोजन अचर (तृण, अन्न आदि), दाह्रा भएका जीव (बाघ, भालु आदि) हरूका लागि मृग आदि, हात हुने (मानिस)का लागि बिना हातका जीव (माछा आदि) अनि शूरहरूका लागि भीरूहरू हुन्।

नात्ता दुष्यत्यदन्नाद्यान्प्राणिनोऽहन्यहन्यपि।

धात्रैव सृष्ट्या ह्याद्याश्च प्राणिनोऽत्तार एव च॥ ३०॥

खाने जीव प्रतिदिन पच्ने खानयोग्य प्राणीहरूलाई खाएर नै दोषका भागी हुँदैनन्, किनभने ब्रह्माले नै खाद्य (खाइने) र खादक (खाने) दुवैको निर्माण गरेका हुन्।

यज्ञाय जग्धिर्मांसस्येत्येष दैवो विधिः स्मृतः।

अतोऽन्यथा प्रवृत्तिस्तु राक्षसो विधिरुच्यते॥ ३१॥

यज्ञका निम्ति मासुको भक्षण गर्नुलाई दैवी विधि भनिएको छ। यसका विरुद्ध मासु खाने प्रवृत्ति राक्षसी विधि हो।

क्रीत्वा स्वयं वाप्युत्पाद्य परोपकृतमेव वा।

देवान्पितॄंश्चार्चयित्वा खादन्मांसं न दुष्यति॥ ३२॥

किनेर ल्याइएको वा आफैले कतैबाट ल्याएको वा कोसेलीको रूपमा कसैले दिएको मासु देवता र पितृहरूलाई अर्पण गरेर खाएमा खाने व्यक्ति दोषी हुँदैन।

नाद्यादविधिना मांसं विधिज्ञोऽनापदि द्विजः।

जग्ध्वा ह्यविधिना मांसं प्रेत्य तैरद्यतेऽवशः॥ ३३॥

विधिलाई जान्ने ब्राह्मण सुखको अवस्थामा विधिबिना मासु नखाउन्, किनभने विधिबिना मासु खानेलाई अर्को जन्ममा ती प्राणीले खान्छन्, जसको मासु उसले खाएको थियो।

न तादृशं भवत्येनो मृगहन्तुर्धनार्थिनः।

यादृशं भवति प्रेत्य वृथामांसानि खादतः॥ ३४॥

धनका निम्ति मृग मार्नेलाई त्यस्तो पाप लाग्दैन जस्तो वृथा मासु खानेलाई लाग्छ।

नियुक्तस्तु यथान्यायं यो मांसं नात्ति मानवः।

स प्रेत्य पशुतां याति संभावनेकविंशतिम्॥ ३५॥

(श्राद्ध र मधुपर्कमा) यथाविधि नियुक्त भएर जो मनुष्य मासु खाँदैन, त्यो मरेपछि एक्काइस जन्मसम्म पशु हुन्छ।

असंस्कृतान् पशून्मंत्रैर्नाद्याद्विप्रः कदाचन।

मन्त्रैस्तु संस्कृतानद्याच्छाश्वतं विधिमास्थितः॥ ३६॥

ब्राह्मणले कहिल्यै पनि मन्त्रद्वारा संस्कार नगरिएका पशुहरूको मासु नखाउन्, तर यज्ञमा मन्त्रहरूद्वारा संस्कार गरिएका पशुहरूको मासु खाउन्।

कुर्याद् घृतपशुं सङ्गे कुर्यात्पिष्टपशुं तथा।

न त्वेवं तु वृथा हन्तुं पशुमिच्छेत्कदाचन॥ ३७॥

घृत (घिउ) वा मैदाको पशु बनाएर खाउन् तर कहिल्यै पनि पशुहरूलाई व्यर्थमा मार्ने इच्छा नगरून् (अर्थात् आफ्ना लागि कहिल्यै पशु हिंसा नगरून्)

यावन्ति पशुरोमाणि तावत्कृत्वो हि मारणम्।

वृथापशुघ्नः प्राप्नोति प्रेत्य जन्मनि जन्मनि॥ ३८॥

देवतादिको उद्देश्य बिना व्यर्थमा पशुहरूलाई मार्ने मनुष्य मरेपछि ती पशुहरूको रोम (रौं) का संख्या जति नै जन्म-जन्ममा मारिने छ। (यसकारण व्यर्थमा पशुहिंसा नगरून्।)

यज्ञार्थं पशवः सृष्टाः स्वयमेव स्वयंभुवा।
यज्ञस्य भूत्यै सर्वस्य तस्माद्यज्ञे वधोऽवधः॥ ३९॥

स्वयं ब्रह्माजीले यज्ञका निम्ति र सबै यज्ञहरूका समृद्धिका निम्ति पशुहरूको रचना गरेका हुन्। यसकारण यज्ञमा पशुहरूको वध (अहिंसा) हो।

ओषध्यः पशवो वृक्षास्तिर्यञ्चः पक्षिणस्तथा।
यज्ञार्थं निधनं प्राप्ताः प्राप्नुवन्त्युत्सृतीः पुनः॥ ४०॥

औषधि, पशु, वृक्ष, कछुवा आदि र पक्षीहरू- यी सबै यज्ञका निम्ति मारिएपछि फेरि उत्तम योनिमा जन्मिन पुग्छन्।

मधुपर्के च यज्ञे च पितृदैवतकर्मणि।
अत्रैव पशवो हिंस्या नान्यत्रेत्यब्रवीन्मनुः॥ ४१॥

मधुपर्क, ज्योतिष्टोयादि यज्ञ, पितृकर्म र देवकर्म- यिनमा नै पशुहिंसा गर्नुपर्छ, अन्यत्र होइन- यस्तो मनुजीले भन्नुभएको छ।

एष्वर्थेषु पशून्हिंसन्वेदतत्त्वार्थविद् द्विजः।
आत्मानं च पशुं चैव गमयत्युत्तमां गतिम्॥ ४२॥

पूर्वोक्त कर्महरूमा पशुको हिंसा गर्ने वेद बुझेका ब्राह्मणले आफूलाई र ती पशुहरूलाई उत्तम गतिमा पुऱ्याउँछन्।

गृहे गुरावरण्ये वा निवसन्नात्मवान्द्विजः।
नावेदविहितां हिंसामापद्यपि समाचरेत्॥ ४३॥

कर्मनिष्ठ ब्राह्मणले घरमा, गुरुकुलमा वा वनमा (अर्थात् ब्रह्मचर्याश्रममा वा गृहस्थाश्रममा वा वानप्रस्थाश्रममा) रहेर आपत्तिमा पनि वेदविरुद्ध हिंसा नगरून्।

या वेदविहिता हिंसा नियतास्मिंश्चराचरे।
अहिंसामेव तां विद्याद्वेदाद्धर्मो हि निर्बभौ॥ ४४॥

जुन हिंसा वेदविहित हुन्छ र यस चराचर जगतमा नियत हुन्छ, त्यसलाई अहिंसा नै सम्झनुपर्छ, किनभने धर्म वेदबाट नै निस्किएको हो।

योऽहिंसकानि भूतानि हिनस्त्यात्मसुखेच्छया।
स जीवंश्च मृतश्चैव न क्वचित्सुखमेधते॥ ४५॥

जसले आफ्ना सुखका इच्छाले अहिंसक जीवहरूलाई मार्दछन्, तिनले यस जीवनमा वा जन्मजन्मान्तरमा कतै सुख पाउँदैनन्।

यो बन्धनवधक्लेशान्प्राणिनां न चिकीर्षति।
स सर्वस्य हितप्रेप्सुः सुखमत्यन्तमश्नुते॥ ४६॥

जसले जीवहरूलाई बाँध्ने, मार्ने वा क्लेश दिने इच्छा गर्दैनन्, सबै जीवहरूको हित चाहन्छन्, त्यस्ता व्यक्तिले अत्यन्त सुख पाउँछन्।

यद्ध्यायति यत्कुरुते धृतिं बध्नाति यत्र च।
तदवाप्नोत्ययत्नेन यो हिनस्ति न किञ्चन॥ ४७॥

जसले कुनै जीवलाई दुःख दिदैनन् तिनले जुन धर्म मनले चाहन्छन्, जुन कर्म गर्छन्, जुन पदार्थ पाउने इच्छा गर्छन् त्यो उनलाई अनायासै प्राप्त हुन्छन्।

नाकृत्वा प्राणिनां हिंसा मांसमुत्पद्यते क्वचित्।
न च प्राणिवधः स्वर्ग्यस्तस्मान्मांसं विवर्जयेत्॥ ४८॥

जीवहरूको हिंसा नगरी कहिल्यै मासु उत्पन्न हुन सक्दैन। पशुहरूको वध गर्नाले स्वर्गको प्राप्ती हुँदैन, यसकारण मासु खान छोडिदिनुपर्छ।

समुत्पत्तिं च मांसस्य वधबन्धौ च देहिनाम्।
प्रसमीक्ष्य निवर्तेत सर्वमांसस्य भक्षणात्॥ ४९॥

मासुको उत्पत्ति र जीवहरूको वध-बन्धनलाई राम्ररी विचार गरेर सबै प्रकारको मासु खान त्याग गर्नुपर्छ।

न भक्षयति यो मांसं विधिं हित्वा पिशाचवत्।
स लोके प्रियतां याति व्याधिभिश्च न पीड्यते॥ ५०॥

जसले विधिलाई छोडेर पिशाचले जस्तो मासु खाँदैनन् ती संसारमा सबैका प्यारा हुन्छन् र रोगले पीडित पनि हुँदैनन्।

अनुमन्ता विशसिता निहन्ता क्रयविक्रयी।
संस्कर्ता चोपहर्त्ता च खादकश्चेति घातकः॥ ५१॥

(जीवलाई) मार्ने आज्ञा दिने, उसलाई टुक्रा टुक्रा पार्ने, मार्ने, बेच्ने र मोलतोल गर्ने, पकाउने, पस्किने र खाने- यी आठैजना घातक हुन्छन्।

स्वमांसं परमांसेन यो वर्धयितुमिच्छति।
अनभ्यर्च्य पितॄन्देवांस्ततोऽन्यो नास्त्यपुण्यकृत्॥ ५२॥

जसले देवता र पितृहरूको पूजा नगरिकन अरूको मासुले आफ्नो मासु बढाउने मन गर्छ त्यो भन्दा ठूलो पापी अर्को कोही हुँदैन।

वर्षे वर्षेऽश्वमेधेन यो यजेत शतं समाः।
मांसानि च न खादेद्यस्तयोः पुण्यफलं समम्॥ ५३॥

जसले सय वर्षसम्म प्रत्येक वर्ष अश्वमेध यज्ञ गर्दछ, जसले कहिल्यै मासु खाँदैन– यी दुवैको पुण्यफल बराबर हुन्छ।

फलमूलाशनैर्मेध्यैर्मुन्यन्नानां च भोजनैः।
न तत्फलमवाप्नोति यन्मांसपरिवर्जनात्॥ ५४॥

फल–मूल र मुनिहरूको हविष्यान्न खानाले त्यो फल पाइँदैन, जुन फल मात्र मासु छोड्नाले पाइन्छ।

मांस भक्षयिताऽमुत्र यस्य मांसमिहाद्म्यहम्।
एतन्मांसस्य मांसत्वं प्रवदन्ति मनीषिणः॥ ५५॥

म यहाँ (लोकमा) जसको मासु खान्छु, वहाँ (परलोकमा) उसले मलाई पनि खानेछ। यो नै मासुको मांसत्व हो– यस्तो विद्वान्हरूको भनाइ छ।

न मांसभक्षणे दोषो न मद्ये न च मैथुने।
प्रवृत्तिरेषा भूतानां निवृत्तिस्तु महाफला॥ ५६॥

मासु खानु, मदिरा (रक्सी) पिउनु र स्त्री–प्रसंग गर्नुमा दोष छैन, किनभने प्राणीहरूको प्रवृत्ति नै यस्तै हुन्छ, तर त्यसबाट निवृत्त हुनु महाफलदायी हुन्छ।

प्रेतशुद्धिं प्रवक्ष्यामि द्रव्यशुद्धिं तथैव च।
चतुर्णामपि वर्णानां यथावदनुपूर्वशः॥ ५७॥

अब चारै वर्णहरूका प्रेतशुद्धि र द्रव्यशुद्धि यथाक्रमले भन्दछु।

दन्तजातेऽनुजाते च कृतचूडे च संस्थिते।
अशुद्धा बान्धवाः सर्वे सूतके च तथोच्यते॥ ५८॥

दाँत निस्किने बेलामा वा दाँत निस्किसकेपछि चूडाकरण र उपनयनका बीचमा बालकको मृत्यु भएमा सपिण्ड र समानोदक बान्धवहरू अशुचि हुन्छन् र कसैको जन्म भएमा पनि तिनलाई आशौच लाग्दछ।

दशाहं शावमाशौचं सपिण्डेषु विधीयते।
अर्वाक् संचयनादस्थ्नां त्र्यहमेकाहमेव च॥ ५९॥

सपिण्डहरूलाई दस दिनसम्म मारणाशौच लाग्दछ अथवा अस्थिसंचयको पहिला तीन दिन वा एक अहोरात्र (दिन–रात) आशौच लाग्दछ।

सपिण्डता तु पुरुषे सप्तमे विनिवर्तते।
समानोदकभावस्तु जन्मनाम्नोरवेदने ॥ ६० ॥

सातौं पुस्ता पुगेपछि सपिण्डता निवृत्ति हुन्छ। जन्म र नाम अज्ञात भएमा समानोदक भाव निवृत्त हुन्छ अर्थात् आशौच लाग्दैन।

यथेदं शावमाशौचं सपिण्डेषु विधीयते।
जननेऽप्येवमेव स्यान्निपुणं शुद्धिमिच्छताम् ॥ ६१ ॥

सपिण्ड बन्धुहरूलाई जसरी दस दिनसम्मको मृतक आशौचको विधान छ त्यसरी नै शुद्धि चाहने सपिण्डीहरूका लागि जन्मसम्बन्धी आशौचको पनि विधान हुन्छ।

सर्वेषां शावमाशौचं मातापित्रोस्तु सूतकम्।
सूतकं मातुरेव स्यादुपस्पृश्य पिता शुचिः ॥ ६२ ॥

मृताशौच सबै सपिण्डीलाई लाग्छ, तर जननाशौच माता-पितालाई नै लाग्दछ, तर माता दश दिनसम्म अपवित्र हुन्छिन् र पिता स्नान मात्रले शुद्ध[४] हुन्छन्।

निरस्य तु पुमाञ्छुक्रमुपस्पृश्यैव शुद्ध्यति।
बैजिकादभिसम्बन्धादनुरुन्ध्यादघं त्र्यहम् ॥ ६३ ॥

इच्छाले वीर्य स्खलन गरेमा पुरुष स्नान गर्नाले शुद्ध हुन्छ, तर परस्त्रीमा सन्तानोत्पत्ति भएमा तीन दिनसम्म आशौच रहन्छ।

अह्ना चैकेन रात्र्या च त्रिरात्रैरेव च त्रिभिः।
शवस्पृशो विशुद्ध्यन्ति त्र्यहादुदकदायिनः ॥ ६४ ॥

जो एक दिन वा तीन दिनको अशौचाधिकारी हुन्छन्, तिनले यदि मोहवश शव स्पर्श गरे भने दस दिनमा शुद्ध हुन्छन् र समानोदक भए तीन दिनको आशौच लाग्छ।

गुरोः प्रेतस्य शिष्यस्तु पितृमेधं समाचरन्।
प्रेतहारैः समं तत्र दशरात्रेण शुद्ध्यति ॥ ६५ ॥

गुरुको मृत्यु भएमा अर्कै गोत्र भएका शिष्यले दाहादि क्रिया गर्‍यो भने ऊ उनका दाहक-वाहक सपिण्डकै समान दस रातमा शुद्ध हुन्छ।

---

[४] जाते पुत्रे पितुः स्नानं सचैलं तु विधीयते।
माता शुद्ध्यद्दशाहेन स्नानात्तु स्पर्शनं पितुः ॥

रात्रिभिर्मासतुल्याभिर्गर्भस्रावे विशुध्यति।
रजस्युपरते साध्वी स्नानेन स्त्री रजस्वला॥ ६६॥

गर्भस्राव भएमा जति महिनाको गर्भ हुन्छ त्यति नै संख्याको रातमा माता शुद्ध हुन्छिन् (यो व्यवस्था ६ महिनाका लागि हो)। रजस्वला साध्वी स्त्री रज निवृत्तपश्चात् स्नानले शुद्ध हुन्छिन्।

नृणामकृतचूडानां विशुद्धिर्नैशिकी स्मृता।
निर्वृत्तचूडकानां तु त्रिरात्राच्छुद्धिरिष्यते॥ ६७॥

मुण्डनअघि बालकको मृत्यु भएमा सपिण्डीहरूलाई एक अहोरात्र र मुण्डनपछि र उपनयन हुनुअघि मृत्यु भएमा तीन रातसम्म आशौच लाग्दछ।

ऊनद्विवार्षिकं प्रेतं निदध्युर्बान्धवा बहिः।
अलंकृत्य शुचौ भूमावस्थिसंचयनादृते॥ ६८॥

दुई वर्षभन्दा कम उमेरको बालकको मृत्यु भएमा बन्धुवर्गले उसलाई फूलमालाले अलंकृत गरेर गाउँको बाहिर पवित्र भूमिमा राखून्, उसको अस्थिसंचय नगरून्।

नास्य कार्योऽग्निसंस्कारो न च कार्योदकक्रिया।
अरण्ये काष्ठवत्त्यक्त्वा क्षपेयुस्त्र्यहमेव च॥ ६९॥

उसको अग्निसंस्कार र उदकक्रिया नगरून्। उसलाई जंगलमा काठ जस्तो त्याग[५] गरेर तीन दिनसम्म आशौच मान्नु।

नात्रिवर्षस्य कर्तव्या बान्धवैरुदकक्रिया।
जातदन्तस्य वा कुर्युर्नाम्नि वापि कृते सति॥ ७०॥

तीन वर्षमुनिका बालकको मृत्यु भएमा उसलाई जलाञ्जलि दिनु हुँदैन। जसका दाँत निस्किसकेको हुन्छ र नामकरण भइसकेको हुन्छ उसको उदकक्रिया र अग्निसंस्कार गर्नुपर्छ।

सब्रह्मचारिण्येकाहमतीते क्षपणं स्मृतम्।
जन्मन्येकोदकानां तु त्रिरात्राच्छुद्धिरिष्यते॥ ७१॥

सहपाठी (ब्रह्मचर्यको साथी) को मृत्यु भएमा एक दिनको आशौच लाग्छ। समानोदकका घरमा सन्तान जन्मे तीन दिनको आशौच लाग्छ।

---

[५] हुन त मनुजीले त्याग गर्नु भनेका छन् तापनि 'ऊनद्विवार्षिकं निखनेत्' याज्ञवल्क्यको यसं वचनअनुसार उसलाई विशुद्ध भूमिमा गाडिदिनुपर्छ। व्यवहार पनि यस्तै छ।

स्त्रीणामसंस्कृतानां तु त्र्यहाच्छुद्ध्यन्ति बान्धवा।

यथोक्तेनैव कल्पेन शुद्ध्यन्ति तु सनाभयः ॥ ७२ ॥

अविवाहिता कन्याको वाग्दान पछि मृत्यु भएमा उसका भावी पति, देवर आदि तीन दिनमा शुद्ध हुन्छन् र उसका पितृ पक्षपट्टिका पनि उही पूर्वोक्त व्यवस्थाअनुसार अर्थात् तीन दिनमा नै शुद्ध हुन्छन्।

अक्षारलवणान्नाः स्युर्निमज्जयेयुश्च ते त्र्यहम्।

मांसाशनं च नाश्नीयुः शयीरंश्च पृथक् क्षितौ ॥ ७३ ॥

मृताशौचमा क्षार लवण (कृत्रिम नून) नखानु, तीनै दिन नदी, तलाउ वा पोखरीमा स्नान गर्नु, मासु नखानु, भूईंमा एक्लै सुत्नु।

सन्निधावेष वै कल्पः शावाशौचस्य कीर्तितः।

असन्निधावयं ज्ञेयो विधिः सम्बन्धिवान्धवैः ॥ ७४ ॥

मृताशौचको यो विधि मृत व्यक्तिका सन्निधि अर्थात् एकै ठाउँमा बस्नेहरूका लागि भनियो। टाढा भएका बन्धु-बान्धवहरूका लागि आशौचको विधि यस्तो हुन्छ-

विगतं तु विदेशस्थं शृणुयाद्यो ह्यनिर्दशम्।

यच्छेषं दशरात्रस्य तावदेवाशुचिर्भवेत् ॥ ७५ ॥

विदेश (टाढा वा अन्यत्र)मा भएका बन्धु-बान्धवको मृत्युको कुरा दस दिनभित्र सुनिए दशाहमा जति दिन बाँकी रहन्छ उति नै दिन आशौच हुन्छ।

अतिक्रान्ते दशाहे च त्रिरात्रमशुचिर्भवेत्।

संवत्सरे व्यतीते तु स्पृष्ट्वैवापो विशुद्ध्यति ॥ ७६ ॥

दस दिन बितिसकेपछि मृत्यु (सपिण्डभित्रको) को कुरा सुनिएमा तीन रातको आशौच लाग्छ। वर्ष दिन बितेपछि सुनियो भने स्नान गर्नाले नै शुद्धि होइन्छ।

निर्दशं ज्ञातिमरणं श्रुत्वा पुत्रस्य जन्म च।

सवासा जलमाप्लुत्य शुद्धो भवति मानवः ॥ ७७ ॥

दशाह पछाडि सपिण्ड बन्धुको मृत्यु वा पुत्र जन्मको समाचार सुनेमा त्यस बेला शरीरमा लगाइएका लुगासहित स्नान गर्नाले मनुष्य शुद्ध हुन्छ।

बाले देशान्तरस्थे च पृथक्पिण्डे च संस्थिते।

सवासा जलमाप्लुत्य सद्य एव विशुद्ध्यति ॥ ७८ ॥

असपिण्ड (समानोदक) बालकको देशान्तर (टाढा) मा मृत्यु भएको समाचार सुनेपछि तुरुन्तै लगाएको लुगासहित स्नान गर्नाले शुद्ध होइन्छ।

अन्तर्दशाहे स्यातां चेत्पुनर्मरणजन्मनी।
तावत्स्यादशुचिर्विप्रो यावत्तत्स्यादनिर्दशम्॥ ७९॥

दस दिनभित्र यदि मरणाशौचमा पुनः अर्को मृत्यु वा जननाशौचमा पुनः अर्को जन्म भएमा ब्राह्मण जबसम्म पहिलाको दशाहाशौच पूरा हुँदैन तबसम्म अशुद्ध रहन्छ।

त्रिरात्रमाहुराशौचमाचार्ये संस्थिते सति।
तस्य पुत्रे च पत्न्यां च दिवारात्रमिति स्थितिः॥ ८०॥

आचार्य (वेद पढाउने गुरु),को मृत्यु भएमा तीन दिनको आशौच भनिएको छ। तर उनको पुत्र वा पत्नीको मृत्यु भएमा एक अहोरात्र (एक दिन-रात) आशौच हुन्छ- यस्तो शास्त्रको आज्ञा हो।

श्रोत्रिये तूपसंपन्ने त्रिरात्रमशुचिर्भवेत्।
मातुले पक्षिणीं रात्रिं शिष्यर्त्विग्बान्धवेषु च॥ ८१॥

वेदशास्त्र जान्ने कुनै पुरुषको कसैको घरमा मृत्यु भएमा उसको तीन रातिको आशौच हुन्छ। मामा, यज्ञ पुरोहित, बान्धव र शिष्यको मृत्यु भएमा पक्षिणी अर्थात् दुई दिन र एक रातको आशौच हुन्छ।

प्रेते राजनि सज्योतिर्यस्य स्याद्विषये स्थितिः।
अश्रोत्रिये त्वहः कृत्स्नमनूचाने तथा गुरौ॥ ८२॥

जसका राज्यमा ब्राह्मण निवास गर्दछन् ती राजाको मृत्यु भएको समाचार दिनमा पाइयो भने सूर्यदर्शन पर्यन्त र रातिमा पाइयो भने जबसम्म आकासमा तारा देखिन्छ तबसम्म आशौच हुन्छ। वेदशास्त्र नजान्ने व्यक्तिको मृत्यु दिनमा जसको घरमा हुन्छ त्यसलाई पूरै दिन र रातिमा मृत्यु भए पूरै रात आशौच हुन्छ। साङ्ग वेदाध्यायी गुरुको मृत्यु भएमा यस्तै एक दिन वा एक रात आशौच जान्नू।

शुद्ध्येद्विप्रो दशाहेन द्वादशाहेन भूमिपः।
वैश्यः पञ्चदशाहेन शूद्रो मासेन शुद्ध्यति॥ ८३॥

सपिण्डका मृत्यु वा जन्ममा ब्राह्मण दस दिनमा क्षत्रिय बाह्र दिनमा, वैश्य पन्ध्र दिनमा र शूद्र एक महिनामा शुद्ध हुन्छन्।

न वर्धयेदघाहानि प्रत्यूहेन्नाग्निषु क्रियाः।
न च तत्कर्म कुर्वाणः सनाभ्योप्यऽशुचिर्भवेत्॥ ८४॥

आशौचको दिन बढाउनु हुँदैन र अग्निहोत्रको क्रिया (काम) मा वाधा पुऱ्याउनु हुँदैन, किनकि त्यो कर्मलाई गर्दै गरेको सपिण्ड पनि अपवित्र हुँदैन।

दिवाकीर्तिमुदक्यां च पतितं सूतिकां तथा।
शवं तत्स्पृष्टिनं चैव स्पृष्ट्वा स्नानेन शुद्ध्यति ॥ ८५ ॥

चाण्डाल, रजस्वला, पतित, प्रसूतिका (सुत्केरी), शव (मुर्दा) र शव स्पर्शकर्तालाई छोइएमा स्नानले शुद्धि होइन्छ।

आचम्य प्रयतो नित्यं जपेदशुचिदर्शने।
सौरान्मन्त्रान्यथोत्साहं पावमानीश्च शक्तितः ॥ ८६ ॥

स्नान, आचमन आदि गरिसकेपछि यदि चाण्डाल आदि अपवित्रहरूमाथि दृष्टि परेमा उसले यथा साध्य सूर्यको मन्त्र "उदुत्यं जातवेदसमित्यादि" र यथाशक्ति पावमानी "पुनन्तु मा" आदि मन्त्रको जप गरून्।

नारं स्पृष्ट्वास्थि सस्नेहं स्नात्वा विप्रो विशुद्ध्यति।
आचम्यैव तु निःस्नेहं गामालभ्यार्कमीक्ष्य वा ॥ ८७ ॥

मनुष्यको मज्जासहितको हड्डी छोइएमा ब्राह्मण स्नान गर्नाले शुद्ध हुन्छन्। सुकेको हड्डी छोइएमा आचमन गरेर, गाईको स्पर्श गरी वा सूर्यको दर्शन गरेर शुद्ध हुन्छन्।

आदिष्टी नोदकं कुर्यादाव्रतस्य समापनात्।
समाप्ते तूदकं कृत्वा त्रिरात्रेणैव शुद्ध्यति ॥ ८८ ॥

ब्रह्मचारी आफ्नो व्रतको समाप्तिपर्यन्त प्रेतको उदकक्रिया नगरून्। ब्रह्मचर्य समाप्त भएपछि उनले प्रेतलाई जलाञ्जलि दिएमा तीन रातमा शुद्ध हुन्छन्।

वृथासङ्करजातानां प्रव्रज्यासु च तिष्ठताम्।
आत्मनस्त्यागिनां चैव निवर्तेतोदकक्रिया ॥ ८९ ॥

जसले आफ्नो धर्म छोडेका छन्, जो प्रतिलोम वर्णशंकर छन्, जो संन्यासी भएका छन्, जसले स्वेच्छासित आत्महत्या गरेका छन् तिनलाई जलाञ्जलि दिनु हुँदैन।

पाषण्डमाश्रितानां च चरन्तीनां च कामतः।
गर्भभर्तृद्रुहां चैव सुरापीनां च योषिताम् ॥ ९० ॥

जुन स्त्रीहरू पाखण्डी हुन्छन्, स्वेच्छाचारिणी हुन्छन्, आफ्ना गर्भ नष्ट गर्ने हुन्छन् तथा आफ्नो पतिसित विद्रोह गर्ने र मदिरा पिउने हुन्छन्, तिनको उदक-क्रिया गर्नु हुँदैन।

आचार्यं स्वमुपाध्यायं पितरं मातरं गुरुम्।
निर्हृत्य तु व्रती प्रेतान्न व्रतेन वियुज्यते॥ ९१॥

आफ्ना आचार्य (वेद पढाउने) उपाध्याय (विद्या पढाउने), पिता, माता, गुरु (मन्त्र दिने)- यिनको शव (मृत शरीर) बोक्नाले ब्रह्मचारीको व्रत लोप हुँदैन।

दक्षिणेन मृतं शूद्रं पुरद्वारेण निर्हरेत्।
पश्चिमोत्तरपूर्वैस्तु यथायोगं द्विजन्मनः॥ ९२॥

मृत्यु भएका शूद्रलाई नगरको दक्षिण द्वारबाट, वैश्यलाई पश्चिम, क्षत्रियलाई उत्तर र ब्राह्मणलाई पूर्व द्वारबाट श्मशानघाट लैजाउन्।

न राज्ञामघदोषोऽस्ति व्रतिनां न च सत्रिणाम्।
ऐन्द्रं स्थानमुपासीना ब्रह्मभूता हि ते सदा॥ ९३॥

राजाहरूलाई सपिण्डको मृत्यु-जन्मको आशौचको दोष लाग्दैन, किनकि उनीहरूले इन्द्रको स्थानको अधिकार पाएका हुन्छन्। व्रती (ब्रह्मचारी र चान्द्रायण आदि व्रत गर्ने) र यज्ञ गर्नेहरूलाई आशौचको दोष लाग्दैन, किनभने ती ब्रह्मज्ञानी झैं निष्पाप हुन्छन्।

राज्ञो माहात्मिके स्थाने सद्यः शौचं विधीयते।
प्रजानां परिरक्षार्थमासनं चात्र कारणम्॥ ९४॥

राजसिंहासनमाथि विराजमान भएका कारण राजालाई सद्यः शुद्धिको विधान भनिएको छ। प्रजाहरूको रक्षाको लागि राजसिंहासनमाथि बस्नु नै यसको कारण बुझ्नुपर्छ।

डिम्भाहवहतानां च विद्युता पार्थिवेन च।
गोब्राह्मणस्य चैवार्थे यस्य चेच्छति पार्थिवः॥ ९५॥

जुन युद्धमा राजा हुँदैनन् यस्ता युद्धमा जो मारिएका हुन्छन्, वज्रपातबाट जसको मृत्यु भएको हुन्छ, राजाले जसलाई प्राणदण्ड दिएको हुन्छ, गाई र ब्राह्मणको रक्षाको लागि जसले प्राण दिएका हुन्छन् अनि राजाबाट जसलाई आशौच नलागोस् यस्तो चाहना हुन्छ भने त्यस्ताको सद्यः शौच (एकछिनमै शुद्धि) हुन्छ।

सोमाग्न्यर्कानिलेन्द्राणां वित्ताप्पत्योर्यमस्य च।
अष्टानां लोकपालानं वपुर्धारयते नृपः॥ ९६॥

चन्द्रमा, अग्नि, सूर्य, वायु, इन्द्र, कुवेर, बरुण र यम- यी आठै लोकपालहरूको वास राजाको शरीरमा रहन्छ।

लोकेशाधिष्ठितो राजा नास्याशौचं विधीयते।
शौचाशौचं हि मर्त्यानां लोकेशप्रभवाप्ययम्॥ ९७॥

राजाका शरीरमा लोकपालहरूको अंश अधिष्ठित हुनाका कारण उनलाई आशौचको दोष हुँदैन, कारण मनुष्यको जुन शौच-आशौच हुन्छ त्यो लोकपालहरूबाटै उत्पन्न र नाश हुन्छ।

उद्यतैराहवे शस्त्रैः क्षत्रधर्महतस्य च।
सद्यः संतिष्ठते यज्ञस्तथाशौचमिति स्थितिः॥ ९८॥

युद्धमा शस्त्रहरूद्वारा क्षात्र धर्मबाट जो मारिन्छ, उसलाई त्यसै बेला यज्ञको फल र सद्यः शुद्धि प्राप्त हुन्छ, यस्तो शास्त्रको सिद्धान्त छ।

विप्रः शुद्ध्यत्यपः स्पृष्ट्वा क्षत्रियो वाहनायुधम्।
वैश्यः प्रतोदं रश्मीन्वा यष्टिं शूद्रः कृतक्रियः॥ ९९॥

ब्राह्मणले श्राद्धादि कर्म गरेर दाहिने हातले पानी छोएर, क्षत्रियले वाहन र अस्त्र, वैश्यले चाबुक वा लगाम र शूद्रले बाँसको लट्ठी छोएर शुद्ध हुन्छ।

एतद्वोऽभिहितं शौचं सपिण्डेषु द्विजोत्तमाः।
असपिण्डेषु सर्वेषु प्रेतशुद्धिं निबोधत॥ १००॥

हे मुनिगण ! मैले सपिण्डहरूको मृत्युको आशौच भनें । अब असपिण्डहरूको प्रेतशुद्धि भन्छु, त्यो सुन्नुहोस्।

असपिण्डं द्विजं प्रेतं विप्रो निर्हृत्य बन्धुवत्।
विशुध्यति त्रिरात्रेण मातुराप्तांश्च बान्धवान्॥ १०१॥

असपिण्ड ब्राह्मणका शवलाई बान्धवहरूको जस्तो बोक्नाले र मातृपक्षको आफ्ना आफन्त (मामा, सानिमा, ठूलीआमा आदि) को शव बोक्नाले तीन रातमा शुद्ध होइन्छ।

यद्यन्नमत्ति तेषां तु दशाहेनैव शुद्ध्यति।
अनदन्न-न्नमह्नैव न चेत्तस्मिन्गृहे वसेत्॥ १०२॥

मृतकलाई बोक्नेले यदि उसको सपिण्डको अन्न खायो भने त्यो दस दिनमा शुद्ध हुन्छ। यदि आशौचान्न खाएन र त्यसका (मृतक) घरमा बसेन भने उ एक अहोरात्रमै शुद्ध हुन्छ।

अनुगम्येच्छया प्रेतं ज्ञातिमज्ञातिमेव च।
स्नात्वा सचैलः स्पृष्ट्वाग्निं घृतं प्राश्य विशुद्ध्यति॥ १०३॥

सपिण्ड वा असपिण्ड मृतकका पछि पछि यदि कोही आफ्नो इच्छाले जान्छ भने सचैल स्नानपछि अग्निको स्पर्श र घिउ खानाले शुद्ध हुन जान्छ।

न विप्रं स्वेषु तिष्ठत्सु मृतं शूद्रेण नाययेत्।
अस्वर्ग्या ह्याहुतिः सा स्याच्छूद्रसंस्पर्शदूषिता ॥ १०४ ॥

आत्मीयजन हुँदाहुँदै मृत्यु भएका ब्राह्मणलाई शूद्रद्वारा नउठाइयोस्, किनकि शूद्रको स्पर्श दूषित हुनाको कारण मृतकको त्यो दह्य शरीर स्वर्ग निमित्तक हुँदैन।

ज्ञानं तपोऽग्निराहारो मृन्मनो वार्युपाञ्जनम्।
वायुः कर्मार्ककालौ च शुद्धेःकर्तॄणि देहिनाम् ॥ १०५ ॥

ज्ञान, तप, अग्नि, आहार, माटो, मन, जल, अनुलेपन, वायु, कर्म (यज्ञादि कृत्य), सूर्य र समय- यी देहधारीहरूलाई पवित्र गर्ने हुन्छन्।

सर्वेषामेव शौचानामर्थशौचं परं स्मृतम्।
योऽर्थे शुचिर्हि स शुचिर्न मृद्वारिशुचिः शुचिः ॥ १०६ ॥

सबै शौचहरूमा अर्थशौचलाई महर्षिहरूले श्रेष्ठ भनेका छन् जुन अर्थ (द्रव्य) सम्बन्धमा शुद्ध हुन्छन्। मात्र मृतिका र जलले गरिएको शुद्धि पनि शुद्ध होइन।

क्षान्त्या शुद्ध्यन्ति विद्वांसो दानेनाकार्यकारिणः।
प्रच्छन्नपापा जायेन तपसा वेदवित्तमाः ॥ १०७ ॥

क्षमाबाट विद्वान्, दानबाट अकर्म गर्नेहरू, जपबाट गुप्तपातक र तपबाट वेद जान्नेहरू शुद्ध हुन्छन्।

मृत्तोयैः शद्ध्यते शोध्यं नदी वेगेन शुद्ध्यति।
रजसा स्त्री मनोदुष्य संन्यासेन द्विजोत्तमाः ॥ १०८ ॥

मलबाट दूषित पदार्थ माटो र जलले शुद्ध हुन्छ। नदी आफ्नो प्रवाहको वेगले शुद्ध हुन्छ। दूषित मन भएकी स्त्री रजबाट र ब्राह्मण सन्यास धर्मको आचरणबाट शुद्ध हुन्छन्।

अद्भिर्गात्राणि शुद्ध्यन्ति मनः सत्येन शुद्ध्यति।
विद्यातपोभ्यां भूतात्मा बुद्धिर्ज्ञानेनशुद्ध्यति ॥ १०९ ॥

शरीर जलबाट, मन सत्यबाट, जीवात्मा विद्या र तपबाट र बुद्धि ज्ञानबाट शुद्ध हुन्छ।

एष शौचस्य वः प्रोक्तः शारीरस्य विनिर्णयः।
नानाविधानां द्रव्याणां शुद्धेः शृणुत निर्णयम् ॥ ११० ॥

यहाँसम्म शरीरसम्बन्धी शौचको व्यवस्था भनियो। अब विविध प्रकारका द्रव्यहरूको शुद्धि जसरी हुन्छ, त्यसको निर्णय भन्छु, सुन्नुहोला।

तैजसानां मणीनां च सर्वस्याश्ममयस्य च।

भस्मनाऽद्भिर्मृदा चैव शुद्धिरुक्ता मनीषिभिः ॥ १११ ॥

सुवर्ण आदि धातुहरू, मणिहरू र ढुंगाबाट बनेका सबै पदार्थहरूको शुद्धि भस्म, जल र माटोबाट हुन्छ, यस्तो विद्वान्हरूले भनेका छन्।

निर्लेपं काञ्चनं भाण्डमद्भिरेव विशुद्ध्यति।

अब्जमश्ममयं चैव राजतं चानुपस्कृतम् ॥ ११२ ॥

कुनै लेप नलगाइएका सूनका भाँडा, जलबाट उत्पन्न हुने शंख, मूँगा आदि ढुंगाबाट बनेका पात्र, चाँदीका सादा पात्र मात्र पानीले शुद्ध हुन्छन्।

अपामग्नेश्च संयोगाद्धेमं रौप्यं च निर्बभौ।

तस्मात्तयोः स्वयोन्यैव निर्णेको गुणवत्तरः ॥ ११३ ॥

अग्नि र जलको संयोगबाट सून र चाँदी उत्पन्न हुन्छ, त्यसैले दुवैको शुद्धि आफ्नो उत्पादक (जल र अग्नि) द्वारा नै श्रेष्ठ (उत्तम शुद्धि) हुन्छ।

ताम्रायः कांस्यरैत्यानां त्रपुणः सीसकस्य च।

शौचं यथार्हं कर्तव्यं क्षाराम्लोदकवारिभिः ॥ ११४ ॥

ताँबा, फलाम, काँस, पित्तल, राङ र सीसा- यिनलाई यथायोग्य खार, अमिलो र पानीले शुद्ध गर्नुपर्छ।

द्रवाणां चैव सर्वेषां शुद्धिरुत्पवनं स्मृतम्।

प्रोक्षणं संहतानां च दारवाणां च तक्षणम् ॥ ११५ ॥

द्रव (घिउ, तेल आदि) पदार्थहरूको शुद्धि उत्पवनले अर्थात् पवित्र कुशले त्यसको माथिको केही भाग फ्यांकेर, दरी, कम्बल आदिको शुद्धि जलले पुछेर र काठबाट बनेका वस्तुहरूको शुद्धि त्यसमाथि रन्दा लगाउनाले हुन्छ।

मार्जनं यज्ञपात्राणां पाणिनां यज्ञकर्मणि।

चमसानां ग्रहाणां च शुद्धिः प्रक्षालनेन तु ॥ ११६ ॥

यज्ञ पात्रहरूको शुद्धि हातले पुछिदिनाले हुन्छ। यज्ञकर्ममा चमस, ग्रह आदि पात्रहरूको शुद्धि धुनाले हुन्छ।

चरूणां स्रुक्स्रुवाणां च शुद्धिरुष्णेन वारिणा।

स्फ्यशूर्पशकटानां च मुसलोलूखलस्य च ॥ ११७ ॥

चरु अर्थात् हवि बनाउने पात्र, स्रुक् र स्रुवा (प्रोक्षणी–प्रणीता) र सूरो तथा स्फ्य (खड्ग आकारको काठनिर्मित पात्र), नाङ्लो, गाडा, ओखली र मूसलको शुद्धि तातो पानीले धुँदा हुन्छ।

अद्भिस्तु प्रोक्षणं शौचं बहूनां धान्यवाससाम्।
प्रक्षालनेन त्वल्पानामद्भिः शौचं विधीयते॥ ११८ ॥

अन्न र वस्त्रहरूको राश (थुप्रो) स्पर्शादि दोषबाट दूषित भएमा जल छर्किनाले शुद्ध हुन्छ अनि थोरै छ भने धुनाले शुद्ध हुन्छ।

चैलवच्चर्मणां शुद्धिर्वैदलानां तथैव च।
शाकमूलफलानां च धान्यवच्छुद्धिरिष्यते॥ ११९ ॥

छुँदा चर्मको र बाँस आदिले बनेका वस्तुहरूको शुद्धि लुगाको जस्तो र साग, फल, मूलको शुद्धि अन्नको जस्तो हुन्छ।

कौशेयाविकयोरूषैः कुतपानामरिष्टकैः।
श्रीफलैरंशुपट्टानां क्षौमाणां गौरसर्षपैः॥ १२० ॥

रेशमी र ऊनी कपडाहरूको शुद्धि खारो माटो (लिप्ने माटो)ले, कम्बलहरू (राडी–पाखी)को शुद्धि रिट्ठाले, सन आदिबाट बनेका वस्त्रहरूको शुद्धि बेलले र आलसले बनेका वस्त्रहरूको शुद्धि पहेंलो सर्स्यूंको चूर्णले हुन्छ।

क्षौमवच्छङ्खशृङ्गाणामस्थिदन्तमयस्य च।
शुद्धिर्विजानता कार्या गोमूत्रेणोकदेन वा॥ १२१ ॥

शंख र सींग, हड्डी र हात्तीका दाँतहरूको शुद्धि तीसीले र सनबाट निर्मित वस्त्र गोमूत्र वा जलको योगले शुद्ध हुन्छ।

प्रोक्षणात्तृणकाष्ठं च पलालं चैव शुद्ध्यति।
मार्जनोपाञ्जनैर्वेश्म पुनः पाकेन मृन्मयम्॥ १२२ ॥

सिन्का, लकडी र परालको शुद्धि जल छर्किनाले हुन्छ। बढार्नाले र लिप्नाले घर र माटाका भाँडाकुँडा पुनः आगामा पकाउनाले शुद्ध हुन्छन्।

मद्यैर्मूत्रैः पुरीषैर्वा ष्ठीवनैः पूयशोणितैः।
संस्पृष्टं नैव शुद्ध्येत पुनः पाकेन मृन्मयम्॥ १२३ ॥

तर जुन माटाको भाँडोमा मदिरा, मूत्र, विष्टा, थूक, रगत र पीप लागेको हुन्छ, त्यो पुनः आगोबाट पनि शुद्ध हुँदैन।

संमार्जनोपाञ्जनेन सेकेनोल्लेखनेन च।
गवां च परिवासेन भूमिः शुद्ध्यति पञ्चभिः॥ १२४ ॥

झार्-बढार गर्दा, लिप-पोत, गोमूत्र (गहुँत) वा गंगाजल आदि छर्किंदा, माथिपट्टिको केही माटो खुर्किएर फाल्दा र गाईहरू राख्नाले- यी पाँच प्रकारले भूमि शुद्ध हुन्छ।

पक्षिजग्धं गवाघ्रातमवधूतमवक्षुतम्।
दूषितं केशकीटैश्च मृत्प्रक्षेपेण शुद्ध्यति॥१२५॥

जुन अन्नलाई साधारण पक्षीहरूले जूठो पारेका हुन्छन्, गाईले सुँघेको अन्न, जसमाथि कसैले हाच्छिउँ गरेको हुन्छ, जसमा केश र कीरा परेको हुन्छ, त्यहाँ माटो हालिदिए शुद्ध हुन्छ।

यावन्नापैत्यमेध्याक्ताद् गन्धो लेपश्च तत्कृतः।
तावन्मृद्वारि चादेयं सर्वासु द्रव्यशुद्धिषु॥१२६॥

कुनै कपडा आदिमा विष्टादिक अपवित्र वस्तु लागेको छ भने जबसम्म त्यसको दाग र गन्ध हट्दैन तबसम्म माटो र पानीले त्यसलाई शुद्ध पार्नुपर्छ।

त्रीणि देवाः पवित्राणि ब्राह्मणानामकल्पयन्।
अदृष्टमद्भिर्निर्णिक्तं यच्च वाचा प्रशस्यते॥१२७॥

देवताहरूले ब्राह्मणका लागि यी तीन वस्तुलाई शुद्ध भनेका छन्- जसको अपवित्रता आँखाले देखिएको हुँदैन, जुन पानीले धोइएको हुन्छ र जुन ब्राह्मणको वाणीले प्रशंसा गरिएको हुन्छ।

आपः शुद्धा भूमिगता वैतृष्ण्यं यासु गोर्भवेत्।
अव्याप्ताश्चेदमेध्येन गन्धवर्णरसान्विताः॥१२८॥

पृथ्वीमाथिको पानीमा यदि अपवित्र वस्तुहरू मिसिएको छैन, गन्ध, वर्ण र रसले युक्त छ अनि यति होस् कि गाईले आफ्नो तिर्खा मेटाउन सकोस्, त्यसलाई शुद्ध सम्झिनुपर्छ।

नित्यं शुद्धः कारुहस्तः पण्ये यच्च प्रसारितम्।
ब्रह्मचारिगतं भैक्ष्यं नित्यं मेध्यमिति स्थितिः॥१२९॥

मालीको हात, बजारमा फिजारिएर राखिएको पदार्थ र ब्रह्मचारीहरूले प्राप्त गरेको भिक्षा- यी सधैं शुद्ध हुन्छन्।

नित्यमास्यं शुचि स्त्रीणां शकुनिः फलपातने।
प्रस्नवे च शुचिर्वत्सः श्वा मृगग्रहणे शुचिः॥१३०॥

स्त्रीहरूको मुख सधैं शुद्ध हुन्छ। पक्षीहरूद्वारा ठुँगेर झारेको फल, दूध दुहुने बेला बाछाको मुख र मृग समाउने बेला कुकुर शुद्ध हुन्छ।

श्वभिर्हतस्य यन्मांसं शुचिस्तन्मनुरब्रवीत्।
क्रव्याद्भिश्च हतस्यान्यैश्चण्डालाद्यैश्च दस्युभिः ॥ १३१ ॥

कुकुरहरूद्वारा मारिएको मृग आदिको मासु र काँचो मासु खाने हिंस्रक जन्तुहरू र चाण्डाल, व्याधा आदिद्वारा जुन मृग आदि पशु मारिन्छ, त्यसको मासु शुद्ध हुन्छ– यस्तो मनुजीले भन्नुभएको हो।

ऊर्ध्वं नाभेर्यानि खानि तानि मेध्यानि सर्वशः।
यान्यधस्तान्यमेध्यानि देहाच्चैव मलाश्च्युताः ॥ १३२ ॥

नाभिदेखि माथि शरीरका जति छिद्र छन्, ती सबै शुद्ध हुन्छन् अनि त्यस मुनि भएको सबै छिद्र अशुद्ध हुन्छन्। शरीरबाट निस्किएको मयल पनि अशुद्ध हुन्छन्।

मक्षिका विप्रुषश्छाया गौरश्वः सूर्यरश्मयः।
रजो भूर्वायुरग्निश्च स्पर्शे मेध्यानि निर्दिशेत् ॥ १३३ ॥

झीँगाका मुखबाट निस्किएका साना जलकण, छाया, गाई, घोडा, सूर्यको किरण, धूलो, धर्ती, वायु र अग्नि स्पर्शले अशुद्ध हुँदैनन्।

विण्मूत्रोत्सर्गशुद्ध्यर्थं मृद्वार्यादेयमर्थवत्।
दैहिकानां मलानां च शुद्धिषु द्वादशस्वपि ॥ १३४ ॥

मल–मूत्रको त्याग गरेपछि, शरीरबाट उत्पन्न हुने बाह्र मलहरूको शुद्धिको लागि प्रयोजनअनुसार माटो र पानी लिनुपर्छ।

वसा शुक्रमसृङ्मज्जा मूत्रविट् घ्राणकर्णविट्।
श्लेमाष्माश्रु दुषिका स्वेदो द्वादशैते नृणां मलाः ॥ १३५ ॥

बोसो, वीर्य, रगत, मज्जा (मासी), मूत्र, विष्टा, नाकको सिंगान, कानको कानेगुजी, कफ, आँशु, आँखाको कचेरा र पसिना– यी मनुष्यका बाह्र मल हुन्।

एका लिङ्गे गुदा तिस्रस्तथैकत्र करे दश।
उभयोः सप्त दातव्या मृदः शुद्धिमभीप्सता ॥ १३६ ॥

शुद्धिको इच्छा गर्नेले लिङ्गमा एकपल्ट र मलद्वारमा तीनपल्ट, देब्रे हातमा दसपल्ट र दुवै हातमा सातपल्ट माटो लगाएर पानीले धोउन्।

एतच्छौचं गृहस्थानां द्विगुणं ब्रह्मचारिणाम्।
त्रिगुणं स्याद्वनस्थानां यतीनां तु चतुर्गुणम् ॥ १३७ ॥

यो शौच गृहस्थहरूको लागि हो, ब्रह्मचारीहरूले यसको दोब्बर, वानप्रस्थीहरूले तेब्बर र संन्यासीहरूले चौबर शौच गर्नुपर्छ।

कृत्वा मूत्रं पुरीषं वा स्वान्याचान्त उपस्पृशेत्।
वेदमध्येष्यमाणश्च अन्नमश्नंश्च सर्वदा॥ १३८॥

मूत्र वा शौच गरेर शौचादिबाट निवृत्त भएर जसले वेद पढ्न, भोजन गर्न चाहे तिनले आचमन गरेर इन्द्रियहरूका छिद्रहरू (आँखा, कान आदि) लाई स्पर्श गरून्।

त्रिराचामेदपः पूर्वं द्विःप्रमृज्यात्ततो मुखम्।
शरीरं शौचमिच्छन् हि स्त्री शूद्रस्तु सकृत्सकृत्॥ १३९॥

शरीर शुद्धिका निम्ति पुरुषले पहिला तीनपल्ट आचमन गरून् र दुईपल्ट मुख धोउन्, तर स्त्री र शूद्रले एक-एक पल्ट गरून्।

शूद्राणां मासिकं कार्यं वपनं न्यायवर्तिनाम्।
वैश्यवच्छौचकल्पश्च द्विजोच्छिष्टं च भोजनम्॥ १४०॥

शास्त्रोक्त नियमअनुसार रहने शूद्रहरूले महिना महिनामा शिरको कपाल कटाउनुपर्छ। जनन-मरणमा वैश्यको समान शौच क्रिया गर्नुपर्छ र द्विजको उच्छिष्ट खानुपर्छ।

नोच्छिष्टं कुर्वते मुख्या विप्रुषोऽङ्गे पतन्ति वाः।
न श्मश्रूणि गतान्यास्यं न दन्तान्तरधिष्ठितम्॥ १४१॥

मुखबाट निस्केका जल-कण शरीरमाथि परेमा त्यसबाट शरीर जूठो हुँदैन। दाह्री-जुँगाको कपाल मुखमा पस्यो भने त्यो जूठो हुँदैन र दाँतको बीचमा अड्केको अन्नले मुखलाई जूठो गर्दैन।

स्पृशन्ति बिन्दवः पादौ य आचामयतः परान्।
भौमिकैस्ते समा ज्ञेया न तैराप्रयतो भवेत्॥ १४२॥

अरूलाई आचमन गराउँदा खुट्टामा पानीका छींटा पऱ्यो भने त्यसलाई भूईंमा भएकै जल जस्तो ठान्नु, त्यसबाट शरीर अशुद्ध हुँदैन।

उच्छिष्टेन तु संस्पृष्टो द्रव्यहस्तः कथंचन।
अनिधायैव तद्द्रव्यमाचान्तः शुचितामियात्॥ १४३॥

हातमा कुनै वस्तु लिइरहेको बेला यदि जूठो मुख भएको व्यक्तिसित स्पर्श भएमा त्यो वस्तु नराखिकनै आचमन गर्नाले शुद्धि हुन्छ।

वान्तो विरिक्तः स्नात्वा तु घृतप्राशनमाचरेत्।
आचामेदेव भुक्त्वान्नं स्नानं मैथुनिनः स्मृतम्॥ १४४॥

वमन र पखाला भएमा स्नान गरेर घिउ पिउने। भोजनपछि वमन भएमा मात्र आचमन गर्ने। ऋतुमती स्त्रीसँग रमण गरेमा स्नान गर्नुपर्छ।

सुप्त्वा क्षुत्वा च भुक्त्वा च निष्ठीव्योक्त्वाऽनृतानि च।

पीत्वापोऽध्येष्यमाणश्च आचमेत्प्रयतोऽपि सन्॥ १४५॥

वेद पढ्ने इच्छा भएको व्यक्तिले सुत्दा, हाच्छ्यूँ गर्दा, खाँदा, थुक्दा, झुटो बोल्दा र पानी पिउँदा आफू पवित्र भए पनि आचमन गरून्।

एष शौचविधिः कृत्स्नो द्रव्यशुद्धिस्तथैव च।

उक्तो वः सर्ववर्णानां स्त्रीणां धर्मान्निबोधत॥ १४६॥

यी सबै वर्णहरूको आशौचको व्यवस्था र द्रव्य शुद्धिको विधि तपाईंहरूसित भनें। अब स्त्रीहरूको धर्म सुन्नुहोस्।

बालया वा युवत्या वा वृद्धया वाऽपि योषिता।

न स्वातन्त्र्येण कर्तव्यं किञ्चित्कार्यं गृहेष्वपि॥ १४७॥

बालिका हुन् वा युवती वा वृद्धा हुन्, स्त्रीले स्वतन्त्रतापूर्वक घरको कुनै काम गर्नु हुँदैन।

बाल्ये पितुर्वशे तिष्ठेत्पाणिग्राहस्य यौवने।

पुत्राणां भर्तरि प्रेते न भजेत्स्त्री स्वतन्त्रताम्॥ १४८॥

स्त्री बाल्यकालमा पिताको, यौवनावस्थामा पतिको र पति परलोक भएमा पुत्रहरूको अधीन रहुन्, कहिले स्वतन्त्र भएर नरहुन्।

पित्रा भर्त्रा सुतैर्वापि नेच्छेद्विरहमात्मनः।

एषां हि विरहेण स्त्री गर्ह्ये कुर्यादुभे कुले॥ १४९॥

पिता, पति र पुत्रबाट छुट्टिएर रहने इच्छा स्त्रीले नगरून् किनभने यिनीहरूबाट छुट्टिएर रहने स्त्रीले दुवै (पति र पितृ) कुललाई निन्दित गर्छन्।

सदाप्रहृष्टया भाव्यं गृहकार्येषु दक्षया।

सुसंस्कृतोपस्करया व्यये चामुक्तहस्तया॥ १५०॥

स्त्रीले सधैं प्रसन्न रहेर दक्षताको साथ घरका कामहरूलाई सँभाल्नुपर्छ। दिनहुँ व्यवहारमा आइपर्ने सामग्रीहरू (आभूषण, भाँडाकुँडा आदि) लाई सफा राख्नुपर्छ र जहाँसम्म हुनसक्छ थोरै खर्च गर्नुपर्छ।

यस्मै दद्यात्पिता त्वेनां भ्राता वाऽनुमते पितुः।

तं शुश्रूषेत जीवन्तं संस्थितं च न लङ्घयेत्॥ १५१॥

पिता वा पिताको आज्ञाले दाज्यू–भाइले जुन पुरुषका हात जिम्मा लगाएका हुन्छन्, जीवित अवस्थामा उनको शुद्ध हृदयले सेवा गरून् र उनको (पति) मृत्यु भएमा धर्मको उल्लंघन नगरून्।

मङ्गलार्थं स्वस्त्ययनं यज्ञश्चासां प्रजापतेः।
प्रयुज्यते विवाहेषु प्रदानं स्वाम्यकारणम्॥१५२॥

विवाहमा यी दुवै पति–पत्नीका निम्ति स्वस्त्ययन र प्रजापतिका उद्देश्यले जुन हवन गरिन्छ त्यो उनको कल्याण निमित्तक कर्म हुन्। तर वाग्दान भैसकेपछि स्त्रीमाथि स्वामीको अधिकार हुन जान्छ।

अनृतावृतुकाले च मन्त्रसंस्कारकृत्पतिः।
सुखस्य नित्यं दातेह परलोके च योषितः॥१५३॥

मन्त्र संस्कारद्वारा प्राप्त पति ऋतुकालमा र अनृतुकालमा स्त्रीलाई यस लोकमा नित्य सुख दिन्छन् र परलोकमा पनि सुख दिने हुन्छन्।

विशीलः कामवृत्तो वा गुणैर्वा परिवर्जितः।
उपचर्यः स्त्रिया साध्व्या सततं देववत्पतिः॥१५४॥

यदि पति अनाचारी हुन्छ वा परस्त्रीमा अनुरक्त हुन्छ अथवा विद्यादि गुणहरूले रहित छ भने साध्वी स्त्रीले सधैं देवता मानेर आफ्नो पतिको सेवा गर्नुपर्छ।

नास्ति स्त्रीणां पृथग्यज्ञो न व्रतं नाप्युपोषणम्।
पतिं शुश्रूषते येन तेन स्वर्गे महीयते॥१५५॥

स्त्रीहरूका लागि न छुट्टै यज्ञ छ, न व्रत छ र नै उपवास छ। पतिको सेवाबाट नै तिनी स्वर्गलोकमा पूजित हुन्छिन्।

पाणिग्राहस्य साध्वी स्त्री जीवतो वा मृतस्य वा।
पतिलोकमभीप्सन्ती नाचरेत्किञ्चिदप्रियम्॥१५६॥

स्वर्गलोक पाउने इच्छा गर्ने सुशीला स्त्रीले आफ्ना जीवित वा परलोक भएका पतिका निम्ति कुनै पनि अप्रिय कर्म नगरून्।

कामं तु क्षपयेद्देहं पुष्पमूलफलैः शुभैः।
न तु नामापि गृह्णीयात्पत्यौ प्रेते प रस्य तु॥१५७॥

पति परलोक भएका स्त्रीले पवित्र फलफूल र मूल खाएर आफ्नो शरीर क्षीण गराउन्, तर परपुरुषको कहिलै नाम नलिउन्।

आसीतामरणात्क्षान्ता नियता ब्रह्मचारिणी।
यो धर्म एकपत्नीनां काङ्क्षन्ती तमनुत्तमम्॥ १५८॥

विधुवी स्त्रीले पतिव्रता धर्मको इच्छा गर्दै अन्तिम समयसम्म क्षमायुक्त र नियमपूर्वक ब्रह्मचारिणी भएर रहुन्।

अनेकानि सहस्राणि कुमारब्रह्मचारिणाम्।
दिवं गतानि विप्राणामकृत्वा कुलसंततिम्॥ १५९॥

हजारौं अविवाहित ब्रह्मचारी ब्राह्मण वंशवृद्धिका निम्ति पुत्रोत्पादन नगरे पनि स्वर्गलोक गएका छन्।

मृते भर्तरि साध्वी स्त्री ब्रह्मचर्ये व्यवस्थिता।
स्वर्गं गच्छत्यपुत्रापि यथा ते ब्रह्मचारिणः॥ १६०॥

जुन पतिव्रता स्त्री पतिको मृत्युपश्चात् पनि ब्रह्मचर्यमा स्थिर रहन्छन्, ती पुत्रहीन भएर पनि ब्रह्मचारी पुरुषहरू भैं स्वर्गलोक जान्छिन्।

अपत्यलोभाद्या तु स्त्री भर्तारमतिवर्तते।
सेह निन्दामवाप्नोति पतिलोकाच्च हीयते॥ १६१॥

जुन स्त्री सन्तान लोभले पतिको अतिक्रमण गर्छिन् (अर्थात् परपुरुषसँग व्यभिचार गर्छिन्) यस लोकमा उनको निन्दा हुन्छ र परलोकमा पनि उनी भ्रष्ट हुन्छिन्।

नान्योत्पन्ना प्रजास्तीह न चाप्यन्यपरिग्रहे।
न द्वितीयश्च साध्वीनां क्वचिद्भर्तोपदिश्यते॥ १६२॥

अन्य पुरुषबाट उत्पन्न त्यो सन्तान शास्त्रसम्मत हुँदैन र अर्काकी स्त्रीमा उत्पादित सन्तान पनि उत्पादकको हुँदैन। पतिव्रता स्त्रीहरूलाई अर्को पतिको उपदेश कतै पनि गरिएको छैन।

पतिं हित्वाऽपकृष्टं स्वमुत्कृष्टं या निषेवते।
निन्द्यैव सा भवेल्लोके परपूर्वेति चोच्यते॥ १६३॥

जुन स्त्रीले आफ्ना गुणहीन पतिलाई छोडेर कुनै अरू श्रेष्ठ पुरुषलाई स्वीकार गर्छिन् भने उनी समाजमा निन्दनीय हुन्छिन्। उसलाई लोकले व्यभिचारिणी भनेर निन्दा गर्छन्।

व्यभिचारात्तु भर्तुः स्त्री लोकेप्राप्नोति निन्द्यताम्।
शृगालयोनिं प्राप्नोति पापरोगैश्च पीड्यते॥ १६४॥

परपुरुषका साथ व्यभिचार गर्नाले स्त्री संसारमा निन्दित मानिन्छिन् र मृत्युपश्चात श्रृगाल (फ्याउरो) हुन्छिन् र कुष्टादि रोगबाट पीडित हुन्छिन्।

पतिं या नाभिचरति मनोवाग्देहसंयुता।

सा भर्तृलोकमाप्नोति सद्भिः साध्वीति चोच्यते॥ १६५॥

जुन स्त्रीले मन, वचन र कर्मले पतिका विरुद्ध आचरण गर्दैनन्, तिनले मृत्युपश्चात् पतिलोक पाउँछिन् र यस लोकमा पनि असल मानिसहरू प्रशंसा गर्दछन्।

अनेन नारीवृत्तेन मनोवाग्देहसंयुता।

इहाग्र्यां कीर्तिमाप्नोति पतिलोकं परत्र च॥ १६६॥

नारी धर्मको अनुसार जो स्त्री तन, मन र वचनले पतिको सेवा गर्छन्, तिनले यस लोकमा सुयश पाउँछन् र मृत्युपश्चात पतिका साथ स्वर्गको सुख भोग्छिन्।

एवं वृत्तां सवर्णां स्त्री द्विजातिः पूर्वमारिणीम्।

दाहयेदग्निहोत्रेण यज्ञपात्रैश्च धर्मवित्॥ १६७॥

शास्त्रोक्त विधिले हिंड्ने सजातीया स्त्री यदि पतिभन्दा पहिला मरिन् भने धर्मज्ञ द्विज (स्त्रीका पति) ले अग्निहोत्र र यज्ञपात्रहरूद्वारा उनको दाह-संस्कार गरून्।

भार्यायै पूर्वमारिण्यै दत्त्वाग्नीनन्त्यकर्मणि।

पुनर्दारक्रियां कुर्यात्पुनराधानमेव च॥ १६८॥

पति भन्दा पहिला मृत्यु भएकी स्त्रीका अन्त्यकर्ममा अग्नि दिइसकेपछि इच्छा भए ती पुरुषले पुनर्विवाह गरेर (श्रौत वा स्मार्त) अग्निहोत्र लिउन्।

अनेन विधिना नित्यं पञ्चयज्ञान्न हापयेत्।

द्वितीयमायुषो भागं कृतदारो गृहे वसेत्॥ १६९॥

यस विधिबाट यथाशक्ति पञ्च यज्ञहरू नित्य नियमपूर्वक गरून्, कहिलै नछोड्नुन् र जीवनको अर्को भागमा विवाह गरेर गृहस्थाश्रममा रहुन्।

॥ इति पञ्चम अध्याय समाप्त ॥

षष्ठोऽध्यायः

एवं गृहाश्रमे स्थित्वा विधिवत्स्नातको द्विजः।
वने वसेत्तु नियतो यथावद्विजितेन्द्रियः॥ १॥

यसप्रकार स्नातक द्विजले विधिवत् गृहधर्मको पालन गरून्, त्यस पश्चात् जितेन्द्रिय भएर नियमपूर्वक धर्मको अनुष्ठान गर्दै वनमा निवास गरून्।

गृहस्थस्तु यदा पश्येद्वलीपलितमात्मनः।
अपत्यस्यैव चापत्यं तदाऽरण्यं समाश्रयेत्॥ २॥

गृहस्थले जब आफ्नो शरीरमा चाउरी परेको, केश सेतै भइसकेको र आफ्ना पुत्रको पनि पुत्र भइसकेको देख्छन् तब उनले वनमा आश्रय लिउन्।

सन्त्यज्य ग्राम्यमाहारं सर्वं चैव परिच्छदम्।
पुत्रेषु भार्यां निक्षिप्य वनं गच्छेत्सहैव वा॥ ३॥

ग्राम्य आहार (चामल, पीठो आदि) र वस्त्रालंकरादि त्यागेर, स्त्रीलाई पुत्रको जिम्मा लगाएर वा आफ्नो साथ लिएर वनमा जाउन्।

अग्निहोत्रं समादाय गृह्यं चाग्निपरिच्छदम्।
ग्रामादरण्यं निःसृत्य निसवेन्नियतेन्द्रियः॥ ४॥

घरको होमाग्नि र त्यसका उपकरण (स्रुक्, स्रुवा आदि) लिई गाउँबाट निस्किएर संयतेन्द्रिय भएर वनमा निवास गरून्।

मुन्यन्नैर्विविधैर्मेध्यैः शाकमूलफलेन वा।
एतानेव महायज्ञान्निर्वपेद्विधिपूर्वकम्॥ ५॥

वानप्रस्थ भएपछि वनमा मुनिहरूको अन्न (नीवार आदि)ले अथवा शाक, फल, मूलले विधिपूर्वक पञ्चमहायज्ञ गरून्।

वसीत चर्म–चीरं वा सायं स्नायात्प्रगे तथा।
जटाश्च विभृयान्नित्यं श्मश्रुलोमनखानि च॥ ६॥

मृगचर्म वा बल्कल धारण गरून्, प्रातःकाल र सायंकाल स्नान गरून्। जटा, दाह्री, जुँघा र नङ यिनलाई नित्य धारण गरून् अर्थात् यिनलाई नकाटुन्।

यद्भक्ष्यं स्यात्ततो दद्याद् बलिं भिक्षां च शक्तितः।
अप्मूलफलभिक्षाभिरर्चयेदाश्रमागतान् ॥ ७॥

आश्रममा जो सुहाउँदा भोजन छन्, त्यसैबाट यथाशक्ति बलि र भिक्षा दिउन्। आश्रममा आएका अतिथिलाई जल, मूल, फलका भिक्षाले पूजन गरून्।

स्वाध्याये नित्ययुक्तःस्याद् दान्तो मैत्रः समाहितः।
दाता नित्यमनादाता सर्वभूतानुकम्पकः ॥ ८ ॥

वेदको अध्ययनमा नित्य लागिरहुन्, जाडो-गर्मीलाई सहुन्, सबैको उपकार गरून्, मनलाई आफ्नो वशमा राखेर नित्य दान गरून्, तर आफू भने दान नलिउन् र सबै जीवहरूमाथि दया राखुन्।

वैतानिकं च जुहुयादग्निहोत्रं यथाविधि।
दर्शमस्कन्दयन्पर्वं पौर्णमासं च योगतः ॥ ९ ॥

औंशी र पूर्णिमा दुवै पर्वहरूका यज्ञहरूलाई नछोडिकन समयमा यथोक्त विधिले वैतानिक अग्निहोत्र गरून्।

ऋक्षेष्ट्याग्रयणं चैव चातुर्मास्यानि चाहरेत्।
तुरायणं च क्रमशो दाक्षस्यायनमेव च ॥ १० ॥

नक्षत्रेष्ठि (नक्षत्रमा), आग्रयण (मंगसीरमा), चातुर्मास्य (चौमासा), तुरायण (मन लाग्दा गरिने यज्ञ-कर्म) र दाक्षायण (सत्ताइसै नक्षत्रलाई सम्झिएर गरिने) यी वेदकर्महरू क्रमशः गरून्।

वासन्तशारदैर्मेध्यैर्मुन्यन्नैः स्वयमाहृतैः।
पुरोडाशांश्चरूंश्चैव विधिवन्निर्वपेत्पृथक् ॥ ११ ॥

स्वयंले रोपिएका वसन्त र शरद् ऋतुका पवित्र मुन्यन्न (नीवार आदि) ले यथाविधि पुरोडास र चरु भिन्नाभिन्नै बनाउन्।

देवताभ्यस्तु तद्धुत्वा वन्यं मेध्यतरं हविः।
शेषमात्मनि युञ्जीत लवणं च स्वयं कृतम् ॥ १२ ॥

त्यो वन्य, अति पवित्र हवि देवताहरूका निम्ति अग्निमा हवन गरेर शेष आफ्नो उपयोगमा ल्याउन् र नून पनि आफ्ना हातले निकालेको नै खाउन्।

स्थलजौदकशाकानि पुष्पमूलफलानि च।
मेध्यवृक्षोद्भवान्यद्यात्स्नेहंश्च फलसम्भवान् ॥ १३ ॥

भूमि तथा जलमा उब्जिएका साग र वृक्षका पवित्र फूल, मूल तथा फल र फलबाट बनेको स्नेह भोजन गरून्। फलहरूबाट निस्किएको तेल पनि खाउन्।

वर्जयेन्मधु मांसं च भौमानि कवकानि च।
भूस्तृणं शिग्रुकं चैव श्लेष्मातकफलानि च ॥ १४ ॥

मह, मासु, भूस्तृण (एक प्रकारको साग), शिग्रुक (सहिजन), श्लेष्मातक (बोडी)- यी सबै नखाउन्।

त्यजेदाश्वयुजे मासि मुन्यन्नं पूर्वसञ्चितम्।
जीर्णानि चैव वासांसि शाकमूलफलानि च॥ १५॥

अघिल्ला वर्षका संचित गरिएका मुन्यन्न (नीवार आदि अन्न), पुराना वस्त्र आदि र साग, कन्द एवं फल असोज महिनामा नखाउन्।

न फालकृष्टमश्नीयादुत्सृष्टमपि केनचित्।
न ग्रामजातान्यार्तोऽपि मूलानि च फलानि च॥ १६॥

खेतबाट उब्जिएको (फाली लागेको) अन्न कसैले दिए पनि नखाउन्। गाउँमा जुन फल, मूल हलोले नजोतेर उत्पन्न भएका हुन्छन्, तिनलाई भोकले आत्तिएको भए पनि नखाउन्।

अग्निपक्वाशनो वा स्यात् कालपक्वभुगेव वा।
अश्मकुट्टो भवेद्वाऽपि दन्तोलूखलिकोऽपि वा॥ १७॥

आगाले पकाएको वनको अन्न वा समयअनुसार पाकेका फल वा ढुंगाले कुटेको अन्न खाउन्, अथवा दाँत, मुखलाई नै ओखल र मुस्ली बनाउन् अर्थात् चबाएर खाउन्।

सद्यः प्रक्षालको वा स्यान्माससञ्चयिकोऽपि वा।
षण्मासनिचयो वा स्यात्समानिचय एव वा॥ १८॥

भोजन गरेर भाँडा धोएर राखियोस् यति नै (अर्थात् एक पल्टलाई खान पुग्ने) अन्न संग्रह गरून् अथवा एक महिना वा छः महिना वा (धेरैभन्दा धेरै) एक वर्षको लागि जीवन निर्वाह योग्य अन्न सञ्चित गरून्।

नक्तं चान्नं समश्नीयाद्दिवा वाऽऽहृत्य शक्तितः।
चतुर्थकालिको वा स्यात्स्याद्वाप्यष्टमकालिकः॥ १९॥

यथाशक्ति दिनभरिमा अन्न जम्मा पारेर प्रदोषकाल (सन्ध्यापश्चात्) मा भोजन गरून् अथवा एक दिन उपवास गरेर अर्को दिन नियमित समयमा एकपल्ट भोजन गरून् अथवा दुई दिन उपवास गरेर तेस्रो दिन एकपल्ट भोजन गरून्।

चान्द्रायणविधानैर्वा शुक्लकृष्णे च वर्तयेत्।
पक्षान्तयोर्वाऽप्यश्नीयाद्यवागूं कथितां सकृत्॥ २०॥

चान्द्रायण व्रतका विधानले शुक्ल-कृष्णपक्षमा क्रमशः भोजनको मात्रा बढाउन्-घटाउन् वा पक्षका अन्तमा एकपल्ट उमालेको यवागू[1] (गीलो हलुवा) पिउन्।

---

[1] षड्गुणजलपक्वघनद्रवद्रव्यविशेषः।

पुष्पमूलफलैर्वाऽपि केवलैर्वर्तयेत् सदा।
कालपक्वैः स्वयंशीर्णैर्वैखानसमते स्थितः ॥ २१ ॥

अथवा वानप्रस्थ धर्ममा रहेर शुद्ध फल, फूल र मूल जुन समयमा पाकेर आफै झर्छन्, त्यसैबाट जीवन निर्वाह गरून्।

भूमौ विपरिवर्तेत तिष्ठेद्वा प्रपदैर्दिनम्।
स्थानासनाभ्यां विहरेत्सवनेषूपयन्नपः ॥ २२ ॥

भुईंमा लुटपुट्ट गर्दै लडिरहुन् वा दिनभरि दुवै खुट्टाको अग्रभागमा उभिरहुन्। अथवा आफ्नो ठाउँ र आसनमा केही समय उभिरहुन् र केही समय बसुन् अनि त्रिकाल स्नान गरून्।

ग्रीष्मे पञ्चतपास्तु स्याद्वर्षास्वभ्रावकाशिकः।
आर्द्रवासास्तु हेमन्ते क्रमशो वर्धयंस्तपः ॥ २३ ॥

ग्रीष्म ऋतुमा पञ्चाग्निले आफूलाई तपाउन्, वर्षा ऋतुमा जहाँ झरी पर्छ त्यहाँ मैदानमा रहुन् र हेमन्त ऋतुमा भिजेका लुगा लगाएर क्रमैसँग तपलाई बढाउन्।

उपस्पृशंस्त्रिषवणं पितृन्देवांश्च तर्पयेत्।
तपश्चरंश्चोग्रतरं शोषयेद् देहमात्मनः ॥ २४ ॥

प्रातः, मध्याह्न र सायंकालमा स्नान गरेर देव, ऋषि र पितृहरूलाई तर्पण गरून् र तीव्र तपश्चर्या गरेर आफ्ना शरीरलाई सुकाउन्।

अग्नीनात्मनि वैतानान्समारोप्य यथाविधि।
अनग्निरनिकेतः स्यान्मुनिर्मूलफलाशनः ॥ २५ ॥

वैतान अग्निलाई यथाविधिले आफूमा समारोपित गरेर (अर्थात् लौकिक अग्नि र घरलाई त्याग गरेर) मौनव्रत धारण गरून् र कन्दमूल खाएर निर्वाह गरून्।

अप्रयत्नः सुखार्थेषु ब्रह्मचारी धराशयः।
शरणेष्वममश्चैव वृक्षमूलनिकेतनः ॥ २६ ॥

शारीरिक सुख भोग गर्नका लागि प्रयत्न नगरून्, ब्रह्मचारी रहुन् (अर्थात् आठै[२] प्रकारका मैथुनको त्याग गरून्), भूईंमा सुतुन्, निवास स्थानमा ममतारहित भएर रूखको फेदमा रहुन्।

---

[२] स्मरणं कीर्तनं केलि प्रेक्षणं गुह्यभाषणम्।
संकल्पोऽध्यवसायश्च क्रियानिष्पत्तिरेव च ॥

तापसेष्वेव विप्रेषु यात्रिकं भैक्षमाहरेत्।
गृहमेधिषु चान्येषु द्विजेषु वनवासिषु॥ २७॥

(फलफूल नपाइएमा) तपस्वी ब्राह्मणहरूसित नै प्राण रक्षाका निम्ति भिक्षा ग्रहण गरून्, यसका अभावमा अन्य वनवासी गृहस्थ ब्राह्मणहरूसित भिक्षा लिउन्।

ग्रामादाहृत्य वाऽश्नीयादष्टौ ग्रासान्वने वसन्।
प्रतिगृह्य पुटेनैव पाणिना शकलेन वा॥ २८॥

अथवा गाउँबाट भिक्षा ल्याउन् र वनमा बसेर त्यसबाट आठ गाँस पात वा खबटां वा हातले उठाएर खाउन्।

एताश्चान्याश्च सेवेत दीक्षा विप्रो वने वसन्।
विविधाश्चौपनिषदीरात्मसंसिद्धये श्रुतीः॥ २९॥

दीक्षित ब्राह्मण वनमा रहँदै यी पूर्वोक्त र अन्य नियमहरूको पालन र वेदका विविध उपनिषद्हरूलाई आत्मज्ञानका निम्ति मनोयोग पूर्वक पढुन्।

ऋषिभिर्ब्राह्मणैश्चैव गृहस्थैरेव सेविताः।
विद्यातपोविवृद्ध्यर्थं शरीरस्य च शुद्धये॥ ३०॥

कारण ऋषि, ब्राह्मण र गृहस्थहरूले शरीर शुद्धि र विद्या, तपको वृद्धिका लागि उपरोक्त नियमहरूको सेवन गरेका हुन्।

अपराजितां वास्थाय ब्रजेद्दिशमजिह्मगः।
आनिपाताच्छरीरस्य युक्तो वार्यनिलाशनः॥ ३१॥

असाध्य रोगहरू भएमा ईशान दिशातिर मुख गरेर सजिलो गतिले योगनिष्ठ भएर जल, वायु भक्षण गर्दै शरीर नछुट्उन्जेलसम्म बराबर गमन गर्दै रहुन्।

आसां महर्षिचर्याणां त्यक्त्वाऽन्यतमया तनुम्।
वीतशोकभयो विप्रो ब्रह्मलोके महीयते॥ ३२॥

यी ऋषिहरूका दिनचर्याका अनुसार अनुष्ठानादि गर्दै जुन ब्राह्मण शोक र भयरहित भएर शरीरको त्याग गर्दछन्, ती ब्रह्मलोकमा पूजित हुन्छन्।

वनेषु च विहृत्यैवं तृतीयं भागमायुषः।
चतुर्थमायुषो भागं त्यक्त्वा सङ्गान्परिव्रजेत्॥ ३३॥

आयुको तेस्रो भाग वनमा व्यतीत गरेर आयुको चौथो भागमा सम्पूर्ण सङ्गहरू परत्याग गरेर संन्यास ग्रहण गरून्।

आश्रमादाश्रमं गत्वा हुतहोमो जितेन्द्रियः।
भिक्षाबलिपरिश्रान्तः प्रव्रजन्प्रेत्य वर्धते ॥ ३४ ॥

एउटा आश्रमबाट अर्को आश्रममा गई जितेन्द्रिय भएर भिक्षा बलि–वैश्वदेव र अग्निहोत्र आदि नित्य कर्म गर्दागर्दै थाकिएमा जसले अन्त्यमा संन्यास ग्रहण गरेर देह (शरीर) त्याग गर्दछन्, उनले परलोकमा महान् कल्याण लाभ प्राप्त गर्दछन्।

ऋणानि त्रीण्यपाकृत्य मनो मोक्षे निवेशयेत्।
अनपाकृत्य मोक्षं तु सेवमानो व्रजत्यधः ॥ ३५ ॥

तीनवटै ऋणहरू अर्थात् देवऋण, ऋषिऋण र पितृऋणबाट मुक्त भएर मनलाई मोक्षमा लगाउन्। ऋण–शोधन नगरी जो मोक्षार्थी हुन्छन् ती नरकगामी हुन्छन्।

अधीत्य विधिवद्वेदान्पुत्रांश्चोत्पाद्य धर्मतः।
इष्ट्वा च शक्तितो यज्ञैर्मनो मोक्षे निवेशयेत् ॥ ३६ ॥

विधिपूर्वक वेदहरू पढेर, धर्मद्वारा पुत्रहरू उत्पन्न गरेर र यथाशक्ति यज्ञहरूको अनुष्ठान गरेपछि मात्र चतुर्थ आश्रम (संन्यास) मा मन लगाउन्।

अनधीत्य द्विजो वेदाननुत्पाद्य तथा सुतान्।
अनिष्ट्वा चैव यज्ञैश्च मोक्षमिच्छन्व्रजत्यधः ॥ ३७ ॥

वेदहरू नपढी, पुत्रहरूको उत्पत्ति र यज्ञहरूको अनुष्ठान नगरी (अकृत ऋषिऋण, पितृऋण र देवऋणबाट मुक्त नभै) जुन द्विजले संन्यास धारणको इच्छा गर्दछन्, ती नीच गतिलाई प्राप्त हुन्छन्।

प्राजापत्यां निरूप्येष्टिं सर्ववेदसदक्षिणाम्।
आत्मन्यग्नीन्समारोप्य ब्राह्मणः प्रव्रजेद् गृहात् ॥ ३८ ॥

प्राजापत्य यज्ञ (जसमा सर्वस्व दक्षिणामा दिइन्छ) लाई शास्त्रोक्त विधिले पूरा गरेर स्वयंले अग्निलाई समारोपित गरी ब्राह्मण संन्यास ग्रहण गर्नका लागि घरबाट निस्कियून्।

यो दत्त्वा सर्वभूतेभ्यः प्रव्रजत्यभयं गृहात्।
तस्य तेजोमया लोका भवन्ति ब्रह्मवादिनः ॥ ३९ ॥

जसले सबै प्राणीहरूलाई अभय दिएर घरबाट संन्यासका निम्ति जान्छन्, ती ब्रह्मवादीलाई तेजोमय लोक प्राप्त हुन्छ।

यस्मादण्वपि भूतानां द्विजान्नोत्पद्यते भयम्।
तस्य देहाद्विमुक्तस्य भयं नास्ति कुतश्चन ॥ ४० ॥

जसबाट प्राणीहरूलाई अणु मात्र पनि भय हुँदैन, त्यस देहले मुक्त भएका पुरुषलाई कहीं पनि कसैको भय रहँदैन।

अगारादभिनिष्क्रान्तः पवित्रोपचितो मुनिः।
समुपोढेषु कामेषु निरपेक्षः परिव्रजेत्॥ ४१॥

घरबाट निस्किएर दण्ड, कमण्डलु आदि पवित्र पदार्थहरू साथमा लिउन्, कसैसित व्यर्थको भाषण नगरून् र स्वादिला भोज्य पदार्थहरूको पनि कुनै इच्छा नलिई भ्रमण गरून्।

एक एव चरेन्नित्यं सिद्ध्यर्थमसहायवान्।
सिद्धिमेकस्य संपश्यन्न जहाति न हीयते॥ ४२॥

मोक्ष प्राप्तिका लागि असहाय भएर एक्लै नै भ्रमण गरून्। यसरी उनले कसैलाई त्याग्दैनन् न कसैबाट त्यागिन्छन्। (अर्थात् उनलाई कसैलाई छोड्नाले न कसैले नछोड्नाले नै दुःख हुन्छ)

अनग्निरनिकेतः स्यात् ग्राममन्नार्थमाश्रयेत्।
उपेक्षकोऽसंकुसुको मुनिर्भावसमाहितः॥ ४३॥

अग्नि र घररहित भएर रहुन्। रोगादिको चिन्ता नगरून्। स्थिर बुद्धि र मौन भएर विशुद्ध भावले ब्रह्मको मनन गर्दै भोजनका निम्ति गाउँमा जाउन्।

कपालं वृक्षमूलानि कुचेलमसहायता।
समता चैव सर्वस्मिन्नेतन्मुक्तस्य लक्षणम्॥ ४४॥

खप्पर (भोजनका लागि), रूखको फेद (वासका लागि), बाक्ला पुराना लुगा (लगाउनका लागि), कुनै सहायक नहुनु र सबैतिर समभाव राख्नु- यी मुक्त पुरुषका लक्षण हुन्।

नाभिनन्देत मरणं नाभिनन्देत जीवितम्।
कालमेव प्रतीक्षेत निर्देशं भृतको यथा॥ ४५॥

मर्ने इच्छा नगरून् न बाँच्ने इच्छा नै गरून्, तर जसरी सेवकले आफ्नो मालिकको आज्ञालाई पर्खिएको हुन्छ त्यसैगरी संन्यासीले काललाई पर्खिउन्।

दृष्टिपूतं न्यसेत्पादं वस्त्रपूतं जलं पिबेत्।
सत्यपूतां वदेद्वाचं मनःपूतं समाचरेत्॥ ४६॥

आँखाले भूईंलाई हेरेर पाउ टेकुन्, वस्त्रले छानेर पानी पिउन्, सत्य वचन (बोली) बोलुन् र पवित्र मनले कार्य गरून्।

अतिवादांस्तितिक्षेत नावमन्येत कञ्चन।
न चेमं देहमाश्रित्य वैरं कुर्वीत केनचित्॥ ४७॥

कसैले धेरै वाद-विवाद गऱ्यो भने त्यसलाई सहन गरून्, तर कसैको अपमान नगरून्। यस शरीरको आश्रयमा रहेर कसैसित शत्रुता नगरून्।

क्रुद्ध्यन्तं न प्रतिक्रुद्ध्येदाक्रुष्टः कुशलं वदेत्।
सप्तद्वारावकीर्णां च न वाचमनृतां वदेत्॥ ४८॥

क्रोधले भरिएका मनुष्यलाई क्रुद्ध भएर जवाब नफर्काउन्, कसैले निन्दा गऱ्यो भने आफू भद्र वचन नै बोलुन्। (पाँच ज्ञानेन्द्रिय, मन र बुद्धि) यी सात द्वारबाट ग्रहण गरिने विषयहरूको चर्चा नगरून् (ब्रह्मविषयक सत्य वचन मात्र बोलुन्)।

अध्यात्मरतिरासीनो निरपेक्षो निरामिषः।
आत्मनैव सहायेन सुखार्थी विचरेदिह॥ ४९॥

सधैं अध्यात्मको चिन्तनमा नै लागिरहुन्। विषयहरूका इच्छाले रहित निरामिष भएर एउटा देहमात्रको सहायताले मोक्ष सुखको अभिलाषी भएर संसारमा विचरण गरून्।

न चोत्पातनिमित्ताभ्यां न नक्षत्राङ्गविद्यया।
नानुशासनवादाभ्यां भिक्षां लिप्सेत कर्हिचित्॥ ५०॥

(धुम्रकेतु आदि) उत्पात, नेत्र-स्फुरण (आँखा फुर्ने) आदि निमित्त, तिथि-नक्षत्रका योग्य अयोग्य आदि फलाफल भनेर अथवा नीतिका उपदेश वा शास्त्रका कुरा सुनाएर भिक्षा लिने कुरा कहिलै नगरून्।

न तापसैर्ब्राह्मणैर्वा वयोभिरपि वा श्वभिः।
आकीर्णं भिक्षुकैर्वाऽन्यैरगारमुपसंव्रजेत्॥ ५१॥

तपस्वी ब्राह्मणहरूबाट, चराहरूबाट, कुकुरहरूबाट वा अन्य भिक्षुकहरूबाट जसका घर भरिएका हुन्छन्, उनका घर भिक्षाका लागि नजाउन्।

क्लृप्तकेशनखश्मश्रुः पात्री दण्डी कुसुम्भवान्।
विचरेन्नियतो नित्यं सर्वभूतान्यपीडयन्॥ ५२॥

शिरको केश, दाह्री, जुंगा, नङलाई काट्न लगाउनुपर्छ। भिक्षा-पात्र र दण्ड, कमण्डलु साथमै राख्नुपर्छ। सबै प्राणीहरूलाई दुःख नदिइ नित्य नियमपूर्वक भ्रमण गर्नुपर्छ।

अतैजसानि पात्राणि तस्य स्युर्निर्व्रणानि च।
तेषामद्भिः स्मृतं शौचं चमसानामिवाध्वरे॥ ५३॥

संन्यासीहरूका भिक्षा–पात्र धातुको हुनुहुँदैन र तिनमा छींड पनि परेको हुनुहुँदैन। यी पात्रहरूको शुद्धि यज्ञका चमस (हवनका उपकरण) हरूको जस्तै जलबाट नै हुन्छ।

अलावुं दारुपात्रं च मृन्मयं वैदलं तथा।
एतानि यतिपात्राणि मनुः स्वायम्भुवोऽब्रवीत्॥ ५४॥

संन्यासीको भिक्षा–पात्र लौकाको, फलको, काठको, माटोको वा बाँसको बनेको हुनुपर्छ, यस्तो स्वायम्भुव मनुले भन्नुभएको हो।

एककालं चरेद्भैक्षं न प्रसज्जेत विस्तरे।
भैक्षे प्रसक्तो हि यतिर्विषयेष्वपि सज्जति॥ ५५॥

भिक्षा एकपल्ट माग्नुपर्छ। भिक्षाको विस्तार गर्नु हुँदैन। धेरै भिक्षामा आसक्त संन्यासी विषयहरूमा पनि आसक्त हुन सक्छन्।

विधूमे सन्नमुसले व्यङ्गारे भुक्तवज्जने।
वृत्ते शरावसम्पाते भिक्षां नित्यं यतिश्चरेत्॥ ५६॥

जब धुँवा हराइसकेको हुन्छ, मुस्लीको शब्द सुनिन छोड्छ, आगो निभिसकेको हुन्छ, घरका सबै मानिसले खाइपिइ सकेका हुन्छन्, जूठा भाँडाकुडा अलग्ग पारिसकिएको हुन्छ, यस्ता समयमा संन्यासी भिक्षाका लागि गृहस्थका घरमा नित्य जाउन्।

अलाभे न विषादी स्याल्लाभे चैव न हर्षयेत्।
प्राणयात्रिकमात्रः स्यान्मात्रासङ्गाद्विनिर्गतः॥ ५७॥

भिक्षा नपाइएमा विषाद र पाइएमा हर्ष पनि नगरून्। प्राण–यात्रा रक्षाका निम्ति भिक्षाबाट प्राप्त अन्नले जीवन–निर्वाह गरून्, दण्ड–कमण्डलुमा पनि आसक्ति नराखुन्।

अभिपूजितलाभांस्तु जुगुप्सेतैव सर्वशः।
अभिपूजितलाभैश्च यतिर्मुक्तोऽपि बद्ध्यते॥ ५८॥

पूजित भएर भिक्षा स्वीकार गर्नुलाई सबै काल (समय) मा नराम्रो ठानुन्, किनभने पूजित भएर भिक्षा ग्रहण गर्ने संन्यासी मुक्त भएर पनि बद्ध हुन्छन्।

अल्पान्नाभ्यवहारेण रहःस्थानासनेन च।
ह्रियमाणानि विषयैरिन्द्रियाणि निवर्तयेत्॥ ५९॥

अल्पाहार र एकान्त निवास यी दुई उपायबाट विषयहरूद्वारा खिँचिएर लगिएका इन्द्रियहरूलाई वशमा गरून्।

इन्द्रियाणां निरोधेन रागद्वेषक्षयेण च।
अहिंसया च भूतानाममृतत्त्वाय कल्पते॥ ६०॥

इन्द्रियहरूको नियन्त्रणबाट र रागद्वेषको त्याग तथा प्राणीहरूको अहिंसाबाट संन्यासी मोक्षलाई प्राप्त गर्दछ।

अवेक्षेत गतीर्नॄणां कर्मदोषसमुद्भवाः।
निरये चैव पतनं यातनाश्च यमक्षये॥ ६१॥

मनुष्यहरूका कर्मका गति नर्कमा झर्ने र यमलोकका विविध यातनाहरू- यसको विचार गर्नुपर्छ।

विप्रयोगं प्रियैश्चैव संयोगं च तथाऽप्रियैः।
जरया चाभिभवनं व्याधिभिश्चोपपीडनम्॥ ६२॥

प्रियहरूको वियोग, अप्रियहरूको सुयोग, बुढ्यौलीमा हुने क्षय आदि रोगहरूबाट कष्ट (कर्म-दोष)- यी परिणामहरूलाई सम्झिउन्।

देहादुत्क्रमणं चास्मात्पुनर्गर्भे च सम्भवम्।
यो हि कोटिसहस्रेषु सृतीश्चास्यान्तरात्मनः॥ ६३॥

यस शरीरबाट जीवात्मा निस्किएर जानु र फेरि गर्भमा प्रवेश गर्नु, प्राणको वियोग हुनु र अनन्त कोटि योनिहरूमा भ्रमण गर्नु- यी सबै आफ्नै कर्म-दोषका फल हुन्।

अधर्मप्रभवं चैव दुःखयोगं शरीरिणाम्।
धर्मार्थप्रभवं चैव सुखसंयोगमक्षयम्॥ ६४॥

शरीरधारीहरूका सबै दुःख अधर्मबाट हुन्छन् र अक्षय सुखको संयोग धर्मबाट हुन्छ।

सूक्ष्मतां चान्ववेक्षेत योगेन परमात्मनः।
देहेषु च समुत्पत्तिमुत्तमेष्वधमेषु च॥ ६५॥

योगद्वारा परमात्माका सूक्ष्मताको विचार गरून् र कर्मदोषबाट उत्तम- अधम देहहरूमा जन्म हुने कुरा सोचुन्।

दूषितोऽपि चरेद्धर्मं यत्र तत्राश्रमे रतः।
समः सर्वेषु भूतेषु न लिङ्गं धर्मकारणम्॥ ६६॥

जुन कुनै आश्रममा रहे तापनि कुनै दोषबाट दूषित भएमा पनि सबै प्राणीहरूलाई समान दृष्टिले हेरेर धर्मानुष्ठान गरून्। कुनै आश्रमको चिह्न नै त्यस आश्रमको धर्मको कारण हुँदैन।

फलं कतकवृक्षस्य यद्यप्यम्बुप्रसादकम्।
न नामग्रहणादेव तस्य वारि प्रसीदति॥ ६७॥

हुन त कतक (निर्मली) को फल पानीलाई स्वच्छ गर्ने हुन्छ, तर तिनको नाम लिना मात्रले पानी स्वच्छ हुँदैन।

संरक्षणार्थं जन्तूनां रात्रावहनि वा सदा।
शरीरस्यात्यये चैव समीक्ष्य वसुधां चरेत्॥ ६८॥

शरीरको अस्वस्थतामा जीवहरूको प्राण रक्षाका निम्ति दिन होस् वा रात सधैं पृथ्वीलाई हेरेर पाउ राखून्।

अह्ना रात्र्या च याञ्जन्तून् हिनस्त्यज्ञानतो यतिः।
तेषां स्नात्वा विशुद्ध्यर्थं प्राणायामान् षडाचरेत्॥ ६९॥

दिनमा होस् वा रातमा नजानीकन साना–साना जीवहरूलाई (पैतालामुनि थिचिएर) हिंसा हुन गए त्यो पापबाट शुद्ध हुनाको लागि ती संन्यासी स्नान गरेर छः प्राणायाम[३] गरून्।

प्राणायामा ब्राह्मणस्य त्रयोऽपि विधिवत्कृताः।
व्याहृतिप्रणवैर्युक्ता विज्ञेयं परमं तपः॥ ७०॥

व्याहृति र प्रणवसहित यथाविधि तीन प्राणायाम नै ब्राह्मणका निम्ति परम् तप हुन् भनी जान्नुपर्दछ।

दह्यन्ते ध्यायमानानां धातूनां हि यथा मलाः।
तथेन्द्रियाणां दह्यन्ते दोषाः प्राणस्य निग्रहात्॥ ७१॥

आगामा तताउनाले जसरी धातुहरूको मैल डढ्छ, त्यसरी नै प्राणवायुको निग्रह (प्राणायाम) ले इन्द्रियहरूका दोष डढेर जान्छन्।

प्राणायामैर्दहेद्दोषान्धारणाभिश्च किल्बिषम्।
प्रत्याहारेण संसर्गान्ध्यानेनानीश्वरान्गुणान्॥ ७२॥

---

[३] सव्याहृतिं सप्रणवां गायत्रीं शिरसा सह।
त्रिः पठेदायतप्राणः प्राणायामः स उच्यते। इति वशिष्ठः।

प्राणायामले रोगादि दोषहरूको, धारणा[४]ले पापको, प्रत्याहार[५]ले संसर्गको र ध्यानले अनीश्वर गुणहरू (क्रोध, लोभ आदि) को नाश गरून्।

उच्चावचेषु भूतेषु दुर्ज्ञेयामकृतात्मभिः।
ध्यानयोगेन सम्पश्येद् गतिमस्यान्तरात्मनः॥ ७३॥

प्राणीहरू उच्च–नीच योनिहरूमा जानुको कारण जुन अज्ञानीहरूका लागि धेरै नै कठिन हुन्छ, त्यसलाई ध्यान योगले हेरून्। (अर्थात् ब्रह्मनिष्ठ भएर हेरून्)

सम्यग्दर्शनसम्पन्नः कर्मभिर्न निबद्ध्यते।
दर्शनेन विहीनस्तु संसारं प्रतिपद्यते॥ ७४॥

ब्रह्मको सम्यक् दर्शन गर्ने कर्महरूबाट बद्ध हुँदैनन्, तर ब्रह्मदर्शनविहीन पुरुष सांसारिक भएर जन्म–मृत्युको चक्रमा परिरहन्छन्।

अहिंसयेन्द्रियासङ्गैर्वैदिकैश्चैव कर्मभिः।
तपश्चरणैश्चोग्रैः साधयन्तीह तत्पदम्॥ ७५॥

ज्ञानका साधक अहिंसा, इन्द्रिय संयम, वैदिक कर्महरूको अनुष्ठान र कठिन तपश्चर्याबाट ब्रह्मपदलाई प्राप्त हुन्छन्।

अस्थिस्थूणं स्नायुयुतं मांसशोणितलेपनम्।
चर्मावनद्धं दुर्गन्धिपूर्णं मूत्रपुरीषयोः॥ ७६॥
जराशोकसमाविष्टं रोगायतनमातुरम्।
रजस्वलमनित्यं च भूतावासमिमं त्यजेत्॥ ७७॥

हड्डीका खाँबा भएको, नसाले बाँधिएको, मासु र रगतले लेप गरिएको, छालाले ढाकिएको, मलमूत्रले भरिएको र दुर्गन्धिले युक्त, बुढ्यौली र शोकले आक्रान्त रोगीको घर, भोक र तिर्खाले व्याकुल भोगको इच्छा गर्ने र क्षणभंगुररूपी शरीर भएको यस्ता प्राणीहरूको घरलाई त्याग गर्नुपर्छ। (अर्थात् जसमा यस आत्माको कुनै देहमा फेरि सम्बन्ध नहोस्, यस्तो यत्न गर्नुपर्छ)।

नदीकूलं यथा वृक्षो वृक्षं वा शकुनिर्यथा।
तथा त्यजेन्निमं देहं कृच्छ्राद् ग्राहाद्विमुच्यते॥ ७८॥

जसरी वृक्ष नदीको किनारलाई र पक्षी वृक्ष (ढलेका) लाई त्याग गर्छन् त्यसरी नै संन्यासी पनि यो देहलाई त्यागेर सांसारिक दुःखरूप ग्राहबाट मुक्त हुन्छन्।

---

[४] परब्रह्ममा मनलाई स्थिर गर्नुलाई धारणा भनिन्छ।

[५] विषयहरूबाट इन्द्रियहरूलाई वशमा गर्नुलाई प्रत्याहार भनिन्छ।

प्रियेषु स्वेषु सुकृतमप्रियेषु च दुष्कृतम्।
विसृज्य ध्यानयोगेन ब्रह्माभ्येति सनातनम्॥ ७९॥

ज्ञानीजन आफ्ना प्रियजनहरूमा आफ्नो पुण्य र शत्रुहरूमा आफ्नो पाप छोडेर ध्यान योगद्वारा सनातन ब्रह्ममा लीन हुन्छन्।

यदा भावेन भवति सर्वभावेषु निःस्पृहः।
तदा सुखमवाप्नोति प्रेत्य चेह च शाश्वतम्॥ ८०॥

ती ज्ञानीजन पारमार्थिक विचारद्वारा विषयहरूलाई दोषपूर्ण सम्भिएर जब त्यसबाट विरत हुन्छन् तब ती यस लोकमा सुख-संतोष र परलोकमा शाश्वत (अविनाशी) मोक्ष र सुख पाउँछन्।

अनेन विधिना सर्वांस्त्यक्त्वा सङ्गाञ्छनैः शनैः।
सर्वद्वन्द्वविनिर्मुक्तो ब्रह्मण्येवावतिष्ठते॥ ८१॥

यसप्रकार (पत्नी, पुत्र आदि) सबै आसक्तिलाई विस्तारै विस्तारै त्याग गर्दै र (मान-अपमान आदि) सबै द्वन्द्वहरूबाट विमुक्त भएर ती (संन्यासी) ब्रह्ममा लीन हुन जान्छन्।

ध्यानिकं सर्वमेवैतद्यदेतदभिशब्दितम्।
न ह्यनध्यात्मवित्कश्चित्क्रियाफलमुपाश्नुते॥ ८२॥

यहाँ जे जति बताइयो त्यो आत्मध्यानबाट नै हुन्छ (अर्थात् ध्यानद्वारा परमात्मामा मग्न हुनेहरूलाई कसैमा ममता वा मान-अपमानको दुःख हुँदैन)। यस आध्यात्मिक विषयलाई नजान्नेले ब्रह्मध्यानात्मक क्रियाको फल पाउँदैनन्।

अधियज्ञं ब्रह्म जपेदाधिदैविकमेव च।
आध्यात्मिकं च सततं वेदान्ताभिहितं च यत्॥ ८३॥

यज्ञ र देवतासम्बन्धी वेद मन्त्रहरू र वेदान्तहरूमा भनिएका आध्यात्मिक विषयहरूको सधैं जाप गरून्।

इदं शरणमज्ञानामिदमेव विजानताम्।
इदमन्विच्छतां स्वर्गमिदमानन्त्यमिच्छताम्॥ ८४॥

यो (वेदसंज्ञक ब्रह्म) वेदार्थलाई नजान्ने अज्ञानीको पनि गति हो। स्वर्ग र मोक्ष चाहने विद्वान्हरूको पनि वेद नै शरण हो।

अनेन क्रमयोगेन परिव्रजति यो द्विजः।
स विधूयेह पाप्मानं परं ब्रह्माधिगच्छति॥ ८५॥

यस क्रमयोगबाट जुन द्विजले संन्यास आश्रमलाई ग्रहण गर्छन् ती यस संसारमा सबै पापहरूबाट मुक्त भएर परब्रह्ममा मिल्न पुग्छन्।

एष धर्मोऽनुशिष्ट्ये वो यतीनां नियतात्मनाम्।
वेदसंन्यासिकानां तु कर्मयोगं निबोधत॥ ८६॥

यो धर्म संयतात्मा (इन्द्रिय जितेका ज्ञानी) संन्यासीहरूको बताएँ, अब वेद संन्यासीहरूका कर्मयोगलाई भन्छु, सुन्नुहोला।

ब्रह्मचारी गृहस्थश्च वानप्रस्थो यतिस्तथा।
एते गृहस्थप्रभवाश्चत्वारः पृथगाश्रमाः॥ ८७॥

ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र संन्यासी- यी चारै आश्रम गृहस्थाश्रमबाट नै उत्पन्न हुन्छन्।

सर्वेऽपि क्रमशस्त्वेते यथाशास्त्रं निषेविताः।
यथोक्तकारिणं विप्रं नयन्ति परमां गतिम्॥ ८८॥

यी चारै आश्रम क्रमशः शास्त्रोक्त विधिबाट अनुष्ठित भएमा अनुष्ठान गर्ने ब्राह्मणहरूलाई परम पदमा लैजान्छन्।

सर्वेषामपि चैतेषां वेदस्मृतिविधानतः।
गृहस्थ उच्यते श्रेष्ठः स त्रीनेतान्बिभर्ति हि॥ ८९॥

यी सबै आश्रमहरूमा वेद र स्मृतिले भनेका विधिअनुसार हिंड्ने गृहस्थलाई श्रेष्ठ भनिएको छ, किनभने तिनले (ब्रह्मचारी, वानप्रस्थ र संन्यासी) आश्रमहरूको रक्षा गर्दछन्।

यथा नदीनदाः सर्वे सागरे यान्ति संस्थितिम्।
तथैवाश्रमिणः सर्वे गृहस्थे यान्ति संस्थितम्॥ ९०॥

जसरी सबै नदी-नाला समुद्रमा नै आश्रय पाउँछन्, त्यसैगरी सबै आश्रमी गृहस्थाश्रमबाट नै सहारा पाउँछन्।

चतुर्भिरपि चैवैतैर्नित्यमाश्रमिभिर्द्विजैः।
दशलक्षणको धर्मः सेवितव्यः प्रयत्नतः॥ ९१॥

यी ब्रह्मचारी आदि चारै आश्रमी द्विजहरूले सधैं यत्नपूर्वक (अगाडि भनिएका) दस प्रकारका धर्महरूको सेवन गर्नुपर्छ।

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम्॥ ९२॥

सन्तोष, क्षमा, मनलाई रोक्नु, अन्यायद्वारा कसैको केही नलिनु, शारीरिक पवित्रता, इन्द्रियहरूको निग्रह (विषयहरूबाट तिनलाई रोक्नु), बुद्धि (शास्त्रादि तत्त्वको ज्ञान), विद्या (आत्मबोध), सत्य (यथार्थ कथन) र क्रोध नगर्नु- यी दस धर्मका लक्षण हुन्।

दश लक्षणानि धर्मस्य ये विप्राः समधीयते।
अधीत्य चानुवर्तन्ते ते यान्ति परमां गतिम्॥ ९३॥

जुन विप्र (ब्राह्मण) ले दस प्रकारका धर्महरूलाई बुझ्ने प्रयत्न गर्दछन् र बुझेर तिनको अनुष्ठान गर्छन्, ती परम गतिमा प्राप्त हुन्छन्।

दशलक्षणकं धर्ममनुतिष्ठन्समाहितः।
वेदान्तं विधिवच्छ्रुत्वा संन्यसेदनृणो द्विजः॥ ९४॥

एकाग्रचित्त भएर दस प्रकारका धर्महरूको अनुष्ठान गर्दै विधिपूर्वक वेदान्त सुनेर ऋणमुक्त भएका द्विजले संन्यास ग्रहण गरून्।

संन्यस्य सर्वकर्माणि कर्मदोषानपानुदन्।
नियतो वेदमभ्यस्य पुत्रैश्वर्ये सुखं वसेत्॥ ९५॥

सबै कर्महरूलाई छोडेर प्राणायाम आदिद्वारा कर्म दोषहरूको पनि नाश गर्दै एकाग्र मनले उपनिषद्हरूको अभ्यास गरेर भोजनादिको भार पुत्रलाई सुम्पिएर आफू निश्चिंत रही सुखसित घरमै बसुन्। (यसलाई वेद-संन्यास भनिन्छ)

एवं संन्यस्य कर्माणि स्वकार्यपरमोऽस्पृहः।
संन्यासेनापहत्यैनः प्राप्नोति परमां गतिम्॥ ९६॥

यसप्रकार कर्महरूको त्याग गरी, विषय-वासनाले रहित भएर, आत्मज्ञानका साधनमा लागेका पुरुष संन्यासद्वारा पापहरूको नाश गरेर परम गति (मोक्ष) पाउँदछन्।

एष वोऽभिहितो धर्मो ब्राह्मणस्य चतुर्विधः।
पुण्योऽक्षयफलः प्रेत्य राज्ञां धर्मं निबोधत॥ ९७॥

यी ब्राह्मणका चार प्रकारका आश्रम-धर्म तपाईंहरूसँग भनें। यी पवित्र र परलोकमा अक्षय फल दिनेवाला हुन्, अब राजधर्म सुन्नुहोस्।

॥ इति षष्ठ अध्याय समाप्त ॥

सप्तमोऽध्यायः

राजधर्मान्प्रवक्ष्यामि यथावृत्तो भवेन्नृपः।
सम्भवश्च यथा तस्य सिद्धिश्च परमा यथा॥ १॥

राज्याभिषिक्त राजाको आचार, राज्यको उत्पत्ति र जसरी उनलाई परम सिद्धि प्राप्त हुन्छ ती सबै राजधर्महरू भन्दछु।

ब्राह्मं प्राप्तेन संस्कारं क्षत्रियेण यथाविधि।
सर्वस्यास्य यथान्यायं कर्तव्यं परिरक्षणम्॥ २॥

यथाविधि यज्ञोपवीत संस्कार पाएका क्षत्रिय राजाले न्यायपूर्वक सबै प्रजाहरूको रक्षा गर्नुपर्दछ।

अराजके हि लोकेऽस्मिन्सर्वतो विद्रुते भयात्।
रक्षार्थमस्य सर्वस्य राजानमसृजत्प्रभुः॥ ३॥

यस संसारमा राजा नहुनाले सर्वत्र भयले हाहाकार मच्चिन लाग्यो। यसकारण यस जगत्को रक्षाका निम्ति ईश्वरले राजालाई बनाए।

इन्द्रानिलयमार्काणामग्नेश्च वरुणस्य च।
चन्द्रवित्तेशयोश्चैव मात्रा निर्हृत्य शाश्वतीः॥ ४॥

ईश्वरले इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्रमा र कुबेर- यी आठ देवताहरूको सारभूत अंश लिएर राजाको उत्पत्ति गरेका हुन्।

यस्मादेषां सुरेन्द्राणां मात्राभ्यो निर्मितो नृपः।
तस्मादभिभवत्येष सर्वभूतानि तेजसा॥ ५॥

जुन प्रकारले यी इन्द्रादि देवताहरूको अंशबाट राजा उत्पन्न हुन्छन्, त्यसरी नै उनले आफ्नो तेजबाट सबै प्राणीहरूलाई वशमा राख्दछन्।

तपत्यादित्यवच्चैष चक्षूंषि च मनांसि च।
न चैनं भुवि शक्नोति कश्चिदप्यभिवीक्षितुम्॥ ६॥

तिनले सूर्य झैं नेत्र र मनलाई तपाउँदछन्। यसकारण संसारमा कसैले पनि यिनलाई आफ्ना आँखाले सीधै हेर्न सक्तैनन्।

सोऽग्निर्भवति वायुश्च सोऽर्कः सोमः स धर्मराट्।
स कुबेरः स वरुणः स महेन्द्रः प्रभावतः॥ ७॥

ती राजा आफ्ना प्रभावले अग्नि, वायु, सूर्य, चन्द्रमा, यम, कुबेर, वरुण र इन्द्र यिनमा जब जसको चाहन्छन् तिनको स्वरूप धारण गर्दछन्।

बालोऽपि नावमन्तव्यो मनुष्य इति भूमिपः।
महती देवता ह्येषा नररूपेण तिष्ठति॥ ८॥

राजा बालकै छन् भने पनि उनलाई साधारण मनुष्य सम्झिएर अपमान गर्नुहुँदैन, किनभने उनी कोही विशेष देवता नररूपमा स्थित छन्।

एकमेव दहत्यग्निर्नरं दुरुपसर्पिणम्।
कुलं दहति राजाग्निः सपशुद्रव्यसञ्चयम्॥ ९॥

आगोमा जे झरेको हुन्छ त्यसैलाई मात्र आगोले जलाउँछ, तर राजाको क्रोधाग्निले अपराधीको चिरसंचित परिवारसहित धन, सम्पत्ति र पशुलाई जलाएर खरानी गरिदिन्छ।

कार्यं सोऽवेक्ष्य शक्तिं च देशकालौ च तत्त्वतः।
कुरुते धर्मसिद्ध्यर्थं विश्वरूपं पुनः पुनः॥ १०॥

राजा आफ्नो शक्ति, देशकाल र कार्यलाई राम्ररी बार-बार विचार गरेर धर्मसिद्धिका निम्ति अनेक रूप धारण गर्दछन्।

यस्य प्रसादे पद्मा श्रीर्विजयश्च पराक्रमे।
मृत्युश्च वसति क्रोधे सर्वतेजोमयो हि सः॥ ११॥

जसको प्रसन्नतामा महालक्ष्मी, पराक्रममा विजय र क्रोधमा काल रहन्छन्, यसैले ती राजा सर्वतेजोमय हुन्।

तं यस्तु द्वेष्टि सम्मोहात्स विनश्यत्यसंशयम्।
तस्य ह्याशु विनाशाय राजा प्रकुरुते मनः॥ १२॥

अज्ञानवश जसले राजाका साथ शत्रुता गर्दछ ती निःसंदेह नाशलाई प्राप्त हुन्छन्। उनका विनाशका निम्ति राजाले छिटै नै आफ्नो मनलाई नियुक्त गर्छन्।

तस्माद्धर्मं यमिष्टेषु स व्यवस्येन्नराधिपः।
अनिष्टं चाप्यनिष्टेषु तं धर्मं न विचालयेत्॥ १३॥

यसकारण ती राजा असल जनहरूका निम्ति जुन इष्ट धर्म र नराम्रा जनहरूका निम्ति जुन अनिष्ट धर्मलाई निर्दिष्ट गर्छन्, त्यसको अनादर गर्नु हुँदैन।

तस्यार्थे सर्वभूतानां गोप्तारं धर्ममात्मजम्।
ब्रह्मतेजोमयं दण्डमसृजत्पूर्वमीश्वरः॥ १४॥

ईश्वरले सबै प्राणीहरूका रक्षक राजाका सबै कार्यहरूको सिद्धिको निम्ति ब्रह्मतेजोमय, धर्म पुत्ररूप दण्डलाई पहिला निर्माण गरे।

तस्य सर्वाणि भूतानि स्थावराणि चराणि च।
भयाद्भोगाय कल्पन्ते स्वधर्मान्न चलन्ति च॥ १५॥

त्यस दण्डका भयले चर-अचर सबै प्राणी सुख भोग्न समर्थ हुन्छन् र आफ्ना धर्मबाट विचलित हुँदैनन्।

तं देशकालौ शक्तिं च विद्यां चावेक्ष्य तत्त्वतः।
यथार्हतः सम्प्रणयेन्नरेष्वन्यायवर्तिषु॥ १६॥

त्यस दण्डलाई देश, काल र दण्डको शक्ति तथा कुन अपराधमा कस्तो दण्ड दिनुपर्छ इत्यादिको शास्त्रीय ज्ञान र यिनको तत्त्वतः विचार गरेर अपराधीहरूका लागि यथायोग्य दण्डको विधान गरून्।

स राजा पुरुषो दण्डः स नेता शासिता च सः।
चतुर्णामाश्रमाणां च धर्मस्य प्रतिभूः स्मृतः॥ १७॥

त्यही दण्ड राजा हुन्, त्यही पुरुष हुन्, त्यही नेता र शासक हुन् र त्यही दण्ड चारै आश्रमहरूका धर्मका प्रतिभू भनिएको छ।

दण्डाः शास्ति प्रजाः सर्वा दण्डएवाभिरक्षति।
दण्डः सुप्तेषु जागर्ति दण्डं धर्मं विदुर्बुधाः॥ १८॥

दण्डले सबै प्रजाहरूको शासन गर्दछ, दण्डले नै सबैको रक्षा गर्दछ। दण्डले नै सुतेकालाई ब्युँझाउँछ। यसो हुँदा ज्ञानी पुरुष दण्डलाई नै धर्म भन्दछन्।

समीक्ष्य स धृतः सम्यक्सर्वा रञ्जयति प्रजाः।
असमीक्ष्य प्रणीतस्तु विनाशयति सर्वतः॥ १९॥

विचारपूर्वक दिइएको दण्डले सबै प्रजाहरूलाई प्रसन्न पार्दछ, तर विचार नगरी दण्डको विधान गर्नाले त्यसले सबैतिरबाट नाश गर्दछ।

यदि न प्रणयेद्राजा दण्ड दण्ड्येष्वतन्द्रितः।
शूले मत्स्यानिवापक्ष्यन्दुर्बलान्बलवत्तराः॥ २०॥

यदि राजाले आलस्य छोडेर दण्ड दिन योग्य अपराधीलाई यथार्थ दण्ड दिँदैनन् भने बलवान्ले दुर्बललाई बल्छीमा पारिएको माछालाई जस्तो भुटेर खाइदिन्छन्।

अद्यात्काकः पुरोडाशं श्वा च लिह्याद्धविस्तथा।
स्वाम्यं च न स्यात्कस्मिंश्चित्प्रवर्तताधरोत्तरम्॥ २१॥

(यदि राजाले दण्ड नदिए) कागले यज्ञको पुरोडाश खालान् र कुकुरले पायसादि हवि चाट्लान्। काहीं कसैको कुनै अधिकार नै नरहला। नीचहरू नै ठूला बन्लान्।

सर्वो दण्डजितो लोको दुर्लभो हि शुचिर्नरः।
दण्डस्य हि भयात्सर्वं जगद्भोगाय कल्पते॥ २२॥

यो सारा संसार दण्डको अधीन हुन्छ। शुद्ध साधु मनुष्य पाउनु दुर्लभै हुन्छ। दण्डको भयले नै संसारका प्राणी आ-आफ्ना भोग भोग्नमा समर्थ हुन्छन्।

देवदानवगन्धर्वा रक्षांसि पतगोरगाः।
तेऽपि भोगाय कल्पन्ते दण्डेनैव निपीडिताः॥ २३॥

देवता, दानव, गन्धर्व, राक्षस, पक्षी र नागहरू- यी सबै दण्डका भयले नै पीडित भएर नियमको पालन गर्दछन्।

दुष्येयुः सर्ववर्णाश्च भिद्येरन्सर्वसेतवः।
सर्वलोकप्रकोपश्च भवेद्दण्डस्य विभ्रमात्॥ २४॥

दण्डको उचित उपयोग नभए सबै वर्ण दूषित हुन जालान्, धर्मका सबै बन्धन चुँडिन जालान् र सबैमा विद्रोह फैलिन जाला।

यत्र श्यामो लोहिताक्षो दण्डश्चरति पापहा।
प्रजास्तत्र न मुह्यन्ति नेता चेत्साधु पश्यति॥ २५॥

जहाँ पापलाई नाश गर्ने श्याम वर्णको (डरलाग्दो) र राता आँखा (तेजस्वी) दण्ड चल्छ, त्यहाँ दण्ड दिनेले यदि न्यायपूर्वक आफ्नो कार्य गरे त्यहाँका प्रजा कहिल्यै व्याकुल हुने थिएनन्।

तस्याहुः संप्रणेतारं राजानं सत्यवादिनम्।
समीक्ष्यकारिणं प्राज्ञं धर्मकामार्थकोविदम्॥ २६॥

त्यो दण्डको प्रवर्तन गर्ने, सत्यवादी समीक्षा गर्ने बुद्धिमान राजालाई मनीषीहरूले धर्म, अर्थ, कामको ज्ञाता भनेका छन्।

तं राजा प्रणयन्सम्यक् त्रिवर्गेणाभिवर्धते।
कामात्मा विषमः क्षुद्रो दण्डेनैव निहन्यते॥ २७॥

त्यस दण्डको यथार्थ रीतिले विधान गर्दै गरेका राजा धर्म, अर्थ र काम यी तीनैबाट वृद्धिलाई प्राप्त हुन्छन् । जुन राजा विषयासक्त, क्रोधी, क्षुद्र विचारका हुन्छन् ती त्यसै दण्डद्वारा मारिन जान्छन् ।

दण्डो हि सुमहत्तेजो दुर्धरश्चाकृतात्मभिः ।
धर्माद्विचलितं हन्ति नृपमेव सबान्धवम् ॥ २८ ॥

दण्ड महान् तेज हुन्छ, तर अनभिज्ञहरूका लागि त्यसलाई धारण गर्नु धेरै कठिन हुन्छ, त्यसले धर्मबाट विचलित भएका राजालाई सबान्धव नष्ट गरिदिन्छ ।

ततो दुर्गं च राष्ट्रं च लोकं च सचराचरम् ।
अन्तरिक्षगतांश्चैव मुनीन्देवांश्च पीडयेत् ॥ २९ ॥

त्यो दण्ड दुर्ग, देश, लोक, चराचर प्राणी तथा अन्तरिक्षमा रहेका ऋषि र देवताहरूलाई पनि कष्ट पुऱ्याउँछ ।

सोऽसहायेन मूढेन लुब्धेनाकृतबुद्धिना ।
न शक्यो न्यायतो नेतुं सक्तेन विषयेषु च ॥ ३० ॥

जो राजा मन्त्री, सेनापति आदि सहायकहरूबाट रहित हुन्छ, मूर्ख हुन्छ, लोभी हुन्छ, शास्त्रज्ञान विहिन हुन्छ र विषयासक्त हुन्छ उसले यस दण्डलाई न्यायपूर्वक चलाउन सक्तैन ।

शुचिना सत्यसंधेन यथाशास्त्रानुसारिणा ।
प्रणेतुं शक्यते दण्डः सुसहायेन धीमता ॥ ३१ ॥

जो राजा हृदयको पवित्र, सत्यनिष्ठ, शास्त्रअनुसार हिंड्ने, बुद्धिमान र असल सहायक भएका हुन्छन् उनैले यो दण्ड धर्मलाई चलाउन सक्तछन् ।

स्वराष्ट्रं न्यायवृत्तः स्याद् भृशदण्डश्च शत्रुषु ।
सुहृत्स्वजिह्मः स्निग्धेषु ब्राह्मणेषु क्षमान्वितः ॥ ३२ ॥

शत्रुहरूलाई कठोर दण्ड दिउन्, स्नेह सम्पन्न मित्रहरूका साथ निश्छल व्यवहार राखुन् र ब्राह्मणहरूका साथ क्षमाशील रहुन् ।

एवं वृत्तस्य नृपतेः शिलोञ्छेनापि जीवतः ।
विस्तीर्यते यशो लोके तैलबिन्दुरिवाम्भसि ॥ ३३ ॥

यस्ता आचरण भएका राजालाई यदि शिलोञ्छ वृत्तिबाट नै जीवन निर्वाह गर्नुपऱ्यो भने पनि उनको यश संसारमा त्यसैगरी फैलिन्छ जसरी पानीमा तेलको थोपा फैलिन्छ ।

अतस्तु विपरीतस्य नृपतेरजितात्मनः ।
संक्षिप्यते यशो लोके घृतबिन्दुरिवाम्भसि ॥ ३४ ॥

यसको विपरीत हिंड्ने अजितेन्द्रिय राजाको यश घिउको थोपा झैं संकुचित हुन्छ ।

स्वे स्वे धर्मे निविष्टानां सर्वेषामनुपूर्वशः ।
वर्णानामाश्रमाणां च राजा सृष्टोऽभिरक्षिता ॥ ३५ ॥

आ–आफ्ना धर्ममा स्थिर रहने सबै वर्णहरू र आश्रमहरूको रक्षाका निम्ति ब्रह्माजीले राजालाई बनाएका हुन् ।

तेन यद्यत्सभृत्येन कर्तव्यं रक्षता प्रजाः ।
तत्तद्वोऽहं प्रवक्ष्यामि यथावदनुपूर्वशः ॥ ३६ ॥

मन्त्री आदि नोकरहरूका साथ प्रजाहरूको रक्षा गर्दै आमात्यादि सेवकहरूसहित राजाको जुन कर्तव्य हुन्छ त्यो सबै म यथाक्रम तपाईंहरूसित भन्दछु ।

ब्राह्मणान्पर्युपासीत प्रातरुत्थाय पार्थिवः ।
त्रैविद्यवृद्धान्विदुषस्तिष्ठेत्तेषां च शासने ॥ ३७ ॥

राजाले प्रतिदिन बिहानै उठेर तीनै वेदको अर्थ जान्ने नीति शास्त्रज्ञ श्रेष्ठ ब्राह्मणहरूको सेवा गरून् र तिनका आज्ञाअनुसार कार्य गरून् ।

वृद्धांश्च नित्यं सेवेत विप्रान्वेदविदः शुचीन् ।
वृद्धसेवी हि सततं रक्षोभिरपि पूज्यते ॥ ३८ ॥

वेदज्ञ र पवित्र आत्मा भएका वृद्ध ब्राह्मणहरूको नित्य सेवा गरून् किनकि वृद्धहरूको सेवा गर्ने पुरुष राक्षसहरूबाट पनि सदैव पूजित हुन्छ ।

तेभ्योऽधिगच्छेद्विनयं विनीतात्मापि नित्यशः ।
विनीतात्मा हि नृपतिर्न विनश्यति कर्हिचित् ॥ ३९ ॥

विनयशील राजा पनि सधैं ती ब्राह्मणहरूबाट विनयको शिक्षा ग्रहण गरून् किनकि विनीतात्मा राजा नाशलाई प्राप्त हुँदैनन् ।

बहवोऽविनयान्नष्टा राजानः सपरिच्छदाः ।
वनस्था अपि राज्यानि विनयात्प्रतिपेदिरे ॥ ४० ॥

धेरैजसो अविनयी राजा राज्यश्री सहित (कोश–बल–वाहनसहित) नष्ट हुन गए र कति वनस्थ भएर पनि विनयले राज्य प्राप्त गरेका छन् ।

वेनो विनष्टोऽविनयान्नहुषश्चैव पार्थिवः।
सुदाः पैजवनश्चैव सुमुखो निमिरेव च॥ ४१॥

वेन, राजा नहुष, पिजवनका पुत्र सुदा, सुमुख र निमि- यी सबै अविनयले गर्दा नष्ट भए।

पृथुस्तु विनयाद्राज्यं प्राप्तवान्मनुरेव च।
कुबेरश्च धनैश्वर्यं ब्राह्मण्यं चैव गाधिजः॥ ४२॥

विनयद्वारा पृथु र मनुले राज्य, कुबेरले धन र ऐश्वर्य र विश्वामित्रले ब्राह्मणत्व प्राप्त गरे।

त्रैविद्येभ्यस्त्रयीं विद्यां दण्डनीतिं च शाश्वतीम्।
आन्वीक्षिकीं चात्मविद्यां वार्तारम्भांश्च लोकतः॥ ४३॥

तीनै वेद जान्नेहरूबाट तीनै वेद, (नीतिज्ञहरूबाट) सनातन दण्डनीति, (तार्किकहरूबाट)तर्क विद्या, (योगीहरूबाट) आत्मविद्या र (व्यवहारज्ञहरूबाट) व्यवहार बुझ्नुन्।

इन्द्रियाणां जये योगं समातिष्ठेद्दिवानिशम्।
जितेन्द्रियो हि शक्नोति वशे स्थापयितुं प्रजाः॥ ४४॥

इन्द्रियहरूलाई वशमा राख्न सधैं योगको साधना गर्दै रहुन्, किनभने जितेन्द्रिय राजाले नै प्रजाहरूलाई वशमा राख्न सक्छन्।

दश कामसमुत्थानि तथाष्टौ क्रोधजानि च।
व्यसनानि दुरन्तानि प्रयत्नेन विवर्जयेत्॥ ४५॥

काम (इच्छा) बाट दस र क्रोधबाट आठ व्यसन उत्पन्न हुन्छन् जुन आखिरीमा बडो दुःखदायी हुन्छन्। यसकारण यिनको यत्नसाथ परित्याग गरून्।

कामजेषु प्रसक्तो हि व्यसनेषु महीपतिः।
वियुज्यतेऽर्थधर्माभ्यां क्रोधजेष्वात्मनैव तु॥ ४६॥

जुन राजा कामबाट उत्पन्न व्यसनहरूमा आसक्त हुन्छन्, ती धर्म-कर्मले रहित हुन्छन्। क्रोधबाट उत्पन्न व्यसनहरूमा आसक्त राजा आफैलाई विलीन गराउँछन्।

मृगयाऽक्षो दिवास्वप्नः परिवादः स्त्रियो मदः।
तौर्यत्रिकं वृथाट्या च कामजो दशको गणः॥ ४७॥

शिकार खेल्नु, जूवा खेल्नु, दिउँसै सुत्नु, अरूको दोषको वर्णन, स्त्रीहरूसित समागम, मदिरापान, नाच्नु, गाउनु, बजाउनु र व्यर्थको घुम्नु- यी कामबाट उत्पन्न हुने दस व्यसन हुन्।

पैशुन्यं साहसं द्रोह ईर्ष्यासूयार्थदूषणम्।
वाग्दण्डजं च पारुष्यं क्रोधजोऽपि गणोऽष्टकः ॥ ४८ ॥

कसैको अज्ञात दोष प्रकट गर्नु, साहस अर्थात् नराम्रा कामहरूमा पराक्रम देखाउनु, द्रोह, ईर्ष्या (अर्थात् अरूको गुणलाई सहन गर्न नसक्नु), असूया (अर्थात् अरूको गुणमा दोष देख्नु), अर्थदोष (अर्थात् अग्राह्य द्रव्य लिनु र देय द्रव्य नदिनु), कठोर भाषण र क्रूर ताडन- यी आठ क्रोधबाट उत्पन्न व्यसन हुन्।

द्वयोरप्येतयोर्मूलं यं सर्वे कवयो विदुः।
तं यत्नेन जयेल्लोभं तज्जावेतावुभौ गणौ ॥ ४९ ॥

विद्वान्हरूले यी दुवै (काम-क्रोधबाट उत्पन्न व्यसन) को मूल जुन लोभलाई बताएका छन्, त्यो लोभलाई यत्नपूर्वक जितुन् किनभने यी दुवै तिनै लोभबाट उत्पन्न हुन्छन्।

पानमक्षाः स्त्रियश्चैव मृगया च यथाक्रमम्।
एतत्कष्टतमं विद्याच्चतुष्कं कामजे गणे ॥ ५० ॥

कामबाट उत्पन्न हुने दुर्गुणहरूमा मद्यपान, जूवा, स्त्री-सेवन र शिकार- यी चार यथाक्रमले अति नै दुःखदायी हुन्छन्।

दण्डस्य पातनं चैव वाक्पारुष्यार्थदूषणे।
क्रोधजेऽपि गणे विद्यात्कष्टमेतत्त्रिकं सदा ॥ ५१ ॥

दण्ड दिनु, क्रूर वचन बोल्नु र धन अपहरण गर्नु- यी तीन व्यसन क्रोधबाट उत्पन्न व्यसनहरूमा विशेष कष्टप्रद हुन्छन्।

सप्तकस्यास्य वर्गस्य सर्वत्रैवानुषङ्गिणः।
पूर्वं पूर्वं गुरुतरं विद्याद्व्यसनमात्मवान् ॥ ५२ ॥

मद्यपानादिक आनुषंगिक सात व्यसनहरूमा (जो प्रायः सबै राजकुलहरूमा हुन्छन्) बुद्धिमान राजाले उपरोक्त व्यसनहरूमध्ये पूर्व-पूर्व व्यसनलाई कष्टतर जानून् (जस्तो- अर्थको अपहरणभन्दा कठोर भाषण, कठोर भाषणबाट दण्ड प्रहार, दण्ड प्रहारबाट शिकार, शिकारबाट स्त्री सेवा, स्त्री सेवाभन्दा पनि विशेष कष्टतर मद्यपान हो)।

व्यसनस्य च मृत्योश्च व्यसनं कष्टमुच्यते।
व्यसन्यधोऽधो व्रजति स्वर्यात्यव्यसनी मृतः॥ ५३॥

मृत्यु र व्यसनमा व्यसनलाई नै कष्ट भनिएको छ, किनभने व्यसनी मरेपछि नर्कमा झर्छ र अव्यसनी मरेपछि स्वर्ग जान्छ।

मौलाञ्छास्त्रविदः शूराँल्लब्धलक्षान्कुलोद्भवान्।
सचिवान्सप्त चाष्टौ वा प्रकुर्वीत परीक्षितान्॥ ५४॥

जसले आफूकहाँ वंशपरम्परादेखि सेवा गर्दै आएका हुन्छन्, शास्त्रज्ञ हुन्छन्, शूर हुन्छन्, युद्ध विद्यामा कुशल हुन्छन्, जसका कुल शुद्ध हुन्छन्–यस्ता सात वा आठ पारखी मन्त्रीहरूलाई राजाले नियुक्त गरून्।

अपि यत्सुकरं कर्म तदप्येकेन दुष्करम्।
विशेषतोऽसहायेन किं तु राज्यं महोदयम्॥ ५५॥

जुन कर्म सजिलै हुनसक्ने हुन्छ, त्यो पनि एक जनाबाट हुन कठिन हुन्छ तब ठूल–ठूला उत्तरदायी राजकार्यलाई बिना सहायक एक्लै राजाले कसरी सम्पादन गर्न सक्छन्?

तैः सार्धं चिन्तयेन्नित्यं सामान्यं सन्धिविग्रहम्।
स्थानं समुच्चयं गुप्तिं लब्धप्रशमनानि च॥ ५६॥

राजाले ती मन्त्रीहरूका साथ नित्य सामान्य सन्धि, विग्रह स्थान (दण्ड, कोश, राष्ट्रको विषय), समुच्चय (अर्थात् धान्य र सुवर्ण आदिको उत्पत्ति स्थान), रक्षा र प्राप्त वस्तुहरूलाई सत्पात्रहरूमा अर्पण गर्ने विचार गरून्।

तेषां स्वं स्वमभिप्रायमुपलभ्य पृथक् पृथक्।
समस्तानां च कार्येषु विदध्याद्धितमात्मनः॥ ५७॥

ती मन्त्रीहरूमा सबैको छुट्टाछुट्टै अभिप्राय एकान्त ठाउँमा जानेर अनि एकै ठाउँ सबैको अभिप्राय राजाले बुझुन्, त्यसपछि जहाँ आफ्नो कल्याण देखुन् त्यही कार्य गरून्।

सर्वेषां तु विशिष्टेन ब्राह्मणेन विपश्चिता।
मन्त्रयेत्परमं मन्त्रं राजा षाड्गुण्यसंयुतम्॥ ५८॥

मन्त्रीहरूमा जो ब्राह्मण विशेष विद्वान् र विशिष्ट हुन्छन्, राजाले उनका साथ सन्धि विग्रह आदि छः गुणहरूले युक्त परम् मन्त्रणा गरून्।

नित्यं तस्मिन्समाश्वस्तः सर्वकार्याणि निःक्षिपेत्।
तेन सार्धं विनिश्चित्य ततः कर्म समारभेत्॥ ५९॥

राजाले ती ब्राह्मण मन्त्रीमा सधैं विश्वास राख्दै सबै कामहरूको भार तिनीहरूमाथि छोडेर तिनका साथ निश्चित कार्यारम्भ गरून्।

अन्यानपि प्रकुर्वीत शुचीन्प्राज्ञानवस्थितान्।
सम्यगर्थसमाहर्तॄनमात्यान्सुपरीक्षितान् ॥ ६० ॥

अन्य पनि पवित्र र शुद्ध विचार भएका, बुद्धिमान र व्यवस्थित चित्त भएका र न्यायपूर्वक धनोपार्जन गर्ने सुपरीक्षित मन्त्रीहरूलाई नियुक्त गरून्।

निर्वर्तेतास्य यावद्भिरितिकर्तव्यता नृभिः।
तावतोऽतन्द्रितान्दक्षान्प्रकुर्वीत विचक्षणान् ॥ ६१ ॥

राजाले आफ्ना कार्यहरू सम्पादन गर्नका निम्ति जति मानिसहरूको आवश्यकता पर्छ, त्यति आलस्यरहित, कार्यदक्ष र प्रवीण व्यक्तिहरूलाई राखुन्।

तेषामर्थे नियुञ्जीत शूरान्दक्षान्कुलोद्गतान्।
शुचीनाकरकर्मान्ते भीरूनन्तर्निवेशने ॥ ६२ ॥

ती नियुक्त भएकामध्ये जो शूर, दक्ष र पवित्र व्यवहारका हुन्छन् तिनलाई सुन–चाँदीका खानी र अन्न भण्डारमा नियुक्त गरून् र जो भीरु स्वभावका हुन्छन् तिनलाई राजभवनका कुनै सामान्य काममा नियुक्त गरून्।

दूतं चैव प्रकुर्वीत सर्वशास्त्रविशारदम्।
इङ्गिताकारचेष्टज्ञं शुचिं दक्षं कुलोद्गतम् ॥ ६३ ॥

जो सबै शास्त्रहरूमा कुशल, इङ्गित (इशारा), आकार (अनुहार र आँखाको भाव) र चेष्टाले मनको भाव बुझ्ने, पवित्र चरित्र भएको, चतुर र कुलीन हुन्छन्, तिनलाई राजदूत बनाउन्।

अनुरक्तः शुचिर्दक्षः स्मृतिमान्देशकालवित्।
वपुष्मान्वीतभीर्वाग्मी दूतो राज्ञः प्रशस्यते ॥ ६४ ॥

सबैमा प्रेम गर्ने, सच्चरित्र, चतुर, मेधावी, देश–काललाई जान्ने, स्वरूपवान्, निर्भिक र वक्ता– यस्ता राजदूत राजाबाट प्रशंसनीय हुन्छन्।

अमात्ये दण्ड आयत्तो दण्डे वैनयिकी क्रिया।
नृपतौ कोशराष्ट्रे च दूते सन्धिविपर्ययौ ॥ ६५ ॥

सेनापतिको अधीन दण्ड हुन्छ। विनयरूप क्रिया दण्डको अधीन हुन्छ। कोश र राष्ट्र राजाका अधीन हुन्छन् तथा सन्धि र विग्रह दूतका अधीन हुन्छन्।

दूत एव हि संधत्ते भिनत्त्येव च संहतान्।
दूतस्तत्कुरुते कर्म भिद्यन्ते येन मानवाः॥ ६६॥

दूतले नै बिग्रेका कुराहरू मिलाउँछन् र मिलेका कुरालाई बिगार्दछन्, दूतले यस्तो काम गर्छ जसबाट शत्रुपक्षको जन बल छिन्न-भिन्न भइदिन्छ।

स विद्यादस्य कृत्येषु निगूढेङ्गितचेष्टितैः।
आकारमिङ्गितं चेष्टां भृत्येषु च चिकीर्षितम्॥ ६७॥

दूतले प्रतिपक्षी राजाका कार्यहरूमा नियुक्त सेवकहरूको इशारा र चेष्टाबाट उनीहरूप्रतिको आकार, इशारा र चेष्टा जानुन् र सेवकहरूप्रति ती राजाको कस्तो भाव छ त्यो पनि जानुन्।

बुद्ध्वा च सर्वं तत्त्वेन परराजचिकीर्षितम्।
तथा प्रयत्नमातिष्ठेद्यथाऽऽत्मानं न पीडयेत्॥ ६८॥

प्रतिपक्षी राजाको मनको भावलाई राम्ररी जानेर यस्तो यत्न गरून् जसबाट आफूमाथि कुनै संकट आउन नसकोस्।

जाङ्गलं सस्यसम्पन्नमार्यप्रायमनाविलम्।
रम्यमानतसामन्तं स्वाजीव्यं देशमावसेत्॥ ६९॥

जुन देश प्रचुर धान्यादिकले सम्पन्न हुन्छन्, जहाँ धार्मिक जनहरू बस्तछन्, निरोगादिबाट निरुपद्रव र रमणीय ठाउँ जहाँ वरिपरि बस्ने विनीत हुन्, जहाँ सुलभ जीविका हुन्छ, यस्तो देशमा राजाले निवास गर्नुपर्छ।

धन्वदुर्गं महीदुर्गमब्दुर्गं वार्क्षमेव वा।
नृदुर्गं गिरिदुर्गं वा समाश्रित्य वसेत्पुरम्॥ ७०॥

धनुदुर्ग (मरुवेष्टित), महीदुर्ग (ढुंगाले वेष्टित), जलदुर्ग, वृक्षदुर्ग, नृदुर्ग वा गिरिदुर्गको आश्रय लिएर नगरको वास गरून्।

सर्वेण त प्रयत्नेन गिरिदुर्गं समाश्रयेत्।
एषां हि बाहुगुण्येन गिरिदुर्गं विशिष्यते॥ ७१॥

पूर्वोक्त छः प्रकारका दुर्ग (किल्ला) मध्ये प्रयत्न गरेर गिरिदुर्गको नै आश्रय गरून्, यी सबै दुर्गहरूमा धेरै गुणले युक्त हुनाका कारण गिरिदुर्गको नै विशेष महत्त्व हुन्छ।

त्रीण्याद्यान्याश्रितास्त्वेषां मृगगर्ताश्रयाऽप्सराः।
त्रीण्युत्तराणि क्रमशः प्लवङ्गमनरामराः॥ ७२॥

यी दुर्गहरूमध्ये पहिलो तीन दुर्गहरूमा (यथाक्रमले) मृग आदि, मूसा आदि, गोही र जलचर आश्रय लिन्छन् तथा शेष तीन दुर्गहरूमा वृक्षदुर्गका आश्रित बानर, मनुष्य र पशु–पक्षी तथा गिरि दुर्गका आश्रित देवता हुन्छन्।

यथा दुर्गाश्रितानेतान्नोपहिंसन्ति शत्रवः।
तथाऽरयो न हिंसन्ति नृपं दुर्गसमाश्रितम्॥ ७३॥

जसरी आश्रित दुर्गहरूमा मृगादि जीवहरूलाई यिनका शत्रुले मार्न सक्दैनन् त्यसैगरी दुर्गका आश्रित राजालाई पनि शत्रुले मार्न सक्तैनन्।

एकः शतं योधयति प्राकारस्थो धनुर्धरः।
शतं दशसहस्राणि तस्माद् दुर्गं विधीयते॥ ७४॥

दुर्ग (किल्ला) भित्र रहेका एक धनुर्धारीले बाहिर रहेका सय योद्धाहरूको सामना गर्न सक्छ र दुर्गभित्रका एक सय सेनाले दस सहस्र (हजार) सेनाका साथ युद्ध गर्न सक्छ, यसकारण दुर्ग अवश्य बनाउनुपर्छ।

तत्स्यादायुधसम्पन्नं धनधान्येन वाहनैः।
ब्राह्मणैः शिल्पिभिर्यन्त्रैर्यवसेनोदकेन च॥ ७५॥

त्यो दुर्ग अस्त्र, शस्त्र, धन–धान्य, वाहन, ब्राह्मण, शिल्पी, यन्त्र, तृण र जलले परिपूर्ण हुनुपर्छ।

तस्य मध्ये सुपर्याप्तं कारयेद् गृहमात्मनः।
गुप्तं सर्वर्तुकं शुभ्रं जलवृक्षसमन्वितम्॥ ७६॥

यस्ता दुर्गका माझमा पर्याप्त गुप्त ठाउँ (लुक्ने खाडल), सबै प्रकारका ऋतुहरूका फल–फूल र निर्मल जलले भरिएका कुवाहरू र तलाउहरूले युक्त राजभवन बनाउन लगाउन्।

तदध्यास्योद्वहेद्भार्यां सवर्णां लक्षणान्विताम्।
कुले महति सम्भूतां हृद्यां रूपगुणान्विताम्॥ ७७॥

त्यो राजभवनमा रहेर आफ्ना जातिका उच्च कुलमा उत्पन्न शुभ लक्षण र रूप गुणहरूले युक्त कन्यासित विवाह गरून्।

पुरोहितं च कुर्वीत वृणुयादेव चर्त्विजः।
तेऽस्य गृह्याणि कर्माणि कुर्युर्वैतानिकानि च॥ ७८॥

पुरोहितलाई नियुक्त गरेर अनि ऋत्विजहरूलाई कर्म गर्नका लागिं वरण गरून्। तिनीहरूले गृह्यसूत्रका अनुसार राजाको शान्ति कर्मादि गरून्।

यजेत राजा क्रतुभिर्विविधैराप्तदक्षिणैः ।
धर्मार्थं चैव विप्रेभ्यो दद्याद्भोगान्धनानि च ॥ ७९ ॥

राजाले धर्मका निम्ति धेरै दक्षिणायुक्त विविध प्रकारका यज्ञ गरून् र ब्राह्मणहरूलाई भोग्य सामग्री र धन दिउन् ।

सांवत्सरिकमाप्तैश्च राष्ट्रादाहारयेद् बलिम् ।
स्याच्चाम्नायपरो लोके वर्तेत हितवन्नृषु ॥ ८० ॥

राजाले शास्त्रअनुसार राज्य कर्मचारीहरूद्वारा प्रजाहरूबाट वार्षिक कर असूल गरून् र उनीहरूका साथ पिताको समान व्यवहार गरून् ।

अध्यक्षान्विविधान्कुर्यात्तत्र तत्र विपश्चितः ।
तेऽस्य सर्वाण्यवेक्षेरन्नृणां कार्याणि कुर्वताम् ॥ ८१ ॥

भिन्न-भिन्न कार्यहरूको हेरचाहका निम्ति भिन्न-भिन्न कार्यकुशल व्यक्तिहरूलाई अध्यक्ष नियुक्त गरून् । यी अध्यक्षहरूले ती सबै कामहरूमा नियुक्त राज्य-कर्मचारीहरूका कामको हेरचाह गरून् ।

आवृतानां गुरुकुलाद्विप्राणां पूजको भवेत् ।
नृपाणामक्षयो ह्येष निधिर्ब्राह्मोऽभिधीयते ॥ ८२ ॥

राजाले गुरुकुलबाट फर्किएर आएका ब्राह्मणहरूको पूजा गर्नुपर्छ, किनभने राजाहरूको यो ब्रह्मनिष्ठ निधिलाई अक्षय भनिएको छ ।

न तं स्तेना न चामित्रा हरन्ति न च नश्यति ।
तस्माद्राज्ञा निधातव्यो ब्राह्मणेष्वक्षयो निधिः ॥ ८३ ॥

त्यो निधिलाई चोरले चोर्न सक्दैनन्, शत्रुले हरण गर्न सक्तैनन् र त्यो कहिल्यै नष्ट हुन पनि सक्तैन । यसकारण राजाले ब्राह्मणहरूमा यो अक्षय निधि स्थापना गर्नुपर्छ ।

न स्कन्दते न व्यथते न विनश्यति कर्हिचित् ।
वरिष्ठमग्निहोत्रेभ्यो ब्राह्मणस्य मुखे हुतम् ॥ ८४ ॥

अग्निमा गरिएको हवनको अपेक्षा ब्राह्मणहरूको मुखमा गरिएको होम श्रेष्ठ हुन्छ, किनकि यो हवि यता-उता झर्दैन, सुक्दैन र न कहिल्यै नष्ट नै हुन्छ ।

सममब्राह्मणे दानं द्विगुणं ब्राह्मणब्रुवे ।
प्राधीते शतसाहस्रमनन्तं वेदपारगे ॥ ८५ ॥

ब्राह्मणभन्दा अरूलाई दान दिएको फलभन्दा दोब्बर फल आफूलाई 'म मात्र ब्राह्मण हूँ' भन्ने ब्राह्मणलाई दिनाले हुन्छ । विद्वान् ब्राह्मणलाई दान

दिनाले दानको लाख गुना र वेद पारंगत ब्राह्मणलाई दिएको दानको फल अनन्त गुना हुन्छ।

पात्रस्य हि विशेषेण श्रद्दधानतथैव च।
अल्पं वा बहु वा प्रेत्य दानस्य फलमश्नुते ॥ ८६ ॥

पात्रको विशेषता र श्राद्धको तारतम्यले दानको फल परलोकमा थोरै वा धेरै प्राप्त हुन्छ।

समोत्तमाधमै राजा त्वाहूतः पालयन्प्रजाः।
न निवर्तेत संग्रामात्क्षात्रं धर्ममनुस्मरन् ॥ ८७ ॥

प्रजाको पालन गर्दै क्षात्र धर्मअनुसार सम बल, धेरै बल वा थोरै बल भएका राजाले युद्धका लागि बोलाएमा युद्धबाट मुख नफर्काउन्।

संग्रामेष्वनिवर्तित्वं प्रजानां चैव पालनम्।
शुश्रूषा ब्राह्मणानां च राज्ञां श्रेयस्करं परम् ॥ ८८ ॥

युद्धमा पिठ्यूँ नफर्काउने, प्रजाहरूको पालन र ब्राह्मणहरूको सेवा-यी राजाहरूका निम्ति परम् श्रेयस्कर हुन्छन्।

आहवेषु मिथोऽन्योन्यं जिघांसन्तो महीक्षितः।
युध्यमानः परं शक्त्या स्वर्गं यान्त्यपराङ्मुखाः ॥ ८९ ॥

युद्धमा परस्पर एक-अर्कालाई मार्ने इच्छा गर्ने र सम्पूर्ण शक्ति लगाएर युद्ध गर्ने राजा युद्धमा पिठ्यूँ नफर्काई सीधै स्वर्ग जान्छन्।

न कूटैरायुधैर्हन्याद्युध्यमानो रणे रिपून्।
न कर्णिभिर्नापि दिग्धैर्नाग्निज्वलिततेजनैः ॥ ९० ॥

युद्धमा भिड्दै गरेका शत्रुहरूलाई कूट (कपट) शस्त्रद्वारा, कर्णिका (फूल आकार) का आकार सदृश फलक (ढाल) द्वारा, विषले भिजेका र अग्नि ज्वलित वाणहरूद्वारा नमारून्।

न च हन्यात्स्थलारूढं न क्लीबं न कृताञ्जलिम्।
न मुक्तकेशं नासीनं न तवास्मीति वादिनम् ॥ ९१ ॥

स्थलारूढ (आफू वाहनमाथि र शत्रु पृथ्वीमाथि) हुन्छ भने उसलाई नमारून्। जो नपुंसक हुन्छ वा हात जोडेर अगाडि उभिएको हुन्छ, जसको केश खुला हुन्छ वा जो तल बसेको हुन्छ वा जसले 'म तिम्रै हूँ' यस्तो भन्छ, यस्ता शत्रुलाई नमारून्।

न सुप्तं न विसन्नाहं न नग्नं न निरायुधम्।
नायुध्यमानं पश्यन्तं न परेण समागतम्॥ ९२॥

सुतेका, युद्धोपयोगी कवच धारण नगरेको, नांगा, निःशस्त्र, युद्ध गर्न अनिच्छुक, दर्शक वा जो अर्काका साथ युद्ध गरिरहेको हुन्छ, उसलाई नमारून्।

नायुधव्यसनप्राप्तं नार्तं नातिपरिक्षतम्।
न भीतं न परावृत्तं सतां धर्ममनुस्मरन्॥ ९३॥

जसको आयुध भाँचिएको हुन्छ, जो शोकाकूल हुन्छ, जो अत्यन्तै घाइते भएको हुन्छ, जो भयभीत हुन्छ, जो युद्धबाट भागेको हुन्छ– यस्ता शत्रुलाई शिष्ट क्षत्रियहरूको धर्म सम्झिएर नमारून्।

यस्तु भीतः परावृत्तः संग्रामे हन्यते परैः।
भर्तुर्यद् दुष्कृतं किञ्चित्तत्सर्वं प्रतिपद्यते॥ ९४॥

जो युद्धमा डरले भाग्दै गर्दा शत्रुद्वारा मारिन्छ, उसले आफ्ना स्वामीका निम्ति यी सबै पापहरूको भारी आफ्नो शिरमा लिन्छ।

यच्चास्य सुकृतं किञ्चिदमुत्रार्थमुपार्जितम्।
भर्ता तत्सर्वमादत्ते परावृत्तहतस्य तु॥ ९५॥

युद्धमा भाग्नेको परलोकका लागि सञ्चय गरिएका जति पुण्य छन् ती सबै उसका स्वामीले पाउँछन्।

रथाश्वं हस्तिनं छत्रं धनं धान्यं पशून्स्त्रियः।
सर्वद्रव्याणि कुप्यं च यो यज्जयति तस्य तत्॥ ९६॥

रथ, घोडा, हात्ती, छत्र, धन, धान्य, पशु, दासी, गुड, नुन आदि द्रव्य र ताँबा, पित्तल आदिको भाँडो, यसमा जसले जे जति जितेर ल्याउँछ त्यो उसैको हुन्छ।

राज्ञश्च दद्युरुद्धारमित्येषा वैदिकी श्रुतिः।
राज्ञा च सर्वयोधेभ्यो दातव्यमपृथग्जितम्॥ ९७॥

युद्धमा जितिएका हात्ती, घोडा, रथ आदि सबै कुरा राजालाई अर्पित गरिदिउन्, यो वेदको वचन हो। सबै सैनिकहरूद्वारा एकैसाथ जितिएको जुन धन हुन्छ, त्यो राजाले सैनिकहरूलाई बाँडिदिउन्।

एषोऽनुपस्कृतः प्रोक्तो योधधर्मः सनातनः।
अस्माद्धर्मान्न च्यवेत क्षत्रियो घ्नन् रणे रिपून्॥ ९८॥

यो अनिन्दित सनातन योद्धाहरूको धर्म भनियो । युद्धमा शत्रुहरूलाई मार्ने क्षत्रिय यस धर्मबाट च्युत नहोउन् ।

अलब्धं चैव लिप्सेत लब्धं रक्षेत्प्रयत्नतः ।

रक्षितं वर्धयेच्चैव वृद्धं पात्रेषु निःक्षिपेत् ॥ ९९ ॥

जुन पदार्थ (भूमि, रत्न आदि) प्राप्त हुँदैन, त्यसलाई प्राप्त गर्ने इच्छा गरून् । जुन सम्पत्ति जितेर ल्याइएको हुन्छ त्यसको यत्नपूर्वक रक्षा गरून्, रक्षित धनलाई बढाउने चेष्टा गरून् र यसरी वृद्धि भएको धन सुपात्रहरूमा बाँडिदिउन् ।

एतच्चतुर्विधं विद्यात्पुरुषार्थप्रयोजनम् ।

अस्य नित्यमनुष्ठानं सम्यक्कुर्यादतन्द्रितः ॥ १०० ॥

पूर्वोक्त चार कुराहरूलाई पुरुषार्थको साधन सम्झिउन् र आलस्यरहित भएर सावधानीका साथ तिनको अनुष्ठान गरून् ।

अलब्धमिच्छेद्दण्डेन लब्धं रक्षेदवेक्षया ।

रक्षितं वर्धयेद् वृद्ध्या वृद्धं पात्रेषु निःक्षिपेत् ॥ १०१ ॥

अप्राप्त पदार्थलाई दण्ड (चतुरङ्गिणी सेना) बलद्वारा पाउने इच्छा गरून्, जुन सम्पत्ति जितेर ल्याइएको हुन्छ त्यसको हेरचाह गरी रक्षा गरून् । रक्षित धनलाई व्यवसायद्वारा बढाउन् र बढ्न गएको धनलाई सत्पात्रहरूमा दान गरून् ।

नित्यमुद्यतदण्डः स्यान्नित्यं विवृतपौरुषः ।

नित्यं संवृत-संवार्यो नित्यं छिद्रानुसार्यरिः ॥ १०२ ॥

सधैं सेनालाई तयारी अवस्थामा राखुन्, सधैं आफ्नो पुरुषार्थ देखाउन्, आफ्नो मन्त्र सधैं गोप्य राखुन् र शत्रुका छिद्रहरू नित्य पत्तो लगाउँदै रहुन् ।

नित्यमुद्यतदण्डस्य कृत्स्नमुद्विजते जगत् ।

तस्मात्सर्वाणि भूतानि दण्डेनैव प्रसाधयेत् ॥ १०३ ॥

सेनालाई हमेशा तयारी अवस्थामा राख्ने राजासित सारा संसार डराउँछ । यसकारण सबै प्राणीहरूलाई दण्ड बलबाट राजाले आफ्नो अधीन गरून् ।

अमाययैव वर्तेत न कथञ्चन मायया ।

बुद्ध्येतारिप्रयुक्तां च मायां नित्यं स्वसंवृतः ॥ १०४ ॥

मन्त्रीहरूसित सद्भाव राख्दै कहिल्यै कपट व्यवहार नगरून् । आफ्नो रक्षाको पूरा प्रबन्ध मिलाउँदै शत्रुको माया (चरहरूद्वारा) लाई बुझ्दै गरून् ।

नास्य छिद्रं परो विद्याद्विद्याच्छिद्रं परस्य तु।
गूहेत्कूर्म इवाङ्गानि रक्षेद्विवरमात्मनः ॥ १०५ ॥

शत्रुले उनको छिद्र (कमजोरी)लाई नजानुन्, तर उनले शत्रुको छिद्रलाई जानि राखुन् । कछुवाले जसरी आफ्ना अङ्गलाई लुकाउने गर्छ, त्यसरी नै राजाले पनि आफ्ना अमात्य आदि अङ्गहरूलाई (दान-सम्मानबाट) आफ्ना हातमा राख्दै आफ्ना छिद्रलाई प्रकट हुन नदिउन्।

बकवच्चिन्तेदर्थान् सिंहवच्च पराक्रमेत्।
वृकवच्चावलुम्पेत शशवच्च विनिष्पतेत् ॥ १०६ ॥

बकुल्लासमान अर्थ चिन्तन गरून्, सिंहसमान पराक्रम गरून्, ब्वाँसोसमान अवसर पाएर शत्रुको नाश गरून् र (बलियो शत्रुबाट घेरिएमा) खरायो जस्तो भागुन्।

एवं विजयमानस्य येऽस्य स्युः परिपन्थिनः ।
तानानयेद्वशं सर्वान्सामादिभिरुपक्रमैः ॥ १०७ ॥

यस प्रकार विजयी राजाले सामादि (साम, दाम र भेद) उपायहरूबाट आफ्ना सबै शत्रुहरूलाई वशमा ल्याउन्।

यदि ते तु न तिष्ठेयुरुपायैः प्रथमैस्त्रिभिः ।
दण्डेनैव प्रसह्यैतांश्छनकैर्वशमानयेत् ॥ १०८ ॥

यदि त्यो (शत्रु) पहिला यी तीनै उपायहरूबाट वशमा हुन सकेनन् भने तिनका राज्यमा आक्रमण गरेर थोरै वा धेरै दण्ड सैनिकद्वारा दिई उनीहरूलाई वशमा पारून्।

सामादीनामुपायानां चतुर्णामपि पण्डिताः ।
सामदण्डौ प्रशंसन्ति नित्यं राष्ट्राभिवृद्धये: ॥ १०९ ॥

सामादिक चार उपायहरूमध्ये राष्ट्रको वृद्धिका निम्ति पण्डित (राजनीतिज्ञ विद्वान्) हरू साम र दण्डलाई नै सधैं प्रशंसा गर्छन्।

यथोद्धरति निर्दाता कक्षं धान्यं च रक्षति।
तथा रक्षेन्नृपो राष्ट्रं हन्याच्च परिपन्थिनः ॥ ११० ॥

जसरी किसान खेतमा घाँसलाई उखेलेर फाल्दछ र धान आदिको रक्षा गर्छ, त्यसैगरी राजाले शत्रुहरूको नाश गरी राष्ट्रको रक्षा गरून्।

मोहाद्राजा स्वराष्ट्रं यः कर्षयत्यनवेक्षया।
सोऽचिराद् भ्रश्यते राज्याज्जीविताच्च सबान्धवः ॥ १११ ॥

जुन राजा मोहवश आफ्नो राज्यको रेखदेख नगरेर धन संग्रह गर्छन् र आफ्ना प्रजालाई दुःख दिन्छन्, ती छिटै नै आफ्ना बान्धवहरूसहित राज्य र आफ्नो जीवन गुमाउन पुग्छन्।

शरीरकर्षणात्प्राणाः क्षीयन्ते प्राणिनां यथा।
तथा राज्ञामपि प्राणाः क्षीयन्ते राष्ट्रकर्षणात्॥ ११२॥

जसरी शरीर क्षीण हुनाले प्राणीहरूको प्राण नष्ट हुन्छ, त्यसैगरी राजाहरूको प्राण प्रजा–पीडनबाट नष्ट हुन जान्छ।

राष्ट्रस्य संग्रहे नित्यं विधानमिदमाचरेत्।
सुसंगृहीतराष्ट्रो हि पार्थिवः सुखमेधते॥ ११३॥

राज्यको रक्षाका लागि राजाले सधैं यी उपाय गरून्। राम्ररी राष्ट्रको रक्षा गर्ने राजाले सुख भोग्दछन्।

द्वयोस्त्रयाणां पञ्चानां मध्ये गुल्ममधिष्ठितम्।
तथा ग्रामशतानां च कुर्याद्राष्ट्रस्य संग्रहम्॥ ११४॥

दुई वा तीन वा पाँच वा सय गाउँहरू माझमा राज्यको रक्षाका लागि रक्षक–समूहलाई नियुक्त गरून्।

ग्रामस्याधिपतिं कुर्याद्दशग्रामपतिं तथा।
विंशतीशं शतेशं च सहस्रपतिमेव च॥ ११५॥

प्रत्येक गाउँमा एक–एक गाउँ रक्षक (गाउँ प्रमुख) नियुक्त गरून्। फेरि दस, बीस, सय र हजार गाउँहरूमा एक–एक गाउँ रक्षक छुट्टै नियुक्त गरून्।

ग्रामदोषान्समुत्पन्नान्ग्रामिकः शनकैः स्वयम्।
शंसेद् ग्रामदशेशाय दशेशो विंशतीशिने॥ ११६॥
विंशतीशस्तु तत्सर्वं शतेशाय निवेदयेत्।
शंसेद् ग्रामशतेशस्तु सहस्रपतये स्वयम्॥ ११७॥

उत्पन्न भएका गाउँका दोषलाई यदि गाउँ रक्षक दोष निवारणमा असमर्थ भए त्यसका शमनका निम्ति गाउँ रक्षकले दस गाउँ रक्षकसित भनुन्। (यदि तिनले उपाय गर्न नसके) उनले बीस गाउँ रक्षकसित भनुन्। त्यसै गरी उत्तरोत्तर बीस गाउँ रक्षकले सय गाउँ रक्षकसँग र सय गाउँ रक्षकले हजार गाउँ रक्षकसित निवेदन गरून्।

यानि राजप्रदेयानि प्रत्यहं ग्रामवासिभिः।
अन्नपानेन्धनादीनि ग्रामिकस्तान्यवाप्नुयात्॥ ११८॥

ग्रामवासीले प्रतिदिन जे जति अन्न, पानी, ईंधन आदि राजालाई दिन भनी दिन्छन् त्यो गाउँका रक्षकले आफ्नो वृत्तिका निम्ति लिउन्।

दशी कुलं तु भुञ्जीत विंशी पञ्च कुलानि च।

ग्रामं ग्रामशताध्यक्षः सहस्राधिपतिः पुरम्॥ ११९॥

दस गाउँ रक्षकले एक [1]कुललाई, बीस गाउँ रक्षकले पाँच कुललाई, सय गाउँ रक्षकले एक गाउँलाई र हजार गाउँ रक्षकले एक साधारण नगरलाई राजाका आज्ञाले आफ्ना निर्वाहका निम्ति लिउन्।

तेषां ग्राम्याणि कार्याणि पृथक्कार्याणि चैव हि।

राज्ञोऽन्यः सचिवः स्निग्धस्तानि पश्येदतन्द्रितः॥ १२०॥

ती गाउँका निवासीहरूले आपसमा मिलेर गरिएका कार्यलाई र छुट्टा-छुट्टै गरिएका कार्यहरूलाई राजाको हितमा नियुक्त भएका मन्त्रीहरूले आलस्य रहित भएर हेर्नुपर्छ।

नगरे नगरे चैकं कुर्यात्सर्वार्थचिन्तकम्।

उच्चैःस्थानं घोररूपं नक्षत्राणामिव ग्रहम्॥ १२१॥

प्रत्येक नगरहरूमा सबै प्रकारका कामहरू हेर्ने डरलाग्दो र तेजिलो अधिकारी नियुक्त गरून्, जस्तै नक्षत्रहरूमा शुक्र आदि ग्रह।

स तानुपरिक्रामेत्सर्वानेव सदा स्वयम्।

तेषां वृत्तं परिणयेत्सम्यग्राष्ट्रेषु तच्चरैः॥ १२२॥

त्यो अधिकारीले ती सबै ग्रामाधिकारीहरूको आफैले सधैं हेरचाह गरून् र (राजा) आफ्ना गुप्तचरहरूद्वारा सबै पदाधिकारीहरू र प्रजाहरूका आचार-व्यवहारलाई राम्ररी जानुन्।

राज्ञो हि रक्षाधिकृताः परस्वादायिनः शठाः।

भृत्या भवन्ति प्रायेण तेभ्यो रक्षेदिमाः प्रजाः॥ १२३॥

किनभने राजाका ती रक्षाधिकारी प्रायः धेरैजसो अर्काका धनलाई हरण गर्ने र वञ्चक हुन्छन्, यसकारण राजाले तिनीहरूबाट प्रजाको रक्षा गरून्।

---

१ छः गोरुहरूको एक मध्यम हंल हुन्छ। यस्ता दुई हलले जति भूमि जोतिन्छ त्यसलाई कुल भनिन्छ।

अष्टागवं धर्महलं षड्गवं जीवितार्थिनाम्।

चतुर्गवं गृहस्थानां त्रिगवं ब्रह्मघातिनाम्॥

ये कार्यिकेभ्योऽर्थमेव गृह्णीयुः पापचेतसः।
तेषां सर्वस्वमादाय राजा कुर्यात्प्रवासनम्॥१२४॥

जुन पापात्मा कर्मचारीले कर्मचारीहरूबाट घूस लिन्छन्, राजाले तिनको सर्वस्व हरण गरून्, तिनलाई आफ्नो देशबाट निकालुन्।

राजा कर्मसु युक्तानां स्त्रीणां प्रेष्यजनस्य च।
प्रत्यहं कल्पयेद् वृत्तिं स्थानं कर्मानुरूपतः॥१२५॥

राजाले कार्यहरूमा नियुक्त दास-दासीहरूलाई उनका कर्मअनुसार प्रतिदिन वृत्ति र पद निश्चित गरून्।

पणो देयोऽवकृष्टस्य षड्उत्कृष्टस्य वेतनम्।
षाण्मासिकस्तथाच्छादो धान्यद्रोणस्तु मासिकः॥१२६॥

नीच कर्म गर्नेलाई एक पण (ताँबाको पैसा) र राम्रो काम गर्नेलाई प्रत्येक दिन छः पण र प्रत्येक महिना एक द्रोण[2] अन्न तथा छः महिनामा दुई वस्त्र दिनुपर्छ।

क्रयविक्रयमध्वानं भक्तं च सपरिव्ययम्।
योगक्षेमं च संप्रेक्ष्य वणिजो दापयेत्करान्॥१२७॥

व्यापारीको सामानको क्रय-विक्रय (किन-बेच) तथा पूरै खाने-पिउने खर्च, सामानको सुरक्षामा जो खर्च भएको छ ती सबै कुराको विचार गरेर राजाले उसित कर लिउन्।

यथा फलेन युज्येत राजा कर्ता च कर्मणाम्।
तथावेक्ष्य नृपो राष्ट्रं कल्पयेत्सततं करान्॥१२८॥

जसबाट राजा र व्यापार कृषि आदि गर्ने व्यवसायीहरूलाई लाभ हुन्छ, यसको विचार गरेर राजाले सधैं करको कल्पना गरून्।

यथाल्पाल्पमदन्त्याद्यं वार्योकोवत्सषट्पदाः।
तथाल्पाल्पो ग्रहीतव्यो राष्ट्राद्राज्ञाब्दिकः करः॥१२९॥

जसरी जुका, बाच्छो र भँवरोले अलि-अलि आफ्नो भक्ष्य खान्छन्, त्यसैगरी राजाले प्रजाहरूबाट अलि-अलि नै वार्षिक कर लिनुपर्छ।

पञ्चाशद्भाग आदेयो राज्ञा पशुहिरण्ययोः।
धान्यानामष्टमो भागः षष्ठो द्वादश एव वा॥१३०॥

---

२ आठ मुठीको एक किंचित्, आठ किंचित्को एक पुष्कल, चार पुष्कलको एक आढक र चार आढकको एक द्रोण हुन्छ।

राजाले व्यापारीहरूबाट पशु र सूनका नाफाको पचासौं भाग र कृषकहरूबाट अन्नको छैटौं, आठौं र बाह्रौं भाग लिनुपर्छ।

आददीताथ षड्भागं द्रुमांसमधुसर्पिषाम्।
गन्धौषधिरसानां च पुष्पमूलफलस्य च॥ १३१ ॥
पत्रशाकतृणानां च चर्मणां वै दलस्य च।
मृन्मयानां च भाण्डानां सर्वस्याश्ममयस्य च॥ १३२ ॥

वृक्ष, मासु, मह, घिउ, गन्ध, औषधि, रस, फूल, फल, कन्दमूल, पात, साग, घाँस, छाला, बाँस, माटो र ढुङ्गाका भाँडाकुँडा– यी सबैको नाफाको छैटौं भाग राजाले करको रूपमा ग्रहण गरून्।

म्रियमाणोऽप्याददीत न राजा श्रोतियात्करम्।
न च क्षुधाऽस्य संसीदेच्छ्रोत्रियो विषये वसन्॥ १३३ ॥

राजा निर्धन हुन गएमा पनि श्रोत्रिय ब्राह्मणसित कर नलिउन्, र उनका राज्यमा रहने वेदाध्यायी ब्राह्मण भोकले पीडित हुन नपाउन्।

यस्य राज्ञस्तु विषये श्रोतियः सीदति क्षुधा।
तस्यापि तत्क्षुधा राष्ट्रमचिरेणैव सीदति॥ १३४ ॥

जुन राजाको राज्यमा वैदिक ब्राह्मण भोकले दुःख पाउँछन्, त्यो राजाको राज्य पनि उनको भोकले छिटै नै नष्ट हुन जान्छ।

श्रुतवृत्ते विदित्वाऽस्य वृत्तिं धर्म्यां प्रकल्पयेत्।
संरक्षेत्सर्वतश्चैनं पिता पुत्रमिवौरसम्॥ १३५ ॥

राजाले यो श्रोत्रियको शास्त्र र आचरणको विचार गरेर धर्मरूप वृत्ति (जीविका) नियत गरून् र जसरी पिताले आफ्नो औरस पुत्रको रक्षा गर्दछन् त्यसैगरी सबै प्रकारले उनको रक्षा गरून्।

संरक्ष्यमाणो राज्ञा यं कुरुते धर्ममन्वहम्।
तेनायुर्वर्धते राज्ञो द्रविणं राष्ट्रमेव च॥ १३६ ॥

राजाबाट सुरक्षित त्यो ब्राह्मण प्रतिदिन जे केही धर्मानुष्ठान गर्छ त्यसबाट राजाको आयु, धन र राज्यको वृद्धि हुन्छ।

यत्किञ्चिदपि वर्षस्य दापयेत्करसंज्ञितम्।
व्यवहारेण जीवन्तं राजा राष्ट्रे पृथग्जनम्॥ १३७ ॥

राजाले आफ्नो राज्यमा साना व्यवसायबाट जीविका चलाउने व्यापारीहरूबाट पनि केही न केही वार्षिक कर लिने गरून्।

कारुकाञ्छिल्पिनश्चैव शूद्रांश्चात्मोपजीविनः।
एकैकं कारयेत्कर्म मासि मासि महीपतिः॥१३८॥

कारीगरीको काम गरी जीविका निर्वाह गर्ने, भरिया आदि काम गर्ने, खेताला, मजदुर आदिबाट पनि करस्वरूप महिनामा एक दिन काम गराउन्।

नोच्छिन्द्यादात्मनो मूलं परेषां चातितृष्णया।
उच्छिन्दन्ह्यात्मनो मूलमात्मानं तांश्च पीडयेत्॥१३९॥

(कर नलिई) राजाले आफ्नो मूलको उच्छेद नगरून् र धेरै लोभमा परेर प्रजाको पनि मूलोच्छेदन नगरून् किनकि आफ्नो र प्रजाको मूलोच्छेदले आफूलाई र प्रजालाई पीडित गर्छ।

तीक्ष्णश्चैव मृदुश्च स्यात्कार्यं वीक्ष्य महीपतिः।
तीक्ष्णश्चैव मृदुश्चैव राजा भवति सम्मतः॥१४०॥

कार्यलाई हेरेर कमलो र कठोर हुनुपर्छ, किनकि समयानुसार मृदु र कठोर राजा सबैको प्रिय लाग्छ।

अमात्यमुख्यं धर्मज्ञं प्राज्ञं दान्तं कुलोद्गतम्।
स्थापयेदासने तस्मिन्खिन्नः कार्येक्षणे नृणाम्॥१४१॥

यदि प्रजाहरूको कार्य हेर्न मन नलागेमा राजाले आफ्नो ठाउँमा धर्मज्ञ, प्रवीण, जितेन्द्रिय, सत्यशील, कुलीन र श्रेष्ठ मन्त्रीलाई नियुक्त गरून्।

एवं सर्वं विधायेदमितिकर्तव्यमात्मनः।
युक्तश्चैवाप्रमत्तश्च परिरक्षेदिमाः प्रजाः॥१४२॥

यस प्रकार आफ्ना सबै कार्यहरूको व्यवस्था गरेर दक्षता र सावधानीका साथ आफ्नो प्रजाको रक्षा गरून्।

विक्रोशन्त्यो यस्य राष्ट्राद् ध्रियन्ते दस्युभिः प्रजाः।
सम्पश्यतः सभृत्यस्य मृतः स न तु जीवति॥१४३॥

जुन राज्यमा राजा र मन्त्रीहरूका सामु राज्यका प्रजाहरूको रक्षाका लागि रुँदै कराउँदै पनि डाकूहरूबाट लुटिन्छन् भने ती राजा जीवितै भए पनि मृतसमान हुन्।

क्षत्रियस्य परो धर्मः प्रजानामेव पालनम्।
निर्दिष्टफलभोक्ता हि राजा धर्मेण युज्यते॥१४४॥

क्षत्रियहरूको परम् धर्म प्रजाहरूको पालन गर्नु नै हो, किनकि प्रजाहरूबाट निर्दिष्ट फल भोग्नुको कारण राजा त्यस धर्मसित संबद्ध हुन्छन्।

उत्थाय पश्चिमे यामे कृतशौचः समाहितः।

हुताग्निर्ब्राह्मणांश्चार्च्य प्रविशेत्स शुभां सभाम्॥ १४५॥

रातको पछिल्लो प्रहरमा उठेर, शौचादि क्रियाहरूबाट निवृत्त भएर, संयत चित्तले अग्निमा हवन र ब्राह्मणहरूको पूजा गरेर राजा आफ्ना सुन्दर राजसभामा प्रवेश गरून्।

तत्र स्थितः प्रजाः सर्वाः प्रतिनन्द्य विसर्जयेत्।

विसृज्य च प्रजाः सर्वा मन्त्रयेत्सह मन्त्रिभिः॥ १४६॥

सभामा उपस्थित प्रजाहरूलाई संभाषणादिले प्रसन्न पारेर तिनलाई विदा गरेपछि राजाले मन्त्रीहरूका साथ मन्त्रणा गरून्।

गिरिपृष्ठं समारुह्य प्रासादं वा रहोगतः।

अरण्ये निःशलाके वा मन्त्रयेदविभावितः॥ १४७॥

पहाडमा वा निर्जन राजमहलको एकान्त ठाउँमा अथवा वनमा जहाँ मन्त्रभेदको आशंका हुँदैन, त्यहाँ मन्त्रणा गरून्।

यस्य मन्त्रं न जानन्ति समागम्य पृथग्जनाः।

स कृत्स्नां पृथिवीं भुङ्क्ते कोशहीनोऽपि पार्थिवः॥ १४८॥

जुन राजाको विचारलाई अरू जनले एक भएर पनि जान्न सक्तैनन्, ती राजा दरिद्र भएर पनि सारा पृथ्वीको भोग गर्छन्।

जडमूकान्धबधिरांस्तैर्यग्योनान्वयोतिगान्।

स्त्रीम्लेच्छव्याधितव्यङ्गान्मन्त्रकालेऽपसारयेत्॥ १४९॥

बुद्धिहीन, लाटो, अन्धो, बहिरो, शुकसारिकादि (मानव बोली बोल्ने पक्षी), अत्यन्त वृद्ध, स्त्री, म्लेच्छ, रोगी र अङ्गहीन- यी सबैलाई मन्त्रणा गर्दा हटाउनुपर्छ।

भिन्दन्त्यवमता मन्त्रं तैर्यग्योनास्तथैव च।

स्त्रियश्चैव विशेषेण तस्मात्तत्रादृतो भवेत्॥ १५०॥

यिनीहरू अपमानित हुन गएमा गुप्त मन्त्रणा प्रकट गरिदिन्छन्। त्यसै गरी शुकसारिकादि पक्षी र विशेष गरेर स्त्रीहरूले गुप्त मन्त्रणा प्रकट गरिदिन्छन्, यसैले राजा यी सबैलाई मन्त्रणा गर्ने ठाउँबाट टाढै राखुन्।

मध्यंदिनेऽर्धरात्रे वा विश्रान्तो विगतक्लमः।

चिन्तयेद्धर्मकामार्थान्सार्धं तैरेक एव वा॥ १५१॥

मध्य दिनमा वा आधी रातमा अथवा जब चित्त शान्त रहन्छ र शरीर क्लेशरहित रहन्छ तब राजाले मन्त्रीहरूका साथमा वा एक्लै धर्म, अर्थ र कामको चिन्तन गरून्।

परस्परविरुद्धानां तेषां च समुपार्जनम्।
कन्यानां संप्रदानं च कुमाराणां च रक्षणम्॥१५२॥

परस्पर विरुद्ध रहने धर्महरूको उपार्जन गरून्। कन्याहरूको दान र कुमारहरूको रक्षा गर्ने उपाय सोचुन्।

दूतसंप्रेषणं चैव कार्यशेषं तथैव च।
अन्तःपुरप्रचारं च प्रणिधीनां च चेष्टितम्॥१५३॥

अरू राज्यहरूमा दूत पठाउने र प्रत्येक कार्य समाप्त पार्ने विषयमा विचार गरून्। अन्तःपुरमा रहने स्त्रीहरूका कार्यमाथि निगाह राखुन् र अरू राज्यमा पठाइएका गुप्त दूतहरूको भेद पत्ता लगाउनका लागि अर्को दूतको नियुक्ति गरून्।

कृत्स्नं चाष्टविधं कर्म पञ्चवर्गं च तत्त्वतः।
अनुरागापरागौ च प्रचारं मण्डलस्य च॥१५४॥

आठ[३] प्रकारका कर्म, पञ्चवर्ग[४], अनुराग, विरोध र राजाहरूका रङ्गढङ्ग यी सबै राम्ररी सोचुन्।

---

३ आदाने च विसर्गे च तथा प्रेषनिषेधयोः।
पञ्चमे चार्थ वचने व्यवहारस्य चेक्षणे।
दण्डशुद्ध्योः सदायुक्तस्तेनाष्टगतिको नृपः॥

प्रजाहरूसित कर आदि लिनु, भृत्य र याचकहरूलाई यथायोग्य धन दिनु, मन्त्रीहरूलाई कुनै कामले पठाउनु, अनावश्यक कार्यहरू रोक्नु, कार्यमा शंका भएमा राजाको आज्ञालाई नै सर्वश्रेष्ठ मान्नु, व्यावहारिक कामहरू हेर्नु, पराजित भएकासित उचित धन लिनु र कुनै पापको लागि प्रायश्चित्त गर्नु– यी आठ प्रकारका कर्म हुन्।

४ पञ्चवर्ग अर्थात् पाँच प्रकारका चर यथा–

कापटिक, उदास्थित, गृहस्थ, वाणिजक, तापस।

कापटिक : जो कपटी हुन्छ, अरूको मर्म जान्ने र आफ्नो वेश लुकाउनमा चतुर हुन्छ, राजाले यस्ताका साथ एकान्तमा कुरा गरून्।

उदास्थित : भ्रष्ट संन्यासीको रूपमा होस्, उसलाई वैरी तथा प्रजाहरूको भेद दिनाका निम्ति नियुक्त गरेर राजाले एकान्तमा उसबाट सबै भेदहरू जानुन्।

गृहस्थ : जो साधारण स्थितिको भएर पनि चतुर र पवित्र आत्मा भएको हुन्छ, राजाले उसको वृत्ति निश्चित गरेर उसलाई आफ्नो गुप्तचर नियुक्त गरून्।

मध्यमस्य प्रचारं च विजिगीषोश्च चेष्टितम्।
उदासीनप्रचारं च शत्रोश्चैव प्रयत्नतः॥१५५॥

मध्यम[५]को प्रचार, विजिगीषू[६]को चेष्टा र उदासीन[७] र शत्रुको प्रयत्न- यी सबै कुराहरू बडो यत्नले सोचुन्।

एताः प्रकृतयो मूलं मण्डलस्य समासतः।
अष्टौ चान्याः समाख्याता द्वादशैव तु ताः स्मृताः॥१५६॥

यी मध्यम आदि संक्षेपले प्रकृतिहरू राजमण्डलका मूल हुन्। यिनका अतिरिक्त आठ[८] प्रकृतिहरू अरू पनि छन्। यस प्रकार सबै मिलेर बाह्र प्रकृतिहरू शास्त्रमा भनिएका छन्।

अमात्यराष्ट्रदुर्गार्थदण्डाख्याः पञ्च चापराः।
प्रत्येकं कथिता ह्येताः संक्षेपेण द्विसप्ततिः॥१५७॥

प्रत्येक भेदहरूका मन्त्री, देश, दुर्ग, कोश र सैन्य- यी पाँच प्रभेद अरू हुन्छन्। संक्षेपमा सबै मिलाएर बहत्तर प्रकृति भनिएका छन्।

अनन्तरमरिं विद्यादरिसेविनमेव च।
अरेरनन्तरं मित्रमुदासीनं तयोः परम्॥१५८॥

राजाले आफ्ना राज्यका सीमाहरूसित सम्बन्धित राज्यहरूका राजाहरू र उनका सेवकहरूलाई शत्रु-प्रकृतिको जान्नुपर्छ। यीसित मिलेका

वाणिजक : जुन व्यापारीको पूँजी हुँदैन, तर व्यापार गर्नमा चतुर हुन्छ, उसलाई धन दिएर व्यापारको निहुँमा आफ्नो देशमा वा देश बाहिर पठाएर उसद्वारा गुप्त भेद लिनुपर्छ।

तापस : जुन संन्यासी नीतिज्ञ हुन्छ र जीविकाले हीन हुन्छ, उसलाई वृत्ति दिएर आफ्नो गुप्त दूत नियुक्त गरून् र उसले आफ्ना कपटी शिष्यहरूका साथ त्रिकालज्ञ बनेर राजाप्रति मानिसहरूको मनोभाव जानेर एकान्तमा राजासित भनुन्।

[५] जो शत्रुका विजयको इच्छा गर्ने राजाको भूमिबाट तटस्थ रहन्छ र ती दुवै मिलेमा अनुग्रह गर्दा र ती दुवैमा विभिन्नता भएमा दण्ड दिनमा समर्थ हुन्छ, त्यो मध्यम हो।

[६] बुद्धि, उत्साह, गुण र स्वभावमा जो दृढ हुन्छ उसलाई विजिगीषू भनिन्छ।

[७] जो विजिगीषू र मध्यम मिली रहेमा अनुग्रह गर्नमा र उनीहरू नमिलेको खण्डमा निग्रह गर्नमा समर्थ हुन्छ, त्यो उदासीन हुन्छ।

[८] मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र, पार्ष्णिग्राह (पल्लो राज्यको शत्रु), आक्रन्द, पार्ष्णिग्राहासार, आक्रन्दासार- यी आठ प्रकृतिहरू हुन्।

राजाहरूको जुन राज्य हुन्छ तिनलाई मित्र–प्रकृतिको जानुपर्छ र यी दुवैका परका जुन राजा छन् तिनलाई उदासीन प्रकृतिको जान्नुपर्छ।

तान्सर्वानभिसंदध्यात्सामादिभिरुपक्रमैः ।
व्यस्तैश्चैव समस्तैश्च पौरुषेण नयेन च॥१५९॥

ती सबै राजाहरूलाई साम, दाम, दण्ड, विभेद आदि उपायहरूबाट वशमा गरून् अथवा मात्र दण्डले वा मात्र सामले उनीहरूलाई आफ्नो वशमा गरून्।

संधिं च विग्रहं चैव यानमासनमेव च।
द्वैधीभावं संश्रयं च षड्गुणांश्चिन्तयेत्सदा॥१६०॥

सन्धि (मेल), विग्रह (विरोध), यान (शत्रुको देशमाथि आक्रमण गर्नु), आसन (उपेक्षण), द्वैधीभाव (बललाई दुई भागमा बाँड्नु) र संश्रय (शत्रुले सताएको बेला प्रबल राजाको आश्रय लिनु)- राजाले यी छः गुणलाई सधैं सोच्नुपर्छ।

आसनं चैव यानं च संधिं विग्रहमेव च।
कार्यं वीक्ष्य प्रयुञ्जीत द्वैधं संश्रयमेव च॥१६१॥

कर्तव्यअनुसार नै आसन, यान (आक्रमण), सन्धि, विग्रह, विभेद र संश्रयको विरोध गरून्।

संधिं तु द्विविधं विद्याद्राजा विग्रहमेव च।
उभे यानासने चैव द्विविधः संश्रयः स्मृतः॥१६२॥

सन्धि, विग्रह, यान, आसन, विभेद र संश्रय यी दुई प्रकारका हुन्छन्।

समानयानकर्मा च विपरीतस्तथैव च।
तदा त्वायतिसंयुक्तः संधिर्ज्ञेयो द्विलक्षणः॥१६३॥

वर्तमान अथवा भविष्यमा हुन जाने लाभको आशाले अरू राजासित मिलेर जुन आक्रमण गरिन्छ त्यो समान–यान सन्धि र दुवै आपसमा मिलेर, तर अलग–अलग भएर जुन आक्रमण गरिन्छ त्यो असमान–यान सन्धि हुन्छ। यो नै दुई प्रकारका सन्धि हुन्।

स्वयं कृतश्च कार्यार्थमकाले काल एव वा।
मित्रस्य चैवापकृते द्विविधो विग्रहः स्मृतः॥१६४॥

कार्य–सिद्धिका निम्ति यथोक्त समयमा वा असमयमा नै शत्रुलाई जित्ने इच्छाले जुन युद्ध गरिन्छ त्यो एक प्रकारको विग्रह हो। आफ्नो मित्रको

कसैबाट अपकार भएमा जुन युद्ध गरिन्छ त्यो अर्को प्रकारको विग्रह हो। यो नै दुई प्रकारका विग्रह हुन्।

एकाकिनश्चात्ययिके कार्ये प्राप्ते यदृच्छया।

संहतस्य च मित्रेण द्विविधं यानमुच्यते॥ १६५ ॥

अत्यन्त आवश्यक कार्यमा लागेको शत्रुलाई देखेर उसमाथि एक्लै आक्रमण गर्नु त्यो एक प्रकारको यान र स्वयं शक्य हुँदाहुँदै मित्रसित मिलेर आक्रमण गर्नु अर्को प्रकारको यान हो। यो नै दुई प्रकारका यान हुन्।

क्षीणस्य चैव क्रमशो दैवात्पूर्वकृतेन वा।

मित्रस्य चानुरोधेन द्विविधं स्मृतमासनम्॥ १६६ ॥

दुर्भाग्यले अथवा पूर्वमा गरिएका पापबाट जुन राजाको सम्पत्ति नष्ट हुन जान्छ, त्यो राजाले शत्रुको उपेक्षा गर्नु यो एक आसन हो, र समृद्धशाली भएर पनि मित्रहरूको अनुरोधले (मित्रहरूको लाभका लागि) शत्रुको उपेक्षा गर्नु यो अर्को आसन हो। यस प्रकार दुई किसिमका आसन बताइएको छ।

बलस्य स्वामिनश्चैव स्थितिः कार्यार्थसिद्धये।

द्विविधं कीर्त्यते द्वैधं षाड्गुण्यगुणवेदिभिः॥ १६७ ॥

कार्य र धन दुवैको सिद्धिका लागि सेनापति र राजाको स्थितिलाई द्वैध गर्नु। यस द्वैधलाई (सन्धि आदि) छः गुणहरू जान्नेहरूले दुई किसिमका बताएका छन्।

अर्थसंपादनार्थं च पीड्यमानस्य शत्रुभिः।

साधुषु व्यपदेशार्थं द्विविधः संश्रयः स्मृतः॥ १६८ ॥

शत्रुद्वारा पीडित भइएमा कार्य र अर्थको सिद्धिका लागि कुनै बलवान् राजाको आश्रय लिनु अथवा कुनै शत्रुद्वारा पीडा पाइने आशंकाले कुनै बलवान् राजाको आश्रय घोषित गर्नु– यिनै दुई किसिमको संश्रय भनिएको छ।

यदावगच्छेदायत्यामाधिक्यं ध्रुवमात्मनः।

तदात्वे चाल्पिकां पीडां तदा संधिं समाश्रयेत्॥ १६९ ॥

यदि निश्चय रूपले सन्धि गर्नुमा नै आफ्नो वृद्धि हुने बुझिएमा अलिकति कष्ट र हानि सहेर भए पनि सन्धि गरून्।

यदा प्रहृष्य मन्येत सर्वास्तु प्रकृतीर्भृशम्।

अत्युच्छ्रितं तथाऽऽत्मानं तदा कुर्वीत विग्रहम्॥ १७० ॥

जब आफ्ना सम्पूर्ण प्रकृति (अर्थात् मन्त्री आदि अधिकारी) पूर्णरूपले सन्तुष्ट भएमा र आफ्ना शत्रुभन्दा बलमा सबै प्रकारले बढी छन् भने विग्रह अर्थात् युद्ध गरून्।

यदा मन्येत भावेन हृष्टं पुष्टं बलं स्वकम्।
परस्य विपरीतं च तदा यायाद्रिपुं प्रति॥ १७१॥

जब आफ्ना सेनापति आदिलाई पूर्णरूपले हृष्ट-पुष्ट भएको र आफ्ना शत्रुलाई यसको विपरीत जानिन्छ तब उसमाथि आक्रमण गरून्।

यदा तु स्यात्परिक्षीणो वाहनेन बलेन च।
तदासीत प्रयत्नेन शनकैः सांत्वयन्नरीन्॥ १७२॥

जब आफ्ना वाहन र सैन्यबलबाट राजा क्षीण हुन गए साम-दानादि नीतिबाट शत्रुहरूलाई विस्तार-विस्तार शान्त गराउन्।

मन्येतारिं यदा राजा सर्वथा बलवत्तरम्।
तदा द्विधा बलं कृत्वा साधयेत्कार्यमात्मनः॥ १७३॥

जब राजा सबै प्रकारले शत्रुलाई बलवान् ठान्दछन् तब सेनालाई दुई भागमा विभाजित गरेर एक भाग किल्लामा राखुन् र अर्को भागलाई शत्रुसित युद्ध गर्न पठाएर आफ्नो कार्य-साधन गरून्।

यदा परबलानां तु गमनीयतमो भवेत्।
तदा तु संश्रयेत्क्षिप्रं धार्मिकं बलिनं नृपम्॥ १७४॥

जब राजा आफूलाई शत्रु सेनाको हातमा परिने भयो जस्तो लाग्यो भने छिटो गरेर कुनै धार्मिक बलिष्ठ राजाको आश्रयमा जाउन्।

निग्रहं प्रकृतीनां च कुर्याद्योऽरिबलस्य च।
उपसेयेत तं नित्यं सर्वयत्नैर्गुरुं यथा॥ १७५॥

जुन दोषका कारण राजालाई यस्तो विपत्ति उत्पन्न भएको छ र जुन शत्रु सेनाबाट भय उत्पन्न भएको छ, यी दुवैलाई निग्रह गर्न सक्ने राजाको आश्रय गरेर उनको गुरु जस्तै सबै प्रकारले सेवा गरून्।

यदि तत्रापि संपश्येद्दोषं संश्रयकारितम्।
सुयुद्धमेव तत्रापि निर्विशङ्कः समाचरेत्॥ १७६॥

यदि यसरी आश्रय गर्दा पनि आफ्नो रक्षा गर्न नसके तब निःशङ्क भएर युद्ध नै गरून्।

सर्वोपायैस्तथा कुर्यान्नीतिज्ञैः पृथिवीपतिः ।
यथाऽस्याभ्यधिका न स्युर्मित्रोदासीनशत्रवः ॥ १७७ ॥

नीतिज्ञ राजाले सबै उपायहरूबाट यस्तो कर्म गरून् जसमा उनको मित्र, उदासीन र शत्रुको संख्या नबढोस् ।

आयतिं सर्वकार्याणां तदात्वं च विचारयेत् ।
अतीतानां च सर्वेषां गुणदोषौ च तत्त्वतः ॥ १७८ ॥

उक्त कार्यका समयमा भूत र भविष्यका सबै कार्यहरूको गुण–दोषलाई राजाले बहुतै ध्यान पुऱ्याएर विचार गरून् ।

आयत्यां गुणदोषज्ञस्तदात्वे क्षिप्रनिश्चयः ।
अतीते कार्यशेषज्ञः शत्रुभिर्नाभिभूयते ॥ १७९ ॥

भविष्यका गुण–दोषहरूलाई, उपस्थित कार्यहरू निश्चय गरेर छिटै पूर्ण गर्ने र बितेका कुराहरूका शेष भागलाई सम्झिने राजा कहिल्यै शत्रुहरूबाट पराजित हुँदैनन् ।

यथैनं नाभिसंदध्युर्मित्रोदासीनशत्रवः ।
तथा सर्वं संविदध्यादेष सामासिको नयः ॥ १८० ॥

जुन नियमले मित्र उदासीन र शत्रु दुवैले कहिल्यै पनि उनलाई कष्ट दिन नसकुन्, यही नियमले हिंड्नुपर्छ । संक्षेपमा यही नै नीति हो ।

यदा तु यानमातिष्ठेदरिराष्ट्रं प्रति प्रभुः ।
तदाऽनेन विधानेन यायादरिपुरं शनैः ॥ १८१ ॥

जब राजा शत्रु राज्यमाथि आक्रमण गर्ने तयारी गर्छन् तब अगाडि भनिएका नियमहरूअनुसार शत्रु राज्यमाथि विस्तार–विस्तार आक्रमण गरून् ।

मार्गशीर्षे शुभे मासि यायाद्यात्रां महीपतिः ।
फाल्गुनं वाऽथ चैत्रं वा मासौ प्रति यथाबलम् ॥ १८२ ॥

राजा शुभ मार्गशीर्ष महिनामा यात्रा गरून् अथवा आफ्नो शक्तिअनुसार फागुन वा चैत्र महिनामा शत्रु राज्यमाथि आक्रमण गरून् ।

अन्येष्वपि तु कालेषु यदा पश्येद् ध्रुवं जयम् ।
तदा यायाद्विगृह्यैव व्यसने चोत्थिते रिपोः ॥ १८३ ॥

अरू महिनामा पनि जब आफ्नो विजय निश्चित देखिन्छ र शत्रु संकटमा परेको छ भने अरू महिनामा पनि युद्धको यात्रा गरून् ।

कृत्वा विधानं मूले तु यात्रिकं च यथाविधि।
उपगृह्यास्पदं चैव चारान्सम्यग्विधाय च॥ १८४॥

आफ्नो दुर्ग (किल्ला) र देशको रक्षाका लागि सेनाको एक दलको प्रबन्ध गरेर यात्रामा चाहिने सबै सामान साथमा लिउन्।

संशोध्य त्रिविधं मार्गं षड्विधं च बलं स्वकम्।
सांपरायिककल्पेन यायादरिपुरं शनैः॥ १८५॥

शत्रु राज्यमा भेद लिनका लागि दूतहरू पठाएर त्रिविध मार्ग (जंगल, आनूप, आटविस) लाई संशोधन गरेर अरू छः प्रकारका आफ्ना सेनालाई संतुष्ट गराएर संग्राम–नीतिद्वारा विस्तार विस्तार शत्रुको नगरमाथि आक्रमण गर्नका लागि यात्रा गरून्।

शत्रुसेविनि मित्रे च गूढे युक्ततरो भवेत्।
गतप्रत्यागते चैव स हि कष्टतरो रिपुः॥ १८६॥

जुन मित्र लुकेर शत्रुको सेवा गर्दछ र जुन नोकर पहिला रिसिएर गएको हुन्छ र पछि आएको हुन्छ, यस्तासित सावधान रहनुपर्छ किनकि यी साह्रै कडा शत्रु हुन्छन्।

दण्डव्यूहेन तन्मार्गं यायात्तु शकटेन वा।
वाराहमकराभ्यां वा सूच्या वा गरुडेन वा॥ १८७॥

युद्ध–मार्गमा राजा दण्डव्यूह, शकटव्यूह, वराहव्यूह, करव्यूह, सूचीव्यूह वा गरुडव्यूह रचेर हिंडुन्।

यतश्च भयमाशङ्केत्ततो विस्तारयेद् बलम्।
पद्मेन चैव व्यूहेन निविशेत सदा स्वयम्॥ १८८॥

राजालाई जताबाट भयको आशंका हुन्छ त्यतै आफ्नो सेनालाई विशेष रूपले नियोजित गरून् र आफू पद्मव्यूह (कमल जस्तो समूह) रचेर त्यसमा रहुन्।

सेनापतिबलाध्यक्षौ सर्वदिक्षु निवेशयेत्।
यतश्च भयमाशङ्केत्प्राचीं तां कल्पयेद्दिशम्॥ १८९॥

सेनापति र सेनाध्यक्षहरूलाई सबै दिशाहरूमा नियुक्त गरून् र जुन दिशाबाट भयको आशंका हुन्छ उसैलाई पूर्व दिशा मानुन् अर्थात् उसै दिशामा अगाडि बढुन्।

गुल्मांश्च स्थापयेदाप्तान्कृतसंज्ञान्समंततः।
स्थाने युद्धे च कुशलानभीरूनविकारिणः॥१९०॥

सेनाको एक भाग जसमा युद्धका संकेत जान्ने र युद्ध विद्यामा कुशल तथा भीरु (डरछेरुवा) र विश्वासघाती नहुन्। यस्ता योद्धाहरूलाई शेष सेनाको चारैतिर शत्रुहरूबाट रक्षाका निम्ति र शत्रुको चेष्टा जान्नका लागि राजाले नियुक्त गरून्।

संहतान्योधयेदल्पान्कामं विस्तारयेद् बहून्।
सूच्या वज्रेण चैवेतान्व्यूहेन व्यूह्य योधयेत्॥१९१॥

यदि सेनाको संख्या थोरै छ भने सबैलाई एक ठाउँ भेला पारेर र संख्या धेरै छ भने त्यसलाई फैलाएर सूची-व्यूह तथा वज्रव्यूह रचेर त्यसबाट युद्ध गराउन्।

स्यन्दनाश्वैः समे युद्ध्येदनूपे नौद्विपैस्तथा।
वृक्षगुल्मावृते चापैरसिचर्मायुधैः स्थले॥१९२॥

समतल भूमिमा रथी र घोडचढी सेनाले, अनूप (जलमग्न ठाउँ) मा डुङ्गा र हात्तीमा चढेर रूख-बिरुवा र लहराले भरिएका ठाउँमा धनुष-बाणले र स्थलभागमा ढाल, तलवार र बर्छाले युद्ध गरून्।

कुरुक्षेत्रांश्च मत्स्यांश्च पाञ्चालाञ्शूरसेनजान्।
दीर्घाँल्लघूंश्चैव नरानग्रानीकेषु योजयेत्॥१९३॥

कुरुक्षेत्री, मत्स्यदेशीय, पाञ्चाल र माथुर सैनिक- यी अग्ला हुन् वा होचा, यिनलाई सेनाका अगाडि नियुक्त गरून्।

प्रहर्षयेद्बलं व्यूह्य तांश्च सम्यक्परीक्षयेत्।
चेष्टाश्चैव विजानीयादरीन्योधयतामपि॥१९४॥

सेनाको रचना गरेर सेनालाई विजयद्वारा कर्मको लाभ, युद्धमा सन्मुख मृत्यु भएमा स्वर्गको प्राप्ति, भाग्नाले नर्कमा पतन आदि कुराहरूबाट हर्षित गराएर उनीहरूको परीक्षा लिउन्। शत्रु सेनासित लड्दै गर्दा पनि आफ्ना सैनिकहरूको चेष्टालाई हेरून्।

उपरुध्यारिमासीत राष्ट्रं चास्योपपीडयेत्।
दुषयेच्चास्य सततं यवसान्नोदकेन्धनम्॥१९५॥

शत्रुको नगरको चारैतिर घेरा हालून्, उनको राज्यमा अनेक किसिमले पीडा पुऱ्याउन्। त्यहाँको घाँस, अन्न, जल र ईंधनलाई लगातार नष्ट-भ्रष्ट गर्दै रहुन्।

भिन्द्याच्चैव तडागानि प्राकारपरिखास्तथा।
समवस्कन्दयेच्चैनं रात्रौ वित्रासयेत्तथा॥ १९६॥

शत्रुका काम आउने उपजीव्य तलाउ आदि जलाशयहरू नाश गरून्, किल्लाका पर्खाल भत्काइदिउन्, खाल्डा आदिलाई माटोले पुरिदिउन्। यसरी शत्रुका शक्ति शून्य गराएर र राति पनि नगरा आदि युद्धका बाजा बजाएर उसलाई भयभीत गराउन्।

उपजप्यानुपजपेद् बुध्येतैव च तत्कृतम्।
युक्ते च दैवे युध्येत जयप्रेप्सुरपेतभीः॥ १९७॥

शत्रुपक्षका जो अमात्यादिहरू फुटाउने योग्य भए उनीहरूलाई आफ्नो वशमा पारेर उनीहरूको कार्यलाई जानून्। विजयको इच्छा राख्ने राजा भयरहित भएर शुभ मुहूर्तमा युद्ध आरम्भ गरून्।

साम्ना दानेन भेदेन समस्तैरथवा पृथक्।
विजेतुं प्रयतेतारीन्न युद्धेन कदाचन॥ १९८॥

(जहाँसम्म हुन्छ) शत्रुलाई साम, दाम वा भेद यीमध्ये कुनै उपायबाट वा यी सबै उपायहरूबाट जित्ने प्रयत्न गरून्, युद्ध गरेर जित्ने प्रयास कहिल्यै नगरून्।

अनित्यो विजयो यस्माद् दृश्यते युध्यमानयोः।
पराजयश्च संग्रामे तस्माद्युद्धं विवर्जयेत्॥ १९९॥

युद्ध गर्दैगर्दा दुवै पक्षहरूबाट जीत र हार युद्धमा कुनै निश्चय रहँदैन, यसकारण युद्ध गर्नु हुँदैन।

त्रयाणामप्युपायानां पूर्वोक्तनामसम्भवे।
तथा युध्येत सम्पन्नो विजयेत रिपून्यथा॥ २००॥

(तर) माथिका तीनै उपाय (साम, दाम र भेद) असम्भव भए तब शक्ति सम्पन्न भएर यस प्रकार युद्ध गरून् कि शत्रुलाई जित्न सकून्।

जित्वा संपूजयेद् देवान्ब्राह्मणांश्चैव धार्मिकान्।
प्रदद्यात्परिहारांश्च ख्यापयेदभयानि च॥ २०१॥

शत्रुलाई जितेर देवता तथा धार्मिक ब्राह्मणहरूको पूजा गरून् र तिनलाई भेटी दिएर सर्वत्र अभयको स्थापना गरून्।

सर्वेषां तु विदित्वैषां समासेन चिकीर्षितम्।
स्थापयेत्तत्र तद्वंश्यं कुर्याच्च समयक्रियाम्॥ २०२॥

(जितिएको राज्यको मन्त्री आदिको) संक्षेपसित अभिप्रायलाई बुझेर त्यो राज्यको राजगद्दीमाथि उही राजाको कुनै वंशजलाई बसाउन् र त्यस समय अनुकूल कार्यहरू गरून्।

प्रमाणानि च कुर्वीत तेषां धर्म्यान्यथोदितान्।
रत्नैश्च पूजयेदेनं प्रधानपुरुषैः सह॥ २०३॥

त्यस राज्यका प्रजाहरूको यथोचित कार्यहरूलाई प्रमाण मानुन्। नयाँ अभिषिक्त राजा र प्रधान पुरुष (मन्त्री) हरूलाई रत्न आदिको भेट दिउन्।

आदानमप्रियकरं दानं च प्रियकारकम्।
अभीप्सितानामर्थानां काले युक्तं प्रशस्यते॥ २०४॥

यद्यपि कसैको अतिप्रिय वस्तु लिनु अप्रिय तथा दिनु प्रिय हुन्छ, तथापि समयानुसार लिनु र दिनु यी दुवै श्रेष्ठ हुन्छन्।

सर्वं कर्मेदमायत्तं विधाने दैवमानुषे।
तयोर्दैवमचिन्त्यं तु मानुषे विद्यते क्रिया॥ २०५॥

संसारका सबै कार्य दैव र मानुष कर्मविधानका अधीन छन्। यी दुवैमा दैव कर्मविधान अचिन्त्य छ, तर मानुष कर्मविधान चिन्त्य छ अर्थात् विचार गर्न सकिने छ।

सह वाऽपि व्रजेद्युक्तः संधिं कृत्वा प्रयत्नतः।
मित्रं हिरण्यं भूमिं वा संपश्यंस्त्रिविधं फलम्॥ २०६॥

युद्ध गर्न गएका राजाका यदि शत्रु मित्र बन्छन्, सुवर्ण दिन्छन्, भूमिको केही भाग दिन्छन् भने यो त्रिविध फल पाएपछि सन्धिले युक्त भएर राजा त्यहाँबाट फर्किएर आउन्।

पार्ष्णिग्राहं च संप्रेक्ष्य तथाक्रन्दं च मण्डले।
मित्रादथाप्यमित्राद्वा यात्राफलमवाप्नुयात्॥ २०७॥

राजमण्डलमा पार्ष्णिग्राह[९] र आक्रन्द[१०] माथि राम्ररी विचार गरेर यात्रा गरून्। मित्रबाट वा शत्रुबाट यात्राको फल लिनु नै पर्छ।

हिरण्यभूमिसंप्राप्त्या पार्थिवो न तथैधते।
यथा मित्रं ध्रुवं लब्ध्वा कृशमप्यायतिक्षमम्॥ २०८॥

---

[९] विजयको इच्छा गर्ने राजाले शत्रुमाथि आक्रमण गर्ने बेला, आफ्ना पीठका राजाले आफ्नो देशमाथि आक्रमण गर्छ भने उसलाई पार्ष्णिग्राह भनिन्छ।

[१०] यस्तो गर्नेलाई रोक्ने राजालाई आक्रन्द भनिन्छ।

सुवर्ण र भूमि पाएर राजाले त्यस्तो वृद्धि पाउन सक्तैनन् जस्तो कुनै वर्तमानमा दुर्बल हुँदा पनि भविष्यमा वृद्धि गर्ने स्थायी मित्र पाएर वृद्धि गर्छ।

धर्मज्ञं च कृतज्ञं च तुष्टप्रकृतिमेव च।
अनुरक्तं स्थिरारम्भं लघुमित्रं प्रशस्यते॥ २०९॥

धार्मिक, कृतज्ञ, सन्तुष्ट, अमात्य आदि प्रकृति भएको, अनुरक्त, स्थिर कार्यारम्भ गर्ने सानो मित्र भए पनि श्रेष्ठ हुन्छन्।

प्राज्ञं कुलीनं शूरं च दक्षं दातारमेव च।
कृतज्ञं धृतिमन्तं च कष्टमाहुररिं बुधाः॥ २१०॥

विद्वान्, कुलीन, वीर, चतुर, दाता, कृतज्ञ र धैर्यवान् शत्रुलाई जित्नु बडो कठिन हुन्छ, यस्तो पण्डितहरूको भनाइ छ।

आर्यता पुरुषज्ञानं शौर्यं करुणवेदिता।
स्थौललक्ष्यं च सततमुदासीनगुणोदयः॥ २११॥

साधुता, सत-असत् पुरुषहरूको पहिचान, शूरता; निरन्तर दयालुता र दानशीलता- यी सबै उदासीनका गुण हुन्।

क्षेम्यां सस्यप्रदां नित्यं पशुवृद्धिकरीमपि।
परित्यजेन्नृपो भूमिमात्मार्थमविचारयन्॥ २१२॥

जुन भूमि आफूलाई सुखदायक हुन्छ, उब्जाउ हुन्छ, पशुहरूको वृद्धिकारी हुन्छ, त्यो भूमिलाई आफ्ना कल्याणका निमित्त राजाले केही विचार नगरी छाडिदिऊन्।

आपदर्थं धनं रक्षेद्दारान् रक्षेद्धनैरपि।
आत्मानं सततं रक्षेद्दारैरपि धनैरपि॥ २१३॥

(कारण) आपत्तिबाट बच्नको लागि धनको रक्षा गरून्, धनभन्दा बढी स्त्रीको रक्षा गरून् र धन तथा स्त्रीभन्दा बढी सधैं आत्मरक्षा गर्नुपर्छ।

सह सर्वाः समुत्पन्नाः प्रसमीक्ष्यापदो भृशम्।
संयुक्तांश्च वियुक्तांश्च सर्वोपायान्सृजेद् बुधः॥ २१४॥

एकैचोटि अनेक थरीका डरलाग्दा विपत्तिहरू उपस्थित भएमा तीबाट बुद्धिमान व्यक्ति विचलित नहोउन्, तर तिनका प्रति सबै (सामादि) उपायहरूलाई एकसाथ वा अलग-अलग उपाय गरून्।

उपेतारमुपेयं च सर्वोपायांश्च कृत्स्नशः।
एतत्त्रयं समाश्रित्य प्रयतेतार्थसिद्धये॥ २१५॥

उपाय गर्ने व्यक्ति, उपायको फल र सबै उपाय (साम-दानादि)- यी तीनैको पूर्णरूपले विचार गरेर आफ्नो कार्यसिद्धिका लागि प्रयत्न गर्नुपर्छ।

एवं सर्वमिदं राजा सह संमन्त्र्य मन्त्रिभिः।
व्यायम्याप्लुत्य मध्याह्ने भोक्तुमन्तःपुरं विशेत्॥ २१६ ॥

यसप्रकार राजा मन्त्रीहरूका साथ माथि बताइएका सबै कुराहरूमाथि विचार गरेर, नियमानुसार व्यायाम गरेर, मध्याह्नकालिक क्रियाहरूबाट निवृत्त भएर भोजनका लागि अन्तःपुरमा जाउन्।

तत्रात्मभूतैः कालज्ञैरहार्यैः परिचारकैः।
सुपरीक्षितमन्नाद्यमद्यान्मन्त्रैर्विषापहैः ॥ २१७॥

त्यहाँ आत्मीय, कालज्ञ, अभेद्य भान्सेहरूद्वारा बनाइएको स्वादिलो अन्न विषनाशक मन्त्रहरूले अभिमन्त्रित गरेर भोजन गरून्।

विषघ्नैरगदैश्चास्य सर्वद्रव्याणि योजयेत्।
विषघ्नानि च रत्नानि नियतो धारयेत्सदा॥ २१८ ॥

निश्चय रूपले सधैं खाइने सबै प्रकारका वस्तुहरूमा विषनाशक औषधि मिसाउन् र विषनाशक रत्नहरू धारण गरून्।

परीक्षिताः स्त्रियश्चैनं व्यजनोदकधूपनैः।
वेषाभरणसंशुद्धाः स्पृशेयुः सुसमाहिताः॥ २१९ ॥

गुप्तचरहरूद्वारा जसको परीक्षा भैसकेको हुन्छ र जोसित कुनै गुप्त शस्त्र र विषले मुछिएको गरगहना त छैन यस्तो शंका रहेको छैन, जसका वेश र आभूषण शुद्ध छन्- यस्ता परीक्षा भैसकेका स्त्रीहरूले बडो सावधानीसित चमर, स्नान, पानादिक जल र धूप आदिले राजाको परिचर्या गरून्।

एवं प्रयत्नं कुर्वीत यानशय्यासनाशने।
स्नाने प्रसाधने चैव सर्वालङ्कारकेषु च॥ २२० ॥

यसैगरी वाहन, शय्या, आसन, भोजन, स्नान, शृङ्गार आदि सबै अलङ्कारहरूको सम्बन्धमा परीक्षा गर्नुपर्छ।

भुक्तवान्विहरेच्चैव स्त्रीभिरन्तःपुरे सह।
विहृत्य तु यथाकालं पुनः कार्याणि चिन्तयेत्॥ २२१ ॥

भोजन पश्चात् अन्तःपुरका स्त्रीहरूका साथ केही समयसम्म विहार गरेर अनि आंफ्नो राजकार्यको चिन्ता गरून्।

अलंकृतश्च सम्पश्येदायुधीयं पुनर्जनम्।
वाहनानि च सर्वाणि शस्त्राण्याभरणानि च॥ २२२॥

राजा स्वयंले वेशभूषा लगाइसकेर सैनिकहरू, वाहनहरू, सबै अस्त्र-शस्त्रहरू र अलंकारहरूको निरीक्षण गरून्।

संध्यां चोपास्य शृणुयादन्तर्वेश्मनि शस्त्रभृत्।
रहस्याख्यायिनां चैव प्रणिधीनां च चेष्टितम्॥ २२३॥
गत्वा कक्षान्तरं त्वन्यत्समनुज्ञाप्य तं जनम्।
प्रविशेद्भोजनार्थं च स्त्रीवृतोऽन्तःपुरं पुनः॥ २२४॥

त्यसपछि सन्ध्योपासना गरेर घरको एकान्त स्थानमा सशस्त्र भएर बसी रहस्यभाषी चरहरू (जासुसहरू) को गुप्त संवाद सुनुन्। यसपछि उनलाई आज्ञा दिई त्यहाँबाट विदा गरेर अर्को घरमा गई परिचारिका स्त्रीहरूका साथ भोजनका लागि फेरि अन्तःपुरमा प्रवेश गरून्।

तत्र भुक्त्वा पुनः किञ्चित् तूर्यघोषैः प्रहर्षितः।
संविशेत्तु यथाकालमुत्तिष्ठेच्च गतक्लमः॥ २२५॥

त्यहाँ बाजाहरूका मधुरो शब्दहरूबाट प्रसन्न भई फेरि केही भोजन गरेर यथा समयमा सुतुन्, राम्ररी विश्राम गरेर यथा समयमा उठुन्।

एतद्विधानमातिष्ठेदरोगः पृथिवीपतिः।
अस्वस्थः सर्वमेतत्तु भृत्येषु विनियोजयेत्॥ २२६॥

शरीर अरोग्य रहेमा राजाले स्वयं यी सबै कार्यहरू संपादन गरून्, तर अस्वस्थ रहेमा यी सबै कार्य भृत्यका हातमा सुम्पिदिउन्।

॥ इति सप्तम अध्याय समाप्त॥

अष्टमोऽध्यायः

व्यवहारान्दिदृक्षुस्तु ब्राह्मणैः सह पार्थिवः।
मन्त्रज्ञैर्मन्त्रिभिश्चैव विनीतः प्रविशेत्सभाम्॥ १॥

व्यावसायिक विषयहरूमाथि विचार गर्ने इच्छाले राजा ब्राह्मणहरू र विचारशील मन्त्रीहरूका साथ विनतीभावले राजसभामा प्रवेश गरून्।

तत्रासीनः स्थितो वाऽपि पाणिमुद्यम्य दक्षिणम्।
विनीतवेषाभरणः पश्येत्कार्याणि कार्यिणाम्॥ २॥

विनीत वेश र अलंकारले युक्त भएर राजा त्यहाँ बसेर वा उभिएर दाहिने हात लुगाबाट बाहिर निकालेर कर्मचारीका कार्यहरू हेरून्।

प्रत्यहं देशदृष्टैश्च शास्त्रदृष्टैश्च हेतुभिः।
अष्टादशसु मार्गेषु निबद्धानि पृथक्पृथक्॥ ३॥

यी कार्य अठार भागमा छन्। यिनका देशाचार (देश, जाति, कुल आदि) तथा शास्त्र-विचार (साक्षी आदि) प्राप्त हेतुहरूबाट भिन्ना-भिन्नै नित्य विचार गरून्।

तेषामाद्यमृणादानं निक्षेपोऽस्वामिविक्रयः।
संभूय च समुत्थानं दत्तस्यानपकर्म च॥ ४॥
वेतनस्यैव चादानं संविदश्च व्यतिक्रमः।
क्रयविक्रयानुशयो विवादः स्वामिपालयोः॥ ५॥
सीमाविवादधर्मश्च पारुष्ये दण्डवाचिके।
स्तेयं च साहसं चैव स्त्रीसंग्रहणमेव च॥ ६॥
स्त्रीपुंधर्मो विभागश्च द्यूतमाह्वय एव च।
पदान्यष्टादशैतानि व्यवहारस्थिताविह॥ ७॥

तिनमा क्रमैसित ऋण लिनु, कसैकहाँ नासो राख्नु, मालिकलाई नसोधी कुनै वस्तु बेच्नु, अनेक व्यक्ति (व्यापारी आदि) मिलेर संयुक्त रूपमा काम गर्नु, दिइएको सम्पत्ति वा कुनै वस्तु लोभका कारण फिर्ता लिनु, तलब नदिनु, गरिएका व्यवस्थालाई नमान्नु, किन-बेचमा कुनै कुराको अन्तर हुन जानु, स्वामी र पशुपालकमा विवाद, सीमानाको झगडा, गाली-धम्की दिनु वा मारपीट गर्नु, चोरी, साहस गरेर वा जबरजस्ती अर्काको वस्तु हत्याउनु, पर-पुरुषसित स्त्रीको

संसर्ग, पति-पत्नीका परस्पर धर्मको व्यवस्था,. पैतृकादि धनको भाग-बण्डा, जुवा, पशुपक्षीलाई जुधाउनु- व्यवहारका यिनै अठार स्थान हुन्।

एषु स्थानेषु भूयिष्ठं विवादं चरतां नृणाम्।
धर्मं शाश्वतमाश्रित्य कुर्यात्कार्यविनिर्णयम्॥ ८॥

यी अठार स्थानमा विवाद गर्ने मनुष्यहरूका धर्मको निर्णय परम्परागत धर्मको आश्रय लिएर गर्नुपर्छ।

यदा स्वयं न कुयात्तु नृपतिः कार्यदर्शनम्।
तदा नियुज्याद्विद्वांसं ब्राह्मणं कार्यदर्शने॥ ९॥

यदि स्वयं राजाले काम गर्न नसके त्यस कामका लागि कुनै विद्वान्, नीति-निपुण ब्राह्मणलाई नियुक्त गरून्।

सोऽस्य कार्याणि संपश्येत्सभ्यैरेवत्रिभिर्वृतः।
सभामेव प्रविश्याग्र्यामासीनः स्थित एव वा॥ १०॥

ती ब्राह्मण कार्य बुझ्नमा चतुर तीन अन्य ब्राह्मणहरूका साथ राजसभामा बसेर वा उभिएर राजाका कार्यलाई राम्ररी हेरून्।

यस्मिन्देशे निषीदन्ति विप्रा वेदविदस्त्रयः।
राज्ञाश्चाधिकृतो विद्वान्ब्रह्मणस्तां सभां विदुः॥ ११॥

जुन सभामा वेद जान्ने तीन ब्राह्मण बस्दछन् र राजाका प्रतिनिधि विद्वान् ब्राह्मण बसेका हुन्छन् त्यो सभालाई ब्रह्मसभा चतुर्भुज ब्रह्माको सभाको बराबर भनिन्छ।

धर्मो विद्धस्त्वधर्मेण सभां यत्रोपतिष्ठते।
शल्यं चास्य न कृन्तन्ति विद्धास्तत्र सभासदः॥ १२॥

जुन सभामा धर्म (सत्य) अधर्म (असत्य) द्वारा विद्ध भएर आउँछ, यदि त्यहाँका सभासदले अधर्मका शल्यलाई काट्‌तैनन् भने तिनै सभासदहरू त्यो अधर्मरूपी काँडाद्वारा विद्ध हुन्छन्।

सभां वा न प्रवेष्टव्यं वक्तव्यं वा समञ्जसम्।
अब्रुवन्विब्रुवन्वाऽपि नरो भवति किल्विषी॥ १३॥

यसकारण सभामा जाँदै नजानु, यदि गैहाले यथार्थ कुरा बोल्नु। केही नबोल्नाले वा धेरै बोल्नाले मनुष्य पापको भागी हुन जान्छ।

यत्र धर्मो ह्यधर्मेण सत्यं यत्रानृतेन च।
हन्यते प्रेक्षमाणानां हतास्तत्र सभासदः॥ १४॥

जुन सभामा सभासद्हरूका सामु नै अधर्मले धर्मलाई र असत्यले सत्यलाई दबाइन्छ त्यहाँ त्यो पापले सभासद नै नाश हुन्छन्।

धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः।
तस्माद्धर्मो न हन्तव्यो मा नो धर्मो हतोऽवधीत्॥ १५॥

नष्ट गरिएको धर्म नै नाश गर्दछ र सुरक्षित धर्मले रक्षा गर्दछ। त्यसैले धर्मलाई असत्य भाषणबाट नष्ट गर्नु हुँदैन। नष्ट भएका धर्मले कतै आफैलाई नष्ट नगरोस्, यसैले धर्मको नाश कहिल्यै गर्नुहुँदैन।

वृषो हि भगवान्धर्मस्तस्य यः कुरुते ह्यलम्।
वृषलं तं विदुर्देवास्तस्माद्धर्मं न लोपयेत्॥ १६॥

वृष (सबै कामनाहरूको सिद्धिको वर्षा गर्नेलाई वृष भनिन्छ) यिनै भगवान् धर्म हो। यस्ता धर्मको जसले नाश गर्दछ त्यसलाई देवता वृषल भन्छन्। त्यसैले धर्मको लोप नगरून्।

एक एव सुहृद्धर्मो निधनेऽप्यनुयाति यः।
शरीरेण समं नाशं सर्वमन्यद्धि गच्छति॥ १७॥

धर्ममात्र एउटा यस्तो मित्र हो जुन मरेपछि पनि साथै जान्छ र अरू पदार्थ शरीरका साथै नष्ट हुन जान्छन्।

पादोऽधमस्य कर्तारं पादः साक्षिणमृच्छति।
पादः सभासदः सर्वान्पादो राजानमृच्छति॥ १८॥

अधर्मको चौथो भाग अधर्म गर्नेलाई र चौथो भाग साक्षीलाई, चौथो भाग सबै सभासद्हरूलाई र अरू चौथो भाग राजालाई प्राप्त हुन्छ।

राजा भवत्यनेनास्तु मुच्यन्ते च सभासदः।
एनो गच्छति कर्त्तारं निन्दाऽर्हो यत्र निन्द्यते॥ १९॥

जुन सभामा निन्दनीय व्यक्तिको निन्दा हुन्छ त्यहाँ राजा पापका भागी हुँदैनन् र सभासद् पनि पापबाट मुक्त हुन्छन्, तर पाप गर्नेलाई नै पापको फल प्राप्त हुन्छ।

जातिमात्रोपजीवी वा कामं स्याद् ब्राह्मणब्रुवः।
धर्मप्रवक्ता नृपतेर्न तु शूद्रः कथञ्चन॥ २०॥

मात्र जातिका नाममा जिउने वा मात्र नाम भावले ब्राह्मण कहलिने ब्राह्मण पनि राजाको तर्फबाट धर्म प्रवक्ता हुन सक्छ, तर शूद्र कहिल्यै हुन सक्तैन।

यस्य शूद्रस्तु कुरुते राज्ञो धर्मविवेचनम्।

तस्य सीदति तद्राष्ट्रं पङ्के गौरिव पश्यतः ॥ २१ ॥

जुन राजाकहाँ शूद्र न्यायकर्ता हुन्छ, त्यो राजाको देश हिलोमा भासिएको गाईले झैं क्लेश (कष्ट) पाउँछ।

यद्राष्ट्रं शूद्रभूयिष्ठं नास्तिकाक्रान्तमद्विजम्।

विनश्यत्याशु तत्कृत्स्नं दुर्भिक्षव्याधिपीडितम् ॥ २२ ॥

जुन देशमा शूद्र धेरै हुन्छन् र नास्तिकहरूबाट आक्रान्त हुन्छन्, जहाँ एउटा पनि ब्राह्मण छैनन्, त्यो सारा देश नै दुर्भिक्ष र रोगको पीडाले पीडित भएर नष्ट हुन जान्छ।

धर्मासनमधिष्ठाय संवीताङ्गः समाहितः।

प्रणम्य लोकपालेभ्यः कार्यदर्शनमारभेत् ॥ २३ ॥

शरीरलाई आच्छादित गरेर राजा न्यायासनमाथि बसी एकाग्रचित्त भई लोकपालहरूलाई प्रणाम गरेर कार्यावलोकन गर्न सुरु गरून्।

अर्थानर्थावुभौ बुद्ध्वा धर्माधर्मौ च केवलौ।

वर्णक्रमेण सर्वाणि पश्येत्कार्याणि कार्यिणाम् ॥ २४ ॥

अर्थ–अनर्थ दुवैलाई अनि धर्म–अधर्मलाई राम्ररी जानेर वर्ण–क्रमले न्यायप्रार्थीहरूका सबै कार्यहरूलाई हेरून्।

बाह्यैर्विभावयेल्लिङ्गैर्भावमन्तर्गतं नृणाम्।

स्वरवर्णेङ्गिताकारैश्चक्षुषा चेष्टितेन च ॥ २५ ॥

मनुष्यहरूका स्वर, वर्ण, अभिप्राय, आकार, नेत्र र चेष्टा आदि बाहिरी चिह्नहरूबाट राजाले तिनीहरूभित्रको भाव जानुन्।

आकारैरिङ्गितैर्गत्या चेष्टया भाषितेन च।

नेत्रवक्त्रविकारैश्च गृह्यतेऽन्तर्गतं मनः ॥ २६ ॥

आकार, अभिप्राय, गति, चेष्टा, भाषण, नेत्र र मुखका विकारहरूबाट मनभित्रका कुरालाई जान्नुपर्छ।

बालदायादिकं रिक्थं तावद्राजाऽनुपालयेत्।

यावत्स स्यात्समावृत्तो यावच्चातीतशैशवः ॥ २७ ॥

अनाथ बालक[1] (नाबालक)का पैतृक अंश र धनको रक्षा राजाले तबसम्म गरून् जबसम्म उसले आफ्नो अध्ययन समाप्त गरेर वयस्क (बालक) भई गुरुकुलबाट फर्केर आउँदैन।

वशाऽपुत्रासु चैव स्याद्रक्षणं निष्कुलासु च।
पतिव्रतासु च स्त्रीषु विधवास्वातुरासु च॥ २८॥

वन्ध्या, पुत्रहीन स्त्रीको कुलमा कोही नभए, पतिव्रता, विधवा र रोगिणी स्त्री– यिनका धनको रक्षा पनि उही प्रकारले गरून्।

जीवन्तीनां तु तासां ये तद्धरेयुः स्वबान्धवाः।
ताञ्छिष्याचौरदण्डेन धार्मिकः पृथिवीपतिः॥ २९॥

ती जितिएका स्त्रीहरूका धन जे भए पनि उनका बान्धवले हरण गर्छन् भने धार्मिक राजाले तिनलाई चोरीको दण्ड दिउन्।

प्रणष्टस्वामिकं रिक्थं राजा त्र्यब्दं निधापयेत्।
अर्वाक् त्र्यब्दाद्धरेत्स्वामी परेण नृपतिर्हरेत्॥ ३०॥

जुन धनको स्वामी नष्ट भइसकेका छन्, राजाले उनको धन तीन वर्षसम्म आफ्नो अधीनमा राखुन्। यदि तीन वर्ष नपुग्दै त्यो धनको हकदार आइपुगेमा उसलाई दिउन्, कोही हकदार नआएमा तीन वर्षपछि त्यो धनलाई स्वयं लिउन्।

ममेदमिति यो ब्रूयात्सोऽनुयोज्यो यथाविधि।
संवाद्य रूपसंख्यादीन्स्वामी तद् द्रव्यमर्हति॥ ३१॥

कसैले भनेमा कि 'यो धन मेरो हो' तब उसित त्यो धनको बारेमा राम्ररी बुझ्नुपर्छ। यदि उसले त्यो धनको रूप र संख्या आदि सबै कुरो बतायो भने उ त्यस धनको स्वामी हो र त्यो धन लिन योग्य हुन्छ।

अवेदयानो नष्टस्य देशं कालं च तत्त्वतः।
वर्णं रूपं प्रमाणं च तत्समं दण्डमर्हति॥ ३२॥

जसले राम्ररी नष्ट भएको धनको स्थान, कारण र समय जान्दैन र त्यसको रूप, आकार र संख्या पनि ठीक-ठीक जान्दैन भने राजाले उसलाई त्यो धनको बराबर दण्ड दिउन्।

आददीतार्थ षड्भागं प्रणष्याधिगतान्नृपः।
दशमं द्वादशं वाऽपि सतां धर्ममनुस्मरन्॥ ३३॥

---

[1] यहाँ सोह्र वर्षसम्मको अवस्थालाई बालक मानिएको छ।

नष्ट धन प्राप्त भएमा राजाले सज्जनहरूको धर्मको स्मरण गर्दै त्यस धनको छैटौं, दशौं वा बाह्रौं भाग आफूसित राखी शेष भाग उसको स्वामीलाई दिउन्।

प्रणष्टाधिगतं द्रव्यं तिष्ठेद्युक्तैरधिष्ठितम्।
यांस्तत्र चौरान्गृह्णीयात्तान् राजेभेन घातयेत्॥ ३४॥

कसैको नष्ट भएको धन राजपुरुषहरूबाट प्राप्त भएमा राजाले त्यसलाई सुरक्षित रूपमा राख्न लगाउन् र त्यो द्रव्यको साथ जो चोर समातिइन्छ उसलाई हात्तीबाट कुल्चिन लगाउन्।

ममायमिति यो ब्रूयान्निधिं सत्येन मानवः।
तस्याददीत षड्भागं राजा द्वादशमेव वा॥ ३५॥

जुन मनुष्यले सत्य प्रमाणका साथ भन्छ कि यो मेरो धन हो तब राजाले त्यस धनको छैटौं वा बाह्रौं भाग आफूसित राखेर बाँकी रहेको उसलाई दिउन्।

अनृतं तु वदन्दण्ड्यः स्ववित्तस्यांशमष्टमम्।
तस्यैव वा निधानस्य संख्यायाल्पीयसी कलाम्॥ ३६॥

जसले झुटो भन्छ कि यो मेरो धन हो, उसित राजाले उसको धनको आठौं भाग दण्डमा अथवा त्यो धनको जति संख्या हुन्छ त्यसको केही दण्ड गरून्।

विद्वांस्तु ब्राह्मणो दृष्ट्वा पूर्वोपनिहितं निधिम्।
अशेषतोऽप्याददीत सर्वस्याधिपतिर्हि सः॥ ३७॥

विद्वान् ब्राह्मणले पहिलादेखि राखिएको धन सम्पूर्ण लिउन्, किनभने उनी सबैका स्वामी हुन्।

यं तु पश्येन्निधिं राजा पुराणं निहितं क्षितौ।
तस्माद् द्विजेभ्यो दत्त्वार्धमर्धं कोशे प्रवेशयेत्॥ ३८॥

पृथ्वीमा गाडिएको प्राचीन धनलाई देखेमा राजाले त्यसबाट आधी ब्राह्मणहरूलाई दिउन् र आधी आफ्नो खजानामा राखुन्।

निधीनां तु पुराणानां धातूनामेव च क्षितौ।
अर्धभाग्रक्षणाद्राजा भूमेरधिपतिर्हि सः॥ ३९॥

पृथ्वीमा गाडिएर रहेका पुराना द्रव्य र धातुहरूको रक्षा गर्नाका कारण आधी भागको स्वामी राजा हुन्छन्, किनकि उनी भूमिका स्वामी हुन्।

दातव्यं सर्ववर्णेभ्यो राज्ञा चौरैर्हृतं धनम्।
राजा तदुपयुञ्जानश्चौरस्याप्नोति किल्विषम्॥ ४०॥

चोरहरूबाट चोरिएका धनलाई प्राप्त गरी राजाले सबै वर्णका प्रमुखलाई दिउन्। यदि राजाले स्वयं त्यो धनको उपभोग गर्छन् भने उनलाई चोरीको पाप लाग्छ।

जातिजानपदान्धर्माञ्श्रेणीधर्मांश्च धर्मवित्।
समीक्ष्य कुलधर्मांश्च स्वधर्मं प्रतिपादयेत्॥ ४१॥

जातिधर्म, देशधर्म, श्रेणीधर्म र कुलधर्मका धर्मज्ञ राजाले समीक्षा गरेर तिनका अनुकूल नै आफ्नो धर्मको व्यवस्था गरून्।

स्वानि कर्माणि कुर्वाणा दूरे सन्तोऽपि मानवाः।
प्रिया भवन्ति लोकस्य स्वे स्वे कर्मण्यवस्थिताः॥ ४२॥

आफ्ना नित्य कर्ममा लागेका मनुष्य आफ्ना नित्य नैमित्तिक कार्यहरूमा अवस्थित हुनाको कारण टाढा भएता पनि संसारका प्रिय हुन्छन्।

नोत्पादयेत्स्वयं कार्यं राजा नाप्यस्य पूरुषः।
न च प्रापितमन्येन ग्रसेदर्थं कथञ्चन॥ ४३॥

राजा वा राजाका प्रतिनिधि (न्यायकर्ता) स्वयं मुद्दा नउठाउन् र अरूबाट धन पाउने इच्छाले कहिल्यै पनि मुद्दालाई खारेज नगरून्।

यथा नयत्यसृक्पातैर्मृगस्य मृगयुः पदम्।
नयेत्तथाऽनुमानेन धर्मस्य नृपतिः पदम्॥ ४४॥

जसरी व्याधाले भुईंमा पोखिएको रगत पहिल्याउँदै मृग भएका ठाउँसम्म पुग्दछ, त्यसैगरी राजा अनुमानद्वारा धर्मको तत्त्वसम्म पुगुन्।

सत्यमर्थं च संपश्येदात्मानमथ साक्षिणः।
देशं रूपं च कालं च व्यवहारविधौ स्थितः॥ ४५॥

न्यायासनमाथि स्थित भएर राजाले सत्य, धन, आत्मा, साक्षी, देश, रूप र काल यी सबैलाई हेरून्।

सद्भिराचरितं यत्स्याद्धार्मिकैश्च द्विजातिभिः।
तद्देशकुलजातीनामविरुद्धं प्रकल्पयेत्॥ ४६॥

धार्मिक, असल द्विजातिहरूसित जुन आचरण गरिएको हुन्छ, त्यसको तथा देश, कुल, जातिको अनुकूल धर्मको व्यवस्था गरून्।

अधमर्णार्थसिद्ध्यर्थमुत्तमर्णेन चोदितः।
दापयेद्धनिकस्यार्थमधमर्णाद्विभावितम् ॥ ४७॥

ऋणीबाट धन असूली गराइदिनका लागि महाजनले निवेदन गरेमा महाजनका निम्ति राजाले त्यो धन ऋणीबाट दिलाइदिउन् ।

यैर्यैरुपायैरर्थं स्वं प्राप्नुयादुत्तमर्णिकः ।
हस्तैरुपायैः संगृह्य दापयेदधमर्णिकम् ॥ ४८ ॥

ऋणीबाट जुन–जुन उपायद्वारा महाजनले आफ्नो धन प्राप्त गर्न सक्छन् ती ती उपायहरूद्वारा ऋणीबाट उसको धन लिएर उसलाई दिउन् ।

धर्मेण व्यवहारेण छलेनाचरितेन च ।
प्रयुक्तं साधयेदर्थं पञ्चमेने बलेन च ॥ ४९ ॥

धर्मद्वारा, व्यवहारद्वारा, छलद्वारा, द्वार (मूल ढोका) मा सिपाही बसाएर, उपद्रवद्वारा, बल प्रयोगद्वारा दिइएको धन प्राप्त गरून् ।

यः स्वयं साधयेदर्थमुत्तमर्णोऽधमर्णिकात् ।
न स राज्ञाभियोक्तव्यः स्वकं संसाधयन्धनम् ॥ ५० ॥

जुन महाजनले स्वयं नै आफ्नो धन ऋणीबाट असूल गर्छ, तर राजालाई सूचित गर्दैन भने राजा यस कामको लागि उसलाई नरोकुन् ।

अर्थेऽपव्ययमानं तु करणेन विभावितम् ।
दापयेद्धनिकस्यार्थं दण्डलेशं च शक्तितः ॥ ५१ ॥

यदि ऋणीले ऋण स्वीकार गर्दैन र धनीका प्रमाणहरूबाट उसले ऋण लिएको सावित हुन्छ भने राजाले ऋणीबाट धनीको धन दिलाउन् र ऋणीलाई यथाशक्ति दण्डित गरून् ।

अपह्नवेऽधमर्णस्य देहीत्युक्तस्य संसदि ।
अभियोक्तादिशेद्देश्यं करणं वाऽन्यदुद्दिशेत् ॥ ५२ ॥

न्यायालयमा ऋणीले ऋण लिएको स्वीकार गर्दैन भने महाजनले साक्षीद्वारा र तमसुक आदि प्रमाणहरूद्वारा सत्य सावित गरून् ।

आदेश्यं यश्च दिशति निर्दिश्यापह्नुते च यः ।
यश्चाधरोत्तरानर्थान्विगीतान्नावबुध्यते ॥ ५३ ॥
अपदिश्यापदेश्यं च पुनर्यस्त्वपधावति ।
सम्यक्प्रणिहितं चार्थं पृष्टः सन्नाभिनन्दति ॥ ५४ ॥
असंभाष्ये साक्षिभिश्च देशे संभाषते मिथः ।
निरुच्यमानं प्रश्नं च नेच्छेद्यश्चापि निष्पतेत् ॥ ५५ ॥

ब्रूहीत्युक्तश्च न ब्रूयादुक्तं च न विभावयेत्।
न च पूर्वापरं विद्यात्तस्मादर्थात्स हीयते॥ ५६॥

जुन धनी ऋण दिने ठाउँमा ऋणीको अनुपस्थिति बताउँछ वा भनिएको कुरा स्वीकार गर्दैन, पहिला स्वीकार गरेका कुरा पछि आफै त्यसको विरुद्ध बोल्छ। एकपल्ट भनिसकेर अर्कोपल्ट त्यो कुरालाई अर्को तरिकाले भन्छ, सोध्दा राम्ररी प्रतिज्ञा गरेका कुराहरूको समर्थन गर्दैन, एकान्त ठाउँमा साक्षीहरूसित कुरा गरे, प्रश्नहरू सोध्दा मन नपराए, प्रश्नहरूका उत्तर टार्न खोजे, 'भन' यस्तो भन्दा पनि केही नभने, भनिएका कुरा सावित गर्न नसके, जसले साधन र साध्यलाई जान्दैन, त्यो ऋणीबाट धन पाउने योग्य हुँदैन अर्थात् राजा उसलाई धन नदिलाउन्।

साक्षिणः सन्ति मेत्युक्त्वा दिशेत्युक्तो दिशेन्न यः।
धर्मस्थः कारणैरेतैर्हीनं तमपि निर्दिशेत्॥ ५७॥

'मेरा साक्षी छन्' यस्तो भन्छ, तर साक्षी ल्याउ भन्दा ल्याउन सक्तैन भने त्यस्तालाई पनि धर्मशील राजा यी सबै कारणले गर्दा हीन सावित गरून्।

अभियोक्ता न चेद् ब्रूयाद् वध्यो दण्ड्यश्च धर्मतः।
न चेत्त्रिपक्षात्प्रब्रूयाद्धर्मं प्रति पराजितः॥ ५८॥

जुन अभियोगी (नालिस हाल्ने) ले आफ्ना अभियोगका विषयमा केही बोल्दैन भने ऊ धर्मतः बन्धन वा दण्डको योग्य हुन्छ। जुन अभियुक्त (प्रतिवादी) तीन पक्षभित्र कुनै उत्तर दिंदैन उसलाई धर्मतः पराजित सम्झिनुपर्छ।

यो यावन्निह्नवीतार्थं मिथ्या यावति वा वदेत्।
तौ नृपेण ह्यधर्मज्ञौ दाप्यौ तद् द्विगुणं दमम्॥ ५९॥

ऋणीले ऋण लिएर पनि यति नलिएको बहाना गर्छ र धनीले पनि ऋणीमाथि जति धेरै झूटो दावा गर्छ भने राजाले दुवै अधर्मीहरूमाथि त्यसको (धनको) दोब्बर दण्ड गरून्।

पृष्टोऽपव्ययमानस्तु कृतावस्थो धनैषिणा।
त्र्यवरैः साक्षिभिर्भाव्यो नृपब्राह्मणसन्निधौ॥ ६०॥

न्यायालयमा धनीद्वारा बोलाएर सोध्दा पनि यदि ऋणीले ऋण अस्वीकार गर्छ भने धनीले राजनियुक्त विद्वान् ब्राह्मणका सम्मुख कम्तीमा तीन श्रेष्ठ साक्षीहरू राखेर आफ्नो विचार राखुन्।

यादृशा धनिभिः कार्या व्यवहारेषु साक्षिणः।
तादृशान्संप्रवक्ष्यामि तथा वाच्यमृतं च तैः॥ ६१॥

लेन–देनको व्यवहारमा धनीहरूले कस्तालाई साक्षी बनाउनुपर्छ र ती साक्षीबाट जसरी सत्य बोल्न लगाउनुपर्छ, त्यो अब भन्छु।

गृहिणः पुत्रिणो मौलाः क्षत्रविट्शूद्रयोनयः।
अर्थ्युक्ताः साक्ष्यमर्हन्ति न ये केचिदनापदि॥ ६२॥

गृहस्थ, पुत्रवान, छिमेकमा रहने क्षत्रिय, वैश्य र शूद्र यिनीहरू अर्थी (वादी) ले आग्रह गर्दा साक्षी दिन सक्छन्। निरापद अवस्थामा जोकोहीको साक्षी लिन सकिन्न।

आप्ताः सर्वेषु वर्णेषु कार्याः कार्येषु साक्षिणः।
सर्वधर्मविदोऽलुब्धा विपरीतांस्तु वर्जयेत्॥ ६३॥

जो सबै वर्णहरूमा यथार्थ वक्ता, सबै धर्मको ज्ञाता र लोभरहित हुन्छन् ती लेनदेनका व्यवहारमा साक्षी गराउन योग्य हुन्छन्, जो यिनका विरुद्ध गुण भएका हुन्छन् तिनलाई छोडिदिनुपर्छ।

नार्थसम्बन्धिनो नाप्ता न सहाया न वैरिणः।
न दृष्टदोषा कर्तव्या न व्याध्यार्ता न दूषिताः॥ ६४॥

जसले धनीहरूसित द्रव्यको लेनदेन गर्छन्, इष्ट–मित्र हुन्, सहायक हुन्, शत्रु हुन्, जो मिथ्या भाषणादिबाट दूषित हुन्छन्, जो व्याधि पीडित र पापले दूषित हुन्छन् त्यस्ता साक्षी हुन योग्य हुँदैनन्।

न साक्षी नृपतिः कार्यो न कारुककुशीलवौ।
न श्रोत्रियो न लिङ्गस्थो न सङ्गेभ्यो विनिर्गतः॥ ६५॥

राजा, कारीगर, नट, श्रोत्रिय (वेदाध्यायी कर्मपरायण), ब्रह्मचारी र संन्यासी यिनीहरूलाई साक्षी मान्नु भएन।

नाध्यधीनो न वक्तव्यो न दस्युर्न विकर्मकृत्।
न वृद्धो न शिशुर्नैको नान्त्यो न विकलेन्द्रियः॥ ६६॥

दास, जो समाजमा निन्दनीय हुन्छ, क्रूर कार्य गर्ने, निषिद्ध कर्म गर्ने, वृद्ध, अन्त्यज र विकलेन्द्रिय तथा कुनै एउटै व्यक्तिलाई साक्षी नराख्नु (अर्थात् कम्तीमा तीन साक्षी राख्नुपर्छ)

नार्तो न मत्तो नोन्मत्तो न क्षुतृष्णोपपीडितः।
न श्रमार्तो न कामार्तो न क्रुद्धो नापि तस्करः॥ ६७॥

शोकार्त, मत्त, पागल, भोक–तिर्खाले पीडित, परिश्रम गरेर थाकेको, कामातुर, क्रोधी र चोरलाई साक्षी नराख्नु।

स्त्रीणां साक्ष्यं स्त्रियः कुर्युर्द्विजानां सदृशा द्विजाः ।
शूद्राश्च सन्तः शूद्राणामन्त्यानामन्त्ययोनयः ॥ ६८ ॥

स्त्रीहरूका साक्षीको लागि स्त्रीहरूलाई साक्षी राखुन्, ब्राह्मण, क्षत्रिय र वैश्यहरूका साक्षी उनका सजातीय हुन्, शूद्रहरूको शूद्र र चाण्डाल आदि नीच जातिका साक्षी उनकै जातिका होउन् ।

अनुभावी तु यः कश्चित्कुर्यात्साक्ष्यं विवादिनाम् ।
अन्तर्वेश्मन्यरण्ये वा शरीरस्यापि चात्यये ॥ ६९ ॥

घरमा वा जंगलमा उपद्रव भएमा वा कसैबाट शरीरमा चोट हुन गएमा त्यहाँ त्यस बेला जो उपस्थित हुन्छ उसैलाई साक्षी बनाउनुपर्छ ।

स्त्रियाऽप्यसम्भवे कार्यं बालेन स्थविरेण वा ।
शिष्येण बन्धुना वाऽपि दासेन भृतकेन वा ॥ ७० ॥

पूर्वोक्त साक्षी नमिलेमा स्त्री, बालक, वृद्ध, शिष्य, बन्धु, नोकर-चाकर र कर्मचारीबाट पनि साक्षीको काम लिन सकिन्छ ।

बालवृद्धातुराणां च साक्ष्येषु वदतां मृषा ।
जानीयादस्थिरां वाचमुत्सिक्तमनसा तथा ॥ ७१ ॥

अस्थिर चित्त भएका कारण बालक, वृद्ध र रोगी यदि साक्षी दिंदा केही झुटो बोलेमा राजाले अनुमानद्वारा तिनका कथनको सत्यतालाई जानुन् ।

साहसेषु च सर्वेषु स्तेयसंग्रहणेषु च ।
वाग्दण्डयोश्च पारुष्ये न परीक्षेत साक्षिणः ॥ ७२ ॥

साहसका सबै काम, चोरी र स्त्री-संग्रहण, वचन र दण्डको कठोरता- यिनमा साक्षीहरूको परीक्षा नगरून् ।

बहुत्वं परिगृह्णीयात्साक्षिद्वैधे नराधिपः ।
समेषु तु गुणोत्कृष्टान्गुणिद्वैधे द्विजोत्तमान् ॥ ७३ ॥

साक्षीहरूका परस्पर विरोधमा बहुमत जुन कुरामा हुन्छ राजाले उसैलाई प्रामाणिक मानुन् । विरुद्ध भाषीहरूको संख्या बराबर भएमा विशेष गुणवान् साक्षीका कथनलाई नै प्रमाण मानुन् । यदि दुवै गुणवान भए तिनमा जो क्रियावान ब्राह्मण हुन्छन् उनैको वचनलाई प्रमाण मानुन् ।

समक्षदर्शनात्साक्ष्यं श्रवणाच्चैव सिद्ध्यति ।
तत्र सत्यं ब्रुवन्साक्षी धर्मार्थाभ्यां न हीयते ॥ ७४ ॥

आँखाले देखेका वा कानले सुनेका कुराहरू साक्ष्य सिद्ध हुन्छ। जसलाई जस्तो थाहा हुन्छ त्यस्तै सत्य–सत्य बताउने साक्षी धर्म र अर्थबाट हीन हुँदैन।

साक्षी दृष्टश्रुतादन्यद्विब्रुवन्नार्यसंसदि।
अवाङ्नरकमभ्येति प्रेत्य स्वर्गाच्च हीयते॥ ७५॥

श्रेष्ठ सभामा यदि आँखाले देखेका वा कानले सुनेका कुराहरू विरुद्ध बोल्यो अर्थात् झुटो बोल्यो भने त्यो मरेपछि अधोमुख भएर नर्कमा जान्छ र स्वर्ग जानबाट वंचित हुन्छ।

यत्रानिबद्धोऽपीक्षेत शृणुयाद्वाऽपि किञ्चन।
पृष्टस्तत्रापि तद् ब्रूयाद्यथादृष्टं यथाश्रुतम्॥ ७६॥

साक्षी नभएर पनि (ऋण–दानादिका विषयमा जे देखिएका वा सुनिएका हुन्छन्) यदि (न्यायालयमा) उसित केही सोधिएमा उसले जे देखेको र सुनेको छ त्यो सबै सत्य सत्य भनुन्।

एकोऽलुब्धस्तु साक्षी स्याद् बह्व्यः शुच्योऽपि न स्त्रियः।
स्त्रीबुद्धेरस्थिरत्वात्तु दोषैश्चान्येऽपि ये वृताः॥ ७७॥

एउटै भए पनि निर्लोभी पुरुष साक्षी हुन सक्छ, तर धेरै स्त्रीहरू पवित्र भए पनि साक्षी हुन सक्तैनन्, किनभने स्त्रीहरूको बुद्धि चञ्चल हुन्छ र अरू पुरुष पनि जो दोषले घेरिएका हुन्छन् साक्षी योग्य हुँदैनन्।

स्वभावेनैव यद् ब्रूयुस्तद्ग्राह्यं व्यावहारिकम्।
अतो यदन्यद्विब्रूयुर्धर्मार्थं तदपार्थकम्॥ ७८॥

साक्षीले स्वाभाविक रूपले जुन कुरा बोल्छन् त्यो व्यवहारका निम्ति स्वीकार गर्नुपर्छ। यसका विपरीत अस्वाभाविक रूपले साक्षीद्वारा जुन कुरा भनिन्छ त्यो न्यायका लागि अग्राह्य हुन्छ।

सभान्तः साक्षिणः प्राप्तानर्थिप्रत्यर्थिसन्निधौ।
प्राड्विवाकोऽनुयुञ्जीत विधिना तेन सान्त्वयन्॥ ७९॥

न्यायकर्ताले सभामा वादी र प्रतिवादीका सम्मुख उपस्थित साक्षीहरूलाई यस प्रकारले सान्त्वना दिँदै प्रश्न गरून्–

यद् द्वयोरनयोर्वेत्थ कार्येऽस्मिंश्चेष्टितं मिथः।
तद् ब्रूत सर्वं सत्येन युष्माकं ह्यत्र साक्षिता॥ ८०॥

यी दुवै वादी–प्रतिवादीका बीच यस विषयमा जे–जस्तो व्यवहार भएको छ, तिमीलाई थाहा छ, सबै सत्य सत्य भन, किनभने यसमा तिमीहरू साक्षी बसेका छौ।

सत्यं साक्ष्ये ब्रूवन्साक्षी लोकानाप्नोति पुष्कलान्।
इह चानुत्तमां कीर्तिं वागेषा ब्रह्मपूजिता॥ ८१॥

साक्षी दिने बेलामा साँचो बोलेर साक्षीले अनेक उत्तम लोकहरू पाउँछन्। यहाँ (यस लोकमा) पनि उत्तम यश पाउँछन्, किनभने सत्य वाणीको आदर ब्रह्माजीले पनि गर्नुहुन्छ।

साक्ष्येऽनृतं वदन्पाशैर्वध्यते वारुणैर्भृशम्।
विवशः शतमाजातीस्तस्मात्साक्ष्यं वदेदृतम्॥ ८२॥

साक्षीमा झुटो बोल्नेहरू कठोर वरुणपाशमा बाँधिएर सय जन्मसम्म विवश भई धेरै कष्ट पाउँछन्, यसकारण साक्षीले साँचो बोल्नुपर्छ।

सत्येन पूर्यते साक्षी धर्मः सत्येन वर्धते।
तस्मात्सत्यं हि वक्तव्यं सर्ववर्णेषु साक्षिभिः॥ ८३॥

साँचो बोल्नाले साक्षी पवित्र हुन जान्छ। सत्यबाट धर्मको वृद्धि हुन्छ, यसकारण सबै वर्णका साक्षीहरूले साँचो नै बोल्नुपर्छ।

आत्मैव ह्यात्मनः साक्षी गतिरात्मा तथाऽऽत्मनः।
माऽवमंस्थाः स्वमात्मानं नृणां साक्षिणमुत्तमम्॥ ८४॥

आत्मा नै आफ्ना कर्महरूको साक्षी हुन्छ, आत्मा नै आफ्नो गति हुन्छ, यसकारण मनुष्यहरू माझ आफ्ना उत्तम साक्षी आत्मालाई मिथ्या भाषण गरेर अपमान गर्नु हुँदैन।

मन्यन्ते वै पापकृतो न कश्चित्पश्यतीति नः।
तांस्तु देवाः प्रपश्यन्ति स्वस्यैवान्तरपूरुषः॥ ८५॥

पाप गर्नेले यो सम्झिन्छ कि उसलाई कसैले देखेको छैन, तर देवता र उनका अन्तर्गत आत्मास्वरूप पुरुषले ती पापहरूलाई हेरिराखेका हुन्छन्।

द्यौर्भूमिरापो हृदयं चन्द्रार्काग्नियमानिलाः।
रात्रिः संध्ये च धर्मश्च वृत्तज्ञाः सर्वदेहिनाम्॥ ८६॥

आकास, भूमि, जल, हृदय, चन्द्रमा, सूर्य, अग्नि, यम, वायु, रात्रि, दुवै सन्ध्या र धर्म- यी सबैले प्राणीहरूका सबै लोक जान्दछन्।

देवब्राह्मणसान्निध्ये साक्ष्यं पृच्छेदृतं द्विजान्।
उदङ्मुखान्प्राङ्मुखान्वा पूर्वाह्णे वै शुचिः शुचीन्॥ ८७॥

न्यायकर्ता पूर्वाह्नमा पवित्र भएर देवता र ब्राह्मणहरूका समीपमा उत्तर वा पूर्वतिर फर्किएर पवित्र द्विजहरूसित सत्य साक्ष्यका लागि भनुन्।

ब्रूहीति ब्राह्मणं पृच्छेत्सत्यं ब्रूहीति पार्थिवम्।
गोबीजकाञ्चनैर्वैश्यं शूद्रं सर्वैस्तु पातकैः॥ ८८॥

साक्षी ब्राह्मण भए उसित यति भनुन् कि 'भन', साक्षी क्षत्रिय भए उसित यति भनुन् कि 'सत्य भन', साक्षी वैश्य भए गाई, बीउ-बीजन र सून चोर्ने पापको शपथ गराउन्, र साक्षी शूद्र भए सबै पापहरूको शपथ गराएर साक्ष्य (साक्षी बक्न) दिन भनुन्।

ब्रह्मघ्नो ये स्मृता लोका ये च स्त्रीबालघातिनः।
मित्रद्रुहः कृतघ्नस्य ते ते स्युर्ब्रुवतो मृषा॥ ८९॥

ब्रह्मघाती, स्त्री र बालकको वध गर्ने, मित्रद्रोही तथा कृतघ्नलाई जुन-जुन लोक (अर्थात् नरक) प्राप्त हुन्छन्, ती सबै झुटो साक्षी दिनेले प्राप्त गर्छन्।

जन्मप्रभृति यत्किञ्चित्पुण्यं भद्र ! त्वया कृतम्।
तत्ते सर्वं शुनो गच्छेद्यदि ब्रूयास्त्वमन्यथा॥ ९०॥

हे सज्जन ! यदि तिमीले अन्यथा अर्थात् असत्य (झुटो साक्षी) बोल्यौ भने जन्मदेखि आजसम्म तिमीले जे-जति धर्म गरेका छौ, त्यो सबै कुकुरले पाउने छ।

एकोऽहमस्मीत्यात्मानं यत्त्वं कल्याण ! मन्यसे।
नित्यं स्थितस्ते हृद्येष पुण्यपापेक्षिता मुनिः॥ ९१॥

हे सौम्य ! म एक्लो छु यस्तो जो तिमी मान्दछौ यो ठीक होइन, किनकि पुण्य-पाप हेर्ने यी (परमात्मा) मुनि सधैं तिम्रा हृदयमा स्थित छन्।

यमो वैवस्वतो देवो यस्तवैष हृदि स्थितः।
तेन चेदविवादस्ते मा गङ्गा मा कुरून् गमः॥ ९२॥

तिम्रा हृदयमा बस्ने जुन यी यम अर्थात् दण्डकर्ता, परमात्मा छन्, यदि उनीसँग तिम्रो विवाद छैन भने तिमीले गङ्गा वा कुरुक्षेत्र जानुपर्दैन अर्थात् तिमीले त्यहाँ गएर प्रायश्चित्त गर्न आवश्यक छैन।

नग्नो मुण्डः कपालेन भिक्षार्थी क्षुत्पिपासितः।
अन्धः शत्रुकुलं गच्छेद्यः साक्ष्यमनृतं वदेत्॥ ९३॥

जसले झुटा साक्षी दिन्छन् ती अर्को जन्ममा अन्धो, मुडुलो, नाङ्गो, भोक-तिर्खा लागेर भीख माग्नका निम्ति शत्रुकहाँ जान्छन्।

अवाक्शिरास्तमस्यन्धे किल्विषी नरकं व्रजेत्।
यः प्रश्नं वितथं ब्रूयात्पृष्ठः सन् धर्मनिश्चये॥ ९४॥

धर्मको निर्णयमा सोधिएको बेला जसले झुटो बोल्छ, त्यो अधोमुखी भएर घनघोर अन्धकार नर्कमा जान्छ।

अन्धो मत्स्यानिवाश्नाति स नरः कण्टकैः सह।
यो भाषतेऽर्थवैकल्यमप्रत्यक्षं सभां गतः॥ ९५॥

जो मनुष्य न्यायालयमा गएर असत्य बोल्छ वा आँखाले नदेखिएका कुरा गर्छ र जानेका कुरा लुकाउँछ, त्यो काँडासहितको माछा खाने अन्धोसमान अर्थात् जसले सुखको इच्छाले पाप गर्दछ त्यसले पछि गएर दुःख भोग्दछ।

यस्य विद्वान् हि वदतः क्षेत्रज्ञो नाभिशङ्कते।
तस्मान्न देवाः श्रेयांसं लोकेऽन्यं पुरुषं विदुः॥ ९६॥

जुन विद्वान्‌को बोल्ने बेला उसको अन्तरआत्मा शंकित हुँदैन भने देवताहरू त्योभन्दा बढेर संसारमा अरूलाई श्रेष्ठ मान्दैनन्।

यावतो बान्धवान् यस्मिन् हन्ति शाक्ष्येऽनृतं वदन्।
तावतः संख्यया तस्मिञ्छृणु सौम्यानुपूर्वशः॥ ९७॥

हे सौम्य ! झुटो साक्षी दिनाले साक्षी कुन व्यवहारमा कति बान्धवहरूको हत्या गर्दछ, त्यो क्रमैसित सुन।

पञ्च पश्वनृते हन्ति दश हन्ति गवानृते।
शतमश्वानृते हन्ति सहस्रं पुरुषानृते॥ ९८॥

पशुहरूको विषयमा झुटो बोल्नाले पाँच, गाईको विषयमा झुटो बोल्नाले दस, घोडाको विषयमा झुटो बोल्नाले सय र मनुष्यको विषयमा झुटो बोल्नाले एक हजार बान्धवहरूलाई मारेको पापको भागी हुन्छ।

हन्ति जातानजातांश्च हिरण्यार्थेऽनृतं वदन्।
सर्वं भूम्यनृते हन्ति मा स्म भूम्यनृतं वदीः॥ ९९॥

सूनको लागि झुटो बोल्नाले जन्मिएका-नजन्मिएका सन्ततिहरूको हत्याको फल पाउँछ। भूमिको लागि झुटो बोल्नाले सबै प्राणीहरूलाई मारेको पाप लाग्छ, यसकारण भूमिको विषयमा कहिल्यै झुटो नबोलुन्।

अप्सु भूमिवदित्याहुः स्त्रीणां भोगे च मैथुने।
अब्जेषु चैव रत्नेषु सर्वेष्वश्ममयेषु च॥ १००॥

पानी (कुवा, तलाउ, नहर आदि) सम्बन्धमा, स्त्रीहरूको भोगका विषयमा, मैथुनका विषयमा, रत्न र बहुमूल्य पत्थरहरूका विषयमा झुटो बोल्नाले मिथ्यावादीलाई त्यही हुन्छ जुन भूमिको सम्बन्धमा झुटो बोल्नाले पाप हुन्छ।

एतान् दोषानवेक्ष्य त्वं स्र्वाननृतभाषणे।
यथाश्रुते यथादृष्टं सर्वमेवाञ्जसा वद॥ १०१॥

झूठो बोल्दा हुने उपरोक्त दोषहरूलाई राम्ररी बुझेर तिमीले जस्तो देखेका वा सुनेका छौ, त्यो सबै साँचो भन।

गोरक्षकान्वाणिजिकांस्तथा कारुकुशीलवान्।
प्रेष्यान्वार्धुषिकांश्चैव विप्रान् शूद्रवदाचरेत्॥ १०२॥

व्यापारको इच्छाले गाई पाल्ने, वाणिज्य-व्यापार गर्ने, बाँसका डोका-डाला आदि बनाएर बेच्ने, नाच्ने-गाउने, सेवा वृत्ति गर्ने र ब्याजका पैसाले निर्वाहं गर्ने बाह्मणको साक्षी लिने बेला न्यायकर्ताले यिनको साथ शूद्र जस्तों व्यवहार गरून्।

तद्वदन्धर्मतोऽर्थेषु जानन्नप्यन्यथा नरः।
न स्वर्गाच्च्यवते लोकाद्दैवीं वाचं वदन्ति ताम्॥ १०३॥

वास्तविक कुरा जानेर जुन मनुष्य धर्मका लागि झुटो बोल्दछन् ती धर्मबाट वञ्चित हुँदैनन्। त्यो वाणी (धर्मरक्षाका लागि बोलिएको झुटो वाणी) लाई दैवी वाणी भन्दछन्।

शूद्रविट्क्षत्रविप्राणां यत्रर्तोक्तो भवेद्वधः।
तत्र वक्तव्यमनृतं तद्धि सत्याद्विशिष्यते॥ १०४॥

शूद्र, वैश्य, क्षत्रिय र ब्राह्मणको जहाँ सत्य बोल्नाले वध हुन्छ त्यहाँ झुटो बोल्नु उचित हुन्छ, किनकि सत्यभन्दा त्यो असत्य श्रेष्ठ हुन्छ।

वाग्दैवत्यैश्च चरुभिर्यजेरंस्ते सरस्वतीम्।
अनृतस्यैनसस्तस्य कुर्वाणा निष्कृतिं पराम्॥ १०५॥

(असत्य वादीहरूले) त्यो मिथ्या भाषणरूपी पापबाट उद्धार पाउनका लागि वाग्देवता सरस्वतीका मन्त्रहरूले उनको यज्ञ नगरून्।

कूष्माण्डैर्वापि जुहुयाद् घृतमग्नौ यथाविधि।
उदित्यृचा वा वारुण्या तृचेनाब्दैवतेन वा॥ १०६॥

कुष्माण्ड मन्त्रहरूद्वारा यथाविधि घिउले अग्निमा हवन गरून्। किंवा 'उदुत्तम' यस वरुण दैवत मन्त्रले जलदेवतालाई तीन ऋचाहरूले हवन गरून्।

त्रिपक्षादब्रुवन्साक्ष्यमृणादिषु नरोऽगदः।
तदृणं प्राप्नुयात्सर्वं दशबन्धं च सर्वतः॥ १०७॥

यदि निरोग मनुष्य ऋणदिका तीन पक्ष (४५ दिनभित्र) भित्र साक्षी बसेमा उसैबाट सबै ऋण महाजनलाई दिलाउनुपर्छ र उसैबाट राजालाई पनि सम्पूर्ण ऋणको दसौं भाग दण्डस्वरूप दिलाउनुपर्छ।

यस्य दृश्येत सप्ताहादुक्तवाक्यस्य साक्षिणः।
रोगोऽग्निर्ज्ञातिमरणमृणं दाप्यो दमं च सः॥ १०८॥

जुन साक्षीलाई साक्षी बसेको एक साताभित्र कुनै रोग लागे, उसको घर जले अथवा उसको कुनै आफन्तको मृत्यु भए पनि धनीको ऋण र राजाको दण्ड उसले दिनैपर्छ।

असाक्षिकेषु त्वर्थेषु मिथो विवदमानयोः।
अविन्दंस्तत्त्वतः सत्यं शपथेनापि लम्भयेत्॥ १०९॥

आपसमा झगडा गर्दै वादी-प्रतिवादीहरूबीच यदि कोही साक्षी नभए र सत्य कुरो पत्तो नलागे राजाले तिनलाई शपथ गराएर सत्यको निर्णय गरून्।

महर्षिभिश्च देवैश्च कार्यार्थं शपथाः कृताः।
वसिष्ठश्चापि शपथं शेपे पैजवने नृपे॥ ११०॥

महर्षि र देवताहरूले पनि कार्यको निर्णयका लागि शपथ खाएका थिए, वशिष्ठले पनि पिजवन राजाको पुत्रसामु शपथ खाएका थिए।

न वृथा शपथं कुर्यात्स्वल्पेऽप्यर्थे नरो बुधः।
वृथा हि शपथं कुर्वन्प्रेत्य चेह च नश्यति॥ १११॥

बुद्धिमान मुनष्यले थोरै कुराका लागि व्यर्थमा शपथ गर्नु हुँदैन, किनकि व्यर्थको शपथ गर्नेले इहलोक र परलोक दुवै बिगार्छन्।

कामिनीषु विवाहेषु गवां भक्ष्ये तथेन्धने।
ब्राह्मणाभ्युपपत्तौ च शपथे नास्ति पातकम्॥ ११२॥

स्त्रीहरूका साथ विवाहको बातचीतमा, गाईहरूका लागि घास-भूस लिनमा, होमको लागि दाउरा ल्याउनमा र ब्राह्मणमाथि विपत्ति आएको टर्ने भएमा शपथ गरे त्यसको पाप हुँदैन।

सत्येन शापयेद्विप्रं क्षत्रियं वाहनायुधैः।
गोबीजकाञ्चनैर्वैश्यं शूद्रं सर्वैस्तु पातकैः॥ ११३॥

ब्राह्मणसित 'सत्य' को शपथ गराउन्, क्षत्रियसित 'वाहन तथा शस्त्र'को शपथ गराउन्, वैश्यसित 'गाई', 'अन्न' र 'धन'को, शूद्रसित 'सबै पाप लाग्ने' शपथ गराउन्।

अग्निं वाहारयेदेनमप्सु चैनं निमज्जयेत्।
पुत्रदारस्य वाप्येनं शिरांसि स्पर्शयेत्पृथक्॥ ११४॥

अथवा उनीसित अग्निको परीक्षा शास्त्रोक्त विधिले गराउन् वा पानीमा डुबुल्की मार्न लगाउन् वा छोरा र स्त्रीको शिरमा पृथक् पृथक् हात राख्न लगाउन्।

यमिद्धो न दहत्यग्निरापो नोन्मज्जयन्ति च।
न चातिमृच्छति क्षिप्रं स ज्ञेय शपथे शुचिः॥ ११५॥

जसलाई आगोले पोल्दैन, जसलाई पानीले माथितिर फ्याक्दैन र जसलाई कुनै ठूलो पीडा हुँदैन, उसलाई शपथमा पवित्र सम्झिनुपर्छ।

वत्सस्य ह्यभिशस्तस्य पुरा भ्रात्रा यवीयसा।
नाग्निर्ददाह रोमापि सत्येन जगतः स्पशः॥ ११६॥

पूर्वकालमा (सौतेनी) भाइद्वारा 'तँ ब्राह्मण होइनस्, शूद्रबाट जन्मिएको होस्' अभिशाप लगाउँदा वत्स ऋषिले अग्निमा प्रवेश गरे। संसारका शुभाशुभ कर्मका परीक्षक अग्निले सत्यका कारण उनको एउटा रौं पनि जलाएनन्।

यस्मिन्यस्मिन्विवादे तु कौटसाक्ष्यं कृतं भवेत्।
तत्तत्कार्यं निवर्तेत कृतं चाप्यकृतं भवेत्॥ ११७॥

जुन-जुन विवादमा साक्षीद्वारा झुटो बयान दिइएको हुन्छ, यसको निश्चय भएमा ती-ती विवादहरूमाथि पुनर्विचार गरून्, किनकि पहिला गरिएको विचार निरर्थक हुन्छ।

लोभान्मोहाद्भयान्मैत्रात्कामात्क्रोधात्तथैव च।
अज्ञानाद् बालभावाच्च साक्ष्यं वितथमुच्यते॥ ११८॥

लोभ, मोह, भय, मित्रता, काम, क्रोध, अज्ञान र सोझो भएर जुन साक्षी दिइन्छ, त्यो झुटो हुन्छ।

एषामन्यतमे स्थाने यः साक्ष्यमनृतं वदेत्।
तस्य दण्डविशेषांस्तु प्रवक्ष्याम्यनुपूर्वशः॥ ११९॥

यी माथि बताइएका कारणहरूमध्ये कुनै कारणले जो कोहीले झुटो साक्षी दिन्छन्, उनलाई कुन अवस्थामा कस्तो दण्ड दिनुपर्छ, त्यो क्रमैसित भन्दछु।

लोभात्सहस्रं दण्ड्यस्तु मोहात्पूर्वं तु साहसम्।
भयाद् द्वौ मध्यमौ दण्डौ मैत्रात्पूर्वं चतुर्गुणम्॥ १२०॥

लोभले झुटो साक्षी दिएमा एक हज़ार पण[२], मोहले झुटो बोलेमा प्रथम साहस[३] संख्यक, भयले झूटो बोलेमा दुई मध्यम साहस र मित्रताले झुटो साक्षी दिएमा प्रथम साहसको चारगुणा दण्ड हुन्छ।

कामाद्दशगुणं पूर्वं क्रोधात्तु त्रिगुणं परम्।
अज्ञानद् द्वे शते पूर्णे बालिश्याच्छतमेव तु ॥ १२१ ॥

कामवश झूटो बयान दिएमा प्रथम साहसको दस गुणा, क्रोधले झूटो बयान दिएमा मध्यम साहसको तीन गुणा, अज्ञानले झूटो बयान दिएमा दुईसय पण र मूर्खतावश असत्य बोलेमा एकसय पण दण्ड दिनुपर्छ।

एतानाहुः कौटसाक्ष्ये प्रोक्तान्दण्डान्मनीषिभिः।
धर्मस्याव्यभिचारार्थमधर्मनियमाय च ॥ १२२ ॥

धर्मको रक्षा र अधर्मको नियन्त्रणका लागि कूट साक्ष्य (झूटो बयान) मा यी दण्ड मुनिहरूले बताएका हुन्।

कौटसाक्ष्यं तु कुर्वाणाँस्त्रीन्वर्णान्धार्मिको नृपः।
प्रवासयेद्दण्डयित्वा ब्राह्मणं तु विवासयेत् ॥ १२३ ॥

धार्मिक राजा झूटो बयान दिने तीनै वर्ण (क्षत्रिय, वैश्य र शूद्र) लाई (पूर्वोक्त प्रकारले) दण्ड दिएर देशबाट निकाला गरून् र ब्राह्मणलाई केवल देशबाट निकालुन् अर्थात् उसलाई दण्डित नगरून्।

दश स्थानानि दण्डस्य मनुः स्वायंभुवोऽब्रवीत्।
त्रिषु वर्णेषु यानि स्युरक्षतो ब्राह्मणो व्रजेत् ॥ १२४ ॥

स्वायम्भुव मनुले दण्डको जुन दस स्थान बताउनु भएको छ, त्यो तीन वर्ण (क्षत्रिय, वैश्य, शूद्र) का लागि हो (ब्राह्मणका लागि होइन)। ब्राह्मणलाई राजाले देश–निकाला मात्र गरून्।

उपस्थमुदरं जिह्वा हस्तौ पादौ च पञ्चमम्।
चक्षुर्नासा च कर्णौ च धनं देहस्तथैव च ॥ १२५ ॥

लिङ्ग, पेट, जिब्रो, दुवै हात, दुवै खुट्टा, आँखा, नाक, शरीर र धन– यी दश स्थान दण्डका हुन्।

अनुबन्धं परिज्ञाय देशकालौ च तत्त्वतः।
सारापराधौ चालोक्य दण्डं दण्ड्येषु पातयेत् ॥ १२६ ॥

---

[२] पण कतिको हुन्छ, त्यो यसै अध्यायको १३६ औं श्लोकमा बताइएको छ।

[३] साहस कतिको हुन्छ, त्यो यसै अध्यायको १३८ औं श्लोकमा बताइएको छ।

अपराधीको अपराध, अपराधको स्थान र समय राम्ररी बुझेर तथा अपराधीको दैहिक, साम्पत्तिक सामर्थ्य र अपराधको हलुको वा गह्रुँगो हुनु- यी सबै यथार्थरूपले हेरेर अपराधीलाई दण्ड दिने व्यवस्था गरून्।

अधर्मदण्डनं लोके यशोघ्नं कीर्तिनाशनम्।
अस्वर्ग्यं च परत्राणि तस्मात्तत्परिवर्जयेत्॥१२७॥

धर्मविरुद्ध दण्ड दिनेको संसारमा यश र कीर्तिको नाश हुन्छ र मरेपछि स्वर्ग पनि मिल्दैन, यसकारण त्यसको त्याग गरून्।

अदण्ड्यान्दण्डयन् राजा दण्ड्यांश्चैवाप्यदण्डयन्।
अयशो महदाप्नोति नरकं चैव गच्छति॥१२८॥

अदण्डनीय (निरपराधी) लाई दण्ड दिनाले र दण्डनीयलाई दण्ड नदिनाले राजाका निम्ति अपयश र मृत्युपश्चात् नरकगामी हुन्छ।

वाग्दण्डं प्रथमं कुर्याद्धिग्दण्डं तदनन्तरम्।
तृतीयं धर्मदण्डं तु वधदण्डमतः परम्॥१२९॥

पहिलो पल्ट अपराधीलाई वाग्दण्ड दिउन्, दोस्रो पल्ट धिग्दण्ड, तेस्रो पल्ट फेरि अपराध गरे उसलाई धन–दण्ड दिउन्, त्यसपछि शारीरिक दण्ड दिउन्।

वधेनापि यदा त्वेतान्निग्रहीतुं न शक्नुयात्।
तदैषु सर्वमप्येतत्प्रयुञ्जीत चतुष्टयम्॥१३०॥

यदि कसैको अंग काट्ने इत्यादि दण्ड दिएर पनि अपराधीहरूको निग्रह गर्न नसकिए पूर्वोक्त चारै दण्डहरूको प्रयोग गरून्।

लोकसंव्यवहारार्थं याः संज्ञा प्रथिता भुवि।
ताम्ररूप्यसुवर्णानां ताः प्रवक्ष्याम्यशेषतः॥१३१॥

लोकमा व्यवहारका लागि ताँबा, चाँदी र सूनको जो संज्ञा (प्रमाणविशेष) हरू प्रसिद्ध छन्, त्यो सबै अब सम्पूर्ण बताउँछु ।

जालान्तरगते भानौ यत्सूक्ष्मं दृश्यते रजः।
प्रथमं तत्प्रमाणानां त्रसरेणुं प्रचक्षते॥१३२॥

झ्याल आदि छिद्रबाट भित्र पस्ने सूर्यका किरणहरूमा जुन स-साना धूलोका कणहरू देखिन्छन् त्यस्तै एक धूलोका कणहरूको मान परिमाणमा प्रथम हुन्छ र उसलाई त्रसरेणु भनिन्छ।

त्रसरेणवोऽष्टौ विज्ञेया लिक्षैका परिमाणतः।
ता राजसर्षपस्तिस्रस्ते त्रयो गौरसर्षपः॥१३३॥

परिमाणमा आठ त्रसरेणुहरूको एक लिक्षा, त्यस्तै तीन लिक्षाहरूको एक राजसर्षप र तीन राजसर्षपको एक गौरसर्षप हुन्छ।

सर्षपाः षट् यवो मध्यस्त्रियवं त्वेककृष्णलम्।
पञ्चकृष्णलको माषस्ते सुवर्णस्तु षोडश॥ १३४॥

छः गौरसर्षपको एक अध्ययव (न धेरै मोटो न धेरै मसिनो), त्यस्तै तीन मध्ययवको एक कृष्णल (रत्ती) र पाँच रत्तीको एक मासा तथा सोह्र मासाको एक सुवर्ण (तोला) हुन्छ।

पलं सुवर्णाश्चत्वारः पलानि धरणं दश।
द्वे कृष्णले समधृते विज्ञेयो रौप्यमाषकः॥ १३५॥

चार तोलाको एक पल (छटाक), दस पलको एक धरण र वजनमा दुई रत्तीजति चाँदीको एक रौप्यमाषक जान्नू।

ते षोडश स्याद्धरणं पुराणश्चैव राजतः।
कार्षापणस्तु विज्ञेयस्ताम्रिकः कार्षिकः पणः॥ १३६॥

ती सोह्र रौप्यमाषको एक धरण अर्थात् रौप्य पुराण हुन्छ। एक कर्ष (सोह्र मासा) जति ताँबालाई कार्षापण वा पण भन्दछन्। (कार्षापण 'चाँदीको रुपियाँ' र पण 'तामाको पैसा' लाई भन्दछन्)

धरणानि दश ज्ञेयः शतमानस्तु राजतः।
चतुःसौवर्णिको निष्को विज्ञेयस्तु प्रमाणतः॥ १३७॥

दस रौप्य धरणको एक राजत शतमान र चार सुवर्णको एक निष्क हुन्छ।

पणानां द्वे शते सार्धे प्रथमः साहसः स्मृतः।
मध्यमः पञ्च विज्ञेयः सहस्रं त्वेव चोत्तमः॥ १३८॥

अढाइ सय पणको प्रथम साहस, पाँच सय पणको मध्यम साहस र एक हजार पणको उत्तम साहस हुन्छ।

ऋणे देये प्रतिज्ञाते पञ्चकं शतमर्हति।
अपह्नवे तद् द्विगुणं तन्मनोरनुशासनम्॥ १३९॥

(विचारसभामा) ऋण दिने प्रतिज्ञा गरेमा ऋणमा पाँच प्रतिशत पण दण्ड गरून् र (सभामा पनि) ऋण स्वीकार नगरेमा दुईगुणा अर्थात् दस प्रतिशत पण दण्ड गरून्, यस्तो मनुजीको आज्ञा हो।

वसिष्ठविहितां वृद्धिं सृजेद्वित्तविवर्धिनीम्।
अशीतिभागं गृह्णीयान्मासाद्वार्धुषिकः शते॥ १४०॥

वशिष्ठले धन बढाउनका निम्ति जति व्याज लिनु भनेका छन्, ब्याजमा जीवन निर्वाह गर्नेले उति नै व्याज लिउन् अर्थात् सयको असीयौं भाग वा सवा प्रतिशत प्रति महिना व्याज लिउन्।

द्विकं शतं वा गृह्णीयात्सतां धर्ममनुस्मरन्।
द्विकं शतं हि गृह्णानो न भवत्यर्थकिल्विषी॥ १४१॥

अथवा श्रेष्ठ धर्मको स्मरण गर्नेले मासिक प्रति सयकडा दुई पण ब्याज लिउन् किनभने दुई पणसम्म मासिक व्याज लिने पापको भागी हुँदैन।

द्विकं त्रिकं चतुष्कं च पञ्चकं च शतं समम्।
मासस्य वृद्धिं गृह्णीयाद्वर्णानामनुपूर्वशः॥ १४२॥

ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र- यी चारै वर्णहरूसित क्रमैले दुई, तीन, चार र पाँच पण प्रति सयकडा मासिक ब्याज लिउन्।

न त्वेवाधौ सोपकारे कौसीदीं वृद्धिमाप्नुयात्।
न चाधेः कालसंरोधान्निसर्गोऽस्ति न विक्रयः॥ १४३॥

यदि कुनै उपकारी वस्तु (घर, खेत आदि) बन्धकी राखेर कर्जा लिएको भए धनीलाई छुट्टै ब्याज नपाएर खेतको उब्जनी नै ब्याजमा पाउनेछ। धेरै समय बिते पनि बन्धकीको चीज अर्कालाई दिन सकिदैन, न त्यसलाई बेच्न सकिन्छ।

न भोक्तव्यो बलादाधिर्भुञ्जानो वृद्धिमुत्सृजेत्।
मूल्येन तोषयेच्चैनमाधिस्तेनोऽन्यथा भवेत्॥ १४४॥

कसैको बन्धकी राखिएको आभूषण, वस्त्र आदिको जबरजस्ती उपभोग (धनीले) नगरून्, यदि गरेमा ब्याज नलिउन्। बन्धक राखेको कुरा खराब भएमा बन्धकी राख्नेलाई उचित मूल्य दिएर राजी गरून्, होइन भने त्यो बन्धकी राखेको सामानको चोर ठहरिने छ।

आधिश्चोपनिधिश्चोभौ न कालात्ययमर्हतः।
अवहार्यौ भवेतां तौ दीर्घकालमवस्थितौ॥ १४५॥

बन्धकी राखिएको सामान र उधारो दिएको वस्तु धेरै समय व्यतीत भए पनि वस्तुका धनीले जब (बन्धकीको, उधारोको) धन चुक्ता गर्छ तब मात्र त्यसलाई पाउने अधिकारी हुन्छ।

संप्रीत्या भुज्यमानानि न नश्यन्ति कदाचन।
धेनुरुष्ट्रो वहन्नश्वो यश्च दम्यः प्रयुज्यते॥ १४६॥

गाई, ऊँट, घोडा र हलो तान्ने गोरु आदि पशु स्वामीका इच्छाले कसैद्वारा भोग गरे तापनि स्वामीको स्वत्व (हक) उनीमाथि सधैं रहिरहन्छ।

यत्किञ्चिद्दश वर्षाणि सन्निधौ प्रेक्ष्यते धनी।
भुज्यमानं परैस्तूष्णीं न स तल्लब्धुमर्हति॥ १४७॥

यदि धनी आफ्नो कुनै वस्तु अरूद्वारा दस वर्षसम्म भोगिरहेको देख्छ, तर बीचमा (त्यो समयभित्र) केही भन्दैन भने उसले आफ्नो वस्तु फिर्ता लिन सक्दैन।

अजडश्चेदपोगण्डो विषये चास्य भुज्यते।
भग्नं तद्व्यवहारेण भोक्ता तद् द्रव्यमर्हति॥ १४८॥

यदि त्यो जड (पटमूर्ख) छैन र सोह्र वर्षमाथिको छ भने उसको सामु यदि उसको धन अर्काले भोग गर्छ भने त्यो धन भोग गर्नेको हुन्छ। धनीको अधिकार त्यो धनमाथि हुँदैन।

आधिः सीमा बालधनं निक्षेपोपनिधिः स्त्रियः।
राजस्वं श्रोत्रियस्वं च न भोगेन प्रणश्यति॥ १४९॥

बन्धकी, गाउँको सीमा, बालकको धन, नासो, कुनै भाँडोमा राखिएको गुप्त धन, दासी, राजस्व र वेदाध्यायी ब्राह्मणको धन कसैद्वारा भोगिएं पनि धनीको स्वत्व (हक) नष्ट हुँदैन।

यः स्वामिनाननुज्ञातमाधिं भुङ्क्तेऽविचक्षणः।
तेनार्धवृद्धिर्भोक्तव्या तस्य भोगस्य निष्कृतिः॥ १५०॥

जुन मूर्खले बन्धकी राखेको वस्तुलाई उसको स्वामीको आज्ञाबिना भोग गर्छ भने उसले भोगको साटोमा ऋणीलाई आधी ब्याज छोडिदिउन्।

कुसीदवृद्धिर्द्वैगुण्यं नात्येति सकृदाहृता।
धान्ये सदे लवे बाह्ये नातिक्रामति पञ्चताम्॥ १५१॥

यदि ब्याज र मूलधन एकसाथ लिइन्छ भने मूलधनको दोब्बरभन्दा बढी ब्याज दिनु हुँदैन। अन्न, रूखका फल, ऊन र गोरु, घोडा आदि उधारो लिएमा तिनका मूल्यको पाँच गुणाभन्दा बढी ब्याज लिनु हुँदैन।

कृतानुसारादधिका व्यतिरिक्ता न सिद्ध्यति।
कुसीदपथमाहुस्तं पञ्चकं शतमर्हति॥ १५२॥

निश्चित ब्याजदर भन्दा धेरै ब्याज लिनु हुँदैन। धेरै ब्याज लिनुलाई कुसीद (ब्याजले जीविका चलाउने) भनिन्छ। पाँच प्रतिशतभन्दा बढी ब्याज लिनु हुँदैन।

नातिसांवत्सरीं वृद्धिं न चादृष्यं पुनर्हरेत्।
चक्रवृद्धिः कालवृद्धिः कारिता कायिका च या ॥ १५३ ॥

वर्ष दिन बितेपछि बढी ब्याज नलिनु अर्थात् कर्ज दिएको पहिलो, दोस्रो महिना गरी वर्ष दिनभित्रै व्याज लिनु । पहिलादेखि नचलेको व्याज, जस्तो व्याजमाथि व्याज (चक्रवृद्धि), मासिक नियम नराखी केही दिनमै व्याज बढाउने (कालवृद्धि), मेहनत, मजदुरीको रूपमा ब्याज लिनु (कायिक) र कष्ट दिएर ब्याज बढाउन लगाउनु (कारित)– यस्तो व्याज लिनु हुँदैन ।

ऋणं दातुमशक्तो यः कर्तुमिच्छेत्पुनः क्रियाम्।
स दत्त्वा निर्जितां वृद्धिं करणं परिवर्तयेत् ॥ १५४ ॥

जो ऋणी ऋण चुक्ता गर्न असमर्थ हुन्छ र फेरि अर्को तमसुक गरिदिन इच्छुक हुन्छ भने अगाडिको सबै व्याज ऋणदातालाई दिएर अर्को तमसुक बनाइदिनुपर्छ ।

अदर्शयित्वा तत्रैव हिरण्यं परिवर्तयेत्।
यावती संभवेद् वृद्धिस्तावतीं दातुमर्हति ॥ १५५ ॥

यदि व्याजको धन दिन त्यति बेला असमर्थ हुन्छ भने जति व्याज भएको छ त्यति मूलमा जोडेर कागज फेरोस् ।

चक्रवृद्धिं समारूढो देशकालव्यवस्थितः ।
अतिक्रामन्देशकालौ न तत्फलमवाप्नुयात् ॥ १५६ ॥

गाडी चलाउनेले निश्चित ठाउँसम्मको भाडा लिएर यदि त्यो ठाउँसम्म पुऱ्याउँदैन अथवा कसैलाई कुनै निश्चित अवधिका लागि गाडी दिएर त्योभन्दा अघि नै उसको काम रोक्यो भने गाडीवालले केही पनि पाउने अधिकारी हुँदैन ।

समुद्रयानकुशला देशकालार्थदर्शिनः ।
स्थापयन्ति तु यां वृद्धिं सा तत्राधिगमं प्रति ॥ १५७ ॥

दूरी र समयअनुसार भाडा वा ज्याला जान्ने जलस्थल वाहनहरूको कुशल पुरुषले जुन भाडा वा ज्याला निश्चित गर्छन् त्यही ठीक मानिन्छ ।

यो यस्य प्रतिभूस्तिष्ठेद्दर्शनायेह मानवः ।
अदर्शयन्स तं तस्य प्रयच्छेत्स्वधनादृणम् ॥ १५८ ॥

जुन मनुष्य जसको प्रतिभू (जमानी) बसेको हुन्छ उसले ऋणीलाई सभामा हाजिर गराउन सकेन भने उसैले आफ्नो धनीको ऋण चुक्ता गरोस् ।

प्रातिभाव्यं वृथादानमाक्षिकं सौरिकं च यत्।
दण्डशुल्कावशेषं च न पुत्रो दातुमर्हति॥ १५९॥

प्रतिभाव्य (जमानी बसेकामा जुन दण्ड दिइन्छ), वृथा दान (नट, भाँड आदिलाई जो दिइनु छ), आक्षिक (जूवासम्बन्धी), सौरिक (मदिरासम्बन्धी), अपराध विशेषको दण्ड र कर विशेषको अवशेष- यी सबैको तिर्नुपर्ने ऋण ऋणीको पुत्रले तिर्नुपर्दैन।

दर्शनप्रातिभाव्ये तु विधिः स्यात्पूर्वचोदितः।
दानप्रतिभुवि प्रेते दायादानपि दापयेत्॥ १६०॥

उक्त नियम दर्शन प्रतिभू (जमानी गर्ने) विषयमा भयो। तर दान-प्रतिभू (ऋण दिलाउने जमानी) को सम्बन्धमा यो नियम छ कि उसको मृत्युपछि उसको पुत्रबाट त्यो ऋण दिलाइयोस्।

अदातरि पुनर्दाता विज्ञातप्रकृतावृणम्।
पश्चात्प्रतिभुवि प्रेते परीप्सेत्केन हेतुना॥ १६१॥

जुन दान प्रतिभू होइन, तर जसले आसामीबाट उसको मूल ऋण शोधन लायक द्रव्य लिएर यो प्रतिभूत्व गरेको छ यस्तो जानेर जुन ऋण आसामीलाई दिइएको छ, त्यो प्रतिभूको मृत्युपछि कसरी प्राप्त गर्ने?

निरादिष्टधनश्चेत्तु प्रतिभूः स्यादलङ्घनः।
स्वधनादेव तद्दद्यान्निरादिष्ट इति स्थितिः॥ १६२॥

यदि प्रतिभूलाई ऋणीबाट उसका ऋण शोधन बराबर धन मिलेको छ भने (यस्ता प्रतिभूको मृत्युपछि) उसका पुत्रले आफ्नो धनबाट त्यो धनको शोधन गरून्, यस्तो शास्त्रको स्थिति हो।

मत्तोन्मत्तार्ताध्यधीनैर्बालेन स्थविरेण वा।
असंबद्धकृतश्चैव व्यवहारो न सिद्ध्यति॥ १६३॥

उत्ताउलो, पागल, शोकले व्याकुल, रोगग्रस्त, सेवक, बालक र वृद्ध यिनको साथ उनको घरपरिवारको सम्मतिबिना जुन व्यवहार हुन्छ, त्यो सिद्ध हुँदैन।

सत्या न भाषा भवति यद्यपि स्यात्प्रतिष्ठिता।
बहिश्चेद्भाष्यते धर्मान्नियताद्व्यावहारिकात्॥ १६४॥

(जान्ने-बुझ्नेहरूबाट) कुरा पक्का-पक्की भएता पनि यदि त्यो धर्मशास्त्र र व्यवहार विरुद्ध हुन्छ भने सत्य हुँदैन।

योगाधमनविक्रीतं योगदानप्रतिग्रहम्।
यत्र वाऽप्युपधिं पश्येत्तत्सर्वं विनिवर्तयेत्॥ १६५॥

छलबाट कुनै कुरो बन्धक राखिएमा वा बेचिएमा, दान दिइएमा वा लिएमा अथवा कपटद्वारा कुनै व्यवहार गरिएको छ भने ती सबै व्यवहारलाई राजाले रद्द गरिदिउन्।

ग्रहीता यदि नष्टः स्यात्कुटुम्बार्थे कृतो व्ययः।
दातव्यं बान्धवैस्तत्स्यात्प्रविभक्तैरपि स्वतः॥ १६६॥

सम्मिलित कुटुम्बका खर्चका निम्ति ऋण लिने व्यक्तिको मृत्यु भएमा, आपसमा परिवार छुट्टिएमा पनि बान्धवहरूले आ-आफ्ना धनबाट ऋण चुक्ता गरिदिनुपर्छ।

कुटुम्बार्थेऽध्यधीनोऽपि व्यवहारं यमाचरेत्।
स्वदेशे वा विदेशे वा तं ज्यायान्न विचालयेत्॥ १६७॥

जो कसैको अधीन भए पनि यदि उसले आफ्ना स्वामीका कुटुम्बका लागि ऋण लिन्छ भने उसको स्वामी देशमा वा विदेशमा जहाँ भए पनि आफूलाई त्यो ऋण तिर्ने व्यक्ति बुझ्नुन्।

बलाद्दत्तं बलाद् भुक्तं बलाद्यच्चापि लेखितम्।
सर्वान्बलकृतानर्थानकृतान्मनुरब्रवीत् ॥ १६८॥

बलपूर्वक जो दिइन्छ, भोग गरिन्छ, लेखाइन्छ र सबै काम जुन बलपूर्वक गराइन्छ, त्यो नगरिने बराबर हुन्छ- यस्तो मनुजीले भनेका छन्।

त्रयः परार्थे क्लिश्यन्ति साक्षिणः प्रतिभूः कुलम्।
चत्वारस्तूपचीयन्ते विप्र आढ्यो वणिङ् नृपः॥ १६९॥

साक्षी, प्रतिभू र कुल (स्वजन)- यी तीनले अर्काको उपकार गर्ने हुनाले कष्ट पाउँछन् र ब्राह्मण, धनी, व्यापारी र राजा- यी चार अर्काको उपकार गर्नाले वृद्धि पाउँछन्।

अनादेयं नाददीत परिक्षीणोऽपि पार्थिवः।
न चादेयं समृद्धोऽपि सूक्ष्ममप्यर्थमुत्सृजेत्॥ १७०॥

निर्धन भएर पनि राजाले नलिने योग्य वस्तु नलिउन्, समृद्ध भएर पनि लिने योग्य सानो वस्तु पनि नछोड्नुन्।

अनादेयस्य चादानादादेयस्य च वर्जनात्।
दौर्बल्यं ख्याप्यते राज्ञः स प्रेत्येह च नश्यति॥ १७१॥

नलिन योग्य वस्तु लिएमा र लिन योग्य वस्तु नलिएमा राजाको दुर्बलता प्रकट हुन्छ, उनका लोक–परलोक दुवै नष्ट हुन्छन्।

स्वादानाद्वर्णसंसर्गात्त्वबलानां च रक्षणात्।
बलं संजायते राज्ञः स प्रेत्येह च वर्धते॥ १७२॥

प्राप्त धन लिनाले, स्वजातिहरूका साथ सम्बन्ध राख्नाले र दुर्बलको रक्षा गर्नाले राजाको बल बढ्दछ र यो लोक र परलोक दुवै सुध्रन्छ।

तस्माद्यम इव स्वामी स्वयं हित्वा प्रियाप्रिये।
वर्तेत याम्यया वृत्त्या जितक्रोधो जितेन्द्रियः॥ १७३॥

यसैले राजा क्रोध तथा इन्द्रियलाई आफ्नो वशमा राखेर र आफ्नो प्रिय–अप्रियको त्याग गरेर यमराजसमान समव्यवहार राख्दै व्यवहार गरून्।

यत्स्वधर्मेण कार्याणि मोहात्कुर्यान्नराधिपः।
अचिरात्तं दुरात्मानं वशे कुर्वन्ति शत्रवः॥ १७४॥

जुन राजा मोहान्ध भएर अधर्म कार्य गर्दछ, त्यो दुरात्मा राजालाई शत्रुले छिटै आफ्ना वशमा गरून्।

कामक्रोधौ तु संयम्य योऽर्थान्धर्मेण पश्यति।
प्रजास्तमनुवर्तन्ते समुद्रमिव सिन्धवः॥ १७५॥

जुन राजा काम–क्रोधलाई संयम राखी धर्मपूर्वक सबै कामहरू हेर्छन्, उनको प्रजाले त्यो राजाको अनुगमन यसरी गर्छन् जसरी नदीले समुद्रको।

यः साधयन्तं छन्देन वेदयेद्धनिकं नृपे।
स राज्ञा तच्चतुर्भागं दाप्यस्तस्य च तद्धनम्॥ १७६॥

जुन ऋणी आफ्नो इच्छाले आफ्नो यस्तो महाजनको राजासँग पोल गर्दछ जसले वास्तविक ढंगले ऋण असूल गरिरहेको हुन्छ भने राजाले उसको ऋणको चौथो भाग उसमाथि दण्ड लगाएर महाजनको ऋण उसबाट दिलाउन्।

कर्मणाऽपि समं कुर्याद्धनिकायाधमर्णिकः।
समोऽवकृष्टजातिस्तु दद्याच्छ्रेयांस्तु तच्छनैः॥ १७७॥

यदि ऋणी महाजन (साहु) को सजातीय वा नीच जातिको भए उसको काम गरेर भए पनि ऋण चुक्ता गरून्। यदि ऋणी उत्तम जातिको भए आफूभन्दा हीन जातिका साहुको सेवा नगरेर अलि–अलि गरेर ऋण चुक्ता गरून्।

अनेन विधिना राजा मिथो विवदतां नृणाम्।
साक्षिप्रत्ययसिद्धानि कार्याणि समतां नयेत्॥ १७८॥

यस विधिद्वारा राजाले आपसमा झगडा गरिरहेका पुरुषहरूको साक्षी र प्रमाणद्वारा व्यवहारको निर्णय गरून्।

कुलजे वृत्तसम्पन्ने धर्मज्ञे सत्यवादिनि।
महापक्षे धनिन्यार्ये निक्षेपं निक्षिपेद् बुधः ॥ १७९ ॥

बुद्धिमान मनुष्यले कुलीन, सच्चरित्र, धर्मज्ञ, सत्यवादी, बहुकुटुम्बी, धनवान् र सरल स्वभाव भएका व्यक्तिकहाँ धन जम्मा गर्नुपर्छ।

यो यथा निक्षिपेद्धस्ते यमर्थं यस्य मानवः।
स तथैव ग्रहीतव्यो यथा दायस्तथा ग्रहः ॥ १८० ॥

जुन मनुष्यले जसरी जसका हातमा जेका लागि धन सुम्पिन्छ त्यो धन त्यसै गरी ऊबाट लिउन्, किनभने जसरी दिनु त्यसरी नै लिनु यही नीति हो।

यो निक्षेपं याच्यमानो निक्षेप्तुर्न प्रयच्छति।
स याच्यः प्राड्विवाकेन तन्निक्षेप्तुरसन्निधौ ॥ १८१ ॥

नासो (राखेको वस्तु) राख्ने व्यक्तिले मागेमा यदि महाजन (साहु) ले उसलाई नासो नफर्काएमा न्यायकर्ताले नासो राख्नेको परोक्षमा महाजनसित त्यो नासो मागुन्।

साक्ष्यभावे प्रणिधिभिर्वयोरूपसमन्वितैः।
अपदेशैश्च संन्यस्य हिरण्यं तस्य तत्त्वतः ॥ १८२ ॥

त्यो नासो राख्नमा साक्षीको अभाव भए न्यायकर्ताले आफ्ना रूपवान् नवयुवा चर (गुप्तचर) हरूद्वारा छलपूर्वक उसकहाँ सून नासोको रूपमा राख्न लगाउन् र फेरि तिनैद्वारा त्यो नासो माग्न लगाउन्।

स यदि प्रतिपद्येत यथान्यस्तं यथाकृतम्।
न तत्र विद्यते किंचिद्यत्परैरभियुज्यते ॥ १८३ ॥

त्यो महाजनले यदि नासो (राखिएको वस्तु) जस्तो राखेको हो त्यस्तै दियो भने न्यायकर्ताले बुझ्नुपर्छ कि नासो राख्नेले उसमाथि आफ्नो नासोको लागि जो नालिस गरेको छ त्यो झुटो हो।

तेषां न दद्याद्यदि तु तद्धिरण्यं यथाविधि।
उभौ निगृह्य दाप्यः स्यादिति धर्मस्य धारणा ॥ १८४ ॥

यदि राजदूतहरूले राख्न दिएको सूनको नासो त्यो महाजनले नदिएमा न्यायकर्ताले महाजनसित दुवैको नासो दिलाउन्, यही धर्मको निश्चय हो।

निक्षेपोपनिधी नित्यं न देयो प्रत्यनन्तरे।
नश्यतो विनिपाते तावनिपाते त्वनाशिनौ ॥ १८५ ॥

निक्षेप (हेरेर राख्न दिएको) र उपनिधि[४] जसको राखिएको हुन्छ, उसैलाई दिउन्। ऊ जीवितै छँदा उसको उत्तराधिकारीलाई नदिउन्, किनभने नासो राख्ने जबसम्म जीवित रहन्छ तबसम्म त्यसमाथि उसको पूरै अधिकार रहन्छ, तर मृत्युपछि उसको अधिकार नष्ट हुन जान्छ।

स्वयमेव तु यो दद्यान्मृतस्य प्रत्यनन्तरे।
न स राज्ञां नियोक्तव्यो न निक्षेप्तुश्च बन्धुभिः ॥ १८६ ॥

जुन महाजनले नासो (धरोहर) राख्ने व्यक्तिको मृत्युपछि उसका उत्तराधिकारीलाई नासो दिन्छ भने नासो राख्ने व्यक्तिको बन्धु वा राजाले तीमाथि वृथा अन्य वस्तुहरूको अभियोग लगाउनु हुँदैन।

अच्छलेनैव चान्विच्छेत्तमर्थं प्रीतिपूर्वकम्।
विचार्य तस्य वा वृत्तं साम्नैव परिसाधयेत् ॥ १८७ ॥

निश्छल भावबाट प्रसन्नतापूर्वक त्यो धनको निश्चय गरून्, वा त्यो नासो राख्नेको व्यवहार जानेर साम प्रयोगबाट त्यो नासोको पत्तो लगाउन्।

निक्षेपेष्वेषु सर्वेषु विधिः स्यात्परिसाधने।
समुद्रे नाप्नुयात्किञ्चिद्यदि तस्मान्न संहरेत् ॥ १८८ ॥

सबै नासो (धन) लाई प्रमाणित गर्नका लागि यो विधि भनियो, तर लाहाछाप गरिएको नासोबाट केही लिइएको छैन भने उसमाथि कुनै दोष लगाउन सकिन्न।

चौरैर्हृतं जलेनोढमग्निना दग्धमेव वा।
न दद्याद्यदि तस्मात्स न संहरति किञ्चन ॥ १८९ ॥

चोरले चोरेर लग्यो वा पानीमा बग्यो वा आगोमा जल्यो भने नासो राख्नेले फिर्ता दिन सक्तैन, यदि त्यो नासोबाट केही झिकेको छैन भने।

निक्षेपस्यापहर्तारमनिक्षेप्तारमेव च।
सर्वैरुपायैरन्विच्छेच्छपथैश्चैव वैदिकैः ॥ १९० ॥

धरोहर (नासो) हडप्ने र धरोहर नराखीकन माग्नेलाई राजाले वैदिक शपथ र सामादिक उपायहरूले जाँचेर सत्यासत्यको निरूपण गरून्।

---

[४] जुन कुरो बन्द गरेर मोहर-छाप लगाएर राख्नको लागि दिइन्छ, तब त्यसलाई उपनिधि भनिन्छ।

यो निक्षेपं नार्पयति यश्चानिक्षिप्य याचते।
तावुभौ चौरवच्छास्यौ दाप्यौ वा तत्समं दमम् ॥ १९१ ॥

जसले अर्काको धरोहर (नासो) दिदैन र जसले धरोहर नराखी माग्दछ, यी दुवै चोर समान दण्डनीय हुन् वा तिनीहरूबाट राजाले त्यो धन बराबर जरिमाना लिउन्।

निक्षेपस्यापहर्त्तारं तत्समं दापयेद्दमम्।
तथोपनिधिहर्तारमविशेषेण पार्थिवः ॥ १९२ ॥

धरोहर फिर्ता नगर्नेलाई राजाले त्यो (निक्षेप) बराबर द्रव्य दण्ड गरून्। त्यसै गरी उपनिधि हडपिनेलाई पनि त्यसैको बराबर जरिमाना गरून्।

उपधाभिश्च यः कश्चित्परद्रव्यं हरेन्नरः।
ससहायः स हन्तव्यः प्रकाशं विविधैर्वधैः ॥ १९३ ॥

जसले अर्कालाई धोका दिएर धन हरण गर्छ उसलाई र उसका सहायकलाई राजाले सबैका सामु विविध प्रकारका शारीरिक कष्ट पुर्‍याएर मारून्।

निक्षेपो यः कृतो येन यावांश्च कुलसन्निधौ।
तावानेव स विज्ञेयो विब्रुवन्दण्डमर्हति ॥ १९४ ॥

जसले जति धन साक्षीसामु धरोहर राखेको हुन्छ, साक्षीले भनेपछि धरोहर राखिदिनेबाट धरोहर राख्नेले उति नै पाउनुपर्छ, धेरै माग्ने दण्डको भागी हुन्छ।

मिथो दायः कृतो येन गृहीतो मिथ एव वा।
मिथ एव प्रदातव्यो यथा दायस्तथा ग्रहः ॥ १९५ ॥

जसले एकान्तमा धन राख्न दिएको हुन्छ र धरोहर राख्नेले पनि एकान्तमा त्यो धन लिएको हुन्छ भने त्यो एकान्तमा नै दिनुपर्छ, जसरी दिने उसैगरी लिने गर्नुपर्छ।

निक्षिप्तस्य धनस्यैव प्रीत्योपनिहितस्य च।
राजा विनिर्णयं कुर्यादक्षिण्वन्यासधारिणम् ॥ १९६ ॥

धरोहर र आफ्ना खुशीले भोग गर्नको लागि दिइएको वस्तुको विषयमा राजाले यस्तो निर्णय गर्नुपर्छ जसमा धरोहर (नासो) राख्नेलाई दुःख नहोस्।

विक्रीणीते परस्य स्वं योऽस्वामी स्वाम्यसंमतः।
न तं नयेत साक्ष्यं तु स्तेनमस्तेनमानिनम् ॥ १९७ ॥

जसले मालिकको आज्ञाबिना अर्काको सामान बेच्छ, उसले आफूलाई चोर नमाने तापनि चोर हुन्छ। उसलाई कुनै पनि कार्यमा साक्षी बनाउनु हुँदैन।

अवहार्यो भवेच्चैव सान्वयः षट्शतं दमम्।
निरन्वयोऽनपसरः प्राप्तः स्याच्चौरकिल्विषम्॥ १९८ ॥

यदि अरूको धन बेच्ने धन स्वामीको आफन्त भएमा राजाले उसलाई छः सय पण जरिमाना गरून्। यदि उसित स्वामीको कुनै सम्बन्ध छैन र त्यो धनसित उसको कुनै सम्बन्ध छ भने त्यो चोर समान अपराधी हो।

अस्वामिना कृतो यस्तु दायो विक्रय एव वा।
अकृतः स तु विज्ञेयो व्यवहारे यथा स्थितिः॥ १९९ ॥

जुन धनको जो मालिक हुँदैन, उसले दिएको वा बेचेको धन व्यवहारको मर्यादा विरुद्ध हुनाले न दिनु न बेच्नु बराबर हुन्छ।

सम्भोगो दृश्यते यत्र न दृश्येतागमः क्वचित्।
आगमः कारणं तत्र सम्भोग इति स्थितिः॥ २०० ॥

जुन ठाउँमा कुनै वस्तुको सम्भोग देखिन्छ, तर उसको आगमको कुनै प्रमाण भेटिंदैन, त्यहाँ आगम नै कारण मानिन्छ, भोग होइन। यो नै शास्त्रको आज्ञा हो।

विक्रयाद्यो धनं किञ्चिद् गृह्णीयात्कुलसन्निधौ।
क्रयेण स विशुद्धं हि न्यायतो लभते धनम्॥ २०१ ॥

थोक बिक्री केन्द्रमा मूल्य दिएर व्यापारीहरूका सामु जे-जति सामान किनिन्छ, त्यो न्यायसँग पाउनाका कारण विशुद्ध हुन्छ।

अथ मूलमनाहार्यं प्रकाशक्रयशोधितः।
अदण्ड्यो मुच्यते राज्ञा नाष्टिको लभते धनम्॥ २०२ ॥

सामान बेच्नेको पत्तो नलागेमा, तर यो निश्चित होस् कि बजारमा नै त्यो दाम दिएर क्रेताले किनेको हो भने क्रेता दण्डको भागी हुँदैन। उसलाई दण्ड नदिई छोडिदिनुपर्छ र असलमा जसको त्यो सामान हो उसैलाई फर्काउनुपर्छ।

नान्यदन्येन संसृष्टरूपं विक्रयमर्हति।
न चासारं न च न्यूनं न दूरेण तिरोहितम्॥ २०३ ॥

धेरै मूल्यको वस्तुमा थोरै मूल्यको वस्तु मिसाएर साधारण वस्तुलाई असल बताएर तौलमा कम र टाढा आदिका कारण जसको वास्तविक रूप लाग्दैन, यस्तो वस्तु बेच्न सकिन्न।

अन्यां चेद्दर्शयित्वाऽन्या वोढुः कन्या प्रदीयते।
उभे त एक शुल्केन वहेदित्यब्रवीन्मनुः॥ २०४ ॥

राम्री केटी देखाएर वरको विवाह कुनै अर्की केटीसित गरिदिए भने वरले एउटै खर्चले दुवै केटीका साथ विवाह गरून्, यस्तो मनुजीले भन्नुभएको छ।

नोन्मत्ताया न कुष्ठिन्या न च या स्पृष्टमैथुना।
पूर्वं दोषानभिख्याप्य प्रदाता दण्डमर्हति॥ २०५॥

जुन कन्या पागल हुन्छे, कुष्ठ रोगी हुन्छे र परपुरुषसित जसको समागम भइसकेको हुन्छ, यी दोषलाई विवाहभन्दा पहिला वरसित नभन्ने कन्यादाता दण्ड पाउने अधिकारी हुन्छ।

ऋत्विग्यदि वृतो यज्ञे स्वकर्म परिहापयेत्।
तस्य कर्मानुरूपेण देयोंऽशः सह कर्तृभिः॥ २०६॥

यदि यज्ञमा वरण गरिएका ऋत्विज कुनै कारणले आफ्नो कर्म गर्न छोडे अरू ऋत्विजहरूका साथ उसको कर्मअनुसार दक्षिणाको अंश दिनुपर्छ।

दक्षिणासु च दत्तासु स्वकर्म परिहापयन्।
कृत्स्नमेव लभेतांशमन्येनैव च कारयेत्॥ २०७॥

यदि दक्षिणा दिंदा पनि ऋत्विजले आफ्नो कर्म पूरा गर्न सकेनन् भने उसले दक्षिणाको पूरै अंश राखुन्, तर कर्मको शेष भाग अरूबाट पूरा गराउन्।

यस्मिन्कर्मणि यास्तु स्युरुक्ताः प्रत्यङ्गदक्षिणाः।
स एव ता आददीत भजेरन्सर्व एव वा॥ २०८॥

जुन कर्ममा जुन अङ्गलाई जुन दक्षिणा भनिएको छ, त्यो ऋत्विज आफैले लिउन् वा सबै मिलेर आपसमा बाँड्नु।

रथं हरेत चाध्वर्युर्ब्रह्माधाने च वाजिनम्।
होता वाऽपि हरेदश्वमुद्गाता चाप्य नः क्रये॥ २०९॥

कुनै पनि वैदिक यज्ञमा अध्वर्युले रथ, ब्रह्मा र होताले घोडा तथा उद्गाताले गाडी र सोमक्रय गर्नेले वग्गी वा गाडी लिनुपर्छ।

सर्वेषामर्धिनो मुख्यास्तदर्धेनार्धिनोऽपरे।
तृतीयिनस्तृतीयांशाश्चतुर्थांशाश्च पादिनः॥ २१०॥

यज्ञका सोह्र ऋत्विजहरूमा जुन चार ऋत्विज मुख्य हुन्छन् उनलाई आधी दक्षिणा, द्वितीय श्रेणीका चार ऋत्विजलाई त्यसको आधी, तृतीय श्रेणीका चार ऋत्विजलाई त्यसको तिहाइ र चतुर्थ श्रेणीका चार ऋत्विजलाई त्यसको चौथाइ दक्षिणा पाउने अधिकार हुन्छ।

सम्भूय स्वानि कर्माणि कुर्वद्भिरिह मानवैः।
अनेक विधियोगेन कर्तव्यांशप्रकल्पना॥ २११॥

साथै मिलेर काम गर्ने मनुष्यहरूले पनि आपसमा यसै उपर्युक्त नियमअनुसार अंशको निर्णय गर्नुपर्छ।

धर्मार्थं येन दत्तं स्यात्कस्मैचिद्याचते धनम्।
पश्चाच्च न तथा तत्स्यान्न देयं तस्य तद्भवेत्॥ २१२॥

यदि कसैले माग्दा धर्मकार्यका निम्ति धन दिन्छ, पछि त्यो धनलाई उक्त धर्म-कार्यमा उसले लगाएन भने त्यो मागेर लैजानेलाई दिइएको हुँदैन, जुन दाताले दिएको हो उसैको हुन्छ।

यदि संसाधयेत्तत्तु दर्पाल्लोभेन वा पुनः।
राज्ञा दाप्यः सुवर्णं स्यात्तस्य स्तेयस्य निष्कृतिः॥ २१३॥

यदि उसले अभिमान वा लोभले त्यो धन फिर्ता गरेन भने राजाले उसलाई चोरीको पापको निवृत्ति हटाउनका निम्ति एक सुवर्ण दण्ड गरून् र लगेको धन पनि फिर्ता गराउन्।

दत्तस्यैषोदिता धर्म्या यथावदनुपक्रिया।
अत ऊर्ध्वं प्रवक्ष्यामि वेतनस्यानपक्रियाम्॥ २१४॥

यहाँ आफूले दिएको पदार्थहरूलाई धर्मपूर्वक फिर्ता नगर्ने विषयमा भनियो। यसपछि वेतन नदिनेका विषयमा भन्दछु।

भृतो नार्तो न कुर्याद्यो दर्पात्कर्म यथोदितम्।
स दण्ड्यः कृष्णलान्यष्टौ न देयं चास्य वेतनम्॥ २१५॥

जुन नोकर स्वस्थ रहँदा पनि अहंकारले भनेको काम गर्दैन भने राजाले उसलाई आठ कृष्णल[५] दण्ड गरून् र वेतन नदिउन्।

आर्तस्तु कुर्यात्स्वस्थः सन् यथाभाषितमादितः।
स दीर्घस्यापि कालस्य तल्लभेतैव वेतनम्॥ २१६॥

पीडित व्यक्ति स्वस्थ भएपछि अघि भनेअनुसार काम गरे भने उसले धेरै दिनको बाँकी रहेको वेतन पनि पाउँछ।

यथोक्तमार्तः सुस्थो वा यस्तत्कर्म न कारयेत्।
न तस्य वेतनं देयमल्पोनस्यापि कर्मणः॥ २१७॥

रोगी भएमा आफूलाई अह्राएको काम अर्कासित नगराउन्, तर स्वस्थ भएर त्यो काम पूरा गरेर काम बाँकी रहे भने त्यसको वेतन उसलाई दिनु हुँदैन।

---

[५] कृष्णल (रातो गेडी) सून तौलिंदा प्रयोगमा आउँछ। एक तोला सून बराबर छयानब्बे वटा रातो गेडी हुन्छ।

एष धर्मोऽखिलेनोक्तो वेतनादानकर्मणः।
अत ऊर्ध्वं प्रवक्ष्यामि धर्मं समयभेदिनाम्॥ २१८॥

यो वेतन लिने र दिने सबै व्यवस्था भनियो। अब प्रतिज्ञा भङ्ग गर्नेको व्यवस्था बताउँछु।

यो ग्रामदेशसङ्घानां कृत्वा सत्येन संविदम्।
विसंवदेन्नरो लोभात्तं राष्ट्राद्विप्रवासयेत्॥ २१९॥

जो मनुष्य गाउँ, देश–समूहको सत्यताले काम गर्ने प्रतिज्ञा गरेर पछि लोभले पर सर्छ भने राजाले उसलाई आफ्नो राज्यबाट निकालिदिउन्।

निगृह्य दापयेच्चैनं समयव्यभिचारिणम्।
चतुःसुवर्णान्षण्णिष्कांश्छतमानं च राजतम्॥ २२०॥

यस्ता समयअनुसार काम नगर्नेलाई कारागारमा हुलेर उसित चार सुवर्ण, छः निष्क र तीनसय रत्ती चाँदी असूल गरून्।

एतद्दण्डविधिं कुर्याद्धार्मिकः पृथिवीपतिः।
ग्रामजातिसमूहेषु समयव्यभिचारिणाम्॥ २२१॥

गाउँ–जाति समूहमा प्रतिज्ञा भङ्ग गर्नेलाई धार्मिक राजाले यो पूर्वोक्त दण्डको व्यवस्था गरून्।

क्रीत्वा विक्रीय वा किञ्चिद्यस्येहानुशयो भवेत्।
सोऽन्तर्दशाहात्तद् द्रव्यं दद्याच्चैवाददीत वा॥ २२२॥

यदि कसैलाई कुनै वस्तु किनेर वा बेचेर पश्चात्ताप हुन्छ भने उसले त्यो वस्तु दस दिनभित्र व्यापारीलाई फिर्ता गरून् वा क्रेतासित फिर्ता लिउन्।

परेण तु दशाहस्य न दद्यान्नापि दापयेत्।
आददानो ददच्चैव राज्ञा दण्ड्यः शतानि षट्॥ २२३॥

यदि दस दिनभित्र किन्नेले किनेको वस्तु फर्काएन र व्यापारीले बेचेको वस्तु फिर्ता नलिए राजाले तिनीहरूमाथि छःसय पणको दण्ड गरून्।

यस्तु दोषवतीं कन्यामनाख्याय प्रयच्छति।
तस्य कुर्यान्नृपो दण्डं स्वयं षण्णवतिं पणान्॥ २२४॥

जसले दोषवती कन्याको दोष वरलाई नबताइ उसलाई दान गर्छ भने राजाले उसलाई छयानब्बे पण जरिमाना गरून्।

अकन्येति तु यः कन्यां ब्रूयाद् द्वेषेण मानवः ।

स शतं प्राप्नुयाद्दण्डं तस्या दोषमदर्शयन् ॥ २२५ ॥

जसले द्वेष राखेर कन्यालाई अकन्या (अर्थात् क्षतयोनि) भनेर मिथ्या दोष लगाउँछ भने राजाले कन्याको दोषमाथि केही विचार नगरी दोष लगाउने माथि एक सय पण जरिवाना गरून् ।

पाणिग्रहणिका मन्त्राः कन्यास्वेव प्रतिष्ठिताः ।

नाकन्यासु क्वचिन्नृणां लुप्तधर्मक्रिया हि ताः ॥ २२६ ॥

विवाहका जति मन्त्र छन् ती कन्याहरूका लागि नै भनिएका हुन्, अकन्याका लागि होइन, किनकि उनको धर्म पहिला नै लुप्त भइसकेको हुन्छ।

पाणिग्रहणिका मन्त्रा नियतं दारलक्षणम् ।

तेषां निष्ठा तु विज्ञेया विद्वद्भिः सप्तमे पदे ॥ २२७ ॥

पाणिग्रहण (विवाह) का मन्त्र निश्चित रूपले पत्नीत्वका कारण हुन् । ती मन्त्रहरूको निष्ठा कन्याको सप्तपदी पूजामा (सातौं पदमा) विद्वान्हरूले बुझ्नुपर्छ।

यस्मिन्यस्मिन्कृते कार्ये यस्येहानुशयो भवेत् ।

तमनेन विधानेन धर्मे पथि निवेशयेत् ॥ २२८ ॥

क्रय-विक्रयका अतिरिक्त अरू व्यवहारमा पनि जसले आफ्नो भूलमाथि पश्चात्ताप गर्छ, राजाले उसलाई यही पूर्वोक्त नियमअनुसार धर्ममार्गमा स्थापित गरून् ।

पशुषु स्वामिनां चैव पालानां च व्यतिक्रमे ।

विवादं संप्रवक्ष्यामि यथावद्धर्मतत्त्वतः ॥ २२९ ॥

गाई आदि पशुहरू पालन गर्ने र उनका स्वामीहरूबीच कुनै किसिमको व्यतिक्रम भएमा जुन विवाद उपस्थित हुन्छ, त्यस विषयमा अब धर्मका रीतिले व्यवस्था भनिन्छ।

दिवा वक्तव्यता पाले रात्रौ स्वामिनि तद्गृहे ।

योगक्षेमेऽन्यथा चेत्तु पालो वक्तव्यतामियात् ॥ २३० ॥

दिनमा (दिउँसो) पशु चराउँदा बेला यदि पशुहरूमाथि कुनै विपद आइलागे त्यसको जिम्मेवारी गोठालामाथि हुन्छ, र बेलुकी मालिकले बाँधिसकेपछि यदि पशुलाई केही भएमा त्यसको जिम्मेवारी मालिकको हुन्छ । यदि दिन-रात गोठालाकैमा रहे त्यसको उत्तरदायी गोठालो नै हुन्छ।

गोपः क्षीरभृतौ यस्तु स दुह्याद्दशतो वराम्।
गोस्वाम्यनुमते भृत्यः सा स्यात्पालेऽभृते भृतिः ॥ २३१ ॥

जुन गोठाला दूधमा नै नोकरी गर्न चाहन्छ उसले प्रत्येक दस गाईहरूमा जुन असल गाई हुन्छ त्यसको दूध गाईको धनीको आज्ञाले लेओस्, त्यही उसको वेतन हुनेछ।

नष्टं विनष्टं कृमिभिः स्वहतं विषमे मृतम्।
हीनं पुरुषकारेण प्रदद्यात्पाल एव तु ॥ २३२ ॥

यदि गोठालासित कुनै पशु हरायो वा कीराले वा कुकुरले टोक्नाले नाश भयो वा अग्लो-होचो ठाउँमा लडेर मऱ्यो वा पालकको लापरवाहीले बिछुडियो वा कतै गयो भने त्यो पशुको मूल्य गोठालोले पशुको मालिकलाई दिनुपर्छ।

विघुष्य तु हृतं चौरैर्न पालो दातुमर्हति।
यदि देशे च काले च स्वामिनः स्वस्य शंसति ॥ २३३ ॥

यदि चोरले पशु चोरेको बेला गोठालोले हल्लखल्ल गरेर मालिकलाई खबर दियो भने उसले त्यो पशुको मूल्य दिनुपर्दैन।

कर्णौ चर्म च बालांश्च बस्तिं स्नायुं च रोचनाम्।
पशुषु स्वामिनां दद्यान्मृतेष्वङ्गानि दर्शयेत ॥ २३४ ॥

पशुहरू आफ्नै कालगतिले मरेमा उनका कान, छाला, ऊन, वस्ति, स्नायु र रोचन स्वामीलाई दिउन् र त्यो पशुको सींग, खुर आदि पनि देखाउन्।

अजाविके तु संरुद्धे वृकैः पाले त्वनायति।
यां प्रसह्य वृको हन्यात्पाले तत्किल्विषं भवेत् ॥ २३५ ॥

यदि स्यालले भेडा-बाखा आदि पालित पशुहरूलाई घेरा हाल्यो र पालक तिनलाई जोगाउन आएन भने स्यालले जुन भेडा-बाखोलाई मार्छ, त्यसको दोष पशुपालक (गोठाला) को हुनेछ।

तासां चेदवरुद्धानां चरन्तीनां मिथा वने।
यामुत्प्लुत्य वृको हन्यान्न पालस्तत्र किल्विषी ॥ २३६ ॥

जुन भेडा-बाखालाई जंगलमा छेकेर चरुवा (गोठालो) ले चराउँदै हुन्छ, त्यही बेला यदि स्याल उफ्रेर आई कुनै भेडो वा बाखालाई माऱ्यो भने चरुवाको यसमा कुनै दोष हुँदैन।

धनुःशतं परीहारो ग्रामस्य स्यात्समन्ततः।
शम्यापातास्त्रयो वाऽपि त्रिगुणो नगरस्य तु ॥ २३७ ॥

गाउँको चारैतिर एकसय धनुष[६] अथवा तीनपल्ट लट्ठी फ्याक्दा जति टाढासम्म लट्ठी जान सक्छ त्यति नै ठाउँ गोचरका लागि छोडिदिनुपर्छ। नगर छेउमा यसको तीन गुणा बढी भूमि गोचरका लागि राखुन्।

तत्रापरिवृतं धान्यं विहिंस्युः पशवो यदि ।
न तत्र प्रणयेद्दण्डं नृपतिः पशुरक्षिणाम्॥ २३८॥

त्यहाँ (गोचरको छेउछाउ) बारबिना लगाइएको धान खेती आदि यदि पशुले नष्ट गरेमा यसका लागि राजाले पशुपालकलाई दण्ड नदिउन्।

वृतिं तत्र प्रकुर्वीत यामुष्ट्रो न विलोकयेत्।
छिद्रं च वारयेत्सर्वं श्वसूकरमुखानुगम्॥ २३९॥

त्यहाँ अर्थात् गोचर भूमिमा खेतको बार यति अग्लो बनाउन् कि जस भित्रको धान-बाली ऊँटले देख्न नसकोस् र त्यसमा यस्ता छिद्र (प्वाल) रहन नदिउन् जसमा कुकुर र सुँगुरको मुख पस्न सकोस्।

पथि क्षेत्रे परिवृते ग्रामान्तीयेऽथवा पुनः।
स पालः शतदण्डार्हो विपालान्वारयेत्पशून्॥ २४०॥

बाटोमा वा गाउँको छेउमा, रूखले घेरिएको खेतमा गोठालोसँगै भएर पनि धानलाई नष्ट गऱ्यो भने राजाले त्यो पशुपालक (गोठाला) माथि एकसय पण दण्ड गरून्। यदि गोठालो पशुहरूका साथ छैन भने खेतका रक्षकले पशुहरूलाई खेतमा आउनबाट रोकुन्।

क्षेत्रेष्वन्येषु तु पशुः सपादं पणमर्हति।
सर्वत्र तु सदो देयः क्षेत्रिकस्येति धारणा॥ २४१॥

यसबाहेक अरू खेतलाई पशुले नष्ट गरेमा पशुको स्वामीले सवा पण दण्ड दिनुपर्छ। यदि पशुले सबै खेत नष्ट गरेमा नोक्सानको पूरै क्षतिपूर्ति पशुको स्वामीले दिनुपर्छ, यो नै न्याय हो।

अनिर्दशाहां गां सूतां वृषान्देवपशूँस्तथा।
सपालान्वा विपालान्वा न दण्ड्यान्मनुरब्रवीत्॥ २४२॥

दस दिनभित्र ब्याएको गाई, वृषभ (साँढे र देवताहरूका निम्ति राखिएको पशु) यी पशुपालकसहित हुन् वा पशुपालकरहित यिनले खेत चरेमा दण्डका योग्य हुँदैनन्, यस्तो मनुजीले भन्नुभएको छ।

---

६ चार हालको धनुष हुन्छ।

क्षेत्रियस्यात्यये दण्डो भागाद्दशगुणो भवेत्।
ततोऽर्धदण्डो भृत्यानामज्ञानात्क्षेत्रिकस्य तु॥ २४३॥

कृषकको लापरवाहीले उब्जनी नष्ट भएमा राजाले जति भाग पाउनुपर्ने हो त्यसको दस गुणा कृषकबाट असूल गरून्। कृषकले थाहा नपाई खेतालाहरूको उपेक्षाबाट उब्जनी भएन भने कृषकबाट पाँच गुणा दण्ड लिउन्।

एतद्विधानमातिष्ठेद्धार्मिकः पृथिवीपतिः।
स्वामिनां च पशूनां च पालानां च व्यतिक्रमे॥ २४४॥

स्वामी, पशु र पालकहरूका दोषमा धार्मिक राजाले माथि बताइएका नियमहरूको पालन गर्नुपर्छ।

सीमां प्रति समुत्पन्ने विवादे ग्रामयोर्द्वयोः।
ज्येष्ठे मासि नयेत्सीमां सुप्रकाशेषु सेतुषु॥ २४५॥

दुई गाउँको बीचमा सीमा विवाद उठेमा जेठ महिनामा जब सीमाको चिह्न स्पष्ट देखिन्छ, त्यो समय यसको निर्णय गरून्।

सीमावृक्षांश्च कुर्वीत न्यग्रोधाश्वत्थकिंशुकान्।
शाल्मलीन्सालतालांश्च क्षीरिणश्चैव पादपान्॥ २४६॥

वर, पिपल, पलाश, सिमल, साल, ताड र दूध निस्किने रूख, सीमा चिह्नलाई स्थिर बनाइराख्न सीमामा लगाउनुपर्छ।

गुल्मान्वेणूँश्च विविधाञ्छमीवल्लीस्थलानि च।
शरान्कुब्जकगुल्मांश्च तथा सीमा न नश्यति॥ २४७॥

सीमामा गुलरको रूख, बाँस, विविध किसिमका शमी वृक्षका लताहरू, अग्ला माटोको ढिस्को र बाङ्गा-टिङ्गा रूख रहेमा सीमा नष्ट हुँदैन।

तडागान्युदपानानि वाप्यः प्रस्रवणानि च।
सीमासन्धिषु कार्याणि देवतायतनानि च॥ २४८॥

सीमा जोडिएको ठाउँ (सन्धि स्थान) मा पोखरी, कुवा, इनार, नहर र देवताहरूको मन्दिर बनाउनुपर्छ।

उपच्छन्नानि चान्यानि सीमालिङ्गानि कारयेत्।
सीमाज्ञाने नृणां वीक्ष्य नित्यं लोके विपर्ययम्॥ २४९॥

संसारमा सीमाको विषयमा मानिसको मतभेद सर्वदा देखेर राजाले अरू पनि अनेक किसिमका गुप्त चिह्न बनाउन लगाउन्।

अश्ममनोऽस्थीनि गोवालाँस्तुषान्भस्मकपालिकाः।
करीषमिष्टकाङ्गारांश्छर्करा बालुकास्तथा ॥ २५० ॥
यानि चैवं प्रकाराणि कालाद्भूमिर्न भक्षयेत्।
तानि सन्धिषु सीमायामप्रकाशानि कारयेत् ॥ २५१ ॥

ढुंगा, हड्डी, चमर (गाईको केश र अरू रौं), भूस, खरानी, खप्पर, सुकेका गुइँठा, ईंटा, रोडा र बालुवा र यस्तै अरू पदार्थ जो माटामा मिसिन सक्दैनन् त्यसलाई सीमामा जोर्नी स्थानमा गुप्त प्रकारले गाड्न लगाउन्।

एतैर्लिङ्गैर्नयेत्सीमां राजा विवदमानयोः।
पूर्वभुक्त्या च सततमुदकस्यागमेन च ॥ २५२ ॥

गाउँका सीमाका विषयमा परस्पर झगडा गर्दै गरेकाको राजाले यी उपर्युक्त चिह्नहरूले र अघिदेखिको दखल, कब्जा र जलको प्रवाहलाई हेरेर सीमाको निश्चय गरून्।

यदि संशय एव स्याल्लिङ्गानामपि दर्शने।
साक्षीप्रत्यय एवं स्यात्सीमावादविनिर्णयः ॥ २५३ ॥

यदि सीमानाका चिह्नहरू देखेर पनि शंका रहेमा साक्षीहरूका प्रमाण लिएर सीमाको विवाद समाधान गरून्।

ग्रामीयककुलानां च समक्षं सीम्नि साक्षिणः।
प्रष्टव्या सीमलिङ्गानि तयोश्चैव विवादिनोः ॥ २५४ ॥

गाउँका बासिन्दाहरू सामु राजाले साक्षीहरूसित ती दुई झगडियाका गाउँमा गाउँको सीमाको चिह्न सोधुन्।

ते पृष्ठास्तु यथा ब्रूयुः समस्ताः सीम्नि निश्चयम्।
निबध्नीयात्तथा सीमां सर्वास्तांश्चैव नामतः ॥ २५५ ॥

यसरी सोध्दा साक्षीहरूले जुन प्रकारले सीमानाको निश्चय बताउँछन्, राजाले त्यसै प्रकारले सीमाको नक्सा ती साक्षीहरूका नाम स्मरणार्थ एक पत्रमा लेखुन्।

शिरोभिस्ते गृहीत्वोर्वीं स्रग्विणो रक्तवाससः।
सुकृतैः शापिताः स्वैः स्वैर्नयेयुस्ते समञ्जसम् ॥ २५६ ॥

तब ती साक्षीहरूले रातो लुगा लगाई गलामा रातो माला धारण गरी, शिरमाथि माटो राखेर आफ्ना-आफ्ना पुण्यको शपथ खाएर बयान दिउन् र राजाले त्यसैअनुसार सीमाको निर्णय गरून्।

यथोक्तेन नयन्तस्ते पूयन्ते सत्यसाक्षिणः।

विपरीतं नयन्तस्तु दाप्याः स्युदर्द्विशतं दमम् ॥ २५७ ॥

ती साक्षीहरूले सत्य-सत्य सीमा बताएमा निर्दोष हुन्छन्, तर सीमाको विषयमा झुटो बयान कसैले दिएमा राजाले उसलाई दुईसय पण दण्ड गरून्।

साक्ष्यभावे तु चत्वारो ग्रामाः सामन्तवासिनः।

सीमाविनिर्णयं कुर्युः प्रयता राजसन्निधौ ॥ २५८ ॥

साक्षीहरूको अभावमा छेउछाउका चार गाउँका प्रधान (मुख्य व्यक्ति) हरू राजाका सामु उपस्थित भएर सीमाको निर्णय गरून्।

सामन्तानामभावे तु मौलानां सीम्नि साक्षिणाम्।

इमानप्यनुयुञ्जीत पुरुषान्वनगोचरान् ॥ २५९ ॥

सामन्त (प्रधान) हरूको अभाव भएमा राजाले अगाडि बताइने वनमा घुम्ने पुरुषहरू जसले सीमानाको केही ज्ञान राखेका हुन्छन् तिनीहरूसित सोधुन्।

व्याधाञ्छाकुनिकान्गोपान्कैवर्तान्मूलखानकान्।

व्यालग्राहानुञ्छवृत्तीनन्यांश्च वनचारिणः ॥ २६० ॥

व्याधा (मृग आदि मार्ने), चराचुरुङ्गी मार्ने शिकारी, गोठाला, जडीबूटी खोज्ने, सर्प समात्ने, झरेका अन्नका दाना खोजेर गुजारा गर्ने र जंगलमा बस्ने- यिनीहरूसित सीमानाको विषयमा राजाले सोधुन्।

ते पृष्टास्तु यथा ब्रूयुः सीमासन्धिषु लक्षणम्।

तत्तथा स्थापयेद्राजा धर्मेण ग्रामयोर्द्वयोः ॥ २६१ ॥

यिनीहरूसित सोध्दा सीमाको विषयमा यिनीहरूले जुन चिह्न बताउँछन् उसैका अनुसार राजाले धर्मपूर्वक दुवै गाउँका सीमा निर्दिष्ट गरून्।

क्षेत्रकूपतडागानामारामस्य गृहस्य च।

सामान्तप्रत्ययो ज्ञेयः सीमासेतुर्विनिर्णयः ॥ २६२ ॥

खेत, कुवा, तलाउ, घर- यी सबैको सीमाको विवाद भए राजाले त्यो गाउँमा बस्ने साक्षीहरूसित सोधेर सीमा निश्चय गरून्।

सामन्ताश्चेन्मृषा ब्रूयुः सेतौ विवदतां नृणाम्।

सर्वे पृथक्पृथग्दण्ड्या राज्ञा मध्यमसाहसम् ॥ २६३ ॥

सीमाका लागि झगडा गरिरहेका पुरुषहरूका मुखिया साक्षीले झुटो बोलेमा राजाले प्रत्येकलाई छुट्टा-छुट्टै मध्यम साहस दण्ड गरून्।

गृहं तडागमारामं क्षेत्रं वा भीषया हरन्।
शतानि पञ्च दण्ड्यः स्यादज्ञानाद् द्विशतो दमः ॥ २६४ ॥

जसले भय देखाएर अरूको घर, पोखरी, बगैचा र खेत जफत गर्छ भने राजाले उसित पाँच सय पण दण्ड असूल गरून् अनि जसले नजानेर लिन्छ उसलाई दुईसय पण दण्ड गरून्।

सीमायामविषह्यायां स्वयं राजैव धर्मवित्।
प्रदिशेद् भूमिमेतेषामुपकारादिति स्थितिः ॥ २६५ ॥

साक्षी र चिह्नको अभावमा दुई गाउँ माझको त्यो झगडिया भूमि धर्मज्ञ राजाले उनीहरूलाई दिलाउन्। जसलाई दिनाले उपकार हुन्छ, यो नै शास्त्रको स्थिति हो।

एषोऽखिलेनाभिहितो धर्मः सीमाविनिर्णये।
अत ऊर्ध्वं प्रवक्ष्यामि वाक्पारुष्यविनिर्णयम् ॥ २६६ ॥

सीमाको निर्णयमा यो सम्पूर्ण धर्म तपाईंहरूसित भनें, यसपछि अब कठोर भाषणको दण्डको विधान भन्दछु।

शतं ब्राह्मणमाक्रुश्य क्षत्रियो दण्डमर्हति।
वैश्योऽप्यर्धशतं द्वे वा शूद्रस्तु वधमर्हति ॥ २६७ ॥

ब्राह्मणसँग (तिमी चोर हौ जस्ता), कटुवचन भन्ने क्षत्रियलाई एकसय पण, वैश्यलाई एकसय पचासदेखि दुईसय पण र शूद्रलाई प्राण-दण्ड दिनुपर्छ।

पञ्चाशद् ब्राह्मणो दण्ड्यः क्षत्रियस्याभिशंसने।
वैश्ये स्यादर्धपञ्चाशच्छूद्रे द्वादशको दमः ॥ २६८ ॥

ब्राह्मणले क्षत्रियलाई कठोर वचन बोलेमा पचास पण, वैश्यलाई कठोर वचन बोलेमा पचीस पण र शूद्रलाई कठोर वचन बोलेमा बाह्र पण दण्ड दिनुपर्छ।

समवर्णे द्विजातीनां द्वादशैव व्यतिक्रमे।
वादेष्ववचनीयेषु तदेव द्विगुणं भवेत् ॥ २६९ ॥

(ब्राह्मण, क्षत्रिय र वैश्य) यी तीन वर्णका सजातीयहरूमा यदि परस्पर एक-अर्कालाई कटु शब्द बोलेमा बाह्र पण र अवाच्य वचन बोलेमा पूर्वोक्त दण्डको दोब्बर दण्ड दिनुपर्छ।

एकजातिर्द्विजातींस्तु वाचा दारुणया क्षिपन्।
जिह्वायाः प्राप्नुयाच्छेदं जघन्यप्रभवो हि सः ॥ २७० ॥

शूद्रले ब्राह्मण, क्षत्रिय र वैश्यलाई पापी आदि क्रूर वचन भनेमा उसको जिब्रो काटेर दण्डित गर्नुपर्छ, किनकि उसको उत्पत्ति जघन्य स्थानबाट भएको हुन्छ।

नामजातिग्रहं त्वेषामभिद्रोहेण कुर्वतः।
निक्षेप्योऽयोमयः शङ्कुर्ज्वलन्नास्ये दशाङ्गुलः॥ २७१॥

यदि शूद्रले द्रोहवश ब्राह्मण आदि द्विजातिहरूको नाम र जातिको उच्चारण गरेर नराम्रो कुरा भन्यो भने उसका मुखमा दस औंला लामो फलामको किला हालिदिनुपर्छ।

धर्मोपदेशं दर्पेण विप्राणामस्य कुर्वतः।
तप्तमासेचयेत्तैलं वक्त्रे श्रोत्रे च पार्थिवः॥ २७२॥

यदि शूद्रले अहंकारवश कुनै ब्राह्मणलाई धर्मको उपदेश गऱ्यो भने राजाले उसका मुख तथाा कानमा उम्लिरहेको तेल हाल्न लगाउन्।

श्रुतं देशं च जातिं च कर्म शारीरमेव च।
वितथेन ब्रुवन्दर्पाद्दाप्यः स्याद् द्विशतं दमम्॥ २७३॥

यदि कसैले कसैलाई अहंकार गरेर यो दोष लगाओस् कि 'तिमी यस देशमा उत्पन्न भएका होइनौ, तिम्रो यज्ञोपवीत संस्कार भएको छैन।' यस्तो भन्नेलाई दुईसय पणको दण्ड दिनुपर्छ।

काणं वाप्यथवा खञ्जमन्यं वाऽपि तथाविधम्।
तथ्येनापि ब्रुवन्दाप्यो दण्डं कार्षापणावरम्॥ २७४॥

जो वास्तवमा कानो, लँगडो वा लूलो हुन्छ, उसलाई साँच्चै नै कसैले यस्तो खिसी गरेर भन्छ भने उसलाई थोरैमा पनि एक कार्षापण दण्ड गर्नुपर्छ।

मातरं पितरं जायां भ्रातरं तनयं गुरुम्।
आक्षारयञ्छतं दाप्यः पन्थानं चाददद्गुरोः॥ २७५॥

जसले माता, पिता, पत्नी, भाइ, छोरा र गुरुलाई पातकादिको दोष लगाएर निन्दा गर्छ वा गुरुलाई आउँदै गरेको देखेर बाटो छोड्दैन भने उसलाई एकसय पण दण्ड गर्नुपर्छ।

ब्राह्मणक्षत्रियाभ्यां तु दण्डः कार्यो विजानता।
ब्राह्मणे साहसः पूर्वः क्षत्रिये त्वेव मध्यमः॥ २७६॥

यदि ब्राह्मण र क्षत्रिय एक–आपसमा पापी आदि भनेर गाली गर्छन् भने नीतिज्ञ राजाले ब्राह्मणलाई प्रथम साहस र क्षत्रियलाई मध्यम साहस दण्ड गरून्।

विट्शूद्रयोरेवमेव स्वजातिं प्रति तत्त्वतः ।
छेदवर्जं प्रणयनं दण्डस्येति विनिश्चयः ॥ २७७ ॥

वैश्य र शूद्रले पनि यसैगरी आपसमा गाली गरे भने राजाले पूर्वोक्त दण्डकै व्यवस्था गरून् (अर्थात् वैश्यले शूद्रलाई गाली गरेमा उसलाई प्रथम साहस र शूद्रले वैश्यलाई गाली गरेमा उसलाई मध्यम साहस दण्ड गरून्। यस्तो अवसरमा शूद्रको जिभ्रो नकाट्नु। यही दण्डको निश्चय हो।

एष दण्डविधिः प्रोक्तो वाक्पारुष्यस्य तत्त्वतः ।
अत ऊर्ध्वं प्रवक्ष्यामि दण्डपारुष्य निर्णयम् ॥ २७८ ॥

यो वाक्यारुष्य (कठोर वचन बोल्ने) यथार्थ दण्डविधि भनें। अब यसपछि दण्डपारुष्य (मार्ने पिट्ने आदि) को निर्णय भन्नेछु।

येन केनचिदङ्गेन हिंस्याच्चेच्छ्रेष्ठमन्त्यजः ।
छेत्तव्यं तत्तदेवास्य तन्मनोरनुशासनम् ॥ २७९ ॥

अन्त्यज (गुण, कर्म र आचार नभएको व्यक्ति) ले आफ्ना जुन अङ्गले द्विज वा ज्ञानीलाई कुट्छन्, उसका त्यही अङ्गलाई काट्नुपर्छ, यस्तो मनुजीको आज्ञा हो।

पाणिमुद्यम्य दण्डं वा पाणिच्छेदनमर्हति ।
पादेन प्रहरन्कोपात्पादच्छेदनमर्हति ॥ २८० ॥

यदि द्विजलाई कुट्नका निम्ति हात उठायो वा लट्ठी उठायो भने उसको हातलाई काट्नुपर्छ र क्रोध गरेर लात्तीले हिर्कायो भने उसको खुट्टा काट्नुपर्छ।

सहासनमभिप्रेप्सुरुत्कृष्टस्यापकृष्टजः ।
कट्यां कृताङ्को निर्वास्यः स्फिचं वास्यावकर्तयेत् ॥ २८१ ॥

यस्ता व्यक्तिले गुण, कर्म र आचार भएका व्यक्तिका आसनमा बस्न खोज्यो भने राजाले उसका कमरमा चिह्न लगाएर देशबाट निकालिदिउन् वा उसका चाकका मासु काट्न लगाउन्।

अवनिष्ठीवतो दर्पाद् द्वावोष्ठौ छेदयेन्नृपः ।
अवमूत्रयतो मेढ्रमेवशर्धयतो गुदम् ॥ २८२ ॥

ब्रह्मज्ञान पाएका यस्ता व्यक्तिमाथि अहङ्कार गरेर थुक्ने शूद्रको दुवै ओठ, पिसाब फेर्नेलाई लिङ्ग र अधोवायु गर्नेलाई उसको मलद्वार काट्न लगाउन्।

केशेषु गृह्णतो हस्तौ छेदयेदविचारयन्।
पादयोर्दाढिकायां च ग्रीवायां वृषणेषु च ॥ २८३ ॥

जुन शूद्रले अविचारपूर्वक ब्रह्मज्ञानीको केश, खुट्टा, दाह्री, घाँटी वा अण्डकोश समाउँछ भने राजाले केही विचार नगरी उसका दुवै हात काट्न लगाउन्।

त्वग्भेदकः शतं दण्ड्यो लोहितस्य च दर्शकः।
मांसभेत्ता तु षण्णिष्कान्प्रवास्यस्त्वस्थिभेदकः॥ २८४॥

जसले आफ्नै स्वजातिको छाला काढेर घाउ बनाउँछ वा रगत निकाल्छ भने उसलाई एकसय पण दण्ड दिनुपर्छ। मासु काट्नेलाई छः निष्क दण्ड दिउन् र हड्डी भाँच्नेलाई देशबाटै निकालिदिउन्।

वनस्पतीनां सर्वेषामुपभोगं यथा यथा।
तथा तथा दमः कार्यो हिंसायामिति धारणा॥ २८५॥

वृक्षका फलफूल र पातहरूको जस्तो उपभोग हुन्छ, त्यो नष्ट गर्नेलाई त्यसको मूल्यअनुसार दण्ड दिनुपर्छ।

मनुष्याणां पशूनां च दुःखाय प्रहृते सति।
यथा यथा महद् दुखं दण्डं कुर्यात्तथा तथा॥ २८६॥

मनुष्य र पशुहरूलाई दुःख दिनाका लागि प्रहार गरेमा, जसमाथि प्रहार हुन्छ तिनलाई जति कष्ट हुन्छ, प्रहार गर्नेलाई त्यति नै धेरै दण्ड दिनुपर्छ।

अङ्गावपीडनायां च व्रणशोणितयोस्तथा।
समुत्थानव्ययं दाप्यः सर्वदण्डमथापि वा॥ २८७॥

अङ्गहरूमा धेरै चोट लाग्नाले वा रगत बग्नुका कारण धेरै पीडा भएमा राजाले उसलाई आवश्यक पर्ने औषधि र पथ्य-पोत्तीको सबै खर्च कुट्ने व्यक्तिसित दिलाउन्, नदिएमा उसलाई पूरै दण्ड दिउन्।

द्रव्याणि हिंस्याद्यो यस्य ज्ञानतोऽज्ञानतोऽपि वा।
स तस्योत्पादयेत्तुष्टिं राज्ञे दद्याच्च तत्समम्॥ २८८॥

जो कसैले कसैको द्रव्य आदिलाई जानेर वा नजानेर नष्ट गर्छ भने त्यो उसको (धन नष्ट हुनेको) धनको सट्टामा अर्को वस्तु दिएर सन्तुष्ट गरून् र वस्तुको मूल्य बराबर राजालाई दण्ड दिउन्।

चर्मचार्मिकभाण्डेषु काष्ठलोष्ठमयेषु च।
मूल्यात्पञ्चगुणो दण्डः पुष्पमूलफलेषु च॥ २८९॥

छाला, छालाको पात्र, काठ र माटाका भाँडाकुँडा नष्ट गरेमा त्यसको मूल्यको पाँचगुणा राजालाई दण्ड दिउन्।

यानस्य चैव यातुश्च यानस्वामिन एव च।
दशातिवर्तनान्याहुः शेषे दण्डो विधीयते॥ २९०॥

रथ, सारथी र रथको स्वामीका उपर्युक्त दस अपराधहरू छोडेर अरू अपराधहरूमा दण्डको विधान गरिएको छ।

छिन्ननास्ये भग्नयुगे तिर्यक्प्रतिमुखागते।
अक्षभङ्गे च यानस्य चक्रभङ्गे तथैव च॥ २९१॥
छेदने चैव यन्त्राणां योक्त्ररश्म्योस्तथैव च।
आक्रन्दे चाप्यपैहीति न दण्डं मनुरब्रवीत्॥ २९२॥

साँढेको नाथ्री चुँडिएमा, जूवा भाँचिएमा, गाडी आफ्नो बाटोबाट बाहिर गएमा, धुरा टुटेमा वा पांग्रा भाँचिएमा, छाला वा डोरी आदि टुटेमा, जोतिएका साँढे आदि रथवाहक पशुको घाँटीमा लागेको डोरी चुँडिएमा, रास (सारथीले समाउने डोरी) चुँडिएमा, हट हट यसरी यदि सारथीले कराएर मानिसहरूलाई हट्नको लागि सावधान गर्दा पनि दुर्घटना भएमा कोही पनि दण्डको भागी हुन सक्दैन, यस्तो मनुजीले भनेका छन्।

यत्रापवर्तते युग्यं वैगुण्यात्प्राजकस्य तु।
तत्र स्वामीभवेद्दण्ड्यो हिंसायां द्विशतं दमम्॥ २९३॥

जहाँ गाडा हाक्नेको दोषले गाडा बाटो छोडेर यताउति हुन्छ र कुनै दुर्घटना हुन गयो भने त्यस अवस्थामा गाडाको मालिकले दुईसय पण दण्ड तिर्नुपर्छ।

प्राजकश्चेद्भवेदाप्तः प्राजको दण्डमर्हति।
युग्यस्थाः प्राजकेऽनाप्ते सर्वे दण्ड्याः शतं शतम्॥ २९४॥

यदि गाडा हाँक्ने व्यक्ति होशियार भएता पनि दुर्घटना भएमा उसैले दुईसय पण तिर्नुपर्छ। सारथी अयोग्य भएको अवस्थामा कुनै दुर्घटना भएमा गाडामा सवार सबैलाई सय-सय पण दण्ड स्वरूप दिनुपर्छ।

स चेत्तु पथि संरुद्धः पशुभिर्वा रथेन वा।
प्रमापयेत्प्राणभृतस्तत्र दण्डोऽविचारितः॥ २९५॥

यदि गाई आदि पशुहरूबाट वा अर्को रथले बाटो अवरुद्ध भए र सारथीले आफ्नो रथ नरोके र त्यसबाट प्राणीको हिंसा हुन गयो भने विचार नगरीकनै उसलाई दण्ड दिनुपर्छ।

मनुष्यमारणे क्षिप्रं चौरवत्किल्विषं भवेत्।
प्राणभृत्सु महत्स्वर्धं गोगजोष्ट्रहयादिषु॥ २९६॥

यदि गाडी हाँक्नेको असावधानीले कुनै मनुष्यको थिचिएर मृत्यु भए गाडीवानलाई चोरको पाप लाग्छ। गाई, गोरू, हात्ती, ऊँट र घोडा आदि ठूला पशुहरू मरेमा त्यसको आधा पाप हुन्छ।

क्षुद्रकाणां पशूनां तु हिंसायां द्विशतो दमः।
पञ्चाशत्तु भवेद्दण्डः शुभेषु मृगपक्षिषु॥ २९७॥

साना पशुहरूको हिंसा भएमा दुईसय पण र मृग, सुगा, मैना आदि पक्षीहरू मर्न गएमा पचास पण दण्ड दिनुपर्छ।

गर्दभाजाविकानां तु दण्डः स्यात्पञ्चमाषिकः।
माषिकस्तु भवेद्दण्डः श्वसूकरनिपातने॥ २९८॥

गधा, बाखा, भेडा आदि मरेमा पाँच मासा जति चाँदी र कुकुर, सुँगुर मरेमा एक मासा चाँदी दण्ड दिनुपर्छ।

भार्या पुत्रश्च दासश्च प्रेष्यो भ्राता च सोदरः।
प्राप्तापराधास्ताड्याः स्यूरज्ज्वा वेणुचलेन वा॥ २९९॥

स्त्री, पुत्र, नोकर, दूत र साख्खै दाजु-भाइ- यिनले कुनै अपराध गरे भने डोरी वा बाँसको पातलो बाँसको छडीले पिट्नु वा ताडन दिनुपर्छ।

पृष्ठतस्तु शरीरस्य नोत्तमाङ्गे कथञ्चन।
अतोऽन्यथा तु प्रहरन्प्राप्तः स्याच्चौरकिल्विषम्॥ ३००॥

पिट्ता (कसैलाई पनि) पिठ्युँमा पिट्नुपर्छ, शिरमा कहिल्यै पिट्नु हुँदैन। नियम विरुद्ध प्रहार (पिट्ने) चोरले पाउने अपराधको दण्ड पाउँछ।

एषोऽखिलेनाभिहितो दण्डपारुष्यनिर्णयः।
स्तेनस्यातः प्रवक्ष्यामि विधिं दण्डविनिर्णये॥ ३०१॥

यो कठोर दण्डको सम्पूर्ण विधान भनें। अब चोरको दण्डविधि भन्छु।

परमं यत्नमातिष्ठेत्स्तेनानां निग्रहे नृपः।
स्तेनानां निग्रहादस्य यशो राष्ट्रं च वर्धते॥ ३०२॥

चोरहरूलाई कैद गर्न राजाले ठूलै प्रयत्न गर्नुपर्छ। चोरहरूको निग्रह गर्नाले राजाको यश र राज्यको वृद्धि हुन्छ।

अभयस्य हि यो दाता स पूज्यः सततं नृपः।
सत्रं हि वर्धते तस्य सदैवाभयदक्षिणम्॥ ३०३॥

जुन राजाले आफ्ना प्रजालाई अभयदान दिन्छन् ती सधैं पूज्य हुन्छन्, किनकि उनको यो अभयरूपी दक्षिणाको यज्ञ सधैं बढ्छ।

सर्वतो धर्मषड्भागो राज्ञो भवति रक्षतः।
अधर्मादपि षड्भागो भवत्यस्य ह्यरक्षतः॥ ३०४॥

प्रजाको रक्षा गर्ने राजालाई प्रजाको धर्मको छैटौं भाग प्राप्त हुन्छ र प्रजाको रक्षा नगर्ने राजाले अधर्मको छैटौं भाग प्राप्त गर्छन् ।

यदधीते यद्यजते यद्ददाति यदर्चति।
तस्य षड्भागभाग्राजा सम्यग्भवति रक्षणात्॥ ३०५॥

राज्यमा बस्ने प्रजा जो वेद पढ्छन्, यज्ञ गर्छन्, दान दिन्छन् र देवताहरूको पूजन गर्छन् तिनले पुण्यको छैटौं भाग राम्रोसँग प्रजाको रक्षा गर्ने राजाले पाउँछन्।

रक्षन्धर्मेण भूतानि राजा वध्यांश्च घातयन्।
यजतेऽहरहर्यज्ञैः सहस्रशतदक्षिणैः॥ ३०६॥

धर्मद्वारा प्राणीहरूको रक्षा गरेर र दण्डनीय दुष्टहरूलाई दण्ड दिएर राजाले नित्य एक लाख दक्षिणा दिने यज्ञको फल पाउँछन्।

योऽरक्षन्बलिमादत्ते करं शुल्कं च पार्थिव।
प्रतिभागं च दण्डे च स सद्यो नरकं व्रजेत्॥ ३०७॥

जुन राजा प्रजाको रक्षा नगरेर उनीहरूसित खेतीको छैटौं भाग कर, शुल्क आदि लिन्छ त्यो राजा छिटै नै नरकगामी हुन्छ।

अरक्षितारं राजानं बलिषड्भागहारिणम्।
तमाहुः सर्वलोकस्य समग्रमलहारकम्॥ ३०८॥

प्रजाको रक्षा नगर्ने र उनीहरूसित बराबर कर लिने राजालाई महर्षिहरूले सबैले गरेको सम्पूर्ण पापहरूको भागी भनेका छन्।

अनपेक्षितमर्यादं नास्तिकं विप्रलुम्पकम्।
अरक्षितारमत्तारं नृपं विद्यादधोगतिम्॥ ३०९॥

निर्दिष्ट मर्यादालाई नमान्ने, नास्तिक, व्यर्थमा दण्ड दिएर धन लिने, रक्षा नगरेर प्रजाको अंश खाने राजा अधोगतिमा प्राप्त हुन्छ।

अधार्मिकं त्रिभिर्न्यायैर्निगृह्णीयात्प्रयत्नतः।
निरोधनेन बन्धेन विविधेन वधेन च॥ ३१०॥

राजाले तीन उपायहरूले अधार्मिकहरूको निग्रह गरून्- कारागारमा थुनेर, नेल-हतकडी लगाएर वा विविध प्रकारका दण्ड दिएर।

निग्रहेण हि पापानां साधूनां संग्रहेण च।
द्विजातय इवेज्याभिः पूयन्ते सततं नृपाः॥ ३११॥

जसरी द्विज यज्ञहरू गरेर पवित्र हुन्छन्, त्यसै गरी राजा पापीहरूलाई दण्ड दिएर र साधुहरूको रक्षा गरेर सधैं पवित्र हुन्छन्।

क्षन्तव्यं प्रभुणा नित्यं क्षिपतां कार्यिणां नृणाम्।
बालवृद्धातुराणां च कुर्वता हितामात्मनः॥ ३१२॥

आफ्नो भलो चाहने राजाले कार्यार्थी, बालक, वृद्ध र रोगी यिनीद्वारा हुने निन्दालाई क्षमा गर्दै जाउन्।

यः क्षिप्तो मर्षयत्यार्तैस्तेन स्वर्गे महीयते।
यस्त्वैश्वर्यान्न क्षमते नरकं तेन गच्छति॥ ३१३॥

आर्त्तजनहरूबाट गरिएको आक्षेप (निन्दा) लाई जुन राजाले सहन गर्न सक्छन् ती स्वर्गमा पूजित हुन्छन् र जो राजा ऐश्वर्यको घमण्डले सहन गर्न सक्तैनन् ती नर्कमा जान्छन्।

राजा स्तेनेन गन्तव्यो मुक्तकेशेन धावता।
आचक्षाणेन तत्स्तेयमेवं कर्मास्मि शाधि माम्॥ ३१४॥
स्कन्धेनादाय मुशलं लगुडं वाऽपि खादिरम्।
शक्तिं चोभयतस्तीक्ष्णामायसं दण्डमेव वा॥ ३१५॥

चोरले (आफ्ना टाउकाको) टुप्पी खोलेर, काँधमा मुस्ली वा खयरको लट्ठी वा दुवैतिर तीखो धार भएको भाला वा फलामको डण्डी राखेर दगुर्दै राजालाई गएर भनोस् कि मैले चोरी गरेको हो मलाई उचित दण्ड दिनुहोस्।

शासनाद्वा विमोक्षाद्वा स्तेनः स्तेयाद्विमुच्यते।
अशासित्वा तु तं राजा स्तेनस्याप्नोति किल्विषम्॥ ३१६॥

राजाबाट दण्डित भएमा वा मुक्त भएमा चोर चोरीको पापबाट मुक्त हुन्छ। यदि राजाले चोरमाथि शासन नगरे चोरको पाप उनको शिरमाथि चढ्छ।

अन्नादे भ्रूणहा मार्ष्टि पत्यौ भार्यापचारिणी।
गुरौ शिष्यश्च याज्यश्च स्तेनो राजनि किल्विषम्॥ ३१७॥

गर्भपात गर्नेको पाप उसको अन्न खानेलाई, व्यभिचारिणी स्त्रीको पाप उसको पतिलाई, शिष्यले गरेको पाप गुरुलाई, यजमानको पाप पुरोहितलाई र चोरको पाप राजालाई लाग्दछ।

राजभिः कृतदण्डास्तु कृत्वा पापानि मानवाः।
निर्मलाः स्वर्गमायान्ति सन्तः सुकृतिनो यथा॥ ३१८॥

पापी मनुष्य राजाबाट दण्ड पाएपछि साधु–महात्माहरू जस्तो पवित्र भएर स्वर्ग जान्छन्।

यस्तु रज्जुं घटं कूपाद्धरेद्भिन्द्याच्च यः प्रपाम्।
स दण्डं प्राप्नुयान्माषं तच्च तस्मिन्समाहरेत्॥ ३१९॥

जसले कुवा वा इनारबाट पानी तान्न राखेको डोरी, बाटो हिंड्ने बटुवाका लागि पानी पिउन राखिएको भाँडो वा घैंटो चोर्छ वा प्याउलाई नष्ट गर्छ, उसलाई राजाले एक मासा सून दण्ड गरून् र जुन वस्तु चोरेर लगेको हुन्छ त्यो वा त्यसको बदलामा त्यस्तै अर्को वस्तु त्यहाँ राख्न लगाउन्।

धान्यं दशभ्यः कुम्भेभ्यो हरतोऽभ्यधिकं वधः।
शेषेऽप्येकादशगुणं दाप्यस्तस्य च तद्धनम्॥ ३२०॥

दस कुम्भ[७] भन्दा बढी धान्य (अन्न) चोरेमा चोर्नेलाई वध दण्ड दिनुपर्छ र त्योभन्दा थोरै चोरेमा चोरिएको धान्यको एघार गुणा दण्ड गर्नुपर्छ र धानको धनीलाई जति धान्य चोरिएको हो त्यति राजाले फिर्ता दिलाउनुपर्छ।

तथा धरिममेयानां शतादभ्यधिके वधः।
सुवर्णरजतादीनामुत्तमानां च वाससाम्॥ ३२१॥

ठीकसँग तौल नजोख्ने, सुन–चाँदी आदि, उत्तम वस्त्र र एकसय भन्दा बढी पशु चोरी गरेमा चोरलाई राजाले प्राण–दण्ड दिउन्।

पञ्चाशतस्त्वभ्यधिके हस्तच्छेदनमिष्यते।
शेषे त्वेकादशगुणं मूल्याद्दण्डं प्रकल्पयेत्॥ ३२२॥

गन्ती गर्दा एकदेखि पचाससम्म चोरेमा मूल्यको एघार गुणा दण्ड गरून् र पचासदेखि एक सयसम्म चोरेमा राजाले उसलाई हात काट्ने दण्ड दिउन्।

पुरुषाणां कुलीनानां नारीणां च विशेषतः।
मुख्यानां चैव रत्नानां हरणे वधमर्हति॥ ३२३॥

श्रेष्ठ कुलमा उत्पन्न पुरुष तथा विशेषतः मुख्य रत्न (माणिक्य हीरा आदि) चोरी गर्ने वधयोग्य हुन्छ अर्थात् राजाले यस्तालाई प्राणदण्ड दिनुपर्छ।

---

७ दुईसय पलको एक द्रोण र बीस द्रोणको एक कुम्भ हुन्छ।

महापशूनां हरणे शस्त्राणामौषधस्य च।
कालमासाद्य कार्यं च दण्डं राजा प्रकल्पयेत् ॥ ३२४ ॥

श्रेष्ठ पशु (हात्ती, घोडा आदि), शस्त्र र दवाइ- यिनलाई चोरेमा समय र कार्यलाई देखेर राजाले दण्डको व्यवस्था गरून्।

गोषु ब्राह्मणसंस्थासु छूरिकायाश्च भेदने।
पशूनां हरणे चैव सद्यः कार्योऽर्धपादिकः ॥ ३२५ ॥

ब्राह्मणको गाई चोर्ने, बन्ध्या गाईको नाक छेड्ने र पशुहरू चोरी भएमा राजाले तुरुन्तै चोरको आधी खुट्टा काट्न लगाउन्।

सूत्रं कार्पासकिण्वानां गोमयस्य गुडस्य च।
दध्नः क्षीरस्य तक्रस्य पानीयस्य तृणस्य च ॥ ३२६ ॥
वेणुवैदलभाण्डानां लवणानां तथैव च।
मृन्मयानां च हरणे मृदो भस्मन एव च ॥ ३२७ ॥
मत्स्यानां पक्षिणां चैव तैलस्य च घृतस्य च।
मांसस्य मधुनश्चैव यच्चान्यत्पशुसम्भवम् ॥ ३२८ ॥
अन्येषां चैवमादीनां मद्यानामोदनस्य च।
पक्वान्नानां च सर्वेषां तन्मूल्याद् द्विगुणो दमः ॥ ३२९ ॥

सूत, कपास (रुवा), मदिरा बनाउने द्रव्य-सामग्री (मर्चा आदि), गोबर, गुड, दही, दूध, छाछ (बाक्लो मोही), पानी, तृण, बाँसका डाला-डोका आदि, नून, माटाका भाँडाकुँडा, माटो, खरानी, माछा, चरा, तेल, घिउ, मासु, मह, पशुका छाला, सिंग आदि, मदिरा, भात, पकवान्न र यस्तै अन्य साधारण वस्तुहरू चोरिएमा तिनको मूल्यको दोब्बर दण्ड गर्नुपर्छ।

पुष्पेषु हरिते धान्ये गुल्मवल्लीनगेषु च।
अन्येष्वपरिपूतेषु दण्डः स्यात्पञ्चकृष्णलः ॥ ३३० ॥

फूल, खेतको हरियो धान, गुल्म, लहरा, रूख र पुरुषले बोक्न योग्य अन्य वस्तु चोरिएमा पाँच कृष्णल दण्ड गर्नुपर्छ।

परिपूतेषु धान्येषु शाकमूलफलेषु च।
निरन्वये शतं दण्डः सान्वयेऽर्धशतं दमः ॥ ३३१ ॥

सफा गरिएको धान, साग, मूल (कन्द वा जड) र फल चोर्ने यदि आफ्नो वंशको भए एकसय पण र सम्बन्धी भए उसित पचास पण दण्ड लिनुपर्छ।

स्यात्साहसं त्वन्वयवत्प्रसभं कर्म यत्कृतम्।
निरन्वयं भवेत्स्तेयं हृत्वाऽपव्ययते च यत्॥ ३३२॥

स्वामी (मालिक) का समक्ष बलपूर्वक कुनै कुरा लिनुलाई साहस भन्दछन् र स्वामीका परोक्षमा कुनै कुरो लिनु वा लिएर लुकाइ राख्नुलाई चोरी भन्दछन्।

यस्त्वेतान्युपक्लृप्तानि द्रव्याणि स्तेनयेन्नरः।
तमाद्यं दण्डयेद्राजा यश्चाग्निं चोरयेद् गृहात्॥ ३३३॥

जुन मनुष्यले कसैको व्यवहारोपयुक्त सूत्र आदि वस्तु आफ्ना कामका लागि चोर्छ वा घरबाट हवन गर्ने आगो चोरेर लान्छ भने राजाले उसलाई प्रथम श्रेणीको दण्ड दिउन्।

येन येन यथाङ्गेन स्तेनो नृषु विचेष्टते।
तत्तदेव हरेत्तस्य प्रत्यादेशाय पार्थिवः॥ ३३४॥

जुन जुन अङ्गले जसरी-जसरी चोरले अरूको वस्तु चोर्ने चेष्टा गर्छ, राजाले उसका तिनै-तिनै अङ्ग काट्न लगाउन्, जसबाट उसले फेरि चोरी गर्न नसकोस्।

पिताऽऽचार्यः सुहृन्माता भार्या पुत्रः पुरोहितः।
नादण्ड्यो नाम राज्ञोऽस्ति यः स्वधर्मे न तिष्ठति॥ ३३५॥

माता, पिता, आचार्य, स्त्री, पुत्र, मित्र र पुरोहित- यिनीहरू यदि आफ्ना धर्ममा रहँदैनन् भने राजाले तिनलाई दण्ड नदिइ नछोड्नुन्।

कार्षापणं भवेद्दण्ड्यो यत्रान्यः प्राकृतोजनः।
तत्र राजा भवेद्दण्ड्यः सहस्रमिति धारणा॥ ३३६॥

जुन अपराधमा साधारण मानिस एक कार्षापणले दण्डनीय हुन्छ, त्यही अपराधमा राजा एक हजार पणले [८]दण्डनीय हुनुपर्छ, यो शास्त्रको सिद्धान्त हो।

अष्टापाद्यं तु शुद्रस्य स्तेये भवति किल्बिषम्।
षोडशैव तु वैश्यस्य द्वात्रिंशत्क्षत्रियस्य च॥ ३३७॥
ब्राह्मणस्य चतुःषष्टिः पूर्णं वाऽपि शतं भवेत्।
द्विगुणा वा चतुःषष्टिस्तद्दोषगुणविद्धि सः॥ ३३८॥

चोरीको गुण-दोष जान्ने शूद्रले चोरी गरेमा उसलाई चोरीको सामानको आठ गुणा, वैश्यलाई सोह्र गुणा, क्षत्रियलाई बत्तीस गुणा र ब्राह्मणलाई चौंसट्ठी गुणा वा सय गुणा वा एकसय अट्ठाइस गुणा पाप लाग्छ।

---

[८] राजा आफ्नो दण्डको द्रव्य ब्राह्मणहरूलाई दिउन् वा वरुणका उद्देश्यले जलमा समर्पित गरून्।

वानस्पत्यं मूलफलं दार्वग्न्यर्थं तथैव च।
तृणं च गोभ्यो ग्रासार्थमस्तेयं मनुरब्रवीत्॥ ३३९॥

वनका फल–फूल, होमका निम्ति सुकेका दाउरा र गाईहरूलाई खुवाउन घाँस, पराल चोर्नु चोरी होइन, यस्तो मनुजीले भन्नुभएको छ।

योऽदत्तादायिनो हस्ताल्लिप्सेत ब्राह्मणो धनम्।
याजनाध्यापनेनापि यथा स्तेनस्तथैव सः॥ ३४०॥

जुन ब्राह्मणले यज्ञ गराएर वा पढाएर भए पनि चोरको हातबाट धन लिने इच्छा गरे भने उनी पनि चोरकै बराबर हुन्छन्।

द्विजोऽध्वगः क्षीणवृत्तिर्द्वाविक्षुद्वे च मूलके।
आददानः परक्षेत्रान्नं दण्डं दातुमर्हति॥ ३४१॥

बाटो हिंड्दै गरेको ब्राह्मण, लुलो–लँगडो, वृद्ध, भोको बालक, यिनीहरूसित खानलाई केही छैन भने कसैको खेतबाट दुई ऊखु, दुई मूला लिइहाल्यो भने यसका लागि उसले दण्ड भोग्नुपर्दैन।

असंदितानां संदाता संदितानां च मोक्षकः।
दासाश्वरथहर्ता च प्राप्तः स्याच्चौरकिल्विषम्॥ ३४२॥

जसले अरूले पालेका घोडा आदि पशुहरूलाई बाँध्छ र बाँधिएका पशुहरूलाई खोल्छ वा अरूको नोकर, घोडा र रथलाई हरण गर्छ भने उसलाई चोरको समान दण्ड दिउन्।

अनेन विधिना राजा कुर्वाणः स्तेननिग्रहम्।
यशोऽस्मिन्प्राप्नुयाल्लोके प्रेत्य चानुत्तमं सुखम्॥ ३४३॥

जुन राजाले यस प्रकार चोरहरूलाई दण्ड दिन्छन्, तिनले यस लोकमा यश र परलोकमा परम सुख प्राप्त गर्छन्।

ऐन्द्रं स्थानमभिप्रेप्सुर्यशश्चाक्षयमव्ययम्।
नोपेक्षेत क्षणमपि राजा साहसिकं नरम्॥ ३४४॥

जुन राजा इन्द्रको पद पाउने अभिलाषी हुन्छ र सधैंभरिका लागि अचल विमल यश पाउन चाहन्छन् उनले क्षणमात्र पनि साहसिक व्यक्तिलाई दण्ड दिनमा उपेक्षा (संकोच) नगरून्।

वाग्दुष्टात्तस्कराच्चैव दण्डेनैव च हिंसतः।
साहसस्य नरः कर्ता विज्ञेयः पापकृत्तमः॥ ३४५॥

कटु वचन बोल्ने, चोर र लाठी लिएर कुटाकुट गर्ने मनुष्यभन्दा पनि साहस गर्ने मनुष्य बढी पापी हुन्छ।

साहसे वर्तमानं तु यो मर्षयति पार्थिवः।
स विनाशं व्रजत्याशु विद्वेषं चाधिगच्छति॥ ३४६॥

साहस कार्यमा तत्पर मानिसलाई जुन राजाले क्षमा गर्छन्, ती छिटै विनाशमा प्राप्त हुन्छन् तथा प्रजाको विद्वेषपात्र पनि बन्छन्।

न मित्रधारणाद्राजा विपुलाद्वा धनागमात्।
समुत्सृजेत्साहसिकान्सर्वभूतभयावहान् ॥ ३४७॥

राजा मित्रको धारणा सम्झिएर वा प्रचुर धेरै धनको लोभले सबै प्राणीहरूलाई भयभीत पार्ने साहसिक व्यक्तिलाई नछोडुन्।

शस्त्रं द्विजातिभिर्ग्राह्यं धर्मो यत्रोपरुध्यते।
द्विजातीनां च वर्णानां विप्लवे कालकारिते॥ ३४८॥
आत्मनश्च परित्राणे दक्षिणानां च सङ्गरे।
स्त्रीविप्राभ्युपपत्तौ च घ्नन्धर्मेण न दुष्यति॥ ३४९॥

जब द्विजातिहरूका वर्णाश्रम धर्मको नाश हुने संभावना हुन्छ, जब आपतकालले गर्दा देशमा अराजकता फैलिन्छ, आ-आफ्नो रक्षाको लागि अथवा धन, गाई आदिको रक्षाका लागि युद्ध गरिने प्रसङ्ग हुन्छ, त्यसै गरी जब स्त्रीहरू र ब्राह्मणहरूको रक्षाका लागि आवश्यक भएमा द्विजातिहरूले शस्त्र ग्रहण गर्नुपर्छ ' यस्तो समय धर्मतः हिंसा गर्नुमा दोष हुँदैन।

गुरुं वा बालवृद्धौ वा ब्राह्मणं वा बहुश्रुतम्।
आततायिनमायान्तं हन्यादेवाविचारयन्॥ ३५०॥

गुरु, बालक, वृद्ध वा धेरै शस्त्रहरूको ज्ञान राख्ने ब्राह्मण पनि आततायी भएर (मार्नका लागि) आयो भने ढिलो नगरी उसलाई माारिदिउन्।

नाततायिवधे दोषो हन्तुर्भवति कश्चन।
प्रकाशं वाऽप्रकाशं वा मन्युस्तं मन्युमृच्छति॥ ३५१॥

सबैको सामु वा एकान्त ठाउँमा कसैलाई मार्न कुनै मानिस उत्तेजित हुन्छ तब उसको वध गर्नमा कुनै दोष हुँदैन। कारण आततायी जसलाई मार्न चाहन्छ उसकै क्रोधले आततायीको क्रोध नै बढ्दछ।

परदाराभिमर्शेषु प्रवृत्तान्नॄन्महीपतिः ।
उद्वेजनकरैर्दण्डैश्छिन्नयित्वा प्रवासयेत्॥ ३५२॥

पर-स्त्रीसँग समागम गर्ने मनुष्यलाई राजाले पीडादायी दण्डहरूबाट उसको नाक, कान आदि काट्न लगाएर देशबाट निकालिदिउन्।

तत्समुत्थो हि लोकस्य जायते वर्णसङ्करः।
येन मूलहरोऽधर्मः सर्वनाशाय कल्पते॥ ३५३॥

कारण परस्त्री गमनबाट वर्णसंकरको उत्पत्ति हुन्छ, जसबाट मूलको नै नाश गर्ने अधर्म सर्वनाशको कारण हुन्छ।

परस्य पत्न्या पुरुषः सम्भाषां योजयन् रहः।
पूर्वमाक्षारितो दोषैः प्राप्नुयात्पूर्वसाहसम्॥ ३५४॥

परस्त्री गमन गर्ने कुनै पुरुष यदि कुनै परस्त्रीको साथ एकान्तमा वार्तालाप गर्दै गरेको भेटिएमा राजाले त्यस्तालाई प्रथम श्रेणीको दण्ड गरून्।

यस्त्वनाक्षारितः पूर्वमाभिभाषेत कारणात्।
न दोषं प्राप्नुयात्किञ्चिन्न हि तस्य व्यतिक्रमः॥ ३५५॥

जो व्यक्ति परस्त्री गमनको दोषबाट रहित छ र कुनै कारणवश परस्त्रीका साथ मानिसहरूका सामु वा एकान्तमा वार्तालाप गर्छ भने त्यो अपराधी नहुनाको कारण दण्ड पाउने योग्य पनि हुँदैन।

परस्त्रियं योऽभिवदेत्तीर्थेऽरण्ये वनेऽपि वा।
नदीनां वाऽपि संभेदे स संग्रहणमाप्नुयात्॥ ३५६॥

जुन पुरुष परस्त्रीसित तीर्थमा वा नदीको छेउमा, जंगलमा वा गाउँ बाहिर निर्जन उपवनमा वा नदीहरूको संगम स्थानमा रहस्यमय वार्तालाप गरेमा उसलाई राजाले संग्रहणको (एक हजार पण) दण्ड गरून्।

उपचारक्रिया केलिः स्पर्शो भूषणवाससाम्।
सह खट्वासनं चैव सर्वं संग्रहणं स्मृतम्॥ ३५७॥

परस्त्रीकहाँ माला, फूल, अत्तर आदि पठाउनु, उसका साथ हाँसो-ठट्टा गर्नु, आलिङ्गन गर्नु, उसका आभूषण, लुगाहरू छुनु, उसका साथ खाटमा बस्नु- यी सबै कार्यलाई शास्त्रहरूमा संग्रहण भनिएको छ।

स्त्रियं स्पृशेददेशे यः स्पृष्टो वा मर्षयेत्तथा।
परस्परस्यानुमते सर्वं संग्रहणं स्मृतम्॥ ३५८॥

कुनै पुरुषले परस्त्रीको अस्पृश्य अङ्ग (तिघ्रा, स्तन आदि) स्पर्श गरे वा उसद्वारा आफ्नो अङ्ग स्पर्श गर्दा केही नबोले (नरिसाए)- यी सबै परस्परमा राजीखुशी भएको छ भने संग्रहण नै हुन्।

अब्राह्मणः संग्रहणे प्राणान्तं दण्डमर्हति।
चतुर्णामपि वर्णानां दारा रक्ष्यतमाः सदा॥ ३५९॥

अब्राह्मण अर्थात् शूद्र पुरुष सम्भोग आदिको इच्छा नगर्ने ब्राह्मणीका साथ संग्रहण गरेमा उसलाई प्राण-दण्ड दिनुपर्छ। चारै वर्णले सबैभन्दा धेरै आफ्ना स्त्रीहरूको सधैं रक्षा गर्नुपर्छ।

भिक्षुका वन्दिनश्चैव दीक्षिताः कारवस्तथा।
संभाषणं सह स्त्रीभिः कुर्युरप्रतिवारिताः॥ ३६०॥

भिक्षुक, बन्दी (भाट आदि), दीक्षित (यज्ञको दीक्षा लिएका) र भान्से-यिनीहरूले गृहस्थ पत्नीसँग (कार्यवश) बिना कुनै अवरोध कुरा गर्न सक्छन्।

न संभाषां परस्त्रीभिः प्रतिसिद्धं समाचरेत्।
निषिद्धो भाषमाणस्तु सुवर्णं दण्डमर्हति॥ ३६१॥

गृहस्थले जुन पुरुषसित कुरा गर्न मनाही गरेको छ उसले गृहस्थकी पत्नीसित कुरा नगरून्। यदि त्यो पुरुषले कुरा गऱ्यो भने ऊ सोह्र मासा सुवर्ण (सून) को दण्ड पाउने योग्य हुन्छ।

नैष चारणदारेषु विधिर्नात्मोपजीविषु।
सज्जयन्ति हि ते नारीन्निर्गूढाश्चारयन्ति च॥ ३६२॥

यो विधि नटहरूकी स्त्रीहरूका लागि होइन, पत्नीबाट आफ्नो जीविका निर्वाह गर्नेको लागि पनि होइन। किनकि तिनीहरू आफ्ना स्त्रीहरूलाई स्वयंले नै परपुरुषसित सम्बन्ध गराउँछन् र आफू लुकेर तिनीहरूसित व्यभिचार गराउँछन्।

किञ्चिदेव तु दाप्यः स्यात्संभाषां ताभिराचरन्।
प्रैष्यासु चैकभक्तासु रहः प्रव्रजितासु च॥ ३६३॥

यस्ता स्त्रीहरूका साथ एकान्तमा कुरा गर्ने पुरुषलाई पनि राजाले केही दण्ड दिउन्। त्यसै गरी दासीहरू, साधुनीहरू र ब्रह्मचारिणीहरूका साथ जुन पुरुषले रहस्मय वार्ता गर्छ त्यसलाई पनि केही दण्ड गरून्।

योऽकामां दूषयेत्कन्यां स सद्यो वधमर्हति।
सकामां दूषयंस्तुल्यो न वधं प्राप्नुयान्नरः॥ ३६४॥

जुन मनुष्य कुनै कन्याको साथ बलात्कार गरेर उसलाई दूषित गर्छ, त्यो तत्कालै वध गर्ने योग्य हुन्छ। तर कन्याका इच्छाले उसलाई दूषित गरिएको हो र ती कन्याको त्यो सजातीय हो भने ऊ वध गर्न योग्य हुँदैन।

कन्यां भजन्तीमुत्कृष्टं न किञ्चिदपि दापयेत्।
जघन्यं सेवमानां तु संयतां वासयेद् गृहे॥ ३६५॥

उत्तम जातिका पुरुषका साथ सम्भोग गर्ने इच्छाले उसको सेवा गर्ने कन्यालाई केही पनि दण्ड नगरून् । हीन जातिका साथ जान खोज्नेलाई यत्नपूर्वक रोकुन्।

उत्तमां सेवमानस्तु जघन्यो वधमर्हति।
शुल्कं दद्यात्सेवमानः समामिच्छेत्पिता यदिं॥ ३६६॥

उत्तम वर्णकी कन्याको साथ समागम गर्ने नीच वर्णको पुरुष वध गर्न योग्य हुन्छ । समान वर्णकी कन्याका साथ समागम गर्नेले यदि ती कन्याका पितालाई धनबाट सन्तुष्ट गर्न सके धन दिएर विवाह गरोस्।

अभिषह्यं तु यः कन्यां कुर्याद्दर्पेण मानवः।
तस्याशु कर्त्ये अंगुल्यौ दण्डं चार्हति षट्शतम्॥ ३६७॥

जुन मनुष्य घमण्डमा आएर जबरजस्ती कन्याको योनिमा औंला हालेर उसलाई भ्रष्ट गर्छ भने राजाले तुरुन्तै उसका दुई औंला काट्न लगाएर उसलाई छःसय पण जरिमाना गरून्।

सकामां दूषयंस्तुल्यो नांगुलिच्छेदमाप्नुयात्।
द्विशतं तु दमं दाप्यः प्रसङ्गविनिवृत्तये॥ ३६८॥

स्वयं इच्छा गर्ने कन्यालाई औंला हालेर भ्रष्ट गर्ने समान जातिको पुरुष हो भने औंलो काट्न लगाउनु हुँदैन। तर उसलाई दुईसय पण दण्ड यसकारण गर्नुपर्छ कि उसले फेरि यस्तो दुष्कर्म नगरोस्।

कन्यैव कन्यां या कुर्यात्तस्याः स्याद् द्विशतो दमः।
शुल्कं च द्विगुणं दद्याच्छिफाश्चैवाप्नुयाद् दश॥ २६९॥

यदि कन्याले अर्की कन्याका साथ यस्तो व्यवहार गरेमा ती कन्याले राजालाई दुईसय पण जरिमाना दिउन् र त्यसको दोब्बर शुल्क ती कन्याका पितालाई दिउन्। राजाले यस्ती कन्यालाई दस कोर्रा पनि लगाउन्।

या तु कन्यां प्रकुर्यात् स्त्री सा सद्यो मौड्यमर्हति।
अंगुल्योरेव वा छेदं खरेणोद्वहनं तथा॥ ३७०॥

यदि स्त्रीले कन्याको योनिमा औंला हाले राजाले तत्काल उसको केश मुडाइदिउन् वा उसका दुई औंला काट्न लगाउन् वा गधामाथि बसाएर उसलाई सडकमा घुमाउन लगाउन्।

भर्तारं लङ्घयेद्या तु स्त्री ज्ञातिगुणदर्पिता।
तां श्वभिः खादयेद्राजा संस्थाने बहुसंस्थिते॥ ३७१॥

जुन स्त्रीले आफ्ना बाबु–बाजेको धन, रूप, गुणको घमण्ड गरेर पतिको अनादर गर्छे भने राजाले उसलाई धेरै मानिसहरू सामु कुकुरबाट टोक्न लगाउन्।

पुमांसं दाहयेत्पापं शयने तप्त आयसे।
अभ्यादध्युश्च काष्ठानि तत्र दह्येत पापकृत्॥ ३७२॥

पापी परस्त्रीगामी पुरुषलाई फलामको तातो शय्यामा सुताएर माथिबाट दाउरा राख्न लगाउन्, जसमा त्यो पापी डढेर खरानी होस्।

संवत्सराभिशस्तस्य दुष्टस्य द्विगुणो दमः।
व्रात्यया सह संवासे चांडाल्या तावदेव तु॥ ३७३॥

परस्त्रीगमनबाट दूषित पुरुष दण्डित भएमा यदि एक वर्षपछि फेरि उस्तै अपराध गर्छ भने उसलाई पहिलाभन्दा दोब्बर दण्ड गर्नुपर्छ। दुष्ट स्त्री र चाण्डाल्नीभाठौं जानेलाई पनि राजाले यही दण्डको व्यवस्था गरून्।

शूद्रो गुप्तमगुप्तं वा द्वैजातं वर्णमावसन्।
अगुप्तमङ्गसर्वस्वैर्गुप्तं सर्वेण हीयते॥ ३७४॥

जुन शूद्रले स्वामी आदि अभिभावकहरूबाट अरक्षित द्विजाति (ब्राह्मण, क्षत्रिय, वैश्य) का स्त्रीका साथ व्यभिचार गर्छ भने राजाले उसको लिंगछेदन गराइ सर्वस्व हरण गरून्, र रक्षित स्त्रीको साथ व्यभिचार गरेमा सर्वस्व हरणको साथै उसलाई प्राणदण्ड दिउन्।

वैश्यः सर्वस्वदण्डः स्यात् संवत्सरनिरोधतः।
सहस्रं क्षत्रियो दण्ड्यो मौण्ड्यं मूत्रेण चार्हति॥ ३७५॥

यदि वैश्यले रक्षित ब्राह्मणीका साथ समागम गरेमा सर्वस्व हरण गरेर एक वर्ष कैदको सजाय दिउन् र क्षत्रियले त्यसो गरेमा एक हजार पण जरिमाना र गधाको मूत्रले उसको शिर मुड्याउन लगाउन्।

ब्राह्मणीं यद्यगुप्तां तु गच्छेतां वैश्यपार्थिवौ।
वैश्यं पञ्चशतं कुर्यात्क्षत्रियं तु सहस्रिणम्॥ ३७६॥

यदि वैश्य र क्षत्रियले अरक्षित ब्राह्मणीका साथ गमन गरेमा वैश्यलाई पाँचसय पण र क्षत्रियलाई एक हजार पण दण्ड गरून्।

उभावपि तु तावेव ब्राह्मण्या गुप्तया सह।
विप्लुतौ शूद्रवद्दण्ड्यौ दग्धव्यौ वा कटाग्निना॥ ३७७॥

वैश्य र क्षत्रिय यी दुवैले यदि रक्षित ब्राह्मणीका साथ मैथुन गर्छन् भने शूद्रजस्तै उनीहरूलाई दण्ड दिनुपर्छ अथवा तृणाग्निमा यिनलाई जलाउनुपर्छ।

सहस्रं ब्राह्मणो दण्ड्यो गुप्तां विप्रां बलाद् व्रजन्।
शतानि पञ्च दण्ड्यः स्यादिच्छन्त्या सह संगतः॥ ३७८॥

यदि ब्राह्मणले रक्षित ब्राह्मणीसित बलात्कारपूर्वक सम्भोग गरेमा उसलाई एक हजार पण दण्ड गर्नुपर्छ। यदि ऊ कामासक्त छ र उसित सम्भोग गरेमा राजाले त्यो (पुरुष) लाई पाँचसय पण दण्ड गरून्।

मौण्ड्यं प्राणान्तिको दण्डो ब्राह्मणस्य विधीयते।
इतरेषां तु वर्णानां दण्डः प्राणान्तिको भवेत्॥ ३७९॥

ब्राह्मणका शिरको केश मुडिदिनु नै उसको लागि प्राणान्तक दण्ड हो, तर अरू वर्णहरूलाई प्राणान्त दण्ड दिनुपर्छ।

न जातु ब्राह्मणं हन्यात्सर्वपापेष्वपि स्थितम्।
राष्ट्रादेनं बहिः कुर्यात्समग्रधनमक्षतम्॥ ३८०॥

समस्त पाप गरे पनि ब्राह्मणको वध कहिल्यै नगर्नु, उसलाई समग्र धनसहित अक्षत शरीर भएको त्यो ब्राह्मणलाई राज्यबाट निर्वासित गरिदिउन्।

न ब्राह्मणवधाद्भूयानधर्मो विद्यते भुवि।
तस्मादस्य वधं राजा मनसाऽपि न चिन्तयेत्॥ ३८१॥

ब्राह्मणको वधसमान संसारमा अरू कुनै पाप छैन। यसकारण राजाले मनैदेखि ब्राह्मणको वध गर्ने विचार नगरून्।

वैश्यश्चेत्क्षत्रियां गुप्तां वैश्यां वा क्षत्रियो व्रजेत्।
यो ब्राह्मण्यामगुप्तायां तावुभौ दण्डमर्हतः॥ ३८२॥

यदि वैश्य रक्षित क्षत्राणिसित र क्षत्रिय रक्षित वैश्यासित गमन गरेमा आरक्षिता ब्राह्मणीको साथ गमन गर्दा जुन दण्ड भनिएको छ, त्यही दण्ड यी दुवैलाई पनि दिनु उचित हुनेछ।

सहस्रं ब्राह्मणो दण्डं दाप्यो गुप्ते तु ते व्रजन्।
शूद्रायां क्षत्रियविशोः सहस्रो वै भवेद्दमः॥ ३८३॥

रक्षिता क्षत्राणी र वैश्याका साथ यदि ब्राह्मणले व्यभिचार गरेमा उसलाई एक हजार पण दण्ड दिउन् र क्षत्रिय तथा वैश्य यदि रक्षित शूद्राका साथ रमण गरेमा उनीहरूलाई पनि एक हजार पण जरिमानाको दण्ड दिउन्।

क्षत्रियायामगुप्तायां वैश्ये पञ्चशतं दमः।
मूत्रेण मौण्डयमिच्छेत्तु क्षत्रियो दण्डमेव वा॥ ३८४॥

अरक्षित क्षत्रियासँग गमन गरेमा वैश्यलाई पाँचसय पण दण्ड दिनुपर्छ, यदि क्षत्रियले ऊसित गमन गरेमा त्यसका शिरमा गधाको मूत्रले शिर मुड्याउन् वा ऊसित पाँचसय पण दण्ड लिउन्।

अगुप्ते क्षत्रियावैश्ये शूद्रां वा ब्राह्मणो व्रजन्।
शतानि पञ्चदड्यः स्यात्सहस्रं त्वन्त्यजस्त्रियम्॥ ३८५॥

यदि ब्राह्मणले अरक्षित क्षत्राणि, वैश्या वा शूद्रासित गमन गरेमा उसलाई पाँचसय पण दण्ड दिउन् र चाण्डालकी स्त्रीसित गमन गरेमा उसलाई एक हजार पण दण्ड दिउन्।

यस्य स्तेनः पुरे नास्ति नान्यस्त्रीगो न दुष्टवाक्।
न साहसिकदण्डघ्नौ स राजा शक्रलोकभाक्॥ ३८६॥

जुन राजाका राज्यमा परस्त्रीगामी, चोर, मिथ्यावादी, अनुचित कर्ममा साहस देखाउने र लाठीले कुटपीट गर्ने छैनन्, ती राजा इन्द्रपुरीको सुख भोग गर्ने हुन्छन्।

एतेषां निग्रहो राज्ञः पञ्चानां विषये स्वके।
साम्राज्यकृत्सजात्येषु लोके चैव यशस्करः॥ ३८७॥

जुन राजाले आफ्ना राज्यमा पूर्वोक्त पाँचै अपराधीहरूलाई दण्ड दिन्छन् ती आफ्ना सजातीय राजाहरूबीच साम्राज्यको पालन गर्दै संसारमा यशस्वी हुन्छन्।

ऋत्विजं यस्त्यजेद् याज्यं चर्त्विग्याज्योजेद्यदि।
शक्तं कर्मण्यदुष्टं च तयोर्दण्डः शतं शतम्॥ ३८८॥

यदि यजमानले योग्य ऋत्विज (पुरोहित) लाई र ऋत्विजले निर्दोषी यजमानलाई छोड्छन् भने दुवैमाथि सय-सय पण दण्ड दिनुपर्छ।

न माता न पिता न स्त्री न पुत्रस्त्यागमर्हति।
त्यजन्नपतितानेतान् राज्ञा दण्ड्यः शतानि षट्॥ ३८९॥

माता, पिता, स्त्री र पुत्र- यी अत्याज्य हुन्। यिनको त्याग गरेमा राजाले प्रत्येकका लागि छः छःसय पण दण्ड गरून्।

आश्रमेषु द्विजातीनां कार्ये विवदतां मिथः।
न विब्रूयान्नृपो धर्मं चिकीर्षन्हितमात्मनः॥ ३९०॥

गार्हस्थ्य आदि आश्रमोचित कार्यमा परस्पर विवाद गर्दै द्विजातिहरूबीच आफ्नो हित चाहने राजा धर्मका कुनै कुरा नबोलुन्।

यथार्हमेतानभ्यर्च्य ब्राह्मणैः सह पार्थिवः।

सान्त्वेन प्रशमय्यादौ स्वधर्मं प्रतिपादयेत्॥ ३९१॥

राजाले अरू ब्राह्मणहरूका साथ ती सबैको उचित पूजा (आदर सत्कार) गरेर पहिला उनीहरूलाई शान्त पारून्, त्यसपछि उनको जुन आफ्नो धर्म हो त्यसको प्रतिपादन गरून्।

प्रतिवेश्यानुवेश्यौ च कल्याणे विंशतिर्द्विजे।

अर्हावभोजयन्विप्रो दण्डमर्हति माषकम्॥ ३९२॥

कुनै शुभकार्यमा बीस ब्राह्मणलाई भोजन खुवाउनु छ भने त्यसमा योग्य प्रतिवेश्य (छिमेकी) र अनुवेश्य (छिमेकीको छिमेकी) लाई भोजन नगराई अरू ब्राह्मणहरूलाई भोजन गराउने ब्राह्मणलाई एक मासा चाँदी दण्ड गर्नुपर्छ।

श्रोत्रियः श्रोत्रियं साधु भूतिकृत्येष्वभोजयन्।

तदन्नं द्विगुणं दाप्यो हिरण्ये चैव माषकम्॥ ३९३॥

जुन वेदाध्यायी ब्राह्मणले शुभकार्यमा प्रतिवेश्य, अनुवेश्य र वैदिक सद्ब्राह्मणहरूलाई भोजन गराउँदैनन् उनलाई राजाले भोज्यान्नको दोब्बर अन्न र एक मासा सून दण्ड गरून्।

अन्धो जडः पीठसर्पी सप्तत्या स्थविरश्च यः।

श्रोत्रियेषूपकुर्वंश्च न दाप्या केनचित्करम्॥ ३९४॥

अन्धो, बहिरो, लँगडो र सत्तरी वर्षको वृद्ध तथा वेदपाठी ब्राह्मणहरूको उपकार गर्ने यदि दरिद्र हुन गए राजाले उसित कर लिनु हुँदैन।

श्रोत्रियं व्याधितार्तौ च बाला वृद्धावकिञ्चनम्।

महाकुलीनमार्यं च राजा सम्पूजयेत्सदा॥ ३९५॥

वैदिक, व्याधिग्रस्त, बालक, वृद्ध, दरिद्र, श्रेष्ठ जाति, ठूला कुल र उदार चरित्र- यिनलाई राजाले सधैंभरि सम्मान गरून्।

शाल्मलीफलके श्लक्ष्णे नेनिज्यान्नेजकः शनैः।

न च वासांसि वासोभिर्निर्हरेन्न च वासयेत्॥ ३९६॥

धोबीले सिमलको काठले बनेको चिल्लो फल्याकमा विस्तारै लुगा धोओस्, लुगाको हेरफेर नगरोस् र कसैको लुगा अरू कसैलाई लगाउन नदेओस्।

तन्तुवायो दशपलं दद्यादेकपलाधिकम्।

अतोऽन्यथा वर्तमानो दाप्यो द्वादशकं दमम्॥ ३९७॥

लुगाको तान बुन्नेले दस पल सूत लिएर एक पल अरू धेरै अर्थात् एघार पल लुगा जोखेर सूत दिनेलाई दिउन् अन्यथा तौल कम भएमा राजाले उसलाई बाह्र पण दण्ड गरून्।

शुल्कस्थानेषु कुशलः सर्वपण्यविचक्षणाः।
कुर्युरर्घ यथापण्यं ततो विंशं नृपो हरेत्॥ ३९८॥

करसम्बन्धी विषयमा कुशल, बजारमा बिक्री हुने वस्तुको किन-बेच जान्ने मनुष्यले जुन वस्तुको जुन दाम निर्णय गर्छन् त्यसको नाफाको बीसौं भाग राजाले लिउन्।

राज्ञः प्रख्यातभाण्डानि प्रतिषिद्धानि यानि च।
तानि निर्हरतो लोभात्सर्वहारं हरेन्नृपः॥ ३९९॥

राजाका सम्बद्ध विशेष पात्र, वस्त्र, वाहन आदि र जुन वस्तु बाहिर लैजान राजाबाट मनाही भएको हुन्छ, लोभका कारण ती वस्तुहरू देशबाहिर लैजानेलाई राजाले उसको सर्वस्व हरण गरून्।

शुल्कस्थानं परिहरन्नकाले क्रयविक्रयी।
मिथ्यावादी च संख्याने दाप्योऽष्टगुणमत्ययम्॥ ४००॥

जुन व्यापारी कर बुझाउने डरले अर्को बाटोबाट जान्छ, असमयमा खरिद-बिक्री गर्छ, धेरै कर बुझाउनुपर्छ भनेर बिक्री भएका वस्तुको परिमाण झुटो बताउँछ भने जति कर उसले झुटो बोलेर जोगाएको हुन्छ, राजाले त्यसको आठ गुणा दण्ड गरून्।

आगमं निर्गमं स्थानं तथा वृद्धिक्षयावुभौ।
विचार्य सर्वपण्यानां कारयेत्क्रयविक्रयौ॥ ४०१॥

बाहिरबाट आएका वस्तुहरूमा र आफ्ना देशका वस्तुहरूमा कति दिनसम्म राख्नाले कति नाफा हुन्छ, नाफा लिएर बेच्दा कति वृद्धि हुन्छ, ती वस्तुहरूको रक्षा गर्नमा कति खर्च हुन्छ- यी सबै कुरालाई राम्ररी विचार गरेर बिक्री हुने जति सामानको भाउ ठीक गरून्, जसबाट किन्ने र बेच्नेको मनमा कुनै प्रकारको दुःख नहोस्।

पञ्चरात्रे पञ्चरात्रे पक्षे पक्षेऽथवा गते।
कुर्वीत चैषां प्रत्यक्षमर्घसंस्थापनं नृपः॥ ४०२॥

पाँच-पाँच दिन वा रातपछि वा एक-एक पक्षमा व्यापारीहरूका वस्तुहरूको दर-भाउ निश्चय गर्ने गरून्।

तुलामानं प्रतीमानं सर्वं च स्यात्सुलक्षितम्।
षट्सु षट्सु च मासेषु पुनरेव परीक्षयेत्॥ ४०३॥

सून जोख्ने तोला, मासा, रत्ती आदि र अन्न जोख्ने ढक, माना, पाथी आदि वजनमा ठीक छन् वा छैनन्- यी सबै राजाले प्रत्येक छः महिनामा जाँच गर्ने गरून्।

पणं यानं तरे दाप्यं पौरुषोऽर्धपणं तरे।
पादं पशुश्च योषिच्च पादार्थं रिक्तकः पुमान्॥ ४०४॥

खाली सवारीलाई पारी पुऱ्याएको भाँडा एक पण, भारी तारेको आधी पण, पशु र स्त्रीलाई तारेको चौथाइ पण र भारी बिनाको पुरुष तारेको भाडा एक पणको चौथाइको आधी भाग दिनुपर्छ।

भाण्डपूर्णानि यानानि तार्यं दाप्यानि सारतः।
रिक्तभाण्डानि यत्किञ्चित्पुमांसश्चापरिच्छदाः॥ ४०५॥

भाँडाकुँडाले भरिएका गाडाको भाँडा, भाँडाकुँडाको मूल्यको विवेचना गरेर दिनुपर्छ, तर रित्तो गाडाको घोडा, टट्टु र दरिद्र मानिसलाई पारी तारेको ज्याला साह्रै थोरै दिनुपर्छ।

दीर्घाध्वनि यथादेशं यथाकालं तरौ भवेत्।
नदीतीरेषु तद्विद्यात्समुद्रे नास्ति लक्षणम्॥ ४०६॥

जलमार्गबाट टाढासम्म जानमा नदीको वेग, स्थिरता, अनुकूल, प्रतिकूल प्रवाह र समय आदि हेरेर डुंगाको भाडा निधो गरून्। यो नियम नदीको बाटोको लागि हुन सक्छ, समुद्र यात्राका लागि होइन।

गर्भिणी तु द्विमासादिस्तथा प्रव्रजितो मुनिः।
ब्राह्मणा लिङ्गिनश्चैव न दाप्यास्तारिकं तरे॥ ४०७॥

दुई महिनामाथिकी गर्भिणी स्त्री, संन्यासी, ब्राह्मण र ब्रह्मचारी यिनीहरूसित नदी पार जान कुनै भाडा लिनु हुँदैन।

यन्नावि किञ्चिद्दाशानां विशीर्येतापराधतः।
तद्दाशैरेव दातव्यं समागम्य स्वतोंऽशतः॥ ४०८॥

डुङ्गा खियाउने (मल्लाह) का भूलबाट यात्रीहरूको जुन सामान डुङ्गामा नष्ट भएको छ त्यसको पूर्ति सबै मल्लाह मिलेर आ-आफ्नो भागमा बाँड्नुपर्छ।

एष नौयायिनामुक्तो व्यवहारस्य निर्णयः।
दाशापराधतस्तोये दैविके नास्ति निग्रहः॥ ४०९॥

यी नौ यात्रीहरूको व्यवहारको निर्णय भनियो । मल्लाहका दोषबाट जुन वस्तु पानीमा झरेर नष्ट हुन जान्छ त्यसको क्षतिपूर्ति मल्लाहले दिउन्, तर दैवी घटना (आँधी-हुरी आदि) बाट नष्ट हुन्छ भने त्यसको क्षतिपूर्ति मल्लाहले दिदैनन् ।

वाणिज्यं कारयेद्वैश्यं कुसीदं कृषिमेव च ।
पशूनां रक्षणं चैव दास्यं शूद्रं द्विजन्मनाम् ॥ ४१० ॥

राजाले वैश्यबाट खेती, वाणिज्य, गाई, गोरु आदि पशुहरूको पालन र शूद्रबाट द्विजातिहरूको सेवा गराउन् ।

क्षत्रियं चैव वैश्यं च ब्राह्मणो वृत्तिकर्शितौ ।
बिभृयादानृशंस्येन स्वानि कर्माणि कारयन् ॥ ४११ ॥

यदि क्षत्रिय र वैश्य आफ्ना वृत्तिले निर्वाह गर्न नसकेर पीडित छन् भने ब्राह्मणले तिनलाई उनीहरूकै वृत्ति गराएर दयापूर्वक तिनको भरण-पोषण गरून् ।

दास्यं तु कारयँल्लोभाद् ब्राह्मणः संस्कृतान्द्विजान् ।
अनिच्छतः ' प्राभावत्याद्राज्ञा दण्ड्यशतानि षट् ॥ ४१२ ॥

जुन ब्राह्मण लोभले वा प्रभुत्वले उपनीत द्विजातिहरूसित उनको इच्छा विरुद्ध सेवा टहलको काम लिन्छन्, राजाले उसलाई छःसय पण दण्ड गरून् ।

शूद्रं तु कारयेद्दास्यं क्रीतमक्रीतमेव वा ।
दास्यायैव हि सृष्टोऽसौ ब्राह्मणस्य स्वयंभुवा ॥ ४१३ ॥

शूद्रलाई किनिएको होस् वा नहोस् उसित नोकरको काम लिउन्, किनकि ब्रह्माजीले सेवाका लागि नै उसलाई बनाएका हुन् ।

न स्वामिना निसृष्टोऽपि शूद्रो दास्याद्विमुच्यते ।
निसर्गजं हि तत्तस्य कस्तस्मात्तदपोहति ॥ ४१४ ॥

स्वामी (मालिक) बाट भनिए पनि शूद्रले सेवा वृत्तिबाट छुट्टी पाउन सक्दैन, किनकि उसका स्वाभाविक वृत्तिबाट उसलाई कसले छुटाउन सक्छ ।

ध्वजाहृतो भक्तदासो गृहजः क्रीतदत्रिमौ ।
पैत्रिको दण्डदासश्च सप्तैते दासयोनयः ॥ ४१५ ॥

युद्धमा विजय प्राप्त भएपछि ल्याइएको, भोजनको लालचले स्वयं आएको, दासीको गर्भबाट उत्पन्न भएको, किनेर ल्याइएको, कसैले दिएको, जो

बाबु-बाजेको पालादेखि काम गर्दै आएको हुन्छ र जो दण्ड, ऋण आदि चुक्ता गर्नको लागि दास भएको हुन्छ- यी सातै दास योनि हुन्।

भार्या पुत्रश्च दासश्च त्रय एवाधनाः स्मृताः।
यत्ते समधिगच्छन्ति यस्य ते तस्य तद्धनम्॥ ४१६॥

पत्नी, पुत्र र सेवक यी तीनलाई निर्धन भनिएको छ, किनकि यिनले उपार्जन गरेको धन उनीहरूको हुन्छ, जसका यी पुत्र, कलत्र र सेवक हुन्छन्।

विस्रब्धं ब्राह्मणः शूद्राद् द्रव्योपादानमाचरेत्।
नहि तस्यास्ति किञ्चित्स्वं भर्तृहार्यधनोहि सः॥ ४१७॥

काम परेको बेला आफ्नो कोही नभएको शूद्रको धन ब्राह्मणले बिना रोकटोक लिन सक्छन्, किनकि उसको आफ्नो धन केही हुँदैन, सबै धन उसको स्वामीको हो।

वैश्यशूद्रौ प्रयत्नेन स्वानि कर्माणि कारयेत्।
तौ हि च्युतौ स्वकर्मभ्यः क्षोभयेतामिदं जगत्॥ ४१८॥

राजाले वैश्य र शूद्रबाट उनीहरूको वृत्ति यत्नपूर्वक गराउन्, किनकि ती दुवै आफ्ना कर्महरूबाट च्युत भएमा सारा संसारलाई क्षुब्ध गर्न सक्छन्।

अहन्यहन्यवेक्षेतं कर्मान्तान्वाहनानि च।
आयव्ययौ च नियतावाकरान्कोशमेव च॥ ४१९॥

राजाले आरम्भ गरेका कार्यहरूको सम्पन्नता, निश्चित आय-व्यय, खानी, खजाना र वाहनहरूको प्रतिदिन निरीक्षण गरून्।

एवं सर्वानिमान् राजा व्यवहारान्समापयन्।
व्यपोह्य किल्विषं सर्वं प्राप्नोति परमां गतिम्॥ ४२०॥

जुन राजाले यस प्रकार यी सबै पूर्वोक्त व्यवहारहरूलाई पूर्ण गर्छन्, ती सबै पापहरूबाट मुक्त भएर परमपदलाई प्राप्त हुन्छन्।

॥ इति अष्टम अध्याय समाप्त॥

●●

नवमोऽध्यायः

पुरुषस्य स्त्रियाश्चैव धर्मे वर्त्मनि तिष्ठतोः।
संयोगे विप्रयोगे च धर्मान्वक्ष्यामि शाश्वतान्॥ १॥

अब धर्म-पथमा चल्दै स्त्री-पुरुषको संयोग र वियोगका समय नित्य पालन गर्ने धर्महरू भन्ने छु।

अस्वतन्त्राः स्त्रियः कार्याः पुरुषैः स्वैर्दिवानिशम्।
विषयेषु च सज्जन्त्यः संस्थाप्या आत्मनो वशे॥ २॥

पुरुषहरूले कहिल्यै पनि आफ्ना स्त्रीहरूलाई स्वतन्त्रता दिनु हुँदैन। स्त्रीहरू यदि रूप-रसादिमा आशक्त भए पनि उनीहरूलाई आफ्नो वशमा राख्नुपर्छ।

पिता रक्षति कौमारे भर्ता रक्षति यौवने।
रक्षन्ति स्थविरे पुत्रा न स्त्री स्वातन्त्र्यमर्हति॥ ३॥

स्त्रीहरूको बाल्यावस्थामा पिता, युवावस्थामा पति र वृद्धावस्थामा पुत्रले रक्षा गर्दछ। स्त्री कहिल्यै स्वतन्त्रता योग्य हुँदैनन्।

कालेऽदाता पिता वाच्यो वाच्यश्चानुपयन्पतिः।
मृते भर्तरि पुत्रस्तु वाच्यो मातुररक्षिता॥ ४॥

विवाहयोग्य भएकी पुत्रीको विवाह समयमा नगरिदिने पिता, ऋतुमतीको समय प्रसङ्ग नगर्नाले पति, पतिको मृत्युपछि आमाको रक्षा नगर्ने पुत्र- यी सबै निन्द्य हुन्।

सूक्ष्मेभ्योऽपि प्रसङ्गेभ्यः स्त्रियो रक्ष्या विशेषतः।
द्वयोर्हि कुलयोः शोकमावहेयुररक्षिताः॥ ५॥

थोरै कुसंगतिबाट पनि स्त्रीहरूको विशेष सुरक्षा गर्नुपर्छ, किनभने अरक्षित भएमा दुवै कुल (पितृकुल, पतिकुल) लाई कलंकित पार्छन्।

इमं हि सर्ववर्णानां पश्यन्तो धर्ममुत्तमम्।
यतन्ते रक्षितं भार्यां भर्तारो दुर्बलो अपि॥ ६॥

सबै वर्णहरूका यी (स्त्रीरक्षारूप) उत्तम धर्मलाई हेर्दै पति दुर्बल भए पनि आफ्नी स्त्रीको रक्षामा प्रयत्नशील हुनुपर्छ।

स्वां प्रसूतिं चरित्रं च कुलमात्मानमेव च।
स्वं च धर्मं प्रयत्नेन जायां रक्षन्हि रक्षति॥ ७॥

स्त्रीका रक्षामा प्रयत्नशील मनुष्य आफ्ना सन्तान, चरित्र, कुल, आत्मा र धर्मको रक्षा गर्दछ।

पतिर्भार्यां संप्रविश्य गर्भो भूत्वेह जायते।
जायायास्तद्धि जायात्वं यदस्यां जायते पुनः ॥ ८ ॥

पति वीर्यरूपमा स्त्रीको गर्भमा प्रवेश गरी पुत्र रूपमा उत्पन्न हुन्छ। स्त्रीको त्यही जायत्व (स्त्रीपन) हो, जुन स्त्रीमा पुनः उत्पन्न हुन्छ।

यादृशं भजते हि स्त्री सुतं सूते तथाविधम्।
तस्मात्प्रजाविशुद्ध्यर्थं स्त्रियं रक्षेत्प्रयत्नतः ॥ ९ ॥

जस्ता पुरुषका साथ स्त्रीले समागम गर्छिन् त्यस्तै सन्तान पनि उत्पन्न गर्छिन्। यसकारण शुद्ध सन्तानोत्पादनको प्रयत्न गरेर स्त्रीको रक्षा गरून्।

न कश्चिद्योषितः शक्तः प्रसह्य परिरक्षितुम्।
एतैरुपाययोगैस्तु शक्यास्ताः परिरक्षितुम् ॥ १० ॥

बल प्रयोग गरेर कुनै पनि पुरुषले स्त्रीको रक्षा गर्न सक्तैन, तर तल बताइएका उपायहरूबाट रक्षा गर्न सक्छ।

अर्थस्य संग्रहे चैनां व्यये चैवं नियोजयेत्।
शौचे धर्मेऽन्नपक्त्यां च पारिणाह्यस्य वेक्षणे ॥ ११ ॥

धनको आय-व्ययको विषयमा, घरका वस्तुहरूको सफाइ, धर्मादि कार्यहरू, खाना बनाउने, ख्वाउने र घरको हेरचाहको काममा नियुक्त गरून्।

अरक्षिता गृहे रुद्धाः पुरुषैराप्तकारिभिः।
आत्मानमात्मना यास्तु रक्षेयुस्ताः सुरक्षिताः ॥ १२ ॥

आफ्ना ठूला-बडाद्वारा घरमा बन्द गरिंदा पनि स्त्री आरक्षित नै हुन्छिन्। जुन स्त्रीहरूले आफ्नो रक्षा स्वयं गर्छन्, तिनै सुरक्षित रहन्छन्।

पानं दुर्जनसंसर्गः पत्या च विरहोऽटनम्।
स्वप्नोऽन्यगेहवासश्च नारीसंदूषणानि षट् ॥ १३ ॥

मदिरा पिउनु, दुष्टहरूको संगति, पतिको वियोग, यताउता घुम्नु, बेला न कुबेला सुत्नु र अर्काको घरमा रहनु- यी छः स्त्रीहरूका दोष हुन्।

नैता रूपं परीक्षन्ते नासां वयसि संस्थितिः।
सुरूपं वा विरूपं वा पुमानित्येव भुञ्जते ॥ १४ ॥

स्त्रीहरू रूपको परीक्षा गर्दैनन्, न उमेरको नै ध्यान राख्छन्, सुन्दर हुन् वा कुरूप हुन् पुरुष हुनाले नै ती उसका साथ भोगमा लिप्त हुन्छिन्।

पौंश्चल्याच्चलचित्ताच्च नैस्नेह्याच्च स्वभावतः ।
रक्षिता यत्नतोऽपीह भर्तृष्वेता विकुर्वते ॥ १५ ॥

पुंश्चल (पर–पुरुषका साथ भोगको इच्छा) दोषले, चञ्चलताले, स्वभावैले स्नेह नहुनाका कारण घरमा यत्नपूर्वक राख्दा पनि स्त्रीहरू पतिविरुद्ध काम गर्छन् ।

एवं स्वभावं ज्ञात्वाऽऽसां प्रजापतिनिसर्गजम् ।
परमं यत्नमातिष्ठेत्पुरुषो रक्षणं प्रति ॥ १६ ॥

ब्रह्माजीले स्वभावैले स्त्रीहरूको यस्तो स्वभाव बनाएका हुन्, यसकारण पुरुषले सधैंभरि स्त्रीको रक्षा गर्नुपर्छ ।

शय्याऽऽसनमलङ्कारं कामं क्रोधमनार्जवम् ।
द्रोहभावं कुचर्यां च स्त्रीभ्यो मनुरकल्पयत् ॥ १७ ॥

मनुजीले सृष्टिका शुरुमा शय्या, आसन, आभूषण, काम, क्रोध, कुटिलता, द्रोह र दुराचार स्त्रीहरूका लागि नै कल्पना गरेका थिए ।

नास्ति स्त्रीणां क्रिया मन्त्रैरिति धर्मे व्यवस्थितिः ।
निरिन्द्रिया ह्यमन्त्राश्च स्त्रियोऽनृतमिति स्थितिः ॥ १८ ॥

धर्मशास्त्रका व्यवस्थाअनुसार स्त्रीहरूको जातकर्मादि क्रियाहरू मन्त्रहरूद्वारा गर्नुहुँदैन । उनीहरूलाई मन्त्रहरूको ज्ञान र अधिकार पनि छैन, उनीहरूको झूटमा नै स्थिति हुन्छ ।

तथा च श्रुतयो बह्व्यो निगीता निगमेष्वपि ।
स्वालक्षण्यपरीक्षार्थं तासां शृणुत निष्कृतिः ॥ १९ ॥

वेदहरूमा पनि उक्त विषयका अनेक श्रुतिहरू छन्, तिनमा जुन मन्त्र व्यभिचारको प्रायश्चित्तको लागि हुन्छ, त्यसलाई सुन्नुहोस् ।

यन्मे माता प्रलुलुभे विचरन्त्यपतिव्रता ।
तन्मे रेतः पिता वृङ्क्तामित्यस्यैतन्निदर्शनम् ॥ २० ॥

मेरी माता अपवित्र भएर घुम्दै घुम्दै अरूको घरमा गएर परपुरुषको इच्छा गरिन्, यसकारण उनको त्यो दूषित रजलाई मेरा पिताले शुद्ध गरून् । (यो मन्त्र त्यस समयको व्यभिचारको द्योतक हो ।)

ध्यायत्यनिष्टं यत्किञ्चित्पाणिग्राहस्य चेतसा ।
तस्यैष व्यभिचारस्य निह्नवः सम्यगुच्यते ॥ २१ ॥

जुन स्त्रीले आफ्नो पति विरुद्ध परपुरुषसित गमन गर्नाको इच्छा मनमा गर्छिन्, त्यो मानसिक पापले कलुषित चित्तको शुद्धिका लागि यो मन्त्र हो–

यादृग्गुणेन भर्त्रा स्त्री संयुज्येत यथाविधि।
तादृग्गुणा सा भवति समुद्रेणेव निम्नगा॥ २२॥

जस्ता गुणका पुरुषसित स्त्रीको विवाह हुन्छ त्यस्तै गुणबाट तिनी युक्त हुन्छिन्, जसरी नदीको जल समुद्रमा मिसिएपछि नुनिलो हुन जान्छ।

अक्षमाला वसिष्ठेन संयुक्ताऽधमयोनिजा।
शारङ्गी मन्दपालेन जगामाभ्यर्हणीयताम्॥ २३॥

नीच योनिमा उत्पन्न भएकी अक्षमाला र सारङ्गी क्रमैसित वशिष्ठ र मन्दपालका साथ विवाह हुनाले परम पूज्यामा प्राप्त भइन्।

एताश्चान्याश्च लोकेऽस्मिन्नपकृष्टप्रसूतयः।
उत्कर्षं योषितः प्राप्ताः स्वैः स्वैर्भर्तृगुणैः शुभैः॥ २४॥

यस लोकमा यस्तै (उपरोक्त) र अरू पनि कति स्त्रीहरू नीच कुलमा उत्पन्न भएर पनि आफ्ना स्वामीका गुणहरूले युक्त भएर श्रेष्ठतामा प्राप्त भएका छन्।

एषोदिता लोकयात्रा नित्यं स्त्रीपुंसयोः शुभा।
प्रेत्येहं च सुखोदर्कान्प्रजाधर्मान्निबोधत॥ २५॥

यो स्त्री र पुरुषहरूको नित्य लोक–व्यवहारका शुभ नियमहरू भनें। अब यस लोक र परलोकमा आनन्द दिने सन्तान धर्मलाई भन्दछु।

प्रजनार्थं महाभागाः पूजार्हा गृहदीप्तयः।
स्त्रियः श्रियश्च गेहेषु न विशेषोऽस्ति कश्चन॥ २६॥

स्त्रीहरू सन्तान उत्पन्न गर्नाका कारण उपकार गर्ने पूजनीया र घरको शोभारूपिणी यी स्त्री र लक्ष्मी घरमा समान छन्, त्यसैले यिनमा कुनै भेद छैन।

उत्पादनमपत्यस्य जातस्य परिपालनम्।
प्रत्यहं लोकयात्रायाः प्रत्यक्षं स्त्रीनिबन्धनम्॥ २७॥

सन्तान उत्पन्न गर्नु, उत्पन्न भएकालाई पाल्नु, नित्य घरको काम गर्नु– यी सबैका प्रत्यक्ष कारण स्त्रीहरू नै हुन्।

अपत्यं धर्मकार्याणि शुश्रूषा रतिरुत्तमा।
दाराधीनस्तथा स्वर्गः पितृणामात्मनश्च ह॥ २८॥

सन्तान, धर्मकार्य, सेवा, उत्तम रति, पितृहरूको र आफ्नो स्वर्ग साधन– यी सबै कार्य स्त्रीकै अधीनमा छन्।

पतिं या नाभिचरति मनोवाग्देहसंयता।
सा भर्तुलोकमाप्नोति सद्भिः साध्वीति चोच्यते॥ २९॥

जो स्त्री मन, वाणी र शरीरलाई संयम गरेर पतिका विरुद्ध आचरण गर्दैनन् तिनी मृत्युपछि पतिलोक प्राप्त गर्छिन् र यस लोकमा सज्जनहरूद्वारा पतिव्रता कहलाउँछन्।

व्यभिचारात्तु भर्तुःस्त्री लोके प्राप्नोति निन्द्यताम्।
शृगालयोनिं चाप्नोति पापरोगैश्च पीड्यते॥ ३०॥

स्वामीका विरुद्ध आचरण गर्ने स्त्री यस लोकमा निन्दित हुन्छन् र मृत्युपछि श्रृगाल (स्याल) का योनिमा उत्पन्न भएर अनेक प्रकारका रोगले पीडित हुन्छन्।

पुत्रं प्रत्युदितं सद्भिः पूर्वजैश्च महर्षिभिः।
विश्वजन्ममिमं पुण्यमुपन्यासं निबोधत॥ ३१॥

पूर्वका श्रेष्ठ मनु आदि तथा प्राचीन महर्षिहरूले पुत्रको विषयमा संसारका हितका लागि जुन पवित्र विचार भनेका छन् त्यो सुन्नुहोस्।

भर्तुः पुत्रं विजानन्ति श्रुतिद्वैधं तु भर्तरि।
आहुरुत्पादकं केचिदपरे क्षेत्रिणं विदुः॥ ३२॥

पुत्र स्वामी (भर्ता)को हुन्छ, तर स्वामीको विषयमा दुई प्रकारको श्रुति छ– कोही पुत्र उत्पन्न गर्नेलाई पुत्रवान् भन्छन् र कोही जसको स्त्रीबाट पुत्र उत्पन्न हुन्छ त्यसैलाई पुत्रवान् मान्दछन्।

क्षेत्रभूता स्मृता नारी बीजभूतः स्मृतः पुमान्।
क्षेत्रबीजसमायोगात् सम्भवः सर्वदेहिनाम्॥ ३३॥

स्त्री क्षेत्ररूप र पुरुष बीउरूप हुन्छन्। क्षेत्र तथा बीउको संसर्गबाट सबै प्राणीहरूको उत्पत्ति हुन्छ।

विशिष्टं कुत्रचिद्बीजं स्त्रीयोनिस्त्वेव कुत्रचित्।
उभयं तु समं यत्र सा प्रसूतिः प्रशस्यते॥ ३४॥

कतै बीउ प्रधान हुन्छ भने कतै क्षेत्र प्रधान हुन्छ। जहाँ दुवै समान हुन्छन् त्यहाँ सन्तान पनि श्रेष्ठ हुन्छन्।

बीजस्य चैव योन्याश्च बीजमुत्कृष्टमुच्यते।
सर्वभूतप्रसूतिर्हि बीजलक्षणलक्षिता॥ ३५॥

बीउ र क्षेत्रमा बीउलाई श्रेष्ठ मानिन्छ, किनकि सबै प्राणीहरूको उत्पत्ति बीउको लक्षणअनुसार नै हुन्छ।

यादृशं तूप्यते बीजं क्षेत्रे कालोपपादिते।
तादृग्रोहति तत्तस्मिन्बीजं स्वैर्व्यञ्जितं गुणैः॥ ३६॥

समयमा जोतिएको खेतमा जस्तो बीउ रोपिन्छ, आफ्नो गुण लिएर त्यो खेतमा त्यस्तै (आफ्नो जाति समान) उम्रिन्छ।

इयं भूमिर्हि भूतानां शाश्वती योनिरुच्यते।
न च योनिगुणान्कांश्चिद्बीजं पुष्यति पुष्टिषु॥ ३७॥

यो भूमि सबै जीवहरूको निरन्तर उत्पत्ति स्थान हो, तर कहिले पनि भूमिको गुणबाट बीउ पुष्ट हुँदैन, ती आफ्नै गुणले अंकुरित हुन्छन्।

भूमावप्येककेदारे कालोप्तानि कृषीबलैः।
नानारूपाणि जायन्ते बीजानीह स्वभावतः॥ ३८॥

एउटै समयमा एउटै खेतमा किसानहरूद्वारा रोपिएका अनेक प्रकारका बीउ आफ्ना स्वभावका अनुसार अनेक प्रकारका उत्पन्न हुन्छन्।

व्रीहयः शालयो मुद्गास्तिला माषास्तथा यवाः।
यथा बीजं प्ररोहन्ति लशुनानीक्षवस्तथा॥ ३९॥

धान आदि अन्न, शाल आदि वृक्ष, तिल, मूँग, मास, जौ, लशुन, ऊखु- यी सबै आफ्ना बीउअनुसार नै उत्पन्न हुन्छन्।

अन्यदुप्तं जातमन्यदित्येतन्नोपपद्यते।
उप्यते यद्धि यद्बीजं तत्तदेव प्ररोहति॥ ४०॥

रोप्ने एक थोक र उम्रिने अर्को थोक, यस्तो कहिल्यै हुँदैन। जुन बीउ रोपिन्छ त्यही उम्रिन्छ।

तत्प्राज्ञेन विनीतेन ज्ञानविज्ञानवेदिना।
आयुष्कामेन वप्तव्यं न जातु परयोषिति॥ ४१॥

यसकारण ज्ञान (वेद) तथा विज्ञान (वेदांगादि) जान्ने र दीर्घायुको इच्छा राख्ने विद्वान्‌ले कहिल्यै पर-स्त्रीमा बीउ नरोपुन्।

अत्र गाथा वायुगीताः कीर्तयन्ति पुराविदः।
यथा बीजं न वप्तव्यं पुंसा परपरिग्रहे॥ ४२॥

अर्कांकी स्त्रीमा अरू पुरुषले बीउ रोप्नु हुँदैन । यस विषयमा प्राचीन आचार्यहरू वायुद्वारा गाइएको गाथाहरू भन्दछन् ।

नश्यतीषुर्यथा विद्धः खे विद्धमनुविद्ध्यतः ।
तथा नश्यति वै क्षिप्तं बीजं परपरिग्रहे ॥ ४३ ॥

जसरी एउटाले ताकेको निशानामा अर्कोले छोडेको वाण निष्फल हुन्छ, त्यसै गरी परस्त्रीमा रोपिएको बीउ निष्फल हुन्छ ।

पृथोरपीमां पृथिवीं भार्यां पूर्वविदो विदुः ।
स्थाणुच्छेदस्य केदारमाहुः शल्यवती मृगम् ॥ ४४ ॥

पूर्व आचार्यहरूले यस पृथ्वीलाई पृथुको भार्या भनेका छन् । जसले जुन भूमिलाई क्षेत्रका रूपमा काटेर बनाउँछ, त्यो उसैको हुन्छ, जस्तो- जसले पहिला मृगलाई वाण हान्छ त्यो उसैको हुन्छ ।

एतावानेव पुरुषो यज्जायाऽऽत्मा प्रजेति हि ।
विप्राः प्राहुस्तथा चैतद्यो भर्ता सा स्मृताङ्गना ॥ ४५ ॥

आफ्नो शरीर, सन्तति र स्त्री- यी तीनै मिलेर पुरुष हुन्छ । ज्ञानीहरूको भनाइ छ कि जो पति हुन्छ उही पत्नी हुन्छ अर्थात् पति-पत्नीमा कुनै भेद हुँदैन ।

न निष्क्रयविसर्गाभ्यां भर्तुर्भार्या विमुच्यते ।
एवं धर्मं विजानीमः प्राक्प्रजापतिनिर्मितम् ॥ ४६ ॥

बेच्नाले वा त्याग गर्नाले स्त्री पतिको पत्नीत्वबाट अलग हुँदिनन्, यो धर्म पूर्वमा प्रजापतिले जुन बनाएका हुन्, त्यसलाई हामी जान्दछौं ।

सकृदंशो निपतति सकृत्कन्या प्रदीयते ।
सकृदाह ददानीति त्रीण्येतानि सतां सकृत् ॥ ४७ ॥

दाजु-भाइमा पैतृक सम्पत्तिको अंश-बण्डा एकपल्ट नै हुन्छ, कन्यादान एकैपल्ट हुन्छ, कुनै वस्तुको दान एकैपल्ट हुन्छ- यी तीनै कार्य सज्जनहरूका निम्ति एकैपल्ट मात्र हुन्छ ।

यथा गोऽश्वोष्ट्रदासीषु महिष्यजाविकासु च ।
नोत्पादकः प्रजाभागी तथैवान्याङ्गनास्वपि ॥ ४८ ॥

जस्तै- गाई, घोडी, ऊँटनी, दासी, भैंसी, बाखी र भेडी आदिमा सन्तान उत्पन्न गर्ने गोरु आदि सन्तानका भागी हुँदैनन् त्यस्तै परस्त्रीमा सन्तान उत्पन्न गर्ने पुरुष पनि ती सन्तानका भागी हुँदैनन् ।

येऽक्षेत्रिणो बीजवन्तः परक्षेत्रप्रवापिणः।
ते वै सस्यस्य जातस्य न लभन्ते फलं क्वचित्॥ ४९॥

जोसित स्वयंको खेत हुँदैन यदि उसले अर्काको खेतमा बीउ रोप्छ भने त्यो खेतमा उत्पन्न भएको धान, फल आदि कुनै प्रकारले पनि पाउने हकदार हुँदैन।

तदन्यगोषु वृषभो वत्सानां जनयेच्छतम्।
गोमिनामेव ते वत्सा मोघं स्कन्दितमार्षभम्॥ ५०॥

यदि अर्काको गाईमा गोरुले एक सय बाछा जन्माए पनि ती बाछा गाईका स्वामीकै हुन्छ न कि त्यो गोरुको। यो वीर्य सिंचन उसको स्वामीको लागि व्यर्थ हुन्छ।

तथैवाक्षेत्रिणो बीजं परक्षेत्रप्रवापिणः।
कुर्वन्ति क्षेत्रिणामर्थं न बीजी लभते फलम्॥ ५१॥

त्यसैगरी खेत नभएकाको बीउ अरूको खेतमा रोप्नाले निष्फल हुनजान्छ। रोपिएको बीउ क्षेत्र स्वामीका निम्ति हुन्छ, बीउ रोप्नेले त्यसको फल पाउँदैन।

फलं त्वनभिसंधाय क्षेत्रिणां बीजिनां तथा।
प्रत्यक्षं क्षेत्रिणामर्थो बीजाद्योनिर्गरीयसी॥ ५२॥

यदि खेतको स्वामी र बीउ रोप्ने माझमा फलको विषयमा कुनै कुरा निश्चय भएको छैन भने फल खेतको स्वामीकै हुन्छ, किनकि बीउभन्दा श्रेष्ठ खेत हुन्छ।

क्रियाऽभ्युपगमात्त्वेतद्बीजार्थं यत्प्रदीयते।
तस्येह भागिनौ दृष्टौ बीजी क्षेत्रिक एव च॥ ५३॥

जुन खेतमा उब्जिएको फलको विषयमा दुवैको आपसमा कुरा मिलेको हुन्छ, त्यस खेतको फलमा क्षेत्रपति र बीउपति दुवैको भाग हेरिन्छ।

ओघवाताहृतं बीजं यस्य क्षेत्रे प्ररोहति।
क्षेत्रिकस्यैव तद्बीजं न वप्ता लभते फलम्॥ ५४॥

पानी वा हावाको वेगले (अरूको खेतमा रोपिएको) बीउ बगेर वा उडेर अरूको खेतमा जान्छ भने त्यो बीउ जसको खेतमा जम्मा हुन्छ उसैको हुन्छ।

एष धर्मो गवाश्वस्य दास्युष्ट्राजाविकस्य च।
विहङ्गमहिषीणां च विज्ञेयः प्रसवं प्रति॥ ५५॥

यही धर्म गाई, घोडी, दासी, उँटनी, भेडी, बाखी र भैंसी आदिका सन्तानका निम्ति पनि जान्नुपर्छ।

एतद्वः सारफल्गुत्वं बीजयोन्योः प्रकीर्तितम्।
अतः परं प्रवक्ष्यामि योषितां धर्ममापदि॥ ५६॥

मैले बीउ तथा क्षेत्रको प्रधानत्व र अप्रधानत्वका विषयमा भनें, अब स्त्रीहरूका आपत्तिकाल सम्बन्धी धर्मलाई भन्दछु।

भ्रातुर्ज्येष्ठस्य भार्या या गुरुपत्न्यनुजस्य सा।
यवीयसस्तु या भार्या स्नुषा ज्येष्ठस्य सा स्मृता॥ ५७॥

भाइले दाजुकी पत्नीलाई गुरुपत्नी र दाजुले भाइको पत्नीलाई पुत्रवधू (बुहारी) तुल्य मानून्, यस्तो ऋषिहरूको मत हो।

ज्येष्ठो यवीयसो भार्यां यवीयान्वाग्रजस्त्रियम्।
पतितौ भवतो गत्वा नियुक्तावप्यनापदि॥ ५८॥

दाजुले भाइको पत्नीका साथ र भाइले दाजुकी पत्नीका साथ निरापद स्थितिमा नियुक्त भएर यदि समागम गर्‍यो भने ती दुवै पतित हुन्छन्।

देवराद्वा सपिण्डाद्वा स्त्रिया सम्यङ् नियुक्तया।
प्रजेप्सिताधिगन्तव्या सन्तानस्य परिक्षये॥ ५९॥

सन्तान नभएमा स्त्रीले आफ्ना पति आदि गुरुजनहरूसित आज्ञा लिएर देवर वा सपिण्डका कुनै व्यक्तिबाट अभिष्ट सन्तान उत्पन्न गर्नुपर्छ।

विधवायां नियुक्तस्तु घृताक्तो वाग्यतो निशि।
एकमुत्पादयेत्पुत्रं न द्वितीयं कथञ्चन॥ ६०॥

पूर्वोक्त प्रकारले नियुक्त पुरुष आफ्नो शरीरमा घिउ दलेर रात्रिमा मौन रहेर विधवा स्त्रीमा एउटै पुत्र उत्पन्न गरून्, दोस्रो होइन।

द्वितीयमेके प्रजनं मन्यन्ते स्त्रीषु तद्विदः।
अनिर्वृतं नियोगार्थं पश्यन्तो धर्मतस्तयोः॥ ६१॥

यस धर्मलाई जान्ने महर्षिहरूको मत छ कि दुई पुत्र उत्पन्न गर्नुपर्छ। किनभने एक पुत्र हुनु नहुनु बराबरै हुन्छ, यसकारण धर्मपूर्वक दोस्रो पुत्र पनि उत्पन्न गरून्।

विधवायां नियोगार्थं निर्वृत्ते तु यथाविधि।
गुरुवच्च स्नुषावच्च वर्तेयातां परस्परम्॥ ६२॥

विधवामा शास्त्ररीत्या नियोग (गर्भ रहेपछि) कार्य पूरा भैसकेपछि ती दुवै स्त्री र पुरुषले परस्परमा गुरु र स्नुषा (बुहारी) जस्तै व्यवहार गरून्।

नियुक्तौ यौ विधिं हित्वा वर्तेयातां तु कामतः।
तावुभौ पतितौ स्यातां स्नुषागगुरुतल्पगौ ॥ ६३ ॥

यी दुवैका लागि जुन विधि शास्त्रोक्त हुन्छ त्यसदेखि भिन्न व्यवहार गर्ने पुरुष, पुत्रवधु र गुरुपत्नीका साथ व्यभिचार गरेको पापको भागी हुनेछन्।

नान्यस्मिन्विधवा नारी नियोक्तव्या द्विजातिभिः।
अन्यस्मिन्हि नियुञ्जाना धर्मं हन्युः सनातनम् ॥ ६४ ॥

द्विजातिकी विधवा स्त्रीको नियोग अन्य जातिका पुरुषसित गराउनु हुँदैन, किनभने यस्तो गर्नाले सनातन (पतिव्रता) धर्मको नाश हुन जान्छ।

नोद्वाहिकेषु मन्त्रेषु नियोगः कीर्त्यते क्वचित्।
न विवाहविधावुक्तं विधवावेदनं पुनः ॥ ६५ ॥

विवाहका वेदोक्त मन्त्रहरूमा नियोग कतै लेखिएको छैन, र न विवाहको विधिमा शास्त्रहरूमा कतै विधवा विवाहको उल्लेख नै गरिएको छ।

अयं द्विजैर्हि विद्वद्भिः पशुधर्मो विगर्हितः।
मनुष्याणामपि प्रोक्तो वेने राज्यं प्रशासति ॥ ६६ ॥

विद्वान् ब्राह्मणहरूले यो पशुधर्मको अत्यन्त निन्दा गरेका छन्, मनुष्यहरूमा पनि बेन राजाको पालादेखि यो पशुधर्म चलिआएको हो।

स महीमखिलां भुञ्जन्राजर्षिप्रवरः पुरा।
वर्णानां सङ्करं चक्रे कामोपहतचेतनः ॥ ६७ ॥

प्राचीनकालमा राजर्षिहरूमा श्रेष्ठ बेन राजा सम्पूर्ण पृथ्वीमाथि राज्य गर्दै कामनाले संतप्त चित्त भएर वर्णसंकरहरू जन्माए।

ततः प्रभृति यो मोहात्प्रमीतपतिकां स्त्रियम्।
नियोजयत्यपत्यार्थं तं निगर्हन्ति साधवः ॥ ६८ ॥

त्यस समयदेखि जसले विधवा स्त्रीलाई सन्तानोत्पत्तिका लागि नियुक्त गर्छन् तिनको साधुजनहरूको मण्डलीमा निन्दा हुन्छ।

यस्या म्रियेत कन्याया वाचा सत्ये कृते पतिः।
तामनेन विधानेन निजो विन्देत देवरः ॥ ६९ ॥

वाग्दान भइसकेपछि जुन कन्याको पतिको मृत्यु हुन्छ, यस्ती कन्याका साथ अगाडि बताइएको विधिअनुसार उसको देवरले विवाह गरून्।

यथाविध्यधिगम्यैनां शुक्लवस्त्रां शुचिव्रताम्।
मिथो भजेताप्रसवात् सकृत् सकृदृतावृतौ॥ ७०॥

त्यो देवर यथाविधिले नियोग गरेर त्यो पवित्र व्रत र सेतो वस्त्र धारण गरेकी स्त्रीसित गर्भधारण नभएसम्म ऋतुकालमा एकपल्ट समागम गरून्।

न दत्त्वा कस्यचित्कन्यां पुनर्दद्याद्विचक्षणः।
दत्त्वा पुनः प्रयच्छन्हि प्राप्नोति पुरुषानृतम्॥ ७१॥

कसैलाई कन्या दिने वचन दिएर फेरि ती कन्यालाई ज्ञानी मनुष्यले अरूलाई दिदैन, किनभने एउटालाई वचन दिएपछि अर्कोलाई दिनाले त्यो मनुष्यले पुरुषानृत दोष भोग्नुपर्छ।

विधिवत्प्रतिगृह्यापि त्यजेत्कन्यां विगर्हिताम्।
व्याधितां विप्रदुष्टां वा छद्मना चोपपादिताम्॥ ७२॥

जुन कन्या निन्दित, रोगी, कलंकित अथवा छल गरेर असल बताइएको हुन्छ, यस्ती कन्यालाई विवाह विधिले ग्रहण गरेर पनि त्याग गर्न सकिन्छ।

यस्तु दोषवतीं कन्यामनाख्यायोपपादयेत्।
तस्य तद्वितथं कुर्यात्कन्यादातुर्दुरात्मनः॥ ७३॥

जुन पुरुषले दोषयुक्त कन्या उसको दोष नबताइ दान गर्छन्, कन्यादान गर्ने त्यो दुरात्मा (दाता) लाई कन्या फिर्ता गरिदिउन्।

विधाय वृत्तिं भार्यायाः प्रसवेत्कार्यवान्नरः।
आवृत्तिकर्षिता हि स्त्री प्रदुष्येत्स्थितिमत्यपि॥ ७४॥

कार्यशील पुरुषले भार्याका वृत्तिको विधान गरेर (आफ्नो अर्थोपार्जन वृत्तिको लागि) देश-देशान्तरको यात्रा गरून्, किनकि वृत्ति नभएका मनुष्यकी स्त्री सुशीला भएर पनि भोजनादिका कष्टले दूषित हुन जान्छन्।

विधाय प्रोषिते वृत्तिं जीवेन्नियममास्थिता।
प्रोषिते त्वविधायैव जीवेच्छिल्पैरगर्हितैः॥ ७५॥

जीवन-निर्वाहको प्रबन्ध मिलाएर पति परदेश गएमा स्त्रीले नियमपूर्वक समय व्यतीत गर्नुपर्छ। यदि स्वामीले जीवन-निर्वाहको प्रबन्ध नमिलाइ परदेश गएमा स्त्रीले कुनै अनिन्दित शिल्प (कारीगारी) बाट जीवन बिताउनुपर्छ।

प्रोषितो धर्मकार्यार्थं प्रतीक्ष्योऽष्टौ नरः समाः।
विद्यार्थं षट् यशोऽर्थं वा कामार्थं त्रींस्तु वत्सरान्॥ ७६॥

यदि स्वामी धर्मकार्य (तीर्थयात्रा आदि) का निम्ति विदेश गएका भए आठ वर्ष, विद्याध्ययनका निम्ति वा यश प्राप्तिका निम्ति गएका भए छः वर्ष र विषय-वासनाका निम्ति गएका भए तीन वर्षसम्म पत्नीले आउने प्रतीक्षा गरून्।

संवत्सरं प्रतीक्षेत द्विषन्तीं योषितं पतिः।
ऊर्ध्वं संवत्सरात्त्वेनां दायं हृत्वा न संवसेत्॥ ७७॥

पतिसित द्वेष राख्ने स्त्रीको एक वर्षसम्म पतिले प्रतीक्षा गरून्। एक वर्षपछि (ती स्त्रीको द्वेष बुद्धि नफेरिए) पतिले आफूले दिएको आभूषणादि फिर्ता लिएर उसित समागम नगरून्।

अतिक्रामेत्प्रमत्तं या मत्तं रोगार्तमेव वा।
सा त्रीन्मासान्परित्याज्या विभूषणपरिच्छदा॥ ७८॥

जुन स्त्रीले कुनै दुर्व्यसनमा हराएको अथवा मात्तिएको पति वा रुग्ण पतिको अनादर गर्छे भने यस्ता स्त्रीको पति ऊबाट आफ्नो वस्त्राभूषणादि लिएर तीन महिनासम्म उसको त्याग गरून्।

उन्मत्तं पतितं क्लीबमबीजं पापरोगिणम्।
न त्यागोऽस्ति द्विषन्त्याश्च न च दायापवर्तनम्॥ ७९॥

यदि पागल, पतित, नपुंसक, वीर्यहीन वा कुष्ठ आदि पाप रोगहरूबाट युक्त पतिको स्त्री (पत्नी) ले सेवा नगरे त्यो स्त्रीको आभूषणादि पतिले फिर्ता नलिउन् र उसको त्याग पनि नगरून्।

मद्यपाऽसाधुवृत्ता च प्रतिकूला च या भवेत्।
व्याधिता वाऽधिवेत्तव्या हिंस्रार्थघ्नी च सर्वदा॥ ८०॥

मदिरा पिउने, नराम्रा आचरण भएकी, पतिको प्रतिकूल हिंड्ने, रोगिणी, हिंसा गर्ने र व्यर्थ खर्च गर्ने स्त्रीको त्याग गर्नुपर्छ।

वन्ध्याष्टमेऽधिवेद्याब्दे दशमे तु मृतप्रजा।
एकादशे स्त्रीजननी सद्यस्त्वप्रियवादिनी॥ ८१॥

यदि स्त्री बन्ध्या (अर्थात् पहिलो रजोदर्शनदेखि सात वर्षसम्म सन्तान नजन्मिए) रही आठौं वर्षमा मृतवत्सा (सन्तान जीवित नरहनु) भए, दसौं वर्षमा कन्या भए, एघारौं वर्षमा अपुत्रिणी भए (अर्थात् पुत्र नभए) छिटै नै दोस्रो विवाह गर्नुपर्छ।

या रोगिणी स्यात्तु हिता सम्पन्ना चैव शीलता।
सानुज्ञाप्याधिवेत्तव्या नावमान्या च कर्हिचित्॥ ८२॥

जुन शीलवती र रोगिणी स्त्रीले आफ्ना पतिमा प्रेम राख्छिन् तब यस्ता स्त्रीको पति ती स्त्रीबाट आज्ञा लिएर आफ्नो दोस्रो विवाह गरून् र कहिल्यै पनि तिनको अपमान नगरून्।

अधिविन्ना तु या नारी निर्गच्छेद्रुषिता गृहात्।
सा सद्यः संनिरोद्धव्या त्याज्या वा कुलसन्निधौ॥ ८३॥

पतिले दोस्रो विवाह गरेमा रिसाएर जो स्त्री घर छोडेर भाग्छिन् उसलाई समातेर घरमा थुनिदिनुपर्छ वा उसलाई पिताको घर पुऱ्याइदिनुपर्छ।

प्रतिषिद्धापि चेद्या तु मद्यमभ्युदयेष्वपि।
प्रेक्षासमाजं गच्छेद्वा सा दण्ड्या कृष्णलानि षट्॥ ८४॥

जुन स्त्री पतिले निषेध गर्दा पनि उत्सवहरूमा मदिरा पिउने र खेल तमाशा हेर्न जान्छिन् यस्ती स्त्रीलाई राजाले छः कृष्णल दण्ड गरून्।

यदि स्वाश्चापराश्चैव विन्देरन्योषितो द्विजाः।
तासां वर्णक्रमेण स्याज्ज्यैष्ठ्यं पूजा च वेश्म च॥ ८५॥

यदि द्विजातिले कुनै स्वजातीय र विजातीय दुवै कन्यासित विवाह गऱ्यो भने तिनमा वर्णक्रमले श्रेष्ठ र लघुताको विचार गर्नुपर्छ र उसै क्रमले भूषणादिको पनि व्यवस्था गर्नुपर्छ।

भर्तुः शरीरशुश्रूषां धर्मकार्यं च नैत्यकम्।
स्वा चैव कुर्यात्सर्वेषां नास्वजातिः कथञ्चन॥ ८६॥

पतिका शरीरको सेवा र नित्यको धर्म-कार्य स्वजातिकी स्त्रीले गरून्, विजातीय स्त्रीले कहिल्यै नगरून्, यो नियम सबैको लागि हो।

यस्तु तत्कारयेन्मोहात्सजात्या स्थितयान्यया।
यथा ब्राह्मणचाण्डालः पूर्वदृष्टस्तथैव सः॥ ८७॥

जुन पुरुष स्वजाति स्त्री हुँदाहुँदै मोहवश विजातीय स्त्रीसित आफ्नो सेवा गराउँछ, त्यो पुरुष ब्राह्मणीको गर्भमा शूद्रबाट उत्पन्न चाण्डाल जस्तो हुन्छ वा उही बराबरको हुन्छ, यस्तो पूर्व ऋषिहरूले भनेका छन्।

उत्कृष्टयाभिरूपाय वराय सदृशाय च।
अप्राप्तामपि तां तस्मै कन्यां दद्याद्यथाविधि॥ ८८॥

स्वजातीय उत्तम कुल र सुन्दर वर प्राप्त हुन गए विवाह गर्न योग्य कन्या नभए पनि यस्तो वरको साथ ती कन्याको विवाह यथाविधि गरिदिनुपर्छ।

काममामरणात्तिष्ठेद् गृहे कन्यर्तुमत्यपि।
न चैवैनां प्रयच्छेत्तु गुणहीनाय कर्हिचित्॥ ८९॥

ऋतुमती भएर पनि कन्याले आजीवन पिताको घरमा अविवाहित रहनु नै श्रेष्ठ हुन्छ, तर मूर्ख, गुणहीन वरसित उसको विवाह गर्नु हुँदैन।

त्रीणि वर्षाण्युदीक्षेत कुमार्यृतुमतीं सती।
ऊर्ध्वं तु कालादेतस्माद्विन्देत सदृशं पतिम्॥ ९०॥

सती कन्याले ऋतुमती भएर पनि तीन वर्षसम्म राम्रो वरको प्रतीक्षा गरून्, त्यसपछि (राम्रो वरको अभावमा) आफ्नो जाति र गुण भएको वरको स्वयं वरण गरून्।

अदीयमाना भर्तारमधिगच्छेद् यदि स्वयम्।
नैनः किञ्चिदवाप्नोति न च यं साऽधिगच्छति॥ ९१॥

आफ्ना पूर्वजहरू (माता, पिता, दाजु, भाइ आदि) द्वारा विवाह नगरिएमा यदि कन्याले यथासमय स्वयं विवाह गरी भने ती कन्या वा उनको पतिलाई कुनै पाप लाग्दैन।

अलङ्कारं नाददीत पित्र्यं कन्या स्वयंवरा।
मातृकं भ्रातृदत्तं वा स्तेना स्याद्यदि तं हरेत्॥ ९२॥

स्वयं वरण गर्ने कन्या आफ्ना पितृहरू (माता, पिता, भाइ) ले दिएका भूषणादि नलिउन्, यदि लिएमा उसलाई चोर मानिन्छ।

पित्रे न दद्याच्छुल्कं तु कन्यामृतुमतीं हरन्।
स हि स्वाम्यादतिकामे दृतूनां प्रतिरोधनात्॥ ९३॥

ऋतुमति कन्यासित विवाह गर्ने वरले ती कन्याका पितालाई शुल्क (धन, उपहार आदि) नदिउन्, किनकि ऋतुहरूका प्रतिरोधले (अर्थात् सन्तानोत्पत्तिका निरोधले) ती कन्यामाथि उसको (कन्याका पिताको) हक रहँदैन।

त्रिंशद्वर्षोद्वहेत्कन्यां हृद्यां द्वादशवार्षिकीम्।
त्र्यष्टवर्षोऽष्टवर्षां वा धर्मे सीदति सत्वरः॥ ९४॥

तीस वर्ष उमेर भएको वरले बाह्र वर्षकी सुन्दर कन्यासँग र चौबीस वर्ष उमेरको वरले आठ वर्ष उमेरकी कन्यासँग विवाह गरून्। यो भन्दा छिटो विवाह गर्नेले धर्म (गार्हस्थ्य) मा क्लेश पाउँछन्।

देवदत्तां पतिर्भार्यां विन्दते नेच्छयात्मनः।
तां साध्वीं विभृयान्नित्यं देवानां प्रियमाचरन्॥ ९५॥

पति आफ्ना इच्छाले पत्नी पाउँदैन, तर देवताले (कर्मले) दिएको स्त्री पाउँछ, यसैले देवताका प्रसन्नार्थ ती सती स्त्रीको नित्य पालन गरून्।

प्रजनार्थं स्त्रियः सृष्टाः सन्तानार्थं च मानवाः।
तस्मात्साधारणो धर्मः श्रुतौ पत्न्या सहोदितः॥ ९६॥

गर्भ ग्रहण गर्नका लागि स्त्रीको तथा गर्भाधान गर्नका लागि पुरुषको सृष्टि भएको हो। यसकारण सामान्य धर्म पनि स्त्रीसित निभाउनुपर्छ, यस्तो वेदमा भनिएको छ।

कन्यायां दत्तशुल्कायां म्रियेत यदि शुल्कदः।
देवराय प्रदातव्या यदि कन्याऽनुमन्यते॥ ९७॥

कन्याका लागि शुल्क दिने यदि विवाहभन्दा पहिला मृत्यु भएमा कन्याको अनुमति लिएर उसको भाइ अर्थात् देवरसित विवाह गरिदिउन्।

आददीत न शूद्रोऽपि शुल्कं दुहितरं ददत्।
शुल्कं हि गृह्णन्कुरुते छन्नं दुहितृविक्रयम्॥ ९८॥

कन्यादानका लागि शूद्रले पनि शुल्क नलेओस्, किनकि शुल्क लिनेले कन्यादानको निहुँ पारेर गुप्त रूपले कन्याको बिक्री गर्दछ।

एतत्तु न परे चक्रुर्नापरे जातु साधवः।
यदन्यस्य प्रतिज्ञाय पुनरन्यस्य दीयते॥ ९९॥

कुनै एउटालाई कन्या दिने निश्चय गरेर कुनै अर्कोलाई कन्या दिनु, यस्तो काम पहिला न कसैले गऱ्यो न वर्तमानमा कसैले गर्नेछ। (अर्थात् यस्तो काम कसैले नगरून्)

नानुशुश्रुम जात्वेतत्पूर्वेष्वपि हि जन्मसु।
शुक्लसंज्ञेन मूल्येन छन्नं दुहितृविक्रयम्॥ १००॥

पूर्वकल्पमा पनि कहिल्यै यो सुनिएन कि शुल्कमा (मूल्यमा) कसैले कहिल्यै पनि गुप्त रूपमा कन्या विक्रय गरेको होस्।

अन्योन्यस्याव्यभिचारो भवेदामरणान्तिकः।
एष धर्मः समासेन ज्ञेयः स्त्रीपुंसयोः परः॥ १०१॥

दुवै स्त्री–पुरुष आमरण (बाँचुन्जेल) परस्पर मिलेर एकसाथ सबै धर्मादि कार्यहरूमा सहयोग गर्दै रहुन्, यही संक्षेपमा स्त्री–पुरुषको धर्म हो।

तथा नित्यं यतेयातां स्त्रीपुंसौ तु कृतक्रियौ।
यथा नाभिचरेतां तौ वियुक्ताावितरेतरम्॥ १०२॥

त्यसैले स्त्री र पुरुषले यस्तो यत्न गर्नुपर्छ जसबाट पृथक् रहे तापनि धर्मादि कृत्यहरूमा कसैले कसैका विरुद्ध आचरण नगरून्।

एष स्त्रीपुंसयोरुक्तौ धर्मो वो रतिसंहितः।
आपद्यपत्यप्राप्तिश्च दायभागं निबोधत॥ १०३॥

यो स्त्री-पुरुषहरूको रतिमय (स्नेह-अनुराग) युक्त धर्म तथा उसको आपत्कालमा सन्तान प्राप्तिको नियम भनें। अब दायभाग (दाजु-भाइको अंश-बण्डा)को सम्बन्धमा भन्दछु।

उर्ध्वं पितुश्च मातुश्च समेत्य भ्रातरः समम्।
भर्जेरन्पैतृकं रिक्थमनीशास्ते हि जीवतोः॥ १०४॥

माता-पिताको मृत्युपछि सबै भाइले पिताको सम्पत्ति आपसमा बराबर बाँडेर लिउन्। माता-पिताको जीवित अवस्थामा उनीहरूलाई सम्पत्ति बाँड्ने कुनै अधिकार हुँदैन।

ज्येष्ठ एव तु गृह्णीयान्पित्र्यं धनमशेषतः।
शेषास्तमुपजीवेयुर्यथैव पितरं तथा॥ १०५॥

दाजु-भाइमा सबैभन्दा जेठोले पिताको सम्पूर्ण सम्पत्ति ग्रहण गरून् र शेष भाइहरूले उसलाई पिता-तुल्य सम्झिदै उसैको अधीनमा रहनुपर्छ।

ज्येष्ठेन जातमात्रेण पुत्री भवति मानवः।
पितॄणामनृणश्चैव स तस्मात्सर्वमर्हति॥ १०६॥

ज्येष्ठ पुत्रको जन्म हुनाले मनुष्य पुत्रवान् हुन्छन् र पितृ ऋणबाट मुक्त हुन्छन्, यसैले पिताको सम्पूर्ण सम्पत्ति पाउने अधिकारी उमात्र हुन्छ।

यस्मिन्नृणं संनयति येन चानन्त्यमश्नुते।
स एव धर्मजः पुत्रः कामजानितरान्विदुः॥ १०७॥

जसको जन्म हुनाले पिता पितृ-ऋणबाट मुक्त भएर मोक्ष प्राप्त गर्दछन् उसलाई धर्मज पुत्र र अरूलाई कामज पुत्र भनिन्छ।

पितेव पालयेत्पुत्राञ्ज्येष्ठो भ्रातृन्यवीयसः।
पुत्रवच्चापि वर्तेरञ्ज्येष्ठे भ्रातरि धर्मतः॥ १०८॥

जसरी पिताले आफ्ना पुत्रहरूको पालन गर्दछन् उसै प्रकारले जेठो दाजुले आफूभन्दा साना भाइहरूको पालन गरून् र भाइहरूले पनि दाजुसित पुत्रले जस्तै आदरसाथ व्यवहार गरून्।

ज्येष्ठः कुलं वर्धयति विनाशयति वा पुनः।
ज्येष्ठः पूज्यतमो लोके ज्येष्ठः सद्भिरगर्हितः॥ १०९॥

जेठो दाजुले कुललाई बढाउन सक्छ र नाश पनि गर्न सक्छ। संसारमा जेठो दाइलाई पूजनीय मानिन्छ। कुनै पनि सज्जन व्यक्तिले तिनको निन्दा गर्दैनन्।

यो ज्येष्ठो ज्येष्ठवृत्तिः स्यान्मातेव स पितेव सः।
अज्येष्ठवृत्तिर्यस्तु स्यात्सा संपूज्यस्तु बन्धुवत्॥ ११०॥

जुन जेठो दाजुले आफूभन्दा साना भाइहरूका साथ आफ्नो धर्मअनुसार व्यवहार गर्छ ऊ माता-पितासमान पूजनीय हुन्छ, तर जसले धर्मअनुसार व्यवहार गर्दैन ऊ अरू बन्धु सरह आदरणीय हुन्छ।

एवं सह वसेयुर्वा पृथग्वा धर्मकाम्यया।
पृथग्विवर्धते धर्मस्तस्माद्धर्म्या पृथक् क्रिया॥ १११॥

यस प्रकारले सबै दाजु-भाइ एकसाथ बसुन् वा धर्म-कर्मका इच्छाले छुट्टा-छुट्टै बसुन्। छुट्टिएर बस्नाले पञ्चमहायज्ञ आदि कार्य छुट्टा-छुट्टै गरेका कारण धर्मको वृद्धि हुन्छ, त्यसैले दाजु-भाइ छुट्टिएर बस्नु नै धर्मयुक्त हुन्छ।

उक्तं च वृहस्पति-

'एकपाकेन वसतां पितृदेवद्विजार्चनम्।
एवं भवेद् विभक्तानां तदेव स्याद् गृहे गृहे॥'

ज्येष्ठस्य विंश उद्धारः सर्वद्रव्याच्च यद्वरम्।
ततोऽर्धं मध्यमस्य स्यात्तुरीयं तु यवीयसः॥ ११२॥

सम्पूर्ण धनको बीसौं भाग र सबै वस्तुहरूमा उत्तम वस्तु जेठो दाजुलाई र त्यसको आधी अर्थात् चालीसौं भाग माइलाको र त्यसको चौथाइ अर्थात् असीऔं भाग कान्छालाई दिनुपर्छ, बाँकी रहेको भाग सबैले बराबर बाँड्नुपर्छ।

ज्येष्ठश्चैव कनिष्ठश्च संहरेतां यथोदितम्।
येऽन्ये ज्येष्ठकनिष्ठाभ्यां तेषां स्यान्मध्यमं धनम्॥ ११३॥

जेठा र कान्छाले माथि बताइएअनुसार सम्पत्ति लिउन्। यी दुईका बीच जति दाजु-भाइ छन् ती सबैले माइलाको बराबर भाग अर्थात् चालीसौं भाग लिउन्।

सर्वेषां धनजातानामाददीताग्र्यमग्रजः।
यच्च सातिशयं किञ्चिद्दशतश्चाप्नुयाद्वरम्॥ ११४॥

जेठो दाजुले सबै सम्पत्तिहरूमध्ये उत्तम धन, सबै वस्तुहरूमध्ये उत्तम वस्तु र दस पशुहरूमध्ये एउटा उत्तम पशु लिउन्।

उद्धारो न दशस्वस्ति सम्पन्नानां स्वकर्मसु।
यत्किञ्चिदेव देयं तु ज्यायसे मानवर्धनम्॥ ११५॥

यदि सबै भाइ समान गुण भएका छन् भने माथि बताइएका दस पशुहरूमध्ये एउटा श्रेष्ठ पशु जेठो दाजुलाई दिनुपर्दैन, तर जेठो दाइको मान बढाउनका लागि उसलाई अरूको भन्दा केही बढी भाग दिनुपर्छ।

एवं समुद्धृतोद्धारे समानंशान्प्रकल्पयेत्।
उद्धारेऽनुद्धृते त्वेषामियं स्यादंशकल्पना॥ ११६॥

यसप्रकार सबै दाजु-भाइले पूर्व निर्णयअनुसार आ-आफ्ना भाग लिइसकेपछि जुन भाग बाँकी रहन्छ त्यो आपसमा बराबर-बराबर बाँडेर लिउन्। यदि पूर्व निर्णयअनुसार भाग नमिलेमा अगाडि भनिने नियमअनुसार धन बाँडेर लिउन्।

एकाधिकं हरेज्ज्येष्ठः पुत्रोऽध्यर्धं ततोऽनुजः।
अंशमंशं यवीयांस इति धर्मो व्यवस्थितः॥ ११७॥

जेठो दाजुले दुई भाग र त्यसमुनिका भाइले डेढ भाग र यसपछि जति साना भाइहरू छन् ती सबैले एक-एक अंश लिउन्, यो धर्मानुकूल विभाग हो।

स्वेभ्योंऽशेभ्यस्तु कन्याभ्यः प्रदद्युर्भ्रातरः पृथक्।
स्वात्स्वादंशाच्चतुर्भागं पतिताः स्युरदित्सवः॥ ११८॥

कन्या (अविवाहित दिदी-बहिनी) लाई सबै दाजु-भाइले आ-आफ्ना भागबाट छुट्टै दिउन्। जुन दाजु-भाइले दिदी-बहिनीको विवाहको लागि आफ्नो धनको चौथो भाग दिँदैनन् ती पतित हुन्छन्।

अजाविकं सैकशफं न जातु विषमं भजेत्।
अजाविकं तु विषमं ज्येष्ठस्यैव विधीयते॥ ११९॥

भेडा-बाख्रा र घोडा आदि पशुहरू बराबर-बराबर बाँडेर लिउन्। यदि बराबर बाँडेर बाँकी रहेमा त्यो जेठो दाजुलाई दिउन्, तर त्यसलाई बेचेर त्यसको मूल्यको बाँडफाँड नगरून्।

यवीयाञ्ज्येष्ठभार्यायां पुत्रमुत्पादयेद्यदि।
समस्तत्र विभागः स्यादिति धर्मो व्यवस्थितः॥ १२०॥

यदि सानो भाइले जेठो दाजुको स्त्रीमा पुत्र उत्पन्न गर्‍यो भने त्यो पुत्रलाई आफ्नो काकासमान नै धन मिल्ने छ, यस्तो धर्ममा व्यवस्था छ।

उपसर्जनं प्रधानस्य धर्मतो नोपपाद्यते।
पिता प्रधानं प्रजने तस्माद्धर्मेण तं भजेत्॥ १२१॥

त्यो पुत्र जेठो दाजुको क्षेत्रज हुनाका कारण जेठोको समान धनको भाग पाउन सक्तैन, किनकि सन्तानोत्पत्तिमा पिता नै प्रधान हुन्छन्। यसकारण त्यो पुत्र आफ्नो काकाअनुसार नै धनको भाग पाउने अधिकारी हुन्छ।

पुत्रः कनिष्ठो ज्येष्ठायां कनिष्ठायां च पूर्वजः।
कथं तत्र विभागः स्यादिति चेत्संशयो भवेत्॥ १२२॥

यदि पहिलो विवाहिता स्त्रीबाट जन्मिएको छोरो कान्छो र दोस्रो विवाहिता स्त्रीबाट जन्मिएको पुत्र जेठो (अर्थात् पहिला कान्छीबाट पुत्र भए र पछि जेठीबाट) भयो भने धन कसरी बाँड-फाँड गर्ने, यस्तो संशय भयो भने-

एकं वृषभमुद्धारं संहरेत स पूर्वजः।
ततोऽपरे ज्येष्ठवृषास्तदूनानां स्वमातृतः॥ १२३॥

पूर्वज (पहिलो स्त्रीबाट उत्पन्न बालक) आफ्ना भागमा एउटा गोरु बढी लिउन् । यसपछि अरू भाइले आफ्ना आमाहरूका जेठो-कान्छोअनुसार आ-आफ्नो भाग लगाउन्।

ज्येष्ठस्तु जातो ज्येष्ठायां हरेदवृषभषोडशाः।
ततः स्वमातृतः शेषा भजेरन्निति धारणा॥ १२४॥

यदि जेठी स्त्रीमा जेष्ठ पुत्र भएमा उसले आफ्नो भागमा पन्ध्र गाई र एउटा गोरु लिउन्, यसपछि अरू भाइले आ-आफ्ना आमाको जेष्ठताअनुसार धनको विभाग गरून्।

सदृशस्त्रीषु जातानां पुत्राणामविशेषतः।
न मातृतो ज्येष्ठ्यमस्ति जन्मतो ज्येष्ठ्यमुच्यते॥ १२५॥

सजातीय स्त्रीहरूमा जुन पुत्र उत्पन्न हुन्छन् तिनमा विशेष गुण नहुनाका कारण आमा जेठी भए पनि तिनको ज्येष्ठता हुँदैन, तर जन्मले नै तिनको जेठो-कान्छो हुन्छ।

जन्मज्येष्ठेन चाह्वानं सुब्रह्मण्यास्वपि स्मृतम्।
यमयोश्चैव गर्भेषु जन्मतो ज्येष्ठता स्मृता॥ १२६॥

(ज्योतिष्टोमादि यज्ञमा) सुब्रह्मण्या आदि मन्त्रद्वारा जन्म लिएको जेठो पुत्रद्वारा नै पितृहरूको आवाहन गरिन्छ। जुम्ल्याहा बालकहरूमा पनि जसको जन्म पहिला हुन्छ उही जेठो हुन्छ।

अपुत्रोऽनेन विधिना सुतां कुर्वीत पुत्रिकाम्।
यदपत्यं भवेदस्यां तन्मम स्यात्स्वधाकरम्॥ १२७॥

(अभ्रातृकां प्रदास्यामि तुभ्यं कन्यामलंकृताम्।
अस्यां यो जायते पुत्रः स मे पुत्रो भवेदिति ॥)

पुत्रहीन मनुष्यले आफ्नी कन्यालाई यस प्रकारले पुत्रिका गरून् कि 'यस कन्याबाट जुन पुत्र हुनेछ उसले मेरो श्राद्ध गर्नेछ।'

(भाइहीन अलंकृत यी कन्या तिमी (वर) लाई दिंदैछु। यिनीबाट जुन पुत्र हुनेछ, त्यो मेरो पुत्र समान हुनेछ)

अनेन तु विधानेन पुरा चक्रेऽथ पुत्रिका।
विवृद्ध्यर्थं स्ववंशस्य स्वयं दक्षः प्रजापतिः ॥ १२८ ॥

यस विधिले अघि दक्ष प्रजापतिले आफ्नो वंश वृद्धिको लागि पुत्रिका गरेका थिए।

ददौ स दश धर्माय कश्पयाय त्रयोदश।
सोमाय राज्ञे सत्कृत्य प्रीतात्मा सप्तविंशतिम् ॥ १२९ ॥

दक्षप्रजापतिले खुशी भएर दस कन्या धर्मराजलाई, तेह्र कन्या काश्यपलाई र सत्ताइस कन्या सोम चन्द्रमालाई दिएका थिए।

यथैवात्मा तथा पुत्रः पुत्रेण दुहिता समा।
तस्यामात्मनि तिष्ठन्त्यां कथमन्यो धनं हरेत् ॥ १३० ॥

जसरी आत्मा र पुत्र समान हुन्छन्, त्यसैगरी पुत्र र पुत्री पनि समान हुन्छन्, यसकारण आत्मासमान कन्या हुँदाहुँदै अरूले धन कसरी लिन सक्छ।

मातुस्तु यौतकं यत् स्यात्कुमारीभाग एव सः।
दौहित्र एव च हरेदपुत्रस्याखिलं धनम् ॥ १३१ ॥

माताको विवाह समयको आभूषणादि जुन उसका पिता आदिबाट पाइएको हुन्छ, त्यो सम्पूर्ण उसका अविंवाहित कन्याहरूले पाउनुपर्छ र पुत्रहीन हजुरबा (माताको पिता) को सम्पूर्ण धन उसको दौहित्र (छोरीको छोरा) ले लिनुपर्छ।

दौहित्रो ह्यखिलं रिक्थमपुत्रस्य पितुर्हरेत्।
स एव दद्याद् द्वौ पिण्डौ पित्रे मातामहाय च ॥ १३२ ॥

अपुत्रवान पिताको सम्पूर्ण धन पनि उसको दौहित्रले नै पाउनुपर्छ र उही दौहित्रले पिता र मातामह दुवैलाई पिण्ड दिउन्।

पौत्रदौहित्रयोर्लोके न विशेषोऽस्ति धर्मतः।
तयोर्हि मातापितरौ सम्भूतौ तस्य देहतः ॥ १३३ ॥

संसारमा पौत्र र दौहित्रमा धर्मतः कुनै विशेषता हुँदैन, किनकि ती दुवैका माता–पिता एउटै शरीरबाट उत्पन्न भएका हुन्छन्।

पुत्रिकायां कृतायां तु यदि पुत्रोऽनुजायते।
समस्तत्र विभागः स्याज्ज्येष्ठता नास्ति हि स्त्रियाः ॥ १३४ ॥

पुत्रिका कर्म गरिसकेपछि यदि पुत्रको जन्म भयो भने दुवैलाई धनको विभाजन समान गर्नुपर्छ, कन्याको जेष्ठता रहँदैन।

अपुत्रायां मृतायां तु पुत्रिकायां कथञ्चन।
धनं तत्पुत्रिकाभर्ता हरेतैवाविचारयन् ॥ १३५ ॥

यदि दैव गतिले पुत्रिका पुत्र नभइकनै मरिन् भने त्यस अवस्थामा अरू केही कुराको विचार नगरी त्यो धन (जसको हकदार पुत्रिका थिइन्) उनका पतिले लिउन्।

अकृता वा कृता वाऽपि यं विन्देत्सदृशात्सुतम्।
पौत्री मातामहस्तेन दद्यात्पिण्डं हरेद्धनम् ॥ १३६ ॥

मातामहले पुत्रिका गरून् वा नगरून् यदि ती कन्याको समान जातीय पतिबाट पुत्र उत्पन्न भयो भने मातामह पौत्रवान् हुन्छन् र उसैले मातामहको पिण्डदान गरेर धनको भागी हुनेछ।

पुत्रेण लोकाञ्जयति पौत्रेणानन्त्यमश्नुते।
अथ पुत्रस्य पौत्रेण व्रध्नस्याप्नोति विष्टपम् ॥ १३७ ॥

पिताले पुत्रबाट स्वर्ग आदि उत्तम लोक प्राप्त गर्छ, पौत्रद्वारा ती लोकमा दीर्घकालसम्म निवास गर्छ र प्रपौत्रको जन्मले सूर्यलोकलाई प्राप्त गर्दछ।

पुंनाम्नो नरकाद्यस्मात् त्रायते पितरं सुतः।
तस्मात्पुत्र इति प्रोक्तः स्वयमेव स्वयंभुवा ॥ १३८ ॥

छोराले 'पु.' नाम गरेको नर्कबाट पितृहरूको उद्धार गर्छ, यसैले स्वयं ब्रह्माजीले छोरालाई पुत्र भन्नुभएको हो।

पौत्रदौहित्रयोर्लोके विशेषो नोपपद्यते।
दौहित्रोऽपि ह्यमुत्रैनं सन्तारयति पौत्रवत् ॥ १३९ ॥

संसारमा पौत्र र दौहित्रमा विशेष अन्तर छैन, दौहित्रले पनि पिण्ड दानादि क्रियाहरूबाट मातामहलाई पौत्रसमान नै परलोकमा उद्धार गर्दछ।

मातुः प्रथमतः पिण्डं निर्वपेत्पुत्रिकासुतः।
द्वितीयं तु पितुस्तस्यास्तृतीयं तत्पितुः पितुः ॥ १४० ॥

पुत्रिकाको पुत्र (दौहित्र) ले पहिलो पिण्ड मातालाई, दोस्रो पिण्ड मातामह लाई र तेस्रो पिण्ड प्रमातामहलाई दिउन्।

उपपन्नो गुणैः सर्वैः पुत्रो यस्य तु दत्त्रिमः।
स हरेतैव तद्रिक्थं सम्प्राप्तोऽप्यन्यगोत्रतः॥ १४१॥

जसको दत्तक पुत्र सबै गुणहरूमा सम्पन्न हुन्छ, त्यो अर्को गोत्रबाट आए पनि पिताको सबै सम्पत्तिको अधिकारी हुन्छ।

गोत्ररिक्थे जनयितुर्न हरेद्दत्त्रिमः क्वचित्।
गोत्ररिक्थानुगः पिण्डो व्यपैति ददतः स्वधा॥ १४२॥

दत्तक पुत्रको उसका जन्मकालको गोत्र र धनसित कुनै प्रयोजन रहँदैन। जसको ऊ दत्तक हुन्छ उसैलाई उसले दिएको पिण्डादि प्राप्त हुन्छ, तर उसका जन्मदाता पितालाई ऊबाट पिण्डादि पाउने हक रहँदैन।

अनियुक्तासुतश्चैव पुत्रिण्याप्तश्च देवरात्।
उभौ तौ नार्हतो भागं जारजातककामजौ॥ १४३॥

विधानअनुसार नियोगबिना वा अपुत्रिणी स्त्रीले यदि देवरबाट पुत्र जन्माएमा यी दुवै किसिमका पुत्र धनका भागी हुँदैनन्, किनभने पहिलो जारज र दोस्रो कामज हुन्छ।

नियुक्तायामपि पुमान्नार्यां जातोऽविधानतः।
नैवार्हः पैतृकं रिक्थं पतितोत्पादितो हि सः॥ १४४॥

विधानरहित रूपले नियुक्ता स्त्रीमा उत्पन्न भएको पुत्र पनि पिताको सम्पत्तिको भागी हुँदैन, किनकि ऊ पतितबाट उत्पन्न भएको हुन्छ।

हरेत्तत्र नियुक्तायां जातः पुत्रो यथौरसः।
क्षेत्रिकस्य तु तद्बीजं धर्मतः प्रसवश्च सः॥ १४५॥

शास्त्रीय विधानअनुसार नियुक्ता स्त्रीमा जुन पुत्र उत्पन्न हुन्छ, त्यो पिताको धनको अधिकारी हुन्छ, किनकि त्यो धर्मतः क्षेत्रज उत्पन्न गरिएको हो।

धनं यो बिभृयाद् भ्रातुर्मृतस्य स्त्रियमेव च।
सोऽपत्यं भ्रातुरुत्पाद्य दद्यात्तस्यैव तद्धनम्॥ १४६॥

दाजुको मृत्युपछि जुन भाइले दाजुकी स्त्री र धनको रक्षा गर्दछ, उसले दाजुको स्त्रीबाट शास्त्रीय नीतिले पुत्र उत्पन्न गरेर उसलाई आफ्नो दाजुको धन जिम्मा लगाओस्।

या नियुक्ताऽयतः पुत्रं देवराद्वाऽप्यवाप्नुयात्।
तं कामजमरिक्थीयं वृथोत्पन्नं प्रचक्षते॥ १४७॥

मान्यजनबाट नियुक्त भएर जुन स्त्रीले देवर वा अन्य पुरुषबाट पुत्र उत्पन्न गराउँछे, यदि त्यो कामज पुत्र भए ऊ पितृधनको अधिकारी हुँदैन, किनभने मनुले उसको जन्मलाई व्यर्थ भनेका छन्।

एतद्विधानं विज्ञेयं विभागस्यैकयोनिषु।
बह्वीषु चैकजातानां नानास्त्रीषु निबोधत॥ १४८॥

सजातीय स्त्रीहरूमा उत्पन्न पुत्रहरूका धनको विभागको व्यवस्थाबारे भनें। अब अगाडि विजातीय स्त्रीहरूमा उत्पन्न पुत्रहरूको विभागको व्यवस्था भन्दछु।

ब्राह्मणस्यानुपूर्वेण चतस्रस्तु यदि स्त्रियः।
तासां पुत्रेषु जातेषु विभागेऽयं विधिः स्मृतः॥ १४९॥

यदि ब्राह्मणका चारै वर्णका स्त्रीहरू छन् र ती चारैका पुत्र छन् भने तिनका विभागको व्यवस्था यस प्रकारको हुन्छ-

कीनाशो गोवृषो यानमलङ्कारश्च वेश्म च।
विप्रस्यौद्धारिकं देयमेकांशश्च प्रधानतः॥ १५०॥

स्वजातीय स्त्रीबाट उत्पन्न पुत्रलाई खेती गर्न योग्य उत्तम गोरु, सवारी गर्न योग्य घोडा, आभूषण, घर र अन्य विभागीय वस्तुहरूमध्ये एउटा श्रेष्ठ वस्तु दिनुपर्छ र अरू शेष धनको विभाग भद्र व्यक्तिले यस प्रकार गरून्।

त्र्यंशं दायाद्धरेद्विप्रो द्वावंशौ क्षत्रियासुतः।
वैश्याजः सार्धमेवांशमंशं शूद्रासुतो हरेत्॥ १५१॥

सम्पूर्ण धनको तेस्रो भाग ब्राह्मणीका पुत्रले, दुई भाग क्षत्राणीका पुत्रले, डेढ भाग वैश्यका पुत्रले र एक भाग शूद्रका पुत्रले लिउन्।

सर्वं वा रिक्थजातं तद्दशधा परिकल्प्य च।
धर्म्यं विभागं कुर्वीत विधिनाऽनेन धर्मवित्॥ १५२॥

अथवा धर्मज्ञ महात्माहरूले सम्पूर्ण धनको दस भाग गरेर अगाडि बताइने विधिअनुसार धनको भाग-बण्डा गरिदिउन्।

चतुरोंऽशान् हरेद्विप्रस्त्रीनंशान्क्षत्रियासुतः।
वैश्यापुत्रो हरेद् द्व्यंशमंशं शूद्रासुतो हरेत्॥ १५३॥

ब्राह्मणीका पुत्रलाई चार भाग, क्षत्रियका पुत्रलाई तीन भाग, वैश्याका पुत्रलाई दुई भाग र शूद्राका पुत्रलाई एक भाग दिउन्।

यद्यपि स्यात्तु सत्पुत्रोऽप्यसत्पुत्रोऽपि वा भवेत्।
नाधिकं दशमाद्दद्याच्छूद्रापुत्राय धर्मतः ॥ १५४ ॥

ब्राह्मणलाई द्विजातीय स्त्रीहरूबाट पुत्र हुन् वा नहुन्, तर शूद्राको पुत्रलाई दसौं भागभन्दा बढी नदिउन्।

ब्राह्मणक्षत्रियविशां शूद्रापुत्रो न रिक्थभाक्।
यदेवास्य पिता दद्यात्तदेवास्य धनं भवेत् ॥ १५५ ॥

ब्राह्मण, क्षत्रिय वा वैश्यबाट शूद्रा स्त्रीमा जुन पुत्र उत्पन्न हुन्छ, त्यो पिताको धनको हकदार हुँदैन, तर पिताले जे–जति दिन्छन्, त्यो नै उसको धन हुन्छ।

समवर्णासु ये जाताः सर्वे पुत्रा द्विजन्मनाम्।
उद्धारं ज्यायसे दत्त्वा भजेरन्नितरे समम् ॥ १५६ ॥

द्विजातिहरूका सजातीय स्त्रीहरूमा जति सन्तान भएका हुन्छन्, तिनले (पिताले) जेठालाई उसको ज्येष्ठांश दिएर शेष रहेको बराबर बाँडिलिउन्।

शूद्रस्य तु सवर्णैव नान्या भार्या विधीयते।
तस्यां जाताः समांशाः स्युर्यदि पुत्रशतं भवेत् ॥ १५७ ॥

शूद्रका लागि सवर्णकै पत्नी हुनुपर्छ, उसलाई अरू वर्णकी पत्नी बनाउने अधिकार छैन । यसकारण यदि ती स्त्रीबाट एकसय पुत्र जन्मिए पनि तिनले समान भाग नै प्राप्त गर्छन्।

पुत्रान्द्वादश यानाह नृणां स्वायंभुवो मनुः।
तेषां षड्बन्धुदायादाः षडदायादबान्धवाः ॥ १५८ ॥

स्वायंभुव मनुले मनुष्यका जुन बाह्र पुत्र भनेका छन् तिनमा छः सगोत्र र बान्धव हुन् र बाँकी छः बान्धव हुन्छन्।

औरसः क्षेत्रजश्चैव दत्तः कृत्रिम एव च।
गूढोत्पन्नोऽपविद्धश्च दायादा बान्धवाश्च षट् ॥ १५९ ॥

औरस, क्षेत्रज, दत्तक, कृत्रिम, गूढोत्पन्न र अपविद्ध यी छः पुत्र सगोत्र र बान्धव पनि हुन्छन्।

कानीनश्च सहोढश्च क्रीतः पौनर्भवस्तथा।
स्वयंदत्तश्च शौद्रश्च षडदायादबान्धवाः ॥ १६० ॥

कानीन, सहोढ, क्रीत, पौनर्भव (विधवा पुत्र), स्वयंदत्त र शौद्र– यी पुत्र मात्र बान्धव हुन्छन् (जुन पुत्र सगोत्र र बान्धव दुवै हुन्छन् ती धनका भागी हुन्छन्) त्योभन्दा भिन्न जो हुन्छन् ती धनका भागी हुँदैनन्।

यादृशं फलमाप्नोति कुप्लवैः संतरञ्जलम्।
तादृशं फलमाप्नोति कुपुत्रैः संतरंतमः ॥ १६१ ॥

जसरी बिग्रेको (टुटे–फुटेको), डुङ्गाबाट नदी पार गर्ने व्यक्ति पारी पुग्न सक्दैन, त्यसै गरी कुपुत्रबाट मनुष्यले भवसागर पार गर्न सफल हुँदैन।

यद्येकरिक्थिनौ स्यातामौरसक्षेत्रजौ सुतौ।
यस्य यत्पैतृकं रिक्थं स तद् गृह्णीत नेतरः ॥ १६२ ॥

यदि एउटै धनको औरस र क्षेत्रज दुवै अधिकारी भएमा जुन पुत्रको पिताको धन हुन्छ उसैले पाउँछ, अर्को पुत्रले पाउँदैन।

एक एवौरसः पुत्रः पित्र्यस्य वसुनः प्रभुः।
शेषाणामानृशंस्यार्थं प्रदद्यात्तु प्रजीवनम् ॥ १६३ ॥

औरस पुत्र नै पिताको सम्पत्तिको अधिकारी हुन्छ। शेष पुत्रहरूलाई दोष निवृत्तिका लागि जीविकाको उपाय गरिदिनुपर्छ।

षष्ठं तु क्षेत्रजस्यांशं प्रदद्यात्पैतृकाद्धनात्।
औरसो विभजन्दायं पित्र्यं पञ्चममेव वा ॥ १६४ ॥

पिताको धनको अंशबण्डा गर्दा औरस पुत्रले क्षेत्रज पुत्रलाई सम्पत्तिको छैटौं वा पाँचौं भाग दिउन्।

औरसक्षेत्रजौ पुत्रौ पितृरिक्थस्य भागिनौ।
दशापरे तु क्रमशो गोत्ररिक्थांशभागिनः ॥ १६५ ॥

पिताको सम्पत्तिको उत्तराधिकारी औरस र क्षेत्रज पुत्र नै हुन्छन्। अन्य दस प्रकारका पुत्र गोत्रधनका अनुसार क्रमैसित (एकपछि अर्को) उत्तराधिकारी हुन्छन्।

स्वक्षेत्रे संस्कृतायां तु स्वयंमुत्पादयेद्धि यम्।
तमौरसं विजानीयात्पुत्रं प्रथमकल्पितम् ॥ १६६ ॥

विधिपूर्वक विवाहित समान जातिका स्त्रीमा पुरुष स्वयं जुन पुत्र उत्पन्न गराउँछ उही सबै पुत्रहरूमा श्रेष्ठ औरस पुत्र हुन्छ।

यस्तल्पजः प्रमीतस्य क्लीबस्य व्याधितस्य वा।
स्वधर्मेण नियुक्तायां स पुत्रः क्षेत्रजः स्मृतः ॥ १६७ ॥

जसको पतिको मृत्यु भइसकेको हुन्छ, रोगी हुन्छ वा नपुंसक हुन्छ, यस्ता पतिको स्त्रीमा शास्त्रोक्त रीतिले नियोगद्वारा जुन पुत्र उत्पन्न हुन्छ, उसलाई क्षेत्रज पुत्र भनिन्छ।

माता पिता वा दद्यातां यमद्भिः पुत्रमापदि।
सदृशं प्रीतिसंयुक्तं स ज्ञेयौ दत्त्रिमः सुतः ॥ १६८ ॥

माता–पिताले जुन सजातीय पुत्रलाई आपत्तिकालमा प्रेमपूर्वक जलोत्सर्गद्वारा अर्थात् संकल्प गर्छ, उसलाई दत्तक पुत्र भनिन्छ।

सदृशं तु प्रकुर्याद्यं गुणदोषविचक्षणम्।
पुत्रं पुत्रगुणैर्युक्तं स विज्ञेयश्च कृत्रिमः ॥ १६९ ॥

सजातीय गुण–दोषलाई जान्नेले पुत्रका गुणहरूले युक्त पुत्रलाई आफ्नो पुत्र मानेर राख्छ, उसलाई कृत्रिम पुत्र भनिन्छ।

उत्पद्यते गृहे यस्य न च ज्ञायेत कस्य सः।
स गृहे गूढ उत्पन्नस्तस्य स्याद्यस्य तल्पजः ॥ १७० ॥

घरमा पुत्र उत्पन्न भयो 'तर यो कसबाट भयो' यो कसैलाई थाहा छैन भने यस्ता पुत्रलाई गूढोत्पन्न पुत्र भनिन्छ र त्यो पुत्र उसैको मानिन्छ जसको पत्नीबाट उत्पन्न भएको हुन्छ।

मातापितृभ्यामुत्सृष्टं तयोरन्यतरेण वा।
यं पुत्रं प्रतिगृह्णीयादपविद्धः स उच्यते ॥ १७१ ॥

माता–पिता दुवैबाट वा कुनै एकबाट त्यागिएको पुत्रको जसले पालन–पोषण गरेर पुत्र सरह आफूसित राख्दछ, त्यो उसको अपविद्ध पुत्र कहलाउँछ।

पितृवेश्मनि कन्या तु यं पुत्रं जनयेद्रहः।
तं कानीनं वदेन्नाम्ना वोढुः कन्यासमुद्भवम् ॥ १७२ ॥

पिताका घरमा गुप्तरूपले जुन कुमारी कन्याले पुत्रलाई जन्म दिन्छे, त्यो पुत्र उसैको हुन्छ जसले उसित विवाह गर्छ, त्यो पुत्रलाई कानीन पुत्र भनिन्छ।

या गर्भिणी संस्क्रियते ज्ञाताज्ञाताऽपि वा सती।
वोढुः स गर्भो भवति सहोढ इति चोच्यते ॥ १७३ ॥

जानेर वा नजानीकन जसले गर्भवती कन्यासित विवाह गर्दछ, त्यसको गर्भबाट उत्पन्न पुत्रलाई सहोढ पुत्र भनिन्छ।

क्रीणीयाद्यस्त्वपत्यार्थं मातापित्रोर्यमन्तिकात्।
स क्रीतकः सुतस्तस्य सदृशोऽसदृशोऽपि वा ॥ १७४ ॥

जुन पुत्र केही मूल्य दिएर माता–पिताबाट किनिन्छ, त्यो सजातीय होस् वा विजातीय होस्, जे भए पनि उसलाई क्रीत पुत्र भनिन्छ।

या पत्या वा परित्यक्ता विधवा वा स्वयेच्छया।
उत्पादयेत्पुनर्भूत्वा स पौनर्भव उच्यते ॥ १७५ ॥

जुन स्त्री पतिबाट त्यागिएकी वा विधवा भएकी वा स्वयं अर्काकी पत्नी भएर पुत्र उत्पन्न गर्छे भने त्यो पुत्रको जन्मदाताको पौनर्भव पुत्र कहलाउँछ।

सा चेदक्षतयोनिः स्याद् गतप्रत्यागताऽपि वा।
पौनर्भवेन भर्त्रा सा पुनः संस्कारमर्हति ॥ १७६ ॥

पूर्वोक्त विधवा यदि अक्षतयोनि (अर्थात् विवाहपछि पतिसित समागम नभइ विधवा हुन्छे) वा यस्तो अवस्थामा पतिबाट त्यागिएकी र फेरि पतिभाठौं आउँछे भने दुवै स्थितिमा पुनः विवाह हुन सक्छ, यसकारण ती स्त्री पुनर्भू स्त्री कहलाउँछे।

मातापितृविहीनो यस्त्यक्तो वा स्यादकारणात्।
आत्मानं स्पर्शयेद्यस्मै स्वयं दत्तस्तु स स्मृतः ॥ १७७ ॥

माता–पिताविहीन वा उनीहरूबाट बिना कारण त्यागिएको पुत्र जसलाई सुम्पिइन्छ वा जसको शरणमा जान चाहन्छ, उसको त्यो स्वयंदत्त पुत्र कहलाउँछ।

यं ब्राह्मणस्तु शूद्रायां कामादुत्पादयेत्सुतम्।
स पारयन्नेव शवस्तस्मात्पारशवः स्मृतः ॥ १७८ ॥

जुन पुत्रलाई कामवश भएर ब्राह्मणले शूद्रामा उत्पन्न गर्छ, त्यो पुत्रलाई पारशव भनिन्छ, किनकि ऊ जीवित भएर पनि शवको समान हुन्छ।

दास्यां वा दासदास्यां वा यः शूद्रस्य सुतो भवेत्।
सोऽनुज्ञातो हरेदंशमिति धर्मो व्यवस्थितः ॥ १७९ ॥

दासीमा वा दासको दासीमा शूद्रको जुन पुत्र हुन्छ, उसले आफ्ना पिताको आज्ञाले धनको सम भाग लिउन्, यो नै धर्मको व्यवस्था हो।

क्षेत्रजादीन्सुतानेतानेकादश यथोदितान्।
पुत्रप्रतिनिधिनाहुः क्रियालोपान्मनीषिणः ॥ १८० ॥

विद्वान्हरूले पूर्वोक्त एघार प्रकारका पुत्रहरूलाई पुत्रको प्रतिनिधि रूप भनेका छन्, जसबाट पितृहरूको क्रियाको लोप नहोस्।

य एतेऽभिहिताः पुत्राः प्रसङ्गादन्यबीजजाः।
यस्य ते बीजतो जातास्तस्य ते नेतरस्य तु॥ १८१ ॥

प्रसङ्गानुसार जुन यी पुत्रहरू बताइए (तिनमा औरस पुत्रको प्रसङ्गमा) यिनमा जुन अरूको बीउबाट उत्पन्न भएका हुन्छन् ती जसका बीउबाट उत्पन्न हुन्छन् ती तिनैका पुत्र हुनेछन्, अरूको होइन।

भ्रातॄणामेकजातानामेकश्चेत्पुत्रवान्भवेत्।
सर्वास्तांस्तेन पुत्रेण पुत्रिणो मनुरब्रवीत्॥ १८२ ॥

एउटै माता-पिताबाट उत्पन्न अनेक भाइहरूमध्ये यदि एउटै भाइ पुत्रवान् हुन्छ भने उही एउटै पुत्रबाट सबै पुत्रवान् हुनेछन्, यस्तो मनुजीले भन्नुभएको छ।

सर्वासामेकपत्नीनामेका चेत्पुत्रिणी भवेत्।
सर्वास्तास्तेन पुत्रेण प्राह पुत्रवतीर्मनुः॥ १८३ ॥

सबै पत्नीहरूमध्ये यदि एउटैको पुत्र भयो भने त्यो एउटै पुत्रले सबै पुत्रवती हुन्छन्, यस्तो मनुजीले भन्नुभएको छ।

श्रेयसः श्रयसोऽलाभे पापीयान् रिक्थमर्हति।
बहवश्चेत्तु सदृशाः सर्वे रिक्थस्य भागिनः॥ १८४ ॥

यदि श्रेष्ठ पुत्रमा श्रेष्ठताको अभाव छ भने साना पुत्रहरूमा जुन श्रेष्ठ हुन्छ उही पिताको धनको अधिकारी हुन्छ। यदि साना पुत्रहरूमा सबै समान गुण भएका छन् भने सबै सम्पत्ति पाउने अधिकारी हुन्छन्।

न भ्रातरो न पितरः पुत्रा रिक्थहराः पितुः।
पिता हरेदपुत्रस्य रिक्थं भ्रातर एव च॥ १८५ ॥

पिताका दाजु-भाइ, पिताका पिता वा काकाले उसको धन पाउन सक्तैनन्, पिताको धनको अधिकारी पुत्र मात्र हुन्छ। यदि पिताको निःसन्तान भएर मृत्यु भयो भने उसको धन उसका पिताले लिन सक्छन्।

त्रयाणामुदकं कार्यं त्रिषु पिण्डः प्रवर्तते।
चतुर्थः संप्रदातैषां पञ्चमो नोपपद्यते॥ १८६ ॥

तीनै पुस्ता (पिता, पितामह, प्रपितामह) लाई जल र पिण्ड दिने अधिकार एउटा चौथो पुरुष (पुत्र) नै हुन्छ, पाँचौं व्यक्ति अन्य कोही हुँदैन।

अनन्तरः सपिण्डाद्यस्तस्य तस्य धनं भवेत्।
अत ऊर्ध्वं सकुल्यः स्यादाचार्यः शिष्य एव वा ॥ १८७ ॥

यसपछि पूर्वोक्त धनका अधिकारी नहुँदा सपिण्डमा जो-जति नजिकका हुन्छन्, सगोत्रको धनका ती अधिकारी हुन्छन्। सपिण्डमा कोही नभएमा सकुल्य आचार्य वा शिष्य सम्पत्तिको अधिकारी हुन्छ।

सर्वेषामप्यभावे तु ब्राह्मणा रिक्थभागिनः।
त्रैविद्याः शुचयो दान्तास्तथा धर्मो न हीयते ॥ १८८ ॥

पूर्वोक्त अधिकारीहरूको अभावमा तीनै वेदका ज्ञाता शुद्ध हृदय जितेन्द्रिय जुन ब्राह्मण हुन्छन्, तिनै ब्राह्मण सम्पत्तिका अधिकारी हुन्छन्, यसबाट धर्मको हानि हुँदैन।

अहार्यं ब्राह्मणद्रव्यं राज्ञा नित्यमिति स्थितिः।
इतरेषां तु वर्णानां सर्वाभावे हरेन्नृपः ॥ १८९ ॥

निःसन्तान ब्राह्मणको धन राजाले लिनु हुँदैन। यो शास्त्रको मर्यादा हो। अरू वर्णका अधिकारीहरू नभएमा तिनको सम्पत्ति राजाले लिन सक्छन्।

संस्थितस्यानपत्यस्य सगोत्रात्पुत्रमाहरेत्।
तत्र यद्रिक्थजातं स्यात्तत्तस्मिन्प्रतिपादयेत् ॥ १९० ॥

सन्तानहीन पतिको मृत्यु भएमा ती स्त्रीले सगोत्रबाट यथाविधि सन्तान लिएर पतिको सम्पत्ति त्यो पुत्रलाई दिउन्।

द्वौ तु यौ विवदेयातां द्वाभ्यां जातौ स्त्रिया धने।
तयोर्यद्यस्य पित्र्यं स्यात्तत्स गृह्णीत नेतरः ॥ १९१ ॥

दुई पिताबाट एउटै मातामा उत्पन्न दुई पुत्र यदि माताको धनको लागि आपसमा विवाद गर्छन् भने जसको पिताको धन हुन्छ उसैको पुत्रलाई धन दिनुपर्छ।

जनन्यां संस्थितायां तु समं सर्वे सहोदराः।
भजेरन्मातृकं रिक्थं भगिन्यश्च सनाभयः ॥ १९२ ॥

माताको मृत्युपछि सबै सहोदर दाजु-भाइ र कुमारी दिदी-बहिनीले माताको धन बराबरी बाँडेर लिउन्।

यास्तासां स्युर्दुहितरस्तासामपि यथार्हतः।
मातामह्या धनात्किञ्चित्प्रदेयं प्रीतिपूर्वकम् ॥ १९३ ॥

दिदी–बहिनीका कुमारी कन्याहरूलाई पनि मावलकी हजुरआमाको धनबाट आफ्नो खुशीले उनीहरूको सन्तोषको लागि केही दिनुपर्छ।

अध्यग्न्यध्यावाहनिकं दत्तं च प्रीतिकर्मणि।
भ्रातृमातृपितृप्राप्तं षड्विधं स्त्रीधनं स्मृतम्॥ १९४॥

अध्यग्नि (विवाहमा अग्निसाक्षित्वका समयमा पिताद्वारा दिइएको), अध्यावाहनिक (विवाहमा पाइएको उपहारादि), प्रेमसम्बन्धी कुनै सुअवसरमा पतिद्वारा दिइएको, भाइ, माता र पिताद्वारा दिइएको– यी छः प्रकारको धन स्त्री–धन कहलाउँछ।

अन्वाधेयं च यद्दत्तं पत्या प्रीतेन चैव यत्।
पत्यौ जीवति वृत्तायाः प्रजायास्तद्धनं भवेत्॥ १९५॥

विवाहपछि पितृकुल वा पतिकुलबाट जुन धन अन्वाधेय[1] स्त्रीलाई प्राप्त भएको हुन्छ र पतिले खुशी भएर जुन धन दिएको हुन्छ, त्यो सबै धन यदि पति भन्दा पहिला नै पत्नीको मृत्यु भएमा उसका पुत्रलाई दिनुपर्छ।

ब्रह्मदैवार्षगान्धर्वप्राजापत्येषु यद्वसु।
अप्रजायामतीतायां भर्तुरेव तदिष्यते॥ १९६॥

ब्रह्मा, दैव, आर्ष, गान्धर्व र प्राजापत्य विधिबाट विवाह भएकी स्त्रीको धन निःसन्तान मरेपछि पतिको हुन्छ, यस्तो मनुजीको भनाइ छ।

यत्त्वस्याः स्याद्धनं दत्तं विवाहेष्वासुरादिषु।
अप्रजायामतीतायां मातापित्रोस्तदिष्यते॥ १९७॥

आसुरादि विवाहमा जुन धन स्त्रीले प्राप्त गर्छिन्, यदि स्त्री निःसन्तान भई मरिन् भने त्यो धन उसका माता–पिताको हुन्छ।

स्त्रियां तु यद्भवेद्वित्तं पित्रा दत्तं कथञ्चन।
ब्राह्मणी तद्धरेत्कन्या तदपत्यस्य वा भवेत्॥ १९८॥

ब्राह्मणका अनेक पत्नीहरूलाई उनका माता–पिताबाट जुन धन प्राप्त भएको हुन्छ यदि तीमध्ये कोहीको निःसन्तान मृत्यु भएमा तिनको धन सौताकी पुत्रीले वा उसको पुत्रले पाउनुपर्छ।

न निर्हारं स्त्रियः कुर्युः कुटुम्बाद् बहुमध्यगात्।
स्वकादपि च वित्ताद्धि स्वस्य भर्तुरनाज्ञया॥ १९९॥

---

[1] विवाहात्परतो यत्तु लब्धं भर्तृकुले स्त्रिया।
अन्वाधेयं तदुक्तं तु सर्वबन्धकुले तथा॥ कात्यायनः॥

अनेक कुटुम्बीजनका धनबाट स्त्रीहरूले धन जम्मा पार्नु हुँदैन र पतिका आज्ञाबिना आफ्नो (दाइजो आदि) धनबाट पनि केही संचय गर्नु हुँदैन।

पत्यौ जीवति यः स्त्रीभिरलङ्कारो धृतो भवेत्।
न तं भजेरन्दायादा भजमानाः पतन्ति ते॥ २००॥

पति जीवित रहेमा स्त्रीले जुन आभूषण लगाउँछन् त्यो पतिको मृत्युपछि बान्धवादिले धन बाँड्ने बेला ती आभूषणलाई नबाँडुन, किनकि बाँड्नेहरू पतित हुन्छन्।

अनंशौ क्लीवपतितौ जात्यन्धवधिरौ तथा।
उन्मत्तजडमूकाश्च ये च केचिन्निरिन्द्रियाः॥ २०१॥

जुन पुत्र नपुंसक, पतित, जन्मान्ध, बहिरो, पागल, जड, लाटो र लूलो-लँगडो हुन्छ, त्यो पिताको धनको भागीदार हुँदैन।

सर्वेषामपि तु न्याय्यं दातुं शक्त्या मनीषिणा।
ग्रासाच्छादनमत्यन्तं पतितो ह्यददद्भवेत्॥ २०२॥

बुद्धिमानहरू (अंशबण्डा गर्ने भलादमी)-ले यी सबै नपुंसकादिहरूलाई यथाशक्ति उनको जीवनभरिका लागि भोजनादिको व्यवस्था गरिदिनुपर्छ, यस्तो व्यवस्था नगर्ने पतित हुन्छ।

यद्यर्थिता तु दारैः स्यात्क्लीबादीनां कथञ्चन।
तेषामुत्पन्नतन्तूनामपत्यं दायमर्हति॥ २०३॥

कथंकदाचित यी नपुंसकादिहरूलाई विवाहको इच्छा भयो र उनका पत्नीहरूबाट क्षेत्रज पुत्र जन्मियो भने ती धनका भागी हुन्छन्।

यत्किञ्चित्पितरि प्रेते धनं ज्येष्ठोऽधिगच्छति।
भागो यवीयसां तत्र यदि विद्यानुपालितः॥ २०४॥

पिताको मृत्युपछि जेठो दाजुले यदि केही धन कमाएको रहेछ भने विद्याध्ययन गर्ने भाइहरूलाई त्यो धनको केही अंश दिउन, अरू भाइलाई होइन।

अविद्यानां तु सर्वेषामीहातश्चेद्धनं भवेत्।
समस्तत्र विभागः स्यादपित्र्य इति धारणा॥ २०५॥

भाइहरूमा जो पढे-लेखेका हुँदैनन, तिनबाट यदि कुनै प्रकारको रोजगारबाट धन संग्रह हुन गएमा त्यो धन सबै भाइहरूमा समान विभाग हुंन्छ, तर पिताको धनमा हुँदैन।

विद्याधनं तु यद्यस्य तत्तस्यैव धनं भवेत्।
मैत्र्यमौद्वाहिकं चैव माधुपर्किकमेव च॥ २०६॥

विद्याबाट कमाइएको धन जसको हुन्छ त्यो उसैको हुन्छ, मित्रता र विवाह तथा मधुपर्क (उपहार आदि) मा जुन धन जसले पाउँछ, त्यो पनि उसैको हुन्छ।

भ्रातृणां यस्तु नेहेत धनं शक्तः स्वकर्मणा।
स निर्भाज्यः स्वकादंशात्किञ्चिद्दत्त्वोपजीवनम्॥ २०७॥

दाजु-भाइहरूमा जसले आफ्नो कर्मद्वारा धन उपार्जन गरेर पितृधनबाट आफ्नो अंश लिने इच्छा गर्दैन तापनि उसको अंशबाट केही दिएर उसलाई अलग गर्नुपर्छ जसबाट पछि गएर कुनै विवाद नहोस्।

अनुपघ्नन्पितृद्रव्यं श्रमेण यदुपार्जितम्।
स्वयमीहितलब्धं तन्नाकामो दातुमर्हति॥ २०८॥

पितृधनलाई नष्ट गरेर कुनै पुत्रले यदि आफ्ना परिश्रमले धन उपार्जन गर्छ र त्यो धनबाट कसैलाई केही दिन चाहँदैन भने नदिने।

पैतृकं तु पिता द्रव्यमनवाप्तं यदाप्नुयात्।
न तत्पुत्रैर्भजेत्सार्धमकामः स्वयमर्जितम्॥ २०९॥

अप्राप्त पितृधनलाई यदि कुनै प्रकारले पुत्रले आफ्नो पुरुषार्थबाट प्राप्त गर्छ भने त्यो स्वयं उपार्जित धन उसका इच्छाको विरुद्ध कुनै पनि पुत्रले बाँड्न सक्दैन।

विभक्ताः सह जीवन्तो विभजेरन्पुनर्यदि।
समस्तत्र विभागः स्याज्ज्यैष्ठ्यं तत्र न विद्यते॥ २१०॥

दाजु-भाइ छुट्टिएपछि फेरि एकसाथ रहेर यदि फेरि छुट्टिए भने सबै सम्पत्तिलाई बराबर बाँड्नु, तर जेठो दाइको ज्येष्ठता भने उसले पाउँदैन।

येषां ज्येष्ठः कनिष्ठो वा हीयेतांशप्रदानतः।
म्रियेतान्यतरो वाऽपि तस्य भागो न लुप्यते॥ २११॥

यदि जेठो दाजु वा कान्छा भाइ सम्पत्तिको अंशबण्डा गरिएको समयमा मृत्यु भइसकेको वा अन्य कुनै कारणले आफ्नो भाग लिन सकेनन् भने तिनको भाग लुप्त हुँदैन।

सोदर्या विभजेरंस्तं समेत्य सहिताः समम्।
भ्रातरो ये च संसृष्य भगिन्यश्च सनाभयः॥ २१२॥

ती दाजु वा भाइको सम्पत्तिको भाग उनीहरूका पुत्रलाई दिनुपर्छ। पुत्र नभएमा सबै सहोदर दाजु–भाइ, दिदी–बहिनी आपसमा बराबर बाँडेर लिउन्।

यो ज्येष्ठो विनिकुर्वीत लोभाद् भ्रातॄन् यवीयसः।

सोऽज्येष्ठः स्यादभागश्च नियन्तव्यश्च राजभिः॥ २१३॥

जुन जेठो दाजुले लोभमा परेर साना भाइहरूलाई ठग्छ त्यसले सम्मान र ज्येष्ठांश पाउन योग्य हुँदैन, तर राजासित दण्डित हुन योग्य हुन्छ।

सर्व एव विकर्मस्था नार्हन्ति भ्रातरो धनम्।

न चादत्त्वा कनिष्ठेभ्यो ज्येष्ठः कुर्वीत यौतकम्॥ २१४॥

यदि सबै भाइहरू पतित (जुवा, वेश्या, वेश्यागमनादि कृत्यहरू गर्ने) छन् भने ती पितृधनका भागी हुँदैनन्। जेठो दाजुले भाइहरूको अंश उनीहरूलाई नदिएर स्वयं राखुन्।

भ्रातॄणामविभक्तानां यद्युत्थानं भवेत्सह।

न पुत्रभागं विषमं पिता दद्यात्कथञ्चन॥ २१५॥

यदि सबै दाजु–भाइ एकै ठाउँ बसेर तरक्की गरेका छन् भने पिताले कसैलाई थोरै कसैलाई धेरै गरी आफ्नो धनको भाग नदिउन्।

ऊर्ध्वं विभागाज्जातस्तु पित्र्यमेव हरेद्धनम्।

संसृष्टास्तेन वा ये स्युर्विभजेत स तैः सह॥ २१६॥

पिता जीवित रहँदा यदि पुत्रहरूको अंश–बण्डा भइसकेको र त्यसपछि अर्को पुत्र जन्मियो भने त्यो पुत्रले पिताकै अंश पिताको मृत्युपछि पाउने छ र अंशबण्डा भइसकेर जुन पुत्र पिताको साथ रहन्छ, पिताको मृत्युपछि दुवै अर्थात् जुन पुत्र साथमा छ र जुन अंशबण्डापछि उत्पन्न भएको छ यी दुवैले मिलेर धनलाई बराबर–बराबर बाँड्नु्।

अनपत्यस्य पुत्रस्य माता दायमवाप्नुयात्।

मातर्यपि च वृत्तायां पितुर्माता हरेद्धनम्॥ २१७॥

जुन पुत्र निःसन्तान भएर मर्छ उसको भाग उसकी आमाले पाउनुपर्छ। आमाको पनि मृत्यु भइसकेको भए उसको पिताको माता (हजुरआमा) ले पाउने छिन्।

ऋणे धने च सर्वस्मिन्प्रविभक्ते यथाविधि।

पश्चाद् दृश्येत यत्किञ्चित्तत्सर्वं समतां नयेत्॥ २१८॥

सबै ऋण र धन यथोचित विधिले बाँडिसकेपछि यदि पितामाथिको ऋण देखिएमा त्यो पनि सबै अंशमा बाँडिनुपर्छ।

वस्त्रं पत्रमलङ्कारं कृतान्नमुदकं स्त्रियः।
योगक्षेमं प्रचारं च न विभाज्यं प्रचक्षते॥ २१९॥

वस्त्र, वाहन, आभूषण, पकाएको अन्न (पकवान्न), जल, पुरोहित र पशुहरू हिंड्ने बाटो– यी सबै कुराहरू बाँड्नु हुँदैन।

अयमुक्तो विभागो वः पुत्राणां च क्रियाविधिः।
क्रमशः क्षेत्रजादीनां द्यूतधर्मं निबोधत॥ २२०॥

यो क्षेत्रज आदि पुत्रहरूको क्रियाविधि र धन विभागको नियमादि भनें, अब द्यूत (जूवा) को व्यवस्था भन्दछु।

द्यूतं समाह्वयं चैव राजा राष्ट्रान्निवारयेत्।
राजान्तकरणावेतौ द्वौ दोषौ पृथिवीक्षिताम्॥ २२१॥

राजाले आफ्नो राज्यबाट जूवा र समाह्वय दुवै हटाउनुपर्छ किनकि यी दुवै दोषले राजाको राज्य नष्ट गर्नेछ।

प्रकाशमेतत्तास्कर्यं यद्देवनसमाह्वयौ।
तयोर्नित्यं प्रतीघाते नृपतिर्यत्नवान्भवेत्॥ २२२॥

किनभने यी दुवै जूवा र समाह्वय प्रत्यक्ष चोरी हुन्। यसकारण राजा यी दुवै कार्यहरू रोक्न सधैंभरि प्रयत्नशील रहुन्।

अप्राणिभिर्यत्क्रियते तल्लोके द्यूतमुच्यते।
प्राणिभिः क्रियते यस्तु स विज्ञेयः समाह्वयः॥ २२३॥

संसारमा बिना जीवका वस्तुहरू (पासा, कौडा, सट्टा आदि) बाट बाजी लगाएर जुन खेल खेलिन्छ, त्यसलाई द्यूत (जूवा) भनिन्छ र जीवहरू (कुखुरा, तीत्रा, साँढे, बटेर आदि) बाट बाजी लगाएर जुन खेल खेलिन्छ, त्यसलाई समाह्वय भनिन्छ।

द्यूतं समाह्वयं चैव यः कुर्यात्कारयेत वा।
तान्सर्वान्घातयेद्राजा शूद्रांश्च द्विजलिङ्गिनः॥ २२४॥

जसले स्वयं द्यूत वा समाह्वय गर्छ वा अर्काबाट गराउँछ ती सबैलाई राजाले कठोर दण्ड दिउन् र जुन शूद्रले ब्राह्मणादिको चिह्नलाई धारण गर्छ उसलाई पनि राजाले दण्ड दिउन्।

कितवान्कुशीलवान्क्रूरान्पाषण्डस्थांश्च मानवान्।
विकर्मस्थाञ्छौण्डिकांश्च क्षिप्रं निर्वासयेत्पुरात्॥ २२५॥

जुवाडे, नाचगान गर्ने, दुष्ट, वेदनिन्दक, कुकर्मी र मदिरा बनाउनेलाई राजाले नगरबाट बाहिर निकालुन्।

एते राष्ट्रे वर्तमाना राज्ञः प्रच्छन्नतस्कराः।
विकर्मक्रियया नित्यं बाधन्ते भद्रिकाः प्रजाः ॥ २२६ ॥

यी माथि बताइएका सबै गुप्त चोर हुन्। यी राज्यमा रहे भने भद्र प्रजामाथि पीडा पुऱ्याउनेछन्।

द्यूतमेतत्पुरा कल्पे दृष्टं वैरकरं महत्।
तस्माद् द्यूतं न सेवेत हास्यार्थमपि बुद्धिमान् ॥ २२७ ॥

यो द्यूत (जूवा) पूर्वकालमा पनि ठूलो शत्रुता गराउने सिद्ध भइसकेको छ। यसकारण बुद्धिमानजनले हास-विलासका लागि भए पनि यसको कहिल्यै सेवन नगरून्।

प्रच्छन्नं वा प्रकाशं वा तन्निषेवेत यो नरः।
तस्य दण्डविकल्पः स्याद्यथेष्टं नृपतेस्तथा ॥ २२८ ॥

जुन मनुष्यले लुकेर वा प्रकट रूपमा द्यूत (जूवा) खेल्छ, उसलाई राजाले उचित र यथेष्ट दण्ड दिउन्।

क्षत्रविट्शूद्रयोनिस्तु दण्डं दातुमशक्नुवन्।
आनृण्यं कर्मणा गच्छेद्विप्रो दद्याच्छनैः शनैः ॥ २२९ ॥

यदि क्षत्रिय, वैश्य र शूद्र दण्ड दिनमा असमर्थ छन् भने यिनीहरूबाट कुनै काम लिएर दण्ड असूल गरून्, ब्राह्मणले दण्ड दिन असमर्थ भयो भने उसित राजाले बिस्तारै दण्ड असूल गरून्, तर काम लिएर दण्ड असूल नगरून्।

स्त्रीबालोन्मत्तवृद्धानां दरिद्राणां च रोगिणाम्।
शिफाविदलरज्ज्वाद्यैर्विदध्यान्नृपतिर्दमम् ॥ २३० ॥

स्त्री, बालक, पागल, वृद्ध, दरिद्र र रोगी मानिसलाई रूखको जरा वा बाँसले हिर्काएर वा डोरीले बाँधेर राजाले सजाय दिउन्।

ये नियुक्तास्तु कार्येषु हन्युः कार्याणि कार्यिणाम्।
धनोष्मणाः पच्यमानास्तान्निस्वान्कारयेन्नृपः ॥ २३१ ॥

राजाद्वारा कार्यमा नियुक्त कर्मचारी पुरुष कार्यलाई धनको लोभमा आएर (घूस खाएर) नष्ट गर्छन् भने राजाले उसलाई दरिद्र बनाउन् अर्थात् उसको सर्वस्व हरण गरून्।

कूटशासनकर्तृंश्च प्रकृतीनां च दूषकान्।
स्त्रीबालब्राह्मणघ्नांश्च हन्याद् विट्सेविनस्तथा॥ २३२॥

छलले शासन गर्नेहरू, प्रजालाई बिगार्नेहरू, स्त्री, बालक र ब्राह्मणलाई मार्नेहरू र शत्रुको सेवा गर्नेहरूलाई राजाले मार्न लगाउन्।

तीरितं चानुशिष्टं च यत्र क्वचन यद्भवेत्।
कृतं तद्धर्मतो विद्यान्न तद्भूयो निवर्तयेत्॥ २३३॥

जहाँ कतै पनि ऋणादि व्यवहारमा तथा दण्ड विधानमा धर्मशास्त्रद्वारा जुन निर्णय भनिएको छ त्यसलाई मान्नुपर्छ, परिवर्तन गर्नु हुँदैन।

अमात्याः प्राड्विवाको वा यत्कुर्युः कार्यमन्यथा।
तत्स्वयं नृपतिः कुर्यात्तान्सहस्रं च दण्डयेत्॥ २३४॥

मन्त्री वा न्यायकर्ता जसले विपरीत कार्य गर्छन् त्यो कार्यलाई राजाले स्वयं गरून् र ती विपरीत कार्य गर्नेलाई एक हजार पण दण्ड गरून्।

ब्रह्महा च सुरापश्च स्तेयी च गुरुतल्पगः।
एते सर्वे पृथग्ज्ञेया महापातकिनो नराः॥ २३५॥

ब्रह्मघाती, मदिरा पिउने, चोर, गुरुपत्नीसित गमन गर्ने- यी मनुष्य महापातकी हुन्छन्।

चतुर्णामपि चैतेषां प्रायश्चित्तमकुर्वताम्।
शारीरं धनसंयुक्तं दण्डं धर्म्यं प्रकल्पयेत्॥ २३६॥

उपर्युक्त यी चारै किसिमका मनुष्यले यदि प्रायश्चित नगरेमा तिनलाई शारीरिक र आर्थिक धर्मसम्बन्धी दण्ड दिनुपर्छ।

गुरुतल्पे भगः कार्यः सुरापाने सुराध्वजः।
स्तेये च स्वपदं कार्यं ब्रह्महण्यशिराः पुमान्॥ २३७॥

गुरुपत्नीका साथ सम्भोग गर्नेका ललाटमा भगको, मदिरा पिउनेको ललाटमा मदिराको पात्रको, चोरका ललाटमा कुकुरको पञ्जाको र ब्रह्मघातीका ललाटमा बिना शिरका मानिसको आकारको चिन्ह ताता फलामले डामेर बनाइदिउन्।

असम्भोज्या ह्यसंयाज्या असंपाठ्याविवाहिनः।
चरेयुः पृथिवीं दीनाः सर्वधर्मबहिष्कृताः॥ २३८॥

पूर्वोक्त पातकीहरूलाई कसैले भोजन नगराउन्, ब्राह्मणले उनको यज्ञ नगरून्, कसैले उनलाई नपढाउन्, उनीसित विवाहादि सम्बन्ध पनि नगरून्। ती सबै धर्महरूद्वारा बहिस्कृत भएर पृथ्वीमा दीन-दुःखी भई घुम्दै रहुन्।

ज्ञातिसम्बन्धिभिस्त्वेते त्यक्तव्याः कृतलक्षणाः।
निर्दया निर्नमस्कारास्तन्मनोरनुशासनम्॥ २३९॥

पूर्वोक्त चिह्नहरूद्वरा चिह्नित पापीहरूलाई भाइ, बन्धु र सम्बन्धीहरूले त्याग गर्नुपर्छ। यिनीहरूमाथि दया गर्नु हुँदैन र यिनलाई नमस्कार पनि गर्नु हुँदैन, यस्तो मनुजीको आज्ञा छ।

प्रायश्चितं तु कुर्वाणाः सर्ववर्णा यथोदितम्।
नाङ्क्या राज्ञा ललाटे स्युर्दाप्यास्तूत्तमसाहसम्॥ २४०॥

सबै वर्णहरूका पूर्वोक्त अपराधीहरूले यदि शास्त्रोक्त प्रायश्चित्त गरिसकेका छन् भने राजाले तिनका ललाटमा तताएको फलामले चिह्न नबनाउन्, तर तिनलाई उत्तम साहस (एक हजार पण) दण्ड गरून्।

आगसुः ब्राह्मणस्यैव कार्यो मध्यमसाहसः।
विवास्यो वा भवेद्राष्ट्रात्सद्रव्यः सपरिच्छदः॥ २४१॥

पूर्वोक्त दोषहरूको अपराधी यदि ब्राह्मण छ भने उसलाई उत्तम साहसको दण्ड गरून् वा उसलाई वस्त्र अन्नादि दिएर राज्यबाट निष्कासित गरून्।

इतरे कृतवन्तस्तु पापान्येतान्यकामतः।
सर्वस्वहारमर्हन्ति कामतस्तु प्रवासनम्॥ २४२॥

यदि अन्य वर्णहरूले अनिच्छाले उक्त पापहरू गरेमा उनको सर्वस्व हरण गरून् र यदि इच्छाले गरेको हो भने उनीहरूलाई देशबाट निष्कासित गरून्।

नाददीत नृपः साधुर्महापातकिनो धनम्।
आददानस्तु तल्लोभात्तेन दोषेण लिप्यते॥ २४३॥

धर्मात्मा नृपतिले महापापीहरूको धन लिनु हुँदैन। कसैले लोभले तिनको धन लिन्छ भने ती त्यसै पापका भागी हुन्छन्।

अप्सु प्रवेश्य तं दण्डं वरुणायोपपादयेत्।
श्रुतवृत्तोपपन्ने वा ब्राह्मणे प्रतिपादयेत्॥ २४४॥

त्यो दण्डरूपी धनलाई जलमा प्रवेश गराएर वरुण देवतालाई दिउन् वा वेदज्ञ सच्चरित्र ब्राह्मणलाई दिउन्।

ईशो दण्डस्य वरुणो राज्ञां दण्डधरो हि सः।
ईशः सर्वस्य जगतो ब्राह्मणो वेदपारगः॥ २४५॥

दण्डका स्वामी वरुण हुन् र तिनै वरुण राजाहरूका पनि स्वामी हुन् र वेद पारंगत ब्राह्मण सम्पूर्ण जगतका स्वामी हुन्।

यत्र वर्जयते राजा पापकृद्भ्यो धनागमम्।
तत्र कालेन जायन्ते मानवा दीर्घजीविनः॥ २४६॥
निष्पद्यन्ते च सस्यानि यथोप्तानि विशां पृथक्।
बालाश्च न प्रमीयन्ते विकृतं न च जायते॥ २४७॥

जहाँका राजाले पापीहरूको धन लिंदैनन् त्यहाँ समयमै दीर्घजीवी मनुष्य जन्मिन्छन् र वैश्यहरूले रोपेका धान्यादि अलग-अलग उम्रन्छन्। बालकहरूको मृत्यु हुँदैन र अङ्गहीनको जन्म पनि हुँदैन।

ब्राह्मणान्बाधमानं तु कामादवरवर्णजम्।
हन्याच्चित्रैर्वधोपायैरुद्वेजनकरैर्नृपः ॥ २४८॥

यदि शूद्र इच्छाद्वारा (शारीरिक क्लेशद्वारा) ब्राह्मणलाई कष्ट पुऱ्याउँछ भने राजाले त्यो शूद्रलाई छेदन, ताडन आदि कठिन प्राणनाशक उद्वेगकारी दण्डहरू दिउन्।

यावानवध्यस्य वधे तावान्वध्यस्य मोक्षणे।
अधर्मो नृपतेर्दृष्टे धर्मस्तु विनियच्छतः॥ २४९॥

जति पनि निरपराध व्यक्तिलाई मार्नमा राजालाई पाप लाग्छ उति नै अपराधीलाई छोड्दा पाप हुन्छ। यसकारण अपराधीलाई दण्ड दिनाले नै राजाको धर्मको रक्षा हुन्छ।

उदितोऽयं विस्तरशो मिथो विवदमानयोः।
अष्टादशसु मार्गेषु व्यवहारस्य निर्णयः॥ २५०॥

मैले परस्पर विवाद गर्नेहरूको व्यवहारका अठारह प्रकारका विवादका बारेमा निर्णय विस्तारपूर्वक भनें।

एवं धर्म्याणि कार्याणि सम्यक्कुर्वन्महीपतिः।
देशानलब्धांल्लिप्सेत लब्धांश्च परिपालयेत्॥ २५१॥

यस प्रकार सम्पूर्ण धार्मिक कार्यहरू गर्दै राजाले अप्राप्त देशहरू पाउने इच्छा र प्राप्त भएका देशहरूको पालन गरून्।

सम्यङ् निविष्टदेशस्तु कृतदुर्गश्च शास्त्रतः ।
कण्टकोद्धरणे नित्यमातिष्ठेद्यत्नमुत्तमम्॥ २५२॥

सबै प्रकारले सुखी देशको शास्त्रोक्त रीतिले पालन गर्दै राजा दुर्ग (किला) बनाएर कण्टकहरू (चोर, डाका, ठग, गुण्डा आदि दुष्ट)-बाट देशको उद्धार गर्नमा सधैंभरि प्रयत्नशील रहुन्।

रक्षणादार्यवृत्तानां कण्टकानां च शोधनात्।
नरेन्द्रास्त्रिदिवं यान्ति प्रजापालनतत्पराः ॥ २५३ ॥

प्रजा पालनमा तत्पर राजा सच्चरित्र मनुष्यहरूको रक्षा र दुश्चरित्रहरूलाई दण्ड दिनाले स्वर्ग जान्छन्।

अशासंस्तस्करान्यस्तु बलिं गृह्णाति पार्थिवः।
तस्य प्रक्षुभ्यते राष्ट्रं स्वर्गाच्च परिहीयते॥ २५४ ॥

जुन राजाले चोर आदि दुष्टहरूको दमन गर्दैनन् र प्रजासित कर लिन्छन् तब उनका प्रजाले विद्रोह गर्दछन् अनि ती राजा स्वर्गबाट पनि च्युत हुन्छन्।

निर्भयं तु भवेद्यस्य राष्ट्रं बाहुबलाश्रितम्।
तस्य तद्वर्धते नित्यं सिच्यमान इव द्रुमः ॥ २५५ ॥

जुन राजाको बाहुबलको आश्रयबाट राज्य निर्भय रहन्छ, त्यो राजाको राज्य नित्य जलबाट सिंचिएको वृक्षसमान वृद्धि हुन्छ।

द्विविधांस्तस्करान्विद्यात्परद्रव्यापहारकान् ।
प्रकाशांश्चाप्रकाशांश्च चारचक्षुर्महीपतिः ॥ २५६ ॥

अरूको द्रव्यको अपहरण गर्ने चोर दुई प्रकारका हुन्छन्। एउटा प्रकट चोर र अर्को गुप्त चोर। चारचक्षु[२] (गूढ पुरुषका भित्री आँखा) राजा दुवै चोरकों खोजी गरून्।

प्रकाशवञ्चकास्त्वेषां नानापण्योपजीविनः।
प्रच्छन्नवञ्चकास्त्वेते ये स्तेनाटविकादयः ॥ २५७ ॥

तिनमा अनेक प्रकारका वस्तुहरू धोका दिंदै बेचेर जीविका गर्ने चोरलाई प्रकट चोर भनिन्छ र जसले यात्रीहरूलाई ठग्दछन् वा लुट्दछन् वा गुप्त रूपबाट घरमा चोरी गर्छन् ती गुप्त चोर हुन्।

उत्कोचकाश्चौपधिका वञ्चकाः कितवास्तथा।
मङ्गलादेशवृत्ताश्च भद्राश्चेक्षणिकैः सह ॥ २५८ ॥
असम्यक्कारिणश्चैव महामात्राश्चिकित्सकाः।
शिल्पोपचारयुक्ताश्च निपुणाः पण्ययोषितः ॥ २५९ ॥

---

[२] गुप्तचर (जासूस) रूपी आँखाले गुप्त रहस्य देख्ने राजालाई चारचक्षु भनिन्छ।

एवमादीन्विजानीयात्प्रकाशांल्लोककण्टकान् ।
निगूढचारिणश्चान्याननार्यानार्यलिङ्गिनः ॥ २६० ॥

घूस लिने, डराएर धन लिने, ठग, जुवाडे, अरूका मंगल कामनाले जीउने, पापलाई लुकाएर साधुवेषमा जीविका गर्ने, हस्तरेखा हेरेर ज्योतिष आदि शास्त्रद्वारा जीवन निर्वाह गर्ने, हात्तीहरूद्वारा जीवन निर्वाह गर्ने, चिकित्साद्वारा जीवन निर्वाह गर्ने, चित्रकार तथा धूर्त र वेश्याहरू– यी र यस प्रकारका पेशाले जीवन–निर्वाह गर्ने सबै राजाका लागि कण्टकस्वरूप प्रकट चोर हुन् र यसबाट भिन्न छल गर्ने नीचहरू राम्रा मानिसहरूको रूप धारण गर्ने जुन मनुष्य हुन्छन्, तिनलाई पनि चोर नै सम्झिनुपर्छ।

तान्विदित्वा सुचरितैर्गूढैस्तत्कर्मकारिभिः ।
चारैश्चानेकसंस्थानैः प्रोत्साद्य वशमानयेत् ॥ २६१ ॥

गुप्त वार्ताहरू पत्तो लगाउने काम गर्ने सुन्दर र सुचरित्र गुप्तचरहरूलाई अनेक ठाउँमा नियुक्त गरेर राजाले ती देशका कण्टकस्वरूप दुष्टहरू पत्ता लगाएर तीमाथि शासन गर्दै आफ्ना वशमा गरून्।

तेषां दोषानभिख्याप्य स्वे स्वे कर्मणि तत्त्वतः ।
कुर्वीत शासनं राजा सम्यक्सारापराधतः ॥ २६२ ॥

ती चोरहरूमा जसको जस्तो कार्य हुन्छ त्यसलाई लोकमा बताउँदै तिनका अपराधअनुसार सम्यक् प्रकारले दण्ड गरून्।

नहि दण्डादृते शक्यः कर्तुं पापविनिग्रहः ।
स्तेनानां पापबुद्धीनां निभृतं चरतां क्षितौ ॥ २६३ ॥

पृथ्वीमा विचरण गर्ने पाप बुद्धि भएका चोरहरूलाई उनका कर्महरूबाट अलग गर्नु र तिनका पापको निग्रह (मार्जन) बिना दण्डले सम्भव छैन।

सभाप्रपापूपशालावेशमद्यान्नविक्रयाः ।
चतुष्पथाश्चैत्यवृक्षाः समाजाः प्रेक्षणानि च ॥ २६४ ॥
जीर्णोद्यानान्यरण्यानि कारुकावेशनानि च ।
शून्यानि चाप्यगाराणि वनान्युपवनानि च ॥ २६५ ॥
एवं विधान्नृपो देशान्गुल्मैः स्थावरजङ्गमैः ।
तस्करप्रतिषेधार्थं चारैश्चाप्यनुचारयेत् ॥ २६६ ॥

सभा स्थल प्रपा (पौसरा, पनेरो आदि), मिठाइका दोकान, वेश्यालय, मदिरा बेच्ने ठाउँ र अन्न बेच्ने ठाउँ, चौरस्ता (चौबाटो), प्रसिद्ध छाया दिने वृक्षको

फेदमा (जहाँ प्रायः मानिस विश्राम गर्छन्), मानिसहरू भेला हुने ठाउँ, पुरानो बगैंचा, जंगल, चित्रशाला, कोही नभएको घर, वन र उपवन- यी उपरोक्त ठाउँहरूमा राजाले सैनिकहरू र गुप्तचरहरूलाई नियुक्त गरेर उक्त ठाउँहरूको रक्षा गरून्।

तत्सहायैरनुगतैर्नानाकर्मप्रवेदिभिः ।
विद्यादुत्सादयेच्चैव निपुणैः पूर्वतस्करैः॥ २६७॥

जो चोरका सहायक हुन्छन्, उनका अनुगामी हुन्छन्, अरू कुरालाई जान्ने जानकार हुन्छन् र जुन पहिलाका पक्का चोर हुन्छन्- यिनका सहायताले पूर्व कथित राज्य कण्टकहरूको पत्तो लगाएर तिनको नाश गरून्।

भक्ष्यभोज्योपदेशैश्च ब्राह्मणानां च दर्शनैः।
शौर्यकर्मापदेशैश्च कुर्युस्तेषां समागमम्॥ २६८॥

गुप्तचरहरूले ती कण्टकहरूलाई ख्वाउने-पियाउने निहुँमा अथवा ब्राह्मणको दर्शन गराउने निहुँमा, वीरताको काम देखाउने निहुँ पारेर ल्याउन् र पक्राइदिउन्।

ये तत्र नोपसर्पेयुर्मूलप्रणिहिताश्च ये।
तान्प्रसह्य नृपो हन्यात्समित्रज्ञातिबान्धवान्॥ २६९॥

जुन चोर गुप्तचरहरूका साथ आउँदैनन् अथवा गुप्तचरहरूलाई जानेर सावधान हुन्छन् तब राजाले गुप्तचरहरूद्वारा उनका गतिविधि पत्ता लगाएर उनीहरूलाई तिनका मित्र, कुटुम्ब र बान्धवहरूका साथ पक्रिन लगाएर मार्न लगाउन्।

न होढेन बिना चौरं घातयेद्धार्मिको नृपः।
सहोढं सोपकरणं घातयेदविचारयन्॥ २७०॥

राजाले बिना प्रमाण शंकावश चोरको वध नगरून्। चोरीको सबै प्रमाण पाइसकेपछि केही विचार नगरी उसको हात काट्न लगाउन् वा सूलीमा चढाउन्।

ग्रामेष्वपि च ये केचिच्चौराणां भक्तदायकाः।
भाण्डावकाशदाश्चैव सर्वांस्तानपि घातयेत्॥ २७१॥

गाउँमा पनि कुनै मनुष्यले चोरहरूलाई भोजन, भाँडाकुँडा र बस्नको लागि बास दिएमा ती सबैलाई पनि राजाले दण्ड दिउन्।

राष्ट्रेषु रक्षाधिकृतान्सामन्तांश्चैव चोदितान्।
अभ्याघातेषु मध्यस्थाञ्छिष्याच्चौरानिवद्रुतम्॥ २७२॥

राज्यमा जो रक्षाको लागि नियुक्त हुन्छन्, जो राज्यको सीमा रक्षाको लागि खटिएका हुन्छन्, यदि ती चोरहरूका सहायक भएमा उनीहरूलाई पनि चोरसमान दण्ड दिउन्।

यश्चापि धर्मसमयात्प्रच्युतो धर्मजीवनः।
दण्डेनैव तमप्योषेत्स्वकाद्धर्माद्धि विच्युतम्॥ २७३॥

जसले स्वयं धर्मकर्म नगरेर अरूको धर्मबाट जीवनयापन गर्दछ वा आफ्नो धर्मबाट च्युत भएको छ भने त्यस्तालाई पनि दण्ड दिएर सताउन्।

ग्रामघाते हिताभङ्गे पथि मोषाभिदर्शने।
शक्तितो नाभिधावन्तो निर्वास्याः सपरिच्छदाः॥ २७४॥

गाउँमा अराजकता हुन गएमा, बाँध फुट्न गएमा, बाटोमा चोरको दर्शन हुन गएमा जो मानिस आफ्नो शक्तिअनुसार रक्षाको लागि दगुर्दैनन् उनीहरूलाई खाइन–पाइनसहित देशबाट निकालुन्।

राज्ञः कोषापहर्तृश्च प्रतिकूलेषु च स्थितान्।
घातयेद्विविधैर्दण्डैररीणां चोपजापकान्॥ २७५॥

राजाको कोषबाट धन चोर्ने, राजाको प्रतिकूल हिंड्ने र शत्रुसँग मिलेर राजकीय मानिसमा फूट उत्पन्न गर्नेलाई राजाले अनेक प्रकारका दण्डले मार्न लगाउन्।

सन्धिं छित्वा तु ये चौर्यं रात्रौ कुर्वन्ति तस्कराः।
तेषां छित्वा नृपो हस्तौ तीक्ष्णे शूले निवेशयेत्॥ २७६॥

जुन चोरले राति सेंध लगाएर चोरी गर्छ, राजाले ती चोरहरूको हात काट्न लगाएर तीखो शूलीमा चढाउन्।

अंगुलीर्ग्रन्थिभेदस्य छेदयेत्प्रथमे ग्रहे।
द्वितीये हस्तचरणौ तृतीये वधमर्हति॥ २७७॥

कुनै चीजमा बाँधिएको द्रव्यको गाँठो खोलेर चोर्ने चोरको पहिलो पल्टको अपराधमा उसका हातका औंलाहरू काट्न लगाउन्। अर्को पल्ट त्यस्तो गरेमा हात–खुट्टा काट्न लगाउन् र तेस्रो पल्ट गरेमा त्यो चोर वध गर्न योग्य हुन्छ।

अग्निदान्भक्तदांश्चैव तथा शस्त्रावकाशदान्।
सन्निधातॄश्च मोषस्य हन्याच्चौरमिवेश्वरः॥ २७८॥

चोरहरूलाई अग्नि, भोजन, हतियार र आराम गर्ने ठाउँ दिने मानिसलाई राजाले चोरकै समान दण्ड दिउन्।

तडागभेदकं हन्यादप्सु शुद्धवधेन वा।
यद्वापि प्रतिसंस्कुर्याद् दाप्यस्तूत्तमसाहसम्॥ २७९॥

तलाउलाई कुनै प्रकारले नष्ट गर्नेलाई जलमा डुबाएर मार्न लगाउन् वा कुनै कडा दण्ड दिएर मार्न लगाउन्। यदि उसले त्यो नष्ट गरेको वस्तुलाई दुरुस्त गरी बनाइदियो भने उसलाई एक उत्तम साहस (एक हजार पण) को दण्ड दिउन्।

कोष्ठागारायुधागारदेवतागारभेदकान्।
हस्त्यश्वरथहर्तॄंश्च हन्यादेवाविचारयन्॥ २८०॥

कोठार (भँडार), शास्त्रागार र देवमन्दिर नष्ट गर्नेहरूलाई तथा हात्ती, घोडा र रथ चोर्नेलाई केही विचार नगरी प्राणदण्ड दिउन्।

यस्तु पूर्वनिविष्टस्य तडागस्योदकं हरेत्।
आगमं वाप्यपां भिद्यात्स दाप्यः पूर्वसाहसम्॥ २८१॥

सर्वसाधारणका हितका निम्ति बनाइएका तलाउको पानी दूषित गर्ने वा लिने अथवा तलाउमा पानी आउने बाटो बन्द गर्नेलाई राजाले प्रथम साहसको दण्ड गरून्।

समुत्सृजेद्राजमार्गे यस्त्वमेध्यमनापदि।
स द्वौ कार्षापणौ दद्यादमेध्यं चाशु शोधयेत्॥ २८२॥

जसले निरापद अवस्थामा राजमार्ग, सडक, सार्वजनिक बाटोमा मलमूत्र त्याग गर्छ त्यसलाई दुई कर्षापण दण्ड गर्नुपर्छ तथा उसैलाई मलमूत्र छिटै बाटोबाट हटाउन लगाउनुपर्छ।

आपद्गतोऽथवा वृद्धा गर्भिणी बाल एव वा।
परिभाषणमर्हन्ति तच्च शोध्यमिति स्थितिः॥ २८३॥

जो कुनै प्रकारको रोगादिं आपत्तिहरूमा फँसेको हुन्छ, वृद्धा र गर्भिणी स्त्री तथा बालकले बाटोमा मलादिको उत्सर्ग गऱ्यो भने दण्डनीय हुँदैन । उनलाई केवल प्रताणना गरेर उनीहरूसित मलादिलाई बाटोबाट सफा गर्न लगाउन्। यही शास्त्रीय व्यवस्था हो।

चिकित्सकानां सर्वेषां मिथ्या प्रचरतां दमः।
अमानुषेषु प्रथमो मानुषेषु तु मध्यमः॥ २८४॥

चिकित्सा गर्नेले अध्ययन नगरीकनै झुटो वैद्य भएर विचरण गर्नेलाई, जो पशुहरूको चिकित्सामा आयोग्य हुन्छन् तिनलाई प्रथम साहस र मनुष्यहरूको चिकित्सामा अयोग्य हुन्छन् तिनलाई मध्यम साहसको दण्ड गरून्।

संक्रमध्वजयष्टीनां प्रतिमानां च भेदकः।
प्रतिकुर्याच्च तत्सर्वं पञ्च दद्याच्छतानि च॥ २८५॥

संक्रम (नाला वा सानो नहर आदि पार गर्न राखिएको ढुंगा वा काठ आदि), ध्वज (राजचिन्ह वा देवताको ध्वजा), मूर्तिहरू- यिनलाई नष्ट गर्नेलाई पाँच सय पण दण्ड गर्नुपर्छ र बिग्रिएका कुरालाई बनाउन लगाउनुपर्छ।

अदूषितानां द्रव्याणां दूषणे भेदने तथा।
मणीनामपवेधे च दण्डः प्रथमसाहसः॥ २८६॥

निर्दोष द्रव्यलाई दूषित गर्ने, नछेड्ने योग्य माणिक्य आदि छेड्ने र छेड्न योग्य माणिक्य आदि यथास्थान नछेड्ने त्यस्ता व्यक्तिलाई राजाले प्रथम साहस दण्ड दिउन्।

समैर्हि विषमं यस्तु चरेद्वै मूल्यतोऽपि वा।
समाप्नुयाद्दमं पूर्वं नरो मध्यममेव वा॥ २८७॥

समान मूल्यको कुनै वस्तु कसैलाई कम मूल्यमा र कसैलाई बढी मूल्यमा दिन्छ भने त्यो व्यक्ति (वस्तुको मूल्यअनुसार) प्रथम साहस वा मध्यम साहस दण्ड पाउने योग्य हुन्छ।

बन्धनानि च सर्वाणि राजा मार्गे निवेशयेत्।
दुःखिता यत्र दृश्येरन्विकृताः पापकारिणः॥ २८८॥

राजाले सबै प्रकारका दण्डनीय स्थान (कारागार आदि) सडक किनारमै बनाउन लगाउन्, जसबाट आफ्ना पापका कारण दुःख भोग्नेहरूलाई सर्वसाधारणले देख्न सकुन्।

प्राकरस्य च भेत्तारं परिखाणां च पूरकम्।
द्वाराणां चैव भङ्क्तारं क्षिप्रमेव प्रवासयेत्॥ २८९॥

प्राकार (किल्लाको चारैतर्फ जुन पर्खाल हुन्छ त्यसलाई प्राकार भनिन्छ) लाई भत्काउने, परिखा (किल्लाको बाहिर जुन चारैतर्फ पानीको खाल्डो हुन्छ त्यसलाई परिखा भनिन्छ) पुर्नेलाई र ढोका (मेन ढोका) फुटाल्नेलाई राजाले छिटै नै राज्यबाट निकालुन्।

अभिचारेषु सर्वेषु कर्तव्यो द्विशतो दमः।
मूलकर्मणि चानाप्तेः कृत्यासु विविधासु च॥ २९०॥

सबै प्रकारका अभिचार (मारण-उच्चाटनादि) गर्दा पनि यदि अभिष्ट सिद्ध नभएमा अभिचार गर्नेलाई दुईसय पण दण्ड दिनुपर्छ।

अबीजविक्रियी चैव बीजोत्कृष्टं तथैव च।
मर्यादाभेदकश्चैव विकृतं प्राप्नुयाद्वधम्॥ २९१॥

जुन मानिसले नउम्रने बीउलाई राम्रो भनेर बेच्छ, गाउँको मर्यादा नष्ट गर्छ भने राजाले उसको अङ्गभङ्ग गराएर विकृत वध जस्तो दण्ड दिउन्।

सर्वकण्टकपापिष्ठं हेमकारं तु पार्थिवः।
प्रवर्तमानमन्याये छेदयेल्लवशः क्षुरैः॥ २९२॥

सबै प्रकारका कण्टकहरूमा पापी कण्टक सुनार हुन्छन्। यदि त्यो अन्यायमा प्रवृत्त भयो भने राजाले छुरीले यिनका अङ्गहरूलाई खण्ड-खण्ड गर्न लगाउन्।

सीताद्रव्यापहरणे शस्त्राणामौषधस्य च।
कालमासाद्य कार्यं च राजा दण्डं प्रकल्पयेत्॥ २९३॥

खेती गर्दा चाहिने कृषि उपकरणहरू, शस्त्रहरू र औषधिको चोरी गर्नेलाई राजाले समयअनुसार दण्ड गरून्।

स्वाम्यमात्यौ पुरं राष्ट्रं कोशदण्डौ सुहृत्तथा।
सप्त प्रकृतयो ह्येताः सप्ताङ्गं राज्यमुच्यते॥ २९४॥

राजा, मन्त्री, गाउँ, देश, खजाना, सेना र मित्र- यी सात राज्यका प्रकृति हुन्, यसकारण राज्यलाई सप्ताङ्ग भनिन्छ।

सप्तानां प्रकृतीनां तु राज्यस्यासां यथाक्रमम्।
पूर्वं पूर्वं गुरुतरं जानीयाद्व्यसनं महत्॥ २९५॥

यी राज्यका सप्ताङ्गहरूमा यथाक्रमले प्रत्येक दोस्रोभन्दा पहिलो बली हुन्छ। यसैगरी प्रत्येक दोस्रोभन्दा पहिलो विपत्तिमा पनि बलवान् हुन्छ।

सप्ताङ्गस्येह राज्यस्य विष्टब्धस्य त्रिदण्डवत्।
अन्योन्यगुणवैशेष्यान्न किञ्चिदतिरिच्यते॥ २९६॥

राज्यका यी सातै अङ्ग परस्पर एक-अर्काका उपकारी हुनाको कारण सन्यासीको त्रिदण्ड जस्तै सबै एक-अर्कासँग मिलेका र समान हुन्छन्।

तेषु तेषु तु कृत्येषु तत्तदङ्गं विशिष्यते।
येन यत्साध्यते कार्यं तत्तस्मिन् श्रेष्ठमुच्यते॥ २९७॥

जुन अङ्गको जुन कार्यमा निपुणता हुन्छ ती-ती अङ्गहरूको त्यही-त्यही अङ्गमा विशेषता हुन्छ, किनकि जुन अङ्गले आफ्नो कार्य सिद्ध गर्छ, त्यो त्यही कार्यमा श्रेष्ठ मानिन्छ।

चारेणोत्साहयोगेन क्रिययैव च कर्मणाम्।
स्वशक्तिं परशक्तिं च नित्यं विद्यान्महीपतिः॥ २९८॥

गुप्तचरहरू र सेनाद्वारा र नियन्त्रित क्रियाहरूका कर्महरूबाट राजाले आफ्नो र शत्रुको शक्ति पत्तो लगाइरहुन्।

पीडनानि च सर्वाणि व्यसनानि तथैव च।
आरभेत ततः कार्यं संचिन्त्य गुरुलाघवम्॥ २९९॥

सबै प्रकारका दुर्व्यसन र पीडाहरूलाई अर्थात् आफ्नो र शत्रुको राज्यमा काम तथा क्रोधले गरिएको पीडन र व्यसनको कमी बेसी थाहा पाएर र विचार गरेर राजाले कामलाई आरम्भ गरून्।

आरभेतैव कर्माणि श्रान्तः श्रान्तः पुनः पुनः।
कर्माण्यारभमाणं हि पुरुषं श्रीर्निषेवते॥ ३००॥

बारम्बार थाकियो भने पनि बारम्बार कार्य आरम्भ गरून्, किनभने कार्य आरम्भ गर्नेहरूको सेवा स्वयं लक्ष्मीले गर्छिन्।

कृतं त्रेतायुगं चैव द्वापरं कलिरेव च।
राज्ञो वृत्तानि सर्वाणि राजा हि युगमुच्यते॥ ३०१॥

सत्ययुग, त्रेतायुग, द्वापरयुग र कलियुगमा राजाहरूका नै कर्महरूको वृत्तान्त छन्, यसकारण राजालाई नै युग भन्दछन्।

कलिः प्रसुप्तो भवति स जाग्रद् द्वापरं युगम्।
कर्मस्वभ्युद्यतस्त्रेता विचरस्तु कृतं युगम्॥ ३०२॥

राजा सुप्तावस्थामा कलि हुन्छन्, सुतेर ब्युँझिएका बेला द्वापर, कर्म गर्न उद्यत भएका बेला त्रेता र कर्म गर्दैगर्दा सत्ययुग हुन्छ।

इन्द्रस्यार्कस्य वायोश्च यमस्य वरुणस्य च।
चन्द्रस्याग्नेः पृथिव्याश्च तेजोवृत्तं नृपश्चरेत्॥ ३०३॥

इन्द्र, सूर्य, वायु, यम, वरुण, चन्द्रमा, अग्नि र पृथ्वी– यिनका तेजका अनुरूप नै राजाले व्यवहार गर्नुपर्छ।

वार्षिकांश्चतुरो मासान्यथेन्द्रोऽभिप्रवर्षति।
तथाभिवर्षेत्स्वं राष्ट्रं कामैरिन्द्रव्रतं चरन्॥ ३०४॥

जुन प्रकारले वर्षाऋतुका चार महिनामा ईन्द्रले वर्षा गराएर कृषकलाई सुख दिन्छन्, त्यसै गरी इन्द्रव्रत गर्दै अभीप्सित द्रव्यादिको वर्षा गर्दै राजाले आफ्नो राष्ट्रलाई सन्तुष्ट गराउन्।

अष्टौ मासान्यथादित्यस्तोयं हरति रश्मिभिः ।

तथा हरेत्करं राष्ट्रान्नित्यमर्कव्रतं हि तत् ॥ ३०५ ॥

जुन प्रकारले सूर्य आठ महिनासम्म आफ्ना किरणहरूले जललाई हरण गर्छ, त्यसै गरी राजा आफ्नो राष्ट्रबाट कर लिउन्। यसैलाई राजाका लागि सूर्यव्रत भनिएको हो।

प्रविश्य सर्वभूतानि यथा चरति मारुतः ।

तथा चारैः प्रवेष्टव्यं व्रतभेतद्धि मारुतम् ॥ ३०६ ॥

जसरी सबै प्राणीहरूमा वायु प्रवेश गरी घुम्दछ त्यसै गरी आफ्ना गुप्तचरहरूद्वारा आफ्नो राष्ट्रमा घुम्नुपर्छ। यही राजाको वायुव्रत हो।

यथा यमः प्रियद्वेष्यौ प्राप्ते काले नियच्छति ।

तथा राज्ञा नियन्तव्याः प्रजास्तद्धि यमव्रतम् ॥ ३०७ ॥

जसरी यमराज मृत्युका समय मित्र र शत्रुको भेद नराखेर सबैलाई मार्दछ त्यसै गरी राजाले पनि प्रजामाथि नियन्त्रण गर्नुपर्छ। यसलाई राजाको यमव्रत भनिन्छ।

वरुणेन यथा पाशैर्बद्ध एवाभिदृश्यते।

तथा पापान्निगृह्णीयाद् व्रतमेतद्धि वारुणम् ॥ ३०८ ॥

जसरी वरुण देवता जसलाई बाँध्ने मन गर्छन् उसलाई निःशंक भावले आफ्ना पाशमा बाँधी छोड्छन्, त्यसैगरी राजाले पापीहरूलाई निःशंक भएर बाँधुन्। यो राजाको वारुणव्रत हो।

परिपूर्णं यथा चन्द्रं दृष्ट्वा हृष्यन्ति मानवाः ।

तथा प्रकृतयो यस्मिन्स चान्द्रव्रतिको नृपः ॥ ३०९ ॥

पूर्ण चन्द्रमालाई देखेर मनुष्यलाई जस्तो प्रसन्नता हुन्छ, त्यस्तै प्रसन्नता यदि राजालाई देखेर प्रजालाई हुन्छ भने यो नै राजाको लागि चान्द्रव्रत हो।

प्रतापयुक्तस्तेजस्वी नित्यं स्यात्पापकर्मसु ।

दुष्टसामन्तहिंस्रश्च तदाग्नेयं व्रतं स्मृतम् ॥ ३१० ॥

पापीहरूलाई नित्य दण्ड दिनमा तेजस्वी र प्रतापी भएर राजाले दुष्ट मन्त्रीहरूलाई पनि त्रास दिउन्। यो नै राजाको लागि आग्नेय व्रत हो।

यथा सर्वाणि भूतानि धरा धारयते समम् ।

तथा सर्वाणि भूतानि बिभ्रतः पार्थिवं व्रतम् ॥ ३११ ॥

जसरी समान भावले सबै प्राणीहरूलाई पृथ्वीले धारण गर्छिन्, त्यसै गरी सबै प्राणीहरूको भरण–पोषण गर्दै धारण गर्नु राजाको लागि पार्थिव व्रत हो।

एतैरुपायैरन्यैश्च युक्तो नित्यमतन्द्रितः।
स्तेनान् राजा निगृह्णीयात् स्वराष्ट्रे पर एव च॥ ३१२॥

यी उपायहरूले वा अन्य उपायहरूले युक्त र नित्य निरालस्य भएर राजाले आफ्नो राज्यमा बस्ने तथा अरू राज्यमा बसेर आफ्नो राज्यमा आएर चोरी गर्ने चोरहरूको दमन गरून्।

परामप्यापदं प्राप्तो ब्राह्मणान्न प्रकोपयेत्।
ते ह्येनं कुपिता हन्युः सद्यः सबलवाहनम्॥ ३१३॥

अत्यन्त विपत्ति आउँदा पनि राजाले ब्राह्मणहरूलाई कुपित नगरून्। यदि ब्राह्मण कुपित भएमा सेना र वाहनका साथै राजालाई पनि नाश पार्छन्।

यैः कृतः सर्वभक्ष्योऽग्निरपेयश्च महोदधिः।
क्षयी चाप्यायितः सोमः को न नश्येत् प्रकोप्य तान्॥ ३१४॥

जसले अग्निलाई सर्वभक्षी, समुद्रलाई अपेय, क्षीण हुँदै जाने चन्द्रमालाई पूर्ण गरे भने उनी कुपित हुनाले को नष्ट हुँदैन?

लोकानन्यान्सृजेयुर्ये लोकपालांश्च कोपिताः।
देवान् कुर्युरदेवांश्च कः क्षिण्वंस्तान्समृध्नुयात्॥ ३१५॥

जसले कुपित भएर अरू लोक र लोकपालहरूको रचना गर्न सक्छन् र देवताहरूलाई मनुष्य पार्न सक्छन्, तिनलाई दुःख दिएर को समृद्धशाली हुन सक्छ?

यानुपाश्रित्य तिष्ठन्ति लोका देवाश्च सर्वदा।
ब्रह्म चैव धनं येषां को हिंस्यात्ताञ्जिजीविषुः॥ ३१६॥

जसको आश्रयबाट लोक र देवता सधैं रहन्छन्, जसको ब्रह्म नै धन हो, उनलाई जीवनको इच्छा गर्ने कुन पुरुषले सताउन सक्छ?

अविद्वांश्चैव विद्वांश्च ब्राह्मणो दैवतं महत्।
प्रणीतश्चाप्रणीतश्च यथाऽग्निर्दैवतं महत्॥ ३१७॥

जसरी वैदिक र अवैदिक रीतिबाट स्थापित गरिएको अग्नि महान् देवता हुन्, त्यसै गरी मूर्ख तथा विद्वान् दुवै ब्राह्मण श्रेष्ठ देवता हुन्।

श्मशानेष्वपि तेजस्वी पावको नैव दुष्यति।
हूयमानश्च यज्ञेषु भूय एवाभिवर्धते॥ ३१८॥

जसरी तेजस्वी अग्नि मसानमा पनि दूषित हुँदैन र यज्ञमा हवन गर्नाले पनि अझ धेरै बढ्छ।

एवं यद्यप्यनिष्टेषु वर्तन्ते सर्वकर्मसु।
सर्वथा ब्राह्मणाः पूज्याः परमं दैवतं हि तत्॥ ३१९॥

त्यसैगरी सबै प्रकारका अपवित्र कार्यहरूमा संलग्न हुँदा पनि ब्राह्मण सबै प्रकारले पूजनीय हुन्छन् किनकि उनी उत्तम देवता हुन्।

क्षत्रस्यातिप्रवृद्धस्य ब्राह्मणान्प्रति सर्वशः।
ब्रह्मैव सन्नियन्तृ स्यात्क्षत्रं हि ब्रह्मसम्भवम्॥ ३२०॥

सबै प्रकारले अत्यन्त उत्कट रूपबाट ब्राह्मणहरूलाई पीडा दिने क्षत्रियको शासन ब्राह्मणले नै गर्न सक्छन् किनकि क्षत्रिय ब्राह्मणबाटै उत्पन्न भएका हुन्।

अद्भ्योऽग्निर्ब्रह्मतः क्षत्रमश्मनो लोहमुत्थितम्।
तेषां सर्वत्रगं तेजः स्वासु योनिषु शाम्यति॥ ३२१॥

जलबाट अग्नि, ब्राह्मणबाट क्षत्रिय र ढुंगाबाट फलाम उत्पन्न भएको हो, तिनको तेज सबैतिर व्याप्त भए पनि आफ्नो उत्पत्ति स्थानमै गएर शान्त हुन्छ।

नाब्रह्म क्षत्रमृध्नोति नाक्षत्रं ब्रह्म वर्धते।
ब्रह्म क्षत्रं च संपृक्तमिह चामुत्र वर्धते॥ ३२२॥

ब्राह्मणबिना क्षत्रियको वृद्धि हुँदैन र क्षत्रियबिना ब्राह्मणको उन्नति हुँदैन। यदि ब्राह्मण र क्षत्रिय दुवै परस्पर मिलेर रहे भने यहाँ र परलोक दुवै ठाउँमा दुवैको वृद्धि हुन्छ।

दत्त्वा धनं तु विप्रेभ्यः सर्वदण्डसमुत्थितम्।
पुत्रे राज्यं समासृज्य कुर्वीत प्रायणं रणे॥ ३२३॥

सबै प्रकारका दण्डहरूबाट प्राप्त भएका धन ब्राह्मणलाई दिएर र आफ्ना पुत्रलाई राज्य सुम्पिएर राजा रणमा प्राण त्याग गरून्।

एवं चरन् सदा युक्तो राजधर्मेषु पार्थिवः।
हितेषु चैव लोकस्य सर्वान्भृत्यान्नियोजयेत्॥ ३२४॥

यसप्रकार राजा सधैं राजधर्ममा तत्पर भएर सबै प्रजाहरूका कल्याणका निम्ति कर्मचारीहरूको नियुक्ति गरून्।

एषोऽखिलः कर्मविधिरुक्तो राज्ञः सनातनः ।
इमं कर्मविधिं विद्यात्क्रमशो वैश्यशूद्रयोः ॥ ३२५ ॥

मैले राजाहरूको यो समस्त सनातन कर्म विधान भनें, अब क्रमशः वैश्य र शूद्रहरूका कर्म विधान भन्नेछु ।

वैश्यस्तु कृतसंस्कारः कृत्वा दारपरिग्रहम् ।
वार्तायां नित्ययुक्तः स्यात्पशूनां चैव रक्षणे ॥ ३२६ ॥

वैश्यले यज्ञोपवीत संस्कारपछि विवाह गरेर खेती, व्यापार र पशुहरूको रक्षा गर्न नित्य तयार रहुन् ।

प्रजापतिर्हि वैश्याय सृष्ट्वा परिददे पशून् ।
ब्राह्मणाय च राज्ञे च सर्वाः परिददे प्रजाः ॥ ३२७ ॥

ब्रह्माले पशुहरूको सृष्टि गरेर वैश्यहरूलाई तिनको भार दिनुभयो र ब्राह्मण तथा राजालाई सबै प्रजाहरूको भार दिनुभयो ।

न च वैश्यस्य कामः स्यान्न रक्षेयं पशूनिति ।
वैश्ये चेच्छति नान्येन रक्षितव्याः कथञ्चन ॥ ३२८ ॥

वैश्यले कहिल्यै पनि यस्तो इच्छा गर्नुहुँदैन कि म पशुहरूको रक्षा गर्न सक्दिन, र वैश्यले जबसम्म पशुपालनको इच्छा गर्छ तबसम्म अरूबाट कहिल्यै पनि पशुको रक्षा नगराउन् ।

मणिमुक्ताप्रवालानां लोहानां तान्तवस्य च ।
गन्धानां च रसानां च विद्यादर्घबलाबलम् ॥ ३२९ ॥

मणि, मोती, मुँगा, फलाम, वस्त्र, गन्ध र रसहरूको भाउमा कमी–बेसीको ज्ञान वैश्यले सधैं राख्नुपर्छ ।

बीजानामुप्तिविच्च स्यात्क्षेत्रदोषगुणस्य च ।
मानयोगं च जानीयात्तुलायोगांश्च सर्वशः ॥ ३३० ॥

बीउहरू रोप्ने ज्ञान र खेतको गुण, दोष तथा सबै वस्तुहरूको नाप–तौलको ज्ञान, यी सबै वैश्यले राम्रोसँग थाहा पाउनुपर्छ ।

सारासारं च भाण्डानां देशानां च गुणागुणान् ।
लाभालाभं च पण्यानां पशूनां परिवर्धनम् ॥ ३३१ ॥
भृत्यानां च भृतिं विद्याद्भाषाश्च विविधा नृणाम् ।
द्रव्याणां स्थानयोगांश्च क्रयविक्रयमेव च ॥ ३३२ ॥

प्रत्येक वस्तुको श्रेष्ठ र निकृष्टको पहिचान, प्रत्येक देशको, सस्तो र महँगो वस्तुहरूको ज्ञान, विक्रय गरिने वस्तुहरूको हानि र लाभको ज्ञान, पशुहरू

वृद्धिका उपाय, नोकरहरूलाई मासिक तलब दिने ज्ञान, मनुष्यका अनेक प्रकारका भाषाहरूको ज्ञान, वस्तुहरू सुरक्षित राख्ने ठाउँको ज्ञान र किन-बेचको ज्ञान राख्नुपर्छ।

धर्मेण च द्रव्यवृद्धावातिष्ठेद्यत्नमुत्तमम्।
दद्याच्च सर्वभूतानामन्नमेव प्रयत्नतः॥ ३३३॥

धर्मद्वारा द्रव्यको वृद्धिमा उत्तम यत्न गर्नुपर्छ र प्रयत्नपूर्वक सबै प्राणीहरूलाई अन्न दिनुपर्छ।

विप्राणां वेदविदुषां गृहस्थानां यशस्विनाम्।
शूश्रूषैव तु शूद्रस्य धर्मो नैश्रेयसः परः॥ ३३४॥

वेदज्ञाता ब्राह्मणहरू र यशस्वी गृहस्थहरूको सेवा गर्नु नै शूद्रलाई स्वर्ग दिने परम धर्म हो।

शुचिरुत्कृष्टशुश्रूषुर्मृदुवागनहंकृतः।
ब्राह्मणाद्याश्रयो नित्यमुत्कृष्टं जातिमश्नुते॥ ३३५॥

यत्न र वाणीले पवित्र रहने, श्रेष्ठ जातिहरूको सेवा गर्ने, मीठो वचन बोल्ने, अंहकाररहित र सधैं ब्राह्मणको आश्रयमा रहने शूद्र आफूभन्दा उत्कृष्ट जातिमा प्राप्त हुन्छ।

एषोऽनापदि वर्णानामुक्तः कर्मविधिः शुभः।
आपद्यपि हि यस्तेषां क्रमशस्तन्निबोधत॥ ३३६॥

यी चारै वर्णहरूमा निरापद स्थितिमा शुभ कर्मविधि भनें । अब आपत्तिकालमा तिनीहरूको जुन धर्म हुन्छ, त्यो सुन्नहोस्।

॥ इति नवम अध्याय समाप्त॥

●●

दशमोऽध्यायः

अधीयीरंस्त्रयो वर्णाः स्वकर्मस्था द्विजातयः ।
प्रब्रूयाद् ब्राह्मणस्त्वेषां नेतराविति निश्चयः ॥ १ ॥

आ-आफ्ना कर्ममा लागिरहने द्विजाति (ब्राह्मण, क्षत्रिय, वैश्य) ले वेदलाई पढुन् । यिनीहरूमा ब्राह्मणले नै वेदलाई पढाउन्, अरू कसैले नपढाउन्, यही निश्चय गरिएको छ।

सर्वेषां ब्राह्मणो विद्याद्वृत्त्युपायान् यथाविधि।
प्रब्रूयादितरेभ्यश्च स्वयं चैव तथा भवेत् ॥ २ ॥

ब्राह्मणले सबैका जीविकाको उपाय जानेर त्यसको सबैलाई उपदेश गरून् र स्वयं पनि आफ्ना जीविकाको उपाय गरून्।

वैशेष्यात्प्रकृतिश्रेष्ठ्यान्नियमस्य च धारणात्।
संस्कारस्य विशेषाच्च वर्णानां ब्राह्मणः प्रभुः ॥ ३ ॥

अत्यन्त श्रेष्ठता, प्रकृतिका श्रेष्ठताका कारण, नियमहरूलाई धारण गर्नमा र संस्कारहरूका विशेषताले सबै वर्णहरूका स्वामी ब्राह्मण हुन्।

ब्राह्मणः क्षत्रियो वैश्यस्त्रयो वर्णा द्विजातयः।
चतुर्थ एकजातिस्तु शूद्रो नास्ति तु पञ्चमः ॥ ४ ॥

ब्राह्मण, क्षत्रिय र वैश्य यिनै तीन वर्णलाई द्विजाति वा द्विज भनिन्छ । चौथो एक जाति वर्ण शूद्र हो, पाँचौं वर्ण कुनै छैन।

सर्ववर्णेषु तुल्यासु पत्नीष्वक्षतयोनिषु।
आनुलोम्येन सम्भूता जात्या ज्ञेयास्त एव ते ॥ ५ ॥

सबै वर्णहरूमा सजातीय अक्षतयोनि पत्नीमा अनुलोम विधिबाट जुन सन्तान हुन्छ त्यो उसै वर्णको हुन्छ। (जस्तो ब्राह्मण र उसकी पत्नी ब्राह्मणीबाट जन्मिने सन्तान ब्राह्मण नै हुन्छ, त्यस्तै अरू वर्णहरूमा जानून्।)

स्त्रीष्वनन्तरजातासु द्विजैरुत्पादितान्सुतान्।
सदृशानेव तानाहुर्मातृदोषविगर्हितान् ॥ ६ ॥

व्यवधानरहित आफूभन्दा तल्लो वर्णकी स्त्रीहरूमा द्विजातिद्वारा उत्पन्न भएका पुत्र (अर्थात् ब्राह्मणबाट क्षत्रियमा, क्षत्रियबाट वैश्यमा, वैश्यबाट शूद्रामा) माता हीन जातिकी (तल्लो वर्णकी) हुनाले निन्दित र पिताका सदृश हुन्छन्।

अनन्तारासु जातानां विधिरेष सनातनः।
द्व्येकान्तरासु जातानां धर्म्यं विद्यादिमं विधिम्॥ ७॥

यो व्यवधानरहित आफूभन्दा तल्लो वर्णकी स्त्रीहरूबाट उत्पन्न पुत्रहरूका सनातन विधि कहियो। अब दुई अथवा एक वर्णका अन्तरमा भएकी स्त्रीहरूबाट उत्पन्न पुत्रहरूका लागि यो नियम छ।

ब्राह्मणाद्वैश्यकन्यायामम्बष्ठो नाम जायते।
निषादः शूद्रकन्यायां यः पारशव उच्यते॥ ८॥

ब्राह्मणबाट वैश्य कन्यामा जन्मिएको पुत्रलाई अम्बष्ठ भनिन्छ र शूद्र कन्याबाट जन्मिएको पुत्रलाई निषाद भनिन्छ र उसैलाई पारशव पनि भनिन्छ।

क्षत्रियाच्छूद्रकन्यायां क्रूराचारविहारवान्।
क्षत्रशूद्रवपुर्जन्तुरुग्रो नाम प्रजायते॥ ९॥

क्षत्रियबाट शूद्र कन्यामा जन्मिएको पुत्र क्रूर आचार र विहार गर्ने हुन्छ। उसको प्रकृति (आनीबानी) क्षत्रिय र शूद्र दुवैको जस्तो हुन्छ र उसलाई उग्र पनि भनिन्छ।

विप्रस्य त्रिषु वर्णेषु नृपतेर्वर्णयोर्द्वयोः।
वैश्यस्य वर्णे चैकस्मिन् षडेतेऽपसदाः स्मृताः॥ १०॥

ब्राह्मणबाट अन्य तीन वर्णकी (क्षत्रिय, वैश्य, शूद्र) स्त्रीहरूमा जन्मिएको पुत्र, क्षत्रियबाट वैश्य र शूद्र स्त्रीहरूमा जन्मिएको पुत्र र वैश्यबाट शूद्र स्त्रीमा जन्मिएको पुत्र– यी छः पुत्रलाई अपसद भनिन्छ।

क्षत्रियाद्विप्रकन्यायां सूतो भवति जातितः।
वैश्यान्मागधवैदेहो राजविप्राङ्गनासुतौ॥ ११॥

ब्राह्मणकी कन्यामा क्षत्रियबाट जन्मिएका पुत्र सूत जातिका हुन्छन्। क्षत्रिय र ब्राह्मणकी कन्यामा वैश्यद्वारा जन्मिएका पुत्र क्रमशः मगध र वैदेह जातिका हुन्छन्।

शूद्रादायोगवः क्षत्ता चण्डालश्चाधमो नृणाम्।
वैश्यराजन्यविप्रासु जायन्ते वर्णसङ्कराः॥ १२॥

ब्राह्मण, क्षत्रिय र वैश्यका कन्यामा शूद्रबाट जन्मिएका पुत्रहरू क्रमैसित अयोगव, क्षत्ता र अधम चाण्डाल वर्णसंकर हुन्छन्।

एकान्तरे त्वानुलोम्यादम्बष्ठोग्रौ यथा स्मृतौ।
क्षत्तृ वैदेहकौ तद्वत्प्रातिलोम्येऽपि जन्मनि॥ १३॥

अनुलोमबाट एकान्तरमा जसरी अम्बष्ठ र उग्र छन् त्यसरी नै प्रतिलोम रीतिबाट एकान्तर वर्णमा जन्मिएका पुत्र क्षत्ता र वैदेह पनि हुन्छन्।

पुत्रा येऽनन्तरस्त्रीजाः क्रमेणोक्ता द्विजन्मनाम्।
ताननन्तरनाम्नस्तु मातृदोषात्प्रचक्षते॥ १४॥

द्विजातिहरूका अनन्तर स्त्रीहरूमा जुन सन्तानहरू हुन्छन् ती माताका दोषबाट (अर्थात् माता भिन्नै जातिको हुनाले) त्यही जातिद्वारा बोलाइन्छन्।

ब्राह्मणादुग्रकन्यायामावृतो नाम जायते।
आभीरोऽम्बष्ठकन्यायामायोगव्यां तु धिग्वणः॥ १५॥

उग्रकन्या (क्षत्रियबाट वैश्यमा उत्पन्न कन्या) मा ब्राह्मणबाट उत्पन्न बालकलाई आवृत्त, अम्बष्ठ (ब्राह्मणबाट वैश्यमा उत्पन्न कन्या) कन्यामा उत्पन्न पुत्रलाई आभीर र आयोगवी कन्या (शूद्रबाट वैश्यामा उत्पन्न कन्या) मा उत्पन्न पुत्रलाई धिग्व्रण भनिन्छ।

आयोगवश्च क्षत्ता च चण्डालश्चाधमो नृणाम्।
प्रतिलोम्येन जायन्ते शूद्रादपसदास्त्रयः॥ १६॥

प्रतिलोम रीतिबाट उत्पन्न अयोगव, क्षत्ता र मनुष्यहरूमा अधम, चाण्डाल- यी तीनै सर्वदा शूद्रभन्दा पनि नीच हुन्छन्।

वैश्यान्मागधवैदेहौ क्षत्रियात्सूत एव तु।
प्रतीपमेते जायन्ते परेऽत्यपसदास्त्रयः॥ १७॥

प्रतिलोम रीतिबाट वैश्यबाट उत्पन्न (अर्थात् क्षत्रिय र ब्राह्मणकी कन्यामा) पुत्र क्रमैसित मागध, वैदेह र क्षत्रियबाट उत्पन्न (ब्राह्मणकी कन्यामा) पुत्र सूत- यी तीनै सर्वदा भ्रष्ट हुन्छन्।

जातो निषादाच्छूद्रायां जात्या भवति पुक्कसः।
शूद्राज्जातो निषाद्यां तु स वै कुक्कुटकः स्मृतः॥ १८॥

शूद्रकी कन्यामा निषादबाट उत्पन्न पुत्र पुक्कस र निषादकी कन्यामा शूद्रबाट उत्पन्न पुत्र कुक्कुटक भनिन्छ।

क्षत्तुर्जातस्तयोग्रायां स्वापक इति कीर्त्यते।
वैदेहकेन त्वम्बष्ठ्यामुत्पन्नो वेण उच्यते॥ १९॥

उग्र कन्यामा क्षताबाट उत्पन्न पुत्रलाई श्वपाक भनिन्छ। अम्बष्ठ कन्यामा वैदेहबाट उत्पन्न पुत्रलाई वेण भनिन्छ।

द्विजातयः सवर्णासु जनयन्त्यव्रतांस्तु यान्।
तान्सावित्रीपरिभ्रष्टान्व्रात्यानिति विनिर्दिशेत्॥ २०॥

द्विजातिहरूबाट सवर्ण स्त्रीहरूमा जुन पुत्र जन्मिन्छन् यदि तिनको यज्ञोपवीत संस्कार गरिएको छैन भने सावित्रीबाट भ्रष्ट हुनाको कारण ती व्रात्य कहिन्छन्।

व्रात्यात्तु जायते विप्रात्पापात्मा भूर्जकण्टकः।
आवन्त्यवाटधानौ च पुष्पधः शैख एव च॥ २१॥

व्रात्य विप्रबाट सवर्णमा पापात्मा, भूर्जकण्टक पुत्र उत्पन्न हुन्छ। उसैलाई आवन्त्य, वाटधान, पुष्पध र शैख पनि भनिन्छ।

झल्लो मल्लश्च राजन्याद् व्रात्यान् लिच्छिविरेव च।
नटश्च करणश्चैव खसो द्रविड एव च॥ २२॥

क्षत्रिय वर्णका व्रात्यबाट उत्पन्न पुत्रलाई झल्ल, मल्ल, लिच्छिवि, नट, करण, खस र द्रविण भनिन्छ।

वैश्यात्तु जायते व्रात्यात्सुधन्वाचार्य एव च।
कारुषश्च विजन्मा च मैत्रः सात्वत एव च॥ २३॥

वैश्य वर्णको व्रात्यबाट सवर्णा स्त्रीबाट उत्पन्न पुत्रलाई सुधन्वाचार्य, कारुष्य, विजन्मा, मैत्र र सात्वत भनिन्छ।

व्यभिचारेण वर्णानामवेद्यावेदनेन च।
स्वकर्मणां च त्यागेन जायन्ते वर्णसङ्कराः॥ २४॥

विप्रादि वर्गहरूसित परस्पर व्यभिचार गर्नाले, सगोत्रमा विवाह गर्नाले र आ–आफ्ना कर्महरू छोड्नाले वर्णसंकर उत्पन्न हुन्छन्।

सङ्कीर्णयोनयो ये तु प्रतिलोमानुलोमजाः।
अन्योन्यव्यतिषक्ताश्च तान्प्रवक्ष्याम्यशेषतः॥ २५॥

प्रतिलोम र अनुलोमबाट जुन संकीर्ण जातिहरू उत्पन्न हुन्छन् तथा परस्पर व्यभिचारबाट जो जाति उत्पन्न हुन्छन् तिनका बारे सम्पूर्ण भन्दछु।

सूतो वैदेहकश्चैव चण्डालश्च नराधमः।
मागधः क्षत्रजातिश्च तथाऽऽयोगव एव च॥ २६॥

सूत, वैदेहक, नराधम, चाण्डाल, मागध, क्षत्ता र अयोगव- यी छः वर्णसंकर हुन्।

एते षट् सदृशान्वर्णाञ्जनयन्ति स्वयोनिषु।
मातृजात्यां प्रसूयन्ते प्रवरासु च योनिषु॥ २७॥

यी छः वर्णसंकर आफ्नो सजातीय, माताको जाति तथा श्रेष्ठ जातिका कन्याहरू आफ्नै अनुरूप सन्तानलाई उत्पन्न गर्दछन्।

यथा त्रयाणां वर्णानां द्वयोरात्मास्य जायते।
आनन्तर्यात्स्वयोन्यां तु तथा बाह्येष्वपि क्रमात्॥ २८॥

जसरी (क्षत्रिय, वैश्य, शूद्र) तीन वर्णहरूमाभ्र दुई वर्णहरू (क्षत्रिय, वैश्य) का विवाहिता कन्याहरूबाट ब्राह्मणद्वारा अनुलोमक्रमबाट उत्पन्न पुत्र श्रेष्ठ हुन्छन् त्यसैगरी वैश्य र क्षत्रियबाट क्षत्रिया र ब्राह्मणी स्त्रीमा उत्पन्न पुत्र शूद्रका प्रतिलोमज पुत्रभन्दा श्रेष्ठ हुन्छन्।

ते चाऽपि बाह्यान्सुबहूंस्ततोऽप्यधिकदूषितान्।
परस्परस्य दारेषु जनयन्ति विगर्हितान्॥ २९॥

ती पूर्वोक्त वर्णसंकरहरू परस्परका स्त्रीहरूमा उभयक्रमले अत्यन्त निन्दित सन्तानहरू जन्माउँछन्।

यथैव शूद्रो ब्राह्मण्यां बाह्यं जन्तुं प्रसूयते।
तथा बाह्यतरं बाह्यश्चातुर्वर्ण्ये प्रसूयते॥ ३०॥

जुन प्रकारले शूद्र ब्राह्मणी (ब्राह्मणकी स्त्री) मा चाण्डाल पुत्र जन्माउँछ, त्यसै गरी चारै चाण्डाल जातिहरू आफूभन्दा पनि निन्दित सन्तानहरूलाई जन्माउँछन्।

प्रतिकूलं वर्तमाना बाह्या बाह्यतरान्पुनः।
हीना हीनात्प्रसूयन्ते वर्णान्पञ्चदशैव तु॥ ३१॥

प्रतिकूल वर्तमान बाह्यहीन पुत्रहरूबाट चारै वर्णका स्त्रीहरूबाट उत्पन्न र सजातीय स्त्रीहरूमा पन्ध्र-पन्ध्र प्रकारका बाह्यतर हीन जाति उत्पन्न हुन्छन्।

प्रसाधनोपचारज्ञमदासं दासजीवनम्।
सैरिन्ध्रं वागुरावृत्तिं सूते दस्युरयोगवे॥ ३२॥

आयोगव स्त्रीबाट दस्युद्वारा उत्पन्न भएका पुत्रलाई सैरिन्ध्र भनिन्छ। ती प्रसाधनोपचार (केश रचनादि) मा कुशल र जूठो नखाएर दासवृत्ति र व्याध (शिकारी) को वृत्तिले आफ्नो निर्वाह गर्दछन्।

मैत्रेयकं तु वैदेहो माधूकं संप्रसूयते।
नॄन्प्रशंसत्यजस्रं यो घण्टताडोऽरुणोदये॥ ३३॥

वैदेहबाट पूर्वोक्त स्त्रीमा उत्पन्न पुत्रलाई मैत्रेय भनिन्छ। उ मधुरो बोली भएको र आफ्ना जीविकाका निम्ति सूर्योदय समयमा घण्ट बजाएर मानिसहरूको प्रशंसा गर्दै घुमफिर गर्छन्।

निषादो मार्गवं सूते दासं नौकर्मजीविनम्।
कैवर्तमिति यं प्राहुरार्यावर्तनिवासिनः ॥ ३४ ॥

निषादबाट पूर्वोक्त स्त्रीमा उत्पन्न पुत्रलाई भार्गव वा दास भनिन्छ। जसले डुङ्गाद्वारा जीवन निर्वाह गर्दछन्, जसलाई आर्यावर्तका बासिन्दा कैवर्त भन्दछन्।

मृतवस्त्रभृत्सु नारीषु गर्हितान्नाशनासु च।
भवन्त्यायोगवीष्वेते जातिहीनाः पृथक् त्रयः ॥ ३५ ॥

पूर्वोक्त तीनै (सैरिन्ध्र, मैत्रेय, भार्गव) हीन जातिहरू मृतक (लाश)का वस्त्र लगाउने र गर्हित (जूठो) खाने आयोगवी स्त्रीहरूबाट उत्पन्न भएर पृथक् पृथक् हुन्छन्।

कारावरो निषादात्तु चर्मकारः प्रसूयते।
वैदेहिकादन्ध्रमेदौ बहिर्ग्रामप्रतिश्रयौ ॥ ३६ ॥

निषाद जातिबाट वैदेह पत्नीमा उत्पन्न पुत्र कराबर नाम गरेको चमार जाति उत्पन्न हुन्छ। वैदेहिक जातिबाट पूर्वोक्त पत्नीहरूमा अन्ध्र र मेद क्रमैसित उत्पन्न हुन्छन्। यी गाउँदेखि बाहिर घर बनाएर बस्दछन्।

चण्डालात्पाण्डुसोपाकस्त्वक्सारव्यवहारवान् ।
आहिण्डिका निषादेन वैदेह्यामेव जायते ॥ ३७ ॥

चाण्डालबाट वैदेहिक स्त्रीमा पाण्डुलोपाक नाम गरेको पुत्र हुन्छ, जो बाँस का चोया-भाटाबाट जीविका चलाउने हुन्छन् । निषादबाट वैदेहिक पत्नीमा आहिण्डक नाम गरेको पुत्र उत्पन्न हुन्छ।

चण्डालेन तु सोपाको मूलव्यसनवृत्तिमान्।
पुक्कस्यां जायते पापः सदा सज्जनगर्हितः ॥ ३८ ॥

चाण्डालबाट पुक्कसी स्त्रीमा सोपाक नाम गरेको पुत्र उत्पन्न हुन्छन्। यी आफ्ना मूल व्यवसाय (वधिक वृत्ति) गर्ने हुन्छन् । सधैंभरि पाप गर्ने हुन्छन्, यसकारण सज्जनहरूबाट निन्दित हुन्छन्।

निषादस्त्री तु चण्डालात्पुत्रमन्त्यावसायिनम्।
श्मशानगोचरं सूते बाह्यानामपि गर्हितम् ॥ ३९ ॥

निषाद जातिकी स्त्रीले चाण्डालबाट अन्त्यावसायी पुत्रलाई उत्पन्न गर्छिन् जो श्मसानको काम गर्ने र चाण्डालभन्दा पनि हीन हुन्छन्।

सङ्करे जातयस्त्वेताः पितृमातृप्रदर्शिताः।
प्रच्छन्ना वा प्रकाशा वा वेदितव्याः स्वकर्मभिः ॥ ४० ॥

वर्णसंकरहरूका यति जातिहरू पिता–माताका भेदले देखाइयो, जो गुप्त र प्रकटमा जातिहरू छन्, तिनलाई उनीहरूका कर्मले बुझ्नुपर्छ।

सजातिजानन्तरजाः षट् सुता द्विजधर्मिणः।
शूद्राणां तु सधर्माणः सर्वेऽपध्वंसजाः स्मृताः ॥ ४१ ॥

द्विजातिहरूका सजातीय स्त्रीहरूमा र अनन्तर जातिहरू (अनुलोम क्रमबाट) द्वारा (अर्थात् ब्राह्मणद्वारा क्षत्रिया र वैश्यासित तथा क्षत्रियद्वारा वैश्यामा) यी छः पुत्र द्विजत्वका अधिकारी हुन्छन् र प्रतिलोम क्रमबाट उत्पन्न जातिहरू शुद्रका सहधर्मी हुन्, यसकारण तिनीहरू द्विजत्वका योग्य हुँदैनन्।

तपोबीजप्रभावैस्तु ते गच्छन्ति युगे युगे।
उत्कर्षं चापकर्षं च मनुष्येष्विह जन्मतः ॥ ४२ ॥

ती (पूर्वोक्त सजातीय र अनुलोमज) युग–युगमा तपस्या र बीजका प्रभावबाट जन्मदेखि नै मनुष्यहरूमाझ उच्चता र नीचतालाई प्राप्त हुन्छन्।

शनकैस्तु क्रियालोपादिमाः क्षत्रियजातयः।
वृषलत्वं गता लोके ब्राह्मणादर्शनेन च ॥ ४३ ॥

यी (अगाडि बताइएका) क्षत्रिय जातिहरूको उपनयनादि कर्महरू लोप हुनाले तथा यजन अध्यापन आदिका निम्ति ब्राह्मणको दर्शन नहुनाको कारण यस लोकमा शूद्रतामा प्राप्त हुन्छन्।

पौण्ड्रकाश्चौड्रद्रविडाः काम्बोजा यवनाः शकाः।
पारदाः पह्लवाश्चीनाः किराताः दरदाः खशाः ॥ ४४ ॥

पौण्ड्रक, चौड्र, द्रविड, काम्बोज, यवन, शक, पारद, पहलव, चीनी, किरात, दरद र खस (यी जाति क्रियालोप आदिका कारणले शूद्रत्व प्राप्त गरेका छन्)।

मुखबाहूरुपज्जानां या लोके जातयो बहिः।
म्लेच्छवाचश्चार्यवाचः सर्वे ते दस्यवः स्मृताः ॥ ४५ ॥

मुख (ब्राह्मण), बाहु (क्षत्रिय), उरु (वैश्य) र पद (शूद्र) क्रियालोप हुनाले बाह्य जातिहरू भएका छन्। तिनले म्लेच्छ वा आर्य दुवैमा चाहे जुन भाषा बोलुन्, तिनलाई संसारमा दस्यु भनिन्छ।

ये द्विजानामपसदा ये चापध्वंसजाः स्मृताः ।
ते निन्दितैर्वर्तयेयुर्द्विजानामेव कर्मभिः ॥ ४६ ॥

द्विजहरूबाट उत्पन्न अपसद र प्रतिलोमज जातिहरू जो छन्, तिनीहरू द्विजहरूका कर्मका निम्ति अगाडि बताइएका निन्दित कर्महरूद्वारा आफ्नो जीवन निर्वाह गरून् ।

सूतानामश्वसारथ्यमम्बष्ठानां चिकित्सनम् ।
वैदेहकानां स्त्रीकार्यं मागधानां वणिक्पथः ॥ ४७ ॥

सूतहरूको कार्य घोडाहरूको सारथ्य (सइसको काम) गर्नु र रथ हाँक्नु हो । अम्बष्ठहरूको चिकित्सा (दवाइ) गर्नु, वैदेहकहरूको अन्तःपुरमा रहेर स्त्रीहरूको कार्य गर्नु र मागधहरूको स्थल मार्गबाट रोजगार गर्नु हो ।

मत्स्यघातो निषादानां तष्टिस्त्वायोगवस्य च ।
मेदान्ध्रचुञ्चुमद्गूनामारण्यपशुहिंसनम् ॥ ४८ ॥

निषादहरूको कार्य माछा मार्नु, आयोगवहरूको कार्य काठ काट्ने (दाउरा काट्ने) हो । मेद, आन्ध्र, चुञ्चु र मद्गुहरूको कार्य जंगली पशुहरूको वध गर्नु हो ।

क्षत्तुग्रपुक्कसानां तु विलौकावधबन्धनम् ।
धिग्वणानां चर्मकार्यं वेणानां भांडवादनम् ॥ ४९ ॥

क्षत्ता, उग्र र पुक्कसहरूको कार्य दूला (प्वाल) मा रहने जीवहरूलाई फसाउनु र मार्नु हो । धिग्वणहरूको कार्य चर्म (छाला) बेच्ने र वेणहरूको कार्य कांस, मुरज़ आदि बाजा बजाउनु हो अर्थात् जीवन निर्वाह गर्नु हो ।

चैत्यद्रुमश्मशानेषु शैलेषूपवनेषु च ।
वसेयुरेते विज्ञाना वर्तयन्तः स्वकर्मभिः ॥ ५० ॥

यी पूर्वोक्त जातिहरू गाउँका छेउ कुनै विशिष्ट वृक्षका मुनि अथवा श्मशान, पहाड वा उपवनमा आफ्ना कर्महरू अनुरूप जीविका गर्दै वास गरून् ।

चण्डालश्वपचानां तु बहिर्ग्रामात्प्रतिश्रयः ।
अपपात्राश्च कर्तव्या धनमेषां श्वगर्दभम् ॥ ५१ ॥
वासांसि मृतचेलानि भिन्नभाण्डेषु भोजनम् ।
कार्ष्णायसमलङ्कारः परिव्रज्या च नित्यशः ॥ ५२ ॥

चाण्डाल र श्वपच (पोडे)हरू गाउँको बाहिर रहनुपर्छ । यिनका पात्र (भाँडा-कुँडा) माटोका हुनुपर्छ । कुकुर र गधा नै यिनका धन हुन्, शवबाट

फुकालिएका वस्त्र नै यिनका वस्त्र हुन्, टुटे-फुटेका भाँडाहरूमा नै यिनले भोजन गरून्, फलामका गहना लगाउन् र दिनहुँ एक ठाउँबाट अर्को ठाउँ घुम्दै रहुन्।

न तैः समयमन्विच्छेत्पुरुषो धर्ममाचरन्।
व्यवहारो मिथस्तेषां विवाहः सदृशैः सह॥ ५३॥

धर्म-कार्यमा संलग्न मनुष्यले यिनीहरूसित भाषण आदि व्यवहार नगरून्। यिनका विवाह र परस्परका व्यवहार (लेन-देन) आपसमै हुन्छ।

अन्नमेषां पराधीनं देयं स्याद्भिन्नभाजने।
रात्रौ न विचरेयुस्ते ग्रामेषु नगरेषु च॥ ५४॥

यिनीहरूलाई आफ्ना नोकरहरूद्वारा टुटे-फुटेका भाँडाहरूबाट अन्न दिन लगाउन्। यिनीहरू रातिमा गाउँ वा नगरमा नघुमुन्।

दिवा चरेयुः कायार्थं चिह्निता राजशासनैः।
अबान्धवं शवं चैव निर्हरेयुरिति स्थितिः॥ ५५॥

यिनीहरू राजाको आज्ञाद्वारा राजचिह्नहरू धारण गरेर दिउँसोतिर कामका लागि घुमून्। जसका बन्धु-बान्धव कोही छैनन्, त्यस्ता शव यिनले बोकुन्, यही निर्णय हो।

वध्यांश्च हन्युः सततं यथाशास्त्रं नृपाज्ञया।
वध्यवासांसिगृह्णीयुः शय्याश्चाभरणानि च॥ ५६॥

शास्त्रअनुसार राजाको आज्ञाले दिइएका वधको दण्ड (फाँसी) पाउनेलाई वध गरून् र उनका लुगा, खाट र आभूषण लिउन्।

वर्णापेतमविज्ञातं नरं कलुषयोनिजम्।
आर्यरूपमिवानार्यं कर्मभिः स्वैर्विभावयेत्॥ ५७॥

जुन मनुष्य वर्णबाट रहित अज्ञात र कलुषित योनि (वर्णसंकरबाट उत्पन्न) का रूपमा, अनार्य हुन्छन् भने तिनलाई उनका कर्मले चिन्नुपर्छ।

अनार्यता निष्ठुरता क्रूरता निष्क्रियात्मता।
पुरुषं व्यञ्जयन्तीह लोके कलुषयोनिजम्॥ ५८॥

अनार्यता (असाधुता), निष्ठुरता, क्रूरता, अकर्मण्यता जस्ता लक्षण यस संसारमा कलुषित योनिमा उत्पन्न पुरुषहरूका हुन्छन्।

पित्र्यं वा भजते शीलं मातुर्वोभयमेव वा।
न कथञ्चन दुर्योनिः प्रकृतिं स्वां नियच्छति॥ ५९॥

पूर्वोक्त पुरुष पिता वा माताका अथवा दुवैका शीलस्वभावका अनुसार नै हुन्छन्। कुनै पनि प्रकारले त्यो दुष्ट कुलमा उत्पन्न पुरुष आफ्नो असली रूपलाई लुकाउन सक्दैन।

कुले मुख्येऽपि जातस्य यस्य स्याद्योनिसङ्करः।
संश्रयत्येव तच्छीलं नरोऽल्पमपि वा बहु॥ ६०॥

श्रेष्ठ कुलमा उत्पन्न भएर पनि जो वर्णसंकर हुन जान्छन्, ती आफ्ना जन्म दिनेको स्वभावबाट वंचित हुँदैनन्। थौरै वा धेरै आफ्ना पूर्वजहरूको स्वभाव उसमा अवश्य रहन्छ।

यत्र त्वेते परिध्वंसाज्जायन्ते वर्णदूषकाः।
राष्ट्रिकैः सह तद्राष्ट्रं क्षिप्रमेव विनश्यति॥ ६१॥

जुन ठाउँमा, जुन देशमा यी वर्णलाई दुःखित तुल्याउने वर्णसंकर उत्पन्न हुन्छन्, त्यो देश प्रजाको साथै छिटै नै नष्ट हुन जान्छ।

ब्राह्मणार्थे गवार्थे वा देहत्यागोऽनुपस्कृतः।
स्त्रीबालाभ्युपपत्तौ च बाह्यानां सिद्धिकारणम्॥ ६२॥

ब्राह्मणको लागि, गाईको लागि र स्त्रीहरू र बालकहरूको आपत्ति कालमा यिनको रक्षाको लागि निरपेक्ष बुद्धिद्वारा प्रतिलोमज जातिहरूले प्राण दिनु उनको (रक्षा गर्नमा प्राण दिनेका लागि) लागि स्वर्ण अवसर हुन्छ।

अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः।
एतं सामासिकं धर्मं चातुर्वर्ण्येऽब्रवीन्मनुः॥ ६३॥

अहिंसा (कसैलाई पनि मन, वचन र शरीरले दुःख नदिनु), सत्य बोल्नु, चोरी नगर्नु, पवित्रता र इन्द्रियहरूको निग्रह गर्नु- यी संक्षेपमा चारै वर्णहरूको धर्म मनुजीले भन्नुभएको हो।

शूद्रायां ब्राह्मणाज्जातः श्रेयसा चेत्प्रजायते।
अश्रेयान् श्रेयसीं जातिं गच्छत्यासप्तमाद्युगात्॥ ६४॥

ब्राह्मणबाट शूद्रा (शूद्रा जातिको स्त्रीमा) उत्पन्न कन्या यदि ब्राह्मणको साथ विवाह गरिए र अगाडि पनि सोही क्रम रहेमा उसले आफ्नो सातौं पुस्तामा आफ्नो नीच योनिबाट उद्धार पाएर ब्राह्मणी हुन जान्छे।

शूद्रो ब्राह्मणतामेति ब्राह्मणश्चेति शूद्रताम्।
क्षत्रियाज्जातमेव तु विद्याद्वैश्यात्तथैव च॥ ६५॥

जसरी शूद्र ब्राह्मणत्वमा र ब्राह्मण शूद्रतामा प्राप्त हुन्छ त्यसैगरी क्षत्रिय र वैश्यबाट उत्पन्न शूद्र पनि क्षत्रित्व र वैश्यत्वमा प्राप्त हुन्छ।

अनार्यायां समुत्पन्नो ब्राह्मणात्तु यदृच्छया।
ब्राह्मण्यामप्यनार्यात्तु श्रेयस्त्वं क्वेति चेद्भवेत्॥ ६६॥

ब्राह्मणबाट आफ्नो इच्छाले कुमारी अविवाहिता शूद्र कन्यामा र शूद्रबाट ब्राह्मण कन्यामा उत्पन्न पुत्र- यी दुवैमा श्रेष्ठ को हो, यस्तो शङ्का भएमा-

जातो नार्यामनार्यायामार्यादार्यो भवेद् गुणैः।
जातोऽप्यनार्यादार्यायामनार्य इति निश्चयः॥ ६७॥

ब्राह्मणबाट शूद्र कन्यामा उत्पन्न पुत्र पाकादि यज्ञ गुणहरूबाट युक्त हुनाको कारण श्रेष्ठ हुन्छ। शूद्रबाट ब्राह्मण कन्यामा उत्पन्न पुत्र प्रतिलोमज हुनाको कारण अप्रशस्त (अधुरो)) हुन्छ, यही निश्चय हो।

तावुभावप्यसंस्कार्याविति: धर्मो व्यवस्थितः।
वैगुण्याज्जन्मनः पूर्व उत्तरः प्रतिलोमतः॥ ६८॥

यी दुवै (पूर्वोक्त उत्पन्न पुत्र) उपनयनादि संस्कारका अधिकारी हुँदैनन्, यो नै धर्मशास्त्रको व्यवस्था हो। मन्त्रबाट नै वैगुण्य हुनाको कारण र अर्को प्रतिलोमज हुनाको कारण यज्ञोपवीतादि संस्कारका योग्य हुँदैनन्।

सुबीजं चैव सुक्षेत्रे जातं सम्पद्यते यथा।
तथार्याज्जात आर्यायां सर्वं संस्कारमर्हति॥ ६९॥

जसरी राम्रो खेतमा राम्रो बीज लगाउनाले राम्रो उपज हुन्छ, उसैगरी आर्य पुरुषबाट आर्य स्त्रीमा उत्पन्न पुत्र संस्कारहरूको अधिकारी हुन्छ।

बीजमेके प्रशंसन्ति क्षेत्रमन्ये मनीषिणः।
बीजक्षेत्रे तथैवान्ये तत्रेयं तु व्यवस्थितिः॥ ७०॥

कुनै आचार्यले बीउको प्रशंसा गर्छन्, कुनै आचार्यले क्षेत्रको र कुनै आचार्यले दुवैको प्रशंसा गर्छन्, यसैले यस विषयमा यस्तो व्यवस्था गरिएको छ।

अक्षेत्रे बीजमुत्सृष्टमान्तरैव विनश्यति।
अबीजकमपि क्षेत्रं केवलं स्थण्डिलं भवेत्॥ ७१॥

अक्षेत्र (उषर भूमि अर्थात् रूखो जमिन) मा रोपिएको बीउ फल लागुभन्दा पहिला नै नष्ट हुन्छ अनि जुन क्षेत्र (भूमि) मा बीउ पर्दैन त्यो मात्र स्थंडिल (बाँझो) नै रहन्छ।

यस्माद् बीजप्रभावेण तिर्यग्जा ऋषयोऽभवन्।
पूजिताश्च प्रशस्ताश्च तस्माद् बीजं प्रशस्यते॥ ७२॥

जुन कारणले बीउको प्रभावले तिर्यग् योनिमा उत्पन्न ऋष्यशृंग ऋषि भएर पूजित तथा ज्ञान प्राप्ति गर्नाले श्रेष्ठ भए, यसकारण बीउ (वीर्य) नै प्रधान हुन्छ।

अनार्यमार्यकर्माणमार्यं चानार्यकर्मिणम्।
संप्रधार्याब्रवीद्धाता न समौ नासमाविति॥ ७३॥

आर्य (द्विज) को काम गर्ने अनार्य (शूद्र) र अनार्यको काम गर्ने आर्य यी दुवैको विषयमा विचार गरेर ब्रह्माले भन्नुभयो कि यी दुवै न समान छन् न असमान नै।

ब्राह्मणा ब्रह्मयोनिस्था ये स्वकर्मण्यवस्थिताः।
ते सम्यगुपजीवेयुः षट्कर्माणि यथाक्रमम्॥ ७४॥

जुन ब्राह्मण आफ्नो कर्ममा संलग्न र ब्रह्मनिष्ठ हुन्छन्, तिनले अगाडि भनिएका छः कर्महरू राम्रो प्रकारले अनुष्ठान गरून्।

अध्यापनमध्ययनं यजनं याजनं तथा।
दानं प्रतिग्रहश्चैव षट्कर्माण्यग्रजन्मनः॥ ७५॥

अध्यापन, अध्ययन, यजन, यापन, दान र प्रतिग्रह (यजमानबाट दान थाप्नु) यी छः कार्य ब्राह्मणहरूका हुन्।

षण्णां तु कर्मणामस्य त्रीणि कर्माणि जीविका।
याजनाध्यापने चैव विशुद्धाच्च प्रतिग्रहः॥ ७६॥

यी छः कार्यहरूमध्ये तीन कार्य याजन (यज्ञ गराउनु), अध्यापन र प्रतिग्रह (विशुद्ध दान लिनु) ब्राह्मणहरूका जीविका हुन्।

त्रयो धर्मा निवर्तन्ते ब्राह्मणात्क्षत्रियं प्रति।
अध्यापनं याजनं च तृतीयश्च प्रतिग्रहः॥ ७७॥

ब्राह्मणको भन्दा क्षत्रियको तीन कर्म अध्यापन, यज्ञ गराउने तथा दान लिने वर्जित हुन्छ।

वैश्यं प्रति तथैवैते निवर्तेरन्निति स्थितिः।
न तौ प्रति हि तान्धर्मान्मनुराह प्रजापतिः॥ ७८॥

त्यसैगरी वैश्य पनि यी तीन धर्महरूबाट निवृत्त (वर्जित) हुन्छ, यस्तो शास्त्रको मर्यादा छ, किनकि प्रजापति मनुले यिनीहरूप्रति यी धर्म बताएका छैनन्।

शस्त्रास्त्रभृत्त्वं क्षत्रस्य वणिक्पशुकृषिर्विशः।
आजीवनार्थं धर्मस्तु दानमध्ययनं यजिः॥ ७९॥

क्षत्रियले शस्त्र-अस्त्र धारण गर्नु र वैश्यले पशुपालन, खेती र व्यापार आफ्ना जीविकाका लागि गर्नुपर्छ। यिनको धर्म दान दिनु, अध्ययन गर्नु र यज्ञ गर्नु हो।

वेदाभ्यासो ब्राह्मणस्य क्षत्रियस्य च रक्षणम्।
वार्ता कर्मैव वैश्यस्य विशिष्यनि स्वकर्मसु॥ ८०॥

ब्राह्मणले वेदाभ्यास, क्षत्रियले प्रजाको रक्षा र वैश्यले रोजगार गर्नु- यिनै उनका विशेष कर्म हुन्।

अजीवंस्तु यथोक्तेन ब्राह्मणाः स्वेन कर्मणा।
जीवेत्क्षत्रियधर्मेण स ह्यस्य प्रत्यनन्तरः॥ ८१॥

यदि ब्राह्मण आफ्नो यथोक्त कर्मले जीविका गर्न नसके उनले क्षत्रियको कर्म (रक्षा कार्य) ले जीविका चलाउन्, किनकि क्षात्र कर्म नै उनको समीपवर्ती हुन्।

उभाभ्यामप्यजीवत्सु कथं स्यादिति चेद्भवेत्।
कृषिगोरक्षमास्थाय जीवेद्वैश्यस्य जीविकाम्॥ ८२॥

यदि दुवै प्रकारका कर्मबाट ब्राह्मणले आफ्नो जीविका गर्न सकेनन् भने उनको जीविका कसरी हुने, यस्तो स्थितिमा खेती र गौपालन गरेर वैश्यवृत्तिले आफ्नो जीविका गरून्।

वैश्यवृत्त्यापि जीवस्तु ब्राह्मणः क्षत्रियोऽपि वा।
हिंसाप्रायां पराधीनां कृषि यत्नेन वर्जयेत्॥ ८३॥

वैश्यब वृत्तिले बाँचेका ब्राह्मण हुन् वा क्षत्रिय हुन् हिंसाप्रधान आदिको अधीन हुनाले पराधीन कृषि कर्मलाई यत्नका साथ छोड्न्।

कृषिं साध्विति मन्यन्ते सा वृत्तिः सद्भिगर्हिता।
भूमिं भूमिशयांश्चैव हन्ति काष्ठमयोमुखम्॥ ८४॥

कृषि कर्म श्रेष्ठ हुन्छ, यस्तो कसै कसैले मान्दछन्, तर सज्जनहरूले कृषि कर्मको निन्दा गरेका छन्, किनकि खेतीको औजार (कोदालो, हलो आदि) ले भूमि (पृथ्वी) को र भूमिमा रहने जीवहरूको नाश हुन्छ।

इदं तु वृत्तिवैकल्यात्त्यजतो धर्मनैपुणम्।
विट्पण्यमुद्धृतोद्धारं विक्रेयं वित्तवर्धनम्॥ ८५॥

जुन ब्राह्मण, क्षत्रियहरूले आफ्नो निज वृत्तिबाट जीविका गर्न असम्भव ठानेर आफ्नो धर्म र पुण्यको त्याग गरेका छन्, तिनले वैश्यहरूको व्यापार

पदार्थहरूलाई छोडेर अन्य वस्तुहरूको व्यापार आफ्नो धन बढाउनको लागि गरून्।

सर्वान्रसानपोहेत कृतान्नं च तिलैः सह।
अश्मनो लवणं चैव पशवो ये च मानुषाः ॥ ८६ ॥

सबै प्रकारका रसहरूबाट युक्त पदार्थ, अन्नबाट बनेका पदार्थ, तिल, पत्थर (रत्न), नून, पशु र मनुष्यले बेच्नु हुँदैन।

सर्वं च तान्तवं रक्तं शाणक्षौमाविकानि च।
अपि चेत्स्युररक्तानि फलमूले यथौषधीः ॥ ८७ ॥

सबै प्रकारका तानमा बुनिएका वस्त्र, रातो रंग, सनपाटका र ऊनी वस्त्र नरंगिएको भए पनि फल, मूल र औषधी आपत्ति कालमा पनि बेच्नु हुँदैन।

अपः शस्त्रं विषं मांसं सोमं गन्धांश्च सर्वशः।
क्षीरं क्षौद्रं दधि घृतं तैलं मधु गुडं कुशान् ॥ ८८ ॥

पानी, हतियार, विष, मासु, सोमरस, सबै प्रकारका सुगन्धित पदार्थ, दूध, दही, घिउ, तेल, मह, गुड र कुश आदि पनि बेच्नु हुँदैन।

आरण्यांश्च पशून्सर्वान्दंष्ट्रिणश्च वयांसि च।
मद्यं नीलिं च लाक्षां च सर्वांश्चैकशफांस्तथा ॥ ८९ ॥

सबै प्रकारका जंगलमा बस्ने पशु, दाह्रा भएका पशु, पक्षी, मदिरा, नील, लाहा र जो पशुहरूका खुर जोडिएका हुन्छन्, तिनलाई नबेचुन्।

काममुत्पाद्य कृष्यां तु स्वयमेव कृषीबलः।
विक्रीणीत तिलाञ्शीघ्रान्धर्मार्थमचिरस्थितान् ॥ ९० ॥

कृषकले आफ्नो कुनै खेतबारीमा अरू अन्नका साथ आफ्नो कृषि बलले धेरै तिल फलाएर धर्मका निम्ति छिटै बेचुन्।

भोजनाभ्यञ्जनाद्दानाद्यदन्यत्कुरुते तिलैः।
कृमिभूतः श्वविष्ठायां पितृभिः सह मज्जति ॥ ९१ ॥

जसले भोजन, अभ्यञ्जन (उबटन) र दान बाहेक अन्य कार्य तिलद्वारा गर्छ भने त्यो कीरो भएर पितृहरूका साथ कुकुरका विष्टामा खस्दछ।

सद्यः पतति मांसेन लाक्षया लवणेन च।
त्र्यहेण शूद्रो भवति ब्राह्मणः क्षीरविक्रयात् ॥ ९२ ॥

मासु, लाहा र नून बेच्नाले ब्राह्मण छिटै नै पतित हुन जान्छ र दूध बेच्नाले तीन दिनमै शूद्र हुन जान्छ।

इतरेषां तु पण्यानां विक्रयादिह कामतः ।
ब्राह्मणः सप्तरात्रेण वैश्यभावं नियच्छति ॥ ९३ ॥

शास्त्र वर्जित अन्य पदार्थ स्वेच्छाबाट बेच्ने ब्राह्मण सात रातमै वैश्यत्वमा प्राप्त गर्छ।

रसा रसैर्निमातव्या न त्वेव लवणं रसैः ।
कृतान्नं चाकृतान्नेन तिला धान्येन तत्समाः ॥ ९४ ॥

रसलाई रससित साट्न सकिन्छ (गुड आदिलाई घिउ आदिसित) तर नून अन्य रससित साट्नु हुँदैन। पक्वान्न काँचो अन्नसित र तिल धानसित दुवै बराबर मात्रामा जोखेर साट्न सकिन्छ।

जीवेदेतेन राजन्यः सर्वेणाप्यनयं गतः ।
न त्वेव ज्यायसीं वृत्तिमभिमन्येत कर्हिचित् ॥ ९५ ॥

यस प्रकार आपत्तिमा फसेको क्षत्रियले आफ्नो जीविका गरून्, तर ब्राह्मणका वृत्तिको अवलम्बन कहिलै नगरून्।

यो लोभादधमो जात्या जीवेदुत्कृष्टकर्मभिः ।
तं राजा निर्धनं कृत्वा क्षिप्रमेव प्रवासयेत् ॥ ९६ ॥

जुन अधम जाति मोहले गर्दा उत्तम जातिका वृत्तिबाट जीवन निर्वाह गर्दो हो, उसलाई राजा निर्धन बनाएर यथाशीघ्र देशबाट निकालुन्।

वरं स्वधर्मो विगुणो न पारक्यः स्वनुष्ठितः ।
परधर्मेण जीवन्हि सद्यः पतति जातितः ॥ ९७ ॥

आफ्नो धर्म यदि कुनै प्रकारले खण्डित भए पनि श्रेष्ठ हुन्छ, तर अरूको धर्म सर्वगुण सम्पन्न भएर पनि श्रेष्ठ हुँदैन किनभने अरूको बलले बाँच्ने छिटै नै जातिबाट पतित हुन जान्छ।

वैश्योऽजीवन्स्वधर्मेण शूद्रवृत्त्यापि वर्तयेत्।
अनाचरन्नकार्याणि निवर्तेत च शक्तिमान् ॥ ९८ ॥

यदि वैश्य आफ्नो जीविकाबाट जीवन निर्वाह गर्न नसके शूद्र वृत्तिबाट जीविकाको निर्वाह गरून् र शक्तिशाली भएपछि त्यसलाई छोडिदिउन्।

अशक्नुवंस्तु शुश्रूषां शूद्रः कर्तुं द्विजन्मनाम्।
पुत्रदारात्ययं प्राप्तो जीवेत्कारुककर्मभिः ॥ ९९ ॥

यदि द्विजातिहरूको सेवा गर्नमा शूद्र असमर्थ भए र उसका पत्नी, बच्चाहरूलाई अन्न आदिको कष्ट भइरहेको छ भने उसले कारीगरीको काम गरेर जीविका चलाउँदै सबैको भरण-पोषण गरून्।

यैः कर्मभिः प्रचरितैः शुश्रूष्यन्ते द्विजातयः।
तानि कारुककर्माणि शिल्पानि विविधानि च ॥ १०० ॥

जुन प्रचलित कार्यहरूद्वारा द्विजातिहरूको सेवा गर्न सकिन्छ ती अनेक प्रकारका शिल्प र कारीगरीका काम हुन्।

वैश्यवृत्तिमनातिष्ठन्ब्राह्मणः स्वे पथि स्थितः।
अवृत्तिकर्षितः सीदन्निमं धर्मं समाचरेत् ॥ १०१ ॥

आफ्नो मार्गमा स्थित ब्राह्मण यदि वृत्तिको अभावमा पीडित भएर यदि वैश्य वृत्ति गर्न सकेनन् भने अगाडि बताइएका वृत्तिहरू गरून्।

सर्वतः प्रतिगृह्णीयाद् ब्राह्मणस्त्वनयं गतः।
पवित्रं दुष्यतीत्येतद्धर्मतो नोपपद्यते ॥ १०२ ॥

आपत्तिमा परेका ब्राह्मणले दान लिउन्। धर्मशास्त्रमा यो प्रसिद्ध छ कि पवित्र वस्तु दूषित हुँदैन।

नाध्यापनाद्याजनाद्वा गर्हिताद्वा प्रतिग्रहात्।
दोषो भवति विप्राणां ज्वलनाम्बुसमा हि ते ॥ १०३ ॥

अध्यापन (अपात्रलाई पढाउनाले) ले याजन (यज्ञ गर्नाले) अथवा निकृष्ट दान लिनाले ब्राह्मणहरूलाई दोष लाग्दैन, किनभने ब्राह्मण अग्नि र जलझैं पवित्र हुन्छन्।

जीवितात्ययमापन्नो योऽन्नमत्ति यतस्ततः।
आकाशमिव पङ्केन न स पापेन लिप्यते ॥ १०४ ॥

जसरी आकास हिलो, धूलो र मैलाले लिप्त हुँदैन त्यसैगरी प्राण जाने भयले जसले यता–उताको अन्न खान्छ, त्यो प्राणी पनि पापबाट लिप्त हुँदैन।

अजीगर्तः सुतं हन्तुमुपासर्पद् बुभुक्षितः।
न चालिप्यत पापेन क्षुत्प्रतीकारमाचरन् ॥ १०५ ॥

भोकले व्याकुल अजीगर्त ऋषिले यज्ञमा बलि दिनका निम्ति आफ्नो पुत्रलाई मार्नका लागि तयार भए, तर भोक मेटाउनका लागि यस्तो आचरणले पनि ती पापबाट लिप्त भएनन्।

श्वमांसमिच्छन्नार्तोऽत्तुं धर्माधर्मविचक्षणः।
प्राणानां परिरक्षार्थं वामदेवो न लिप्तवान् ॥ १०६ ॥

धर्म-अधर्म जान्ने वामदेव ऋषि प्राण रक्षाका लागि भोकले आर्त भएर कुकुरको मासु खाने इच्छा गरे र त्यस पापबाट उनी लिप्त भएनन्।

भरद्वाजः क्षुधार्तस्तु सपुत्रो विजने वने।
बह्वीर्गाः प्रतिजग्राह वृधोस्तक्षणो महातपाः ॥ १०७ ॥

महातपस्वी भरद्वाज ऋषि आफ्ना पुत्रका साथ निर्जन वनमा क्षुधाले पीडित भएर वृधु नाम गरेका सिकर्मीबाट धेरै गाई मागेका थिए।

क्षुधार्तश्चात्तु मभ्यागाद्विश्वामित्रः श्वजाघनीम्।
चण्डालहस्तादादाय धर्माधर्मविचक्षणः ॥ १०८ ॥

धर्म-अधर्म जान्ने विश्वामित्र ऋषि भोकले आर्त भएर चाण्डालको हातबाट कुकुरको तिघ्राको मासु लिएर खान तयार भएका थिए।

प्रतिग्रहाद्याजनाद्वा तथैवाध्यापनादपि।
प्रतिग्रहः प्रत्यवरः प्रेत्य विप्रस्य गर्हितः ॥ १०९ ॥

दानबाट, यज्ञबाट र अध्यापनबाट जुन प्रतिग्रह लिइन्छ, त्यो ब्राह्मणका निम्ति अत्यन्त निकृष्ट हुन्छ, त्यो अन्तिम अवस्थामा नरक दिलाउने हुन्छ।

याजनाध्यापने नित्यं क्रियेते संस्कृतात्मनाम्।
प्रतिग्रहस्तु क्रियते शूद्रादप्यन्त्यजन्मनः ॥ ११० ॥

जसको यज्ञोपवीत संस्कार भएको छ, त्यस्ता सबै द्विजहरूको सबै समयहरूमा याजन र अध्यापन हुन्छ। शूद्र र अन्त्यजबाट पनि प्रतिग्रह लिइन्छ (अर्थात् पढाउँदा र यज्ञ गराउँदा दान लिनु निषिद्ध कर्म हो)।

जपहोमैरपैत्येनो याजनाध्यापनैः कृतम्।
प्रतिग्रहनिमित्तं तु त्यागेन तपसैव च ॥ १११ ॥

याजन र अध्यापनबाट गरिएको पाप जप र होमबाट नष्ट हुन्छ। प्रतिग्रहबाट जुन पाप हुन्छ, त्यो प्रतिग्रह लिइएको वस्तुको त्याग र तपस्याबाट नष्ट हुन्छ।

शिलोञ्छमप्याददीत विप्रोऽजीवन्यतस्ततः।
प्रतिग्रहाच्छिलः श्रेयांस्ततोऽप्युञ्छः प्रशस्यते ॥ ११२ ॥

जीविकाका लागि वरपरबाट प्रतिग्रह नलिएर ब्राह्मणले शिलोञ्छवृत्तिको आश्रय लिउन्। प्रतिग्रहभन्दा शिलवृत्ति[१] राम्रो हो र शिलवृत्तिभन्दा उञ्छवृत्ति[२] राम्रो हुन्छ।

---

[१] बाली उठाइएका खेतमा रहेका धानका बाला टिपेर लिनुलाई शिलवृत्ति भनिन्छ।
[२] बाली उठाइएका खेतमा बाँकी रहेका एक-एक दाना टिपेर जम्मा गर्नुलाई उञ्छवृत्ति भनिन्छ।

सीदद्भिः कुप्यमिच्छद्भिर्धने वा पृथिवीपतिः।
याच्यः स्यात्स्नातकैर्विप्रैरदित्संस्त्यागमर्हति ॥ ११३ ॥

स्नातक ब्राह्मण द्रव्याभावका कारण दुःखी भएर यदि धनको इच्छा गर्दछ भने राजासित याचना गरून्, यदि राजाले धन नदिए तिनको त्याग गरून्।

अकृतं च कृतात्क्षेत्राद् गौरजाविकमेव च।
हिरण्यं धान्यमन्नं च पूर्वं पूर्वमदोषवत् ॥ ११४ ॥

जोत–खन गरेको भूमि (खेत) भन्दा बाँझो भूमि नै प्रतिग्रहका लागि राम्रो हुन्छ। यसैगरी गाई, बाखी, भेडो, सून, धन र अन्न यसमा पूर्व–पूर्व (अर्थात् दोस्रो भन्दा पहिलो) दोषहीन हुन्छ।

सप्त वित्तागमा धर्म्या दायो लाभः क्रयो जयः।
प्रयोगः कर्मयोगश्च सत्प्रतिग्रह एव च ॥ ११५ ॥

दाय (पूर्वजहरूको सम्पत्ति), लाभ (गाडिएको धनको प्राप्ति), क्रय (मोल लिएको), जय (जितेर ल्याएको), प्रयोग (व्याजबाट आएको), कर्मयोग (खेती र वाणिज्यबाट लिएको)– यी सात धर्ममार्गबाट आउने धन हुन्।

विद्या शिल्पं भृतिः सेवा गोरक्ष्यं विपणिः कृषिः।
धृतिभैक्ष्यं कुसीदं च दश जीवनहेतवः ॥ ११६ ॥

विद्या (जीविकोपयोगी विद्या), शिल्प (सीप), तलब लिएर काम गर्नु, सेवा, गाईको रक्षा (गाई पाल्नु), रोजगार (पसल, व्यापार आदि), खेती, सन्तोष, भिक्षा र व्याजको कारोबार– यी दस जीवनोपयोगी व्यापार हुन्।

ब्राह्मणः क्षत्रियो वापि वृद्धिं नैव प्रयोजयेत्।
कामं तु खलु धर्मार्थं दद्यात्पापीयसेऽल्पिकाम् ॥ ११७ ॥

ब्राह्मण वा क्षत्रियले व्याज नलिउन्, तर धर्मकार्यका लागि यदि पापीले पनि धन माग्यो भने उसलाई अलिकति व्याजमा भए पनि ऋण दिनुपर्छ।

चतुर्थमाददानोऽपि क्षत्रियो भागमापदि।
प्रजा रक्षन्परं शक्त्या किल्विषात्प्रतिमुच्यते ॥ ११८ ॥

आपत्तिकालमा उब्जनीको चौथो भाग लिएर भए पनि राजाले यथाशक्ति प्रजाको रक्षा गर्छन् भने उनी धेरै कर लगाउने पापबाट मुक्त हुन जान्छन्।

स्वधर्मो विजयस्तस्य नाहवे स्यात्पराङ्मुखः।
शस्त्रेण वैश्यान्रक्षित्वा धर्म्यमाहारयेत् बलिम् ॥ ११९ ॥

राजाको धर्म युद्धमा विजय पाउनु नै हो, यसकारण उनी युद्धबाट पराङ्मुख नहोउन्। शस्त्रबाट वैश्यहरूको रक्षा गरेर धर्मानुकूल प्रजाहरूबाट बलि (अर्थात् तिरो) लिउन्।

धान्येऽष्टमं विंशं शुल्कं विंशं कार्षापणावरम्।
कर्मोपकरणाः शूद्राः कारवः शिल्पिनस्तथा॥१२०॥

(आपत्तिकालमा) वैश्यहरूबाट अन्नको आठौं भाग र कार्षापणपर्यन्त द्रव्यको बीसौं भाग कर लिनु श्रेष्ठ हुन्छ। शूद्र, कारीगर र शिल्पी (जसले अनेक प्रकारका चित्रकारी गर्छन्) आदिसित काम लिनुपर्छ।

शूद्रस्तु वृत्तिमाकाङ्क्षन्क्षत्रमाराधयेद्यदि।
धनिनं वाप्युपाराध्य वैश्यं शूद्रो जिजीविषेत्॥१२१॥

ब्राह्मणको सेवामा रहेर यदि शूद्रको जीवन-निर्वाह हुँदैन भने क्षत्रियको सेवा गरोस्, यदि उसबाट पनि जीवन-निर्वाह नभए धनी वैश्यको सेवा गरेर जीवन-निर्वाह गरोस्।

स्वर्गार्थमुभयार्थं वा विप्रानाराधयेत्तु सः।
जातब्राह्मणशब्दस्य सा ह्यस्य कृतकृत्यता॥१२२॥

त्यो (शूद्र) स्वर्गका लागि वा दुवै (स्वार्थ र परमार्थ) का लागि ब्राह्मणहरूको नै सेवा गरोस्। यस शूद्रको (ब्राह्मणको सेवा गर्छ) यस्तो प्रसिद्धि हुनु नै उसका लागि कृतकृत्यता हो।

विप्रसेवैव शूद्रस्य विशिष्टं कर्म कीर्त्यते।
यततोऽन्यद्धि कुरुते तद्भवत्यस्य निष्फलम्॥१२३॥

ब्राह्मणको सेवा गर्नु नै शूद्रको विशिष्ट कर्म भनिएको छ। यस कार्यका भिन्न उसले जुन कार्य गर्दछ त्यो उसका लागि निष्फल हुन्छ।

प्रकल्प्या तस्य तैर्वृत्तिः स्वकुटुम्बाद्यथार्हतः।
शक्तिं चावेक्ष्य दाक्ष्यं च भृत्यानां च परिग्रहम्॥१२४॥

त्यो शूद्र (जसले सेवा गर्दैछ) को शक्ति, कार्यकुशलता र भृत्यहरूको परिग्रह (उसका कुटुम्बका भरण-पोषणको खर्च) देखेर ब्राह्मणले आफ्नो तर्फबाट यथार्थ प्रबन्ध गरून्।

उच्छिष्टमन्नं दातव्यं जीर्णानि वसनानि च।
पुलाकाश्चैव धन्यानां जीर्णाश्चैव परिच्छदाः॥१२५॥

त्यो शूद्रका लागि जूठो अन्न, पुराना लुगा, अन्नको भाँडो र पुरानो खाट, पुरानो ओढ्ने ओछ्याउने (सेवकले लिन इच्छा गरेमा) दिनुपर्छ।

न शूद्रे पातकं किञ्चिन्न च संस्कारमर्हति।
नास्याधिकारो धर्मेऽस्ति न धर्मात्प्रतिषेधनम्॥ १२६ ॥

दूषित पदार्थ खानाले शूद्रलाई कुनै पातक दोष लाग्दैन, किनकि उसको कुनै संस्कार हुँदैन, धर्मकार्यमा उसको कुनै अधिकार छ न निषेध नै।

धर्मेप्सवस्तु धर्मज्ञाः सतां वृत्तमनुष्ठिताः।
मन्त्रवर्ज्यं न दुष्यन्ति प्रशंसां प्राप्नुवन्ति च॥ १२७ ॥

जो धर्ममा इच्छा राख्ने हुन्छन्, धर्मज्ञ हुन्छन्, सज्जनहरूका वृत्तिले रहन्छन्, मन्त्रहीन धर्माचरणहरू (पञ्च महयज्ञादि गर्छन्) गर्नाले ती (शूद्र) दोषी हुँदैनन्, तर प्रशंसा नै पाउँछन्।

यथायथा हि सद्वृत्तमातिष्ठत्यनसूयकः।
तथा तथेमं चामुं च लोकं प्राप्नोत्यनिन्दितः॥ १२८ ॥

जसरी जसरी त्यो शूद्र अनिन्दक (अरूको निन्दा नगर्ने) भएर सज्जन वृत्तिलाई गर्दै रहन्छ, त्यसरी त्यसरी नै उसले यस लोकमा कीर्ति र परलोकमा स्वर्गलाई पाउँछ।

शक्तेनापि हि शूद्रेण न कार्यो धनसञ्चयः।
शूद्रो हि धनमासाद्य ब्राह्मणानेन बाधते॥ १२९ ॥

धन सञ्चय गर्नमा समर्थ भए तापनि शूद्रले धनको संग्रह नगरून्, किनभने धन पाएर शूद्र ब्राह्मणलाई नै सताउँछन्।

एते चतुर्णां वर्णानामापद्धर्माः प्रकीर्तिताः।
यान्सम्यगनुतिष्ठन्तो व्रजन्ति परमां गतिम्॥ १३० ॥

यी चारै वर्णहरूका आपतकालका कर्महरूलाई भनियो, जसको राम्रो तरिकाले अनुष्ठान गरेर सबै वर्णहरूले परम् गति प्राप्त गर्छन्।

एष धर्मविधिः कृत्स्नश्चातुर्वर्ण्यस्य कीर्तितः।
अतः परं प्रवक्ष्यामि प्रायश्चित्तविधिं शुभम्॥ १३१ ॥

यो चारै वर्णहरूको सम्पूर्ण धर्म विधिलाई मैले भनें। अब यसपछि प्रायश्चित्तको विधि जुन शुभ हुन्छ, त्यो बताउने छु।

॥ इति दशम अध्याय समाप्त ॥

एकादशोऽध्यायः

सान्तानिकं यक्ष्यमाणमध्वगं सर्ववेदसम्।
गुर्वर्थं पितृमात्रर्थं स्वाध्यायार्थ्युपतापिनः॥ १॥
नैवतान्स्नातकान्विद्याद् ब्राह्मणान्धर्मभिक्षुकान्।
निःस्वेभ्यो देयमेतेभ्यो दानं विद्याविशेषतः॥ २॥

सन्तानको इच्छा गर्ने, यज्ञको इच्छा गर्ने, पथिक (अर्थात् यात्री), सर्वस्व दान गरेर यज्ञ गर्ने, गुरु (ज्ञान दिने) र माता-पिताको पालन-पोषणका लागि धनको चाहना गर्ने, वेद पढ्ने र रोगी मनुष्य- यी धर्म भिक्षुक ब्राह्मण हुन् (अर्थात् यिनलाई स्नातक जान्नू)। यी निर्धनहरूलाई यिनको योग्यतानुसार धन दिनुपर्छ।

एतेभ्यो हि द्विजाग्र्येभ्यो देयमन्नं सदक्षिणम्।
इतरेभ्यो बहिर्वेदि कृतान्नं देयमुच्यते॥ ३॥

यी द्विजहरूमा श्रेष्ठ ब्राह्मणलाई दक्षिणासहित अन्न दिनुपर्छ तथा अन्य वर्णको लागि वेदीदेखि बाहिर सिद्धान्न (सिधा) दिनुपर्छ।

सर्वरत्नानि राजा तु यथार्हं प्रतिपादयेत्।
ब्राह्मणान्वेदविदुषो यज्ञार्थं चैव दक्षिणाम्॥ ४॥

राजाले यज्ञका लागि वेद जान्ने ब्राह्मणलाई यथायोग्य सबै रत्न र दक्षिणा दिउन्।

कृतदारोऽपरान्दारान्भिक्षित्वा योऽधिगच्छति।
रतिमात्रं फलं तस्य द्रव्यदातुस्तु सन्ततिः॥ ५॥

जसले विवाह गरेर फेरि भिक्षा मागेर दोस्रो विवाह गर्दछ उसले रति (स्त्री सम्भोग) मात्र फल पाउँछ। उसको जो सन्तति हुन्छ त्यो द्रव्यदाता (अर्थात् भिक्षा वा धन दिने) को हुन्छ।

धनानि तु यथाशक्ति विप्रेषु प्रतिपादयेत्।
वेदवित्सु विविक्तेषु प्रेत्य स्वर्गं समश्नुते॥ ६॥

जसले पुत्र कलत्रादिबाट अशक्त वेदज्ञ ब्राह्मणहरूलाई धन दिन्छ त्यो मरेपछि स्वर्ग जान्छ।

यस्य त्रिवार्षिकं भक्तं पर्याप्तं भृत्यवृत्तये।
अधिकं वापि विद्येत स सोमं पातुमर्हति॥ ७॥

जोसित आफ्ना नोकर–चाकरहरूको वृत्तिका लागि तीन वर्ष वा त्योभन्दा बढी दिनका भरण–पोषणका निम्ति धन हुन्छ, उसले सोमयज्ञ गर्न सक्छ।

अतः स्वल्पीयसि द्रव्ये यः सोमं पिबति द्विजः।

स पीतसोमपूर्वोऽपि न तस्याप्नोति तत्फलम्॥ ८॥

यसभन्दा थोरै द्रव्यमा जुन द्विजले सोमयज्ञ गर्दछ उसले पहिला गरिएको सोमयज्ञको फल पाउँदैन।

शक्तः परजने दाता स्वजने दुःखवजीविनि।

मध्वापातो विषास्वादः स धर्मप्रतिरूपकः॥ ९॥

जुन दाता (दानी) ले आफ्ना आत्मीयजनलाई दुःखी देख्दै अरूहरूलाई दान दिनमा समर्थ हुन्छ, उसको त्यो दान धर्मको वास्तविक रूप हुँदैन। महसदृश देखिए तापनि परिणाममा विषसदृश हुन्छ।

भृत्यानामुपरोधेन यत्करोत्यौर्ध्वदेहिकम्।

तद्भवत्यसुखोदर्कं जीवतश्च मृतस्य च॥ १०॥

(वृद्धौ च मातापितरौ साध्वी भार्या शिशुः सुतः।

अप्यकार्यशतं कृत्वा भर्तव्या मनुरब्रवीत्॥ १॥)

जसले भरण–पोषण पाउन योग्यजनहरूलाई कष्ट पुऱ्याएर आफ्नो परलोकार्थ दानादि गर्दछ, उसको यो कर्म इहलोक र परलोक दुवैमा कहीं पनि सुखको हेतु हुन सक्तैन।

(वृद्ध माता–पिता, पतिव्रता स्त्री, पुत्र, बालक- यिनको अनेक अकार्य गरेर पनि पालन–पोषण गरून्, यस्तो मनुजीले भन्नुभएको छ।)

यज्ञश्चेत्प्रतिरुद्धः स्यादेकेनाङ्गेन यज्वनः।

ब्राह्मणस्य विशेषेण धार्मिके सति राजनि॥ ११॥

यो वैश्यः स्याद् बहुपशुर्हीनक्रतुरसोमपः।

कुटुम्बात्तस्य तद् द्रव्यमाहरेद्यज्ञ सिद्धये॥ १२॥

धार्मिक राजा हुँदाहुँदै यज्ञ गर्नेहरूको विशेष गरेर ब्राह्मणको यज्ञ यदि एक अङ्गले अपूर्ण रहन गयो भने जुन वैश्यकहाँ धेरै पशुहरू हुन्छन् र जो यशबाट हीन हुन्छन् र जसले सोमयज्ञ गरेको हुँदैन भने त्यो वैश्यको कुटुम्बबाट उसको धन यज्ञसिद्धिका निम्ति लिउन्।

आहरेत्त्रीणि वा द्वे वा कामं शूद्रस्य वेश्मनः।

न हि शूद्रस्य यज्ञेषु कश्चिदस्ति परिग्रहः॥ १३॥

यदि यज्ञका दुई वा तीन अङ्ग शेष हुन गए त्यसको पूर्तिका लागि शूद्रका घरबाट बलपूर्वक धन ल्याउन्, किनभने शूद्रको यज्ञसित कुनै किसिमको सम्बन्ध हुँदैन।

योऽनाहिताग्निः शतगुरयज्वा च सहस्रगुः।
तपोरपि कुटुम्बाभ्यामाहरेदविचारयन्॥ १४॥

जसले एकसय गाई पालेर पनि अग्निहोत्र गर्दैन र जसले एक हजार गाई पालेर पनि यज्ञ गर्दैन उसका घरबाट पनि केही विचार नगरी धन यज्ञ पूर्तिका लागि लिउन्।

आदाननित्याच्चादातुराहरेदप्रयच्छतः।
तथा यशोऽस्य प्रथते धर्मश्चैव प्रवर्धते॥ १५॥

यज्ञका निम्ति धन माग्दा पनि जसले दिँदैन उसको धन हरण गर्नुपर्छ। यस्तो गर्नाले हरण गर्नेको यश, धर्म दुवैमा वृद्धि हुन्छ।

तथैव सप्तमे भक्ते भक्तानि षडनश्नता।
अश्वस्तनविधानेन हर्तव्यं हीनकर्मणः॥ १६॥

जसले छः सन्ध्या (अर्थात् तीन दिन) को उपवास गरिसकेको छ उसलाई सातौं उपवास (चौथो दिन) लाई भोजन गर्नका लागि भोज्य पदार्थ यदि हीन कर्म गर्ने मनुष्यको घरबाट चोरेर ल्याएता पनि उसलाई यसको दोष लाग्दैन।

खलात्क्षेत्रादगाराद्वा यतो वाप्युपलभ्यते।
आख्यातव्यं तु तत्तस्मै पृच्छते यदि पृच्छति॥ १७॥

अन्न नउठाएको (दाईं सिध्याएको) खलाबाट, खेतबाट, घरबाट वा अरू कुनै ठाउँबाट अन्न चोरेर ल्याउँछ र यदि त्यो अन्नको स्वामीले सोधेमा उसलाई अन्न चोर्ने कारण ठीक-ठीक बताउनुपर्छ।

ब्राह्मणस्वं न हर्तव्यं क्षत्रियेण कदाचन।
दस्युनिष्क्रिययोस्तु स्वमजीवन्हर्तुमर्हति॥ १८॥

क्षत्रियले कहिल्यै पनि ब्राह्मणको धन हरण नगरून्। यदि ब्राह्मण वा क्षत्रिय आफ्ना धर्मादि क्रियाहरूबाट च्यूत हुन गएका छन् र निषिद्ध कर्म गर्छन् भने ब्राह्मणको धन क्षत्रियले लिन सक्छन्।

योऽसाधुभ्योऽर्थमादाय साधुभ्यः संप्रयच्छति।
स कृत्वा प्लवमात्मानं संतारयति तावुभौ॥ १९॥

जुन मनुष्यले दुष्टहरूसित धन लिएर सज्जनहरूलाई दिन्छ, उसले आफूलाई डुङ्गा बनाएर ती दुवैलाई दुःखबाट पार लगाउँछ।

यद्धनं यज्ञशीलानां देवस्वं तद्विदुर्बुधाः।

अयज्वनां तु यद्वित्तमासुरस्वं तदुच्यते॥ २०॥

यज्ञ गर्नेहरूको जुन धन हुन्छ त्यसलाई विद्वान्जनहरूले देवधन र यज्ञ नगर्नेहरूको धनलाई आसुर (राक्षस) धन भन्दछन्।

न तस्मिन्धारयेद्दण्डं धार्मिकः पृथिवीपतिः।

क्षत्रियस्य हि बलिश्याद् ब्राह्मणः सीदति क्षुधा॥ २१॥

यसकारण, यसमा (अर्थात् यो धन चोरी आदि भएमा) चोरहरूलाई धार्मिक राजाले दण्ड नदिउन्, किनकि राजाको अज्ञानताले नै ब्राह्मण भोकले कष्ट पाउँछ।

तस्य भृत्यजनं ज्ञात्वा स्वकुटुम्बान्महीपतिः।

श्रुतुशीले च विज्ञाय वृत्तिं धर्म्यां प्रकल्पयेत्॥ २२॥

त्यो ब्राह्मणको परिवार, उसको विद्या र शील स्वभावलाई जानेर राजा आफ्ना कुटुम्बबाट त्यो ब्राह्मणको धार्मिक वृत्ति गरिदिउन्।

कल्पयित्वास्य वृत्तिं च रक्षेदेनं समन्ततः।

राजा हि धर्म षड्भागं तस्मात्प्राप्नोति रक्षितात्॥ २३॥

तिनको वृत्ति (खाने, बस्ने आदि) निश्चित गरेर सबै प्रकारले यी ब्राह्मणको रक्षा गरून्, किनकि तिनको रक्षा गर्नाले उनले गरेको पुण्यकर्मको छैटौं भाग राजालाई प्राप्त हुन्छ।

न यज्ञार्थं धनं शूद्राद्विप्रो भिक्षेत कर्हिचित्।

यजमानो हि भिक्षित्वा चण्डालः प्रेत्य जायते॥ २४॥

यज्ञ गर्नका लागि ब्राह्मणले कहिल्यै शूद्रसित भिक्षा नमागुन्। किनभने शूद्रसित भिक्षा माग्ने ब्राह्मण, यज्ञकर्ता अर्को जन्ममा चाण्डाल हुन्छ।

यज्ञार्थमर्थं भिक्षित्वा यो न सर्वं प्रयच्छति।

स याति भासतां विप्रः काकतां वा शतं समाः॥ २५॥

यज्ञ गर्नका लागि दान मागेर जुन ब्राह्मणले सबै धन यज्ञमा लगाउँदैन त्यो ब्राह्मण सय वर्षसम्म भासपक्षी वा काग हुन्छ।

देवस्वं ब्राह्मणस्वं वा लोभेनोपहिनस्ति यः।

स पापात्मा परे लोके गृध्रोच्छिष्टेन जीवति॥ २६॥

जसले लोभ गरेर देवताका निमित्त अर्पण गरिएको धनलाई वा ब्राह्मणको धनलाई अपहरण गर्छ त्यो पापात्मा मरेपछि परलोकमा गिद्धको जूठो खाएर बाँच्दछ।

इष्टिं वैश्वानरीं नित्यं निर्वपेदब्दपर्यये।
क्लृप्तानां पशुसोमानां निष्कृत्यर्थमसम्भवे॥ २७॥

एक वर्ष व्यतीत भएमा (यज्ञ गरेको) यदि दोस्रो वर्षभित्र पशु सोमयज्ञ गर्न नसकेमा त्यो दोषको शान्तिका लागि शूद्रादिबाट धन लिएर वैश्वानर यज्ञ अवश्य गरून्।

आपत्कल्पेन यो धर्मं कुरुतेऽनापदि द्विजः।
स नाप्नोति फलं तस्य परत्रेति विचारितम्॥ २८॥

जो द्विजले निरापद स्थितिमा आपत्कालीन धर्मको अनुष्ठान गर्दछ, उसले परलोकमा त्यसंको फल पाउँदैन। यस्तो ऋषिहरूले विचार गरेर भनेका हुन्।

विश्वैश्च देवैः साध्यैश्च ब्राह्मणैश्च महर्षिभिः।
आपत्सु मरणाद्भीतैर्विधेः प्रतिनिधिः कृतः॥ २९॥

विश्वेदेव, साध्यगण र मृत्युदेखि डराएका ब्राह्मणहरू र महर्षिहरूले आपत्कालमा यस वैश्वानर यज्ञलाई सोमयज्ञको प्रतिनिधि भनेका छन्।

प्रभुः प्रथमकल्पस्य योऽनुकल्पेन वर्तते।
न सांपरायिकं तस्य दुर्मतेर्विद्यते फलम्॥ ३०॥

जसले प्रथम कल्प (दान कर्मादि) गर्नमा समर्थ भएर पनि आपत्कालीन विधिबाट कर्म गर्दछ, त्यो दुर्बुद्धिलाई त्यस कर्मको पाप नाश गर्ने पारलौकिक फल प्राप्त हुँदैन।

न ब्राह्मणोऽवेदयेत किञ्चिद्राजनि धर्मवित्।
स्ववीर्येणैव ताञ्छिष्यान्मानवानपकारिणः॥ ३१॥

धर्मात्मा ब्राह्मणले राजासित कसैको विषयमा केही नभनुन्, तर ती अपकार (नराम्रो) गर्नेलाई आफ्नो सामर्थ्यले दण्ड दिउन्।

स्ववीर्याद्राजवीर्याच्च स्ववीर्यं बलवत्तरम्।
तस्मात्स्वेनैव वीर्येण निगृह्णीयादरीन्द्विजः॥ ३२॥

आफ्नो बल र राजाको बल दुवैमा आफ्नै सामर्थ्य बली हुन्छ। यसकारण ब्राह्मण आफ्नै शक्तिले शत्रुहरूको नाश गरून्।

श्रुतीरथर्वाङ्गिरसीः कुर्यादित्यविचारयन्।
वाक्शस्त्रं वै ब्राह्मणस्य तेन हन्यादरीन् द्विजः ॥ ३३ ॥

अथर्ववेदमा अङ्गिरा ऋषिबाट भनिएको श्रुति (दुष्टहरूको नाशार्थ) बिना विचार कार्य गरून्। ब्राह्मणको वाणी नै शस्त्र हो, त्यसैद्वारा शत्रुहरूको नाश गरून्।

क्षत्रियो बाहुवीर्येण तरेदापदमात्मनः।
(तद्धि कुर्वन्यथाशक्ति प्राप्नोति परमां गतिम् ॥ २ ॥)
धनेन वैश्यशूद्रौ तु जपहोमैर्द्विजोत्तमः ॥ ३४ ॥

आफूमाथि आइपरेको विपत्तिलाई क्षत्रियले आफ्नो बाहुबलद्वारा पार गरून्। वैश्य र शूद्रले धनद्वारा र ब्राह्मणले जप र होमद्वारा आफ्ना विपत्तिलाई हटाउन्।

विधाता शासिता वक्ता मैत्रो ब्राह्मण उच्यते।
तस्मै नाकुशलं ब्रूयान्न शुष्कां गिरमीरयेत् ॥ ३५ ॥

विधाता (शास्त्रोक्त कर्महरू गर्ने), शासिता (शिष्यादिक शासन गर्ने), वक्ता (प्रायश्चित्तादिको आदेश दिने), मैत्र (सबैसित मित्रता गर्ने) ब्राह्मण भनिन्छ। ती ब्राह्मणलाई कसैले पनि अनिष्ट वचन वा रूखो व्यवहार गर्नु हुँदैन।

न वै कन्या न युवतिर्नाल्पविद्यो न बालिशः।
होता स्यादग्निहोत्रस्य नार्तो नासंस्कृतस्तथा ॥ ३६ ॥

कन्या, युवा स्त्री, थोरै पढे-लेखेका, मूर्ख, पीडित र जसको यज्ञोपवीत भएको छैन तिनले अग्निहोत्र (होता) को हवनीय कार्य नगरून्।

नरके हि पतन्त्येते जुह्वन्तः स च यस्य तत्।
तस्माद्वैतानकुशलो होता स्याद्वेदपारगः ॥ ३७ ॥

यदि यिनीहरूले हवन गरे भने नर्कमा जान्छन् र जसद्वारा हवन गराउँछन् ती पनि नर्कमा जान्छन्। यसो हुँदा जो वैदिक कृत्यहरूमा कुशल र वेदमा पारङ्गत हुन्छ उही होता हुनुपर्छ।

प्राजापत्यमदत्त्वाश्वमग्न्याधेयस्य दक्षिणाम्।
अनाहिताग्निर्भवति ब्राह्मणो विभवे सति ॥ ३८ ॥

धनवान् भएर पनि ब्राह्मणले अग्निहोत्रका दक्षिणामा प्रजापतिको दक्षिणा अश्व (घोडा) नदिएर यदि अग्न्याधान गरे भने अग्न्याधान (वैदिक मन्त्रले अग्नि संस्कार गरेर शक्ति सम्पन्न गराउनु) नगरेकै बराबर हुन्छ।

पुण्यान्यन्यानि कुर्वीत श्रद्धानो जितेन्द्रियः।
न त्वल्पदक्षिणैर्यज्ञैर्यजेतेह कथञ्चन॥ ३९॥

श्रद्धाले जितेन्द्रिय भएर अन्य पुण्य कार्यहरू गरून्, तर कहिल्यै पनि अल्प दक्षिणा दिएर यज्ञ गर्नु हुँदैन।

इन्द्रियाणि यशः स्वर्गमायुः कीर्तिं प्रजाः पशून्।
हन्त्यल्पदक्षिणो यज्ञस्तस्मान्नाल्पधनो यजेत्॥ ४०॥
(अन्नहीनो दहेद्राष्ट्रं मन्त्रहीनस्तु ऋत्विजः।
दीक्षितं दक्षिणाहीनो नास्ति यज्ञसमो रिपुः॥ ३॥)

यज्ञमा थोरै दक्षिणा दिनाले इन्द्रिय, यश, स्वर्ग, आयु, कीर्ति, प्रजा र पशुहरूको नाश हुन्छ। यसकारण अल्प दक्षिणा दिएर यज्ञ नगर्नु।

(अन्नहीन (अर्थात् जुन यज्ञमा अन्न दिइँदैन) यज्ञले राष्ट्रको, मन्त्रहीन यज्ञले ऋत्विज (ब्राह्मण) हरूको र दक्षिणाले हीन यज्ञले यजमानको नाश गर्दछ। यज्ञको बराबर कुनै शत्रु हुँदैन।)

अग्निहोत्र्यपविध्याग्नीन् ब्राह्मणः कामकारतः।
चान्द्रायणं चरेन्मासं वीरहत्यासमं हि तत्॥ ४१॥

ब्राह्मण आफ्ना इच्छाले यदि प्रातः र सायंकालिक अग्निहोत्रको हवन नगरेमा एक महिनासम्म चान्द्रायण व्रत गरून्, किनभने अग्निहोत्रको हवन नगर्नु पुत्र हत्या समान हुन्छ।

ये शूद्रादधिगम्यार्थमग्निहोत्रमुपासते।
ऋत्विजस्ते हि शूद्राणां ब्रह्मवादिषु गर्हिताः॥ ४२॥

जसले शूद्रहरूबाट धन लिएर अग्निहोत्र गर्दछन् ती शूद्रहरूका नै ऋत्विज (पुरोहित) हुन्छन् र वैदिकहरूमा ती निन्दित हुन्छन्।

तेषां सततमज्ञानां वृषलाग्न्युपसेविनाम्।
पदा मस्तकमाक्रम्य दाता दुर्गाणि सन्तरेत्॥ ४३॥

निरन्तर ती मूर्ख (जसले शूद्रहरूको धनबाट अग्निहोत्र गर्छ), ब्राह्मणहरूका शिरमाथि पाउ राखेर त्यो शूद्र (दाता) संसारका सबै दुःखहरू पार गर्दछ।

अकुर्वन्विहितं कर्म निन्दितं च समाचरन्।
प्रसक्तश्चेन्द्रियार्थेषु प्रायश्चित्तीयते नरः॥ ४४॥

शास्त्रसम्मत कर्म नगर्ने र निन्दित कार्यहरू गर्ने तथा इन्द्रियहरूलाई विषयहरूमा आसक्त गर्ने मनुष्य प्रायश्चित्ती हुन्छ।

अकामतः कृते पापे प्रायश्चित्तं विदुर्बुधाः।
कामकारकृतेऽप्याहुरेके श्रुतिनिदर्शनात्॥ ४५॥

अनिच्छाले गरिएको पापको प्रायश्चित्त हुन्छ, यस्तो पण्डितहरूले भनेका छन् अनि इच्छाले गरिएका पापको प्रायश्चित्त श्रुतिअनुसार हुन्छ, यस्तो कसै कसैको मत छ।

अकामतः कृतं पापं वेदाभ्यासेन शुद्ध्यति।
कामतस्तु कृतं मोहात्प्रायश्चित्तैः पृथग्विधैः॥ ४६॥

अनिच्छाले गरिएको पाप वेदाभ्यासबाट छुट्दछ र जो इच्छाले जानी-जानी पाप गरिन्छ त्यसको प्रायश्चित्त अनेक प्रकारले अलग-अलग हुन्छ।

प्रायश्चित्तीयतां प्राप्य्यं दैवात्पूर्वकृतेन वा।
न संसर्गं व्रजेत्सद्भिः प्रायश्चित्तऽकृते द्विजः॥ ४७॥
(प्रायो नाम तपः प्रोक्तं चित्तं निश्चय उच्यते।
तपोनिश्चय संयुक्तं प्रायश्चित्तमिति स्मृतम्॥ ४॥)

प्रायश्चिती हुने अवस्थामा कि त यस जन्मको पापले अथवा पूर्वजन्ममा कमाइएको दुर्दैवले होस्, प्रायश्चित्त नगर्ने द्विज सज्जनहरूसित संसर्ग नगरून्।

(प्रायः नाम 'तप' को हो र चित्त भनेको 'निश्चय' हो, तप र निश्चयले युक्त भएर प्रायश्चित्त हुन्छ।

इह दुश्चरितैः केचित्केचित्पूर्वकृतैस्तथा।
प्राप्नुवन्ति दुरात्मानो नरा रूपविपर्ययम्॥ ४८॥

कोही दुरात्मा यस जन्मको दुश्चरित्रहरूले र कोही पूर्वजन्ममा गरिएका पापहरूले विकृत रूपलाई पाउँछन्।

सवर्णचौरः कौनख्यं सुरापः श्यामदन्तताम्।
ब्रह्महा क्षयरोगित्वं दौश्चर्म्यं गुरुतल्पगः॥ ४९॥
पिशुनः पौतिनासिक्यं सूचकः पूतिवक्त्रताम्।
धान्यचौरोऽङ्गहीनत्वमातिरेक्यं तु मिश्रकः॥ ५०॥
अन्नहर्ताऽऽमयावित्वं मौक्यं वागपहारकः।
वस्त्रापहारकः श्वैत्र्यं पङ्गुतामश्वहारकः॥ ५१॥

(दीपहर्ता भवेदन्धः काणो निर्वापको भवेत्।
हिंसया व्याधिभूयस्त्वमरोगित्वमहिंसया॥ ५ ॥)

सून चोर्नेका नङ नराम्रा हुन्छन्, रक्सी (मदिरा) पिउनेका दाँत काला हुन्छन्, ब्रह्मघात गर्नेलाई क्षयरोग हुन्छ, गुरुपत्नीका साथ व्यभिचार गर्नेको जननेन्द्रियमाथिको छाला (त्वचा) खराब हुन्छ। छुल्याहा गर्नेको नाकबाट र भुटो निन्दा गर्नेको मुखबाट दुर्गन्ध आउँछ। धान्य चोर्ने अङ्गहीन हुन जान्छ र मिसावट गर्नेको कुनै अङ्ग (औंलाको छेउ अर्को सानो औंला, कानको छेउ कान जस्तै लुर्को आदि) धेरै हुन्छ। अन्न हरण गर्नेलाई मन्दाग्नि हुन्छ, विद्या चोर्ने लाटो हुन्छ, वस्त्र चोर्नेलाई सेतो दुहुवी र घोडा चोर्ने लँगडो हुन्छ।

(दियो (दीपक) चोर्ने अन्धो र दीयो (बल्दै गरेको) निभाउने बहिरो हुन्छ। हिंसा गर्ने रोगी र हिंसा नगर्ने निरोगी हुन्छ।)

एवं कर्मविशेषेण जायन्ते सद्विगर्हिताः।
जडमूकान्धबधिरा विकृताकृतयस्तथा॥ ५२ ॥

यसप्रकार कर्म–विशेषका कारण मनुष्य जड, लाटो, अन्धो, बहिरो र विकृत रूप भएका र सज्जनहरूमा निन्दित हुन्छन्।

चरितव्यमतो नित्यं प्रायश्चित्तं विशुद्धये।
निन्द्यैर्हि लक्षणैर्युक्ता जायन्तेऽनिष्कृतैनसः॥ ५३ ॥

यसकारण शरीर शुद्धिका लागि सधैं प्रायश्चित्त गर्नुपर्छ । जसले प्रायश्चित्तद्वारा पापहरू नाश गर्दैनन् ती कुलक्षण उत्पन्न हुन्छन्।

ब्रह्महत्या सुरापानं स्तेयं गुर्वङ्गनागमः।
महान्ति पातकान्याहुः संसर्गश्चापि तैः सह॥ ५४ ॥

ब्रह्महत्या, मदिरापान, चोरीकर्म, गुरुपत्नी गमन– यी महापातकी हुन्, यिनका साथ संसर्ग पनि महापातक हुन्छ।

अनृतं च समुत्कर्षे राजगामि च पैशुनम्।
गुरोश्चालीकनिर्बन्धः समानि ब्रह्महत्यया॥ ५५ ॥

आफ्नो उन्नतिको लागि भुटो बोल्नु, राजासँग चुक्ली (छुल्याइँ) गर्नु र गुरुको भुटो निन्दा गर्नु– यी सबै कर्म ब्रह्महत्या बराबर हुन्।

ब्रह्मोज्भता वेदनिन्दा कौटसाक्ष्यं सुहृद्वधः।
गर्हितानाद्ययोर्जग्धिः सुरापानसमानि षट्॥ ५६ ॥

पढेका वेदलाई अभ्यास नगरेर बिर्सिदिनु, वेदको निन्दा, झुटो साक्षी बस्नु, मित्रको वध गर्नु, निन्दित र अखाद्य वस्तुहरू खानु– यी छः कर्म मदिरापान समान हुन्।

निक्षेपस्यापहरणं नराश्वरजतस्य च।
भूमिवज्रमणीनां च रुक्मस्तेयसमं स्मृतम्॥ ५७॥

कसैको निक्षेप (नासो) अपहरण गर्नु वा खोस्नु र मनुष्य, घोडा, चाँदी, भूमि, हीरा र मणि– यिनको अपहरण गर्नु वा खोस्नु चोरी गरे बराबर हुन्छ।

रेतः सेकः स्वयोनीषुः कुमारीष्वन्त्यजासु च।
सख्युः पुत्रस्य च स्त्रीषु गुरुतल्पसमं विदुः॥ ५८॥

एकै आँतका दिदी–बहिनी, कुमारी, चाण्डालकी स्त्री र पुत्रकी स्त्री– यिनका साथ व्यभिचार गर्नु गुरुपत्नी गमनको बराबर हुन्छ।

गोवधोऽयाज्यसंयाज्यपारदार्यात्मविक्रयाः ।
गुरुमातृपितृत्यागः स्वाध्यायाग्न्योः सुतस्य च॥ ५९॥
परिवित्तितानुजेऽनूढे परिवेदनमेव च।
तयोर्दानं च कन्यायास्तयोरेव च याजनम्॥ ६०॥
कन्यायां दूषणं चैव वार्धुष्यं व्रतलोपनम्।
तडागारामदाराणामपत्यस्य च विक्रयः॥ ६१॥
व्रात्यता बान्धवत्यागो भृत्याध्यापनमेव च।
भृत्या चाध्ययनादानमपण्यानां च विक्रयः॥ ६२॥
सर्वाकरेष्वधीकारो महायन्त्रप्रवर्तनम्।
हिंसौषधीनां स्त्र्याजीवोऽभिचारो मूलकर्म च॥ ६३॥
इन्धनार्थमशुष्काणां द्रुमाणामवपातनम्।
आत्मार्थं च क्रियारम्भो निन्दितान्नदनं तथा॥ ६४॥
अनाहिताग्निता स्येयमृणानामनपक्रिया।
असच्छास्त्राधिगमनं कौशीलव्यस्य च क्रिया॥ ६५॥
धान्यकुप्यपशुस्तेयं मद्यपरस्त्रीनिषेवणम्।
स्त्रीशूद्रविट्क्षत्रवधो नास्तिक्यं चोपपातकम्॥ ६६॥

गाईको वध गर्नु, जाति र कर्मले दूषित मनुष्यहरूको यज्ञ गराउनु, परस्त्री गमन, आफूलाई बेच्नु, गुरु, माता–पिताको सेवा नगर्नु, वेदको अध्ययन नगर्नु,

स्मार्त अग्निको परित्याग, सन्तानको भरण-पोषण नगर्नु, परिवित्ति (विवाहित भाइको अविवाहित दाज्यू) र परिवेत्ता (अविवाहित दाज्यूको भाइ) यी दुवैलाई कन्या दिनु, यी दुवैको यज्ञ गराउनु, कन्यालाई दूषित गर्नु, ब्याजमा धन लगाउनु, ब्रह्मचर्य व्रतको लोप, तलाउ, बगैचा, स्त्री र सन्तानलाई बेच्नु, व्रात्यता, बन्धुको त्याग, वेतन लिएर शास्त्र पढाउनु, तोकिएको वेतन दिएर पढ्नु, जुन वस्तु बेच्न योग्य छैन त्यसलाई बेच्नु, सबै प्रकारका खानीको अधिकारी हुनु, ठूला-ठूला यन्त्र (कलहरू) बनाउनु, औषधि (लता, वृक्ष) को जरो खन्नु, स्त्रीको व्यभिचारबाट जीविकोपार्जन गर्नु, मन्त्र-यन्त्रद्वारा मारन-उच्चाटन आदि गर्नु, दाउराका लागि काँचा हरिया रूख ढाल्नु, आफ्ना लागि मात्र भोजन बनाउनु, निन्दित अन्न खानु, अग्निहोत्र नगर्नु, अरूको वस्तु चोर्नु, ऋण चुक्ता नगर्नु, वेदोक्त शास्त्रहरू नपढ्नु, अभिनय गर्नु, धान्य, ताँबा र पशु चोर्नु, मदिरा पिउने स्त्रीको सेवन गर्नु, स्त्री-शूद्र-वैश्य र क्षत्रियको वध गर्नु तथा नास्तिकता- यी सबै उपपातक हुन्।

ब्राह्मणस्य रुजः कृत्वा घ्रातिरघ्रेयमद्ययोः।
जैह्म्यं च मैथुनं पुंसि जातिभ्रंशकरं स्मृतम्॥ ६७॥

ब्राह्मणलाई लाठी वा हातले पीडा पुऱ्याउनु, अत्यन्त दुर्गन्धयुक्त (लशुन, विष्टा आदि) र मदिरालाई सुँघ्नु, दुष्टता र पुरुषका साथ मैथुन गर्नु- यी सबै कर्मले जातिभ्रष्ट पाप हुन्।

खराश्वोष्ट्रमृगेभानामजाविकवधस्तथा ।
संकरीकरणं ज्ञेयं मीनाहिमहिषस्य च॥ ६८॥

गधा, घोडा, ऊँट, मृग, हात्ती, बाखा, भेडा, माछा, सर्प र भैंसी- यिनको वध गर्नु संकरीकरण पाप हुन्।

निन्दितेभ्यो धनादानं वाणिज्यं शूद्रसेवनम्।
अपात्रीकरणं ज्ञेयमसत्यस्य च भाषणम्॥ ६९॥

निन्दितहरूबाट धन लिनु, रोजगार गर्नु, शूद्रको सेवा गर्नु र झुटो बोल्नु-यी अपात्रीकरण पाप हुन्।

कृमिकीटवयोहत्या मद्यानुगतभोजनम्।
फलैधः कुसुमस्तेयमधैर्यं च मलावहम्॥ ७०॥

कृमि (अत्यन्त साना कीरा), कीट (कृमिभन्दा केही ठूला कीरा) र पक्षीहरूको हत्या गर्नु, मदिराको साथ ल्याइएका वस्तुहरूको भोजन गर्नु, फल (केरा, सुन्तला आदि), दाउरा (चिरेका काठ), फूल (थरीथरीका फूल) को चोरी र अधैर्य (असन्तोष)- यी मलावह (मलिनीकरण) पाप हुन्।

एतान्येनांसि सर्वाणि यथोक्तानि पृथक्पृथक्।
यैर्यैर्व्रतैरपोह्यन्ते तानि सम्यङ्निबोधत॥ ७१॥

यी माथिका पाप जुन अलग-अलग बताइयो, ती जुन-जुन व्रतहरूबाट नष्ट हुन्छन्, त्यसलाई राम्ररी सुन्नुहोस्।

ब्रह्महा द्वादश समाः कुटीं कृत्वा वने वसेत्।
भैक्षाश्यात्मविशुद्ध्यर्थं कृत्वा शवशिरोध्वजम्॥ ७२॥

ब्रह्महत्या गर्नेले बाह्र वर्षसम्म जंगलमा कुटी बनाएर बसुन् र उक्त पापबाट छुटकारा पाउनका लागि हातमा शवको टाउको लिएर भिक्षा मागुन् र त्यही भिक्षाबाट जीवन-निर्वाह गरून्।

लक्ष्यं शस्त्रभृतां वा स्याद्विदुषामिच्छयात्मनः।
प्रास्येदात्मानमग्नौ वा समिद्धे त्रिरवाक्शिराः॥ ७३॥

अथवा आफ्नै इच्छाले शस्त्रधारी विद्वान्हरूको आफूलाई लक्ष्य बनाउन् वा बल्दै गरेको अग्निमा शिर तल पारेर त्यसमा आफूलाई तीनपल्ट होमुन्।

यजेत वाश्वमेधेन स्वर्जिता गोसवेन वा।
अभिजिद्विश्वजिद्भ्यां च त्रिवृताग्निष्टुताऽपि वा॥ ७४॥

अथवा अश्वमेध, स्वर्जित, गोसव, अभिजित्, विश्वजित् अथवा तीनपल्ट अग्निष्टोम यज्ञ गरून्।

जपन्वान्यतमं वेदं योजनानां शतं व्रजेत्।
ब्रह्महत्यापनोदाय मितभुङ्नियतेन्द्रियः॥ ७५॥

अथवा अल्पाहारी र जितेन्द्रिय भएर वेदहरूबाट कुनै वेदको जाप गर्दै ब्रह्महत्याजनित पाप हटाउनका लागि एकसय योजनसम्म जाउन्।

सर्वस्वं वेदविदुषे ब्राह्मणायोपपादयेत्।
धनं वा जीवनायालं गृहं वा सपरिच्छदम्॥ ७६॥

अथवा वेदमा पारंगत भएका ब्राह्मणलाई आफ्नो सर्वस्व दान दिउन् अथवा तिनलाई जीवनोपयोगी आवश्यक धन, घर र भोग सामग्री दिउन्।

हविष्यभुग्वाऽनुसरेत्प्रतिस्रोतः सरस्वतीम्।
जपेद्वा नियताहारस्त्रिर्वै वेदस्य संहिताम्॥ ७७॥

अथवा हविष्य भोजन गर्दै सरस्वती नदीको स्रोत जहाँसम्म गएको हुन्छ त्यहाँसम्म जाउन् अथवा नियत आहार गर्दै तीनपल्ट वेदसंहिताको पारायण पाठ गरून्।

कृतवापनो निसवेद् ग्रामान्ते गोव्रजेऽपि वा।
आश्रमे वृक्षमूले वा गोब्राह्मणहिते रतः॥ ७८॥

अथवा शिरको केश मुण्डन गरेर गाई, ब्राह्मणको उपकार गर्दै गाउँ बाहिर गौशालामा कुटी बनाएर अथवा रूखको फेदमा बसुन्।

ब्राह्मणार्थे गवार्थे वा सद्यः प्राणान्परित्यजेत्।
मुच्यते ब्रह्महत्याया गोप्ता गोर्ब्राह्मणस्य च॥ ७९॥

अथवा ब्राह्मणको रक्षाको लागि अथवा गाईको रक्षाको लागि छिटै नै प्राण त्याग गरून्, किनकि गाई, ब्राह्मणको रक्षा गर्नेहरू ब्रह्महत्याबाट छुट्दछन्।

त्रिवारं प्रतिरोद्धा वा सर्वस्वमवजित्य वा।
विप्रस्य तन्निमित्ते वा प्राणालाभे विमुच्यते॥ ८०॥

अथवा ब्राह्मणको धनलाई तीनपल्ट (डाकू वा चोरबाट) रोक्ने वा सर्वस्व जितेर ब्राह्मणलाई अर्पण गर्ने वा उनका लागि प्राण दिने ब्रह्महत्याबाट छुट्दछन्।

एवं दृढव्रतो नित्यं ब्रह्मचारी समाहितः।
समाप्ते द्वादशे वर्षे ब्रह्महत्यां व्यपोहति॥ ८१।

यसैगरी दृढवत, एकाग्रचित्त र ब्रह्मचारी भएर सर्वदा नियमपूर्वक बाह्र वर्षसम्म रहने ब्रह्महत्याको पापबाट छुटकारा पाउँदछ।

शिष्ट्वा वा भूमिदेवानां नरदेवसमागमे।
स्वमेनोऽवभृथस्नातो हयमेधे विमुच्यते॥ ८२॥

अथवा अश्वमेध यज्ञमा ऋत्विज ब्राह्मण र यज्ञकर्ता राजाको सामु आफूले गरेको ब्रह्महत्याको व्यवहारलाई भनेर अवभृथ स्नान गर्नाले ब्रह्महत्याको पापबाट छुट्दछ।

धर्मस्य ब्राह्मणो मूलमग्रं राजन्य उच्यते।
तस्मात्समागमे तेषामेनो विख्याप्य शुद्ध्यति॥ ८३॥

धर्मको मूल ब्राह्मण र क्षत्रिय उसको अग्रभाग हो। यसकारण तिनका समागमबाट यज्ञमा तिनका सामु आफ्ना पापहरू प्रकट गर्नाले ती शुद्ध हुन जान्छन्।

ब्राह्मणः सम्भवेनैव देवानामपि दैवतम्।
प्रमाणं चैव लोकस्य ब्रह्मात्रैव हि कारणम्॥ ८४॥

जन्मदेखि नै ब्राह्मण देवताहरूको पनि देवता हुन्छ र यस लोकमा उसको प्रमाण मानिन्छ, यसमा वेद नै कारण हो।

तेषां वेदिविदो ब्रूयुस्त्रयोऽप्येनः सुनिष्कृतिम्।
सा तेषां पावनाय स्यात्पवित्रा विदुषां हि वाक्॥ ८५॥

यस्ता ब्राह्मणहरूमा तीन वेद जान्नेले छुटकारा पाउन जुन उपाय बताउने छन् त्यसबाट पनि पापीहरूको शुद्धि हुन्छ किनकि विद्वान्‌हरूको वाणी नै पवित्र हुन्छ।

अतोऽन्यतममास्थाय विधिं विप्रः समाहितः।
ब्रह्महत्याकृतं पापं व्यपोहत्यात्मवत्तया॥ ८६॥

यसकारण, यीमध्ये कुनै उपायको संयतात्मा (जितेन्द्रिय) भएर अनुष्ठान गरून्। आत्मसंयमबाट ब्राह्मणले पापको नाश गर्न सक्छन्।

हत्वा गर्भमविज्ञातमेतदेव व्रतं चरेत्।
राजन्यवैश्यो चेजानावात्रेयीमेव च स्त्रियम्॥ ८७॥

अज्ञात गर्भ, यज्ञ गर्दै गरेका क्षत्रिय र वैश्यलाई तथा रजोधर्म भएंकी स्त्रीलाई मारेर ब्रह्महत्याबाट मुक्ति पाउन माथिका उपायहरू नै गरून्।

उक्त्वा चैवानृतं साक्ष्ये प्रतिरुद्ध्य गुरुं तथा।
अपहृत्य च निःक्षेपं कृत्वा च स्त्रीसुहृद्वधम्॥ ८८॥

झुटो साक्षी बस्दा, गुरुमाथि झुटो आरोप लगाउँदा, कसैको नासो अपहरण गर्दा तथा स्त्री र मित्रको वध गर्दा पनि ब्रह्महत्यामा बताइएका प्रायश्चित्तहरू गरून्।

इयं विशुद्धिरुदिता प्रमाप्याकामतो द्विजम्।
कामतो ब्राह्मणवधे निष्कृतिर्न विधीयते॥ ८९॥

अनिच्छाले गरिएको ब्रह्महत्याको यो विशुद्धि भनिएको हो, तर इच्छाले ब्राह्मणको वध गरेमा त्यसको कुनै प्रायश्चित्त छैन।

सुरां पीत्वा द्विजो मोहादग्निवर्णां सुरां पिबेत्।
तया स काये निर्दग्धे मुच्यते किल्विषात्ततः॥ ९०॥

ब्राह्मणले यदि मोहवश मदिरापान गर्‍यो भने यस पापको नाशको लागि अग्निवर्ण समान (अर्थात् उम्लिँदै गरेको) मदिरा पियोस्, किनकि त्यसले जब उसको शरीर जल्छ तब उसले त्यस पापबाट मुक्ति पाउँछ।

गोमूत्रमग्निवर्णं वा पिबेदुदकमेव वा।
पयो घृतं वाऽऽमरणाद् गोशकृद्रसमेव वा॥ ९१॥

अथवा गोमूत्र, जल, गाईको दूध, गाईको घिउ र गाईको गोबरको रस- यी मध्ये कुनै एक चीजलाई आगो जस्तै तातो पारेर नमरुन्जेल पिउँदै रहोस्।

कणान्वा भक्षयेदब्दं पिण्याकं वा सकृन्निशि।
सुरापानापनुत्त्यर्थं बालवासा जटी ध्वजी॥ ९२॥

अथवा मदिरापानको दोष निवृत्तिका लागि एक वर्षसम्म रातमा एकैपल्ट कुनै अन्नको कण अथवा तिलको पिना खाओस् र ऊनी वस्त्र लगाओस्, जटा राखोस् तथा मदिरापानको चिह्न धारण गरोस्।

सुरां वै मलमन्नानां पाप्मा च मलमुच्यते।
तस्माद् ब्राह्मणराजन्यौ वैश्यश्च न सुरां पिबेत्॥ ९३॥

सुरा (मदिरा) अन्नको मललाई भनिन्छ र पापीलाई पनि मल भनिन्छ। यसकारण ब्राह्मण, क्षत्रिय र वैश्यले सुरा पिउनु हुँदैन।

गौडी पैष्टी च माध्वी च विज्ञेया त्रिविधा सुरा।
यथैवैका तथा सर्वा न पातव्या द्विजोत्तमैः॥ ९४॥

गौडी (सक्खरबाट बनेको), पैष्टी (अन्नबाट बनेको) र माध्वी (महुवाबाट बनेको)- यी तीन किसिमका सुरा (मदिरा) हुन्छन्। यिनमा जस्तो एक हुन्छ त्यस्तै प्रकारका सबै हुन्छन् अर्थात् तीनै एकै हुन्। यसकारण ब्राह्मणले यसको सेवन नगरून्।

यक्षरक्षः पिशाचान्नं मद्यं मांसं सुराऽऽसवम्।
तद् ब्राह्मणेन नात्तव्यं देवानामश्नता हविः॥ ९५॥

मद्य[1], मासु, मदिरा र आसव- यी यक्ष, राक्षस र पिशाचहरूको खाद्यान्न हुन्। यसकारण देवताहरूको हविष्य खाने ब्राह्मणले यी पदार्थहरू नखाउन्।

अमेध्ये वा पतेन्मत्तो वैदिकं वाप्युदाहरेत्।
अकार्यमन्यत्कुर्याद्वा ब्राह्मणो मदमोहितः॥ ९६॥

मदिरापानले उन्मत्त ब्राह्मण अपवित्र ठाउँमा गएर लडोस् वा निषिद्ध ठाउँमा वेद वाक्यको उच्चारण गर्नेछ र निषिद्ध कर्म गर्नेछ, त्यसैले उसलाई मदिरापान गराउनु हुँदैन।

यस्य कायगतं ब्रह्म मद्येनाप्लाव्यते सकृत्।
तस्य व्यपैति ब्राह्मण्यं शूद्रत्वं च स गच्छति॥ ९७॥

---

[1] पानसद्राक्षमाध्वीकं खर्जूरं तालमैक्षवम्।
माध्वीकं टाङ्कमार्द्वीकमैरेयं नारिकेलजम्।
सामान्यानि द्विजातीनां मद्यान्येकादशैव च॥ पुलस्त्य॥

जुन ब्राह्मणको शरीरमा स्थित ब्रह्म (आत्मा) एकपल्ट पनि मदिराले प्लावित हुन्छ तब उसको ब्राह्मणत्व नष्ट हुन जान्छ र ऊ शूद्र भैं हुन जान्छ।

एषा विचित्राभिहिता सुरापानस्य निष्कृतिः ।
अत ऊर्ध्वं प्रवक्ष्यामि सुवर्णस्तेयनिष्कृतिम् ॥ ९८ ॥

यो मदिरापानको विचित्र प्रायश्चित्त भनें । अब यसपछि सून चोरीको प्रायश्चित्त भन्नेछु।

सुवर्णस्तेयकृद्विप्रो राजानमभिगम्य तु ।
स्वकर्म ख्यापयन्ब्रूयान्मां भवाननुशास्त्विति ॥ ९९ ॥

सुवर्ण (सून) चोरी गर्ने ब्राह्मण राजाका सम्मुख उपस्थित भएर आफूले गरिएको कर्मको व्याख्यान गर्दै भनुन् कि हजुरले मलाई यस कर्मको दण्ड दिनुहोस् ।

गृहीत्वा मुसलं राजा सकृद्धन्यात्तु तं स्वयम् ।
वधेन शुद्ध्यति स्तेनो ब्राह्मणस्तपसैव तु ॥ १०० ॥

राजाले स्वयं मुसल लिएर ती ब्राह्मणमाथि एकपल्ट प्रहार गरून् । चोर वधले शुद्ध हुन्छ, तर ब्राह्मण तपस्याबाट शुद्ध हुन्छन ।

तपसाऽपनुनुत्सुस्तु सुवर्णस्तेयजं मलम् ।
चीरवासा द्विजाऽरण्ये चरेद्ब्राह्महणो व्रतम् ॥ १०१ ॥

सुवर्ण चोरीबाट उत्पन्न पापलाई तपस्याद्वारा नाश गर्ने इच्छा भएका ब्राह्मण पुराना लुगा लगाएर वनमा गई ब्रह्महत्याको प्रायश्चित्त गरून् ।

एतैर्व्रतैरपोहेत पापं स्तेयकृतं द्विजः ।
गुरुस्त्रीगमनीयं तु व्रतैरेभिरपानुदेत् ॥ १०२ ॥

यी पूर्वोक्त (ब्रह्महत्याका प्रायश्चित्त) द्वारा ब्राह्मण चोरीको पापलाई नाश गरून् । गुरुपत्नी गमनका पापलाई अगाडि भनिएका विधिहरूबाट नष्ट गरून् ।

गुरुतल्प्यभिभाष्यैनस्तप्ते स्वप्यादयोमये ।
सूर्मीं ज्वलन्ती स्वाश्लिष्येन्मृत्युना स विशुद्ध्यति ॥ १०३ ॥

गुरुपत्नीका साथ गमन गर्ने आफ्नो पाप आफैले भनेर तातो फलामको शय्यामाथि सुतुन् अथवा फलामको स्त्री बनाएर त्यसलाई आगोमा तपाएर त्यसको आलिङ्गन गरी मरून्, यो नै उसको शुद्धि हो ।

स्वयं वा शिश्नवृषणावुत्कृत्याधाय चाञ्जलौ ।
नैर्ऋतीं दिशमातिष्ठेदानिपातादजिह्मगः ॥ १०४ ॥

अथवा स्वयंले आफ्नो लिङ्ग र अण्डकोशलाई काटेर अँजुलीमा लिएर जबसम्म शरीर ढल्दैन तबसम्म नैर्ऋत्य (दक्षिण-पश्चिम दिशा) दिशातिर सीधै दगुर्दै जाउन्।

षट्वाङ्गी चीरवासा वा श्मश्रुलो विजने वने।
प्रजापत्यं चरेत्कृच्छ्रमब्दमेकं समाहितः ॥ १०५ ॥

अथवा पुराना लुगा लगाएर, दाह्री-जुँगा-केश बढाएर खट्वाङ्ग धारण गरी निर्जन वनमा एक वर्षसम्म निरालस्य भएर प्राजापत्य नाम गरेको कृच्छ व्रत गरून्।

चान्द्रायणं वा त्रीन्मासानभ्यस्येन्नियतेन्द्रियः।
हविष्येण यवाग्वा वा गुरुतल्पापनुत्तये ॥ १०६ ॥

अथवा जितेन्द्रिय भएर तीन महिनासम्म हविष्य वा यवागू[२] भोजन गरेर गुरुपत्नी गमनजन्य पापको निवृत्तिका लागि चान्द्रायण व्रत गरून्।

एतैर्व्रतैरपोहेयुर्महापातकिनो मलम्।
उपपातकिनस्त्वेवमेभिर्नानाविधैर्व्रतैः ॥ १०७ ॥

यी पूर्वोक्त व्रतहरूद्वारा महापातकीले आफ्ना पापहरू नाश गरून् र उपपातकीले अगाडि बताइएका अनेक प्रकारका व्रतहरूले आफ्नो पाप नाश गरून्।

उपपातकसंयुक्तो गोघ्नो मासं यवान्पिबेत्।
कृतवापो वसेद् गोष्ठे चर्मणा तेन संवृतः ॥ १०८ ॥

गाईको वध गर्ने उपपातकी एक महिनासम्म यवागू पिउन् र शिखा(चुन्डी) सहित केश मुडाएर त्यही मरेको गाईको छाला ओढेर गौशालामा वाश गरून्।

चतुर्थकालमश्नीयादक्षारलवणं मितम्।
गोमूत्रेणाचरेत्स्नानं द्वौ मासौ नियतेन्द्रियः ॥ १०९ ॥

जितेन्द्रिय भएर दुई महिनासम्म नित्य गाईको मूत्रले स्नान गरून्, तीन साँझ उपवास गरेर चौथो साँझमा नूनरहित परिमित हविष्यको भोजन गरून्।

---

[२] षड्गुणजलपक्वघनद्रव-द्रव्यविषेषः।
अन्यञ्च-मण्डश्चतुऽर्दशगुणे यवागूः षडगुणेऽम्भसि।
यवागू (फाँडो) खोलेभन्दा धेरै पातलो।

दिवानुगच्छेदगास्तास्तु तिष्ठन्नूर्ध्वं रजः पिबेत्।
शुश्रूषित्वा नमस्कृत्य रात्रौ वीरासनं वसेत्॥ ११०॥

दिनमा गाईको खुरले उडाएको धूलो पिउँदै गाईको पछि-पछि घुमुन्। राति तिनै गाईको सेवा गरेर तिनलाई प्रणाम गरेर वीरासनद्वारा तिनका छेउमा बसुन्।

तिष्ठन्तीष्वनुतिष्ठेत्तु व्रजन्तीष्वप्यनुव्रजेत्।
आसीनासु तथासीनो नियतो वीतमत्सरः॥ १११॥

जब गाई उभिन्छ आफू पनि उभिभउन्, जब गाई हिंड्छ तब उनको पछि-पछि हिंड्डुन् र गाई बसेमा आफू पनि बसुन् । यो कार्य (तीन महिनासम्म) नियमपूर्वक क्रोधरहित भएर गरून्।

आतुरामभिशस्तां वा चौरव्याघ्रादिभिर्भयैः।
पतितां पङ्कलग्नां वा सर्वोपायैर्विमोचयेत्॥ ११२॥

जुन गाई रोगले ग्रस्त हुन्छ, चोर, बाघ आदि दुष्टहरूसित भयभीत हुन्छ, भूईंमा लडेको हुन्छ वा हिलामा भासिएको हुन्छ, त्यस्तो अवस्थाका गाईलाई सबै उपायहरू गरी उद्धार गरून्।

उष्णे वर्षति शीते वा मारुते वाति वा भृशम्।
न कुर्वीतात्मनस्त्राणं गोरकृत्वा तु शक्तितः॥ ११३॥

गर्मी, वर्षा, जाडामा र जुन बेला बडो तेजले हावा बगिरहेको हुन्छ त्यो समयमा आफ्नो पूरै शक्ति लगाएर गाईको रक्षाबिना आफ्नो रक्षा नगरून्।

आत्मनो यदि वाऽन्येषां गृहे क्षेत्रेऽथवा खले।
भक्षयन्तीं न कथयेत्पिबन्तं चैव वत्सकम्॥ ११४॥

आफ्नो वा अरूको घरमा अथवा खेतमा वा खलामा खाँदै गरेको गाईलाई र गाईको दूध पिउँदै गरेको बाछोलाई नरोकुन् र अरूसित पनि यस कार्यका लागि नभनुन्।

अनेन विधिना यस्तु गोघ्नो गामनुगच्छति।
स गोहत्याकृतं पापं त्रिभिर्मासैर्व्यपोहति॥ ११५॥

यस विधिले जो गाईको हत्यारा हुन्छ, उसले गाईको सेवा गर्छ भने उसले तीन महिनामा नै गाईको हत्याको पापबाट मुक्ति पाउँछ।

वृषभैकादशा गांश्च दद्यात्सुचरितव्रतः।
अविद्यमाने सर्वस्वं वेदविद्भ्यो निवेदयेत्॥ ११६॥

राम्रो तरिकाले व्रत गरेर वैदिक ब्राह्मणलाई एक गोरु र दस गाई दिउन्। यदि यति गाई, गोरु छैनन् भने उसित जे-जति छ त्यो सबै ब्राह्मणलाई दिउन्।

एतदेव व्रतं कुर्युरुपपातकिनो द्विजाः।
अवकीर्णिवर्ज्यं शुद्ध्यर्थं चान्द्रायणमथापि वा॥ ११७॥

अवकीर्ण (व्रत-भ्रष्ट) बाहेक उपपातकी द्विज पाप शुद्धिका निम्ति पूर्वोक्त व्रतलाई गरून् अथवा चान्द्रायण व्रत गरून्।

अवकीर्णी तु काणेन गर्दभेन चतुष्पथे।
पाकयज्ञविधानेन यजेत निर्ऋतिं निशि॥ ११८॥

अवकीर्णी (व्रत-भ्रष्ट) ले रातको समयमा आँखा फुटेको गधाको साथ चौबाटोमा बसेर पाकयज्ञ विधिले निऋृति देवताको यजन गरून्।

हुत्वाग्नौ विधिवद्धोमानन्ततश्च समेत्यृचावा।
वातेन्द्रगुरुवह्नीनां जुहुयात्सर्पिषाऽऽहुतीः॥ ११९॥

विधिवत् अग्निमा हवन गरिसकेपछि 'समासिञ्चन्तुमरुत' यस ऋचाद्वारा वायु, इन्द्र, वृहस्पति र अग्निलाई घिउले आहुति दिउन्।

कामतो रेतसः सेकं व्रतस्थस्य द्विजन्मनः।
अतिक्रमं व्रतस्याहुर्धर्मज्ञा ब्रह्मवादिनः॥ १२०॥

जो व्रतस्थ (ब्रह्मचारी) द्विजको इच्छाले वीर्यसिञ्चन गर्दछ उसको व्रत नष्ट हुन जान्छ। धर्मज्ञ ब्रह्मवादीहरूले यस्तो भनेका छन्।

मारुतं पुरुहूतं च गुरुं पावकमेव च।
चतुरो व्रतिनोऽभ्येति ब्राह्मं तेजोऽवकीर्णिनः॥ १२१॥

अवकीर्ण (व्रत भंग भएका) ब्रह्मचारीको ब्रह्मतेज वायु, इन्द्र, वृहस्पति र अग्नि- यी चार देवताहरूका साथमा गएर मिल्छ।

एतस्मिन्नेनसि प्राप्ते वसित्वा गर्दभाजिनम्।
सप्तागारांश्चरेद्भैक्षं स्वकर्म परिकीर्तयन्॥ १२२॥

यो पाप (अवकीर्ण पाप) भएमा ती व्रत नष्ट भएका ब्रह्मचारीले गधाको छाला लगाएर र माथि बताइएको गर्दभ यज्ञ गरेर आफ्नो कर्म भन्दै सात घरबाट भिक्षा मागेर ल्याउन्।

तेभ्यो लब्धेन भैक्षेण वर्तयन्नेककालिकम्।
उपस्पृशंस्त्रिषवणं त्वब्देन स विशुद्ध्यति॥ १२३॥

त्यो पाइएको भिक्षाले अहोरात्र (दिन-रात) भित्र एकपल्ट आहार गरून् र तीनपल्ट स्नान गरून् ।यसरी एक वर्षमै त्यो पापबाट शुद्ध होइन्छ।

जातिभ्रंशकरं कर्म कृत्वान्यतममिच्छया।
चरेत्सांतपनं कृच्छ्रं प्राजापत्यमनिच्छया॥ १२४॥

जातिभ्रंशकर पापहरूमा आफ्ना इच्छाले कुनै अपकर्म गऱ्यो भने कृच्छ्र सांतपन व्रत गरून् र अनिच्छाले गरेको भए अगाडि भनिएको प्राजापत्य व्रत गरून्।

संकरापात्रकृत्यासु मासं शोधनमैन्दवम्।
मलिनीकरणीयेषु तप्तः स्याद्यावकैस्त्र्यहम्॥ १२५॥

(आफ्नो इच्छाले) संकरीकरण अथवा अपात्रीकरण- यी दुवै पापहरूमध्ये कुनै एक गर्नेले गरिएको पापको शान्तिका लागि चान्द्रायण व्रतलाई गरून्। अनि मलिनीकरण पापको शान्तिको लागि तीन दिनसम्म भटमासको तातो खोले पिउन्।

तुरीयो ब्रह्महत्यायाः क्षत्रियस्य वधं स्मृतः।
वैश्येऽष्टमांशो वृत्तस्थे शूद्रे ज्ञेयस्तु षोडशः॥ १२६॥

क्षत्रियको वध गर्नाले ब्रह्महत्याको चौथो भाग, आफ्ना कार्यमा लागेका वैश्यको वध गर्नाले आठौं भाग र शूद्रको वध गर्नाले सोह्रौं भाग प्रायश्चित्त भनिएको छ।

अकामतस्तु राजन्यं विनिपात्य द्विजोत्तमः।
वृषभैकसहस्रा गा दद्यात्सुचरितव्रतः॥ १२७॥

अज्ञानवश क्षत्रियको वध गरे भने विधिवत् व्रतको आचरण गरेर एक गोरू र एक हजार गाई ब्राह्मणहरूलाई दिउन्।

त्र्यब्दं चरेद्वा नियतो जटी ब्रह्महणो व्रतम्।
वसन्दूरतरे ग्रामाद् वृक्षमूलनिकेतनः॥ १२८॥

अथवा जटाधारी भएर गाउँ बाहिर कुनै वृक्षको फेदमा रहेर तीन वर्षसम्म ब्रह्महत्याको प्रायश्चित्त गरून्।

एतदेव चरेदब्दं प्रायश्चित्तं द्विजोत्तमः।
प्रमाप्य वैश्यं वृत्तस्थं दद्याच्चैकशतं गवाम्॥ १२९॥

अज्ञानवश आफ्नो वृत्तिमा लागेका वैश्यको वध गर्नेले एक वर्षसम्म यही (पूर्वोक्त) विधिले प्रायश्चित्त गरून् र एकसय गाई ब्राह्मणलाई दान गरून्।

एतदेव व्रतं कृत्स्नं षण्मासान् शूद्रहा चरेत्।
वृषभैकादशा वापि दद्याद्विप्राय गाः सिताः ॥ १३० ॥

अज्ञानवश शूद्रको वध गर्नेले यही पूर्वोक्त व्रत छः महिनासम्म गरून् अथवा एउटा सेतो गोरु र दस गाई ब्राह्मणलाई दान दिउन्।

मार्जारनकुलौ हत्वा चाषं मण्डूकमेव च।
श्वगोधोलूककाकांश्च शूद्रहत्याव्रतं चरेत् ॥ १३१ ॥

बिरालो, न्याउरी मूसो, नीलकण्ठ पक्षी, भ्यागुतो, कुकुर, गोही, उल्लू र काग यीमध्ये कसैको वध गरेमा शूद्रको वधको प्रायश्चित्त गरून्।

पयः पिबेत् त्रिरात्रं वा योजनं वाऽऽध्वनो व्रजेत्।
उपस्पृशेत्स्रवन्त्यां वा सूक्तं वाऽब्दैवतं जपेत् ॥ १३२ ॥

अथवा तीन रातसम्म दूधमात्र पिएर रहुन् वा एक योजन पैदल हिंड्‌न् वा नदीमा स्नान गरून् अथवा आपोहिष्ठा आदि ऋचाको जाप गरून्।

अभ्रिं कार्ष्णायसीं दद्यात्सर्पं हत्वा द्विजोत्तमः।
पलालभारकं षण्ढे सैसकं चैकमाषकम् ॥ १३३ ॥

सर्पको वध गरेर ब्राह्मणले फलामको तीखो डण्ठा र नपुंसकको वध गरेर एक भारी पराल र एक मासा सीसा ब्राह्मणलाई दिउन्।

घृतकुम्भं वराहे तु तिलद्रोणं तु तित्तिरौ।
शुके द्विहायनं वत्सं क्रौञ्चं हत्वात्रिहायनम् ॥ १३४ ॥

वराह (बनेल) को वध गरेमा एउटा घैंटोभरि घिउ, तित्रा पक्षीको वध गरेमा एक द्रोण (चार पाथी) तिल, सुगाको वध गरेमा दुई वर्षको बाच्छी, क्रौञ्च पक्षीको वध गरेमा तीन वर्षको बाच्छी ब्राह्मणलाई दान दिउन्।

हत्वा हंसं बलाकां च बकं बर्हिणमेव च।
वानरं श्येनभासौ च स्पर्शयेत् ब्राह्मणाय गाम् ॥ १३५ ॥

हाँस, सारस, बकुल्लो, मयुर, बानर, बाज र भासपक्षी- यीमध्ये कसैको वध गरेमा एउटा गाई स्पर्श गरी ब्राह्मणलाई दान दिउन्।

वासो दद्याद्धयं हत्वा पञ्च नीलान्वृषान्गजम्।
अजमेषावनड्वाहं खरं हत्वैकहायनम् ॥ १३६ ॥

घोडाको वध गरेमा वस्त्र, हात्तीको वध गरेमा पाँच नीला गोरू, बाखो, भेडाको वध गरेमा एउटा गोरू र गधाको वध गरेमा एक वर्षको बाच्छी ब्राह्मणलाई दान दिउन्।

क्रव्यादांस्तु मृगान्हत्वा धेनुं दद्यात्पयस्विनीम्।
अक्रव्यादान्वत्सतरीमुष्ट्रं हत्वा तु कृष्णलम्॥ १३७॥

काँचो मासु खाने पशुहरूको वध गरेमा दुहुनु गाई, घास खाने पशुहरूको वध गरेमा उमेर पुगेको कोरली र उँटको वध गरेमा एक रत्ती सून दान गरून्।

जीनकार्मुकबस्तावीन्पृथग्दद्याद्विशुद्धये ।
चतुर्णामपि वर्णानां नारीर्हत्वाऽनवस्थिताः॥ १३८॥

चारै वर्णकी अव्यवस्थित (दुराचारिणी) स्त्रीहरू मार्नेले शरीर शुद्धिका निम्ति क्रमशः (ब्राह्मणादि क्रमले) चर्मपुट, धनुष, बाखो र भेडो दान गरून्।

दानेन वधनिर्णेकं सर्पादीनामशक्नुवन्।
एकैकशश्चरेत्कृच्छ्रं द्विजः पापापनुत्तये॥ १३९॥

यदि द्विज सर्पादिकहरूलाई मार्ने प्रायश्चित्त दान गर्नमा असमर्थ भए भने प्रत्येक पापको शान्तिको लागि एक कृच्छ्र प्राजापत्य व्रत गरून्।

अस्थिमतां तु सत्त्वानां सहस्रस्य प्रमापणे।
पूर्णे चानस्यनस्थ्नां तु शूद्रहत्याव्रतं चरेत्॥ १४०॥

हड्डी हुने एक हजार प्राणीहरूको वध गरेमा तथा धेरै हड्डी बिनाका जनावरहरूको वध गरेमा शूद्रवधको प्रायश्चित्त गर्नुपर्छ।

किञ्चिदेव तु विप्राय दद्यादस्थिमतां वधे।
अनस्थ्नां चैव हिंसायां प्राणायामेन शुद्ध्यति॥ १४१॥

हड्डी हुने जीवहरूको वध गरेमा ब्राह्मणलाई केही दान गरून्। बिना हड्डी हुने जीवहरूको वध गरेमा प्राणायामबाट नै शुद्धि हुन्छ।

फलदानां तु वृक्षाणां छेदने जप्यमृक्शतम्।
गुल्मवल्लीलतानां च पुष्पितानां च वीरुधाम्॥ १४२॥

फल फल्ने वृक्ष, गुल्म (हाँगा नहुने तर झाँगिने), वल्ली (लहरा) र फुल्ने रूख–बिरुवा काटेमा एकसय पल्ट गायत्री मन्त्रको जाप गरून्।

अन्नाद्यजानां सत्वानां रसजानां च सर्वशः।
फलपुष्पोद्भवानां च घृतप्राशो विशोधनम्॥ १४३॥

अनाजहरूमा उत्पन्न जीवहरू तथा रसहरू (सख्खर आदिमा) र फल–फूलहरूमा उत्पन्न जीवहरूको वध भएमा घिउ चाट्नाले शुद्धि हुन्छ।

कृषिजानामोषधीनां जातानं च स्वयं वने।
वृथालम्भेऽनुगच्छेद्गां दिनमेकं पयोव्रतः॥ १४४॥

जोतिएका खेतमा उत्पन्न औषधिहरू र जंगलमा आफै उत्पन्न भएका वृक्षहरूलाई व्यर्थ काटेमा एक दिन मात्र दूध पिएर रहुन् र गाईका पछि-पछि घुमुन्।

एतैर्व्रतैरपोह्यं स्यादेनो हिंसासमुद्भवम्।
ज्ञानाज्ञानकृतं कृत्स्नं शृणुतानाद्यभक्षणे॥ १४५॥

जानेर अथवा नजानेर गरिएका हिंसाजनित पापहरूको प्रायश्चित्त पूर्वोक्त विधिद्वारा गरून्। अब अभक्ष पदार्थ भक्षणका प्रायश्चित्तलाई सुन्नुहोस्।

अज्ञानाद्वारुणीं पीत्वा संस्कारेणैव शुद्धयति।
मतिपूर्वमनिर्देश्यं प्राणान्तिकमिति स्थितिः॥ १४६॥

नजानेर वारुणी (मदिरा) पिएमा पुनः संस्कारबाट नै शुद्ध हुन्छ, तर जानेर पिएमा जुन प्रायश्चित्तद्वारा प्राणान्त हुन्छ, यस्तै प्रायश्चित्त उसका लागि हुन सक्छ। यो शास्त्रको निर्णय हो।

अपः सुराभाजनस्था मद्यभाण्डस्थितास्तथा।
पञ्चरात्रं पिबेत्पीत्वा शङ्खपुष्पीश्रितं पयः॥ १४७॥

सुरापात्रमा अथवा मदिराको पात्रमा राखिएको जल पिउनाले शङ्खपुष्पी (कालो हलेदो) को साथ तातो दूध पाँच रात पिउन्।

स्पृष्ट्वा दत्वा च मदिरां विधिवत्प्रतिगृह्य च।
शूद्रोच्छिष्टाश्च पीत्वापः कुशवारि पिबेत्त्र्यहम्॥ १४८॥

मदिरालाई स्पर्श गरी विधिवत् (स्वस्तिवाचनपूर्वक) ग्रहण गरिएमा, शूद्रको जूठो पानी पिएमा तीन दिनसम्म कुश हालेर उमालेको पानी पिउन्।

ब्राह्मणस्तु सुरापस्य गन्धमाघ्राय सोमपः।
प्राणानप्सु त्रिरायम्य घृतं प्राश्य विशुद्धयति॥ १४९॥

सोम पिउने ब्राह्मणले यदि सुरा पिउनेको मुखको गन्धलाई सुँघेमा उसले पानीभित्र तीनपल्ट प्राणायाम गरी घिउ चाटेपछि शुद्ध हुन्छ।

अज्ञानात्प्राश्य विण्मूत्रं सुरासंस्पृष्टमेव च।
पुनः संस्कारमर्हन्ति त्रयो वर्णा द्विजातयः॥ १५०॥

तीनै द्विजाति वर्ण (ब्राह्मण, क्षत्रिय, वैश्य) यदि अज्ञानवश विष्टा, मूत्र वा मदिरा मिसिएको कुनै रस आस्वादन गरेमा फेरि संस्कार गराउने योग्य हुन्छन्।

वपनं मेखला दण्डो भैक्षचर्या व्रतानि च।
निवर्तन्ते द्विजातीनां पुनः संस्कारकर्मणि॥ १५१॥

द्विजातिहरूका पुनः संस्कार कर्ममा मुण्डन, मेखला, दण्ड, भिक्षा र ब्रह्मचर्य व्रत गर्नुपर्दैन।

अभोज्यानां तु भुक्त्वान्नं स्त्रीशूद्रोच्छिष्टमेव च।
जग्ध्वा मांसमभक्ष्यं च सप्तरात्रं यवान्पिबेत्॥ १५२॥

जसको अन्न खानु हुँदैनथ्यो उसको अन्न खाइएमा स्त्री, शूद्रको जूठो खाइएमा र अभक्ष्य मासु खाइएमा सात रातसम्म यवागू (जौको फाँडो) वा पानीमा जौको सातू घोलेर पिउन्।

शुक्तानि च कषायांश्च पित्वाऽमेध्यान्यपि द्विजः।
तावद्भवत्यप्रयतो यावत्तन्न व्रजत्यधः॥ १५३॥

अमिलो, पीरो, नुनिलो, तातो झोल र टर्रो खानेकुरा यदि शुद्ध भए पनि त्यो पिउने द्विज तबसम्म अपवित्र रहन्छ जबसम्म उसको शरीरबाट निस्किदैन।

विड्वराहखरोष्ट्राणां गोमायोः कपिकाकयोः।
प्राश्य मूत्रपुरीषाणि द्विजश्चान्द्रायणं चरेत्॥ १५४॥

गाउँमा रहने सुँगुर, गधा, ऊँट, स्याल, बानर र काग- यीमध्ये कसैको पनि मल-मूत्र खाइएमा द्विजले चान्द्रायण व्रत गरून्।

शुष्काणि भुक्त्वा मांसानि भौमानि कवकानि च।
अज्ञातं चैव सूनास्थमेतदेव व्रतं चरेत्॥ १५५॥

सुकेका मासु वा केको मासु हो त्यो थाहा नभएको र जुन मासु कसाइले काटेको हुन्छ त्यो र च्याउ खाइएमा पनि चान्द्रायण व्रत गरून्।

क्रव्यादसूकरोष्ट्राणां कुक्कुटानां च भक्षणे।
नरकाकखराणां च तप्तकृच्छ्रं विशोधनम्॥ १५६॥

काँचो मासु खाने पशु, सुँगुर, ऊँट, कुखुरा, काग र गधा- यीमध्ये कसैको मासु जानेर खाइएमा पाप शुद्धिका निम्ति तप्तकृच्छ व्रत गरून्।

मासिकान्नं तु योऽश्नीयादसमावर्तको द्विजः।
स त्रीण्यहान्युपवसेदेकाहं चोदके वसेत्॥ १५७॥

जसको समावर्तन संस्कार भएको छैन, यस्ता द्विज (ब्रह्मचारी) ले यदि मासिक श्राद्धसम्बन्धी अन्न खायो भने तीन दिनसम्म उपवास गरून् र एक दिन पानी पिएर रहुन्।

ब्रह्मचारी तु योऽश्नीयान्मधु मांसं कथञ्चन।
स कृत्वा प्राकृतं कृच्छ्रं व्रतशेषं समापयेत्॥ १५८॥

जुन ब्रह्मचारीले कुनै प्रकारले मह, मासु खाएमा उनले प्राजापत्य व्रत गरेर ब्रह्मचर्य व्रतको समाप्ति गरून्।

विडालकाकाखूच्छिष्टं जग्ध्वा श्वनकुलस्य च।
केशकीटावपन्नं च पिबेद् ब्रह्मसुवर्चलाम्॥ १५९॥

बिरालो, काग, मुसा, कुकुर र न्याउरी मूसाको जूठो, केश र कीराले व्याप्त जुन अन्न हुन्छ त्यो खाइएमा ब्रह्मसुवर्चला (काँढा) लाई पिउन्।

अभोज्यमन्नं नात्तव्यमात्मनः शुद्धिमिच्छता।
अज्ञानभुक्तं तूत्तार्यं शोध्यं वाप्याशु शोधनैः॥ १६०॥

आफ्नो शुद्धिको चाहना गर्ने मनुष्य अभोज्य (अभक्ष्य) अन्न नखाउन्। यदि अज्ञानवश खाइहाले पनि वमन गरेर बाहिर निकालुन् अथवा छिट्टै नै प्रायश्चित्तद्वारा आफूलाई शुद्ध गरून्।

एषोऽनाद्यादनस्योक्तो व्रतानां विविधो विधिः।
स्तेयदोषापहर्तॄणां व्रतानां श्रूयतां विधिः॥ १६१॥

यो अभक्ष्य पदार्थका भक्षणको अनेक प्रायश्चित्त भनें। अब चोरीका दोषहरू हरण गर्ने प्रायश्चित्तहरूको विधि सुन्नुहोस्।

धान्यान्नधनचौर्याणि कृत्वा कामाद् द्विजोत्तमः।
स्वजातीयगृहादेव कृच्छ्राब्देन विशुद्ध्यति॥ १६२॥

आफ्नो इच्छाले ब्राह्मणले आफ्ना स्वजातीयका घरबाट धान्य, अन्न(भात, रोटी, मकै आदि) र धन चोरी गरेमा एक वर्षसम्म प्राजापत्य व्रत गर्नाले शुद्ध होइन्छ।

मनुष्याणां तु हरणे स्त्रीणां क्षेत्रगृहस्य च।
कूपवापीजलानां च शुद्धिश्चान्द्रायणं स्मृतम्॥ १६३॥

मनुष्य, स्त्री, खेत, घर, कुवा र तलाउको पानी चोर्नेले चान्द्रायण व्रत गर्दा शुद्ध हुन्छ।

द्रव्याणामल्पसाराणां स्तेयं कृत्वान्यवेश्मतः।
चरेत्सांतपनं कृच्छ्रं तन्निर्यात्यात्मशुद्धये॥ १६४॥

अरूको घरबाट थोरै मूल्यको वस्तु चोरेमा आत्मशुद्धिका लागि त्यो वस्तु उसको मालिकलाई फिर्ता दिउन् र कृच्छ्रसान्तपन व्रत गरून्।

भक्ष्यभोज्यापहरणे यानशय्यासनस्य च।
पुष्पमूलफलानां च पञ्चगव्यं विशोधनम्॥ १६५॥

भक्ष्य (मोदकादि), भोज्य (दूध आदि), यान, शय्या, आसन, फूल, मूल (तरुल आदि) र फल- यीमध्ये कुनै एकको मात्र चोरी गरेमा पञ्चगव्य प्राशनबाट शुद्धि हुन्छ।

तृणकाष्ठद्रुमाणां च शुष्कान्नस्य गुडस्य च।
चेलचर्मामिषाणां च त्रिरात्रं स्यादभोजनम्॥ १६६॥

घाँस, काठ-दाउरा, रूख-बिरुवा, अन्न, गुड, वस्त्र, छाला र मासु- यी पदार्थमध्ये कुनै एकको चोरी गरेमा तीन रातसम्म उपवास गरून्।

मणिमुक्ताप्रवालानां ताम्रस्य रजतस्य च।
अयः कांस्योपलानां च द्वादशाहं कणान्नता॥ १६७॥

मणि, मोती, मुँगा, ताँबा, चाँदी, फलाम, काँस र रत्न- यीमध्ये कुनै एकको चोरी गर्नेले बाह्र दिनसम्म अन्नको कण खानाले शुद्ध हुन्छ।

कार्पासकीटजीर्णानां द्विशफैकशफस्य च।
पक्षिगन्धौषधीनां च रज्ज्वाश्चैव त्र्यहं पयः॥ १६८॥

सूती, रेशमी र ऊनी लुगाहरू, घोडा, गोरू र पक्षी, कपूर, चन्दन र औषधि तथा डोरी- यीमध्ये कुनै एकको चोरी गरेमा तीन दिनसम्म दूध पिएर रहुन्।

एतैर्व्रतैरपोहेत पापं स्तेयकृतं द्विजः।
अगम्यागमनीयं तु व्रतैरेभिरपानुदेत्॥ १६९॥

यी पूर्वोक्त उपायहरूबाट द्विज (चारै वर्णका) चोरीका पापबाट शुद्ध होउन् र अगम्या गमनका पापहरूलाई अगाडि बताइएका व्रतहरूबाट नष्ट गरून्।

गुरुतल्पव्रतं कुर्याद्रेतः सिक्त्वा स्वयोनिषु।
सख्युः पुत्रस्य च स्त्रीषु कुमारीष्वन्त्यजासु च॥ १७०॥

साख्खै बहिनी, मित्रकी स्त्री, पुत्रकी स्त्री, कुमारी र चाण्डाल्नीका साथ स्त्री-प्रसंग गर्नेले गुरुपत्नी गमनको प्रायश्चित्त गरून्।

पैतृष्वसेयीं भगिनीं स्वीस्त्रीयां मातुरेव च।
मातुश्च भ्रातुस्तनयां गत्वा चान्द्रायणं चरेत्॥ १७१॥

फूपू, सानिमा, मामाकी छोरी- यिनीहरूका साथ प्रसंग गरेमा चान्द्रायण व्रत गरून्।

एतास्तिस्रस्तु भार्यार्थे नोपयच्छेत्तु बुद्धिमान्।
ज्ञातित्वेनानुपेयास्ताः पतति ह्युपयन्नधः॥ १७२॥

बुद्धिमान्‌हरूले यी तीनै (फूपू, सानिमा, मामाकी छोरी) बहिनीहरूलाई स्त्री (विवाहका लागि)का लागि उपयोग नगरून्, किनकि यिनीहरू बहिनीका नाताले विवाह गर्ने योग्य हुँदैनन्। यदि कसैले यिनीहरूसित विवाह गर्छ भने त्यो नरकगामी हुन्छ।

अमानुषीषु पुरुष उदक्यायामयोनिषु।
रेतः सिक्त्वा जले चैव कृच्छ्रं सान्तपनं चरेत्॥ १७३॥

जुन मनुष्यले अमानुषी (मनुष्यभन्दा भिन्न योनि चौपायामा), रजस्वला स्त्रीमा, योनिबाहेक भिन्न स्थानमा तथा जलमा वीर्यपात गर्दछ, उसको कृच्छसान्तपन व्रतबाट शुद्धि हुन्छ।

मैथुनं तु समासेव्यं पुंसि योषिति वा द्विजः।
गोयानेऽप्सु दिवा चैव सवासाः स्नानमाचरेत्॥ १७४॥

जो द्विज पुरुष वा स्त्रीका साथ गोरूगाडा (जसमा गोरू नारिएका छन्) मा, पानीमा वा दिनमा समागम गरे उसले सचैल स्नान (लगाएको लुगासँगै) गर्नुपर्छ।

चण्डालान्त्यस्त्रियो गत्वा भुक्त्वा च प्रतिगृह्य च।
पतत्यज्ञानतो विप्रो ज्ञानात्साम्यं तु गच्छति॥ १७५॥

यदि ब्राह्मणले अज्ञानवश चाण्डाल वा म्लेच्छकी स्त्रीसित समागम गरे, उसको अन्न खाए वा तिनीसित दान लिएमा पतित हुन जान्छ। यदि जाना-जान यस्तो गरेमा उसैको बराबरीमा अर्थात् चाण्डाल वा म्लेच्छ हुन जान्छ।

विप्रदुष्टां स्त्रियं भर्ता निरुन्ध्यादेकवेश्मनि।
यत्पुंसः परदारेषु तच्चैनां चारयेद् व्रतम्॥ १७६॥

स्वेच्छाले व्यभिचारमा प्रवृत्त स्त्रीलाई उसका पतिले एउटा घरमा थुनिदिउन् र व्यभिचारी पुरुषलाई परस्त्रीगमन विषयमा जुन प्रायश्चित्त भनिएको छ त्यही उसित गराउन्।

सा चेत्पुनः प्रदुष्येत्तु सदृशेनोपयन्त्रिता।
कृच्छ्रं चान्द्रायणं चैव तदस्याः पावनं स्मृतम्॥ १७७॥

पूर्वोक्त प्रकारले नियन्त्रित भएर पनि यदि त्यो स्त्री आफ्ना स्वजातीसँग फेरि पनि व्यभिचार गरी भने उसको लागि कृच्छ चान्द्रायण व्रत गराउन्।

यत्करोत्येकरात्रेण वृषलीसेवनाद् द्विजः।
तद्भैक्षभुग्जपन्नित्यं त्रिभिर्वर्षैर्व्यपोहति॥ १७८॥

द्विजले एक रातमा चाण्डाल्नीको सेवनबाट जुन पाप जम्मा गर्छ त्यस पापलाई उसले तीन वर्षसम्म भिक्षाको अन्न खाएर गायत्री मन्त्रको जाप गर्दै नाश गर्दछ।

एषा पापकृतामुक्ता चतुर्णामपि निष्कृतिः।
पतितैः संप्रयुक्तानामिमाः शृणुत निष्कृतीः॥१७९॥

यी चार प्रकारका (हिंसा, अभक्ष्य भोजन, चोरी र अगम्यागमन) पाप गर्नेहरूको प्रायश्चित्त मैले भनें। अब पतीतहरूका संसर्गीहरूको प्रायश्चित्त सुन्नुहोस्।

संवत्सरेण पतति पतितेन सहाचरम्।
याजनाध्यापनाद्यौनान्न तु यानासनाशनात्॥१८०॥

पतितका साथ एउटै सवारी साधनमा यात्रा गर्नाले, एउटै आसनमा बस्नाले, उसको साथ भोजन गर्नाले एक वर्षमै पतित हुन जान्छ, तर उसको यज्ञ गराउनाले, पढाउनाले वा उसको साथ सम्बन्ध (विवाहादि) गर्नाले एक वर्षमा पतित हुँदैन बरु तत्काल पतित हुन्छ।

यो येन पतितेनैषां संसर्गं याति मानवः।
स तस्यैव व्रतं कुर्यात्तत्संसर्गविशुद्धये॥१८१॥

जो मनुष्य जुन प्रकारले पतीतका संसर्गले पतीत भएको हुन्छ, उसले उही पतीतकै शुद्ध हुने प्रायश्चित्त गरून्।

पतितस्योदकं कार्यं सपिण्डैर्बान्धवैर्बहिः।
निन्दितेऽहनि सायाह्ने ज्ञात्यृत्विग्गुरुसंनिधौ॥१८२॥

पतित जीवितै छ भने उसका सपिण्ड बान्धवहरू गाउँदेखि बाहिर गएर आफ्ना कुल पुरोहित र गुरुसमक्ष निन्दित दिनमा सन्ध्या समयमा पतितलाई जलाञ्जलि दिउन्।

दासी घटमपां पूर्णं पर्यस्येत्प्रेतवत्पदा।
अहोरात्रमुपासीरन्नशौचं बान्धवैः सह॥१८३॥

दक्षिण मुख गरेर दासीले पानीले भरिएको घैटोलाई खुट्टाले जसरी प्रेतको लागि लडाइन्छ त्यसैगरी लडाउन्। त्यसपछि सपिण्डहरूले एक अहोरात्रको आशौच बारुन्।

निवर्तेरंश्च तस्मात्तु सम्भाषणसहासने।
दायाद्यस्य प्रदानं च यात्रा चैव हि लौकिकी॥१८४॥

त्यो पातकीसँग बोल्ने, एउटै आसनमा बस्ने, लेन-देनको व्यवहार गर्ने र सँगै बसेर भोजनादि गर्ने व्यवहार सबै छोडिदिउन्।

ज्येष्ठता च निवर्तेत ज्येष्ठावाप्यं च यद्धनम्।
ज्येष्ठांशं प्राप्नुयाच्चास्य यवीयान्गुणतोऽधिकः॥ १८५ ॥

पतीत भइसकेपछि जेठो दाज्यूको जेष्ठता रहँदैन र उसको प्राप्य धन र उसको जेष्ठांश जो हुन्छ त्यो सबै सानो भाइ, जो सबै भाइहरूमा श्रेष्ठ गुणी हुनेछ उसले पाउँछ।

प्रायश्चित्ते तु चरिते पूर्णकुम्भमपां नवम्।
तेनैव सार्धं प्रास्येयुः स्नात्वा पुण्ये जलाशये॥ १८६ ॥

पतीतले प्रायश्चित्त गरेपछि उसका सपिण्ड बान्धवगण उसका साथ पवित्र जलाशयमा स्नान गरेर जलले भरिएको नयाँ घैंटो पानीमा फालिदिउन्।

स त्वप्सु तं घटं प्रास्य प्रविश्य भवनं स्वकम्।
सर्वाणि ज्ञातिकार्याणि यथापूर्वं समाचरेत्॥ १८७ ॥

त्यसरी उसले घैंटोलाई पानीमा फ्याँकेर आफ्नो घरमा प्रवेश गरी सबै भाइ-बन्धुहरूका साथ पहिलेकै जस्तो व्यवहार गरेर रहुन्।

एतदेव विधिं कुर्याद्योषित्सु पतितास्वपि।
वस्त्रान्नपानं देयं तु वसेयुश्च गृहान्तिके॥ १८८ ॥

यही विधि पतित स्त्रीहरूका साथ पनि गर्नुपर्छ, तर उसलाई अन्न, जल र वस्त्र दिनुपर्छ। यस्ता स्त्रीहरू घरका छेउमा कुटी बनाएर रहुन्।

एनस्विभिरनिर्णिक्तैर्नार्थं किञ्चित्सहाचरेत्।
कृतनिर्णेजनाश्चैव न जुगुप्सेत कर्हिचित्॥ १८९ ॥

जो पापात्माहरूले प्रायश्चित्त गरेका छैनन् तिनका साथ कुनै किसिमको व्यवहार गर्नु हुँदैन, तर जसले प्रायश्चित्त गरेका छन् तिनको निन्दा कहिल्यै गर्नु हुँदैन।

बालघ्नांश्च कृतघ्नांश्च विशुद्धानपि धर्मतः।
शरणागतहन्तॄंश्च स्त्रीहन्तॄंश्च न संवसेत्॥ १९० ॥

बालकहरूको वध गर्ने, कृतघ्नी, शरणागतको हत्या गर्ने र स्त्रीको हत्या गर्ने यदि प्रायश्चित्त गरेर शुद्ध भए पनि तीसँग संसर्ग नगरून्।

येषां द्विजानां सावित्री नानूच्येत यथाविधिः।
तांश्चारयित्वा त्रीन्कृच्छ्रान्यथाविध्युपनाययेत्॥ १९१ ॥

जुन द्विजहरूको शास्त्रानुसार यज्ञोपवीत संस्कार भएको हुँदैन तिनबाट तीन प्राजापत्य व्रत गराएर विधिपूर्वक उनको यज्ञोपवीत संस्कार गराउन्।

प्रायश्चित्तं चिकीर्षन्ति विकर्मस्थास्तु ये द्विजाः।
ब्रह्मणा च परित्यक्तास्तेषामप्येतदादिशेत्॥ १९२॥

जुन द्विज निषिद्ध कर्म गर्ने हुन्छन् र वेदाध्ययनरहित हुन्छन्, यदि उनले प्रायश्चित्त गर्ने मन गर्छन् भने उनलाई पनि यही विधि गराउनुपर्छ।

यद्गर्हितेनार्चयन्ति कर्मणा ब्राह्मणा धनम्।
तस्योत्सर्गेण शुद्ध्यन्ति जप्येन तपसैव च॥ १९३॥

जुन ब्राह्मण गर्हित (निन्दित) कर्मद्वारा धन उपार्जन गर्छन् तिनले त्यो धनलाई दान गरेर जप-तप गर्नाले शुद्ध हुन्छन्।

जपित्वा त्रीणि सावित्र्याः सहस्राणि समाहितः।
मासं गोष्ठे पयः पीत्वा मुच्यतेऽसत्प्रतिग्रहात्॥ १९४॥

समाहित चित्त भएर ब्राह्मणले तीन हजार गायत्रीको जाप गरून् अथवा एक महिनासम्म दूध पिएर गौशालामा बस्छन् भने दूषित दान लिने दोष रहँदैन।

उपवासकृशं तं तु गोव्रजात्पुनरागतम्।
प्रणतं प्रति पृच्छेयुः साम्यं सौम्येच्छसीति किम्॥ १९५॥

उपवासबाट दुर्बल र गौशालाबाट आएको त्यो लुते ब्राह्मणसित लोकले प्रश्न गरून् कि के तिमी हामीहरूसित मिल्न चाहन्छौ।

सत्यमुक्त्वा तु विप्रेषु विकिरेद्यवसं गवाम्।
गौभिः प्रवर्तिते तीर्थे कुर्युस्तस्य परिग्रहम्॥ १९६॥

उसले पनि ब्राह्मणहरूका अगाडि सत्य भनेर 'म अब दूषित दान लिन्न' भनी गाईको अगाडि घास राखिदिउन्। यदि गाईले त्यो घाँस खाएमा अरू ब्राह्मणले उसलाई आफ्नो समाजमा ल्याउन्।

व्रात्यानां याजनं कृत्वा परेषामन्त्यकर्म च।
अभिचारमहीनं च त्रिभिः कृच्छ्रैर्व्यपोहति॥ १९७॥

व्रात्यहरूको यज्ञ, आफ्ना कुटुम्बभन्दा भिन्न जनहरूको दाहादि क्रिया, अभिचार र अहीन यज्ञ गराएर वा गरेर तीन प्राजापत्य व्रत गर्नाले ब्राह्मण शुद्ध हुन्छ।

शरणागतं परित्यज्य वेदं विप्लाव्य च द्विजः।
संवत्सरं यवाहारस्तत्पापमपसेवति॥ १९८॥

शरणागतको त्याग गर्नाले अर्थात् रक्षा नगर्ने र अनधिकारीलाई वेद पढाउनाले एक वर्षसम्म मात्र जौको आहार गर्नाले त्यो पापबाट छुट्कारा पाउँछ।

श्वसृगालखरैर्दष्टो ग्राम्यैः क्रव्याद्भिरेव च।

नराश्वोष्ट्रवराहैश्च प्राणायामेन शुद्ध्यति ॥ १९९ ॥

कुकुर, स्याल, गधा, काँचो मासु खाने, गाउँका पशु, मनुष्य, घोडा, ऊँट र सुँगुरले जसलाई टोकेको हुन्छ उसले प्राणायाम गर्नाले नै शुद्ध हुन जान्छ।

षष्ठान्नकालता मासं संहिताजप एव वा।

होमाश्च सकला नित्यमपङ्क्त्यानां विशोधनम् ॥ २०० ॥

जो अपांक्तेय पतीत छन् उनका शुद्धिका लागि यस्तो विधान छ- एक महिनासम्म प्रत्येक छैटौं दिन साँझपख भोजन गरून्, वेदसंहिताको पाप गरून् वा वेदोक्त मन्त्रहरूद्वारा नित्य होम गरून् तब शुद्धि हुन्छ।

उष्ट्रयानं समारुह्य खरयानं तु कामतः।

स्नात्वा तु विप्रो दिग्वासाः प्राणायामेन शुद्ध्यति ॥ २०१ ॥

जो ब्राह्मण आफ्नो इच्छाले ऊँट वा गधाको सवारीमा चढ्छन् र नाङ्गो भएर नुहाउँछन् ती प्राणायाम मात्रले शुद्ध हुन्छन्।

विनाद्भिरप्सु वाप्यार्तः शारीरं संनिवेश्य च।

सचैले बहिराप्लुत्य गामालभ्य विशुद्ध्यति ॥ २०२ ॥

मलमूत्रको वेगले पीडित भएर पानीबिना वा पानीमा मलमूत्रको त्याग कसैले गर्छ भने गाउँ बाहिर नदी वा जलाशयमा सचैल (लगाएको लुगासँगै) स्नान गरेर गाईको स्पर्श गर्नाले शुद्ध हुन्छ।

वेदोदितानां नित्यानां कर्मणां समतिक्रमे।

स्नातकव्रतलोपे च प्रायश्चित्तमभोजनम् ॥ २०३ ॥

वेदमा भनिएका नित्यकर्महरूको अतिक्रमण भएमा र स्नातक व्रतको लोप भएमा एक दिनको भोजन नगरून्। यो नै यस दोषको प्रायश्चित्त हो।

हुङ्कारं ब्राह्मणस्योक्त्वा त्वंकारं च गरीयसः।

स्नात्वाऽनश्नन्नहः शेषमभिवाद्य प्रसादयेत् ॥ २०४ ॥

ब्राह्मणलाई हुङ्कार (अर्थात् 'चुप लागेर बस' भन्नु) र आफूभन्दा ठूलालाई 'तँ' भन्यो भने त्यस बेलादेखि सायंकालसम्म स्नान गरी उनको सेवा गरेर प्रसन्न गरून्।

ताडयित्वा तृणेनापि कण्ठे वाऽऽबध्य वाससा।
विवादे वा विनिर्जित्य प्रणिपत्य प्रसादयेत्॥ २०५॥

ब्राह्मणलाई तृणले पनि हिर्काएमा वा उनको घाँटीमा लुगा हालेमा वा विवादमा उनलाई जितेमा उनीलाई प्रणाम गरी प्रसन्न पार्नुपर्छ।

अवगूर्य त्वब्दशतं सहस्रमभिहत्य च।
जिघांसया ब्राह्मणस्य नरकं प्रतिपद्यते॥ २०६॥

ब्राह्मणलाई मार्ने धम्की दिएमा सय वर्ष र दण्ड प्रहार गर्नाले हजार वर्षसम्म नर्क भोग्नुपर्छ।

शोणितं यावतः पांसून्संगृह्णाति महीतले।
तावन्त्यब्दसहस्राणि तत्कर्ता नरके वसेत्॥ २०७॥

ब्राह्मणको रगत पृथ्वीमा झरेर धूलोका जति कणहरूलाई भिजाउँछ त्यति नै हजार वर्ष रगत बगाउने व्यक्ति नर्कमा बास गर्दछ।

अवगूर्यं चरेत्कृच्छ्रमतिकृच्छ्रं निपातने।
कृच्छ्रातिकृच्छ्रौ कुर्वीत विप्रस्योत्पाद्यशोणितम्॥ २०८॥

ब्राह्मणलाई पिट्न लट्ठी उठाएमा कृच्छ व्रत गरून् र मारेमा अतिकृच्छ व्रत गरून् र रगत बगाएमा दुवै कृच्छव्रत र अतिकृच्छ व्रत गरून्।

अनुक्तनिष्कृतीनां तु पापानामपनुत्तये।
शक्तिं चावेक्ष्य पापं च प्रायश्चित्तं प्रकल्पयेत्॥ २०९॥

जुन पापको प्रायश्चित्त भनिएको छैन तिनको प्रायश्चित्तका लागि पापकर्ताको शक्तिलाई हेरेर प्रायश्चित्तको व्यवस्था गरून्।

यैरभ्युपायैरेनांसि मानवो व्यपकर्षति।
तान्वोऽभ्युपायान्वक्ष्यामि देवर्षिपितृसेवितान्॥ २१०॥

जुन उपायद्वारा मनुष्य आफ्ना पापहरूको प्रायश्चित्त गर्दछ, देवता, पितृ र ऋषिहरूद्वारा अनुष्ठित ती उपाहरूलाई भन्दछु।

त्र्यहं प्रातस्त्र्यहं सायं त्र्यहमद्यादयाचितम्।
त्र्यहं परं च नाश्नीयात्प्राजापत्यं चरन्द्विजः॥ २११॥

प्राजापत्य व्रतको आचरण गर्दै द्विजले तीन दिन विहान, तीन दिन बेलुकी र तीन दिन कसैसित केही नमागी जे-जस्तो पाइन्छ त्यही खाउन्। यसैलाई प्राजापत्य व्रत भनिन्छ।

गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम्।
एकरात्रोपवासश्च कृच्छ्रं सान्तपनं स्मृतम्॥ २१२॥

गाईको मूत्र, गाईको दूध, गाईको दही, गाईको घिउ, कुशको जल– यी सबैलाई मिसाएर भोजन गरून्, अर्को दिन उपवास बसून् । यसैलाई कृच्छ्रसान्तापन व्रत भनिन्छ।

एकैकं ग्रासमश्नीयात्त्र्यहाणि त्रीणि पूर्ववत्।
त्र्यहं चोपवसेदन्त्यमतिकृच्छ्रं चरन्द्विजः॥ २१३॥

तीन दिन बिहान एक गाँस, तीन दिन बेलुकी एक गाँस र तीन दिन केही नमागेर पनि एक गाँस खाउन्। यसैलाई अतिकृच्छ व्रत भनिन्छ।

तप्तकृच्छ्रं चरन्विप्रो जलक्षीरघृतानिलान्।
प्रतित्र्यहं पिबेदुष्णान्सकृत्स्नायी समाहितः॥ २१४॥

ब्राह्मणले नित्य एकपल्ट स्नान गरी एकाग्रचित्त भएर तीन दिन क्रमैसित तातो पानी, तातो दूध, तातो घिउ र तातो हावाको सेवन गरून्। यसैलाई तप्तकृच्छ व्रत भनिन्छ।

यतात्मनोऽप्रमत्तस्य द्वादशाहमभोजनम्।
पराको नाम कृच्छ्रोऽयं सर्वपापापनोदनः॥ २१५॥

संयमचित्त भएर मन र इन्द्रियलाई रोकेर बाह्र दिनसम्म उपवास गर्नुलाई पराक व्रत भनिन्छ, जुन सबै पापहरू नाश गर्ने हुन्छ।

एकैकं ह्रासयेत्पिण्डं कृष्णे शुक्ले च वर्धयेत्।
उपस्पृशंस्त्रिषवणमेतच्चान्द्रयणं व्रतम्॥ २१६॥

कृष्ण पक्षमा तिथिअनुसार एक–एक गाँस घटाउँदै र शुक्ल पक्षमा तिथिअनुसार एक–एक गाँस बढाउँदै भोजन गरून् । यसलाई चान्द्रायण व्रत भनिन्छ।

एतमेव विधिं कृत्स्नमाचरेद्यवमध्यमे।
शुक्लपक्षादिनियतश्चरंश्चान्द्रायणं व्रतम्॥ २१७॥

शुक्ल पक्षादिबाट पूर्वोक्त प्रकारले (अर्थात् तिथिअनुसार) व्रत गरियो भने यसलाई यवमध्यम चान्द्रायण व्रत भनिन्छ।

अष्ट्यवष्टौ समश्नीयात्पिण्डान्मध्यंदिने स्थिते।
नियतात्मा हविश्याशी यति चान्द्रायणं चरन्॥ २१८॥

शुक्ल–पक्षादिबाट वा कृष्ण–पक्षादिबाट सुरु गरेर एक महिनासम्म जितेन्द्रिय भएर प्रत्येक दिन मध्याह्नमा आठ गाँस हविष्य अन्नको भोजन यति चान्द्रायण व्रत गर्ने मनुष्यले गरून्।

चतुरः प्रातरश्नीयात्पिण्डान्विप्रः समाहितः।
चतुरोऽस्तमिते सूर्ये शिशुचान्द्रायणं स्मृतम्॥ २१९॥

एक महिनासम्म चार गाँस बिहान र चार गाँस बेलुकी नियमसँग भोजन गरून्। यसलाई मुनिहरूले शिशु चान्द्रायण व्रत भनेका छन्।

यथाकथञ्चित्पिण्डानां तिस्रोऽशीतीः समाहितः।
मासेनाश्नन्हविष्यस्य चन्द्रस्यैति सलोकताम्॥ २२०॥

जसले नियत चित्त भएर एक महिनामा कुनै पनि प्रकारले दुई सय चालीस ग्राम हविष्य नै खाएर निर्वाह गर्छ, त्यो चन्द्रलोकमा जान्छ।

एतद्रुद्रास्तथादित्या वसवश्चाचरन्व्रतम्।
सर्वाकुशलमोक्षाय मरुतश्च महर्षिभिः॥ २२१॥

यो व्रतलाई रुद्र, सूर्य, वसु, मरुत्, देवता र महर्षिहरूले पनि सबै पापहरूबाट मुक्त हुनका लागि गरेका थिए।

महाव्याहृतिभिर्होमः कर्तव्यः स्वयमन्वहम्।
अहिंसासत्यमक्रोधमार्जवं च समाचरेत्॥ २२२॥

स्वयंले प्रतिदिन महाव्याहृति होम घिउले गरून्। त्यस बेला हिंसा, क्रोध, कुटिलता र झूटो नबोलुन्।

त्रिरह्नस्त्रिर्निशायां च सवासा जलमाविशेत्।
स्त्रीशूद्रपतितांश्चैव नाभिभाषेत कर्हिचित्॥ २२३॥

तीनपल्ट दिनमा र तीनपल्ट रातमा लगाएको लुगासहित जलमा प्रवेश गरून्। स्त्री, शूद्र र पतितका साथ कहिल्यै सम्भाषण नगरून्।

स्थानासनाभ्यां विहरेदशक्तोऽधः शयीत वा।
ब्रह्मचारी व्रती च स्याद् गुरुदेवद्विजार्चकः॥ २२४॥

व्रत लिने व्रतीहरू आफ्ना कुटीका छेउमा यताउता डुलुन् वा आफ्ना आसनमा बसुन् वा अस्वस्थ भएमा भूईंमा सुतुन्। ब्रह्मचारीहरूका नियमले (अर्थात् मौञ्जी, मेखला, दण्ड धारण गरेर) रहुन् र गुरु, देवता र ब्राह्मणको पूजा गरून्।

सावित्रीं च जपेन्नित्यं पवित्राणि च शक्तितः।
सर्वेष्वेव व्रतेष्वेवं प्रायश्चितार्थमादृतः॥ २२५॥

नित्य सावित्री (गायत्री) को जाप गरून् । आफ्नो सामर्थ्यका अनुसार पवित्र सूक्तहरूको जाप गरून् । सबै व्रतहरूमा प्रायश्चित्तका लागि यस्तो गर्नु उत्तम हुन्छ।

एतैर्द्विजातयः शोध्या व्रतैराविष्कृतैनसः।
अनाविष्कृतपापांस्तु मन्त्रैर्होमैश्च शोधयेत्॥ २२६ ॥

आविष्कृत (प्रकट हुने) पापहरूका शान्तिका लागि द्विजहरूले पूर्वोक्त चान्द्रायण आदि व्रतहरू गर्नुपर्छ अनि अनाविष्कृत (गुप्त) पापहरूको शान्तिका लागि मन्त्रहरूको जाप र हवन गर्नुपर्छ।

ख्यापनेनानुतापेन तपसाऽध्ययनेन च।
पापकृन्मुच्यते पापात्तथा दानेन चापदि॥ २२७ ॥

आफ्ना पापहरूलाई अरूमा प्रकट गरेर पछुतो गर्नाले र तप तथा अध्ययन गर्नाले पाप गर्ने व्यक्ति पापका दोषबाट मुक्त हुन जान्छ। यदि तप आदि गर्नमा असमर्थ भए दान गरेर पनि पापबाट मुक्त हुन सकिन्छ।

यथा यथा नरोऽधर्मं स्वयं कृत्वानुभाषते।
तथा तथा त्वचेवाहिस्तेनाधर्मेण मुच्यते॥ २२८ ॥

जसरी जसरी मनुष्य आफूले गरेका पापहरू अरूलाई सत्य सत्य बताउँछ त्यसरी त्यसरी ऊ अधर्मबाट काँचुलीबाट सर्प मुक्त भएझैं मुक्त हुन्छ।

यथा यथा मनस्तस्य दुष्कृतं कर्म गर्हति।
तथा तथा शरीरं तत्तेनाधर्मेण मुच्यते॥ २२९ ॥

जसरी जसरी पापीका मनले पापकर्मको निन्दा गर्दछ, त्यसरी त्यसरी उसका शरीरले त्यो पापबाट मुक्ति पाउँछ।

कृत्वा पापं हि संतप्य तस्मात्पापात्प्रमुच्यते।
नैवं कुर्यात् पुनरिति निवृत्त्या पूयते तु सः॥ २३० ॥

पाप गरेर आफूले गरेको पापमाथि पश्चात्ताप गर्छ भने ऊ त्यस पापबाट मुक्त हुन्छ। 'फेरि यस्तो गर्ने छैन' मनमा यस्तो संकल्प गरेर निवृत्त भएमा ऊ पवित्र हुन जान्छ।

एवं संचिन्त्य मनसा प्रेत्य कर्मफलोदयम्।
मनोवाङ्मूर्तिभिर्नित्यं शुभं कर्म समाचरेत्॥ २३१ ॥

यस प्रकार मनले राम्रा र नराम्रा कर्मका फल परलोकमा राम्रो र नराम्रो नै पाइन्छ यस्तो विचार गर्दै मन, वाणी र शरीरले शुभ कर्महरू गरून्।

अज्ञानाद्यदि वा ज्ञानात्कृत्वा कर्म विगर्हितम्।
तस्माद्विमुक्तिमन्विच्छन्द्वितीयं न समाचरेत्॥ २३२ ॥

अज्ञानले (नजानी) अथवा ज्ञानले (जानेर) निन्दित कर्म गरेर यदि ऊ त्यो पापबाट छुट्न चाहन्छ भने फेरि अर्को निन्दित कर्म नगरून्।

यस्मिन्कर्मण्यस्य कृते मनसः स्यादलाघवम्।
तस्मिंस्तावत्तपः कुर्याद्यावत्तुष्टिकरं भवेत्॥ २३३ ॥

जुन कार्य गर्नाले (प्रायश्चित्तादि) पापात्माका चित्तलाई जबसम्म शान्ति मिल्दैन तबसम्म त्यो कर्म गर्दै रहुन्।

तपो मूलमिदं सर्वं दैवमानुषकं सुखम्।
तपोमध्यं बुधैः प्रोक्तं तपोऽन्तं वेददर्शिभिः॥ २३४ ॥

देवता र मनुष्यका सबै सुख तपोमूलक हो, तप नै मध्य हो र तप नै अन्त हो, यस्तो वेदविज्ञले भनेका छन्।

ब्राह्मणस्य तपो ज्ञानं तपः क्षत्रस्य रक्षणम्।
वैशस्य तु तपो वार्ता तपः शूद्रस्य सेवनम्॥ २३५ ॥

ब्राह्मणको ज्ञान नै तप हो, क्षत्रियको रक्षा नै तप हो, वैश्यको वार्त्ता (वाणिज्य, व्यापार, पशुपालन) र शूद्रको सेवा नै तप हो।

ऋषयः संयतात्मानः फलमूलानिलाशनाः।
तपसैव प्रपश्यन्ति त्रैलोक्यं सचराचरम्॥ २३६ ॥

फल-मूल र वायुको सेवन गर्ने संयतात्मा महर्षिगण तपस्याद्वारा नै चराचर तीनै लोकलाई हेर्दछन्।

औषधान्यगदो विद्या दैवी च विविधा स्थितिः।
तपसैव प्रसिद्ध्यन्ति तपस्तेषां हि साधनम्॥ २३७ ॥

औषधि, आरोग्य, विद्या र अनेक प्रकारका दैवी (स्वर्गादि लोकको स्थिति) तपबाट नै प्राप्त हुन्छ र तपस्या नै उनको साधन हो।

यद्दुस्तरं यद्दुरापं यद्दुर्गं यच्च दुष्करम्।
सर्वं तु तपसा साध्यं तपो हि दुरतिक्रमम्॥ २३८ ॥

जुन दुस्तर (तर्न कठिन) हुन्छ, जुन दुराप (पाउन कठिन) हुन्छ, जुन दुर्ग (जहाँसम्म पुग्न कठिन) हुन्छ र जुन दुष्कर (जसलाई गर्न कठिन) हुन्छ, त्यो सबै तपस्याबाट साध्य हुन्छ, किनकि तपस्या दुर्लभ हुन्छ।

महापातकिनश्चैव शेषाश्चाकार्यकारिणः।
तपसैव सुतप्तेन मुच्यन्ते किल्विषात्ततः॥ २३९ ॥

महापातकी तथा शेष रहेका अकार्य कर्म गर्ने तपाइएका सुन्दर तपस्याले तप्त भएर पापमुक्त हुन जान्छन्।

कीटश्चाहिपतङ्गाश्च पशवश्च वयांसि च।
स्थावराणि च भूतानि दिवं यान्ति तपोबलात्॥ २४०॥

कीट (कीरा-फट्याङ्ग्रा आदि), सर्प, पुतली, पशु, चराचुरुङ्गी र स्थावर जीव (वृक्षलतादि) पनि तपोबलबाट स्वर्ग जान्छन्।

यत्किञ्चिदेनः कुर्वन्ति मनोवाङ्मूर्तिभिर्जनाः।
तत्सर्वं निर्दहन्त्याशु तपसैव तपोधनाः॥ २४१॥

मनुष्य मन, वाणी र शरीरबाट जुन पाप गर्दछन् ती सबै पापहरूलाई तपोधन (जसको धन तपस्या हुन्छ अर्थात् तपस्वी) ले छिटै नै आफ्नो तपस्याद्वारा नाश गरिदिन्छन्।

तपसैव विशुद्धस्य ब्राह्मणस्य दिवौकसः।
इज्याश्च प्रतिगृह्णन्ति कामान्संवर्धयन्ति च॥ २४२॥

तपद्वारा शुद्ध भएका ब्राह्मणको यज्ञमा दिएको हविष्य देवताले ग्रहण गर्दछन् र उनका (ब्राह्मणका) इच्छाहरू पूर्ण गर्छन्।

प्रजापतिरिदं शास्त्रं तपसैवासृजत्प्रभुः।
तथैव वेदानृषयस्तपसा प्रतिपेदिरे॥ २४३॥

समर्थवान् ब्रह्माजीले तपस्याद्वारा यो शास्त्रलाई बनाए, त्यसैगरी ऋषिहरूले पनि तपस्याद्वारा नै वेदहरू प्राप्त गरे।

इत्येतत्तपसो देवा महाभाग्यं प्रचक्षते।
सर्वस्यास्य प्रपश्यन्तस्तपसः पुण्यमुत्तमम्॥ २४४॥

तपस्याको यस्तो उत्तम पुण्यलाई देखेर देवता संसारका सम्पूर्ण सौभाग्यलाई तपस्याबाट नै सिद्ध भएको बताउँछन्।

वेदाभ्यासोऽन्वहं शक्त्या महायज्ञक्रिया क्षमा।
नाशयन्त्याशु पापानि महापातकजान्यपि॥ २४५॥

शक्तिअनुसार प्रतिदिन वेदाभ्यास गर्नु, पञ्चमहायज्ञ र क्षमा (शान्ति धारण गर्नु)- यी कार्य महापातकीहरूका पापहरूलाई पनि छिट्टै नाश गर्दछन्।

यथैधस्तेजसा वह्निः प्राप्तं निर्दहति क्षणात्।
तथा ज्ञानाग्निना पापं सर्वं दहति वेदवित्॥ २४६॥

जुन प्रकारले अग्नि आफ्नो तेजले एकछिनमै काठलाई भष्म गर्दछ, त्यसै प्रकारले वेदज्ञ ब्राह्मण ज्ञानरूपी अग्निद्वारा सबै पापहरूको नाश गर्दछन्।

इत्येतदेनसामुक्तं प्रायश्चित्तं यथाविधि।
अत ऊर्ध्वं रहस्यानां प्रायश्चित्तं निबोधत॥ २४७॥

यो सबै यथाविधि प्रकट पापहरूका प्रायश्चित्तहरूलाई मैले भनें। अब अप्रकट पापहरूका प्रायश्चित्तहरू भन्दछु।

सव्याहृतिप्रणवकाः प्राणायामस्तु षोडश।
अपि भ्रूणहणं मासात्पुनन्त्यहरहः कृताः॥ २४८॥

व्याहृति र प्रणवका साथ गायत्रीको विधिपूर्वक प्रतिदिन सोह्र प्राणायाम गर्नाले एक महिनामा भ्रूण हत्या गर्ने पनि पापबाट छुटकारा पाउँछन्। (तर गायत्रीको अधिकारीले नै यस्तो गर्न सक्छ)

कौत्सं जप्त्वाप इत्येतद्वासिष्ठं च प्रतीत्यृचम्।
माहित्रं शुद्धवत्यश्च सुरापोऽपि विशुध्यति॥ २४९॥

कौत्सको 'अपनः शोशुचदधम्' र वसिष्ठको 'प्रतिस्तो मेभिरुषसं' तथा 'महित्रीणामवोस्तु' र 'एतोन्विद्रं स्तवाम' यी ऋचाहरूको जप गरेर सुरापान गर्नेहरू पनि एक महिनामा शुद्ध हुन्छन्।

सकृज्जप्त्वास्यवामीयं शिवसंकल्पमेव च।
अपहृत्य सुवर्णं तु क्षणाद्भवति निर्मलः॥ २५०॥

सुवर्णको चोरी गर्ने ब्राह्मण एक महिनासम्म प्रतिदिन एकपल्ट 'अस्य वामस्य पलितस्य' र 'शिव संकल्पं यज्जाग्रतोदूरम्'– यी मन्त्रहरूको जप गर्नाले छिट्टै नै त्यस पापबाट छुट्दछ।

हविष्यान्तीयमभ्यस्य नतमंह इतीति च।
जपित्वा पौरुषं सूक्तं मुच्यते गुरुतल्पगः॥ २५१॥

'हविष्यान्तमजरं स्वर्विदि' यी ऋचाहरूलाई वा 'नतमहोनदुरितम्' यी ऋचाहरूलाई वा 'इति वा इति मे मनः' वा 'सहस्रशीर्षा' आदि पुरुष सूक्तको एक महिनासम्म प्रतिदिन पाठ गर्ने पुरुष गुरुपत्नीगमन जस्तो दोषबाट मुक्त हुन्छ।

एनसां स्थूलसूक्ष्माणां चिकीर्षन्नपनोदनम्।
अवेत्यृचं जपेदब्दं यत्किञ्चेदमितीति वा॥ २५२॥

स्थूल र सूक्ष्म पापहरूबाट मुक्त हुन इच्छा राख्ने पुरुषले 'अवते हेडो वरुण नमोभिः' वा 'यत् किंचेदं वरुण दैव्ये जने' वा 'इति वा इति मे मनः' यी ऋचा र सूक्तहरूको पाठ एक वर्षसम्म प्रतिदिन गरून्।

प्रतिगृह्याप्रतिग्राह्यं भुक्त्वा चान्नं विगर्हितम्।
जपंस्तरत्समन्दीयं पूयते मानवस्त्र्यहात्॥ २५३॥

लिन नहुने योग्य दानलाई लिएर अनि निषिद्ध अन्न खाएर 'तरत्समन्दी धावति' आदि ऋचाहरू तीन दिनसम्म पाठ गर्नाले शुद्ध हुन जान्छ।

सोमारौद्रं तु बह्वेना मासमभ्यस्य शुद्ध्यति।
स्रवन्त्यामाचरन्स्नानमर्यम्णामिति च तृचम्॥ २५४॥

'सोमरूद्रा धारयेथामसूर्यम्' र 'अर्यमणं वरुणं मित्रं' आदि ऋचाहरू नदीमा स्नान गरेर एक महिनासम्म जप गर्नाले धेरै पाप गर्ने पनि शुद्ध हुन जान्छ।

अब्दार्धमिन्द्रमित्येतदेनस्वी सप्तकं जपेत्।
अप्रशस्तं तु कृत्वाप्सु मासमासीत भैक्षभुक्॥ २५५॥

पापी मनुष्य पापबाट मुक्त हुनका लागि 'इन्द्रं मित्रं वरुणमग्निम्' यी सात ऋचाहरूको छः महिनासम्म जप गरून् र पानीमा मल–मूत्रादि गर्नेले एक महिनासम्म भिक्षाको अन्न खाएर शुद्ध हुन्छन्।

मन्त्रैः शाकलहोमीयैरब्दं हुत्वा घृतं द्विजः।
सुगुर्वप्यपहन्त्येनो जप्त्वा वा नम इत्यृचम्॥ २५६॥

शाकलहोमीय मन्त्रहरूले एक वर्षसम्म घिउले हवन गर्नाले वा 'नमः इन्द्रश्च' यो ऋचा वा 'इति वा इति मे मन:' यस मन्त्रको जप गर्नाले द्विजले ठूल–ठूला पापलाई पनि नाश गर्छन्।

महापातकसंयुक्तोऽनुगच्छेद्गाः समाहितः।
अभ्यस्याब्दं पावमानीर्भैक्षाहारी विशुद्ध्यति॥ २५७॥

महापातकी पुरुषले समाहित चित्त भएर एक वर्षसम्म भिक्षाबाट प्राप्त अन्नको भोजन गरून् र गाईलाई चराउन्। 'पावमानी रध्येति' आदि ऋचाहरूको जप गऱ्यो भने पापबाट शुद्ध हुन्छन्।

अरण्ये वा त्रिरभ्यस्य प्रयतो वेदसंहिताम्।
मुच्यते पातकैः सर्वैः पराकैः शोधितस्त्रिभिः॥ २५८॥

तीनपल्ट पराक व्रतले शुद्ध भएको पुरुष संयतचित्त भएर तीनपल्ट जंगलमा वेदसंहिताको पाठ गर्नाले सबै पातकहरूबाट शुद्ध हुन जान्छ।

त्र्यहं तूपवसेद्युक्तस्त्रिरह्नोऽभ्युपयन्नपः।
मुच्यते पातकैः सर्वैस्त्रिर्जपित्वाऽघमर्षणम्॥ २५९॥

तीन दिन उपवास गरी संयतचित्त भएर प्रतिदिन तीनपल्ट (प्रातः, मध्याह्न, सायंकाल) स्नान गर्ने बेला पानीमा 'ऋतं च सत्यं च' यो अघमर्षण सूक्तको तीनपल्ट जप गर्नाले सबै पापहरूको नाश हुन्छ।

यथाश्वमेधः क्रतुराट् सर्वपापापनोदनः।
तथाऽघमर्षणं सूक्तं सर्वपापापनोदनम्॥ २६०॥

जुन प्रकारले सबै प्रकारका पापहरूको नाशका लागि यज्ञहरूका राजा अश्वमेध यज्ञ हुन्छ त्यसै गरी सबै पापहरूको नाश गर्ने यो अघमर्षण सूक्त हुन्छ।

हत्वा लोकानपीमांस्त्रीनश्नन्नपि यतस्ततः।
ऋग्वेदं धारयन्विप्रो नैनः प्राप्नोति किञ्चन॥ २६१॥

तीनै लोक (त्रैलोक्य) को हत्या गरेर वा यता-उता भोजन गरेर पनि ऋग्वेदलाई धारण गर्ने विप्र पापको भागी अलिकति पनि हुँदैन अर्थात् ऋग्वेदको अभ्यास गर्नेलाई कुनै पाप लाग्दैन।

ऋक्संहितां त्रिरभ्यस्य यजुषां वा समाहितः।
साम्नां वा सरहस्यानां सर्वपापैः प्रमुच्यते॥ २६२॥

जसले समाहित चित्त भएर ऋग्वेदका संहितालाई अथवा यजुर्वेदका संहितालाई अथवा रहस्यका साथ सामवेदलाई तीनपल्ट अभ्यास गर्छन्, ती सबै पापहरूबाट मुक्त हुन्छन्।

यथा महाह्रदं प्राप्य क्षिप्तं लोष्टं विनश्यति।
तथा दुश्चरितं सर्वं वेदे त्रिवृत्ति मज्जति॥ २६३॥

जुन प्रकारले ठूला पोखरीमा फ्याँकेको माटोको डल्लो नाश हुन जान्छ त्यसै गरी तीनपल्ट आवृत्त हुने ऋगादि वेदले सबै पाप नष्ट हुन जान्छन्।

ऋचो यजूंषि चान्यानि सामानि विविधानि च।
एष ज्ञेयस्त्रिवृद्वेदो यो वेदैनं स वेदवित्॥ २६४॥

ऋगवेद र यजुर्वेदका मन्त्र तथा सामवेदका अनेक मन्त्र यी तीनै वेदका भिन्ना-भिन्नै मन्त्र त्रिवृत् वेद कहिन्छ, जसले यिनलाई जान्दछ उही वेदवित् हुन्छ।

आद्यं यत्त्र्यक्षरं ब्रह्म त्रयी यस्मिन्प्रतिष्ठिता।
स गुह्योऽन्यस्त्रिवृद्वेदो यस्तं वेद स वेदवित्॥ २६५॥

सबै वेदहरूका मूल त्र्यक्षर ब्रह्म (ॐ) हो जसमा तीनै वेद अवस्थित छन्, त्यो पहिलो संज्ञक, दोस्रो गुह्य त्रिवृत् हो, जसले यिनलाई जान्दछन् ती वेदवित् हुन्।

॥ इति एकादश अध्याय समाप्त ॥

द्वादशोऽध्यायः

चातुर्वर्ण्यस्य कृत्स्नोऽयमुक्तो धर्मस्त्वयानघ ।
कर्मणां फलनिर्वृत्तिं शंस नस्तत्त्वतः पराम् ॥ १ ॥

हे अनघ! चारै वर्णहरूका धर्मलाई हजुरले भन्नुभयो। अब जन्मान्तरको शुभाशुभ कर्महरूको जुन फल मिल्दछ त्यो भन्नुहोस्।

स तानुवाच धर्मात्मा महर्षीन्मानवो भृगुः।
अस्य सर्वस्य शृणुत कर्मयोगस्य निर्णयम् ॥ २ ॥

ती धर्मात्मा मनुका पुत्र भृगुले महर्षिहरूसित भन्नुभयो- यो सम्पूर्ण कर्मयोगको निर्णय सुन्नुहोस्।

शुभाशुभफलं कर्म मनोवाग्देहसंभवम्।
कर्मजा गतयो नृणामुत्तमाधममध्यमाः ॥ ३ ॥

शुभाशुभ फल दिने कर्मको उत्पत्ति स्थान मन, वाणी र देह हुन्, कर्मबाट नै मनुष्यहरूका उत्तम, मध्यम र अधम गति हुन्छन्।

तस्येह त्रिविधस्यापि त्र्यधिष्ठानस्य देहिनः।
दशलक्षणयुक्तस्य मनो विद्यात्प्रवर्तकम् ॥ ४ ॥

त्यो शरीरसम्बन्धी त्रिविध तीनै (उत्तम, मध्यम, अधम) र दस लक्षणबाट युक्त तीनै (मन, वाणी, शरीर) अधिष्ठानहरूका आश्रयमा रहने धर्महरूका प्रवर्तक मन नै हुन्छ, यस्तो जान्नुपर्छ।

द्रष्टव्य- किनभने तैतरीय उपनिषदमा लेखिएको छ कि पुरुष मनले जो विचार गर्छ उही वाणीले बोल्छ र जो वाणीले बोल्छ उही कर्म गर्दछ।

परद्रव्येष्वभिध्यानं मनसानिष्टचिन्तनम्।
वितथाभिनिवेशश्च त्रिविधं कर्म मानसम् ॥ ५ ॥

अन्यायपूर्वक अर्काको धन लिने कुरा सोच्नु, चित्तमा अर्काको अनिष्ट चिन्तन गर्नु, मिथ्या अभिनिवेश (स्वर्ग छैन, जे छ त्यो शरीर नै हो) गर्नु- यी तीन प्रकारका अशुभ फल दिने मानस कर्म हुन्।

पारुष्यमनृतं चैव पैशुन्यं चापि सर्वशः।
असंबद्धप्रलापश्च वाङ्मयं स्याच्चतुर्विधम् ॥ ६ ॥

कठोर र असत्य (झुटो) बोल्नु, अरूका दोषहरू बताउनु र निरर्थक वार्ता गर्नु- यी चार प्रकारका अशुभ फल दिने वाणीका कर्म हुन्।

अदत्तानामुपादानं हिंसा चैवाविधानतः।
परदारोपसेवा च शारीरं त्रिविधं स्मृतम्॥ ७॥

अरूले नदिएका वस्तुलाई बलपूर्वक लिनु, बिना विधान हिंसा गर्नु र परस्त्री सेवन गर्नु- यी तीन प्रकारका शारीरिक दुष्कर्म हुन्।

मानसं मनसैवायमुपभुङ्क्ते शुभाशुभम्।
वाचा वाचा कृतं कर्म कायेनैव च कायिकम्॥ ८॥

मनबाट गरिएका कर्मका फल मनले, वाणीबाट गरिएका कर्म वचनले र देहले गरिएका कर्म देहले नै भोग्नुपर्छ।

शरीरजैः कर्मदोषैर्याति स्थावरतां नरः।
वाचिकैः पक्षिमृगतां मानसैरन्त्यजातिताम्॥ ९॥

शरीरबाट उत्पन्न कर्म-दोषहरूका फलद्वारा मनुष्यले स्थावरता, वाणीका दोषहरूबाट पक्षी र मृगत्वलाई र मानस दोषहरूबाट चाण्डाल आदि जातिमा प्राप्त हुन्छ।

वाग्दण्डोऽथ मनोदण्डः कायदण्डस्तथैव च।
यस्यैते निहिता बुद्धौ त्रिदण्डीति स उच्यते॥ १०॥

वागदण्ड, मनोदण्ड र देहदण्ड- यी जसका बुद्धिमा स्थित हुन्छन् उसलाई त्रिदण्डी भन्दछन्। (अर्थात् जो बुद्धि, मन, वचन र शरीरले गरिने दुष्कर्महरूबाट अलग रहन्छन्)

त्रिदण्डमेतन्निक्षिप्य सर्वभूतेषु मानवः।
कामक्रोधौ तु संयम्य ततः सिद्धिं नियच्छति॥ ११॥

जुन मनुष्यले काम-क्रोधमाथि संयम गरेर सबै प्राणीहरूमा यस त्रिदण्डको व्यवहार गर्दछ, ऊ सिद्धिलाई प्राप्त हुन्छ।

योऽस्यात्मनः कारयिता तं क्षेत्रज्ञं प्रचक्षते।
यः करोति तु कर्माणि स भूतात्मोच्यते बुधैः॥ १२॥

जसले आत्माबाट कर्म गराउँछ, उसलाई क्षेत्रज्ञ भनिन्छ र जसले कर्म गर्दछ उसलाई विद्वान्हरू भूतात्मा भन्दछन्।

जीवसंज्ञोऽन्तरात्मान्धः सहजः सर्वदेहिनाम्।
येन वेदयते सर्वं सुखं दुःखं च जन्मसु॥ १३॥

जीवसंज्ञक अन्तरात्मा यिनबाट भिन्न छन्, जुन सबै प्राणीहरूमा सहज छ र जसबाट जन्मका सबै सुख-दुःखहरूलाई जानिन्छ।

तावुभौ भूतसंपृक्तौ महान्क्षेत्रज्ञ एव च।
उच्चावचेषु भूतेषु स्थितं तं व्याप्य तिष्ठतः ॥ १४ ॥

ती दुवै महान् र क्षेत्रज्ञ भूतहरूसित (पञ्चभूतहरूसित) मिलेर सबै साना-ठूला जीवहरूमा स्थिर भएर ती परमात्माका आश्रयमा रहन्छन्।

असंख्या मूर्तयस्तस्य निष्पतन्ति शरीरतः।
उच्चावचानि भूतानि सततं चेष्टयन्ति याः ॥ १५ ॥

ती परमात्माका शरीरबाट असंख्य मूर्तिहरू निस्कन्छन् र जसले साना-ठूला सबै जीवहरूलाई सत्कर्महरूमा प्रवृत्त गराउँदछन्।

पञ्चभ्य एव मात्राभ्यः प्रेत्य दुष्कृतिनां नृणाम्।
शरीरं यातनार्थीयमन्यदुत्पद्यते ध्रुवम् ॥ १६ ॥

पापात्मा मनुष्यहरूका पञ्चभौतिक शरीरबाट नै एउटा सूक्ष्म शरीर निश्चय गरेर परलोकमा दुःख भोग्नको लागि उत्पन्न हुन्छन्।

तेनानुभूयता यामीः शरीरेणेह यातनाः।
तास्वेव भूतमात्रासु प्रलीयन्ते विभागशः ॥ १७ ॥

पापात्मा मनुष्य त्यो शरीरद्वारा यम-यातनाको अनुभव गरेर फेरि तिनै भूतहरूका मात्राहरूमा यथा-विभाग लीन हुन्छन्।

सोऽनुभूयासुखोदर्कान्दोषान्विषयसङ्गजान् ।
व्यपेतकल्मषोऽभ्येति तावेवोभौ महौजसौ ॥ १८ ॥

त्यो शरीरधारी जीवात्मा विषयभोगबाट उत्पन्न यमलोकगत यातनाहरू उपभोग गरिसकेपछि पापरहित भएर महातेजस्वी महत्तत्त्व र परमात्मा दुवैको आश्रित हुन्छ।

तौ धर्मं पश्यतस्तस्य पापं चातन्द्रितौ सह।
याभ्यां प्राप्नोति संपृक्तः प्रेत्येह च सुखासुखम् ॥ १९ ॥

ती दुवै महत् र परमात्मा अनालस्य भएर उसका धर्म र पापलाई हेर्दछन्, जसबाट (धर्म र अधर्मबाट) युक्त भएर जीव यस लोक र परलोकमा सुख र दुःख पाउँछन्।

यद्याचरति धर्मं स प्रायशोऽधर्ममल्पशः।
तैरेव चावृतो भूतैः स्वर्गे सुखमुपाश्नुते ॥ २० ॥

त्यो जीवले यदि धेरै धर्म र थोरै पाप गर्दछ भने ती भूतहरू(पञ्चभूतहरू) बाट स्थूल शरीरको रूपमा जन्म लिएर स्वर्गमा सुखभोग गर्दछ।

यदि तु प्रायशोऽधर्मं सेवते धर्ममल्पशः।
तैर्भूतैः स परित्यक्तो यामीः प्राप्नोति यातनाः ॥ २१ ॥

यदि त्यो जीवले धेरै पाप र थोरै धर्म गर्छ भने ती भूतहरूबाट परित्यक्त भएर यमयातनालाई भोग्दछ।

यामीस्ता यातनाः प्राप्य स जीवो वीतकल्मषः।
तान्येव पञ्च भूतानि पुनरप्येति भागशः ॥ २२ ॥

त्यो जीव यम–यातनालाई भोगेर, निष्पाप भएर फेरि तिनै पञ्चतत्त्वहरूका यथाभाग आश्रय पाउँछ।

एता दृष्ट्वास्य जीवस्य गतीः स्वेनैव चेतसा।
धर्मतोऽधर्मतश्चैव धर्मे दध्यात्सदा मनः ॥ २३ ॥

यस जीवको धर्म तथा अधर्मको कारणले भएको यी गतिलाई आफ्नो मनले देखेर सधैंभरि धर्मतिर मन लगाउनुहोस्।

सत्त्वं रजस्तमश्चैव त्रीन्विद्यादात्मनो गुणान्।
यैर्व्याप्येमान्स्थितो भावान्महान्सर्वानशेषतः ॥ २४ ॥

आत्माका सत्व, रज तथा तम यी तीन गुण छन् जसद्वारा युक्त यी महान् आत्मा सम्पूर्ण चराचर पदार्थमा व्याप्त भएर स्थित हुन्छन्।

यो यदैषां गुणो देहे साकल्येनातिरिच्यते।
स तदा तद्गुणप्रायं तं करोति शरीरिणम् ॥ २५ ॥

यी गुणहरूमा जुन गुण जसका शरीरमा जब सम्पूर्ण रूपले धेरै हुन्छ तब उसले त्यो शरीरलाई प्रायः उसै गुणको बनाइदिन्छ।

सत्त्वं ज्ञानं तमोऽज्ञानं रागद्वेषौ रजः स्मृतम्।
एतद्व्याप्तिमदेतेषां सर्वभूताश्रितं वपुः ॥ २६ ॥

ज्ञान सत्व गुणको, अज्ञान तमो गुणको र राग–द्वेष रजोगुणको लक्षण हुन्। यिनै गुणहरूका स्वरूपबाट व्याप्त सबै प्राणीहरूको शरीर हुन्छ।

तत्र यत्प्रीतिसंयुक्तं किञ्चिदात्मनि लक्षयेत्।
प्रशान्तमिव शुद्धाभं सत्त्वं तदुपधारयेत् ॥ २७ ॥

जुन आत्मामा केही पनि प्रीतिले युक्त हुन्छ, प्रशान्त र स्वच्छ थाहा पाइन्छ त्यसलाई सत्त्व गुणले युक्त जान्नुपर्छ।

यत्तु दुःखसमायुक्तमप्रीतिकरमात्मनः।
तद्रजो प्रतिपं विद्यात्सततं हारि देहिनाम् ॥ २८ ॥

जो दुःखयुक्त, आत्मालाई अप्रीतिकारक तथा शरीरको विषयतिर आकृष्ट गर्ने प्रतीत हुन्छ, उसलाई तत्त्वज्ञानको प्रतिपक्षी विरोधी रजोगुण मान्नुपर्छ।

यत्तु स्यान्मोहसंयुक्तमव्यक्तं विषयात्मकम्।
अप्रतर्क्यमविज्ञेयं तमस्तदुपमधारयेत्॥ २९॥

जो मोहले युक्त (विवेकरहित) हुन्छ, प्रकट रूपमा नदेखिने विषयको इच्छुक, अतर्क्य, अविज्ञेय हुन्छ त्यो तमोगुणी हुन्छ।

त्रयाणामपि चैतेषां गुणानां यः फलोदयः।
अग्र्यो मध्यो जघन्यश्च तं प्रवक्ष्याम्यशेषतः॥ ३०॥

यी तीनै गुणहरूका जुन उत्तम, मध्यम र अधम फलोदय हुन्छ त्यसलाई विस्तारसित भन्नेछु।

वेदाभ्यासस्तपो ज्ञानं शौचमिन्द्रियनिग्रहः।
धर्मक्रियात्मचिन्ता च सात्त्विकं गुणलक्षणम्॥ ३१॥

वेदाभ्यास, तपस्या, ज्ञान (शास्त्रहरूको), पवित्रता, इन्द्रियहरूको निग्रह, धर्मकार्य र आत्मचिन्तन- यी सात्विक गुणका लक्षण हुन्।

आरम्भरुचिताऽधैर्यमसत्कार्यपरिग्रहः।
विषयोपसेवा चाजस्रं राजसं गुणलक्षणम्॥ ३२॥

फलको इच्छाले कर्म गर्नु, अधैर्य, निन्दनीय कर्महरूको आचरण र सधैं विषय भोग गर्नु- यी रजोगुणका लक्षण हुन्।

लोभः स्वप्नोऽधृतिः क्रौर्यं नास्तिक्यं भिन्नवृत्तिता।
याचिष्णुता प्रमादश्च तामसं गुणलक्षणम्॥ ३३॥

लोभ, स्वप्न, निद्रालुता, असन्तोष, क्रूरता, नास्तिकता, अनाचार, याचक वृत्ति, प्रमाद (धर्माचरणमा)- यी तमोगुणका लक्षण हुन्।

त्रयाणामपि चैतेषां गुणानां त्रिषु तिष्ठताम्।
इदं सामासिकं ज्ञेयं क्रमशो गुणलक्षणम्॥ ३४॥

तीनै काल (भूत, भविष्य, वर्तमान) मा विद्यमान यी तीनै गुणहरूका लक्षण संक्षेपमा जान्नुपर्दछ।

यत्कर्म कृत्वा कुर्वंश्च करिष्यंश्चैव लज्जति।
तज्ज्ञेयं विदुषा सर्वं तामसं गुणलक्षणम्॥ ३५॥

जुन कर्म गरिसकेपछि, गर्दागर्दै अथवा भविष्यमा गर्छ र त्यसबाट लज्जित हुन जान्छ, त्यस्तालाई विद्वान्हरू तमोगुणको लक्षण भन्दछन्।

येनास्मिन्कर्मणा लोके ख्यातिमिच्छति पुष्कलाम्।
न च शोचत्यसंपत्तौ तद्विज्ञेयं तु राजसम्॥ ३६॥

जुन कर्मद्वारा यस लोकमा धेरै ठूलो प्रसिद्धिको इच्छा गरिन्छ र असम्पत्तिमा जुन कर्मलाई सोचिदैन, त्यो कर्मलाई रजोगुणको लक्षण भनिन्छ।

यत्सर्वेणेच्छति ज्ञातुं यन्न लज्जति चाचरन्।
येनतुष्यति चात्माऽस्य तत्सत्त्वगुणलक्षणम्॥ ३७॥

जुन कर्मद्वारा कर्ताको यो इच्छा होस् कि यो सबैलाई ज्ञात होस् र जसलाई गर्दा लज्जित हुनु नपरोस् अनि जुन कर्मले आत्मालाई सन्तोष हुन्छ, त्यस्तो कर्मलाई सत्त्वगुणको लक्षण भनिन्छ।

तमसो लक्षणं कामो रजसस्त्वर्थ उच्यते।
सत्त्वस्य लक्षणं धर्मः श्रैष्ठ्यमेषां यथोत्तरम्॥ ३८॥

तमोगुणको लक्षण काम, रजोगुणको लक्षण अर्थ (धन) मा निष्ठा र सतोगुणको लक्षण धर्माचरण हो- यी उत्तरोत्तर श्रेष्ठ हुन्।

येन यस्तु गुणेनैषां संसारान्प्रतिपद्यते।
तान्समासेन वक्ष्यामि सर्वस्यास्य यथाक्रमम्॥ ३९॥

यी गुणहरू (सत्त्वादि गुणहरू) मा जुन गुण जुन गतिलाई प्राप्त हुन्छे, यस जगतमा ती गतिहरूलाई यथाक्रम भन्दछु।

देवत्वं सात्त्विका यान्ति मनुष्यत्वं च राजसाः।
तिर्यक्त्वं तामसा नित्यमित्येषा त्रिविधा गतिः॥ ४०॥

सात्त्विक मनुष्य देवत्वमा, राजसी मनुष्य मनुष्यत्वमा र तामस मनुष्य तिर्यक् योनिमा प्राप्त हुन्छन्। नित्य यी तीनै प्रकृतिहरूको यिनै तीन गतिहरू हुन्छन्।

त्रिविधा त्रिविधैषा तु विज्ञेया गौणिकी गतिः।
अधमा मध्यमाऽग्र्या च कर्मविद्या विशेषतः॥ ४१॥

गुणभेदले बनेका यी त्रिविध गति भनियो। ती कर्म र विद्याका विशेषताबाट उत्तम्, मध्यम र श्रेष्ठ तीन प्रकारका हुन जान्छन्।

स्थावराः कृमिकीटश्च मत्स्याः सर्पाः सकच्छपाः।
पशवश्च मृगाश्चैव जघन्या तामसी गतिः॥ ४२॥

स्थावर (लता वृक्षादि), कृमि (कीरा), कीट (कमिला), माछा, सर्प, कछुवा, पशु र मृग- यी सबै तमोगुणका अधम गति हुन्।

हस्तिनश्च तुरङ्गाश्च शूद्रा म्लेच्छाश्च गर्हिता।
सिंहा व्याघ्रा वराहाश्च मध्यमा तामसी गतिः ॥ ४३ ॥

हात्ती, घोडा, शूद्र, निन्दित म्लेच्छ जाति, सिंह, बाघ र सुँगुर- यी तामस वृत्तिका मध्यम गति हुन्।

चारणाश्च सुपर्णाश्च पुरुषाश्चैव दाम्भिकाः।
रक्षांसि च पिशाचाश्च तामसीषूत्तमा गतिः ॥ ४४ ॥

चारण (गीत, तुक्का आदि कथेर सुनाउने), गरुण, दाम्भिक (अहङ्कारी) पुरुष, राक्षस र पिशाच- यी तामसी गुणका उत्तम गतिहरू हुन्।

झल्ला मल्ला नटाश्चैव पुरुषा शस्त्रवृत्तयः।
द्यूतपानप्रसक्ताश्च जघन्या राजसी गतिः ॥ ४५ ॥

झल्ला (लाठी चलाउने), मल्ला (पहलवान), नट (नट्वा), शस्त्रजीवी (शिकारी) र जुवाडे- यी रजोगुणका अधम गति हुन्।

राजानः क्षत्रियाश्चैव राज्ञां चैव पुरोहिताः।
वादयुद्धप्रधानाश्च मध्यमा राजसी गतिः ॥ ४६ ॥

राजा, क्षत्रिय, राजाहरूका पुरोहित र विवाद युद्ध गर्नमा प्रधान- यी राजस गुणका मध्यम गति हुन्।

गन्धर्वा गुह्यका यक्षा विवुधानुचराश्च ये।
तथैवाप्सरसः सर्वा राजसीषूत्तमा गतिः ॥ ४७ ॥

गन्धर्व, गुह्यक (देवयोनि), यक्ष (कुबेर), देवताहरूका अनुचर (विद्याधर) र अप्सरा- यी रजोगुणका उत्तम गति हुन्।

तापसा यतयो विप्रा ये च वैमानिका गणाः।
नक्षत्राणि च दैत्याश्च प्रथमा सात्त्विकी गतिः ॥ ४८ ॥

तापस (वानप्रस्थी), संन्यासी, ब्राह्मण, वैज्ञानिक, नक्षत्र र दैत्य- यी सत्त्वगुणका मध्यम गति हुन्।

यज्वान ऋषयो देवा वेदा ज्योतींषि वत्सराः।
पितरश्चैव साध्याश्च द्वितीया सात्त्विकी गतिः ॥ ४९ ॥

यज्ञकर्ता, ऋषि, देवता, वेदाभिमानी, ज्योति (ध्रुवादी), वत्सर (वर्ष), पितृगण र साध्यगण- यी सत्त्वगुणका मध्यम गति हुन्।

ब्रह्मा विश्वसृजो धर्मो महानव्यक्तमेव च।
उत्तमां सात्त्विकीमेनां गतिमाहुर्मनीषिणः ॥ ५० ॥

ब्रह्मा, विश्वसृज (मरीचि आदि), धर्म, महान् र अव्यक्त- यिनलाई महर्षिहरूले सत्त्वगुणको उत्तम गति भनेका छन्।

एष सर्वः समुद्दिष्टस्त्रिप्रकारस्य कर्मणः।
त्रिविधस्त्रिविधः कृत्स्नः संसारः सार्वभौतिकः॥ ५१॥

तीन प्रकारका कर्महरूका यी सबै प्राणीहरूसित सम्बन्धित गतिहरूलाई भनें।

इन्द्रियाणां प्रसङ्गेन धर्मस्यासेवनेन च।
पापान्संयान्ति संसारानविद्वांसो नराधमाः॥ ५२॥

इन्द्रियहरूका प्रसङ्गबाट र धर्मको आचरण नगर्नाले मूर्ख अधम मनुष्य यस संसारमा पापयोनिलाई प्राप्त हुन्छन्।

यां यां योनिं तु जीवोऽयं येन येनेह कर्मणा।
क्रमशो याति लोकेऽस्मिंस्तत्तत्सर्वं निबोधत॥ ५३॥

यस संसारमा जुन-जुन कर्महरूद्वारा जुन-जुन योनिहरूमा जीव प्राप्त हुन्छन् ती सबै क्रमैसित सुन।

बहून्वर्षगणान्घोरान्नरकान्प्राप्य तत्क्षयात्।
संसारान्प्रतिपद्यन्ते महापातकिनस्त्विमान्॥ ५४॥

महापातकी मनुष्य अनेकौं वर्षपर्यन्त घोर नरकलाई प्राप्त गरेर पापको नाश भएपछि यी योनिहरू (अगाडि बताइने) मा प्राप्त हुन्छन्।

श्वसूकरखरोष्ट्राणां गोजाविमृगपक्षिणाम्।
चण्डालपुक्कसानां च ब्रह्महा योनिमृच्छति॥ ५५॥

ब्रह्महत्या गर्ने (ब्रह्मघाती) मरेपछि क्रमैसित कुकुर, सुँगुर, गधा, ऊँट, गाई, बाखो, भेडो, मृग, पक्षी, चाण्डाल र पुक्कस (पोडे) योनिमा पम्राप्त हुन्छन्।

कृमिकीटपतङ्गानां विड्भुजां चैव पक्षिणाम्।
हिंस्राणां चैव सत्त्वानां सुरापो ब्राह्मणो व्रजेत्॥ ५६॥

मदिरा पिउने ब्राह्मण, कृमि, कीट, पतंग, विष्ठाभोजी (दिसा खाने) पक्षी र हिंसा गर्ने जन्तुका योनिमा उत्पन्न हुन्छन्।

लूताहिसरटानां च तिरश्चां चाम्बुचारिणाम्।
हिंस्राणां च पिशाचानां स्तेनो विप्रः सहस्रशः॥ ५७॥

सून चोर्ने ब्राह्मण क्रमैसित मच्छर, सर्प, छेपारो, पक्षी, जलजन्तु (गोही आदि) र हिंसा गर्ने पिशाच योनिमा उत्पन्न हुन्छन्।

तृणगुल्मलतानां च क्रव्यादां दंष्ट्रिणामपि।
क्रूरकर्मकृतां चैव शतशो गुरुतल्पगः ॥ ५८ ॥

गुरुपत्नीगामी, तृण, गुल्म, लता, काँचो मासु खाने पक्षी (गिद्ध आदि) र दाँत भएका (सिंह आदि) तथा क्रूर कर्म गर्ने वधिक आदि दुष्ट योनिमा सयौंपल्ट जन्म लिन्छन्।

हिंस्रा भवन्ति क्रव्यादाः कृमयोऽभक्ष्यभक्षिणः।
परस्परादिनः स्तेनाः प्रेतान्त्यस्त्रीनिषेविणः ॥ ५९ ॥

हिंसा गर्नेहरू, काँचो मासु खाने (गिद्ध आदि) हुन्छन्, अभक्ष्य खाने कृमि (धेरै साना कीरा) हुन्छन्। सून चोरी गर्नेहरू परस्परको मासु खाने (कुकुर आदि) हुन्छन् र चाण्डाल स्त्रीको साथ गमन गर्ने प्रेत हुन्छन्।

संयोगं पतितैर्गत्वा परस्यैव च योषितम्।
अपहृत्य च विप्रस्वं भवति ब्रह्मराक्षसः ॥ ६० ॥

पतितासित संसर्ग राख्ने, अरूका स्त्रीको साथ सम्बन्ध राख्ने र ब्राह्मणको धन हरण गर्ने ब्रह्मराक्षस हुन्छ।

मणिमुक्ताप्रवालानि हृत्वा लोभेन मानवः।
विविधानि च रत्नानि जायते हेमकर्तृषु ॥ ६१ ॥

जुन मनुष्य लोभले मणि, मोती, मूँगा र अनेक प्रकारका रत्नहरू अपहरण गर्छ, त्यो हेमकर्ता अर्थात् स्वर्णकार हुन्छ।

धान्यं हृत्वा भवत्याखुः कांस्यं हंसो जलं प्लवः।
मधु दंशः पयः काको रसं श्वा नकुलो घृतम् ॥ ६२ ॥

धान चोरी गर्ने मूसा, काँसा चोरी गर्ने हाँस, पानी चोर्ने प्लव (भ्यागुतो) पक्षी, मह चोर्ने दंस, दूध चोर्ने काग, ऊखु आदिको रस चोर्ने कुकुर र घिउ चोर्ने न्याउरी मूसो हुन्छ।

मांसं गृध्रो वपां मद्गुस्तैलं तैलपकः खगः।
चीरीवाकस्तु लवणं बलाका शकुनिर्दधि ॥ ६३ ॥

मासु चोर्ने गिद्ध, बोसो चोर्ने मद्गु नाम गरेको जलचर, तेल चोर्ने तैलपक नाम गरेको पक्षी, नून चोर्ने झींगुर (करेलो जस्तो चुच्चो हुने चरो) र दही चोर्ने बकुल्लो हुन्छ।

कौशेयं तित्तिरिर्हृत्वा क्षौमं हृत्वा तु दर्दुरः।
कार्पासतान्तवं क्रौञ्चो गोधा गां वाग्गुदो गुडम् ॥ ६४ ॥

कौशेय (रेशमी वस्त्र) चोर्ने तित्रा पक्षी, वस्त्र चोर्ने भ्यागुतो, ऊनी वस्त्र चोर्ने काग पक्षी, गाई चोर्ने गोही र गुड चोर्ने वागगुद पक्षी हुन्छ।

छुच्छुन्दरिः शुभान्गन्धान्पत्रशाकं तु बर्हिणः।
श्वावित्कृतान्नं विविधमकृतान्नं तु शल्यकः॥ ६५॥

उत्तम गन्ध (केशर-कस्तूरी आदि) चोर्ने छुचुन्द्रो, पात र साग चोर्ने मुजुर, सिद्धान्न चोर्ने दुम्सी र काँचो अन्न चोर्नेले शालक भएर जन्म लिनुपर्छ।

वको भवति हृत्वाग्निं गृहकारी ह्युपस्करम्।
रक्तानि हृत्वा वासांसि जायते जीवजीवकः॥ ६६॥

अग्नि चोर्ने बकुल्लो, उपस्कर (चाल्नो, मान्द्रो आदि) चोर्ने धमिरो, रंगाएको वस्त्र चोर्ने चखेवा भएर जन्म लिनुपर्छ।

वृको मृगेभं व्याघ्रोऽश्वं फलमूलं तु मर्कटः।
स्त्रीमृक्षः स्तोकको वारि यानान्युष्ट्रः पशूनजः॥ ६७॥

मृग र हात्ती चोर्ने ब्वाँसो, घोडा चोर्ने बाघ, फल-मूल चोर्ने बानर, स्त्री चोर्ने भालू, पिउने पानी चोर्ने काकाकुल, यान (गाडी, रथ आदि) चोर्ने ऊँट र साधारण पशुहरू चोर्ने बाखो भएर जन्म लिनुपर्छ।

यद्वा तद्वा परद्रव्यमपहृत्य बलान्नरः।
अवश्यं याति तिर्यक्त्वं जग्ध्वा चौवाहुतं हविः॥ ६८॥

जुनसुकै प्रकारले बलपूर्वक अरूको द्रव्य हरण गरेर र हवनका लागि राखिएको हवि (घिउ आदि) लाई खाएर मनुष्य निश्चय पनि तिर्यक योनिमा जान्छ।

स्त्रियोऽप्येतेन कल्पेन हृत्वा दोषमवाप्नुयुः।
एतेषामेव जन्तूनां भार्यात्वमुपयान्ति ताः॥ ६९॥

स्त्रीहरूले पनि यस प्रकारको चोरी गरेमा पापभागिनी हुन्छन्, अन्तमा पूर्वोक्त पापका कारण उपरोक्त जन्तुहरूका स्त्रीहरू हुन जान्छन्।

स्वेभ्यः स्वेभ्यस्तु कर्मभ्यश्चयुता वर्णा ह्यनापदि।
पापान्संसृत्य संसारान्प्रेष्यतां यान्ति शत्रुषु॥ ७०॥

निरापद अवस्थामा चारै वर्ण यदि आफ्ना-आफ्ना कर्महरूबाट च्यूत भएमा संसारमा पापयोनिमा प्राप्त भएर शत्रुका दास हुन्छन्।

वान्ताश्युल्कामुखः प्रेतो विप्रो धर्मात्स्वकाच्च्युतः।
अमेध्यकुणपाशी च क्षत्रियः कटपूतनः॥ ७१॥

यदि ब्राह्मण आफ्नो कर्मबाट भ्रष्ट भएमा वमनभक्षी (वमन खाने) उल्कामुख नाम गरेको प्रेत हुन्छ। क्षत्रिय आफ्नो कर्मबाट भ्रष्ट भएमा विष्टा (दिसा) र शव खाने (शवभक्षी) कटपूतन नाम गरेको प्रेत हुन्छ।

मैत्राक्षज्योतिकः प्रेतो वैश्यो भवति पूयभुक्।
चैलाशकश्च भवति शूद्रो धर्मात्स्वकाच्च्युतः ॥ ७२ ॥

यदि वैश्य आफ्नो कर्मबाट विमुख भएमा पीवभक्षी मैत्राक्ष ज्योतिक नाम गरेको प्रेत हुन्छ र शूद्र आफ्नो कर्मबाट विमुख भएमा चैलाशक नाम गरेको प्रेत हुन्छ।

यथा यथा निषेवन्ते विषयान्विषयात्मकाः।
तथा तथा कुशलता तेषां तेषूपजायते ॥ ७३ ॥

विषयासक्त मनुष्य जसरी जसरी विषयहरूको सेवन गर्छन् त्यसरी त्यसरी नै उनीहरूको ती विषयहरूमा कुशलता बढ्दै जान्छ।

तेऽभ्यासात्कर्मणां तेषां पापानामल्पबुद्धयः।
संप्राप्नुवन्ति दुःखानि तासु तास्विह योनिषु ॥ ७४ ॥

अल्प बुद्धि भएका ती पाप कर्महरूको अभ्यासले जन्म जन्ममा ती ती योनिहरूमा उत्पन्न भएर अनेक प्रकारका कष्ट भोग गर्दछन्।

तामिस्रादिषु चाग्रेषु नरकेषु विवर्तनम्।
असिपत्रवनादीनि बन्धनच्छेदनानि च ॥ ७५ ॥

तैपनि ती जीवहरू तामिश्र आदि घोर नरकमा वास गर्दछन्। असिपत्रवन एवं र बन्धनच्छेदन आदि नरकहरूमा दुःख भोग्दछन्।

विविधाश्चैव संपीडाः काकोलूकैश्च भक्षणम्।
करम्भवालुकातापान्कुम्भीपाकांश्च दारुणान् ॥ ७६ ॥

अनेक प्रकारका पीडा भोग्नुपर्छ र ती काग र उल्लूका भोजन हुन्छन्। तातिएका बालुवामा हिंड्नुपर्छ र कुंभीपाकका कठिन यातनाहरू भोग्नुपर्छ।

संभवांश्च वियोनीषु दुःखप्रायासु नित्यशः।
शीतातपाभिघातांश्च विविधानि भयानि च ॥ ७७ ॥

दुःखले परिपूर्ण वियोनिहरूका योनिहरूमा जन्म लिएर जाडो र गर्मीको कष्ट र अनेक प्रकारका भय सधैं पाउँछन्।

असकृद् गर्भवासेषु वासं जन्म च दारुणम्।
बन्धनानि च काष्ठानि परप्रेष्यत्वमेव च ॥ ७८ ॥

बारम्बार तिनीहरू गर्भमा वास गर्दछन्, दुःखद जन्म लिन्छन् । अनेक प्रकारका बन्धनहरू भोग्छन् र अरूको दास हुन्छन्।

ब्रन्धुप्रियवियोगांश्च संवासं चैव दुर्जनैः ।
द्रव्यार्जनं च नाशं च मित्रामित्रस्य चार्जनम् ॥ ७९ ॥

आफ्ना प्रिय बन्धुहरूको वियोग, दुर्जनहरूका साथ सहवास, द्रव्यको लाभ र हानि र मित्र तथा शत्रुसित झगडा लागिरहन्छ।

जरां चैवाप्रतीकारां व्याधिभिश्चोपपीडनम् ।
क्लेशांश्च विविधस्तांस्तान्मृत्युमेव च दुर्जयम् ॥ ८० ॥

यस्तो बुढ्याइँ जसको प्रतिकार छैन (अर्थात् बुढ्याइँ टार्न सकिन्न), अनेक प्रकारका व्याधिहरूको कष्ट र अरू पनि अनेक प्रकारका क्लेश सहन गर्दै दुर्गम मृत्युलाई प्राप्त गर्दछ।

यादृशेन तु भावेन यद्वत्कर्म निषेवते ।
तादृशेन शरीरेण तत्तत्फलमुपाश्नुते ॥ ८१ ॥

जुन जुन भावहरूबाट जो जो कर्म गर्दछ त्यस्तै नै शरीरबाट उसले ती ती कर्महरूको फल भोग्दछ।

एष सर्वः समुद्दिष्टः कर्मणां वः फलोदयः ।
निश्रेयसकरं कर्म विप्रस्येदं निबोधतः ॥ ८२ ॥

यी सबै कर्महरूको फल तपाईंहरूसित भनें । अब यो ब्राह्मणलाई निःश्रेयस (मुक्ति) दिने कर्महरू सुन्नुहोस् ।

वेदाभ्यासस्तपोज्ञानमिन्द्रियाणां च संयमः ।
अहिंसा गुरुसेवा च निःश्रेयसकरं परम् ॥ ८३ ॥

वेदाभ्यास, तपस्या, ज्ञान, इन्द्रियहरूको संयम, अहिंसा र गुरुसेवा यी सबै मुक्ति दिने हुन्छन् ।

सर्वेषामपि चैतेषां शुभानामिह कर्मणाम् ।
किञ्चिच्छ्रेयस्करतरं कर्मोक्तं पुरुषं प्रति ॥ ८४ ॥

यी सबै (वेदाभ्यास आदि) शुभकर्महरूमा कुनै एउटै मात्र यस्तो कर्म छ जुन पुरुषका निम्ति अरू कर्महरू भन्दा धेरै कल्याणकारी भनिएको छ।

सर्वेषामपि चैतेषामात्मज्ञानं परं स्मृतम् ।
तद्ध्यग्र्यं सर्वविद्यानां प्राप्यते ह्यमृतं ततः ॥ ८५ ॥

यी सबै कर्महरूमा ज्ञान अर्थात् आत्मज्ञान सबैभन्दा श्रेष्ठ मानिएको छ किनकि त्यही सबै विद्याहरूमा श्रेष्ठ हो, त्यसबाट अमृतत्व (मोक्ष, अमरत्व) को लाभ प्राप्त हुन्छ।

षण्णामेषां तु सर्वेषां कर्मणां प्रेत्य चेह च।
श्रेयस्करतरं ज्ञेयं सर्वदा कर्म वैदिकम्॥ ८६॥

यी छः कर्महरूमा वैदिक धर्म नै यो लोक र परलोक दुवै लोकहरूका निम्ति कल्याणकारी हुन्छ।

वैदिके कर्मयोगे तु सर्वाण्येतान्यशेषतः।
अन्तर्भवन्ति क्रमशस्तस्मिंस्तस्मिन्क्रियाविधौ॥ ८७॥

वैदिक कर्मयोगमा ईश्वरको उपासनामा सम्पूर्ण क्रियाहरूको क्रमशः विधिद्वारा अन्तर्भाव हुन्छ।

सुखाभ्युदयिकं चैव नैःश्रेयसिकमेव च।
प्रवृत्तं च निवृत्तं च द्विविधं कर्म वैदिकम्॥ ८८॥

सुख र अभ्युदयलाई गर्ने तथा मोक्ष दिने यस प्रकार प्रवृत्त र निवृत्त दुई प्रकारका वैदिक कर्म हुन्छन्।

इह चामुत्र वा काम्यं प्रवृत्तं कर्म कीर्त्यते।
निष्कामं ज्ञानपूर्वं तु निवृत्तमुपदिश्यते॥ ८९॥

यस संसारमा (सुखादिका लागि) अथवा स्वर्गादि प्राप्तिका लागि जो सकाम कर्म गरिन्छ त्यसलाई प्रवृत्त र ज्ञानपूर्वक जो निष्काम कर्म गरिन्छ त्यसलाई निवृत्त भनिन्छ।

प्रवृत्तं कर्म संसेव्य देवानामेति साम्यताम्।
निवृत्तं सेवमानस्तु भूतान्यत्येति पञ्च वै॥ ९०॥

प्रवृत्त कर्मको सेवन गरेर (मनुष्य) देवताहरूको समानतालाई प्राप्त हुन्छ र निवृत्त कर्मलाई गर्ने भूतहरू (पञ्चमहाभूत) लाई जित्दछ। (अर्थात् मुक्त भएपछि फेरि शरीर धारण गर्दैन)।

सर्वभूतेषु चात्मानं सर्वभूतानि चात्मनि।
समं पश्यन्नात्मयाजी स्वाराज्यमधिगच्छति॥ ९१॥

सबै प्राणीहरूमा आफूलाई र सबै प्राणीहरूलाई स्वयंमा देख्दै आत्मयाजी (ज्ञानसाधक) पुरुष स्वाराज्य (ब्रह्मत्व) लाई प्राप्त गर्दछ।

यथोक्तान्यपि कर्माणि परिहाय द्विजोत्तमः।
आत्मज्ञाने शमे च स्याद्वेदाभ्यासे च यत्नवान्॥ ९२॥

विज्ञजन यथोक्त (शास्त्रोक्त) कर्महरू छोडेर पनि आत्मज्ञान, इन्द्रिय निग्रह र वेदको अभ्यासमा यत्नशील रहुन्।

एतद्धि जन्मसाफल्यं ब्राह्मणस्य विशेषतः।
प्राप्यैतत्कृतकृत्यो हि द्विजो भवति नान्यथा॥ ९३॥

विशेष गरेर ब्राह्मणको जन्म लिनुको सफलता यसैमा छ। यसलाई प्राप्त गरेर द्विज कृतकृत्य हुन्छ, अन्यथा हुँदैन।

पितृदेवमनुष्याणां वेदश्चक्षुः सनातनम्।
अशक्यं चाप्रमेयं च वेदशास्त्रमिति स्थितिः॥ ९४॥

पितृहरू, देवताहरू र मनुष्यहरूको सनातन नेत्र वेद नै हो। वेदशास्त्र अशक्य र अप्रमेय हुन्छ, यो नै यसको स्थिति हो।

या वेदबाह्याः स्मृतयो याश्च काश्च कुदृष्टयः।
सर्वास्ता निष्फलाः प्रेत्य तमोनिष्ठा हि ताः स्मृताः॥ ९५॥

जुन स्मृतिहरू (धर्मभेदका निम्ति रचिएका) वेददेखि बाहिर हुन्छन्, जुन कुतर्कयुक्त हुन्छन्- ती सबै परलोकका लागि निष्फल हुन्छन्, किनकि ती तपोनिष्ठ हुन्छन्।

उत्पद्यन्ते च्यवन्ते च यान्यतोऽन्यानि कानिचित्।
तान्यर्वाक्कालिकतया निष्फलान्यनृतानि च॥ ९६॥

यस प्रकार जुनकुनै पनि शास्त्र वेदबाट बहिर्भूत (वेदविरुद्ध) हुन्छन् ती उत्पन्न हुन्छन् र छिटै नष्ट पनि हुन जान्छन् र अर्वाचीन (मध्ययुगीन) कालका हुनुका कारण निष्फल हुन्छन्।

चातुर्वर्ण्यं त्रयो लोकाश्चत्वारश्चाश्रमाः पृथक्।
भूतं भव्यं भविष्यं च सर्वं वेदात्प्रसिध्यति॥ ९७॥

चारै वर्ण, तीनै लोक, चारै आश्रम र भूत, भव्य (वर्तमान) र भविष्य यी तीनै काल वेदबाट नै सिद्ध हुन्छन्।

शब्दः स्पर्शश्च रूपं च रसो गन्धश्च पञ्चमः।
वेदादेव प्रसूयन्ते प्रसूतिर्गुणकर्मतः॥ ९८॥

शब्द, स्पर्श, रूप, रस र पाँचौं गन्ध- यी सबै प्रसूति गुण कर्मानुसार वेदबाट नै उत्पन्न हुन्छन्।

विभर्ति सर्वभूतानि वेदशास्त्रं सनातनम् ।
तस्मादेतत्परं मन्ये यज्जन्तोरस्य साधनम् ॥ ९९ ॥

सनातन वेदशास्त्र नै सबै प्राणीहरूको भरण–पोषण गर्दछ । यसकारण यो जीवहरूको श्रेष्ठ पुरुषार्थ साधन मानिन्छ, यो हामी मान्दछौं ।

सेनापत्यं च राज्यं च दण्डनेतृत्त्वमेव च ।
सर्वलोकाधिपत्यं च वेदशास्त्रविदर्हति ॥ १०० ॥

सेनापतित्व, राज्य, दण्ड–विधान, नेतृत्व र सबै लोकहरूको स्वामित्व यो सबै वेदज्ञ वा वेदशास्त्रका ज्ञाता नै हुनुपर्छ ।

यथा जातबलो वह्निर्दहत्यार्द्रानपि द्रुमान ।
तथा दहति वेदज्ञः कर्मजं दोषमात्मनः ॥ १०१ ॥

जसरी तीव्र अग्निले हरिया वृक्षहरूलाई दग्ध पार्दछन् त्यसैगरी वेदज्ञले आफूले गरेका कर्मका दोषहरूलाई पनि नाश पार्दछन् ।

वेदशास्त्रार्थतत्त्वज्ञो यत्र तत्राश्रमे वसन् ।
इहैव लोके तिष्ठन्स ब्रह्मभूयाय कल्पते ॥ १०२ ॥

वेदशास्त्रका अर्थको तत्त्वलाई जान्ने चाहे जुनसुकै आश्रममा वास किन नगरोस् यस लोकमा नै ब्रह्मत्वलाई प्राप्त हुन्छ ।

अज्ञेभ्योग्रन्थिनः श्रेष्ठा ग्रन्थिभ्यो धारिणो वराः ।
धारिभ्यो ज्ञानिनः श्रेष्ठा ज्ञानिभ्यो व्यवसायिनः ॥ १०३ ॥

मूर्खहरूभन्दा ग्रन्थ पढ्ने श्रेष्ठ हुन्छ । ग्रन्थ पढ्ने भन्दा पढेका कुरालाई बुझेर धारण गर्ने श्रेष्ठ हुन्छ, धारण गर्नेभन्दा ज्ञानी श्रेष्ठ र ज्ञानीहरूभन्दा पनि निष्काम कर्म गर्ने श्रेष्ठ हुन्छ ।

तपो विद्या च विप्रस्य निःश्रेयसकरं परम् ।
तपसा किल्विषं हन्ति विद्ययाऽमृतमश्नुते ॥ १०४ ॥

तप र विद्या ब्राह्मणका लागि परम् कल्याणकारक हुन्छ । तपले सधैं पापलाई नाश गर्छ र विद्याबाट मुक्ति पाइन्छ ।

प्रत्यक्षं चानुमानं च शास्त्रं च विविधागमम् ।
त्रयं सुविदितं कार्यं धर्मशुद्धिमभीप्सता ॥ १०५ ॥

धर्म शुद्धिको इच्छा राख्ने मनुष्यले प्रत्यक्ष, अनुमान र अनेक प्रकारका आगम शास्त्र– यी तीनैको राम्ररी ज्ञान पाउनुपर्छ ।

आर्षं धर्मोपदेशं च वेदशास्त्राऽविरोधिना ।
यस्तर्केणानुसंधत्ते स धर्मं वेद नेतरः ॥ १०६ ॥

वेद शास्त्रबाट अविरुद्ध ऋषिहरूद्वारा भनिएको जुन धर्मोपदेश हुन्छ त्यसलाई जसले तर्कद्वारा अनुसन्धान गर्दछ उसैले वेद जान्दछ, अरूले होइन।

नैःश्रेयसमिदं कर्म यथोदितमशेषतः।

मानवस्यस्य शास्त्रस्य रहस्यमुपदिश्यते॥ १०७॥

यी सम्पूर्ण मुक्ति साधनको कर्म भनें। अब मानव शास्त्रको रहस्यलाई भन्दछु।

अनाम्नातेषु धर्मेषु कथं स्यादिति चेद्भवेत्।

यं शिष्ट्य ब्राह्मणा ब्रूयुः स धर्मः स्यादशङ्कितः॥ १०८॥

धर्महरूमा अहिलेसम्म जसको नामकरण गरिएको छैन, प्रसंग उपस्थित भएमा कसरी गर्नुपर्छ? यस्ता प्रसंगमा शिष्ट वा धर्मिष्ठ ब्राह्मणले जो बताउँछन् त्यही गर्नुपर्छ।

धर्मेणाधिगतो यैस्तु वेदः सपरिबृंहणः।

ते शिष्ट्य ब्राह्मणा ज्ञेयाः श्रुतिप्रत्यक्षहेतवः॥ १०९॥

धर्मका नियमले जो ब्राह्मणले वेदाङ्गको साथ वेदलाई प्राप्त गरेका छन्, तिनै श्रेष्ठ ब्राह्मण हुन् र तिनीहरू नै श्रुतिलाई प्रत्यक्ष गराउनमा हेतु हुन्।

दशावरा वा परिषद्यं धर्मं परिकल्पयेत्।

त्र्यवरा वापि वृत्तस्था तं धर्मं न विचालयेत्॥ ११०॥

दस शिष्ट ब्राह्मणहरूको एउटा दशावरा धर्म परिषद्को कल्पना गर्नुहोस् अथवा दसको अभावमा सदाचारले युक्त तीन ब्राह्मणहरूको त्र्यवरा धर्म परिषद्को कल्पना गर्नुहोस्। यी परिषद्ले जुन धर्मको व्यवस्था गर्छन् त्यो धर्म नै हुन्छ, त्यसमा शंका गर्नु हुँदैन।

त्रैविद्यो हेतुकस्तर्की नैरुक्तो धर्मपाठकः।

त्रयश्चाश्रमिणः पूर्वे परिषत्स्याद्दशावरा॥ १११॥

तीन वेदज्ञ (वेदवेत्ता), एक न्यायशास्त्रको ज्ञाता, एक मीमांसक, एक निरुक्त जान्ने, एक धर्मशास्त्र जान्ने, तीन पूर्वाश्रमी (ब्रह्मचर्य, गृहस्थ र वानप्रस्थलाई भोग्ने) यी दसबाट दशावरा परिषद् हुन्छ।

ऋग्वेदविद्यजुर्विच्च सामवेदविदेव च।

त्र्यवरा परिषज्ज्ञेया धर्मसंशयनिर्णये॥ ११२॥

एक ऋग्वेदलाई जान्ने, एक यजुर्वेदलाई जान्ने र एक सामवेदलाई जान्ने– यी तीनैबाट धर्मको संशयको निर्णय गर्नको लागि एउटा त्र्यम्बरा धर्म परिषद् हुन्छ।

एकोऽपि वेदविद्धर्मं यं व्यवस्येद् द्विजोत्तमः।
स विज्ञेयः परो धर्मो नाज्ञानामुदितोऽयुतैः॥ ११३॥

एकजना मात्र पनि वेद जान्ने उत्तम ब्राह्मण जुन धर्मको व्यवस्था गर्छन् त्यो परमधर्म जान्नुपर्छ। एक हजार मूर्खहरू (वेद नजान्ने) को निर्णय धर्म हुँदैन।

अव्रतानाममन्त्राणां जातिमात्रोपजीविनाम्।
सहस्रशः समेतानां परिषत्त्वं न विद्यते॥ ११४॥

ब्रह्मचर्यादि व्रतहरूले हीन, वेदमन्त्रहरूले शून्य, जाति मात्रले जीउने (अर्थात् जो मात्र ब्राह्मण कहलिने) हजारौं व्यक्ति एकत्र हुनाले त्यो धर्म परिषद् हुन सक्दैन।

यं वदन्ति तमोभूता मूर्खा धर्ममतद्विदः।
तत्पापं शतधा भूत्वा तद्वक्तॄननुगच्छति॥ ११५॥

धर्मलाई नजान्ने तमोगुणले युक्त मूर्खले जो कसैलाई प्रायश्चितादि धर्मोपदेश गर्छन्, त्यो पाप सयगुणा भएर त्यो बताउने माथि आइलाग्छ।

एतद्वोऽभिहितं सर्वं निःश्रेयसकरं परम्।
अस्मादप्रच्युतो विप्रः प्राप्नोति परमां गतिम्॥ ११६॥

यी सबै निःश्रेयस (मोक्ष) साधक धर्म तपाईंहरूलाई भनें। यसबाट च्युत नहुने ब्राह्मणले परम्गतिलाई प्राप्त गर्दछ।

एवं स भगवान्देवो लोकानां हितकाम्यया।
धर्मस्य परमं गुह्यं ममेदं सर्वमुक्तवान्॥ ११७॥

यस प्रकार ती भगवान् देवलोकको हितका दृष्टिले धर्मको यो सबै गुह्य विषय मसित भन्नुभएको थियो।

सर्वमात्मनि संपश्येत्सच्चासच्च समाहितः।
सर्वं ह्यात्मनि संपश्यन्नाधर्मे कुरुते मनः॥ ११८॥

समाहित (एकाग्र) चित्त भएर सत् (शुभकर्म) र असत् (अशुभ कर्म) सबै आफूमै देखुन्। उपरोक्त सबै पदार्थहरूलाई आफूमा देख्ने पुरुष अधर्ममा मन लगाउँदैन।

आत्मैव देवताः सर्वाः सर्वमात्मन्यवस्थितम्।

आत्मा हि जनयत्येषां कर्मयोगं शरीरिणाम्॥ ११९॥

सबै देवता आत्मा नै हुन्, सम्पूर्ण जगत् आत्मामा अवस्थित हुन्छन्, यी शरीरधारीहरूका कर्मयोगको निर्माण आत्माले नै गर्छ।

खं संनिवेशयेत्खेषु चेष्टनस्पर्शनेऽनिलम्।

पंक्तिदृष्ट्योः परं तेजः स्नेहेऽपो गां च मूर्तिषु॥ १२०॥

मनसीन्दुं दिशः श्रोत्रे क्रान्ते विष्णुं बले हरम्।

वाच्यग्निं मित्रमुत्सर्गे प्रजने च प्रजापतिम्॥ १२१॥

आकाशलाई आकाश (आफ्नो शरीरभित्रको आकाश) मा निवेशित गर्नु, चेष्टा र स्पर्शमा वायुलाई, पेट र नेत्रका अग्निमा परम तेजलाई, जलमा जललाई (बाहिरको जल), पार्थिव भागमा पृथ्वीलाई, मनमा चन्द्रमालाई, कानमा दिशाहरूलाई, चरणमा विष्णुलाई, बलमा शंकरलाई, वाणीमा अग्निलाई, मलद्वारमा मित्रलाई र जननेन्द्रियमा प्रजापतिलाई लीन गर्नु।

प्रशासितारं सर्वेषामणीयांसमणोरपि।

रुक्माभं स्वप्नधीगम्यं विद्यात्तं पुरुषं परम्॥ १२२॥

शासन गर्ने, अणुभन्दा पनि अत्यन्त सूक्ष्म, सुवर्णको समान कान्ति सम्पन्न स्वप्नावस्थाका बुद्धिले जान्ने योग्य जो छन्, ती परम पुरुषलाई चिन्नु वा जान्नु।

एतमेके वदन्त्यग्निं मनुमन्ये प्रजापतिम्।

इन्द्रमेके परे प्राणमपरे ब्रह्म शाश्वतम्॥ १२३॥

यिनै परम पुरुषलाई कसैले अग्नि, कसैले प्रजापति, कसैले मनु, कसैले इन्द्र, कसैले प्राण र कसैले शाश्वत (सनातन) ब्रह्म भन्दछन्।

एष सर्वाणि भूतानि पञ्चभिर्व्याप्य मूर्तिभिः।

जन्मवृद्धिक्षयैर्नित्यं संसारयति चक्रवत्॥ १२४॥

ती (परमात्मा) सबै प्राणीहरूका भूतात्मक शरीरमा व्याप्त भएर जन्म, वृद्धि र विनाशद्वारा नित्य चक्र मैं घुमिरहन्छन्।

एवं यः सर्वभूतेषु पश्यत्यात्मानमात्मना।

स सर्वसमतामेत्य ब्रह्माभ्येति परं पदम्॥ १२५॥

यस प्रकार जो मनुष्यले सबैं प्राणीहरूमा आत्म रूपले आफू स्वयंलाई देख्छ, उसले सबैमा समतालाई प्राप्त गरेर परम पद ब्रह्मत्वलाई पाउँदछ।

इत्येतन्मानवं शास्त्रं भृगुप्रोक्तं पठन्द्विजः।

भवत्याचारवान्नित्यं यथेष्टां प्राप्नुयाद् गतिम्॥ १२६॥

महर्षि भृगुले भन्नुभएको यस्तो मानव शास्त्रलाई पढेर द्विज नित्य आचारवान भएर आफ्ना अभीष्ट गतिलाई प्राप्त गर्दछन्।

॥ इति द्वादश अध्याय समाप्त ॥

हाम्रो प्रकाशनबाट प्रकाशित पुस्तकहरूको झलक

प्रकाशक :

दुर्गा साहित्य भण्डार, वाराणसी

पो.बॉ. नं. १०१६, नेपाली खपड़ा, वाराणसी

फोन : (०५४२) २३६७२१४ (निवास)